नेपाल कम्युनिस्ट पार्टी (एमाले) केन्द्रीय कमिटीको वैचारिक पत्रिका

वर्ष ३०, अङ्क ३, पुस - चैत २०७८ January-March 2022, नेपाल संवत् ११४२

# नवयुग

## विषयसूची

**सम्पादकीय**

सम्पूर्ण ध्यान निर्वाचनमा केन्द्रित गरौँ २

**निर्देश**

राष्ट्रिय राजनीतिको दिशानिर्देश – **केपी शर्मा ओली** ४

**कार्यभार**

नेकपा (एमाले) निर्माण : अबको दिशा – **ईश्वर पोखरेल** ९

**विश्लेषण**

माओवादीका गलत सैद्धान्तिक अवधारणाहरु – **युवराज ज्ञवाली** १७

**समानता**

महिला आन्दोलनको सवलीकरण – **अष्टलक्ष्मी शाक्य** २६

**विचार**

जनताको बहुदलीय जनवादको मार्गदर्शन – **विष्णुप्रसाद पौडेल** ३१

**अर्थतन्त्र**

नेपालको अर्थतन्त्रको प्रवृत्ति र दिशा – **सुरेन्द्रप्रसाद पाण्डे** ३६

**समीक्षा**

विगतका महाधिवेशनको आलोकमा दसौँ राष्ट्रिय महाधिवेशन – **शङ्कर पोखरेल** ४३

**कूटनीति**

बाह्य सम्बन्धमा प्राप्त उपलब्धि र हासिल उचाइँ – **प्रदीप ज्ञवाली** ५१

**उपलब्धि**

सरकार सञ्चालनका तीन वर्ष : स्थिति, योजना र उपलब्धि – **विष्णु रिमाल** ५८

**राष्ट्रियता**

ऐतिहासिक काम : पूर्ण भूभागसहित नक्सा प्रकाशन – **पद्मा अर्याल** ७७

**विवेचना**

पार्टी विभाजन : अवसरवादको पटाक्षेप – **विष्णु रिजाल** ८६

**दस्तावेज**

अर्थतन्त्रको विकराल अवस्था ९२

एमसीसीका सम्बन्धमा पार्टी धारणा ९६

**रिपोर्ट**

सातै प्रदेशमा निर्वाचन केन्द्रित प्रशिक्षण तथा अभिमुखीकरण ९८

दसौँ राष्ट्रिय महाधिवेशन भव्यतापूर्वक सम्पन्न १००

महाधिवेशनबाट पारित प्रस्तावहरू १०२

केन्द्रीय कमिटीको नामावली १०४

**प्रधान सम्पादक**
पृथ्वीसुब्बा गुरुङ

**सम्पादक**
विष्णु रिजाल

**मुद्रण**
नवयुग छापाखाना
मदननगर, काठमाडौँ
टेलिफोन नं : ४२७५६९७

**कम्प्युटर डिजाइन**
खड्गबहादुर बस्नेत

**प्रकाशक**
केन्द्रीय प्रचार तथा प्रकाशन विभाग
नेकपा (एमाले)
थापाथली हाइट, काठमाडौँ

**आवरण डिजाइन**
महेन्द्र श्रेष्ठ, एम्ज माउस

**पत्राचार ठेगाना**
थापाथली हाइट, काठमाडौँ
पो.ब.नं. ५४७१
फो.नं. ५९०८११४/५९०८२१४
email : partyhq@cpnuml.org
internet- www.cpnuml.org/nawayug

प्रथम दर्ता नं. : १२०/२०१४, काठमाडौँ मेजिस्ट्रेट कार्यालय, का.जि.का.द.नं. १५३/०५७/५८/गो.हु.का.द.नं. १७/०५६/५७

# सम्पूर्ण ध्यान निर्वाचनमा केन्द्रित गरौं ! प्रतिक्रियावादीका घेराबन्दी र षड्यन्त्रलाई परास्त गरौं !!

हाम्रो गौरवशाली पार्टी नेकपा (एमाले) ले आफ्नो दसौं राष्ट्रिय महाधिवेशन १०-१४ मंसिर, २०७८ मा सफलतापूर्वक सम्पन्न गरेर राष्ट्रिय राजनीतिको नेतृत्वदायी शक्तिका रुपमा पुनर्पुष्टि गरेको छ। प्रथम विधान महाधिवेशन (१५-१७ असोज, २०७८) को भव्यतापूर्वक आयोजना भएको दुई महिनाभित्रै आयोजित दसौं राष्ट्रिय महाधिवेशन जनप्रदर्शन र आन्तरिक एकताका हिसाबले ऐतिहासिक सावित भएको छ। प्रतिक्रियावादी शक्तिहरुले जनताको आशा-भरोसाको केन्द्र, बलियो र लोकप्रिय शक्ति नेकपा (एमाले) लाई विभाजन गर्नका लागि अध्यादेशमार्फत् अस्थायी र कृत्रिम कानुन ल्याएर दुष्प्रयास गरिरहेका बेला कार्यकर्ताको कठिन मिहिनेत र जनताको स्वतःस्फूर्त ऐक्यबद्धताले त्यसलाई परास्त गरेको सन्देश महाधिवेशनका माध्यमबाट प्रवाह भएको छ। नेपालमा हाम्रो पार्टीबाहेक अरु कुनै शक्तिले त्यति विशाल जनसहभागितामा महाधिवशेन गर्नै सक्दैनन् भन्ने कुरा त्यस लगत्तै भएका अरु पार्टीका महाधिवेशनमा देखिएको न्यून सहभागिताले पुष्टि गर्दछ। दृढ नेतृत्व, स्पष्ट दृष्टिकोण, बलियो सङ्गठन, व्यवस्थित कार्यक्रम र विशाल जनसहभागिताले नेकपा (एमाले) लाई मुलुकको अत्यधिक बहुमत प्राप्त पहिलो शक्ति बन्नबाट अबका दिनमा पनि कसैले रोक्न सक्दैन भन्ने स्पष्ट सन्देश दिएको छ।

नेकपा (एमाले) को लोकप्रियता र शक्ति बढेसँगै हामीमाथिको घेराबन्दी र आक्रमण तीब्र बनेको छ। जनादेशबाट स्थापित सरकारलाई परमादेशका माध्यमबाट विस्थापित गर्ने, प्रतिपक्षका विरुद्धमा सत्तापक्ष गठबन्धनमा उत्रिने, सत्तापक्षका हरेक नेता-कार्यकर्ताले हाम्रा अध्यक्ष कमरेड केपी शर्मा ओली र सिङ्गो पार्टीमाथि निरन्तर आक्रमण गर्ने, संवैधानिक निकायहरुलाई आफ्नो दायित्वबाट विमुख गराउँदै हाम्रा विरुद्धमा प्रयोग गर्ने, सार्वजनिक सञ्चारमाध्यमहरुलाई घोषित रुपमा हाम्रा पार्टीका विरुद्धमा परिचालन गर्ने र दृश्य/अदृश्य शक्तिहरुको समेत हाम्राविरुद्धमा साँठगाँठ हुने अवस्थाले नेकपा (एमाले)को शक्तिसँग उनीहरु कति आतङ्कित छन् भन्ने स्पष्ट हुन्छ। यी सबै घटनाक्रमहरुले हाम्रो पार्टी पङ्क्तिलाई अझ बढी जुझारु, सक्रिय, प्रतिरोधी र प्रभावकारी हुनका लागि नकारात्मक ढङ्गले भए पनि प्रेरित गरिरहेका छन्। पार्टीमाथि घेराबन्दी र आक्रमण बढेसँगै हाम्रा नेता, कार्यकर्ता र कमिटीहरुमा अपूर्व सक्रियता र पहलकदमी बढेको छ। अध्यक्ष कमरेड केपी शर्मा ओलीको दृढ र दूरदर्शी नेतृत्वमा यसबीचमा पार्टीले आफ्नो आन्तरिक शक्ति व्यवस्थित गर्न र राष्ट्रिय भूमिकालाई प्रभावकारी रुपमा प्रदर्शन गर्नमा अभूतपूर्व सफलता प्राप्त गरेको छ। दुई महिनाको छोटो अन्तरालमा हामीले विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन जस्ता विशाल आयोजनाहरु सफलताका साथ सम्पन्न गरेका छौं भने एकैदिन कात्तिक ६ गते वडा अधिवेशन, कात्तिक ९ गते पालिका अधिवेशन र पुस २३ गते जिल्ला अधिवेशनहरु उत्साहका साथ सम्पन्न गरेका छौं। १३ वटा जनसङ्गठनहरुले आफ्ना राष्ट्रिय महाधिवेशनहरु भव्यतापूर्वक सम्पन्न गरेका छन्। यी सबै कामबाट देशव्यापी रुपमा पार्टी पङ्क्ति पूर्ण रुपमा परिचालन भएको छ र हामीले हाम्राविरुद्धमा फैलाइएका भ्रमहरुलाई आधारभूत तहमै पुगेर चिरेका छौं। पार्टी परिचालनको यस प्रकारको अनुभव र सफलता नेकपा (एमाले)का लागि पहिलो र विशेष रहेको छ।

दसौं राष्ट्रिय महाधिवेशन सम्पन्न भएयता केन्द्रीय कमिटीका तीनवटा महत्वपूर्ण बैठकहरु सम्पन्न भएका छन्। १४ मंसिर, २०७८ मा महाधिवेशनस्थल चितवनमै आयोजित पहिलो बैठकले महाधिवशेनको भव्यतापूर्वक सफलताका लागि सबै नेता, कार्यकर्ता र जनतालाई धन्यवाद दिएर आफ्नो कार्यारम्भ गरेको थियो भने २५-२६ मंसिर, २०७८

मा भक्तपुरमा आयोजित दोस्रो बैठकले पोलिट्ब्युरो र स्थायी कमिटी गठन, केन्द्रीय कमिटीमा मनोनयन र कार्यविभाजन, विधान सम्पादन, नियमावली संशोधन, प्रदेश र जिल्ला अधिवेशनको मिति निर्धारणलगायत पार्टी जीवनमा गम्भीर र दूरगामी महत्व राख्ने निर्णयहरु गरेको थियो । त्यसैगरी, ९-१० चैत, २०७८ मा काठमाडौँमा आयोजित तेस्रो बैठकले पार्टी पङ्क्तिलाई निर्वाचनमा केन्द्रित गर्ने गरी कार्ययोजना निर्माण गरेर अब सम्पूर्ण ध्यान निर्वाचनमा दिने निर्णय गरेको छ । अध्यक्ष कमरेड केपी शर्मा ओलीद्वारा प्रस्तुत र केन्द्रीय कमिटीबाट पारित राजनीतिक प्रतिवेदनमा प्रस्ट रुपमा दिशानिर्देश गरिएको छ-“यो निर्वाचन सामान्य, नियमित र सहज अवस्थामा हुँदै छैन । यो त जनादेश र परमादेशबीचको जनमत सङ्ग्रहका रुपमा हुँदैछ । राष्ट्रिय स्वाभिमानका पक्षधर र बाह्य शक्तिहरुका लागि ‘कम्फर्टेबल’ हरुका बीचमा हुँदैछ । राजनीतिक स्थायित्वका पक्षधर र अस्थिरताका संवाहकहरु बीच हुँदैछ । समृद्धि कि बर्बादी, लोकतान्त्रिक संस्थाहरुको रक्षा कि मानमर्दन बीचको छनोटका रुपमा हुँदैछ । यस निर्वाचनमा एकातिर जनताको विश्वासप्राप्त, गत निर्वाचनमा जनादेशप्राप्त, राष्ट्र र जनताका निम्ति असल काम गर्दागर्दै षड्यन्त्रपूर्वक सरकारबाट विस्थापित गरिएको नेकपा (एमाले) छ भने अर्कातिर निर्वाचनबाट किनारा लागेर पनि अदालतको जस्केलाबाट छिरेको दक्षिणपन्थी शक्ति तथा तिनका सहयोगी दलहरु छन् । आमनिर्वाचनको पूर्वसन्ध्यामा हुन गइरहेको यस निर्वाचनले राष्ट्रिय राजनीतिको भावी परिदृश्यको पनि सङ्केत गर्नेछ । तसर्थ, यस निर्वाचनमा नेकपा (एमाले)ले सफलता हासिल गर्नैपर्छ ।”


यसबाट स्पष्ट हुन्छ, यतिबेला हाम्रा लागि निर्वाचनबाहेक अरु सबै कुरा गौण भएका छन् । हामीले साढे तीन बर्ष सरकारमा हुँदा गरेको विकास र समृद्धिका अभूतपूर्व कामहरुलाई जनताका बीचमा लिएर जाने र जनताबाट थप बल प्राप्त गरेर बाँकी कामहरुलाई पूरा गर्ने अभिभारा यतिबेला प्रधान बनेको छ । यसक्रममा नेकपा (एमाले) का पक्षमा देशव्यापी रुपमा जुन व्यापक जनलहर पैदा भइरहेको छ, त्यसबाट हाम्रो पार्टीको स्वीकार्यता र लोकप्रियता थप बृद्धि भइरहेको पुष्टि हुन्छ । मन्त्री, सांसद, नगरपालिकाका प्रमुख/उपप्रमुख, गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष निर्वाचित भएर समाजमा स्थापित व्यक्तिहरु ठूलो मात्रामा पार्टीमा समाहित भइरहेका छन् । विशेषगरी, विगतमा तुलनात्मक रुपमा पार्टी कमजोर रहेको र पार्टीका बारेमा भ्रम फैलाइएको मधेस क्षेत्रमा नेकपा (एमाले)का पक्षमा व्यापक जनलहर र पार्टी प्रवेश तीब्र बनेको छ । यसबाट नेपाली जनताको आशा र भरोसा बृद्धि भएको स्पष्ट हुन्छ । अब हामीले प्रतिक्रियावादी षड्यन्त्रहरुलाई पराजित गर्दै जनमतका माध्यमबाट यस शक्तिलाई सङ्गठित गर्नु आवश्यक छ । त्यसका लागि देशभरका नेता, कार्यकर्ता र कमिटीहरु अहोरात्र खट्नु आवश्यक छ । हाम्रो पार्टीले तय गरेको *‘दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई पराजित गरौँ, जबजको मार्गदर्शनमा समाजवादको आधार तयार गरौँ’* नारालाई कार्यान्वयन गर्ने एउटा महत्वपूर्ण घुम्ती निर्वाचन भएकाले सम्पूर्ण ध्यान त्यसैमा केन्द्रित गरी विजय हासिल गर्नु हाम्रा लागि अनिवार्य बनेको छ । देश र जनताले गरेको अपेक्षा, इतिहासले बोकाएको दायित्व र आजको युगको आवश्यकताका कारण हामीलाई हार्ने छुट बिल्कुलै छैन ।

पार्टी सचिवालयको १९ माघ, २०७८ मा सम्पन्न बैठकले ‘नवयुग’लाई अबदेखि पार्टीको सैद्धान्तिक/बैचारिक मुखपत्रका रुपमा चौमासिक रुपमा प्रकाशन गर्ने निर्णय गरेको छ । पार्टीका दैनिन्दिनका गतिविधिहरुलाई हामी हाम्रो पार्टीको वेबसाइट www.cpnuml.org का साथै आधिकारिक फेसबुक पेज Communist Party of Nepal- UML र आधिकारिक ट्वीटर ह्यान्डल @umlcpn का माध्यमबाट अद्यावधिक गर्नेछौँ भने सैद्धान्तिक र बैचारिक विषयवस्तुलाई ‘नवयुग’का माध्यमबाट कार्यकर्ता पङ्क्तिसमक्ष लैजानेछौँ । साथै, पार्टीका गतिविधिहरु तुरुन्त थाहा पाउनका लागि हामीले CPN (UML) नामक एप निर्माण गरेका छौँ, जुन एकपटक मोबाइलमा डाउनलोड गरेपछि निरन्तर सुचित भइरहन पाइन्छ ।

महाधिवेशनपछिको पहिलो अङ्क भएकाले यसमा हामीले महाधिवेशनबाट निर्वाचित १९ जना पदाधिकारीकै विआदरणीय पाठकहरुका राय, सुझाव र प्रतिक्रियाहरुलाई हार्दिक स्वागत गर्दछौँ ।



# राष्ट्रिय राजनीतिको दिशानिर्देश



केपी शर्मा ओली
अध्यक्ष

हामी 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा साकार पार्ने महाअभियानमा छौं । त्यस आकाङ्क्षालाई उद्देश्य वा गन्तव्यका रूपमा ग्रहण गरेर अघि बढ्ने र आफूलाई त्यसैमा केन्द्रित गर्ने काम अहिले हामीले गरिरहेका छौं ।

हामीलाई थाहा छ, यस यात्रामा आन्तरिक र बाह्य गरी थुप्रै व्यवधान आउँछन् । त्यसैले यो यात्रा सजिलो छैन । बाह्य व्यवधान मूलतः आन्तरिक व्यवधानमा रूपान्तरण भएर नै प्रकट हुन्छन् । औपनिवेशिक युग त सकिएको छ तर औपनिवेशिक मानसिकता र हैसियतका शक्तिहरूको औपनिवेशिक उद्देश्य, मनसाय र आचरण बदलिएको छैन । समयक्रममा ती रूपान्तरित भएर घरेलु राजनीतिमा प्रकट हुन्छन् ।

हामीले देखे-भोगेका दृष्टान्तहरूलाई हेर्ने हो भने हाम्रा उद्देश्यहरू निर्बाध छैनन् । हामीले भनेको राष्ट्रिय आकाङ्क्षा प्राप्त गर्नका लागि सबभन्दा पहिले देशको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित एवं स्वाभिमानको रक्षा हुनुपर्छ । हाम्रो देश सुरक्षित र स्वतन्त्र हुनुपर्छ । सुरक्षित अवस्थामा स्वतन्त्र ढङ्गले हाम्रो देशले विकासको महायात्रा अगाडि बढाउन र त्यसलाई पूरा गर्न पाउनुपर्छ । त्यसका निम्ति हामी स्पष्ट छौं, हामीले सही गन्तव्य निर्धारण गरेका छौं । त्यस सही गन्तव्यलाई प्राप्त गर्न हामीले सही बाटो र कार्यदिशा लिएका छौं । त्यो भनेको शान्तिपूर्ण, बहुलवादी र बहुदलीय स्वस्थ प्रतिस्पर्धाको बाटो हो । हामी जालझेल, षड्यन्त्र र तिकडममा विश्वास गर्दैनौं, पहलकदमी र श्रेष्ठतामा विश्वास गर्छौं । सही विचार, असल आचरण र राम्रा कामबाट आफ्नो श्रेष्ठता स्थापित गर्ने कुरामा विश्वास गर्दछौं । हामी त्यसैमार्फत जनताको मन जित्ने र समर्थन प्राप्त गर्ने बाटोमा छौं । अझ प्रस्ट भन्दा जनताको विश्वास प्राप्त गरेर जनतालाई नै परिचालन गर्ने र जनताका साथमा काम गरेर गन्तव्य प्राप्त गर्ने महायात्रामा नेकपा (एमाले) छ ।

**काम गरेर गन्तव्य प्राप्त गर्ने महायात्रामा नेकपा (एमाले) छ । गन्तव्य प्राप्तिका लागि हामीले तय गरेको माध्यम हाम्रो संविधानले निर्दिष्ट गरेको बहुदलीय प्रतिस्पर्धात्मक र लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली हो ।**

गन्तव्य प्राप्तिका लागि हामीले तय गरेको माध्यम हाम्रो संविधानले निर्दिष्ट गरेको बहुदलीय प्रतिस्पर्धात्मक र लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली हो । यही माध्यमलाई सदुपयोग गर्दै हामी अघि बढिरहेका छौं । यसो गरिरहँदा प्रतिस्पर्धाका नाममा यस बाटोमा अत्यन्तै धेरै अस्वस्थता, जालझेल र अनुचित तरिकाहरू अवलम्बन हुन सक्छन् भन्ने कुरामा हामीले ख्याल गर्नुपर्छ ।

विगतमा देश र हामीले भोगेका घटना हामी सबैका स्मरणमै छन् । ती अत्यन्तै अवाञ्छित, अलोकतान्त्रिक, अन्यायपूर्ण र दुःखद रहे । हो, हामी आन्तरिक रूपमा शक्ति सन्तुलनमा अगाडि जान सक्छौं । तर, ती दृष्टान्तलाई हेर्ने हो भने आजको अन्तर्राष्ट्रिय शक्ति सन्तुलन हाम्रो विपक्षमा हुने, अस्वस्थतालाई सामान्य ठान्ने र त्यसै अनुसार व्याख्या-विश्लेषण गर्ने काम पनि हुन सक्छ । यस्तो अवस्थामा विश्व शक्ति सन्तुलनको प्रतिकूलताको प्रभाव हामीले झेल्नुपर्ने हुन सक्छ । सरकारमा हुँदा हामीले गरेको अनुभवका आधारमा हामीले थप सचेततापूर्वक यसमा कदम चाल्नुपर्छ ।

देश आज अलमलिएर र भूमरीमा परेर चक्रव्यूहमा फसेजस्तो रूपबाट अघि बढिरहेको छ, समय व्यर्थमा व्यतीत भइरहेको छ । हाम्रो सरकार असंवैधानिक, अलोकतान्त्रिक



र असंसदीय तरिकाले परमादेशका माध्यमबाट ढालिएपछि देशले प्रगति गर्न सकेको छैन, दिन-प्रतिदिन पछाडि धकेलिरहेको छ । कुनै एउटा सूचक यस्तो छैन, जहाँबाट देश अघि बढेको महसुस गर्न सकियोस् । राजनीतिक, आर्थिक, प्रशासनिक, बाह्य सम्बन्ध, संसद्, न्यायालय सबैतिर भद्रगोल, अस्तव्यस्तता र अराजकता व्याप्त छ ।

देशलाई यस अवस्थाबाट मुक्त गरेर अगाडि बढाउने अवसर भनेको निर्वाचन नै हो । निर्वाचन आफैँमा एउटा परिघटना हो, जुन स्वतः अग्रगामी परिवर्तनको पर्याय हुन सक्दैन, माध्यम वा कारण मात्र हुन सक्छ । त्यस माध्यम वा कारणलाई अनुकूल बनाउनका लागि तदनुसारको जनचेतना अभिवृद्धि गर्ने र त्यस चेतनालाई सङ्गठित गर्ने अहिलेको आवश्यकता हो । त्यसरी जनअभिमत निर्माण गर्दै त्यसको रक्षा एवं प्रयोगमार्फत त्यसलाई शक्तिका रूपमा परिणत गर्न र तदनुकूल कामको नेतृत्व गर्न फेरि तदनुसारको विचार र सङ्गठनात्मक हैसियत भएको शक्ति चाहिन्छ । त्यस्तो शक्ति हाम्रो पार्टी नेकपा (एमाले)बाहेक अरू कोही होइन, हुन सक्दैन ।

खासगरी यस्तो शक्ति निर्माणका निम्ति सर्वाधिक निर्णायक महत्त्वको आमनिर्वाचन हुन्छ भने त्यसपछि प्रदेश र स्थानीय तहको निर्वाचन हुने गर्छ । यी तीन तहकै निर्वाचनमा हामीले कस्तो परिणाम प्राप्त गर्दछौँ- अबको नेपालको भविष्य त्यसले निर्धारण गर्छ । ती निर्वाचनहरूले नेपालको आर्थिक समृद्धि र विकास अब कता जान्छ भन्ने पनि निर्धारण गर्नेछन् । नेपाल भ्रष्टाचारमै रुमल्लिरहने कि स्वच्छतातर्फ जाने ? नेपालमा शासन-प्रशासन लोकतान्त्रिक, पारदर्शी, जनमुखी र जिम्मेवार हुने कि अहिलेकै जस्तो गैरजिम्मेवार रहिरहने ? नेपाल सुशासनयुक्त समाज हुने कि अहिलेकै जस्तो भ्रष्ट रहिरहने ? जनताका इच्छा-आकाङ्क्षाबमोजिम अप्ठ्यारो परेका बेला जनताप्रति उत्तरदायी तथा जनताको सेवक सरकारमार्फत सुशासन दिएर जाने कि वर्तमान गठबन्धनकै जस्तो कुशासनमा अल्झिरहने ? यी कुराहरू अबको निर्वाचन परिणाममा निर्भर हुन्छन् । त्यति मात्रै होइन, हेर्दा आवरणमा लोकतान्त्रिक प्रणाली तर लोकतन्त्रका नाममा लोकतान्त्रिक मूल्य, मान्यता, व्यवहार र आचरण ध्वस्त पारिएको खोक्रो प्रणालीमा जाने कि सामाजिक-आर्थिक विकासमा प्रतिबद्ध, सभ्य र मूल्यमा आधारित सामाजिक अभ्यास अघि बढाउने प्रणालीमा जाने भन्ने कुरा पनि निर्वाचन परिणामले फैसला गर्दछ ।

नेपाल लामो समयसम्म आवाज र अभिव्यक्तिविहीन रूपमा कुण्ठित भएर दमित राष्ट्रका रूपमा रह्यो । हामीले त्यसलाई तोड्यौं र सधैंका लागि तोड्न चाहन्छौं । त्यसैले जनअभिमत यी सबै काम गर्न सक्ने पार्टी अर्थात् नेकपा (एमाले)का पक्षमा हुनुपर्छ र हुन्छ भन्नेमा हामी विश्वस्त छौं ।

हामी स्वतन्त्र र राष्ट्रिय हित अनुकूलको छिमेक र बाह्य सम्बन्ध स्थापित गर्न सफल भएका छौं । त्यति मात्रै होइन, हामीले हाम्रो सरकारका पालामा सन्तुलित, व्यावहारिक, पारस्परिक लाभ, हित र सम्मानको छिमेक र अन्तर्राष्ट्रिय सम्बन्ध बनायौं । राष्ट्रिय स्वाभिमानका साथ अघि बढ्ने इतिहासको गौरव हामीले फेरि उजागर गर्न प्रयास गरेका छौं ।

'मूकं करोति वाचालं पङ्गुंलङ्घयते गिरिं' अर्थात् समय आएमा आवाजविहीनहरू पनि बोल्न थाल्छन्, खुट्टा अपाङ्गता भएकाहरू पनि पहाड चढ्न थाल्छन् । हाम्रो सरकारका पालामा त्यस्तै भयो । विकासको लहर चल्यो, सुशासनको अभियान नै चल्यो । सरकारले जनताप्रति उत्तरदायी र लोककल्याणकारी अवधारणा अन्तर्गतको सामाजिक सुरक्षाका असल प्रबन्धहरूसहित जनमुखी काम अघि बढायो ।

त्यही सरकारलाई परमादेशबाट अपदस्थ गरी जनमुखी सरकारले गरेका जनमुखी कामलाई रोक्ने गलत प्रयास र कार्य भएको छ । अब त्यो रोक्ने प्रयासलाई पराजित गरेर अघि बढ्ने कि नबढ्ने भन्ने कुराको टुङ्गो गर्नुपर्ने छ । यस कुराको अन्तिम टुङ्गो आगामी आमनिर्वाचनबाट लाग्ने भएकाले त्यसका लागि हामीले आफूलाई समर्पित गर्नुपर्छ ।

हामी जनताको पार्टी हौं, जनताको सेवक हौं र जनताको बलमा यहाँसम्म आइपुगेका छौं । हामी जनतालाई खुच्चिङ भन्न सक्दैनौं, घुर्की लगाउन सक्दैनौं । त्यसैले हामीले जिम्मेवारीपूर्वक जनतालाई सचेत गराउनुपर्छ, सङ्गठित गर्नुपर्छ । उनीहरूलाई सचेत र सङ्गठित गरेर शक्तिमा परिणत गरेर परिणाममा पुऱ्याउनुपर्छ । हाम्रो पार्टीको आजको मुख्य काम यही हो ।

हामी स्थानीय तहको निर्वाचनको सँघारमा छौं । प्रदेश र सङ्घको निर्वाचनमा पनि हामीले विजय हासिल गर्नुछ । हाम्रो विजय भन्नुको अर्थ देश, जनता र परिवर्तनकामी-अग्रगामी शक्तिको विजय हो, न्यायको विजय हो, न्याय र समानतासहितको समृद्धि विजय हो । अर्थात् यो विजय हाम्रो देशको विजय हो, हाम्रो सार्वभौमसत्ता स्वाधीनताको विजय हो । त्यति मात्रै होइन, हाम्रो भौगोलिक अखण्डता पनि हाम्रो विजयसँग जोडिएको छ । हाम्रो विजय कुनै एउटा कुरासँग मात्र जोडिएको छैन, समग्रतामा जोडिएको छ । अर्थात् मुलुकको शिक्षा प्रणाली कस्तो हुने ? स्वास्थ्य नीति कस्तो हुने ? सामाजिक सुरक्षा नीति कस्तो हुने ? यी सबै कुरा हाम्रो विजयमा निर्भर हुन्छन् ।

एउटा बिरुवालाई मलजल पुगेन भने बिस्तारै त हुर्किएला तर कठ्याङ्ग्रिएर पहेँला पात हुँदै जान्छ र ठूलो हुँदैन । मरुभूमिमा सालघारी हुँदैन, ठूलठूला वृक्ष हुँदैनन् । किनकि, त्यहाँ न मल हुन्छ, न जल हुन्छ । त्यस्तै कुरा हाम्रो सम्पूर्ण सामाजिक जीवनमा पनि लागू हुन्छ । राष्ट्रियता, विकास, सुशासन, लोकतन्त्र- यी सबैलाई मलजल गरिएन भने मरुभूमिमा रुख नभएजस्तै हुन्छ । मलजल नपाएको, दुरुपयोग गरिएको र नाम जपेर हुर्मत लिइएको लोकतन्त्रले कुनै सकारात्मक परिणाम दिन सक्दैन । यी सबैलाई व्यवस्थित ढङ्गले अघि बढाउने जिम्मेवारी हाम्रो काँधमा छ ।

**नेपालको हित नचाहने केही विदेशी शक्तिले यहाँका बिक्ने वा बिकिसकेका मालहरूको खोजी गरे । त्यसका लागि उनीहरूले वाम आन्दोलनभित्र अस्वस्थता फैलाउन, अराजकता मच्याउन, पार्टीलाई बन्धक बनाउन र हाम्रो पार्टीको सरकारका काम र उपलब्धिलाई जनतामा पुग्न नदिन वा पुऱ्याउँदा पनि विकृत बनाउन भूमिका निर्वाह गरे । अझ राम्रा काम र उपलब्धिहरूलाई जनताको नजरमा गिराउने र निन्दनीय ढङ्गले प्रस्तुत गर्नेजस्ता कामहरू भए, गरिए ।**

हामी जुन अवस्थामा छौं, यतिबेला हामीले धेरै मिहिनेत गर्नुपर्ने छ । यतिबेला हामीलाई थकाइ मार्ने समय छैन । आजको युगलाई सूचना-प्रविधिको युग भनिन्छ । समाजलाई सकारात्मक वा नकारात्मक प्रभाव पार्ने गरी सूचनाहरू प्रभावकारी ढङ्गले प्रसारण गर्न सकिने विद्युतीय माध्यमहरूको विकास भएको छ । तर, हामीसँग यस प्रविधिको पर्याप्त सदुपयोग गर्ने क्षमताको विकास भएको छैन । हामीले यसमा ध्यान दिन जरुरी छ । प्रविधि प्राप्त गर्न दुई कुरा चाहिन्छ- खर्च र मिहिनेत । मिहिनेत त हामी गरौंला तर त्यसको कच्चा पदार्थ नै हामीसँग हुँदैन अर्थात् पर्याप्त मात्रामा खर्च हामीसँग छैन । हामीले त्यस्तो स्थितिको सामना गर्नुपर्ने भएकाले जनतामा लैजान खोजेको र राष्ट्रमा पुऱ्याउन खोजेको चेतनाका लागि हाम्रो मुख र जनताको कान प्रत्यक्ष हुनुपर्छ । सञ्चारमाध्यमबाट फैलाउन खोजिएका भ्रमहरूलाई हामीले हाम्रो मुख र जनताको कान प्रत्यक्ष गरेर जनतालाई भ्रमबाट मुक्त गराउनुपर्छ । यस्तो अवस्थामा सूचना-प्रविधिमार्फत एकैचोटि जुन काम धेरैमा पुग्न सक्थ्यो, हामीले थोरैथोरै मान्छेमार्फत सम्प्रेषण गर्नुपर्ने हुन सक्छ । हामीले हाम्रो प्रचार संयन्त्रलाई सुदृढ गर्ने सन्दर्भमा प्रविधि र प्रचार माध्यमलाई बलियो र प्रभावकारी बनाउनुपर्छ । सामाजिक सञ्जाल र अरू क्षेत्रलाई समेत समुचित ढङ्गले अधिकतम् प्रयोग कसरी गर्न सकिन्छ ? त्यसमा ध्यान दिन आवश्यक छ । अर्कोतर्फ, हामी त्यसैमाथि मात्रै भर नपरी व्यक्तिले व्यक्तिसँग कुराकानी गरेर वा व्यक्तिले समूहसँग कुरा गरेर यसलाई अघि बढाउनुपर्छ ।

हामीले यसबीचमा सङ्गठनात्मक सदृढीकरण र शुद्धीकरण दुवैलाई अघि बढाउन जरुरी छ । हामीले आन्दोलनलाई विस्तार गरेर, आन्दोलनप्रति जनआकर्षण बढाएर र हामीभन्दा बाहिर रहेका वामपन्थी हुँ भन्नेहरूलाई मिलाएर वामपन्थी शक्तिको दुई तिहाइको हैसियत वैधानिक ढङ्गले निर्माण गरेका थियौं । त्यसलाई बलजफ्ती, कृत्रिम, अस्वाभाविक र अनुचित ढङ्गले भत्काउने काम भएको हामी सबैलाई थाहा छ । त्यो नकारात्मक परिदृश्यलाई हामीले एउटा सकारात्मक रूपमा लिनुपर्छ र अब आफ्नै बलमा खडा हुनुपर्छ । खेतमा उचित मात्राको पानी थियो, उचित मात्रामा वनस्पति वा बालीलाई चाहिले पौष्टिक तत्त्वहरू थिए । तर, वामशक्ति निर्माण गरिरहेका बेला अर्थात् खोलो फर्काएर खेतमा लगाइरहेका बेला पानी मात्रै आएन, माछा, सर्प, बिच्छी, फोहोर-मैला पनि आए । त्यो नआउनु थियो, आयो । त्यसरी आएका अवाञ्छित चीजहरू हामीले खेतबारीबाट मिल्काउनु थियो । त्यसका लागि समय लाग्थ्यो, त्यो बाहिरियो अर्थात् हामीले अहिले त्यसलाई मिल्कायौं ।

अझै प्रस्ट भन्ने हो भने नेपालको हित नचाहने केही विदेशी शक्तिले यहाँका बिक्ने वा बिकिसकेका मालहरूको खोजी गरे । त्यसका लागि उनीहरूले वाम आन्दोलनभित्र अस्वस्थता फैलाउन, अराजकता मच्याउन, पार्टीलाई बन्धक बनाउन र हाम्रो पार्टीको सरकारका काम र उपलब्धिलाई जनतामा पुग्न नदिन वा पुऱ्याउँदा पनि विकृत बनाउन भूमिका निर्वाह गरे । अझ राम्रा काम र उपलब्धिहरूलाई जनताको नजरमा गिराउने र निन्दनीय ढङ्गले प्रस्तुत गर्नेजस्ता कामहरू भए, गरिए । सङ्गठनलाई गतिशील होइन, गतिहीन बनाउने, एकताबद्ध भएर एउटा निश्चित गन्तव्यतर्फ लैजाने होइन, अनेकता वा गुटैगुटमा विभाजित गरिदिने र एकतिर होइन, अनेकतिर तानिदिने र त्यसलाई गतिहीन

**मुख्य कुरा उद्देश्य हो, विचार र दृष्टि हो, गन्तव्य हो। त्यो नै गलत छ भने हामी सही ठाउँमा पुग्न सक्दैनौं। हाम्रो उद्देश्य, विचार र दृष्टि सही छ। त्यहाँ पुग्न हाम्रो गन्तव्य ठीक छ। त्यहाँ पुग्नका लागि हाम्रा नीतिहरू ठीक छन्। ती कार्यान्वयन गर्नका लागि हाम्रो कार्यक्रम ठीक छ। ती कार्यक्रम कार्यान्वयन गर्ने योजनाहरू, क्षेत्रगत योजनाका आवधिक र विषयगत योजना र निर्धारित लक्ष्यहरू ठीक छन्।**

बनाइदिने प्रयासहरू भए। तर, हामीले सरकारमा भएको हुनाले सही ढङ्गले र बल गरेरै विकास निर्माणका कामहरू र सामाजिक परिवर्तनका समग्र पक्षहरूलाई समेटेर अग्रगामी बाटोमा अघि बढ्ने प्रयासलाई निरन्तरता दिइरह्यौं, हामी समाजवादका आधार निर्माण गर्ने बाटोमा अघि बढ्यौं। त्यसका निम्ति आवश्यक भौतिक पूर्वाधार, सामाजिक पूर्वाधार, मानवीय संशाधन र चेतनाको विकास, विभिन्न क्षेत्रमा आर्थिक उन्नति, सँगसँगै समाजलाई आधुनिकीकरण गर्ने, आधुनिक चेतनाबाट उनीहरूलाई प्रशिक्षित गर्ने जस्ता काम पनि हामीले सँगसँगै लिएर अघि बढ्यौं। हामीले साढे तीन वर्षमा हासिल गरेका यी असाधारण उपलब्धि, समाजमा ल्याएको चेतनागत, मनोवैज्ञानिक र भौतिक उन्नति, प्रगति र परिवर्तन असाधारण रहे। यो कुरालाई हामीले जनताका बीचमा पुऱ्याउनुपर्छ। यी उपलब्धिहरूको रक्षा गर्नुपर्छ। त्यसका निम्ति हामीले पार्टीलाई सही विचारले सुसज्जित गर्नुपर्छ।

मुख्य कुरा उद्देश्य हो, विचार र दृष्टि हो, गन्तव्य हो। त्यो नै गलत छ भने हामी सही ठाउँमा पुग्न सक्दैनौं। हाम्रो उद्देश्य, विचार र दृष्टि सही छ। त्यहाँ पुग्न हाम्रो गन्तव्य ठीक छ। त्यहाँ पुग्नका लागि हाम्रा नीतिहरू ठीक छन्। ती कार्यान्वयन गर्नका लागि हाम्रो कार्यक्रम ठीक छ। ती कार्यक्रम कार्यान्वयन गर्ने योजनाहरू, क्षेत्रगत योजनाका आवधिक र विषयगत योजना र निर्धारित लक्ष्यहरू ठीक छन्। तिनले समाजका विविध क्षेत्रलाई अँगालेका छन्, समेटेका छन्। पार्टी निर्माण भनेको केवल सङ्गठन निर्माण र परिचालन होइन, राष्ट्र निर्माण यसको मुख्य लक्ष्य हो। राष्ट्र निर्माणका उद्देश्यका लागि अरू कुरालाई माध्यमका रूपमा प्रयोग गर्ने, व्यापक दृष्टिकोणबाट सङ्गठित गर्ने र परिचालित गर्ने दृष्टिकोणबाट हाम्रो पार्टी अघि बढेको छ।

अरू पार्टीहरू आफ्नो स्वार्थमा केन्द्रित छन्। उनीहरूका लागि दलगत, गुटगत र व्यक्तिगत स्वार्थबाहेक अरू कुनै कुरा ठूलो छैन। उनीहरू दलगत, व्यक्तिगत र गुटगत स्वार्थमा केन्द्रित हुँदा हामीचाहिँ राष्ट्रिय गन्तव्यमा केन्द्रित छौं। अरू पार्टी र नेकपा (एमाले)का बीचमा फरक यहींनेर छ। हामीले उनीहरूको भन्दा पृथक् वा फरकपनलाई व्यवहारमा स्थापित गरेका छौं। अब त्यसलाई रक्षा गर्नु, अघि बढाउनु वा समाजवादका आधार तयार गर्नु र समृद्ध नेपाल, सुखी नेपालीको गन्तव्यमा पुग्नु जरुरी छ।

अहिले समाजवादका बारेमा धेरै अलमलमा छन्। धेरैले समाजवाद-समाजवाद भन्छन्। तर, लौ न त त्यसको चित्र बनाऊ भन्यो भने सक्दैनन्। कस्तो चित्र बनाउने- मान्छेजस्तो कि रुखजस्तो ? हात्तीजस्तो कि सर्पजस्तो ? भ्यागुताजस्तो कि फूलजस्तो ? अन्योलमा छन्। तर, हामीसँग प्रस्ट गन्तव्य छ। कस्तो लोकतन्त्र भन्दा हामी परिपूर्ण लोकतन्त्र भन्छौं। त्यो भनेको राजनीतिक लोकतन्त्र, राजनीतिक अधिकार र स्वतन्त्रताको मात्रै प्रश्न होइन। सम्पूर्ण सामाजिक, आर्थिक, पर्यावरणीय क्षेत्रलगायत आजका लागि मात्रै होइन, भोलिका लागि अनि हाम्रा लागि मात्रै होइन, विश्वका लागि सम्पूर्ण भविष्य जोडिएको, सुल्झिएको र स्पष्ट विचार छ। हामी जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन चाहन्छौं। स्वास्थ्य, शिक्षा, रोजगारी, सामाजिक सुरक्षासहितको सम्मानयुक्त नागरिक बनाउन चाहन्छौं। समाजवाद कुनै अमूर्त चीज होइन, हामी जनताको वास्तविक जीवनमा त्यसलाई रूपान्तरण गर्न चाहन्छौं। सरकारमा हुँदा हामीले केही यस्ता काम आरम्भ गरेका छौं, जसले वास्तविक अर्थमा समाजवादको जग स्थापना गर्दछन्।

हामीलाई कुनै नक्कली मुद्दा जीवित राख्नु छैन। हाम्रा लागि मुद्दाको प्रश्न होइन, उद्देश्यको प्रश्न प्रमुख छ। त्यसैले हामी मुद्दा विशेषमा अलमलिँदैनौं, उद्देश्यमा अघि बढ्छौं। हाम्रा प्रतिद्वन्द्वीलाई पछार्नुपर्ने हाम्रो उद्देश्य होइन, हाम्रो सरोकार गन्तव्यसँग छ। गन्तव्यमा पुग्नका लागि हामीले अनुचित कुरालाई कमजोर पार्नुपर्छ, उचित कुरालाई सफल पार्नुपर्छ। त्यसैले स्थानीय र संसदीय निर्वाचनलाई हामीले यही रूपमा बुझ्नुपर्छ।

पहिलो कुरा त निर्वाचन गराउने वातावरण निर्माण गर्नु नै एउटा ठूलो महाभारत थियो। स्थानीय तहको निर्वाचन नगराउन दृश्य-अदृश्य, प्रत्यक्ष-अप्रत्यक्ष धेरै प्रयास भए। हालको सत्ता गठबन्धनभित्रबाट अनेक षड्यन्त्र भए, अनेक खालका कसरत र नाटक मञ्चन गरिए। निष्ठाका होइन, भाडाका बुद्धिजीवीहरूलाई बहस गर्न, बोल्न र लेख्न लगाएर वातावरण बिगार्ने काम भए। तर, ती सबैलाई पराजित गर्दै केही ढिला भए पनि स्थानीय तहको निर्वाचन घोषणा गर्न हामीले बाध्य बनाएका छौं। यो नेकपा (एमाले)का लागि ठूलो सफलता हो। अब जनमत तयार पारेर यस निर्वाचनलाई हामीले देश, जनता, न्याय र अग्रगमनका पक्षमा पार्नु पर्दछ।

दोस्रो कुरा, जनमत तयार पारेर मात्रै हुँदैन, त्यो जनमत सही ढङ्गले प्रकट हुन पाउनुपर्छ। जनताले निर्भयतापूर्वक आफ्नो अभिमत राख्न पाउने, मतदान गर्न पाउने, त्यसको गणना सुरक्षित ढङ्गले गर्नुपर्ने र परिणाम सार्वजनिक हुँदासम्म स्वच्छता, निष्पक्षता, पारदर्शिता, निर्भयता र शान्तिपूर्ण वातावरण आवश्यक छ। जनअभिमतको रक्षा गर्न अहिले सामान्य अवस्था छैन। अभिमत रक्षाका लागि विशेष ध्यान दिएर अघि बढ्नुपर्छ। अहिलेको दूषित गठबन्धनले गर्न सक्ने निर्लज्ज क्रियाकलापलाई ध्यान दिएर चनाखो हुनुपर्छ।

एउटा सानो समूहले हाम्रो पार्टी फुटाउने दुष्प्रयास गरेको छ। यो सबै सामान्य रूपले भएको होइन, यो योजनाबद्ध ढङ्गले वर्षौं लगाएर गरिएको अभ्यासको परिणाम हो। त्यस परिणामका लागि उनीहरूले सुरुमा निर्लज्जताका साथ मलाई अध्यक्ष पदबाट राजीनामा देऊ भन्दै हमलाको सुरुवात गरे।

हामी राष्ट्र निर्माणको अभियानमा हिँडिरहेका बेला उनीहरूले राम्रो काम गऱ्यो भनेर ईर्ष्याभाव र कुण्ठाले प्रतिस्पर्धा होइन, आपराधिक क्रियाकलाप गर्दै गए। यस्ता विभिन्न आपराधिक क्रियाकलापकै कारण वर्षौंदेखिको कम्युनिस्ट आन्दोलनलाई कमजोर र बदनाम गरेर आफ्नो निजी स्वार्थको दुनो सोझ्याउने अभ्यास गरी अत्यन्त प्रदूषित वातावरण सिर्जना गरे। त्यसका लागि उनीहरूले अशुद्ध विचार र अशुद्ध क्रियाकलाप अगाडि बढाए। त्यसलाई हामीले वैचारिक, व्यावहारिक र आचरणगत शुद्धीकरण गर्नु नै थियो। उनीहरूले आत्मकेन्द्रित हुने, आफ्ना स्वार्थमा चल्ने, पद-ओहदाका पछि कुद्ने, पद-ओहदा पाइएन भने अनुशासनहीन, अराजक र शिथिल हुने प्रवृत्तिलाई बढावा दिँदै आएका थिए। अशुद्ध, हानिकारक र दूषित तत्त्वहरू बाहिर गएपछि यसबीचमा एकातर्फ स्वतः शुद्धीकरण भएर गएको छ। त्यससँगै हामीले वैचारिक शुद्धीकरणको अभियान चलायौं। गलत विचार बोकेका व्यक्तिहरू बाहिर गएसँगै त्यसका संवाहक अर्थात् दूषित विचार र प्रवृत्तिका नायकहरू पनि बाहिरिए। हामीले बिस्तारै सुदृढीकरण र वैचारिक हिसाबले शुद्धीकरणको एउटा अभियान चलाउने बाटो समात्यौं, जसमा सफलता प्राप्त गर्दै अघि बढेका छौं। यो छोटो समयमा भइहाल्ने कुरा होइन, हामी अझै गर्दैछौं। अहिले पनि त्यस्ता नराम्रा प्रवृत्ति छन्, जुन हामीले छोड्नुपर्छ। हाम्रो पार्टी र आन्दोलन ठूलो भट्टीजस्तो हो, जहाँ अशुद्धिहरूलाई हटाउन, शुद्धीकरण गर्न, खार्न, पगाल्न, काँचाहरूलाई पकाउन र हाम्रो उद्देश्य अनुसारको आकार-प्रकारमा ढाल्नका लागि वैचारिक र व्यावहारिक शुद्धीकरणको अग्निकुण्ड आवश्यक छ, जुन हामीले निरन्तर जारी राखेका छौं।

हाम्रो व्यवहार र आचरणको सहीपना, देश र जनताप्रति समर्पित उद्देश्यहरूप्रति समर्पित नीति र व्यवहार- यी कुराले जनतामा हामीप्रतिको आकर्षण बढ्दो छ। त्यसैकारण हाम्रो सङ्गठन देशव्यापी मात्रै छैन, जहाँ नेपाली, त्यहाँ एमालेका रूपमा विस्तार भएको छ। देशको कुनाकाप्चा र दुर्गमदेखि हरेक पेसा-व्यवसायका नागरिकमा हाम्रो पार्टी विस्तार भएको छ। अझै सङ्गठनलाई अघि बढाउँदै देशको सवलीकरण र सफलताका निम्ति हामीले मिहिनेतपूर्वक काम गर्नुछ।

यस्तो अवस्थामा हामीले गरेका राम्रा कामको प्रचार र विरोधीहरूले फैलाउने भ्रमलाई कमजोर पार्नुपर्ने हुन्छ। हामीले राम्रा काम गरिरहेका छौं नि भनेर चुप लागेर बसेर हुन्न। विरोधीहरूले भ्रम फैलाइसकेका हुन्छन्। जनतालाई त्यस्ता भ्रमबाट मुक्त गराउनुपर्छ। त्यसका लागि हाम्रा राम्रा काम र विचार जनताका बीचमा लैजानुपर्छ। त्यससँगै विरोधीले फैलाउने अफवाह, भ्रम र अन्योल चिर्दै अघि बढ्नुपर्छ। विरोधीहरू झूट, बेइमान र निकृष्ट प्रचारमा लागेका हुन्छन्। हामीले त्यसलाई चिर्नुपर्छ।

एउटा सन्दर्भको सम्झना गरौं- २०४६ सालको आन्दोलनपछि भएको पहिलो र दोस्रो निर्वाचनमा विरोधीहरूले ६० वर्षमाथिका बूढाबूढीलाई कम्युनिस्टले मार्छन् भनेर व्यापक हल्ला चलाए। जब २०५१ सालमा नेकपा (एमाले)को नेतृत्वमा सरकार बन्यो, त्यसले वृद्धभत्ता दिएर त्यसको जवाफ दियो। त्यसपछि उनीहरू आत्तिए, छट्पटाउन थाले।

**हाम्रो व्यवहार र आचरणको सहीपना, देश र जनताप्रति समर्पित उद्देश्यहरूप्रति समर्पित नीति र व्यवहार- यी कुराले जनतामा हामीप्रतिको आकर्षण बढ्दो छ। त्यसैकारण हाम्रो सङ्गठन देशव्यापी मात्रै छैन, जहाँ नेपाली, त्यहाँ एमालेका रूपमा विस्तार भएको छ।**

उनीहरूले वृद्धभत्ताको पनि विरोध गर्न बाँकी राखेनन्। यसबाट उनीहरूको आरोप मिथ्या साबित भयो र उनीहरूले कम्युनिस्टहरूका विरुद्धमा ब्रह्मास्त्र भनेर फ्याँकेको अस्त्र परालको त्यान्द्रोमा परिणत भयो। घण्टीका भरमा खाना खान जानुपर्छ, आफ्नो सम्पत्ति भन्न पाइन्न भन्नेदेखि छोराछोरीलाई आफ्नोसमेत भन्न पाइन्न भन्नेसम्मका भ्रम फैलाउने काम गरिएको थियो। विरोधीले फैलाएका हजार हल्लालाई हामीले एउटै कामबाट जवाफ दिन सक्छौं। अवसर पाउनासाथ नेकपा (एमाले)ले काम गरेर देखाउँछ भनेरै उनीहरू हामीसँग बढी आतङ्कित छन्।

नेकपा (एमाले) क्रान्तिका नाममा लुट्ने प्रचण्डपन्थी होइन भन्ने कुरा जनतामा छर्लङ्ग भएको छ। प्रचण्डले क्रान्तिका नाममा हजारौंलाई अङ्ग-भङ्ग गराए, मारे, टुहुरा-टुहुरी बनाए। आफू र आफ्ना लागि बाहेक उनले कहिल्यै पनि केही सोचेनन्। तथाकथित क्रान्तिकारी कुरा र भुलभुलैयाबाट अब जनता मुक्त भएका छन्। उनीहरू नेकपा (एमाले) भनेको जनताको हेरविचार गर्ने र दुःख-कष्ट हेर्ने पार्टी रहेछ भन्नेमा ढुक्क भएका छन्।

अहिले अनुचित ढङ्गले बनेको गठबन्धन छ। हामीले अनुचित क्रियाकलाप गर्ने, आफ्नो स्वार्थका लागि जे पनि गर्न तयार हुने र देशका लागि हानिकारक शक्तिसँग प्रतिस्पर्धा गर्नुपर्ने छ। यसका लागि हाम्रो सिङ्गो पार्टी पङ्क्ति, सबै जनसङ्गठन र पेसागत सङ्गठनदेखि देशलाई माया गर्ने र देशको सार्वभौमसत्ता तथा स्वतन्त्रताका पक्षमा रहेका सबैलाई गोलबन्द गर्दै परिचालन गर्नुपर्छ। जनताको बल नै हाम्रो बल हो। राष्ट्रिय हितमा अधिकतम्लाई समेटेर जाने प्रयत्नमा हामी लाग्ने छौं। हाम्रो यात्रामा जो व्यवधान बनेर उभिन्छ, त्यसलाई वैधानिक र जनअभिमतमार्फत पराजित गरेर अघि बढ्छौं। जनताको चेतना, जनताको सङ्गठन र जनताको सक्रियता नै हाम्रो बल हो। त्यसकारण जनपरिचालन नै हाम्रो मूल नीति हो।

हामीले धेरै काम गरेका छौं। विरोधीहरूले गर्ने गलत प्रचार र भ्रमलाई चिर्दै हामीले गरेका राम्रा काम र हाम्रा राम्रा विचारलाई एउटा शक्तिका रूपमा जनताको अभिमत लिएर अनुमोदन गर्नका लागि यो निर्वाचनको महत्त्व छ। नेकपा (एमाले)ले निर्वाचनमार्फत यसलाई अघि बढाउनका लागि जनादेश प्राप्त गर्नुपर्छ। त्यसका लागि हाम्रा सबै पार्टी कमिटी, नेता-कार्यकर्ता र जनसङ्गठनहरू सक्रियतापूर्वक लाग्नुपर्छ। आगामी २०७९ वैशाख ३० गते हुने स्थानीय निर्वाचन र त्यसलगत्तै हुने प्रदेश तथा सङ्घको निर्वाचनमा बहुमत प्राप्त पहिलो शक्तिका रूपमा नेकपा (एमाले)लाई स्थापित गर्न हाम्रो योजना, पहलकदमी र सक्रियता आवश्यक छ। पार्टीका सही विचार र योजनाहरूलाई कार्यान्वयन गराउनका लागि स्थानीय निर्वाचनको विशेष महत्त्व भएकाले सबैको ध्यान यसमा केन्द्रित हुनुपर्छ। ❐

# नेकपा (एमाले) निर्माण अबको दिशा



ईश्वर पोखरेल
बरिष्ठ उपाध्यक्ष

**नेकपा (एमाले) निर्माणको पृष्ठभूमि**

बीसको दशकमा विभाजन, विखण्डन र विघटनको दुःखद शृङ्खला झेल्दै आएको नेपालको कम्युनिस्ट आन्दोलनलाई एकीकृत र व्यवस्थित बनाउनुपर्ने ठूलो चुनौती नेपालका सच्चा, इमानदार र क्रान्तिकारी कम्युनिस्टहरूका अगाडि थियो। यही चुनौतीपूर्ण परिस्थितिका बीचमा अगाडि बढ्नुपर्ने आवश्यकता र बाध्यता पनि थियो। आधारभूत श्रमजीवी जनतामा भर पर्दै घरेलु प्रतिक्रियावादी सत्ताका विरुद्धमा स्थानीय तहबाटै सङ्घर्ष अगाडि बढाउने, आन्दोलनभित्रै देखापर्ने गरेका गलत विचारका विरुद्ध सङ्घर्ष गर्ने, आफ्नो काम गर्ने शैलीमा सुधार गर्दै एउटा नयाँ कम्युनिस्ट पार्टी निर्माण गर्ने योजना र दृढ अठोटका साथ अगाडि बढ्ने उनीहरूको प्रयत्नकै परिणामस्वरूप नेपालमा नयाँ क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण हुने आधार बन्दै गयो। २०३२ जेठमा गठन गरिएको 'अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को-अर्डिनेसन कमिटी ( अर्थात् 'को-अर्डिनेसन केन्द्र') र २०३५ पुसमा गठन गरिएको 'नेपाल कम्युनिस्ट पार्टी ( मार्क्सवादी-लेनिनवादी)' अर्थात् 'नेकपा (माले)' चुनौतीहरूलाई सामना गर्ने उनीहरूका तिनै सकारात्मक प्रयत्नहरूको परिणामस्वरूप गठन गरिएका थिए। त्यसबेला नेकपा (माले) गठन हुने कुराले मुलुकको निसासिँदो राजनीतिक वातावरणमा तरङ्ग पैदा भएको थियो र सकारात्मक सन्देश प्रवाहित भएको थियो। त्यसबेला राष्ट्रिय राजनीतिमा 'तेस्रो शक्तिको उदय' भएको चर्चासमेत गरिएको थियो।

ऐतिहासिक 'झापा सङ्घर्ष'को पृष्ठभूमिबाट 'को.के.' हुँदै 'नेकपा (माले)'को जन्म भए पनि त्यो 'नयाँ शक्ति' अत्यन्त तीव्र गतिका साथ विस्तारित हुँदै गयो- फैलिँदै गयो। देशव्यापी सुदृढ जनआधारित पार्टी बन्दै गयो। कम्युनिस्ट क्रान्तिकारीहरूका दर्जनौं सङ्गठनहरू यसैमा एकताबद्ध हुँदै गए। आफ्नो विशिष्ट स्थितिमा अन्तर्विरोधहरूको सही पहिचान, प्रधान अन्तर्विरोध किटान गर्ने मामिलामा स्पष्टता, आमश्रमजीवी जनतामा आधारित हुने कुरामा मुख्य जोड, सिद्धान्तलाई आफ्नो विशिष्टतामा लागू गर्ने सिर्जनशीलता, आफ्नै विगतका सम्बन्धमा समेत निर्मम तर वस्तुनिष्ठ समीक्षा आदि विषयमा उन्नत अभ्यास गर्दै नेकपा (माले) अगाडि बढ्दै गयो। पञ्चायती निर्दलीयता र निरङ्कुशताविरुद्धको सङ्घर्षमा सिर्जनशीलताका साथ अघि बढ्दै 'संयुक्त वाममोर्चा' गठनमा विशेष पहल र नेपाली कांग्रेससित समेत 'निरङ्कुशताविरोधी सङ्घर्षमा कार्यगत एकता गर्ने' ऐतिहासिक र साहसिक निर्णय गरेको थियो, नेकपा (माले)ले। यो निर्णयले एकैपटक 'माले'लाई महत्त्वपूर्ण र उल्लेखनीय नेतृत्वदायी राष्ट्रव्यापी शक्तिका रूपमा मात्र स्थापित गरेको थिएन, नेपालको कम्युनिस्ट आन्दोलनमा लामो समयदेखि जबर्जस्त रूपमा रहेको अवसरवाद र जडतालाई समेत तोडेको थियो।

२०४७ पुसमा कमरेड मदन भण्डारीले नेतृत्व गरेको नेकपा (माले) र मनमोहन-सहाना प्रधानले नेतृत्व गरेको नेकपा (मार्क्सवादी) बीचको ऐतिहासिक एकतापछि बनेको नेकपा (एमाले) 'नेपालको कम्युनिस्ट आन्दोलनमा इतिहास र ऊर्जाको सम्मिलन' भएको शक्तिका रूपमा उदय भएको थियो। सिद्धान्तमा जडता होइन, सिर्जनशीलता

२०४७ पुसमा कमरेड मदन भण्डारीले नेतृत्व गरेको नेकपा (माले) र मनमोहन-सहाना प्रधानले नेतृत्व गरेको नेकपा (मार्क्सवादी) बीचको ऐतिहासिक एकतापछि बनेको नेकपा (एमाले) "नेपालको कम्युनिस्ट आन्दोलनमा इतिहास र ऊर्जाको सम्मिलन" भएको शक्तिका रूपमा उदय भएको थियो।

र नवीनता, सार्वभौम सिद्धान्तलाई आफ्नो विशिष्टतामा लागू गर्ने दृढ अठोट, राष्ट्रियता र जनजीविकाका विषयहरूमा विशेष जोड दिएका कारण नेकपा (एमाले) आमनेपाली जनताको प्रिय पार्टी, मुलुकलाई नै योग्यतापूर्वक नेतृत्व गर्न सक्ने पार्टीको रूपमा स्थापित हुन पुगेको थियो । यो एकताले नेपालको कम्युनिस्ट आन्दोलनलाई नयाँ उचाइसहित मुलुकको राष्ट्रिय राजनीतिमा नेतृत्वदायी भूमिका खेल्न सक्ने शक्तिका रूपमा स्थापित गरेको थियो । राष्ट्रियता, जनजीविका र जनवादका विषयलाई मूल विषय बनाएर राष्ट्रव्यापी जनशक्ति परिचालन गर्न सक्ने शक्तिका रूपमा नेकपा (एमाले) बनेको थियो । जनताको लोकप्रिय मतबाट निर्वाचित हुने, निर्वाचित निकायहरूमा योग्यतापूर्वक भूमिका खेल्ने र प्रगतिशील परिवर्तनलाई एउटा अभियानका रूपमा अगाडि बढाउने शक्तिका रूपमा यसले आफूलाई स्थापित गर्दै लग्यो ।

यसरी नेकपा (एमाले) एउटा जनआधारित सशक्त पार्टीका रूपमा अर्थात् एउटा शक्तिका रूपमा मुलुकमा स्थापित भइसकेको र अहिलेसम्म यो पार्टीका चार जना प्रमुख नेताहरू जनताबाट निर्वाचित भएर मुलुकको प्रधानमन्त्री बनिसक्नु भएको छ । नयाँ संविधान अनुसार तीनै तहमा सरकार गठन गर्ने र योग्यतापूर्वक सञ्चालन गर्ने हैसियतका साथ देखापरेको छ, यो पार्टी । आज नेकपा (एमाले) नेपालमा मात्र होइन, बाहिरी दुनियाँमा पनि आफ्नो विशेष पहिचान बनाउन सफल बनेको छ । ठीक यतिबेला जुन स्तरमा यसले अहिलेको उचाइ र उपलब्धिहरू प्राप्त गरेको छ, त्यही स्तरमा चुनौतीहरू पनि देखापरेका छन् । यस्तो अवस्थामा यतिबेला एमालेले ती चुनौतीहरूको सामना गर्न यही उचाइमा आफ्नो योग्यता अर्थात् सामर्थ्य पनि देखाउनु पर्ने आवश्यकता छ । अत्यन्त महत्त्व राख्ने यो ऐतिहासिक अवसरमा अहिले नेकपा (एमाले) उभिएको छ । एमाले पङ्क्तिले अहिलेको यो चुनौतीलाई आत्मसात् गर्नैपर्छ ।

**नेकपा (एमाले) सशक्त पार्टी बनिसकेको अवस्था**

मुलुकमा विभिन्न नामका कम्युनिस्ट पार्टीहरू रहेका र कम्युनिस्ट पार्टीहरूकै नामबाट गतिविधिहरू पनि भइरहेको अवस्थामा कतिपयलाई नेकपा (एमाले) पनि त्यही सेरोफेरोको कम्युनिस्ट पार्टी लाग्न सक्छ वा त्यस्तो बुझेका पनि हुन सक्छन् कतिपयले । तर, सगर्व भन्न सकिन्छ- नेकपा (एमाले) कम्युनिस्ट नाम गरेका त्यस्ता आमपार्टीहरूमा पर्दैन । पृष्ठभूमि, जनाधार, विचार, सङ्गठन, सामर्थ्य र प्रतिबद्धता आदि आधारमा भन्नुपर्दा नेकपा (एमाले) एउटा विशिष्ट हैसियत र पहिचान भएको पार्टी हो ।

पहिलो कुरा, नेकपा (एमाले) सुसङ्गत विचार भएको पार्टी हो । विचारको यो सुसङ्गतता 'क्रान्तिकारी धडधडी', कुनै पनि किसिमको अवसरवाद वा कहीं कतैको ठाडो नक्कलबाट निर्देशित नभई नेपाली भूमिको यथार्थतामा आधारित भएर विकास गरिएको विचार हो । यसले लिएको विचार नेपालको कम्युनिस्ट आन्दोलनका अग्रजहरूले लिएका विचारहरूको सकारात्मक निष्कर्षद्वारा निर्देशित भएर स्वीकार गरिएको विचार हो । यो विचार भनेको निरङ्कुशताको विरोध तथा प्रजातन्त्रको पक्षपोषण, राजनीतिक स्वतन्त्रतासहितको पूर्ण प्रजातान्त्रिक व्यवस्था, देशको स्वाधीनता र स्वतन्त्रता, आर्थिक विकास र समृद्धिका लागि केन्द्रित विचारहरू र यिनै विचारद्वारा निर्देशित भएर अगाडि बढाइएका गतिविधिहरू नै हुन् । विगतका विभिन्न राजनीतिक कालखण्डहरूमा सञ्चालित आन्दोलनहरू (निरङ्कुश जहानियाँ राणा शासनविरोधी आन्दोलन, बहुदलीय शासन व्यवस्थाको स्थापनापछि त्यसको आवरणमा भएका स्वेच्छाचारी जनविरोधी गतिविधिका विरुद्ध सञ्चालित आन्दोलन, संसदीय व्यवस्था समाप्त पारी स्थापना गरिएको राजाको निर्दलीय तथा निरङ्कुश शासन सत्ता विरोधी सशक्त आन्दोलन, बहुदलीय प्रजातान्त्रिक प्रणालीका लागि गरिएका विभिन्न आन्दोलन आदि)मा प्राप्त अनुभव र शिक्षा ती विचारका महत्त्वपूर्ण स्रोत हुन् । यस्तै, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनबाट प्राप्त नकारात्मक अनुभव र शिक्षा पनि नेकपा (एमाले)का विचारलाई समृद्ध बनाउने महत्त्वपूर्ण स्रोत हुन् । कुनै बेला जनताको समर्थनमा, जनताको बलमा शासन सत्तामा पुगेका कम्युनिस्टहरू केही समयको अन्तरालपछि शासन सत्ता टिकाउन नसक्ने अवस्थामा कसरी पुग्छन्, कसरी जनताको समर्थन गुमाउन पुग्छन्, कसरी कुनै समय कम्युनिस्टहरूमा देखिएको जनपक्षीय विचार, चरित्र र आचरण कमजोर हुन पुग्छ भन्ने कुरा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा कम्युनिस्ट शासन सत्ता भएका विभिन्न मुलुकमा प्रकट भएका गम्भीर कमजोरीहरूबाट प्राप्त अनुभव र शिक्षामाथि आधारित हुँदै नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले आफ्ना विचारलाई समृद्ध बनाएको हो । एकपटक जनताको समर्थन प्राप्त भयो भनेर सधैं अनिर्वाचित र जनअनुमोदित नभई शासन सत्तामा रहिरहने कुरा गलत हुन्छ, कम्युनिस्टहरूले पनि आवधिक रूपमा जनताबाट अनुमोदित भइरहनुपर्छ, जनताबाट आवधिक रूपमा अनुमोदित हुन नसक्नेहरू/नचाहनेहरू शासन सत्तामा रहने वा रहिरहने हक राख्दैनन् ।

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनबाट प्राप्त यो महत्त्वपूर्ण शिक्षालाई नेकपा (एमाले)ले आफ्ना विचारलाई व्यवस्थित बनाउने क्रममा महत्त्वपूर्ण आधारका रूपमा लिएको छ । यस्तै, दार्शनिक र सैद्धान्तिक जगमा उभिएर, त्यसबाट निर्देशित भएर एमालेले आफ्ना विचारलाई समुन्नत र व्यवस्थित बनाएको हो । 'द्वन्द्व सर्वत्र छ, प्रकृतिमा द्वन्द्व छ, मानव समाजमा द्वन्द्व छ, राजनीति र राजनीतिक प्रणालीमा द्वन्द्व छ, यसरी द्वन्द्व सर्वत्र छ भने त्यसलाई विधिसम्मत ढङ्गले प्रकट हुन दिनुपर्छ, यदि द्वन्द्वलाई विधिसम्मत प्रकट हुन दिइएन भने त्यसले समाजलाई विध्वंश हुने दिशातर्फ लैजान्छ ।' यो दार्शनिक र सैद्धान्तिक मान्यताबाट निर्देशित हुँदै आफ्ना विचारलाई

**एकपटक जनताको समर्थन प्राप्त भयो भनेर सधैं अनिर्वाचित र जनअनुमोदित नभई शासन सत्तामा रहिरहने कुरा गलत हुन्छ, कम्युनिस्टहरूले पनि आवधिक रूपमा जनताबाट अनुमोदित भइरहनुपर्छ, जनताबाट आवधिक रूपमा अनुमोदित हुन नसक्नेहरू/नचाहनेहरू शासन सत्तामा रहने वा रहिरहने हक राख्दैनन् ।**

व्यवस्थित र समुन्नत बनाएको हो, एमालेले । यिनै मान्यताद्वारा निर्देशित हुँदै राजनीतिक पार्टीहरूको, आन्दोलनको, समाजको, शासन प्रणालीको लोकतन्त्रीकरणको कुरा उठाएको र यिनै विचारद्वारा निर्देशित हुने कुरालाई आफ्नो प्रतिबद्धतामा व्यक्त गरेको पनि हो । यिनै विचार र मान्यतालाई सूत्रबद्ध गरी 'जनताको बहुदलीय जनवाद'लाई नेकपा (एमाले)ले अघि सारेको हो । जननेता मदन भण्डारी यो विचारको प्रथम र प्रमुख व्याख्याताका रूपमा देखा पर्नुभयो र उहाँले यसको व्यवस्थित व्याख्या विश्लेषण समेत अघि सार्नुभयो । यसरी नेकपा (एमाले) संस्थागत रूपमा यसको पक्षपोषण र निर्देशित हुने र भइरहने सङ्कल्पका साथ अघि आएको हो ।

दोस्रो कुरा, नेकपा (एमाले)ले आफ्ना सम्पूर्ण सङ्गठनात्मक प्रणालीलाई व्यवस्थित शृङ्खलाहरूमा अगाडि बढायो, विकास गऱ्यो । सबै तहमा विकास गरिएको यो प्रणाली एउटा जबर्जस्त शक्तिका रूपमा स्थापित हुँदै गयो । एमालेले असङ्गठित भीडमा आफ्नो शक्ति देखेन । विधिद्वारा निर्देशित हुँदै सङ्गठित रूपमा र त्यो पनि शृङ्खलाबद्ध रूपमा प्रकट हुनुपर्छ भन्ने मान्यता राख्यो र अभ्याससमेत गऱ्यो, एमालेले । आमश्रमजीवी वर्गका विभिन्न तह र तप्कामा रहेका जनतालाई सङ्गठित गर्ने, आ-आफ्ना वर्गीय र पेसागत हकहितमा उनीहरूलाई परिचालित गर्ने, उनीहरूका न्यायोचित वर्गीय र पेसागत मागहरूलाई स्थापित गराउने, प्राप्त उपलब्धिहरूलाई सुरक्षित राख्ने र यी काम गर्दै जनतालाई थप उन्नत किसिमले सङ्गठित गर्दै अघि बढ्ने आदि कामलाई आफ्ना महत्त्वपूर्ण सङ्गठनात्मक जिम्मेवारीका रूपमा अघि बढाउने काम गरिरह्यो, एमालेले । राष्ट्रिय राजनीतिमा भरोसालाग्दो, नेतृत्वदायी शक्तिका रूपमा स्थापित हुनुमा नेकपा (एमाले)को यो पक्ष त्यति नै महत्त्वपूर्ण रहेको छ ।

तेस्रो कुरा, अनेक तहमा नेतृत्वदायी पङ्क्ति तयार नहुने/नरहने हो भने राजनीतिक पार्टीको खासै अर्थ रहन्न । नेकपा (एमाले)ले आफूलाई औपचारिक रूपमा मात्र देखाउने पार्टीका रूपमा अगाडि बढाउन चाहेन । जनतामा स्थापित, परिचित, जनताका सच्चा प्रतिनिधिका रूपमा तह-तहमा नेतृत्वदायी पङ्क्ति तयार गर्ने कुरामा विशेष केन्द्रित रह्यो एमाले । सङ्घर्ष तथा परिवर्तनका अभियानमा खारिएका व्यक्तिहरू तह-तहमा नेतृत्वदायी व्यक्ति सम्मिलित सङ्गठित शक्तिका रूपमा मुलुकको राजनीतिमा उदय भयो, एमाले ।

**सिद्धान्तलाई व्यवहारमा मिलाउने तथ्यका आधारमा सत्य पत्ता लगाउने, जनतासितको सम्बन्धलाई हमेसा विशेष महत्त्व दिने र आफूबाट हुन गएका गल्ती-कमजोरीहरूलाई बिनामोलाहिजा सच्याइरहने आदि नेकपा (एमाले)ले विकसित गरेका शैलीगत विशेषता हुन् ।**

चौथो कुरा, सही र वैज्ञानिक शैलीको अवलम्बन नेकपा (एमाले)ले आफ्नो राजनीतिक-साङ्गठनिक जीवनमा विकसित गरेको एउटा विशिष्ट विशेषता हो । सिद्धान्तलाई व्यवहारमा मिलाउने तथ्यका आधारमा सत्य पत्ता लगाउने, जनतासितको सम्बन्धलाई हमेसा विशेष महत्त्व दिने र आफूबाट हुन गएका गल्ती-कमजोरीहरूलाई बिनामोलाहिजा सच्याइरहने आदि नेकपा (एमाले)ले विकसित गरेका शैलीगत विशेषता हुन् ।

यसरी सुसम्बद्ध विचार, शृङ्खलाबद्ध सङ्गठनात्मक ढाँचा र आमजनतामा परिचित, स्थापित नेतृत्व पङ्क्ति निर्माण तथा प्रभावकारी जनशैलीका कारण नेकपा (एमाले) एउटा सशक्त कम्युनिस्ट पार्टीका रूपमा नेपाली राजनीतिमा स्थापित हुन सकेको हो ।

**एकता प्रक्रियाको प्रारम्भदेखि नै रहेका समस्याहरू**

आफ्ना सुसम्बद्ध विचार, सशक्त एवं शृङ्खलाबद्ध सङ्गठनात्मक प्रणाली, विभिन्न तहमा स्थापित नेतृत्व तथा प्रभावकारी जनशैलीका कारण राष्ट्रिय राजनीतिमा सुदृढ र भरपर्दो शक्तिका रूपमा देखापऱ्यो, नेकपा (एमाले) । पछिल्लो समयमा आर्थिक विकास र समृद्धि सम्बन्धमा यसले अघि सारेका योजना तथा कार्यक्रम, राष्ट्रिय स्वाधीनता र मुलुकको स्वतन्त्रतासम्बन्धी अडान तथा सामाजिक सद्भाव र राष्ट्रिय एकता सम्बन्धमा स्पष्ट दृष्टिकोण आदिका कारण सशक्त राष्ट्रिय शक्तिका रूपमा नेकपा (एमाले) अघि आएको हो ।

लामो समयदेखि मुलुकले भोगिरहेको दुर्भाग्यपूर्ण अवस्थापछाडिको प्रमुख कारण राजनीतिक अस्थिरता रह्यो । यही कारणले मुलुकमा प्रचुर सम्भावना हुँदाहुँदै पनि आर्थिक विकास र समृद्धि प्राप्त हुन सकेन । राष्ट्रिय स्वाधीनता र स्वाभिमानको विषय सधैं कमजोरीको सिकार बनिरह्यो । समाजमा अराजकताको स्थितिलाई प्रभावकारी रूपमा संबोधन गर्न सकिएन । एउटा विडम्बना ! मुलुकमा कम्युनिस्ट शक्तिलाई लोकप्रिय जनाधार प्राप्त भए पनि त्यसले निर्णायक भूमिकाका साथ आफूलाई प्रस्तुत गर्न सकिरहेको थिएन । यसैले मुलुकमा राजनीतिक स्थायित्व आवश्यक थियो, अझ कम्युनिस्ट शक्तिका लागि अनुकूल आधार भएकाले पनि राजनीतिक स्थायित्वका लागि यसको निर्णायक र नेतृत्वदायी भूमिका आवश्यक थियो । यसका लागि कम्युनिस्ट पार्टीहरूबीचमा एकता वा उन्नत समझदारी आवश्यक थियो । यसरी राष्ट्रिय आवश्यकता पूरा गर्न, परिवर्तनको आश गरेर बसेका जनताको चाहना पूरा गर्न र कम्युनिस्ट आन्दोलनमा समर्पणभावका साथ लागेका हजारौं-लाखौं कार्यकर्ताको चाहना पूरा गर्न पनि कम्युनिस्ट पार्टीहरूबीचमा एकताको आवश्यकता थियो । यही भावना र राष्ट्रिय आवश्यकताद्वारा निर्देशित हुँदै २०७५ जेठ ३ गते नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेकपा (माओवादी केन्द्र)बीच एकता सम्पन्न भएको थियो । र, यो एकतालाई 'ऐतिहासिक' र 'युगीन महत्त्व राख्ने' कामको रूपमा व्याख्यासमेत गरियो । तर दुर्भाग्य ! त्यसरी वर्णित वा महिमामण्डित 'एकता' तीन वर्ष बित्दा नबित्दै टुट्न पुग्यो । बरू, त्यो एकता कम्युनिस्ट आन्दोलन र लोकतान्त्रिक आन्दोलनमा समेत ठूलो विग्रह ल्याउने आधार र कारकका रूपमा देखापऱ्यो । त्यस्तो 'युगान्तकारी/ऐतिहासिक' कामको परिणाम आज किन यसरी प्रकट हुन पुग्यो ? किन कम्युनिस्ट आन्दोलन तथा लोकतान्त्रिक आन्दोलनमा एउटा विस्मयकारी विद्रूप घटनाका रूपमा चित्रित हुन पुग्यो ? समीक्षाको आवश्यकता छ ।

पहिलो कुरा, विचारको पक्षलाई कमजोर



गरी समाइयो वा कमजोर बनाइयो । 'ऐतिहासिक र महान् काम' गर्ने हतारोमा यस्तो हुन पुगेको थियो ! यसको ज्वलन्त दृष्टान्त 'नेकपा (माओवादी केन्द्र)ले अवलम्बन गरेको 'प्रचण्ड पथ' र 'एक्काइसौं शताब्दीको जनवाद' तथा नेकपा (एमाले)ले अवलम्बन गरेको 'जनताको बहुदलीय जनवाद'का सकारात्मक पक्षहरूको अध्ययन गर्दै, छलफल गर्दै जाने र महाधिवेशनको राष्ट्रिय मञ्चबाट उपयुक्त निर्णयमा पुग्ने !' 'महान एकता' सम्पन्न गर्न र त्यसलाई अघि बढाउन विचारको सवालमा यस्तो समझदारी गरिएको थियो । यसरी, यस्तो सहमति वा समझदारीले विचारका विषयमा दुइटा समस्या देखिएका थिए । एक, नेकपा (एमाले)ले विगतदेखि नै अस्वीकार गर्दै आएको हिंसाको राजनीतिप्रति, त्यसभित्रको सङ्गठनात्मक अराजकता र कथित जनयुद्धप्रतिको दृष्टिकोणमा अलमल । दुई, विगत लामै समयदेखि नेकपा (एमाले)ले अवलम्बन गर्दै आएको नेपालको विशिष्टतामा मार्क्सवादलाई प्रयोग गर्दा विकसित भएको विचार अर्थात् जनताको बहुदलीय जनवाद ( जबज)प्रति पनि अलमल । त्यति मात्रै होइन, केन्द्रीय कार्यालयबाट 'जनयुद्ध' दिवस मनाउने सम्बन्धमा जारी गरिएका निर्देशनहरू र जनताको बहुदलीय जनवादका विषयमा छलफल गर्ने, त्यसको महत्त्व र आवश्यकताबारे चर्चा/परिचर्चा गर्ने कुरालाई आपत्ति गर्ने- त्यसलाई 'एकता भाँड्ने काम'का रूपमा लिनेजस्ता कुरालाई 'एकता'सित गाँसिएको विचारको पक्षलाई कमजोर गरी समाउने कुराको परिणामका रूपमा लिन सकिन्छ । एकतापछिका तीन वर्ष यस्तै अलमलमा बित्यो भन्दा हुन्छ । विचारका विषयमा यस किसिमको अलमलका कारण पार्टी पङ्क्ति दिशाविहीन हुन पुग्नु स्वाभाविक नै हो ।

दोस्रो कुरा, सङ्गठनात्मक क्षेत्रमा अराजकता । दुइटा ठूला कम्युनिस्ट पार्टी एकीकृत हुने कुरा ऐतिहासिक महत्त्व राख्ने घटना थियो । यो काम आमजनता र कम्युनिस्ट आन्दोलनसित सम्बन्धित लाखौं कार्यकर्ताको चाहनाको विषय पनि थियो । मुलुकलाई प्रगतिशील परिवर्तन गर्न आवश्यक राजनीतिक स्थायित्वका लागि कम्युनिस्ट पार्टी एकताबद्ध भएर राजनीतिको मैदानमा देखा पर्नु अत्यन्त सकारात्मक कुरा पनि थियो । तर, यति महत्त्व राख्ने विषयसित गाँसिएको सङ्गठनात्मक कामलाई त्यसबेला गम्भीर रूपमा लिन सकिएन । दुइटा ठूला कम्युनिस्ट पार्टीबीच एकता भइरहँदा अलग-अलग पृष्ठभूमि र मनोविज्ञानलाई त ख्याल गर्नैपर्थ्यो तर सङ्गठनात्मक एकता गरिरहँदा स्थापित तथा स्वीकृत मान्यता र मापदण्डबाट निर्देशित भएर मात्र अगाडि बढ्नु पर्थ्यो । मापदण्ड या शक्तिको आकलनका आधारमा सङ्गठनात्मक एकताको कामलाई अगाडि बढाइनु पर्थ्यो । तर, यी दुवै कुरालाई आधार बनाउन सकिएन । हचुवाका भरमा, आग्रह निर्देशित वा केवल निरपेक्ष भागबन्डाका आधारमा सङ्गठनात्मक एकीकरणको कामलाई अगाडि बढाउन सङ्गठनात्मक सिद्धान्त वा मान्यताबाट राम्ररी निर्देशित हुन सकिएन । परिणाम- तीन वर्षको सिङ्गो अवधिमा पार्टीका केन्द्रीय निकायहरूदेखि स्थानीय तहसम्मका कमिटीहरू, पार्टी सम्बद्ध जनसङ्गठनहरू आमरूपमा एकताबद्ध हुन सकेनन् वा केही भइहालेका भए पनि ती राम्ररी परिचालित हुन सकेनन् । आमरूपमा निष्क्रियता, अलमल र पहलकदमीविहीन अवस्था देखा पर्‍यो । 'सबैतिर छ पार्टी तर कहीं पनि छैन पार्टी'जस्तो स्थिति हुन पुग्यो ।

**दुइटा ठूला कम्युनिस्ट पार्टीहरूबीच सम्पन्न "महान् र ऐतिहासिक" भनिएको एकताको तीन वर्ष नपुग्दै डरलाग्दो विग्रह पैदा हुन पुगेको छ। "एकीकृत" भनिएको नेकपा मात्र विभाजित भएन- विचार, सङ्गठन र नेतृत्वका हिसाबले समेत व्यवस्थित बनिसकेको पार्टी नेकपा (एमाले)मा समेत विग्रह पैदा हुन पुगेको छ। यो पार्टी एकता गर्दाताका रहन गएका समस्याहरूको सङ्ग्रहित दुष्परिणाम हो।**

तेस्रो कुरा, नेतृत्व निर्माणका आधारभूत मान्यतासित मेल नखाने हिसाबले कामहरू भए । अर्थात्, सङ्गठनात्मक मान्यतासित मेल नखाने हिसाबले नेतृत्व चयन गर्ने कामहरू भए । लोकतान्त्रिक परिपाटीलाई स्वीकार गरेर आएको कम्युनिस्ट पार्टीमा नेतृत्व कसरी चयन गरिन्छ भन्ने कुरालाई ख्याल गरिएन । जनतासित परिचित, जनताले पत्याएको, स्वीकार गरेको, सापेक्षित रूपमा क्षमता राख्ने व्यक्ति मात्र नेतृत्वमा आउने वा रहने स्थिति हुनुपर्छ । तर, यो कुरालाई राम्ररी लागू गरिएन । केवल 'मिलाउने' कुरामा जोड दिइयो । भागबन्डाको असैद्धान्तिक कुराबाट निर्देशित भएर विकृति भित्र्याउने काम गरियो । दुइटा पार्टीहरूबीच साङ्गठनिक एकता गरिरहँदा निश्चित मापदण्ड र शक्तिको यथार्थ जगमा उभिएर अघि बढ्नुपर्ने काम हुन सकेन । न मापदण्ड, न त शक्तिको नै वस्तुपरक आकलन हुन सक्यो !

वास्तवमा एकता प्रक्रियामा सामेल दुइटै कम्युनिस्ट पार्टीलाई राम्ररी बुझ्ने काम गरिएन । यी दुईमध्ये माओवादी केन्द्र हिंसात्मक सङ्घर्षबाट आएको एउटा शक्ति त थियो तर सही अर्थमा पार्टी बनिसकेको थिएन । त्यहाँ निर्णायक रूपमा अराजकताको बोलवाला थियो । विचारका हिसाबले, सङ्गठनका हिसाबले र नेतृत्व बनोट वा संरचनाका हिसाबले त्यो पार्टी बनिसकेको थिएन । अर्थात्, व्यवस्थित पार्टी बनिसकेको थिएन । एकता प्रक्रियामा आउँदा माओवादी केन्द्र त्यही अवस्था वा विशेषतासहित आएको थियो । जहाँसम्म नेकपा (एमाले)को कुरा छ- यो व्यवस्थित विचार, शृङ्खलाबद्ध सङ्गठनात्मक प्रणाली र जनतामा परिचित तथा स्थापित नेतृत्वका हिसाबले एउटा व्यवस्थित पार्टी बनिसकेको थियो । तर, यसभित्र गुटबन्दीको समस्या नराम्ररी झाँगिएको थियो । पार्टी जीवनको लोकतन्त्रीकरण गर्ने अभ्यासलाई अगाडि बढाइरहँदा माथिदेखि तलैसम्म गुटबन्दी संस्थागत हुन पुगेको थियो । दुर्भाग्य ! दुवै पार्टीभित्रका सकारात्मक पक्ष होइन, नकारात्मक पक्षहरू हावी हुन पुगे, एकता प्रक्रियाले पूर्णता पाउन सकेन र विग्रहको परिणाम भोग्नुपर्ने अवस्था आयो ।

अर्को कारण, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' एकताको समयमा गरिएको सहमतिका साथ एकता प्रक्रियालाई अघि बढाउने भन्दा पनि षड्यन्त्रपूर्ण तरिकाले पार्टी कब्जा गर्ने उद्देश्यका साथ खेल्न थाले । अन्तरविरोधहरूमा खेल्ने र कब्जा गर्ने आफ्नो उद्देश्य पूरा गर्ने कुरामा उनी केन्द्रित भएर लागे । जसको परिणाम एकता प्रक्रिया सकारात्मक निष्कर्षका साथ अघि बढ्न सकेन ।

यसरी, दुइटा ठूला कम्युनिस्ट पार्टीहरूबीच सम्पन्न 'महान् र ऐतिहासिक' भनिएको एकताको तीन वर्ष नपुग्दै डरलाग्दो विग्रह पैदा हुन पुगेको छ । 'एकीकृत' भनिएको नेकपा मात्र विभाजित भएन- विचार, सङ्गठन र नेतृत्वका हिसाबले समेत एउटा व्यवस्थित बनिसकेको पार्टी नेकपा (एमाले)मा समेत विग्रह पैदा हुन पुगेको छ । यो पार्टी एकता गर्दाताका रहन गएका समस्याहरूको सङ्ग्रहित दुष्परिणाम हो । एकता प्रक्रियाको भ्रुणमा रहेका दूरदृष्टिको अभाव, अपरिपक्वता र षड्यन्त्रका तानाबानाका कारण अहिलेको परिस्थिति आइलागेको हो ।

**विग्रहकारी चिन्तन, अभिव्यक्ति र व्यवहारहरूको प्रभाव**

गत आमनिर्वाचनमा वाम तालमेल बनाएर प्रतिस्पर्धामा गएको, सुविधाको बहुमतसमेत ल्याएको त्यही कम्युनिस्ट 'मोर्चा' वा वाम तालमेलको घोषित उद्देश्य अनुरूप 'एकताबद्ध बनेको कम्युनिस्ट पार्टी' गठनको 'सुखद परिणाम' यही अवधिमा एउटा दुःखद परिणाममा परिणत हुन पुग्यो र थप आन्तरिक विग्रहको समेत सामना गर्नुपर्‍यो । जसका कारण गत निर्वाचनमा जनतासामु व्यक्त गरिएका प्रतिबद्धताहरूको कार्यान्वयन, खासगरी राजनीतिक स्थायित्व प्राप्त गर्ने र आर्थिक विकास र समृद्धिका लागि बनाइएका योजनाहरूको प्रभावशाली कार्यान्वयन गर्ने, राष्ट्रिय स्वाभिमान तथा स्वतन्त्रताका विषयमा दृढतापूर्वक उभिने, अराजकताको अन्त्य र सुशासन कायम गर्ने आदि जस्ता महत्त्वपूर्ण विषयहरूको कार्यान्वयनलाई समेत सङ्कटमा पार्ने स्थिति पैदा भयो । अस्वाभाविक, असंवैधानिक र अलोकतान्त्रिक तरिकाले 'गठबन्धन' कायम गर्ने र यसले मुलुकलाई अस्थिरता, अनिश्चितता र उल्टो दिशातर्फ लैजाने दुर्भाग्यपूर्ण सिलसिला प्रारम्भ गरेको छ । सिङ्गो मुलुक र आमनागरिकको जीवनलाई स्वाभाविक रूपमा नकारात्मक रूपमा असर पार्ने काम भइरहेको छ । प्रकट भएका यस्ता समस्याहरूका बीचमा तिनलाई समेत सामना गर्न महत्त्वपूर्ण र नेतृत्वदायी भूमिका खेल्नुपर्ने पार्टीका अगाडि अहिले कठिनाइहरू देखा परेका छन् । विचारमा औसरवाद, सङ्गठनमा अराजकता र नेतृत्व पङ्क्तिभित्रको स्वेच्छाचारिता र त्यहाँ अस्तव्यस्तता पैदा गराउन खोजिदैछ । यस्तो अवस्थाले पार्टी र आन्दोलनका सामु चुनौती उत्पन्न भएको छ । यसका प्रभाव र परिणामको गम्भीरतालाई ख्याल गर्दै यतिबेला यी समस्याहरूलाई राम्ररी चिन्हित गर्नु, तिनको प्रभाव र गम्भीरतालाई ख्याल गर्दै किटान गर्नु र समाधानका लागि वैचारिक, साङ्गठनिक, परिचालन र नयाँ स्तरमा नेतृत्व स्थापित गर्नुका हिसाबले योजना बनाउनु आवश्यक छ ।

यही आवश्यकतालाई केन्द्रमा राखेर अहिले नेकपा (एमाले)ले राजनीतिक-साङ्गठनिक हिसाबले सिङ्गो पार्टी पङ्क्तिलाई निर्देश गरेको छ । दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकताको विरोध गर्दै जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादको आधार निर्माण गर्दै अघि बढ्नुपर्ने आवश्यकतालाई अघि सारेको छ । यसमा पार्टी निर्माण तथा आन्दोलनको दिशालाई निर्देशित गर्नुका साथ समाजवाद निर्माणका लागि दिशा निर्देश गरेको छ । यसैबाट निर्देशित हुँदै अहिलेको अवस्थामा पार्टी तथा आन्दोलनको निर्माण तथा समाजवादका आधार निर्माण गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ ।

**पार्टी र आन्दोलनलाई दुस्प्रभावबाट कसरी बचाउने ?**

भनिन्छ- चुनौतीसित अवसरहरू पनि गाँसिएर आएका हुन्छन् । आज पार्टी र आन्दोलनभित्र जेजस्ता चुनौती देखिएका छन्, यसको पृष्ठभूमि र कारणहरूबारे बुझ्नु आवश्यक छ । यिनलाई राम्ररी बुझ्न सकियो भने त्यसमा आधारित भएर निष्कर्ष पनि सही निकाल्न सकिन्छ । निष्कर्ष सही भयो भने त्यसलाई सम्बोधन गर्न कार्यक्रम र योजनाहरू पनि सही तरिकाले बनाउन सकिन्छ । र, यसका लागि आफ्नो पङ्क्तिलाई योजनाबद्ध रूपमा परिचालित पनि गर्न सकिन्छ । अब यी चुनौतीलाई सामना गर्न निम्न कामहरूलाई योजनाबद्ध रूपमा अघि बढाउन जरूरी छ :

**(क) विचारमा स्पष्टता**

मार्क्सवादलाई नेपालको विशिष्टतामा प्रयोग गर्ने क्रममा मौलिक विचारका रूपमा विकास भएको जनताको बहुदलीय जनवाद हो । नेपालको कम्युनिस्ट आन्दोलनको पृष्ठभूमि, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका अनुभव तथा दर्शन र सिद्धान्तको मजबुत जगमा यो विचार उभिएको छ । तर, यो विचार जड विषय होइन र हुन सक्दैन । यो गतिशील छ र यसको विकास निरन्तर भइरहन्छ । विभिन्न विशिष्ट चरणमा कार्यक्रमिक र कार्यनीतिका प्रसङ्गहरूमा परिवर्तन भइरहन सक्छ । यही दृष्टिकोणका साथ यसमा स्पष्ट बन्नुपर्ने, यसका लागि आफ्नो अध्ययनलाई व्यवस्थित बनाउनुपर्ने, यसैद्वारा निर्देशित भएर चल्नुपर्ने आवश्यकता छ । जनताको बहुदलीय जनवादका सन्दर्भमा माथि पनि केही उल्लेख गरियो । यस सन्दर्भमा कुरा गर्दा यसका दुइटा आयामलाई बुझ्नु आवश्यक छ । कार्यक्रमका रूपमा जबजलाई बुझ्दा सामन्तवादका अवशेषहरूको अन्त्य गर्ने, दलाल पुँजीवादको विरोध गर्ने तथा राष्ट्रिय पुँजीको विकास गर्दै समाजवादको आधार निर्माण गर्ने कार्यक्रमका रूपमा जनताको बहुदलीय जनवादलाई बुझ्नुपर्छ । मार्गदर्शक सिद्धान्तका रूपमा समाजवादमा समेत यसलाई स्वीकार गरेर, यसलाई सिद्धान्तका रूपमा स्वीकार गरेर यसैमा निर्देशित हुँदै अगाडि बढ्नुपर्ने नेकपा (एमाले)को वैचारिक-सैद्धान्तिक अडानलाई बुझ्नुपर्छ ।

**(ख) राजनीतिक कार्यदिशाका सम्बन्धमा सार्थक बहस र छलफल**

यतिबेला हामीले गर्नुपर्ने प्रचार, हामीले बनाउने सङ्गठन, आफ्नो शक्तिलाई परिचालित गर्नुपर्ने योजना तथा यी काम गर्दै अगाडि बढ्नुपर्ने कामका समग्र योजनाहरू समेटिएको विषय राजनीतिक कार्यदिशासित सम्बन्धित हुन् । मुलुकको आर्थिक विकास र समृद्धिका लागि यी कामहरू केन्द्रित हुनुपर्छ । 'समृद्ध नेपाल र सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षालाई पूरा गर्ने उद्देश्यका साथ आर्थिक विकास र समृद्धिको कुरालाई ठोस नीतिमा, ठोस कार्यक्रममा, ठोस योजनामा अगाडि सारिनुपर्छ र यिनलाई बहन गर्ने अर्थात् बोक्ने सङ्गठनात्मक संरचनालाई अगाडि बढाइनुपर्छ । समग्रतामा परिवर्तित परिस्थिति अनुसार सिङ्गो पार्टीलाई पुनर्व्यवस्थित गरिनुपर्छ । सामन्तवादका अवशेषहरूको अन्त्य गर्ने, दलाल पुँजीवादको शोषण र उत्पीडनको विरोध गर्ने, राष्ट्रिय पुँजीको विकास गर्दै समाजवादको आधार निर्माण गर्ने ! अब पार्टीका सम्पूर्ण गतिविधिहरू यिनै विचार, यिनै निष्कर्षद्वारा निर्देशित हुनुपर्छ ।

**(ग) सङ्गठनात्मक सिद्धान्त सम्बन्धमा व्याख्या**

कुनै पनि सङ्गठन खासगरी राजनीतिक सङ्गठनहरू निश्चित सङ्गठनात्मक सिद्धान्तबाट मात्र सञ्चालित भएका हुन्छन् । यसको अभावमा सङ्गठनको अस्तित्वमै सङ्कट आइपर्छ अर्थात् सङ्गठन अगाडि बढ्दै सक्तैन, चल्नै सक्दैन । कम्युनिस्ट पार्टीले यस कुरालाई सबैभन्दा गम्भीरताका साथ लिएको हुन्छ । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा लेनिनले त्यसबेला कम्युनिस्ट आन्दोलनको विशिष्ट अवस्था र त्यसबेला रूसका कम्युनिस्ट क्रान्तिकारीहरूले गरिरहेको क्रान्तिकारी आन्दोलनको विशिष्ट अवस्थालाई सम्बोधन गर्न वा प्रभावकारी ढङ्गले अगाडि बढाउन पहिलोपटक सङ्गठनात्मक सिद्धान्तलाई अघि सार्नुभएको थियो । 'लेनिनवादी सङ्गठनात्मक सिद्धान्त'का नामले स्थापित उक्त सिद्धान्तले त्यसबेला रूसमा र संसारभरिकै कम्युनिस्ट आन्दोलनलाई गति र शक्ति प्रदान गरेको थियो । त्यसले त्यसबेलाको विशिष्ट अवस्थामा सङ्गठन र सङ्गठन मातहतका व्यक्तिहरूबीचको सम्बन्ध, सङ्गठनभित्र बहुमत र अल्पमतबीचको सम्बन्ध, पार्टीभित्र व्यक्तिको स्वतन्त्रता र संस्थागत निर्णयको पालना आदि विषयमा निश्चित मान्यतालाई अघि सारेको छ । त्यही लेनिनवादी सङ्गठनात्मक सिद्धान्त मूलतः कम्युनिस्ट आन्दोलनलाई शक्ति र गतिका साथ अगाडि बढाउने शक्तिशाली माध्यम बनेको हो । नेकपा (एमाले) लेनिनवादी सङ्गठनात्मक सिद्धान्तद्वारा निर्देशित हुँदै आफ्ना सङ्गठनात्मक गतिविधिहरूलाई अगाडि बढाइरहेको पार्टी हो । पार्टी जीवनको लोकतन्त्रीकरणको अभ्यासलाई अगाडि बढाइरहँदा पनि लेनिनवादी सङ्गठनात्मक सिद्धान्तका आधारभूत मान्यताबाट नेकपा (एमाले) सधैं निर्देशित भइरहनेछ । सम्पन्न ऐतिहासिक विधान महाधिवेशनले नीति र विधिमाथि छलफल गरी पारित गरिरहँदा र दसौं राष्ट्रिय महाधिवेशनमा समेत छलफल गरिरहँदा यही सिद्धान्तबाट निर्देशित भइरहने अठोट र सङ्कल्पलाई नयाँ उचाइबाट प्रस्तुत गरिएको छ । अहिलेको विकसित अवस्थामा लेनिनवादी सङ्गठनात्मक सिद्धान्तद्वारा निर्देशित भइरहँदा समग्रतामा पार्टी निर्माण र सङ्गठनात्मक व्यवस्थापनका लागि केही कामहरूलाई महत्त्वका साथ गरिनुपर्छ । सङ्गठनात्मक जीवनलाई व्यवस्थित बनाउन

पार्टी जीवनको लोकतन्त्रीकरणको अभ्यासलाई अगाडि बढाइरहँदा पनि लेनिनवादी सङ्गठनात्मक सिद्धान्तका आधारभूत मान्यताबाट नेकपा (एमाले) सधैं निर्देशित भइरहनेछ। ऐतिहासिक विधान महाधिवेशनले नीति र विधिमाथि छलफल गरी पारित गरिरहँदा र दसौं राष्ट्रिय महाधिवेशनमा समेत छलफल गरिरहँदा यही सिद्धान्तबाट निर्देशित भइरहने अठोट र सङ्कल्पलाई नयाँ उचाइँबाट प्रस्तुत गरिएको छ।

**आज नेकपा (एमाले)को सिङ्गो पङ्क्तिले यो कुरालाई बुझ्नुपर्छ र तदनुरुप आफूहरूलाई अगाडि बढाउन सक्नुपर्छ। त्यसैले अहिले नेपालमा भएको परिवर्तनको विशिष्ट विशेषतालाई ख्याल गरेर कम्युनिस्ट पार्टीले आफ्नै नेतृत्वमा सरकार गठन हुँदा पनि केवल नीतिगत नेतृत्वमा, आफ्नो चुनावी घोषणापत्रमा आधारित हुँदै र मुलुकको संविधान तथा राज्यका कानुन मातहत रहेर मात्र लागू गर्नुपर्ने हुन्छ।**

वैचारिक स्पष्टता, बुझाइ र गराइमा एकरूपता हुनु आवश्यक छ। मार्गदर्शक विचार, त्यसबेलाको राजनीतिक कार्यदिशा, तय गरिएका कार्यक्रमिक विषयहरूलाई ख्याल गरेर सङ्गठनात्मक सिद्धान्तहरूलाई कार्यान्वयन गरिनुपर्छ। हामीहरूले अवलम्बन गर्दै आएको लेनिनवादी सङ्गठनात्मक सिद्धान्तलाई यिनै कुराहरूमा आधारित हुँदै सिर्जनात्मक तरिकाले कार्यान्वयन गर्दै अघि बढ्नु आवश्यक छ।

**(घ) पार्टी र सरकारबीचको सम्वन्धबारे बुझाइमा एकरूपताको खाँचो**

पार्टी र सरकारको सम्बन्धका बारेमा हामी कम्युनिस्ट पार्टीका नेता/कार्यकर्ताहरूमा केही पुरानो खालको बुझाइ, केही अलमल र केही गलत मान्यताहरूले समेत प्रभाव पारेको देखिन्छ। नेपालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि विभिन्न समयमा कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकारहरू बनेका छन्। कम्युनिस्ट पार्टीका नेताहरूले मुलुकको प्रधानमन्त्रीका रूपमा भूमिका खेलिसक्नु भएको छ। तर, प्रायः सबै समयमा पार्टी र सरकारबीचको सम्बन्धलाई लिएर बहस विवादहरू हुने गरेका छन्। 'पार्टीले सरकार चलाउनुपर्छ, सरकारले पार्टी चलाउने होइन' भन्ने तर्कका आधारमा पार्टी पङ्क्तिमा बहस हुने गरेको, यो बहस प्रायः अस्वस्थ हुने गरेको र त्यसले पार्टीमा विभाजन तथा विग्रहसमेत ल्याउने गरेका उदाहरणहरू रहेका छन्। बहसको यो विषय अहिले पनि छँदैछ भन्दा हुन्छ। त्यसैले यस विषयमा छलफल गर्दै स्पष्ट बनिरहँदा केही ऐतिहासिक प्रसङ्गसहित राजनीतिक-सैद्धान्तिक हिसावले स्पष्ट हुनु आवश्यक छ।

अहिले नेकपा (एमाले)लाई नयाँ गतिका साथ अघि बढाउन यहाँ भएको परिवर्तनसम्बन्धी बुझाइमा स्पष्टताको आवश्यकता छ। सबैभन्दा पहिले, हाम्रो देश नेपालमा भएको राजनीतिक परिवर्तनको चरित्रलाई बुझ्नुपर्छ। अठारौं र उन्नाइसौं शताब्दीको सुरुमा युरोपियन मुलुकहरूमा सामन्तवादविरोधी क्रान्ति सम्पन्न भएको थियो, त्यहाँ सामन्तवादलाई अन्त्य गरी पुँजीवादी व्यवस्था कायम गरिएको थियो। र, यसको नेतृत्व पुँजीपति वर्गले गरेको थियो। त्यहाँ पुँजीपति वर्गले सामन्तवादसित कुनै पनि सम्झौता नगरी यो ऐतिहासिक काम सम्पन्न गरेको थियो। योभन्दा पृथक् ढङ्गले रूसमा भने सर्वहारा श्रमजीवी वर्गको प्रतिनिधि कम्युनिस्ट पार्टीद्वारा पुँजीपति वर्गकै विरुद्धमा अक्टोवर समाजवादी क्रान्ति ऐतिहासिक रूपमै सम्पन्न भएको थियो। त्यहाँ पुँजीपति वर्गसित कुनै सम्झौता नगरी त्यो युगान्तकारी र ऐतिहासिक काम सम्पन्न गरिएको थियो। तर, चीनमा चाहिँ यी दुवैभन्दा पृथक् रूपमा कम्युनिस्ट पार्टीको नेतृत्वमा सामन्तवादका विरुद्धमा जनवादी क्रान्ति सम्पन्न भएको थियो। त्यहाँ कम्युनिस्ट पार्टीले राष्ट्रिय पुँजीका पक्षधर पुँजीपति वर्गको समेत साथ र समर्थन लिएको थियो तर नेतृत्व भने सर्वहारा श्रमजीवी वर्गको प्रतिनिधि चिनियाँ कम्युनिस्ट पार्टीले गरेको थियो। तर, हामीले नेपालमा सम्पन्न गरेको राजनीतिक क्रान्ति यी कुनै पनि क्रान्तिभन्दा भिन्न प्रकृतिको क्रान्ति हो। यहाँको वस्तुगत वास्तविकतामा आधारित भएर यहाँ क्रान्ति सम्पन्न गरिएको छ। सर्वहारा श्रमजीवी वर्गको प्रतिनिधि कम्युनिस्ट पार्टी र उदार पुँजीपति वर्गलाई प्रतिनिधित्व गर्ने पार्टी नेपाली कांग्रेसले संयुक्त रूपमा सहकार्य गरेर नेपालमा राजनीतिक क्रान्ति सम्पन्न गरेका छन्। त्यसैले नेपालमा भएको क्रान्तिकारी परिवर्तन युरोपियन मुलुकहरू, रूस, चीन आदि मुलुकहरूमा भएको परिवर्तनजस्तो होइन, पृथक् प्रकृतिबाट सम्पन्न भएको पुँजीवादी-जनवादी क्रान्ति हो। सामन्तवाद र त्यसमा आधारित भएर टिकेको राजतन्त्रका विरुद्धमा यी दुवै शक्तिले सहकार्य गरेर यो राजनीतिक क्रान्ति सम्पन्न गरेका थिए।

यसरी सम्पन्न गरिएको नेपाली क्रान्तिपछि अब यी दुवै शक्तिका बीचमा हरेक क्षेत्रमा प्रतिस्पर्धाको चरण प्रारम्भ भएको छ। हरेक क्षेत्रमा प्रतिस्पर्धा मुलुक बनाउने/चलाउने सम्बन्धमा नीति, कार्यक्रम, योजना तथा आचरणमा यी दुई वर्ग र यिनलाई प्रतिनिधित्व गर्ने पार्टीहरू कम्युनिस्ट र कांग्रेसबीच तीव्र प्रतिस्पर्धा अहिलेको परिवर्तित राजनीतिको यो वास्तविक परिदृश्यलाई बुझ्नुपर्छ। संविधान र कानुनको पालनामा, सुशासन दिने मामिलामा, जनतालाई सेवा प्रवाह गर्ने तथा पारदर्शिताका विषयमा, विकास निर्माण र तिनको प्राथमिकताका विषयमा, सामन्तवादका अवशेषहरू अन्त्य गर्ने तथा दलाल पुँजीवादको विरोध गर्दै राष्ट्रिय पुँजीको विकास गर्ने विषय आदिमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाली कांग्रेसबीचमा तीव्र प्रतिस्पर्धा अबको राष्ट्रिय राजनीतिको मुख्य विषय बनेर देखा परेको छ। यो प्रतिस्पर्धामा कम्युनिस्ट पार्टीले श्रेष्ठता हासिल गर्दै जानु, विजय प्राप्त गर्दै जानु भनेको सामन्तवादका अवशेषहरूको उन्मूलन, दलाल पुँजीको विरोध, राष्ट्रिय पुँजीको विकास गर्दै जानु र समाजवादको आधार निर्माण गर्ने अभियानमा विजय हासिल गर्दै अगाडि बढ्नु हो। यो प्रतिस्पर्धामा नेपाली कांग्रेसले विजय हासिल गर्नु भनेको अहिले प्राप्त भएका उपलब्धिहरूलाई समाजवादको आधार निर्माण गर्ने दिशातर्फ अघि बढ्नबाट रोक्नु हो। अहिले राष्ट्रिय राजनीतिमा देखापरेको यो प्रतिस्पर्धात्मक र पेचिलो विषयलाई ठिकसित बुझ्नु आवश्यक छ।

वर्तमान अवस्थामा यस्तो राष्ट्रिय राजनीतिक यथार्थलाई बुझेर चल्नुपर्छ। यहाँ रूसी क्रान्ति वा चिनियाँ क्रान्तिपछि त्यहाँका कम्युनिस्ट पार्टीहरूले सरकार (वा शासन सत्ता) सञ्चालन गरेको अभ्यासको हुबहु सिको गरेर अगाडि बढ्न खोज्नु सरासर गलत हुन्छ। यहाँ नेपालमा सम्पन्न भएको राजनीतिक क्रान्तिको स्वरूप र चरित्रलाई बुझेर मात्र हामी नेपाली कम्युनिस्टहरूले चल्नुपर्छ। यहाँ त बुर्जुवा वर्ग र त्यसका प्रतिनिधिहरूसित शासन सत्ता सञ्चालनमा योग्यता र क्षमता प्रदर्शन गरेर श्रेष्ठता हासिल गर्ने नीति, तरिका र अभ्यासलाई अगाडि बढाउन सक्नुपर्छ, नेपालका

कम्युनिस्टहरूले । र, यो अभ्यास निकै लामो समयसम्म गर्नैपर्छ। यो प्रक्रियामा श्रेष्ठता हासिल गरेर मात्र समाजवादको आधार निर्माण गर्न सकिन्छ भन्ने कुरा बुझ्नैपर्छ। आफूहरूसमेत संलग्न भएर अझ महत्त्वपूर्ण र निर्णायक भूमिका खेलेर बनाएको मुलुकको संविधानलाई योग्यतापूर्वक पालना गर्ने र अरूलाई पनि इमानदारीका साथ पालन गर्न वाध्य पार्नैपर्छ। राज्य र राज्यका सम्पूर्ण अङ्गहरूले मुलुकको संविधानलाई पालना गर्नैपर्छ- राजनीतिक दलहरू (कम्युनिस्ट पार्टीसमेत)ले आफ्नो पार्टीको विधान मान्ने कुरा त छँदैछ तर मुलुकको संविधानलाई आफ्नो ठाउँबाट सम्मान गर्नैपर्छ र कडाइका साथ पालना गर्नैपर्छ। किनभने, नेपालको अहिलेको संविधान कम्युनिस्टलगायतका शक्तिहरूले मिलेर, सहमतिको दस्तावेजका रूपमा तयार गरिएको हो। त्यसैले बलपूर्वक सम्पन्न भएका, आमूल परिवर्तन गरिएका मुलुकहरूमा क्रान्तिपश्चात् शासन सत्ता (वा सरकार) सञ्चालन गरेको शैलीले यहाँ सरकार सञ्चालन गर्न खोज्नु गलत तथा हानिकारकसमेत हुन जान्छ भन्ने कुरा बुझ्नुपर्छ। मुलुकको संविधान र राज्यका कानुनहरू (जुन विभिन्न राजनीतिक शक्तिहरूको सहमतिमा बनेका हुन्)को इमानदारीका साथ पालना गर्नु कम्युनिस्ट पार्टीलगायत सबैको कर्तव्य हो भन्ने कुरा बुझ्नुपर्छ। आज नेकपा (एमाले)को सिङ्गो पङ्क्तिले यो कुरालाई बुझ्नुपर्छ र तदनुरूप आफूहरूलाई अगाडि बढाउन सक्नुपर्छ। त्यसैले अहिले नेपालमा भएको परिवर्तनको विशिष्ट विशेषतालाई ख्याल गरेर कम्युनिस्ट पार्टीले आफ्नै नेतृत्वमा सरकार गठन हुँदा पनि केवल नीतिगत नेतृत्वमा, आफ्नो चुनावी घोषणापत्रमा आधारित हुँदै र मुलुकको संविधान तथा राज्यका कानुन मातहत रहेर मात्र लागू गर्नुपर्ने हुन्छ।

**(ङ) पार्टी जीवनको लोकतन्त्रीकरण गर्ने सम्बन्धमा समीक्षाको खाँचो**

नेकपा (एमाले)ले जनताको बहुदलीय जनवादलाई बुझ्ने र कार्यान्वयन गर्ने क्रममा पार्टी जीवनको लोकतन्त्रीकरणको आवश्यकतालाई अगाडि ल्याएको हो। लोकतन्त्रीकरण पार्टी, आन्दोलन र समाजकै लोकतन्त्रीकरण गर्ने कुरा हो। यसका लागि समाजलाई अगुवाइ गर्ने/नेतृत्व गर्ने कम्युनिस्ट पार्टीले आफूले अवलम्बन गर्ने नीति र कार्यक्रमहरूलाई लोकतान्त्रिक बनाउने र यसका लागि विधि र प्रक्रियासमेत लोकतान्त्रिक हुनुपर्ने कुरामा जोड दिइएको हो। कम्युनिस्ट पार्टीले पनि निरन्तर जनअनुमोदित भइरहनुपर्छ, नीति र नेतृत्व निर्माणमा पार्टी सदस्यहरूको अविच्छिन्न अधिकारलाई सुनिश्चित गरिनुपर्छ। पार्टीका सबै तह र अङ्गहरूमा नियन्त्रण र सन्तुलनको विधिसम्मत प्रणाली कायम गरिनुपर्छ। स्वयम् पार्टी कमिटीभित्र सामूहिक नेतृत्व प्रणालीलाई राम्ररी स्थापित गरिनुपर्छ र यसका लागि आवश्यकता अनुसार बहुपदीय प्रणालीमा जानुपर्ने आवश्यकता पर्दछ।

> **पार्टी जीवनको लोकतन्त्रीकरण गर्दा अर्थात् त्यो विचारबाट निर्देशित हुँदा र त्यस अभ्यासलाई अगाडि बढाइरहँदा देखापर्ने समस्याहरूप्रति ध्यान जानु जरूरी छ। विचारमा अवसरवाद, सङ्गठनभित्र अराजकता, प्यानलबन्दी, बहुकेन्द्र, लोकतान्त्रिक अभ्यासमा त जाने तर परिणामहरूलाई स्वीकार गर्न नसक्ने प्रवृत्ति, प्रतिस्पर्धापछि सम्बन्धमा अस्वस्थता आदि विषयहरू हानिकारक विषय हुन् र यस्ता कुरालाई प्रोत्साहन मिल्ने कुनै पनि कुरा गरिनु हुन्न।**

लोकतन्त्रसित गाँसिएको एउट महत्त्वपूर्ण विषय नेतृत्व हस्तान्तरणको सहज प्रणालीलाई स्थापित गर्नु पनि हो। नेकपा (एमाले)ले अघि सारेका र अभ्यास गरेका यी विचारले कम्युनिस्ट पार्टी निर्माणमा एउटा ऐतिहासिक थालनी गरेको र दिशा निर्देशसमेत गरेको छ। तर, एमाले-माओवादी एकतापछि निर्मित नेकपा कालमा यो अभ्यासलाई कार्यान्वयनमा निरन्तरता दिन र अघि बढाउन सकिएन। यससम्बन्धी विचारको बहस र कार्यान्वयन गर्ने काममा समेत अवरोध पैदा हुन पुग्यो। तर, एकता प्रक्रिया अघि बढ्न नसकेपछि र पार्टीहरू पूर्व अवस्थामा पुगेपछि नेकपा (एमाले) ले आयोजना गरेको विधान महाधिवेशन र दसौं राष्ट्रिय महाधिवेशनले जनताको बहुदलीय जनवादको मार्गदर्शनमा पार्टी निर्माणको कामलाई थप व्यवस्थित ढङ्गले अगाडि बढाएको छ। त्यसै आधारमा अगाडि बढ्नुपर्ने आवश्यकता छ।

तर, पार्टी जीवनको लोकतन्त्रीकरण गर्दा अर्थात् त्यो विचारबाट निर्देशित हुँदा र त्यस अभ्यासलाई अगाडि बढाइरहँदा देखापर्ने समस्याहरूप्रति ध्यान जानु जरूरी छ। विचारमा अवसरवाद, सङ्गठनभित्र अराजकता, प्यानलबन्दी, बहुकेन्द्र, लोकतान्त्रिक अभ्यासमा त जाने तर परिणामहरूलाई स्वीकार गर्न नसक्ने प्रवृत्ति, प्रतिस्पर्धापछि सम्बन्धमा अस्वस्थता आदि विषयहरू हानिकारक विषय हुन् र यस्ता कुरालाई प्रोत्साहन मिल्ने कुनै पनि कुरा गरिनु हुन्न। लोकतन्त्रीकरणको अभ्यासलाई स्वस्थ र मर्यादित बनाउने तथा नेतृत्व चयनको समयको प्रतिस्पर्धालाई एकतामा बदल्ने उपाय एवं क्षमताको विकासमा ध्यान दिनुपर्ने हुन्छ। बहुपदीय संरचनालाई बहुकेन्द्रको रूपमा विकास हुन नदिन परिभाषित कामको जिम्मेवारी प्रदान गर्ने र प्रमुख नेतृत्वको वरिपरि उनीहरूलाई वैचारिक र राजनीतिक रूपले केन्द्रित गर्ने पद्धतिको विकास गर्नुपर्छ।

'पार्टी जीवनको लोकतन्त्रीकरणका मूल पक्षमा असर नपर्ने गरी त्यसमा समयानुकूल सुधार गरी अघि बढ्नुपर्छ। त्यसो गरिरहँदा हामीले अवलम्बन गर्दै आएको सङ्गठनात्मक प्रणालीका अन्तरवस्तु, जनतासँगको घनिष्ठ सम्बन्ध, नीति र नेतृत्व निर्माणमा कार्यकर्ताको सक्रिय भूमिका, नियन्त्रण र सन्तुलनको सिद्धान्तको परिपालना, सामूहिक निर्णय र व्यक्तिगत उत्तरदायित्वको कार्यप्रणालीको प्रयोग तथा पार्टी निर्माणमा पार्टी कार्यकर्ताहरूको सम्प्रभुताजस्ता विषय कमजोर नहून् भन्ने कुरामा विशेष ध्यान दिनुपर्छ।' (विधान महाधिवेशनबाट पारित 'सङ्गठनात्मक प्रस्ताव'बाट)। यसरी, पार्टी जीवनको लोकतन्त्रीकरण गर्नु भनेको आन्दोलन तथा समाजको समेत लोकतन्त्रीकरण गर्दै जानु हो भन्ने कुरा बुझेर अगाडि बढ्नुपर्छ।

❐

# माओवादीका गलत सैद्धान्तिक अवधारणाहरू



युवराज ज्ञवाली
उपाध्यक्ष

**नेपालमा सम्पन्न जनवादी क्रान्तिमा सबैको आ-आफ्नै योगदान भए पनि नेकपा (एमाले)को दृष्टिकोणले विजय हासिल गरेको कुरा दिनको घामझैं स्पष्ट छ। अन्ततः माओवादी पार्टी हतियारको व्यवस्थापन, लडाकुहरूको नेपाली सेनामा समायोजन र शान्तिपूर्ण लोकतान्त्रिक परिवर्तनको धारमा आइपुग्नु नेपाली राजनीति, नेपाली जनता र यो राष्ट्रका लागि एउटा अत्यन्त महत्वपूर्ण सकारात्मक परिघटना हो।**

**माओवादी र यसको शान्तिपूर्ण अवतरण**

नेपालको कम्युनिस्ट आन्दोलनमा, खासगरी तेस्रो महाधिवेशनपछिको फुट र विभाजनपश्चात् मूलतः दुईवटा धार प्रभावशाली रूपमा क्रियाशील रहँदै आए । अरू धेरै कुरामा समान धारणा भए पनि एउटा धारले प्रमुख रूपले शान्तिपूर्ण जनआन्दोलनमाथि जोड दिँदै आयो भने अर्को धारले सशस्त्र सङ्घर्षमा बढी ध्यान केन्द्रित गऱ्यो । दुईवटा मूल प्रवृत्ति रहे पनि यसै प्रवृत्ति अन्तर्गत अन्य स-साना समूह पनि देखा परे । तर, कमरेड पुष्पलालले नेतृत्व गरेको समूहले सशस्त्र सङ्घर्षलाई इन्कार नगरेको भए पनि शान्तिपूर्ण जनआन्दोलनलाई प्राथमिकतामा राखेर आफ्ना क्रियाकलाप अघि बढाउँदै आयो । त्यस्तै मोहनविक्रम सिंहको नेतृत्वमा अघि बढेको समूहले शान्तिपूर्ण सङ्घर्षलाई अस्वीकार गरेको नभए पनि सशस्त्र सङ्घर्षमा बढी जोड दिँदै आयो । विभिन्न समयका अनेक टुटफुट, विभाजन, एकीकरण, गठन, विघटन र पुनर्गठनको क्रमसँगै अघि बढ्ने क्रममा नेकपा (माले), एमाले हुँदै एउटा धारले २०४६ सालको शान्तिपूर्ण जनआन्दोलन हुँदै २०५१ सालमा आइपुग्दा नेपालको कम्युनिस्ट आन्दोलनमा बहुदलीय प्रतिस्पर्धाका आधारमा पहिलोपटक कम्युनिस्ट पार्टीको एकल सरकार निर्माण गर्ने ऐतिहासिक सफलता हासिल गरेसँगै नेपालको सबैभन्दा लोकप्रिय ठूलो पार्टीका रूपमा स्थापित भयो । अर्को धारले नेकपा (चौथो महाधिवेशन), (मशाल), (एकता केन्द्र) हुँदै नेकपा (माओवादी)का रूपमा विकास भएर दसवर्षे सशस्त्र सङ्घर्ष, बृहत् शान्ति सम्झौता हुँदै २०६४ सालको संविधानसभाको निर्वाचनमा सबभन्दा ठूलो दलका रूपमा स्थापित भयो । उक्त निर्वाचनमा माओवादीले यति ठूलो परिणाम हासिल गर्नुका पछाडि अनेक कारण रहे पनि नयाँ शक्तिका रूपमा उदय भएकाले त्यसप्रतिको नेपाली जनताको केही 'आश' र दसवर्षे सशस्त्र युद्धमा जनताले नजिकबाट भोगेको 'त्रास' दुवै कुराले प्रभाव पारेको थियो ।

नेपालको राजनीतिमा सामन्ती निरङ्कुशतावादी शक्तिले समय-समयमा कांग्रेस र कम्युनिस्टबीचको अन्तर्विरोधलाई आफ्नो सत्ताको आयु लम्ब्याउने उद्देश्यले उपयोग गर्दै आए । यसैक्रममा एमालेको बढ्दो लोकप्रियतालाई कमजोर पार्नका लागि आन्तरिक र बाह्य कतिपय शक्तिहरूले माओवादीलाई उपयोग गरे । तर, तत्कालीन राजा ज्ञानेन्द्रको निरङ्कुश स्वेच्छाचारी र प्रतिगामी कदमपछि नेकपा (एमाले), नेपाली कांग्रेस र माओवादीलगायत तमाम राजनीतिक पार्टीमा राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि सम्भव सबै पार्टीहरू एकताबद्ध रूपमा अघि बढ्ने दृष्टिकोणको विकास भयो । त्यसैको परिणामस्वरूप नेपालमा जनवादी क्रान्ति सम्भव भयो । उक्त क्रान्तिमा कांग्रेस, कम्युनिस्ट सबैको महत्त्वपूर्ण योगदान रहे पनि कम्युनिस्टहरूको भूमिका अझ बढी महत्त्वपूर्ण र निर्णायक रहेको यथार्थ दुनियाँका सामु स्पष्ट छ । उक्त क्रान्तिमा शान्तिपूर्ण परिवर्तन पक्षधर शक्ति र सशस्त्र सङ्घर्ष सञ्चालन गरेको माओवादी शक्तिको आ-आफ्नै किसिमको योगदान र भूमिका छ ।

तर, लाखौं जनता संलग्न शान्तिपूर्ण जनआन्दोलन र राष्ट्रव्यापी जनविद्रोह क्रान्तिको निर्णायक तत्त्व रहन गयो । माओवादी पार्टी लामो समयसम्म सशस्त्र युद्धबाट मात्रै राजतन्त्रलाई उल्टाउन सकिन्छ र त्यसपछि स्थापना हुने जनवादी गणतन्त्र एकदलीय व्यवस्थामा आधारित हुन्छ भन्ने मान्यतामा अडिग थियो । त्यस्तै नेपाली कांग्रेस संवैधानिक राजासहितको प्रजातान्त्रिक प्रणालीभन्दा माथि उठ्न सकेको थिएन । तर, नेकपा (एमाले)ले जननेता कमरेड मदन भण्डारीको नेतृत्वमा जनताको बहुदलीय जनवादको नयाँ मान्यताको विकास गरेपछि स्पष्ट रूपमा शान्तिपूर्ण जनआन्दोलन र जनविद्रोहबाट नेपाली राजनीतिमा आमूल परिवर्तन ल्याउन सकिन्छ र त्यसपछि बहुदलीय प्रतिस्पर्धा र लोकतान्त्रिक प्रक्रियाको आधारमा जनवादी र समाजवादी व्यवस्था सञ्चालन गर्नुपर्छ भन्ने दृष्टिकोण अघि बढायो । यसरी विश्लेषण गर्दा नेपालमा सम्पन्न जनवादी क्रान्तिमा सबैको आ-आफ्नै योगदान भए पनि नेकपा (एमाले)को दृष्टिकोणले विजय हासिल गरेको कुरा दिनको घामझैं स्पष्ट छ । अन्ततः माओवादी पार्टी हतियारको व्यवस्थापन, लडाकुहरूको नेपाली सेनामा समायोजन र शान्तिपूर्ण लोकतान्त्रिक परिवर्तनको धारमा आइपुग्नु नेपाली राजनीति, नेपाली जनता र यो राष्ट्रका लागि एउटा अत्यन्त महत्त्वपूर्ण सकारात्मक परिघटना हो ।

त्यस्तै २०७४ सालमा आएर नेकपा (एमाले) र नेकपा (माओवादी)बीचको सहकार्य, निर्वाचनमा वामपन्थीहरूको झन्डै दुईतिहाइ बहुमत, सरकार निर्माण र पार्टी एकीकरण प्रक्रिया नेपालका लागि मात्र होइन, विश्व कम्युनिस्ट आन्दोलनका लागि समेत प्रेरणादायी परिघटना थियो । नेपाल र नेपाली जनताको सुख, शान्ति र समृद्धिका लागि अत्यन्त ठूलो अवसर थियो । तर, अति नै दुःखको कुरा हो, उक्त ऐतिहासिक अवसरलाई महत्त्वपूर्ण परिणाममा पुऱ्याउनुपर्नेमा न पार्टी एकतालाई जोगाउन सकियो, न त कम्युनिस्ट पार्टीको सरकार नै टिकाउने अवस्था बन्यो । विडम्बना ! विभिन्न कारणले एउटै पार्टी तीन समूहमा विभाजित हुन पुग्यो । जनताका सामु आएको ठूलो अवसर यसपालि हाम्रो हातबाट गुम्यो ।

पार्टी एकताको क्रममा माओवादीले माओवादलाई थाँती राख्न तयार भयो, कमरेड मदन भण्डारीका वैचारिक योगदानलाई सारतः स्वीकार गऱ्यो, नेपाली क्रान्तिमा नेकपा (एमाले)को योगदानलाई सम्मान गर्दै नेपालमा पुँजीवादी जनवादी क्रान्ति आधारभूत रूपमा सम्पन्न भएको, हाम्रो मुलुक पुँजीवादी चरणमा प्रवेश गरेको, वैज्ञानिक समाजवाद अबको रणनीतिक लक्ष्य भएको र उक्त लक्ष्य प्राप्तिका लागि जनवादी कार्यक्रमलाई तात्कालिक कार्यनीतिका रूपमा अवलम्बन गर्दै समाजवादको आधार निर्माण गर्नेजस्ता तमाम महत्त्वपूर्ण विषयमा सहमति भयो । समग्रतामा भन्ने हो भने सैद्धान्तिक, वैचारिक रूपमा मूलतः समान धारणाको विकास भयो तर पनि पार्टी सञ्चालन र सरकार सञ्चालनका कतिपय विषयमा रहन गएको अन्तर्विरोधलाई ठीकसँग हल गर्न नसक्दा लाखौं नेपाली जनताले समेत स्वीकार गरेर निर्वाचनमार्फत अनुमोदनसमेत गरेको पार्टी एकतालाई जोगाउन सकिएन । यसमा देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरूले हामीभित्रैका अन्तर्विरोधलाई कुशलतासाथ उपयोग गर्दै केन्द्रीय र प्रदेश सरकारको नेतृत्वबाट नेकपा (एमाले)लाई विस्थापन गर्न सफल भए । यसमा पछिल्लो कालमा आएर माओवादी पार्टीको निर्णायक भूमिका रह्यो ।

**मुलुकको परिस्थिति**

यतिबेला नेपालको राजनीतिमा यो देशको पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने नेपाली कांग्रेसको नेतृत्वमा पाँचदलीय गठबन्धनको सरकार कायम छ । त्यसमा आफूलाई सच्चा कम्युनिस्ट क्रान्तिकारी हौं भन्ने माओवादीलगायतका वामपन्थी पार्टीहरू सामेल भएर नेकपा (एमाले)लाई 'समाप्त पार्ने' अभियानमा केन्द्रित भएका छन् । नेकपा (एमाले) आफैंभित्रको फुट र विभाजनपश्चात् पनि सङ्घीय संसद् र स्थानीय तहमा सबैभन्दा ठूलो दलका रूपमा क्रियाशील छ । र, स्वाभाविक रूपमा जनताको बीचमा सबभन्दा लोकप्रिय पार्टीका रूपमा स्थापित छ । कतिपय विभिन्न कमी-कमजोरीका बाबजुद पनि नेपाली जनताको ठूलो पङ्क्तिले नेकपा (एमाले)माथि नै आशा र भरोसा गरेको छ । अहिलेसम्म केन्द्र र स्थानीय रूपमा नेकपा (एमाले)को नेतृत्वमा बनेका सरकारले देश र जनताको पक्षमा गरेका महत्त्वपूर्ण कामको सही मूल्याङ्कन गरेर नै जनताले एमालेप्रति आशा र विश्वास गरेका हुन् । हालै स्थानीय तहको निर्वाचनको मिति तय भइसकेको र सङ्घीय प्रादेशिक निर्वाचनको समय पनि निकट बन्दै गरेका बेला नेपालको कम्युनिस्ट आन्दोलनलाई समाप्त पार्नका लागि देशी-विदेशी कम्युनिस्टविरोधी शक्तिहरू हरसम्भव तरिकाले यसपटकको निर्वाचनमा एमालेलाई कमजोर पार्ने योजनाका साथ सक्रिय छन् । यसमा माओवादीलगायतका केही दलहरू कम्मर कसेर लागेका छन् । यो अभियानमा नेपाली कांग्रेसलाई साथ दिएर अघि बढेका दलहरूले आफूले जित्न नसके पनि एमालेलाई पराजित गर्न सकेमा त्यसैलाई नै आफ्नो विजय ठान्ने मानसिकताका साथ तयारी गर्दैछन् । यसबेला अरू वामपन्थीले निर्वाचनमा राम्रो परिणाम ल्याउन नसक्ने र एमालेलाई पनि पराजित गर्न सकियो भने नेपालबाट कम्युनिस्ट आन्दोलनलाई सदासर्वदाका लागि बिदाइ गर्न सकिन्छ भन्ने पुँजीवादी शक्तिको आकलन छ ।

वर्तमान पाँचदलीय सरकार बनेदेखि मुलुकको अर्थतन्त्र निरन्तर ओरालो लाग्दै गएको र मुलुक अत्यन्त ठूलो आर्थिक सङ्कटमा फस्दै गएको छ । भ्रष्टाचार निरन्तर बढ्दै गएको छ । सरकारका समग्र क्रियाकलाप अत्यन्त कमजोर साबित हुँदै गएको अवस्था छ । प्रदेशहरूमा पाँचदलीय गठबन्धनका

**नेपाली कांग्रेसलाई साथ दिएर अघि बढेका दलहरूले आफूले जित्न नसके पनि एमालेलाई पराजित गर्न सकेमा त्यसैलाई नै आफ्नो विजय ठान्ने मानसिकताका साथ तयारी गर्दैछन् । यसबेला अरू वामपन्थीले निर्वाचनमा राम्रो परिणाम ल्याउन नसक्ने र एमालेलाई पनि पराजित गर्न सकियो भने नेपालबाट कम्युनिस्ट आन्दोलनलाई सदासर्वदाका लागि बिदाइ गर्न सकिन्छ भन्ने पुँजीवादी शक्तिको आकलन छ ।**

आधारमा बनेका सरकारहरूका समग्र क्रियाकलापले सङ्घीयतालाई बदनाम गराउने काम गरेको छ । प्रादेशिक सरकारको विकास खर्चको तुलनामा नियमित प्रशासनिक खर्च अत्यधिक बढेकाले जनताले प्राप्त गर्ने सेवा-सुविधामा ठूलो कटौती भएको छ । यसरी समग्रतामा सङ्घीय र प्रदेश सरकारहरू निरन्तर असफलतातर्फ धकेलिँदै गएका छन् ।

उपयुक्त समग्र स्थितिलाई औंल्याउँदै प्रतिगामी राजावादी शक्तिहरू नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नै असफल भएको भन्दै प्रतिगमनका लागि मौका कुरेर आफ्ना क्रियाकलाप अघि बढाइरहेका छन् । यद्यपि, उनीहरूको सपना कुनै हालतमा पूरा हुने छैन तर पनि पुनः राजतन्त्र फर्काउने सपना देखेर सोही अनुसार उनीहरूका गतिविधि र क्रियाकलाप अघि बढ्दैछन् ।

नेपालको अर्थतन्त्रमा लामो समयदेखि हाबी हुँदै आएको दलाल तथा नोकरशाही पुँजीपति वर्गले नेपालको राजनीतिलाई समेत आफ्नो अनुकूल बनाउनका लागि वामपन्थी शक्तिहरूबीचको अन्तर्विरोधलाई चर्काउने र अन्ततः उनीहरू सबैलाई कमजोर बनाउने काममा योजनाबद्ध रूपमा आफ्नो भूमिका निर्वाह गरिरहेको छ । नेपालको दलाल तथा नोकरशाही पुँजीपति वर्ग सत्ताको संरक्षणबिना अघि बढ्न सक्तैन । तसर्थ, उसले सत्तामा रहेका कतिपय पार्टी र नेताहरूलाई उपयोग गर्दै आफ्नो स्वार्थ पूरा गर्ने काम निरन्तर जारी राखेको हुन्छ । अहिले नेपाली कांग्रेसको नेतृत्वमा सरकार बनेका कारणले त्यो वर्गले वर्तमान सत्ता गठबन्धनलाई आफ्नो अनुकूल परिचालन गर्नमा कुनै कसर बाँकी राख्ने छैन । यसमा कुन-कुन पार्टी र व्यक्तिहरू उपयोगी हुने हुन्, अध्ययन र खोजीको विषय हो । यो परिस्थितिमा स्वाभाविक रूपमा दलाल पुँजीवाद र वैदेशिक एकाधिकार पुँजीवादले समेत नेकपा (एमाले)लाई कमजोर पार्ने भूमिका खेल्ने निश्चित छ । आगामी निर्वाचनमा नेकपा (एमाले)ले बहुमत ल्याउन सकेन भने नेपालको राजनीति फेरि पनि गम्भीर अस्थिरता र अन्योलको दिशामा धकेलिने र त्यसबाट देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरूले नै फाइदा उठाउने अवस्था आउँछ । त्यसैले आगामी निर्वाचन मुलुकको लोकतान्त्रिक प्रणाली, नेपाली राष्ट्रियता र कम्युनिस्ट आन्दोलनका लागि निकै नै चुनौतीपूर्ण छ ।

**सन् १९४५ मा सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टीको सातौं महाधिवेशनमा माओत्सेतुङले तबसम्म चिनियाँ क्रान्तिको सम्बन्धमा अघि सारेका विचारहरूको विश्लेषण गरेर त्यसलाई माओ विचारधाराका रूपमा प्रस्तुत गर्‍यो, त्यसलाई चिनियाँ क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा अघि बढाइयो । तर, पार्टीले त्यसलाई माओवादका रूपमा निष्कर्ष निकालेको छैन । नेपालका माओवादीहरूले त्यसलाई अतिरञ्जित तरिकाले माओवाद भनेर नामकरण गरे । माओ विचारधारालाई “माओवाद” भन्ने र त्यसलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त मान्ने दुवै कुरा अत्यन्त गलत छन् ।**

**मार्गदर्शक सिद्धान्त**

नेकपा (माओवादी केन्द्र)ले मार्क्सवाद-लेनिनवाद र माओवादलाई आफ्नो मार्गदर्शक सिद्धान्त मानेको छ । उसले माओवादलाई आजको युगको मार्क्सवादका रूपमा पनि विश्लेषण गरेको पाइन्छ । त्यति मात्र होइन, कम्युनिस्ट हुनका लागि माओवादी हुनुपर्ने अत्यन्त गलत मान्यता पनि देखिन्छ ।

विश्वका विभिन्न देशमा समाजवाद र साम्यवाद प्राप्तिको लक्ष्यका लागि श्रमजीवी वर्गको नेतृत्वमा क्रान्तिका केही सामान्य र आम चरित्रहरू छन् । त्यस्तै विभिन्न देशको क्रान्तिका आफ्नै भिन्न विशिष्टखाले सच्चाइहरू छन्, फरक चरित्र र गुणहरू छन् । संसारका कतिपय नेता तथा विद्वान्हरूले आविष्कार गरेका कतिपय विषयहरू विश्वका हरेक देशमा लागू हुने चरित्रका हुन्छन् भने कति अमूक देश, समाज या त्यसबेलाको परिस्थितिमा उपयुक्त भए पनि अरू कुनै देश या भिन्न परिस्थितिमा कार्यान्वयन हुन नसक्ने अवस्था रहन्छ । कैयौं यस्ता वैज्ञानिक आविष्कारहरू भएका छन्, जो विश्वका हरेक देशका लागि स्वीकार्य र अनिवार्य छन् । त्यसैले सबैखाले विचारको स्तर एकैखालको या समानस्तरको नहुन सक्छ । कुनै विचारको प्रभाव बढी व्यापक हुन्छ भने कतिको निश्चित परिस्थितिजन्य सीमित प्रभाव हुन्छ ।

कार्ल मार्क्सले अघि सारेका कतिपय विषयवस्तु मानव समाजमा मात्र होइन, हरेक वस्तुमा समेत लागू भएका छन् । खास गरीकन उनले अघि सारेको द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण हरेक वस्तु र पदार्थमा लागू भइरहेको हुन्छ । त्यसले समाजको मात्र होइन, हरेक वस्तुका चालक नियमहरूको व्याख्या गरेको छ । संसारका विभिन्न देशका समाजवादी क्रान्तिमा मार्क्सका केही आधारभूत मान्यताहरू आज पनि उत्तिकै सान्दर्भिक र आवश्यक छन् । किनकि, ती कुराहरू विज्ञानसङ्गत छन् । ती सामान्य र आमसच्चाइमा आधारित छन् । त्यसैले नेपाली क्रान्तिको सन्दर्भमा मार्क्सवादलाई मार्गदर्शक सिद्धान्त मान्नु स्वाभाविक छ । त्यस्तै लेनिनले भनेका सबै विषयवस्तु होइन, कतिपय विषयवस्तु हाम्रो मुलुकको क्रान्ति, पार्टी निर्माण र समाजवादी चरणमा समेत ध्यान दिनुपर्ने विषयवस्तुहरू छन् । त्यसैले लेनिनवादलाई समेत नेपालका प्रायः सबै कम्युनिस्ट पार्टीहरूले मार्गदर्शक सिद्धान्त स्वीकार गरेका छन् । मार्क्स र लेनिनका ती आधारभूत मान्यताहरूबारे सविस्तार यहाँ चर्चा गर्न खोजेको छैन । अलग्गै विस्तृत रूपमा उल्लेख गर्नुपर्ने आवश्यकता छ । यहाँ केवल माओत्सेतुङका विचार र त्यसको उपादेयताका बारेमा सङ्क्षिप्त रूपमा केही चर्चा गर्न खोजिएको छ ।

माओत्सेतुङका विचारहरू, मार्क्सवाद-लेनिनवादमै आधारित चिनियाँ विशेषतामा आधारित, स्वयं चिनियाँ कम्युनिस्ट पार्टीको विश्लेषण अनुसार पनि चिनियाँ क्रान्तिको विशिष्टताका उपज हुन् ।

सन् १९४५ मा सम्पन्न चिनियाँ कम्युनिस्ट पार्टीको सातौं महाधिवेशनमा माओत्सेतुङले

तबसम्म चिनियाँ क्रान्तिको सम्बन्धमा अघि सारेका विचारहरूको विश्लेषण गरेर त्यसलाई माओ विचारधाराका रूपमा प्रस्तुत गऱ्यो, त्यसलाई चिनियाँ क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा अघि बढाइयो । तर, पार्टीले त्यसलाई माओवादका रूपमा निष्कर्ष निकालेको छैन । नेपालका माओवादीहरूले त्यसलाई अतिरञ्जित तरिकाले माओवाद भनेर नामकरण गरे । माओ विचारधारालाई 'माओवाद' भन्ने र त्यसलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त मान्ने दुवै कुरा अत्यन्त गलत छन् । चिनियाँ क्रान्तिको सन्दर्भमा माओत्सेतुङको नेतृत्व र उनका विचारको सफल कार्यान्वयन, विश्व कम्युनिस्ट आन्दोलनमै अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक योगदान थियो । त्यसका लागि माओका योगदान र चिनियाँ क्रान्तिको यथोचित सम्मान गर्नु स्वाभाविक हो । त्यसबाट नेपाली क्रान्तिका लागि ठूलो प्रेरणा र हौसला प्राप्त भएको र चिनियाँ क्रान्तिको अनुभवलाई नेपालमा महत्त्वपूर्ण सन्दर्भ सामग्रीका रूपमा लिन सकिन्छ । तर, चिनियाँ क्रान्ति र नेपाली क्रान्तिका विशेषताबीच महत्त्वपूर्ण भिन्नता भएका कारणले माओ विचारलाई मार्गदर्शनकै रूपमा ग्रहण गर्न खोज्नु चिनियाँ क्रान्तिको अन्ध नक्कल गर्ने विषय हो । कुनै पनि देशको क्रान्ति आयात-निर्यात अनि फोटोकपी उतार्ने जस्तो विषय होइन । यदि त्यसो गर्न खोज्ने हो भने त्यो मार्क्सवादसङ्गत र स्वयं माओकै दृष्टिकोणविपरीत कुरा हो । माओत्सेतुङ आफैंले पनि चीनमा जसरी क्रान्ति सम्पन्न भयो, अन्य देशमा यासभन्दा भिन्न तरिका अपनाउनुपर्ने हुन्छ भन्ने मान्यता प्रस्ट रूपमा व्यक्त गरेका थिए ।

चिनियाँ कम्युनिस्ट पार्टी, लामो समयदेखि आफ्नो देशको प्रतिक्रियावादी शक्तिसँगै बाह्य शक्तिको हस्तक्षेपविरुद्ध राष्ट्रियताको लागि लडेको पार्टी हो । चिनियाँ कम्युनिस्ट पार्टीले जापानी हस्तक्षेपका विरुद्ध लामो समयसम्म राष्ट्रिय युद्धको नेतृत्व गरेको थियो । हाम्रो देश नेपाल कहिल्यै पनि अन्य देशको उपनिवेश रहेन । कम्युनिस्ट पार्टी गठन भएदेखि बाह्य शक्तिको प्रत्यक्ष हस्तक्षेपविरुद्ध सशस्त्र युद्ध गर्नुपर्ने आवश्यकता परेन । त्यस्तै चिनियाँ क्रान्ति मूलतः कम्युनिस्ट पार्टीको एकल नेतृत्वमा सम्पन्न भयो । त्यसबेला वैधानिक र कानुनी सङ्घर्ष गर्ने कुनै संसद् या यस्तो वैधानिक फोरम नभएकाले अवैधानिक र हतियारबन्द सङ्घर्षको विकल्प रहेन । स्वयं माओत्सेतुङले आफ्ना रचनाहरूमा यो विषय स्पष्ट रूपमा उल्लेख गरेका छन् । तर, नेपालमा राणा शासन र पञ्चायती शासनको कालमा बाहेक वैधानिक र शान्तिपूर्ण सङ्घर्ष गर्ने परिस्थिति रहँदै आयो । नेकपाले २०१५ सालको संसदीय निर्वाचनमा प्रत्यक्ष भाग लियो । २०४६ सालदेखि निरन्तर संसदीय, कानुनी र वैधानिक सङ्घर्ष गर्ने बाटो खुला थियो । त्यसैले समय-समयमा सशस्त्र सङ्घर्ष हुने गरेको भए पनि शान्तिपूर्ण संयुक्त जनआन्दोलन बढी उपलब्धिमूलक रहँदै आयो । त्यसले कम्युनिस्ट पार्टीलाई लोकप्रिय बनायो । चीनमा सशस्त्र छापामार दीर्घकालीन जनयुद्धको माध्यमबाट पहिले ग्रामीण क्षेत्रहरू कब्जा गर्ने र गाउँले सहरहरू घेर्दै अन्तमा केन्द्रीय सत्ता कब्जा गर्ने नीतिअनुसार नयाँ जनवादी क्रान्ति सम्पन्न भयो । चिनियाँ क्रान्तिमा कम्युनिस्ट पार्टीको एकल नेतृत्व रह्यो भने नेपालमा कम्युनिस्ट र कांग्रेसलगायतका लोकतान्त्रिक पार्टीहरूको संयुक्त नेतृत्वमा क्रान्ति सम्पन्न भयो । चिनियाँ क्रान्तिमा क्रान्तिकारी शक्तिले पुरानो सत्तालाई निषेध गरेर नयाँ जनवादी सत्ता कायम गऱ्यो भने नेपालमा राज्यसत्ताको पुरानो स्वरूपलाई कायमै राखेर सत्ताको नेतृत्वमा रहेको राजतन्त्रलाई अन्त्य गऱ्यो र वामलोकतान्त्रिक शक्तिहरूले सरकार सञ्चालन गर्दै आए । चिनियाँ क्रान्तिमा पनि लामो समयदेखि शान्तिपूर्ण आन्दोलन भए तर सशस्त्र सङ्घर्ष नै वर्गसङ्घर्षको मुख्य स्वरूप बन्दै आयो । तर, नेपालमा बेलामौकामा सशस्त्र सङ्घर्षहरू हुने गरेको भए पनि शान्तिपूर्ण जनआन्दोलन र जनविद्रोह नै क्रान्तिको निर्णायक सङ्घर्षको तरिका रहन गयो । चीनमा कम्युनिस्ट पार्टीले सरकार मात्र बनाएको नभएर एकलौटी सत्ता कब्जा गरेकाले क्रान्तिपछिको आर्थिक-सामाजिक रूपान्तरणको काम सापेक्ष रूपमा छिटो सम्पन्न हुँदै गयो । तर, नेपालमा क्रान्तिपछि पनि आर्थिक-सामाजिक रूपान्तरणको काम क्रमिक परिवर्तनको लामो प्रक्रियाद्वारा मात्र सम्भव छ । नेपालमा चीनको भन्दा पृथक् किसिमले बहुदलीय प्रतिस्पर्धाका आधारमा अघि बढ्नुपर्ने भएकाले आवधिक निर्वाचनहरूमा कम्युनिस्ट पार्टीले बहुमत ल्याउन सक्यो भने त्यसले समाजवादको आधार तयार गर्न सक्छ भने पुँजीवादी पार्टीले बहुमत ल्यायो भने उसले पुँजीवादलाई नै सुदृढ गर्नेछ । त्यसैले नेपालमा समाजवादमा संक्रमणका लागि निकै लामो समयसम्म शान्तिपूर्ण, वैधानिक सङ्घर्ष एवं लोकतान्त्रिक प्रणालीका आधारमा अघि बढ्नुपर्ने आवश्यकता छ । स्वयं माओवादी केन्द्र पनि लोकतान्त्रिक प्रक्रियाका आधारमा बेलामौकामा सरकारको नेतृत्वमा पुगेको छ । चीनले जुन तरिकाले समाजादी कार्यक्रम लागू गऱ्यो, नेपालको विशेष परिस्थितिमा त्यसभन्दा भिन्न तरिकाहरू अपनाउनुपर्ने आवश्यकता छ ।

**नेपालमा समाजवादमा संक्रमणका लागि निकै लामो समयसम्म शान्तिपूर्ण, वैधानिक सङ्घर्ष एवं लोकतान्त्रिक प्रणालीका आधारमा अघि बढ्नुपर्ने आवश्यकता छ। स्वयं माओवादी केन्द्र पनि लोकतान्त्रिक प्रक्रियाका आधारमा बेलामौकामा सरकारको नेतृत्वमा पुगेको छ। चीनले जुन तरिकाले समाजादी कार्यक्रम लागू गऱ्यो, नेपालको विशेष परिस्थितिमा त्यसभन्दा भिन्न तरिकाहरू अपनाउनुपर्ने आवश्यकता छ।**

अर्को कुरा चीनमै पनि जनवादी क्रान्तिको सफलताको केही वर्षपछि पार्टी सञ्चालन र समाजवादको निर्माणजस्ता विषयमा माओत्सेतुङकै नेतृत्वकालमा गम्भीर सङ्कटहरू आइपरे । र, जीवनको पछिल्लो कालमा माओका विचारहरू असफल साबित हुन पुगे । सन् १९५६ मा चिनियाँ कम्युनिस्ट पार्टीको आठौं महाधिवेशन सम्पन्न भयो ।

**सिद्धान्तका रूपमा जतिसुकै मार्क्सवाद-लेनिनवाद अनि समाजवाद र साम्यवादका कुरा गरे पनि तात्कालिक कार्यनीतिक विषयमा पुँजीवाद अर्थात् नेपालको सन्दर्भमा दलाल तथा नोकरशाही पुँजीवादलाई नै बलियो बनाउने हो भने त्यसले मार्क्सवादको झन्डा उठाएर स्वयं मार्क्सवादको विरोध गरेको प्रमाणित हुन्छ।**

उक्त महाधिवेशनमा विभिन्न सवालमा गम्भीर बहस भयो। खास गरीकन समाजवादको निर्माण एवं त्यसबेलाको चिनियाँ समाजको मूल अन्तर्विरोधको विषयमा माओले चीन समाजवादी चरणमा प्रवेश गरेको भए पनि चीनमा वर्गसङ्घर्ष नै समाजवादी समाजको विकासको मूल कडी रहेको तर्क प्रस्तुत गरेका थिए। तर, ल्यु साओची र तङ् स्याओ पिङलगायतका कतिपय नेताले 'जनताको बढ्दो भौतिक आवश्यकता र पछाडि परेको आर्थिक एवं सांस्कृतिक सम्बन्धबीचको अन्तर्विरोध प्रधान रहेको' कुरामा जोड दिएका थिए। अन्ततः महाधिवेशनले यस विषयमा माओत्सेतुङले सोचेभन्दा भिन्न कुरा पारित गऱ्यो। अध्यक्षमा माओत्सेतुङ नै निर्वाचित भए पनि वैचारिक मतभेद पनि लामो समय कायमै रह्यो। पार्टीको आन्तरिक अन्तर्विरोध हल गर्ने क्रममा माओलाई पार्टीभित्रै पुँजीपति वर्गका एजेन्टहरूको प्रवेश भएको आशङ्का बढ्न थाल्यो। त्यसपछि माओको भन्दा फरक विचार राख्नेहरूलाई शत्रुका रूपमा व्यवहार गर्न थालियो र उनीहरूमाथि पार्टीबाट निष्कासन, जेल सजायका साथै हजारौं नेता-कार्यकर्तालाई मृत्युदण्ड दिनेसम्मको काम हुन पुग्यो। निकै नै कष्टपूर्ण अन्तरपार्टी सङ्घर्षपश्चात् सन् १९७८ देखि तङ् स्याओ पिङको नेतृत्वमा चीनले नयाँ उचाइमा सफलता प्राप्त गर्न थाल्यो। आज चीन कम्युनिस्ट पार्टीको नेतृत्वमा संसारको सबभन्दा शक्तिशाली र सम्पन्न राष्ट्रको रूपमा उदाएको छ। देशबाट गरिबीको पूर्ण रूपमा अन्त्य गरेको छ। यसमा जनवादी क्रान्तिको कालमा माओको नेतृत्व र समाजवादी निर्माणको कालमा तेङ् स्याओ पिङदेखि हाल सी चीन पिङसम्मका नेताहरूको महत्त्वपूर्ण भूमिका रहेको छ।

यसरी चिनियाँ क्रान्ति र चीनको समाजवाद निर्माणको प्रक्रिया अनि नेपालको अवस्था धेरै सवालमा भिन्न रहेकाले यहाँ माओवाद या माओ विचारधारालाई मार्गदर्शक सिद्धान्त मान्नु गलत हुन्छ। त्यसले पार्टी र जनतामा सदासर्वदा अन्योल र भ्रम पैदा गर्नेछ। अहिले पनि माओवादी पार्टीभित्र विभिन्न सवालमा गम्भीर वैचारिक र व्यावहारिक अन्योल कायम छ। यदि माओवादलाई यसैगरी मार्गदर्शक सिद्धान्त मान्दै जाने हो भने समाजवादको आधार निर्माण गर्ने विभिन्न उपचरण र समाजवादी चरणमा समेत अनेक साना-ठूला विषयमा गम्भीर अन्योल र भ्रम सिर्जना हुने र त्यो पार्टी निरन्तर कमजोर बन्दै जानेछ।

**कांग्रेसको नेतृत्वमा नेकपा (एमाले)माथि गलत निशाना**

नेकपा (माओवादी)ले आफ्नो पार्टीको आठौं राष्ट्रिय महाधिवेशनबाट हाम्रो मुलुक पुँजीवादी चरणमा प्रवेश गरेको, नेपाली कांग्रेसले मूलतः नेपालको पुँजीपति वर्गको प्रतिनिधित्व गरेको, आफ्नो रणनीतिक लक्ष्य वैज्ञानिक समाजवाद नै भएको र दलाल तथा नोकरशाही पुँजीवादको नियन्त्रणलाई समाप्त पार्दै नेपालमा समाजवादको आधार तयार पार्ने कुरा उल्लेख गरेको छ। मुलुकमा वैज्ञानिक समाजवादको प्राप्तिका लागि कस्तो विचार अपनाएको राजनीतिक पार्टी र वर्गको नेतृत्व कायम रहन्छ, यो रणनीतिक महत्त्वको सबैभन्दा महत्त्वपूर्ण विषय हो। नेकपा (एमाले)सँग माओवादी पार्टीका कतिपय विषयमा असहमतिहरू हुन सक्छन्। स्वयं माओवादी पार्टीभित्रै पनि विभिन्न विषयमा अन्तर्विरोधहरू छन् र अन्य पार्टीमा पनि असहमतिका विषयहरू हुन्छन् तर केही कुरामा मतभेद भयो भन्दैमा त्यसलाई शत्रुताको रूपमा विश्लेषण गर्ने र वैज्ञानिक समाजवादको प्रमुख विरोधी शक्तिलाई नेता मानेर कम्युनिस्ट पार्टीमाथि प्रहार केन्द्रित गर्नु माओवादी पार्टीमा रहेको गम्भीर वैचारिक विचलन हो। यसले समाजवादी आन्दोलनलाई झनै कमजोर पार्ने बाहेक कुनै सकारात्मक परिणाम हासिल हुने छैन। सिद्धान्तका रूपमा जतिसुकै मार्क्सवाद-लेनिनवाद अनि समाजवाद र साम्यवादका कुरा गरे पनि तात्कालिक कार्यनीतिक विषयमा पुँजीवाद अर्थात् नेपालको सन्दर्भमा दलाल तथा नोकरशाही पुँजीवादलाई नै बलियो बनाउने हो भने त्यसले मार्क्सवादको झन्डा उठाएर स्वयं मार्क्सवादको विरोध गरेको प्रमाणित हुन्छ।

शान्ति प्रक्रियाको पछिल्लो कालमा माओवादीले नेकपा (एमाले)लगायतका तमाम वामपन्थी पार्टीहरूसँग सहकार्यको नीति अघि बढायो र त्यसले मुलुकमा ठूलो राजनीतिक परिवर्तन ल्यायो तर सशस्त्र सङ्घर्षको लामो कालखण्डभरि माओवादीलाई देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरूले एमालेलाई कमजोर पार्नका लागि उपयोग गरेका विभिन्न उदाहरणहरू छन्। नेपालमा मात्र होइन, विश्वको कम्युनिस्ट आन्दोलनमा एउटा बलियो र जनाधारित कम्युनिस्ट पार्टीलाई समाप्त गर्नका लागि अनेकखाले दमन र भ्रमपूर्ण प्रचारात्मक कामबाट सम्भव नभएपछि ऊसँग अन्तर्विरोध राख्ने अर्को वामपन्थी पार्टीलाई उपयोग गरेका उदाहरण धेरै छन्। कतिपय देशमा पुँजीवादी शक्तिहरूले ठूलो रकम खर्च गरेर चर्का क्रान्तिकारी नारा लगाउने अर्को कम्युनिस्ट पार्टी खोल्न सघाएका धेरै घटना छन्। हाम्रो देशमा पनि त्यस्तै प्रक्रिया दोहोरिएको त होइन ? नेपाली समाजमा गम्भीर प्रश्न उठेको छ।

केही समयअगाडि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा संसद् विघटनको घटना भयो र पार्टीभित्र त्यसले अन्तर्विरोध सिर्जना गऱ्यो। तर, जुनसुकै कारणले भए पनि संसद्को पुनर्स्थापना भइसकेपछि वस्तुतः पहिलेको अन्तर्विरोधको समाधान पनि भइसक्यो। यदि विगतका विभिन्न घटनाक्रमका आधारमा सदासर्वदा त्यसै विषयलाई आधार मानेर पार्टीहरूसँगका अन्तर्विरोधको निराकरण खोज्ने हो भने कुनै पनि पार्टीबीच कहिल्यै पनि सहकार्यको सम्भावना रहँदैन। त्यस्तै तरिकाले सोच्ने गरेको भए नेपाली कांग्रेस, एमाले र

माओवादीबीच कहिल्यै पनि सहकार्य हुने थिएन र नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पनि हुने थिएन ।

नेपालको कम्युनिस्ट आन्दोलनमा नेपाली समाजका विभिन्नखाले अन्तर्विरोधमध्ये मूल अन्तर्विरोधको सही किसिमको पहिचान र निर्क्योल हुन नसक्दा राजतन्त्र र नेपाली कांग्रेसलाई हेर्ने दृष्टिकोणकै कारणले लामो समय कम्युनिस्ट आन्दोलनमा विभाजन र आपसी टक्करको अवस्था उत्पन्न भयो । कमरेड पुष्पलालले निरङ्कुश राजतन्त्रसँगको अन्तर्विरोधलाई प्रधान अन्तर्विरोधका रूपमा किटान गर्दै त्यसका विरुद्ध नेपाली कांग्रेसलाई समेत संलग्न गरेर संयुक्त जनआन्दोलन चलाउनुपर्छ भन्ने मान्यता अघि सारेको कारणले मोहनविक्रम सिंहले 'गद्दार पुष्पलाल' नामको किताब प्रकाशित गरेर पुष्पलाललाई कांग्रेसको पुच्छर भन्दै आलोचना गरे । अर्थात् यस्तै किसिमका तमाम विषयलाई आधार मान्दै लामो समय कम्युनिस्टहरू आपसमा लड्दै रहे, राजाले फाइदा उठाउँदै गरे । माओवादीमा समय-समयमा मूल विषयलाई गौण बनाउने र गौण विषयलाई प्रमुख बनाएर समस्याको समाधान खोज्ने प्रवृत्ति पहिलेका मोहनविक्रमदेखिको प्रवृत्ति हो । नेपाली राजनीतिमा यतिबेला माओवादीमार्फत त्यो कुरा प्रकट भइरहेको छ । यसले नेपालको कम्युनिस्ट आन्दोलनलाई गम्भीर क्षति पुऱ्याउने बाहेक कुनै राम्रो परिणाम दिने छैन ।

र्स माओवादी पार्टीले हालै सम्पन्न आफ्नो आठौं महाधिवेशनमा 'आज एकातिर बुर्जुवा वर्गले यसलाई बुर्जुवा क्रान्तिकै सीमाभित्र कैद गर्न चाहन्छ भने कम्युनिस्ट पार्टी र श्रमजीवी जनता भने यसलाई समाजवादोन्मुख अर्थराजनीति हुँदै समाजवादी क्रान्तिको बाटोमा अगाडि बढाउन चाहन्छ' भन्ने कुरा उल्लेख गरेको छ । (आठौं महाधिवेशनमा प्रस्तुत प्रतिवेदन, पृष्ठ ३३)

जनवादी क्रान्तिपछिको नेपाली राजनीतिमा यदि नेपाली समाजलाई बुर्जुवा वर्गकै स्वार्थ अनुरूप त्यसकै सीमाभित्र सीमित गर्ने हो भने पुँजीवादी पार्टीको नेतृत्व स्वीकार गर्नु उचित होला ? यदि यो समाजलाई समाजवादको दिशामा अघि बढाउने हो भने कम्युनिस्ट पार्टीको नेतृत्व अनिवार्य आवश्यकता हो । नेपाली समाजमा अबको वर्गसङ्घर्ष, लोकतान्त्रिक प्रक्रियाबाट कुनचाहिँ वर्ग सत्ताको नेतृत्वमा पुग्छ भन्ने विषयमा केन्द्रित छ । श्रमजीवी वर्गको पार्टी राज्यसत्ताको नेतृत्वमा नपुगेसम्म त्यसले नेपालका श्रमजीवी वर्गको पक्षमा नीति कार्यक्रम ल्याउने र त्यसलाई कार्यान्वयन गर्ने परिस्थिति तयार हुँदैन । तर, माओवादीहरूको यतिबेलाको नीतिले सकेसम्म नेपाली कांग्रेसलाई नै बहुमतमा पुऱ्याउने, नभए ठूलो पार्टीको हैसियतले आगामी दिनमा कांग्रेसकै नेतृत्वमा सरकार बनाउने र आफूहरू त्यसमा सामेल भएर सघाउ पुऱ्याउने विषयमा केन्द्रित छ । यसले नेपाली समाजलाई बुर्जुवा क्रान्तिकै सीमाभित्र कैद गर्नेछ । समाजवाद केवल पार्टी दस्तावेजमा सीमित हुनेछ ।

विभिन्न कम्युनिस्ट पार्टीबीच र हरेक पार्टीभित्र विभिन्न सवालमा अन्तर्विरोध हुन्छ । यो सार्वभौम कुरा हो । तर, केही कुरामा भिन्न मत भएका कारणले एउटै पार्टीमा रहन नसक्ने रोग संसारका कम्युनिस्टहरूमा सबभन्दा बढी मात्रामा पाइन्छ । नेपालमा यतिबेला शान्ति प्रक्रियामा आउँदाको समयको माओवादी पार्टी आधा दर्जन समूहमा विभाजित भएको छ । सबैले माओवादी विचार मान्दामान्दै पनि विभाजित भइहाल्नुपर्ने कारण के हो ? यो समस्या अन्य कुनै पार्टीमा भन्दा माओवादीमा बढी देखिन्छ । यसमा उनीहरूभित्र रहेको सङ्कीर्णता र अधिभूतवादी दृष्टिकोण प्रमुख कारण हो । खासगरी मूल अन्तर्विरोध र गौण अन्तर्विरोधलाई छुट्याउन नसक्ने र गौणलाई प्रमुख र प्रमुखलाई गौण बनाउने गैरमार्क्सवादी चिन्तन प्रवृत्तिले यस्तो समस्या देखापर्ने गरेको छ ।

आधारभूत सैद्धान्तिक सवालमा समान धारणा भएका तमाम व्यक्तिहरू एउटै पार्टीमा सङ्गठित भएर काम गर्न सक्छन् र उनीहरूले अन्तरपार्टी जनवादको आधारमा तमाम विषयको निष्कर्ष निकाल्दै लामो समयसम्म एकै ठाउँ रहेर आन्दोलनलाई अगाडि बढाउन सक्छन् । तर, माओवादीमा अन्तरपार्टी जनवादको सही सञ्चालनको सम्बन्धमा गम्भीर समस्या देखिन्छ, जसले गर्दा या त सबै कुरामा एउटै मत हुनुपऱ्यो, होइन भने पार्टी विभाजित गरेर अर्को पार्टी बनाउने या अर्को पार्टीमा हाम फाल्ने प्रवृत्ति बढेर जाने भयो । माओवादीभित्र रहेको अधिभूतवादी दृष्टिकोणले एमालेलाई समाप्त पार्न नेपाली कांग्रेसलाई साथ दिने प्रवृत्ति बढेको हो ।

यतिबेला वैज्ञानिक समाजवाद पक्षधर शक्तिलाई बलियो पार्नका लागि समाजभित्रका तमाम अन्तर्विरोधलाई उपयोग गर्नु सही मार्क्सवादी विचार हो तर समाजवादको हितका लागि होइन, तत्काल आफ्नो दलको क्षणिक फाइदाका लागि समाजवादी आन्दोलनलाई नै कमाजेर पार्नु घोर उपयोगितावादी दृष्टिकोणबाहेक केही होइन । माओवादीहरूले एमालेलाई कमजोर पार्न नेपाली कांग्रेसलाई प्रयोग गर्नु भनेको स्वयं कांग्रेसकै मतियार भएर समग्र कम्युनिस्ट आन्दोलनलाई कमजोर पार्ने तरिका हो । यसले मुलुकलाई समाजवादको यात्रामा ठूलो क्षति पुऱ्याउनेछ । कम्युनिस्ट पार्टीहरूको बीचको विभिन्न विचारधारात्मक भिन्नताका कारणले आपसी प्रतिस्पर्धाद्वारा श्रेष्ठता हासिल गर्नु स्वाभाविक प्रक्रिया हुन सक्छ तर एउटा कम्युनिस्ट पार्टीले अर्को कम्युनिस्ट पार्टीलाई समाप्त गर्नका लागि घनघोर कम्युनिस्टविरोधी शक्तिसँग मोर्चाबन्दी गर्नु भनेको पुँजीवादी या प्रतिक्रियावादी शक्तिको हतियार बन्नुबाहेक केही होइन ।

**कम्युनिस्ट पार्टीहरूको बीचको विभिन्न विचारधारात्मक भिन्नताका कारणले आपसी प्रतिस्पर्धाद्वारा श्रेष्ठता हासिल गर्नु स्वाभाविक प्रक्रिया हुन सक्छ तर एउटा कम्युनिस्ट पार्टीले अर्को कम्युनिस्ट पार्टीलाई समाप्त गर्नका लागि घनघोर कम्युनिस्टविरोधी शक्तिसँग मोर्चाबन्दी गर्नु भनेको पुँजीवादी या प्रतिक्रियावादी शक्तिको हतियार बन्नुबाहेक केही होइन।**

**समाज परिवर्तनका लागि यदि लोकतान्त्रिक परिपाटीलाई स्वीकार गर्ने हो भने अन्तरपार्टी जनवादको सुनिश्चितता अनिवार्य विषय हो। अर्थात् जनवादमा आधारित केन्द्रीयताको नियमलाई ठीकसँग सञ्चालन गर्न नसक्ने हो भने निरन्तर फुट, विभाजन र पलायनको प्रवृति बढेर जानेछ। त्यस्तो पार्टीले मुलुकको नेतृत्व गर्नु सम्भव हुँदैन।**

वर्तमान नेपाली समाजमा दलाल तथा नोकरशाही पुँजीवादसँग आमनेपाली जनताको अन्तर्विरोध मूल अन्तर्विरोधका रूपमा देखा परेको छ। वर्गीय रूपमा यो शत्रुतापूर्ण अन्तर्विरोध हो। तर, दलाल तथा नोकरशाही पुँजीवाद कुनै व्यक्ति विशेष र पार्टी विशेषको सवाल नभएर एक किसिमको प्रवृत्ति हो। यो प्रवृत्ति कमीबेसी मात्रामा धेरै ठाउँमा देखिन सक्छ। यो भ्रष्टाचारजन्य प्रवृत्तिसँग पनि मिल्दोजुल्दो छ। त्यसैले दलाल पुँजीवादी चरित्र र भ्रष्टाचारलाई शत्रुका रूपमा उल्लेख गरे पनि नेपालको अहिलेको विशिष्टतामा कुनै अमुक पार्टीलाई शत्रुका रूपमा किटान गर्न सकिँदैन। तर, माओवादी पार्टीले यतिबेला अन्य सबै पार्टीलाई एमालेको विरुद्ध प्रयोग गर्दै अस्ति भर्खर एकताबद्ध भएर काम गरेको पार्टीलाई शत्रुका रूपमा व्यवहार गर्नु मार्क्सवादी दृष्टिकोणभन्दा पृथक् कुरा हो।

**पार्टी सञ्चालनसम्बन्धी केन्द्रीकृत दृष्टिकोण**

लोकतान्त्रिक प्रणालीका आधारमा अघि बढ्ने पार्टी 'सैनिक पार्टी' नभएर त्यो राजनीतिक पार्टी हुन्छ। माओवादीको दसवर्षे सशस्त्र सङ्घर्षको कालमा पार्टीका सम्पूर्ण गतिविधि र क्रियाकलाप युद्धको सेवाका लागि तयार पारियो। पार्टी प्रमुख नै सेना प्रमुख हुने र पार्टीका महत्त्वपूर्ण नेताहरू नै आ-आफ्नो कार्यक्षेत्रका सैन्य संरचनाका कमान्डर हुने परिपाटीले त्यो पार्टी समग्रतामा 'सैनिक पार्टी'का रूपमा अघि बढ्दै आयो। पार्टीको विभिन्न तहको नेतृत्वदायी स्थानमा नेतृत्वले नै मनोनीत गर्ने परिपाटीले त्यो पार्टी बढी केन्द्रीकृत ढाँचामा गयो। चलनचल्तीको भाषामा जनवादी केन्द्रीयताको कुरा उल्लेख गरे पनि केन्द्रीयता नै हावी भयो। पछि शान्ति प्रक्रिया र लोकतान्त्रिक प्रक्रियामा सामेल भएपछि पनि विगतको पार्टी सञ्चालनको अभ्यासमा तात्त्विक भिन्नता देखिएन। क्रमशः पार्टीभित्रको असन्तुष्टिले विग्रहको रूप लिने र त्यो अराजकतावादी प्रवृत्तिको रूपमा विकसित हुने अवस्था उत्पन्न भयो भने अर्कोतिर केन्द्रीकृत ढाँचाले निरङ्कुशतावादी प्रवृत्ति कायमै रह्यो। यसरी जनवाद र केन्द्रीयताबीच सन्तुलन कायम गर्न नसक्दा थोरै पनि फरक विचार राख्नेहरू एकपछि अर्को गर्दै पार्टीबाट अलग हुँदै जाने अवस्था उत्पन्न भयो।

बीचको समयमा चार-पाँच हजारको सङ्ख्याको केन्द्रीय कमिटी र पाँच-सात सय सङ्ख्याको जिल्ला कमिटी बनाउने र आमनिर्वाचनमा मतदान गर्नेजति सबैलाई पार्टी सदस्यता दिने अवस्था सिर्जना भयो। यसरी दस्तावेजमा त्यो मार्क्सवादी-लेनिनवादी पार्टी भनिए पनि व्यवहारमा पुँजीवादी पार्टीभन्दा भद्दा र खुकुलो वातावरण तयार हुँदै गयो। अहिले आएर पार्टीभित्रको त्यो समस्यालाई एक हदसम्म हल गर्न खोजेको भए पनि केन्द्रीकृत मान्यता कायमै छ। अहिले पनि पार्टी सदस्यता दिने परिपाटी अत्यन्त खुकुलो छ, त्यसले पार्टीलाई निरन्तर बुर्जुवाकरणतर्फ लग्नेछ।

नेकपा (एमाले)को पाँचौं महाधिवेशनले पार्टीलाई 'जनाधारित कार्यकर्ता पार्टी'का रूपमा अघि बढाउने निर्णय गऱ्यो। सोही आधारमा सदस्यता प्रदान गर्ने र साङ्गठनिक ढाँचाहरू निर्माण गर्ने काम हुँदै आयो। माओवादीले पनि पछिल्लो कालमा आएर त्यस्तैखाले प्रयत्न गरे पनि केन्द्रीकृत मान्यताबाट पछि हटेको छैन।

समाज परिवर्तनका लागि यदि लोकतान्त्रिक परिपाटीलाई स्वीकार गर्ने हो भने अन्तरपार्टी जनवादको सुनिश्चितता अनिवार्य विषय हो। अर्थात् जनवादमा आधारित केन्द्रीयताको नियमलाई ठीकसँग सञ्चालन गर्न नसक्ने हो भने निरन्तर फुट, विभाजन र पलायनको प्रवृत्ति बढेर जानेछ। त्यस्तो पार्टीले मुलुकको नेतृत्व गर्नु सम्भव हुँदैन। माओवादी पार्टीमा पछिल्लो कालमा तलदेखि माथिसम्मका अधिवेशनहरूमा आन्तरिक प्रतिस्पर्धाको प्रणालीलाई पूरै रोक्ने जुन प्रयास भयो, त्यसले आन्तरिक जनवाद कति कमजोर रहेछ भन्ने पुष्टि हुन्छ। पार्टीमा सकेसम्म सर्वसम्मतिको प्रयास गर्ने र आवश्यक परे प्रतिस्पर्धाबाट टुङ्गो लगाउने परिपाटी सही हो तर त्यस्तो देखिएन।

**सिद्धान्त र व्यवहारबीचको अन्तरविरोध**

नेकपा (माओवादी-केन्द्र)को आठौं महाधिवेशनको प्रतिवेदनमा 'कुरा क्रान्तिको व्यवहार प्रतिक्रान्तिको गर्ने भयानक विरोधाभाषको सिकार बन्दै जान थालेको कम्युनिस्ट आन्दोलनलाई सिद्धान्त र व्यवहारबीचको एकरूपताको आन्दोलनको रूपमा कहाँबाट र कसरी रूपान्तरण गर्ने ?' कुरा उल्लेख गर्दै स्वयं आफ्नो पार्टीको सन्दर्भमा 'जनताले आज हाम्रो पार्टी र अन्य पार्टीहरूमा खासै भिन्नता देखिरहेको छैन। कमिसन, भ्रष्टाचार, यौन अनैतिकता, व्यक्तिवाद र पैसाप्रतिको आशक्ति बढ्दो छ' (पृष्ठ ३५ र ४०) भनिएको छ। कतिपय पार्टीहरूले आफ्ना कमी-कमजोरीलाई सकभर लुकाउने प्रयास गर्छन् तर माओवादी केन्द्रले दस्तावेजमा खुलेर आफ्ना कमजोरी उल्लेख गर्नु एकहदसम्म सकारात्मक पक्ष भए पनि यो पार्टीभित्र सिद्धान्त र व्यवहारबीच कति धेरै बेमेल छ भन्ने कुरा आफैंले समेत स्वीकार गरेको मात्र नभएर देश र दुनियाँले स्पष्ट रूपमा देखेको विषय हो।

एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीमा सिद्धान्त एकातिर अनि व्यवहार त्यसको विपरीत प्रकट हुँदै गयो भने अन्ततः बाँकी रहेको त्यो क्रान्तिकारी आवरण ढिलोचाँडो च्यातिन पुग्छ र त्यो पार्टी पतनको खाडलमा भासिन्छ। त्यसैले माओत्सेतुङले सिद्धान्त धेरै महत्त्वपूर्ण विषय भए पनि व्यवहार त्यसभन्दा अझ महत्त्वको विषय हो भन्दै व्यवहारबाटै नयाँ-नयाँ सिद्धान्तको विकास हुने कुरा उल्लेख गरेका छन्। चिनियाँ कम्युनिस्ट पार्टीले अहिलेसम्मको हाम्रो सफलता सिद्धान्त र

व्यवहारबीच निरन्तर तालमेल गर्दै अघि बढेको इतिहास हो भन्दै जबजब हामी व्यवहारमा सिद्धान्तबाट विचलित भयौं, हामीले ठूलठूला धक्का र असफलता भोग्नुपर्‍यो भने कमजोरी सच्याउँदै सिद्धान्त र व्यवहारबीच एकरूपता कायम गर्दै अघि बढ्दा ठूलो सफलता प्राप्त गर्‍यौं भन्ने कुरा अनेकौं दस्तावेजहरूमा उल्लेख गरेका छन्।

क्रान्तिकारी आन्दोलनअघि बढाइरहेको अवस्थामा कहिले नीति र सिद्धान्त सही भए पनि व्यवहार बेठीक हुन सक्छ भन्ने कतिपय कुरामा व्यवहार ठिकै देखिए पनि सिद्धान्त बेठीक अपनाइरहेको हुन सक्छ। व्यवहार र सिद्धान्तबीचको अन्तर्विरोधको प्रक्रियामा एउटा पक्षले अर्को पक्षलाई समयसापेक्ष सच्याइरहनु आवश्यक पर्छ। त्यस्तै व्यवहारको क्रममा नै नयाँ-नयाँ सिद्धान्तको विकास पनि हुँदै जान्छ। सिद्धान्त यदि बेठीक रहेछ भने पनि त्यसलाई कालान्तरमा व्यवहारले सच्याउँछ, सच्याउनुपर्छ। यतिबेला माओवादीहरू बहुदलीय प्रतिस्पर्धाको लोकतान्त्रिक प्रणालीका आधारमा अघि बढ्दै छन् तर उनीहरू दीर्घकालीन जनयुद्ध, छापामार सङ्घर्ष, गाउँले सहरलाई घेर्दै अन्तिम विजय हासिल गर्ने चिनियाँ क्रान्तिको विशेषतामा आधारित माओत्सेतुङका विचारलाई त्यसभन्दा भिन्न परिस्थिति भएको नेपाली विशेषतामा पनि मार्गदर्शक सिद्धान्त मानिरहेका छन्। त्यस्तै पुँजीपति वर्गको पार्टीसँग संयुक्त मोर्चा कायम गरेर अर्को कम्युनिस्ट पार्टी नेकपा (एमाले)लाई निषेध गर्ने अत्यन्त गलत बाटोमा अग्रसरत छन्। सिद्धान्त र व्यवहारबीचको यसभन्दा ठूलो गल्ती अरू के हुन सक्छ ?

विगत दसवर्षे सशस्त्र सङ्घर्षकालमा क्रान्ति र परिवर्तनका लागि हजारौं कार्यकर्ताले सहादत प्राप्त गरे, हजारौं घाइते र अपाङ्ग भए। उनीहरूले क्रान्ति र परिवर्तनका लागि आफ्नो सम्पत्ति, परिवार र निजी स्वार्थलाई चटक्कै छाडे तर शान्ति प्रक्रिया र लोकतान्त्रिक प्रक्रियामा आएपछि पार्टीका तमाम नेता र कार्यकर्तामा आत्मकेन्द्रित व्यक्तिवाद चरमोत्कर्षमा पुगेको देखिन्छ। यद्यपि, यो समस्या कमी-बेसी मात्रामा प्रायः पार्टीमा नरहेको होइन। पुँजीवादी पार्टीमा यो कुरा अति सामान्य ठानिन्छ तर समाजवाद र साम्यवादको लक्ष्य प्राप्तिको बाटोमा अघि बढेका पार्टीमा व्यक्तिवादी स्वार्थी प्रवृत्ति अत्यन्त घातक मानिन्छ। यो प्रवृत्ति माओवादी पार्टीभित्र अन्यमा भन्दा बढी गम्भीर र खतरनाक छ। वर्तमान पाँचदलीय गठबन्धनको सरकार निर्माणको बेला माओवादी पार्टीका अध्यक्ष प्रचण्डद्वारा हाम्रा सबै सांसदलाई मन्त्री पद नभइभा'को छैन भन्दै आफूभित्रको सङ्कट प्रकट भएको थियो। यस्तो अवस्था के-कति कारणले उत्पन्न भयो ? यसमा पनि सिद्धान्त र व्यवहारबीच उचित तालमेल मिलाउन नसक्दा समस्या बढ्दै गएको देखिन्छ। माओत्सेतुङले 'जनताको सेवा गर्नुबाहेक हाम्रो अर्को कुनै लक्ष्य र उद्देश्य छैन' भन्ने कुरा बारम्बार जोड दिएका थिए। जनताको सेवा र जनताप्रति समर्पणको विषय के जनवादी क्रान्तिको कालभरिका लागि मात्र हो र ? यो त समाजवाद र साम्यवादको प्राप्तिसम्म कायम राख्नुपर्ने कम्युनिस्टहरूको आदर्श हो।

पार्टीको आन्तरिक जीवनदेखि अधिकांश नेता र कार्यकर्ताको आर्थिक अपारदर्शिता माओवादीमा रहेको अर्को कम्युनिस्ट सिद्धान्तभन्दा विपरीत प्रकृतिको आचरण र प्रवृत्ति हो। यो पनि माओवादी पार्टीले आफैं पनि स्वीकार गरेको विषय हो। यो प्रवृत्ति क्रमशः बढ्दो अवस्थामा छ कि पार्टीको नियन्त्रणभित्र छ ? व्यक्ति-व्यक्तिको वास्तविक स्थितिको जानकारी राख्ने हो भने यो नियन्त्रणभन्दा बाहिर गइसकेको छ। पार्टीलाई संस्थागत रूपमा व्यवस्थित गर्न सकिएला तर व्यक्ति-व्यक्तिलाई सच्याउन नसक्ने हो भने पार्टी कसरी कम्युनिस्ट सिद्धान्तमा टिकिरहन सक्छ ?

गणतान्त्रिक व्यवस्थामा आइसकेपछि मात्र होइन, विगत दसवर्षे युद्धका कालमा पार्टीभित्रका कैयौं व्यक्तिले देशका विभिन्न व्यापारी, उद्योगपति, पेसा-व्यवसायका जनता र सरकारी बैंकहरू छापा मारेर प्राप्त गरेको ठूलो रकम आफ्नो निजी सम्पत्तिका रूपमा प्रयोग गरेको आलोचना जनताको पङ्क्तिबाट बारम्बार आउने गरेको छ। यसलाई पार्टीले कसरी सच्याउँछ ? गम्भीर प्रश्न उठ्दै आएको छ। त्यसबेला कतिपय मानिसले माओवादीको शक्तिलाई उपयोग गरेर आफ्नो स्वार्थ पूरा गरेका छन्। यसबारेमा पार्टीभित्र समीक्षा हुन्छ कि हुँदैन ?

माओवादी पार्टीले आफूलाई सबभन्दा राष्ट्रवादी शक्तिका रूपमा प्रचार गर्दै आएको भए पनि वर्तमान सरकारभन्दा पहिले नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएका बेला भारतले अतिक्रमण गरेको लिम्पियाधुरासम्मको भूभागसहितको नक्सा जारी गरिएको थियो र कालापानीबाट भारतीय सेना फिर्ता गर्ने विषयमा निरन्तर प्रयत्न भएको थियो। तर, अहिले स्वयंमा माओवादी महत्त्वपूर्ण हिस्सेदार भएको सरकारले आफ्नो कामको मूल्याङ्कनबारेमा सचित्र सार्वजनिक गर्ने विवरणमा लिम्पियाधुरासम्मको भूभाग कटाएर पुरानै नक्सा जारी गर्नु राष्ट्रवादको खिल्ली उडाउनु होइन र ? त्यसबारेमा कहींकतै बोलेको या लेखेको भेटिँदैन किन ? गम्भीर प्रश्न उठेको छ। त्यस्तै, माओवादीले लामो समयदेखि एमसीसी कम्प्याक्टलाई यथास्थितिमा संसद्बाट पारित गर्नुहुँदैन भन्ने आवाज उठाउँदै, अन्त्यमा आफ्ना कार्यकर्तालाई उक्त कम्प्याक्टको विरोधमा सडकमा उतार्‍यो। तर, सरकारमा आफ्नो हिस्सेदारी गुम्ने सम्भावना देखेपछि 'बाह्रबुँदे व्याख्यात्मक घोषणा' भन्दै उक्त परियोजनालाई

**माओवादीले लामो समयदेखि एमसीसी कम्प्याक्टलाई यथास्थितिमा संसद्बाट पारित गर्नुहुँदैन भन्ने आवाज उठाउँदै, अन्त्यमा आफ्ना कार्यकर्तालाई उक्त कम्प्याक्टको विरोधमा सडकमा उतार्‍यो। तर, सरकारमा आफ्नो हिस्सेदारी गुम्ने सम्भावना देखेपछि "बाह्रबुँदे व्याख्यात्मक घोषणा" भन्दै उक्त परियोजनालाई स्वीकार गर्न पुग्यो। यसले माओवादीमा रहेको घोर अवसरवाद, सत्तालिप्सा र नक्कली राष्ट्रवादको चेहरा प्रस्ट हुन्छ।**

**नेपाली समाजमा राजनीतिक रूपमा ऐतिहासिक गुणात्मक परिवर्तन र सामन्तवादको अन्त्यसँगै आधारभूत रूपमा जनवादी क्रान्ति सम्पन्न भएको छ। यद्यपि, सामन्तवादका अवशेषहरू अहिले समाजका अनेक क्षेत्रमा कायम भए पनि नेपाली समाज पुँजीवादको प्रारम्भिक चरणबाट अघि बढ्दैछ। नेपाली पुँजीवादमा दलाल तथा नोकरशाही पुँजीवाद नै प्रभुत्वशाली अवस्थामा छ।**

स्वीकार गर्न पुग्यो । यसले माओवादीमा रहेको घोर अवसरवाद, सत्तालिप्सा र नक्कली राष्ट्रवादको चेहरा प्रस्ट हुन्छ । सिद्धान्त र व्यवहारबीच तालमेल नमिल्ने यस्ता कैयौं विषयवस्तु छन्, जसका आधारमा आमनेपाली जनमानसमा माओवादीप्रति धेरै प्रश्न उठेका छन् ।

**समाजवादको आधार निर्माण सम्बन्धमा गम्भीर अन्योल**

नेकपा (माओवादी केन्द्र)ले महाधिवेशनबाट वैज्ञानिक समाजवादको लक्ष्य प्राप्तिको विषयलाई आफ्नो रणनीतिक लक्ष्यका रूपमा स्वीकार गरेको छ । उसले नेपाली समाजको वर्तमान वस्तुगत परिस्थितिमा समाजवादलाई तात्कालिक कार्यक्रम बनाउन नसकिने निष्कर्ष पनि निकालेको छ । यतिबेला समाजवादको आधार तयार गर्ने निर्णय पनि छ । तर, समाजवादको आधार तयार गर्ने कसरी ? त्यससम्बन्धी ठोस नीति र कार्यक्रमका बारेमा गम्भीर अन्योल देखिन्छ ।

समाजवादको रणनीतिक लक्ष्य भनेको दीर्घकालीन विषय हो । तर, त्यो लक्ष्यमा पुग्नका लागि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत तमाम विषयमा स्पष्ट हुनु र त्यसलाई व्यवहारमा कार्यान्वयन गर्नु अनिवार्य हुन्छ । उक्त रणनीतिक लक्ष्यको मातहत विभिन्न कार्यनीतिक विषयवस्तु प्रस्तुत गर्नुपर्ने हुन्छ । मार्क्सवादी राजनीतिक विज्ञानमा रणनीति र कार्यनीति एकापसमा अन्तर्सम्बन्धित विषय हुन् । वैज्ञानिक समाजवादबिनाको कार्यनीति अन्ततः बुर्जुवा सुधारवादमा सीमितको लक्ष्य प्राप्ति हुन्छ भने सोही अनुसारको कार्यनीतिबिनाको रणनीति पार्टीका दस्तावेजमा मात्र सीमित हुन्छ । त्यस्तो पार्टी गम्भीर दिशाहीनताको अन्धकारमा भड्किन्छ ।

विश्वको कुनै पनि देशमा राजनीतिक, आर्थिक, सामाजिक सांस्कृतिक क्रान्ति एकैचोटि सम्पन्न हुन सक्तैन । प्रायशः राजनीतिक क्रान्ति सम्पन्न भएपछि त्यसैको अगुवाइमा आर्थिक, सामाजिक र सांस्कृतिक क्रान्ति सम्पन्न हुने हो । राजनीतिक क्रान्तिको तुलना आर्थिक क्रान्तिले केही लामो समय लिन्छ भने सामाजिक र सांस्कृतिक क्षेत्रको क्रान्ति आर्थिक क्रान्तिभन्दा अझ ढिलो हुने गर्छ । नेपाली समाजमा पनि यो नियम लागू हुन्छ ।

नेपाली समाजमा राजनीतिक रूपमा ऐतिहासिक गुणात्मक परिवर्तन र सामन्तवादको अन्त्यसँगै आधारभूत रूपमा जनवादी क्रान्ति सम्पन्न भएको छ । यद्यपि, सामन्तवादका अवशेषहरू अहिले समाजका अनेक क्षेत्रमा कायम भए पनि नेपाली समाज पुँजीवादको प्रारम्भिक चरणबाट अघि बढ्दैछ । नेपाली पुँजीवादमा दलाल तथा नोकरशाही पुँजीवाद नै प्रभुत्वशाली अवस्थामा छ । यस्तो अवस्थामा विभिन्न क्षेत्रको ठोस कार्यक्रमबिना दलाल पुँजीवादको नियन्त्रणबाट देशलाई मुक्त गर्न सकिँदैन ।

हाम्रोजस्तो कृषिप्रधान मुलुकमा भूमिसम्बन्धी समस्या गम्भीर छ । त्यस्तै कृषिप्रधान मुलुकले बर्सेनि अर्बौंको खाद्यान्न आयात गरेर जीवन धान्नुपर्ने अवस्था सिर्जना भएको छ । आफूलाई क्रान्तिकारी समाजवादी पार्टीको रूपमा प्रस्तुत गर्ने पार्टीले यस सम्बन्धमा ठोस कार्यक्रम तय गरी त्यसलाई कार्यान्वयन गर्नका लागि आफ्नो क्षमता र परिस्थितिले भ्याएसम्मको अधिकतम् प्रयास गर्नुपर्ने हुन्छ । माओवादीको यस सम्बन्धमा कुनै ठोस धारणा देखिँदैन ।

नेपालमा उद्योगधन्दा र व्यापारको विकासमा दलाल पुँजीवाद सबभन्दा ठूलो अवरोध बनेको छ । यो समस्या हल गर्नका लागि हाम्रो उद्योग र वाणिज्यसम्बन्धी नीति के हुने ? नेपालका उद्योगधन्दालाई कसरी अघि बढाउन सकिन्छ ? यी विषयसँगै समग्र आर्थिक नीति कस्तो हुने ? मुलुकमा व्यापारघाटा निरन्तर बढ्दो अवस्था छ, मुलुक निरन्तर परनिर्भरताको खाडलमा फस्दैछ । कांग्रेसले नेतृत्व गरेको र माओवादीसमेत सरकारमा रहेको अवस्थामा देशमा गम्भीर आर्थिक सङ्कट देखा पर्दैछ । आर्थिक असमानता झनै बढ्दो अवस्थामा, बेरोजगारीको अवस्था भयावह छ । गरिबी निवारणको विषय पनि अत्यन्त सुस्त गतिमा छ । देशको प्रतिव्यक्ति आय बढाएर मात्र हुँदैन, गरिबी र बेरोजगारीको अन्त्यसँगै बढ्दो असमानतालाई क्रमशः घटाउँदै लग्ने अनि मुलुकको अर्थतन्त्रलाई स्वतन्त्र र आत्मनिर्भर बनाउने बारेमा निरन्तर असफलता मात्र देखिन्छ । अहिलेसम्मको अनुभवबाट शिक्षा लिएर समग्रमा त्यसको ठोस समाधानको नीतिबिना जस्तोसुकै क्रान्तिकारी कुरा गरे पनि त्यसको सार्थकता हुँदैन ।

उपर्युक्त विषयवस्तुसँगै वैज्ञानिक कृषि नीति, शिक्षा र स्वास्थ्यसम्बन्धी ठोस नीति, पुरानो प्रशासन संयन्त्रलाई समयसापेक्ष परिवर्तन गरेर जनताले छिटोछरितो र सुलभ तरिकाले सेवा प्राप्त गर्ने परिस्थिति कसरी निर्माण गर्ने ? हाम्रोजस्तो भूराजनीतिक परिस्थितिमा बाह्य मुलुकसँगको सन्तुलित सम्बन्ध कायम गर्न कस्ता नीति र तरिकाहरू अवलम्बन गर्ने ? नेपाली समाजमा अहिले पनि तमामखाले सामाजिक विभेद र कुरीतिहरू कायम छन् । त्यसको उन्मूलनका लागि के कस्ता नीति र तरिकाहरू अपनाउने ? सांस्कृतिक क्षेत्रको क्रान्तिकारी परिवर्तनका लागि कसरी अघि बढ्ने ? उपर्युक्त तमाम विषयको सम्बन्धमा कार्यक्रमिक रूपले नै अघि बढ्नु अनिवार्य हुन्छ । त्यस किसिमको कार्यक्रम समाजवादी कार्यक्रम नभएर कुन किसिमको कार्यक्रम हो ? नेकपा (एमाले)ले त्यसलाई जनताको बहुदलीय जनवादको तात्कालिक कार्यक्रमका रूपमा उल्लेख गरेको छ । नेकपा (माओवादी)को यस्तै किसिमको तात्कालिक कार्यक्रम के हो ? भयङ्कर अन्योल छ । ❐

# महिला आन्दोलनको सबलीकरण

नेपालमा महिलाहरू आफ्नो हकअधिकारसँगै देशभक्तिपूर्ण आन्दोलनदेखि लोकतन्त्र, गणतन्त्र प्राप्त गर्ने, जनतामाथिको अन्याय, अत्याचार, उत्पीडन, शोषण र असमानताविरुद्ध भएका सबै आन्दोलनमा बलिदानी भावनाका साथ सङ्घर्षको मैदानमा निरन्तर अगाडि बढेका छन् । महिलाहरूले ती सबै आन्दोलनमा घर-परिवार, बालबच्चा, जेलनेल र यातनाको कुनै पर्वाह नगरी निर्वाह गरेको भूमिकाले आज देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । जनताको संविधानले समाजवादको लक्ष्य लिएको छ । यो आन्दोलनको महत्त्वपूर्ण राजनीतिक उपलब्धि हो । नेपालमा १ सय ४ वर्षको जहानियाँ राणाहरूको निरङ्कुश शासनका विरुद्ध योगमाया न्यौपानेले समाजमा सत्यधर्मको शिक्षा स्थापनाका लागि गर्नुभएको त्यागपूर्ण इतिहास जीवितै छ । योगमायाले विद्रोहस्वरूप आफ्ना ६८ जना अनुयायीका साथ वर्षायामको उर्लंदो अरुण नदीमा जल समाधि लिएको नेपालको इतिहास साक्षी छ ।



**अष्टलक्ष्मी शाक्य**
उपाध्यक्ष

२००४ सालमा नेपालको प्रजातान्त्रिक तथा महिला आन्दोलनका अग्रज नेतृहरू सहाना प्रधान, साधना प्रधान, मङ्गलादेवी सिंह, स्नेहलता श्रेष्ठ, कनकलता बज्राचार्यलगायत राणा शासकका अगाडि महिलाहरूले पनि पढ्न र मतदान गर्न पाउनु पर्ने माग राख्नु कम साहसिक कुरा थिएन । आज त्यही कारण हामीले पढ्न, लेख्न र निर्वाचनमा मतदान गर्न पाएका छौं ।

महिलाहरूको समग्र विकास, समान सहभागिता, समान धारणा विकास गर्न र समाजमा महिला र पुरुषको भूमिका समान ढङ्गले स्थापित गर्न नेपाल कम्युनिस्ट पार्टीको स्थापनाकालदेखि संस्थागत रूपबाट प्रयास भएको देखिन्छ । नेपाल कम्युनिस्ट पार्टीको पहिलो घोषणापत्र (१५ सेप्टेम्बर १९४९)मा महिला सम्बन्धमा निम्न कुरा उल्लेख गरिएको छ :

- बराबरी कामका निम्ति बराबरी ज्याला ।
- सम्पूर्ण राष्ट्रिय जीवनमा बराबरी अधिकार ।
- सुत्केरीका निम्ति विशेष सुविधा र बालबच्चाको सुरक्षा ।
- नि:शुल्क शिक्षा ।
- विदेशी साम्राज्यवादी देशहरूको फौजमा रहेका हाम्रा खसमहरू र छोराहरू फिर्ता देऊ ।
- नेपाल स्वतन्त्र, नेपालमा जनताको प्रजातन्त्र ।

त्यसभन्दा अगाडि, कम्युनिस्ट पार्टी स्थापनासँगै २००६ वैशाख १० गते प्रकाशित पहिलो पर्चामा महिला मुक्तिको सन्दर्भमा लेखिएको छ : नारीहरू आफ्नो दोहोरो दासत्वको विरोधमा लाग्नुपर्छ । त्यसकारण नारीहरू नागरिक स्वतन्त्रता चाहन्छन् ।

यसरी नेपाल कम्युनिस्ट पार्टीले प्रारम्भदेखि नै महिलाको स्वतन्त्रता, अधिकार र समानताका लागि स्पष्ट मान्यता र दृष्टिकोण राख्दै आएको छ । नेकपाको स्थापना गर्दा कमरेड पुष्पलालले महिला सदस्यको आवश्यकता महसुस गर्नुभएरै मोतीदेवी श्रेष्ठलाई संस्थापक सदस्यमा राख्नुभएको थियो । त्यही बेला कमरेड पुष्पलालले मोतीदेवीको

२००४ सालमा नेपालको प्रजातान्त्रिक तथा महिला आन्दोलनका अग्रज नेतृहरू सहाना प्रधान, साधना प्रधान, मङ्गलादेवी सिंह, स्नेहलता श्रेष्ठ, कनकलता बज्राचार्यलगायत राणा शासकका अगाडि महिलाहरूले पनि पढ्न र मतदान गर्न पाउनु पर्ने माग राख्नु कम साहसिक कुरा थिएन। आज त्यही कारण हामीले पढ्न, लेख्न र निर्वाचनमा मतदान गर्न पाएका छौं।

**२०१० सालमा भएको नगरपालिकाको पहिलो निर्वाचनमा कमरेड साधना प्रधान कम्युनिस्ट पार्टीको प्रतिनिधिका रूपमा निर्वाचनमा उम्मेदवार बन्नुभयो र १०२७ मतले विजय हुनुभयो । उहाँ नेपालको पहिलो महिला जनप्रतिनिधि बन्नुभयो।**

साहस र आँटलाई सम्मान गर्दै दुर्गादेवी नाम राखिदिनुभएको थियो । मोतीदेवी सङ्घर्षशील र निःस्वार्थी महिला नेता हुनुहुन्थ्यो ।

पार्टीका यिनै मान्यताका आधारमा महिलालाई सहभागिता गराउने, छुट्टै महिला सङ्गठनमार्फत महिलाका मुद्दाहरू उठाउनुपर्ने, महिलालाई गोलबन्द गराउनु पर्ने सोच विकास भएको देखिन्छ । २००८ सालमा अखिल नेपाल महिला सङ्घको स्थापना कम्युनिस्ट पार्टीको यही सोचको उपज थियो ।

२०१० सालमा भएको नगरपालिकाको पहिलो निर्वाचनमा कमरेड साधना प्रधान कम्युनिस्ट पार्टीको प्रतिनिधिका रूपमा निर्वाचनमा उम्मेदवार बन्नुभयो र १०२७ मतले विजय हुनुभयो । उहाँ नेपालको पहिलो महिला जनप्रतिनिधि बन्नुभयो ।

महिलाहरू राजनीतिक रूपबाट सचेत र सक्रिय हुँदै जाँदा विभिन्न आन्दोलनमा उनीहरूको सक्रिय सहभागिता पनि बढ्दै गयो । २०१३/१४ सालमा भएको भद्र अवज्ञा आन्दोलनमा महिलाहरू अग्रपङ्क्तिमा उभिएका थिए । २०१७ सालमा जनताको राजनीतिक हकअधिकार खोसियो । देशमा निरङ्कुश पञ्चायती व्यवस्था सुरु भयो । राजनीतिक पार्टीहरू प्रतिबन्धित भए । भूमिगत अवस्थाबाट पार्टीले राजनीतिक गतिविधि सुरु गऱ्यो । २०३२ सालमा को-अर्डिनेसन केन्द्र (कोके) र २०३५ सालमा नेकपा (माले)को स्थापनापछि सङ्गठित रूपबाट जनतालाई गोलबन्द गर्न र पार्टी कामलाई अगाडि बढाउन उत्साह थपियो । जनतालाई पञ्चायती व्यवस्थाविरुद्ध सचेत, सङ्गठित र आन्दोलित गर्ने काम अगाडि बढ्यो । यस अभियानमा दर्जनौं महिला आफ्नो घरपरिवार, बालबच्चा, शिक्षा त्यागेर भूमिगत रूपबाट राजनीतिक काममा सक्रिय हुन थाले । गौरा प्रसाईं, सीता खड्का, सुशीला श्रेष्ठ, शान्ता मानवी, अष्टलक्ष्मी शाक्य, शोभा कुँवर, पूर्णशोभा चित्रकार, सुलोचना मानन्धर आदि महिलाहरू भूमिगत कार्यकर्ताका रूपमा सक्रिय हुन थाले । यही क्रममा २०३६ सालमा नेकपा (माले)ले जनसङ्गठन निर्माण, परिचालन, पञ्चायती व्यवस्थाविरुद्ध सबै तह र तप्काका जनता गोलबन्द गर्नुपर्ने धारणा अगाडि साऱ्यो ।

२०३७ वैशाख ४ र ५ गते पार्टीले महिलाहरूको प्रथम भेला आयोजना गरेको थियो । शान्ता मानवी, जया घिमिरे, राधा ज्ञवाली, सुशीला श्रेष्ठ, शोभा मैनाली, सीता खड्का, अष्टलक्ष्मी शाक्य, बालकुमारी थापा, गोमा तिमल्सिना, बबिता, रविलक्ष्मी चित्रकारलगायतका महिला कमरेडहरू भेलामा सहभागी हुनुहुन्थ्यो । पार्टीका तर्फबाट झलनाथ खनाल, माधवकुमार नेपाल, जीवराज आश्रित, मोदनाथ प्रश्रित, अमृत बोहरा, मुकुन्द न्यौपाने हुनुहुन्थ्यो । भेलाबाट सर्वसम्मत रूपमा महिला सङ्घ पुनर्गठन गर्ने प्रस्ताव पारित भयो ।

२०३७ फागुन १६ र १७ गते पोखरामा भूमिगत रूपबाट अर्को भेला आयोजना भएको थियो । त्यसमा पार्टीका तर्फवाट माधव नेपाल सहभागी हुनुभएको थियो । भेलाबाट शान्ता मानवीको अध्यक्षतामा सात सदस्यीय अखिल नेपाल महिला सङ्घ केन्द्रीय तयारी समिति बन्यो, जसमा उपाध्यक्ष र कोषाध्यक्षमा स्वस्ति बज्राचार्य, सचिवमा राधा ज्ञवाली र सदस्यहरूमा सन्जिता गिरी, जया घिमिरे, शोभा मैनाली र कमला राई रहनु भएको थियो । यसरी २०३७ सालको प्रथम भेलाले अनेमसङ्घ पुनर्गठन गर्न सहयोग पुऱ्याएको थियो । साथै, महिला आन्दोलनका सन्दर्भमा निम्न मुद्दाहरू अगाडि सारेको थियो :

- महिलाहरूको समस्यालाई लिएर सङ्घर्ष गर्ने ।
- जनताको सङ्घर्षको समर्थन गर्ने ।
- जनवादी हकअधिकार तथा देशको सार्वभौमिकता र स्वतन्त्रताको पक्षपोषण गर्ने ।
- महिलाहरूमा प्रगतिशील, जनवादी, वैज्ञानिक तथा देशभक्तिपूर्ण राष्ट्रिय संस्कृतिको प्रचार गर्ने ।

२०४६ सालको जनआन्दोलनमा बलिदानी भावनाका साथ महिलाहरू पनि आन्दोलनको अग्रपङ्क्तिमा उत्रिए । त्यसमा अनेमसङ्घको सक्रिय नेतृत्व रहेको थियो । जनआन्दोलन सफल भयो । देशमा निरङ्कुश पञ्चायती व्यवस्था अन्त्य भई प्रजातन्त्रको पुनःस्थापना भयो । संविधान बनाउन संविधान सुधार सुझाव आयोग बन्यो । संविधानमा महिलाको विषय समावेश गर्न अखिल नेपाल महिला सङ्घले कार्यशाला आयोजना गरी सुझाव सङ्कलन गऱ्यो । कार्यशालाबाट आएका महत्त्वपूर्ण निम्न सुझावलाई आयोगमा पेस गरेको थियो ।

- पैतृक सम्पत्तिमा छोराछोरीको समान अधिकार ।
- माध्यमिक तहसम्म सबैका लागि अनिवार्य र महिलाका लागि निःशुल्क शिक्षाको व्यवस्था ।
- नेपाली महिलाहरूले विदेशी पुरुषसँग विवाह गरेमा नागरिकताको सवालमा पुरुषसरह नै व्यवस्थाको ग्यारेन्टी ।
- संसद्को माथिल्लो सभामा ५० प्रतिशत महिला सहभागिता ।
- संवैधानिक अङ्गहरूमा महिला प्रतिनिधित्वको व्यवस्था ।
- महिलाको सामाजिक सुरक्षा र संरक्षणको ग्यारेन्टी ।
- आर्थिक स्वावलम्बनको विशेष व्यवस्था ।
- महिला हिंसाविरुद्ध पारिवारिक अदालत गठन गर्ने संवैधानिक व्यवस्था ।

२०४६ सालको जनआन्दोलनको सफलतापछि नेकपा (माले)ले खुला ढङ्गले काम गर्न थाल्यो । त्यही क्रममा २०४७ सालमा नेकपा (माले) र नेकपा (मार्क्सवादी)बीच पार्टी एकीकरण भई नेकपा (एमाले) बन्यो । पार्टी एकीकरणपछि बनेको केन्द्रीय कमिटीमा सहाना प्रधान पोलिटब्युरो सदस्य हुनुभयो । देशमा लोकतन्त्रको स्थापना र पार्टी एकीकरण भइसकेपछि नेकपा (एमाले)ले नयाँ सोच र कार्यक्रमका साथ अगाडि बढाउन जनताको बहुदलीय जनवाद कार्यक्रमलाई अगाडि बढायो ।

२०४९ सालमा काठमाडौंमा भएको पाँचौं महाधिवेशनले जनताको बहुदलीय जनवादसम्बन्धी नीति पारित गऱ्यो । यसमा महिला अधिकारलाई सुनिश्चित गर्न निम्न बुँदाहरू समावेश गरेको छ :

- महिलाहरूमाथि भइरहेका सबै प्रकारका शोषण, उत्पीडन, अपहरण, बेचबिखन, देहव्यापार तथा सामाजिक कुप्रथाको अन्त्य गरिनेछ ।
- पैतृक सम्पत्तिमा छोरा र छोरीको समान हक स्थापित गरिनेछ । महिला र पुरुषबीचको समान ज्यालालाई प्रभावकारी ढङ्गले लागू गरिनेछ ।
- राष्ट्रिय र सामाजिक जीवनको सबै क्षेत्रमा महिला र पुरुषबीच पूर्ण समानताको ग्यारेण्टी गरिनेछ ।
- महिलामा रहेको अज्ञानता र पछौटेपन हटाउन विशेष कार्यक्रम चलाइनेछ । सामाजिक सुरक्षाको ग्यारेन्टी गर्ने र आपराधिक तत्त्वहरूमाथि कडा सजायको व्यवस्था गरिनेछ । राजनीतिक, आर्थिक, सामाजिक जीवनका हरेक क्षेत्रमा महिलाको सक्रिय सहभागितालाई बढाउँदै लगिनेछ ।

पार्टीको राष्ट्रिय परिषद्को बैठक पार्टी संरचनाभित्र रहेको महत्त्वपूर्ण बैठक हो । राष्ट्रिय परिषद्को विभिन्न बैठकहरूमा महिलासम्बन्धी विषयहरूमा छलफल हुनुका साथै महत्त्वपूर्ण निर्णयहरू भएका छन् । राष्ट्रिय परिषद्को प्रथम बैठक २०५१ सालमा पाल्पामा सम्पन्न भयो । महिलासम्बन्धी विषयमा छलफल भए पनि खास केही निर्णय हुन सकेन । दोस्रो बैठक २०५२ सालमा जनकपुरमा सम्पन्न भयो । यस बैठकबाट पार्टी सङ्गठनको प्रत्येक एकाइमा कम्तीमा एक जना महिला प्रतिनिधित्व अनिवार्य गर्नुपर्छ भन्ने निर्णयसमेत गरिएको थियो । २०५४ सालमा संयुक्त सरकार बनेको थियो । नेकपा (एमाले)का तर्फबाट स्थानीय विकासमन्त्री अमृत बोहरा हुनुहुन्थ्यो । त्यही बेला स्थानीय निकायको निर्वाचनको तयारी भइरहेको थियो । पार्टीले एउटा महत्त्वपूर्ण निर्णय गऱ्यो । स्थानीय तह जिल्ला विकास समिति, नगर, गाउँ र वडाहरूमा एक/एक जना महिला अनिवार्य व्यवस्था गर्नुपर्ने प्रावधान २०५४ सालको स्थानीय स्वायत शासन ऐनमै व्यवस्था गरियो । प्रतिनिधिसभामा लामो छलफलपछि यो पारित भएको थियो । यो व्यवस्थाले महिलाहरू धेरै उत्साहित भए । करिब ३६ हजार महिला विभिन्न राजनीतिक पार्टीबाट जनप्रतिनिधिको रूपमा स्थापित भए । यसले पार्टीमा महिला नेतृत्व निर्माणमा ठूलो मद्दत पुगेको थियो । तेस्रो बैठक २०५६ सालमा पोखरामा सम्पन्न भयो । बैठकले पार्टी संरचनाभित्र हरेक कमिटी/निकायमा १५ प्रतिशत महिला सहभागिता गराउने निर्णय गऱ्यो ।

**राष्ट्रिय महाधिवेशन र त्यसले पारित गरेका महिलासम्बन्धी प्रस्तावहरू**

२०४९ सालमा भएको पाँचौं राष्ट्रिय महाधिवेशनले जबज कार्यक्रम पारित गरेपछि त्यसलाई विभिन्न बेलामा भएका राष्ट्रिय महाधिवेशनहरूले जबजमा महिलासम्बन्धी कार्यक्रमलाई निरन्तरता दिनुका साथै अन्य महत्त्वपूर्ण निर्णयहरू पनि गरेका छन् ।

- २०५४ सालको छैटौं राष्ट्रिय महाधिवेशनले पाँचौं महाधिवेशनबाट पारित भएको कार्यक्रमलाई निरन्तरता दिने निर्णय गऱ्यो ।
- २०५९ सालको सातौं राष्ट्रिय महाधिवेशनबाट जबजमा उल्लिखित विषयलाई निरन्तरता दिने र पार्टीलगायत राष्ट्रिय जीवनका सबै तह र क्षेत्रमा महिलाहरूको सक्रिय सहभागिता क्रमशः ३३ प्रतिशत पुऱ्याउँदै जाने प्रस्ताव पारित गरियो ।
- महिलासम्बन्धी नीति र कार्यक्रम तयार पारी सुझाव पेस गर्ने स्पष्ट दायित्वसहित नियमावलीमा केन्द्रीय महिला विभागको व्यवस्था गरियो । २०६० सालमा तयार भएको केन्द्रीय नियमावलीमा केन्द्रीय महिला विभागको अधिकार, कर्तव्यबारेमा प्रस्ट व्यवस्था गरियो ।
- २०६५ फागुनमा बुटवलमा भएको आठौं राष्ट्रिय महाधिवेशनले जबजलाई मार्गदर्शक सिद्धान्तका रूपमा स्वीकार गऱ्यो र केन्द्रीय नेतृत्वमा महिलाहरूको सङ्ख्या वृद्धि गर्न छुट्टै क्षेत्र तोकी निर्वाचन गऱ्यो ।

केन्द्रीय महिला विभाग प्रमुख सहाना प्रधानको अध्यक्षतामा बसेको बैठकले पार्टीको नवौं केन्द्रीय कमिटीको बैठकमा महिलासम्बन्धी विषयहरूमा आठवटा प्रस्ताव तयार गरी पेस गर्ने निर्णय गऱ्यो । केन्द्रीय कमिटीको बैठकमा महिला विभागले राखेको महिलासम्बन्धी प्रस्तावमा व्यापक छलफल गरी भदौ २०६२ मा सर्वसम्मतले पारित गऱ्यो ।

**नवौं बैठकबाट पारित महिलासम्बन्धी प्रस्ताव**

- पूर्ण प्रजातन्त्र, दिगो शान्ति र मानव अधिकार ।
- आमाको नामबाट नागरिकता पाउने व्यवस्था ।
- राजनीतिक पार्टी, राज्य संरचनालगायत सम्पूर्ण क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता
- सम्पत्तिमाथि समान अधिकार ।
- प्रजनन स्वास्थ्य र यससम्बन्धी अधिकार ।
- द्वन्द्व प्रभावित महिलाको मानव अधिकारको संरक्षण, सुरक्षा र पुनःस्थापनाको व्यवस्था ।
- महिला हिंसा, दुर्व्यवहार र कुरीतिविरुद्ध अभियान ।
- सकारात्मक विभेदका कार्यक्रहरू ।

२०६२ सालमा ८ मार्चको दिनमा आठ पार्टीको केन्द्रीय महिला नेतृत्वको बीचमा अन्तरपार्टी महिला सञ्जाल बन्यो । सहाना प्रधान सञ्जालको पनि प्रमुख रहनुभयो ।

केन्द्रीय महिला विभाग प्रमुख सहाना प्रधानको अध्यक्षतामा बसेको बैठकले पार्टीको नवौं केन्द्रीय कमिटीको बैठकमा महिलासम्बन्धी विषयहरूमा आठवटा प्रस्ताव तयार गरी पेस गर्ने निर्णय गऱ्यो। केन्द्रीय कमिटीको बैठकमा महिला विभागले राखेको महिलासम्बन्धी प्रस्तावमा व्यापक छलफल गरी भदौ २०६२ मा सर्वसम्मतले पारित गऱ्यो।

**नवौं केन्द्रीय कमिटीको बैठक र अन्तरपार्टी महिला सञ्जालले पारित गरेका महिलासम्बन्धी प्रस्तावहरूलाई आत्मसात् गर्दै अखिल नेपाल महिला सङ्घकी अध्यक्ष कमरेड विद्या भण्डारीद्वारा संसद्मा महिलासम्बन्धी प्रस्ताव दर्ता भयो। संसद्ले व्यापक छलफल गरी यसलाई सर्वसम्मत पारित गऱ्यो।**

नेकपा (एमाले)को नवौं केन्द्रीय कमिटीको बैठकले पारित गरेको आठबुँदे प्रस्ताव सञ्जालको बैठकमा छलफल भयो। शिक्षा, रोजगारी, सामाजिक सुरक्षा र क्षेत्रीय सन्तुलनको प्रत्याभूति हुनुपर्ने बुँदा थप्ने निर्णय गरी नौवटा बुँदाहरू पारित गऱ्यो। यसरी नौवटा प्रस्तावहरू महिलाहरूको साझा विषय बन्यो।

नवौं केन्द्रीय कमिटीको बैठक र अन्तरपार्टी महिला सञ्जालले पारित गरेका महिलासम्बन्धी प्रस्तावहरूलाई आत्मसात् गर्दै अखिल नेपाल महिला सङ्घकी अध्यक्ष कमरेड विद्या भण्डारीद्वारा संसद्मा महिलासम्बन्धी प्रस्ताव दर्ता भयो। संसद्ले व्यापक छलफल गरी यसलाई सर्वसम्मत पारित गऱ्यो।

**महिला अधिकारका बारेमा संसद्को चारबुँदे घोषणा** (१६ जेठ २०६३)

- नेपाली सन्तानहरूले नागरिकताजस्तो आधारभूत पहिचानका लागि समेत बाबुको सिफारिस कुर्नुपर्ने विडम्बनापूर्ण र भेदभावकारी प्रावधान रहेको कुरालाई मनन गरी त्यसलाई तुरुन्त खारेज गर्दै आमा वा बाबु कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कुराको ग्यारेन्टी गरिनेछ।
- राज्यको संरचना र राज्यद्वारा निर्माण गरिने हरेक संयन्त्रमा जनसङ्ख्याका आधारमा महिलाको समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एकतिहाइ महिला सहभागिताको ग्यारेन्टी गरिनेछ।
- नेपालमा क्रियाशील कानुन र नियमहरूमा रहेका विभेदकारी सम्पूर्ण प्रावधानहरूको अविलम्ब खारेज गरिनेछ।
- महिलाविरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरिने व्यवस्था गरिनेछ।

**केन्द्रीय कमिटीको १५ औं बैठक** (१६ जेठ २०६४) **ले गरेका निर्णयहरू**

संसद्बाट सर्वसम्मत पारित भएको प्रस्ताव र नवौं केन्द्रीय कमिटीको बैठकबाट गरेका निर्णयहरूलाई पार्टीको सिङ्गो संरचनाभित्र कार्यान्वयन गर्न/गराउन केन्द्रीय कमिटीमा छलफल गरी बैठकले थप निम्न निर्णय गऱ्यो :

- पार्टीका जिल्ला कमिटीहरूले साधारण तथा सङ्गठित सदस्यहरूको कुल सङ्ख्यामा ३३ प्रतिशत महिला सदस्य पुऱ्याउने उद्देश्यका साथ व्यवस्थित योजना निर्माण गर्ने।
- महिलाहरूको बीचमा विशेष योजनाका साथ साधारण तथा सङ्गठित सदस्यता विस्तार गर्ने।
- पार्टी कमिटीहरूमा एकतिहाइ महिला सदस्य पुऱ्याउन विशेष योजना निर्माण गर्ने।
- नेकपा (एमाले)का नेता-कार्यकर्ताहरूले खासगरी केन्द्रदेखि जिल्ला कमिटीका सदस्यहरूले छोरीलाई अंश दिने कार्यको सुरुआत गर्ने।
- संविधानसभाको चुनावमा निर्वाचन क्षेत्रबाट महिला उम्मेदवार उठाउने सम्बन्धमा विशेष ध्यान दिने।
- पार्टीका सबै तहका नेता-कार्यकर्ता तथा सदस्यहरूले छोरी तथा छोराको विवाहमा मितव्ययिता अपनाउने।
- महिलाप्रति भेदभाव र हिंसा गर्नेहरूलाई कडा कारबाही गर्ने।
- समाजमा हुने महिला हिंसाविरुद्धका आन्दोलनमा पार्टीका नेता-कार्यकर्ता र सदस्यहरूले अगुवाको भूमिका निर्वाह गर्ने।
- महिला नेतृत्व निर्माण गर्न विशेष योजना बनाएर लाग्ने, प्रशिक्षण सामग्री तयार गर्ने र अभियान सञ्चालन गर्ने।

**अन्तरिम संविधानमा रहेका महिला अधिकारसम्बन्धी व्यवस्था**

संसद्ले पारित गरेको महिलासम्बन्धी प्रस्तावलाई व्यवहारमा लागू गर्न अन्तरिम संविधानमा निम्न व्यवस्था गरियो :

- नेपाली आमाका सन्तानले आमाको नामबाट नागरिकता प्राप्त गर्नेछन्।
- समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिक र सामाजिक सुरक्षामा भेदभाव गरिने छैन।
- महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन।
- कुनै पनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ।
- पैतृक सम्पत्तिमा छोरा र छोरीमा समान हक हुनेछ।
- आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्य संरचनामा सहभागी हुने हक हुनेछ।
- प्रथा, परम्परा र प्रचलनका नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन।
- मानिसलाई बेचबिखन गर्न दास वा बाँधा बनाउन पाउनेछैन।
- राज्य पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने।

**संविधानसभाको निर्वाचन र घोषणापत्र** (२०६४)

संविधानसभा निर्वाचनमा नेकपा (एमाले)को घोषणापत्रमा महिलासम्बन्धी निम्न विषय समावेश गरेको थियो :

- महिलाविरुद्धका सबै विभेद, शोषण र उत्पीडनको अन्त्य गरिनेछ।
- राष्ट्रिय जीवनका सबै पक्षमा ३३ प्रतिशत महिला सहभागिताको हक सुनिश्चित गरिनेछ।
- छोरासरह छोरीलाई पैतृक सम्पत्तिमा समान अधिकार हुनेछ।
- प्रजनन र सम्बन्ध विच्छेदको अधिकार महिलामा निहित हुनेछ।

- शिक्षा र स्वास्थ्यमा महिलालाई विशेष प्राथमिकता दिइनेछ ।
- विशेषगरी महिला न्यून रहेको श्रम क्षेत्रमा महिला रोजगारीको विशेष योजना लागू गरिनेछ ।

**२०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा (एमाले)को घोषणापत्रमा रहेका महिलासम्बन्धी विषयहरू**

- नेपालको संविधानले महिलाहरूका निम्ति प्रत्याभूत गरेका अधिकारहरू पूर्ण रूपमा कार्यान्वयन गरिनेछ । राष्ट्रिय जीवनका सबै क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिताको हकलाई सुनिश्चित गरिनेछ ।
- महिलाविरुद्धका सम्पूर्ण विभेदकारी कानुन, मान्यता र व्यवहारको अन्त्य गरिनेछ । महिलाविरुद्धका सबै किसिमका हिंसा अन्त्य गर्न प्रभावकारी कदम चालिनेछ ।
- शिक्षा, स्वास्थ्य, न्याय, कानुन व्यवसायी, लेखा, सामाजिक सुरक्षा, वित्तीय तथा बैंकिङ क्षेत्रमा महिलालाई विशेष प्राथमिकताका आधारमा रोजगारी प्रदान गरिनेछ । सुरक्षा निकायमा महिलाको सहभागिता वृद्धि गरिनेछ ।
- बालविवाह, बहुविवाहलाई पूर्णतः निषेध गरिनेछ । महिलाविरुद्ध हुने विभेदको अन्त्यका लागि नेकपा (एमाले)ले स्वीकृत गरेको आचारसंहिता कडाइका साथ लागू गराइनेछ ।
- राजनीतिक दलहरूको सङ्गठनात्मक संरचनामा महिलाको न्यूनतम् ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्न र नेतृत्वमा समेत स्थान सुरक्षित गर्न संसद्मा विधेयक प्रस्तुत गरिनेछ ।

**२०७४ सालको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को साझा घोषणापत्रमा महिलासम्बन्धी निम्न विषय रहेका छन् :**

- सबै जनप्रतिनिधित्व हुने क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिनेछ ।
- महिलाका संविधानप्रदत्त अधिकार पूर्ण रूपमा कार्यान्वयन गरिनेछ ।
- महिलाविरुद्धका सबै किसिमका हिंसा र विभेद प्रभावकारी ढङ्गले अन्त्य गरिनेछ ।
- बालविवाह, बहुविवाहलाई पूर्णतः निषेध गरिनेछ ।
- महिलालाई रोजगारीमा विशेष प्राथमिकता दिइनेछ ।

> जबजले अगाडि सारेको महिलासम्बन्धी कार्यक्रमलाई प्रभावकारी ढङ्गले लागू गर्न ध्यान दिनुपर्छ। पार्टीले गरेका निर्णयहरूलाई पार्टी पङ्क्तिभित्र लागू गर्न/गराउन निर्देशन दिने, अनुगमन गर्ने, मूल्याङ्कन गर्ने काम पनि गर्नुपर्छ। पार्टीले महिलासम्बन्धी धेरै महत्वपूर्ण विषयहरू अगाडि बढाएको छ। महिलाहरूलाई जिम्मेवारीका साथ अगाडि बढाउन पनि महत्वपूर्ण निर्णयहरू गरेको छ। नेकपा (एमाले) केन्द्रीय कमिटीले गरेका महत्वपूर्ण निर्णयहरू आज संविधानको विषय बनेका छन्। सबै राजनीतिक दलका साझा र राष्ट्रिय विषय बनेका छन्।

नेकपा (एमाले)को २०७१ सालको नवौं राष्ट्रिय महाधिवेशनबाट पार्टी पदाधिकारीमा बहुपदीय व्यवस्था गरेको थियो । नवौं महाधिवेशनमा पार्टीभित्रको अन्तरविरोधलाई व्यवस्थापन गर्न नसक्दा निर्वाचनमा दुईवटा प्यानलबाट मैले र विद्या भण्डारीले उपाध्यक्ष पदमा उम्मेदवारी दिएका थियौं । अन्त्यमा उपाध्यक्षमा हामी दुवै जना निर्वाचित त भयौं । तर, प्यानलगत निर्वाचन प्रक्रिया उपयुक्त थिएन । त्यसैले प्रथम विधान महाधिवेशनले त्यसलाई समीक्षासहित सच्याउने काम गऱ्यो ।

कमरेड पुष्पलालको नेतृत्वमा २००६ सालमा नेकपा स्थापना भएपछि नै महिलाहरूलाई कम्युनिस्ट पार्टीको झण्डामुनि गोलबन्द भई सङ्गठित रूपबाट आन्दोलनमा अगाडि बढाउन हौसला प्राप्त भएको थियो र महिला मुक्तिको सवालमा महत्त्वपूर्ण धारणाहरूको विकासमा समेत सहयोग पुऱ्याएको थियो । महिलाहरूको मुक्तिका लागि केवल महिला आन्दोलनले मात्र सम्भव छैन । महिला मुक्ति सिङ्गो राष्ट्रको मुक्तिसँग गाँसिएको अहम् विषय पनि हो । महिला समस्या केवल महिलाको मात्र होइन, यो राष्ट्रको समस्या हो । महिला पनि यो देशका नागरिक हुन् । नागरिकको हिसाबले महिलाको पनि समान अधिकार र स्थान स्थापित हुनुपर्छ । देशमा राजनीतिक परिवर्तनसँगसँगै आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण गर्नुपर्छ । विद्यमान सामन्ती र पितृसत्तात्मक सोचमा आमूल परिवर्तन हुनुपर्छ ।

हाम्रो पार्टी नेकपा (एमाले)ले विगतमा महिलासम्बन्धी महत्त्वपूर्ण निर्णयहरू गरेको छ । जबजले अगाडि सारेको महिलासम्बन्धी कार्यक्रमलाई प्रभावकारी ढङ्गले लागू गर्न ध्यान दिनुपर्छ । पार्टीले गरेका निर्णयहरूलाई पार्टी पङ्क्तिभित्र लागू गर्न/गराउन निर्देशन दिने, अनुगमन गर्ने, मूल्याङ्कन गर्ने काम पनि गर्नुपर्छ । पार्टीले महिलासम्बन्धी धेरै महत्त्वपूर्ण विषयहरू अगाडि बढाएको छ । महिलाहरूलाई जिम्मेवारीका साथ अगाडि बढाउन पनि महत्त्वपूर्ण निर्णयहरू गरेको छ । नेकपा (एमाले) केन्द्रीय कमिटीले गरेका महत्त्वपूर्ण निर्णयहरू आज संविधानको विषय बनेका छन् । सबै राजनीतिक दलका साझा र राष्ट्रिय विषय बनेका छन् । यी विषयहरूलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु पार्टीहरूको अहम् दायित्व हो । महिला र पुरुषको समान नेतृत्वबिना देश समृद्ध, सुखी र खुसी नेपाली बन्न सक्दैन । त्यसैले महिला र पुरुष समान हुन् भने प्रस्ट दृष्टिकोणका साथ अगाडि बढ्नु जरुरी छ ।

❐

# जनताको बहुदलीय जनवादको मार्गदर्शन



**विष्णुप्रसाद पौडेल**
उपाध्यक्ष

सामन्तवाद, दलाल-नोकरशाही पुँजीवाद र साम्राज्यवादको शोषण-उत्पीडनलाई समाप्त गर्ने र सर्वहारा श्रमजीवी वर्गको हित अनुकूलको जनवादी तथा समाजवादी व्यवस्था स्थापना गर्ने उद्देश्यले नेपाली सर्वहारा श्रमजीवी वर्गको राजनीतिक अगुवा र प्रतिनिधि संस्थाका रूपमा २२ अप्रिल १९४९ मा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको हो । कम्युनिस्ट पार्टीलाई आफ्नो घोषित उद्देश्यतर्फ सफलताका साथ अघि बढाउन सही नीति, सक्षम नेतृत्व, गतिशील एवं सुदृढ सङ्गठन र फराकिलो जनाधार चाहिन्छ । पार्टी निर्माण र सञ्चालनका लागि वैज्ञानिक एवं लोकतान्त्रिक विधान चहिन्छ । र, ती नीतिगत र विधिगत मान्यताहरूलाई अनुभवका आधारमा निरन्तर परिष्कृत र विकसित गर्नु पर्दछ ।

**पार्टीको विधान** हाम्रा समग्र क्रियाकलाप र सङ्गठनात्मक जीवनलाई निर्देशन, नियन्त्रण र परिचालन गर्ने सबैभन्दा महत्त्वपूर्ण प्रबन्ध हो । पार्टीको जीवनजस्तै विधान पनि गतिशील दस्तावेज हो । हामीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिमा आएको परिवर्तन र नेपाली तथा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका अनुभवबाट शिक्षा लिएर आफ्ना सिद्धान्त, कार्यक्रम र नीतिहरूलाई विकास गर्दै आएका छौं । आफ्नो स्वतन्त्र अध्ययन र व्यवहारबाट प्राप्त अनुभवका आधारमा पार्टीको सङ्गठनात्मक सिद्धान्त तथा वैधानिक व्यवस्थालाई परिष्कृत र समृद्ध तुल्याउँदै आएका छौं । पार्टी विधानमा समयानुकूल परिमार्जन र संशोधन गर्दै आएका छौं ।

आजभन्दा अगाडि हामीले राष्ट्रिय महाधिवेशनबाट नीति र विधि निर्माणका साथै नेतृत्व चयनको काम पनि एकसाथ गर्दै आएका थियौं । अहिले हामी नवौं राष्ट्रिय महाधिवेशनको निर्णयबमोजिम नीति र विधि निर्माणका लागि विधान महाधिवेशन सम्पन्न गर्दैछौं र नेतृत्व चयन गर्न राष्ट्रिय महाधिवेशनको तयारीमा छौं । राष्ट्रिय महाधिवेशनमा प्रतिनिधिहरूको ध्यान नेतृत्व चयनमा केन्द्रित हुने र पार्टी जीवनलाई हरदम दिशानिर्देश गर्ने नीति निर्माण र विधान संशोधनको विषयमा प्रतिनिधिहरूको रुचि कम हुने अनुभवका आधारमा यो नयाँ व्यवस्था गरिएको हो । पार्टी विधानमा संशोधन गर्नका लागि तयार पारिएको प्रस्ताव कमरेडहरूले प्राप्त गरिसक्नुभएको छ । तसर्थ, यहाँ संशोधन प्रस्तावमा उल्लेख गरिएका मूलभूत विषयहरूमा सङ्क्षिप्तमा चर्चा गरिएको छ ।

**(क) प्रस्तावना**

विधानको प्रस्तावनालाई सङ्गतिपूर्ण र समृद्ध बनाइएको छ । पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र सदस्यको अधिकार तथा कर्तव्य सङ्क्षेपमा उल्लेख गरिएको छ । सङ्गठनात्मक सिद्धान्त र पार्टी निर्माणमा हामीलाई मार्गदर्शन गर्ने आधारभून विषयहरू उल्लेख गरिएको छ । विधानको संरचनामा सामयिक सुधार गरिएको छ । नेपाली जनताको वर्गीय र सामाजिक मुक्ति, नेपाल राष्ट्रको स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता र हितको रक्षाका लागि अनवरत सङ्घर्ष गर्दै आएको पार्टीको हैसियतमा नेकपा (एमाले)ले सामन्तवाद-साम्राज्यवादविरोधी सङ्घर्षका क्रममा प्राप्त उपलब्धिप्रति

विधानको प्रस्तावनालाई सङ्गतिपूर्ण र समृद्ध बनाइएको छ। पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र सदस्यको अधिकार तथा कर्तव्य सङ्क्षेपमा उल्लेख गरिएको छ। सङ्गठनात्मक सिद्धान्त र पार्टी निर्माणमा हामीलाई मार्गदर्शन गर्ने आधारभून विषयहरु उल्लेख गरिएको छ। विधानको संरचनामा सामयिक सुधार गरिएको छ।

गर्व गर्दै मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवादको मार्गदर्शनमा 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्तका रूपमा सूत्रबद्ध गरिएको छ । नेपाली मार्क्सवादका रूपमा परिभाषित जनताको बहुदलीय जनवादले हामीलाई समाजवादको स्थापना र कार्यान्वयनको चरणसम्म पनि मार्गदर्शन गरिरहने उल्लेख गरिएको छ । कार्यक्रमका सन्दर्भमा जनताको बहुदलीय जनवाद कार्यान्वयन गर्दै समाजवादको आधार निर्माण गर्ने स्पष्ट दृष्टिकोण अघि सारिएको छ ।

नेपालको कम्युनिस्ट आन्दोलनमा देखा पर्ने दक्षिणपन्थी तथा उग्रवामपन्थी अवसरवादका साथै अराजकता र सङ्कीर्णताका प्रवृत्तिहरूलाई वैचारिक सङ्घर्षका माध्यमबाट परास्त गर्दै पार्टीले आत्मसात् गरेका सिद्धान्त, कार्यक्रम र नीतिको रक्षा तथा विकास गर्ने कुरामा जोड दिइएको छ । नेपाली समाजमा दिगो शान्ति र प्रगतिशील रूपान्तरणका लागि शान्तिपूर्ण बाटो र लोकतान्त्रिक विधिप्रति प्रतिबद्धता व्यक्त गरिएको छ ।

**जनताको बहुदलीय जनवादभन्दा पहिला नेपालमा मात्र होइन, दुनियाँको कम्युनिस्ट आन्दोलनमा समेत कसैले पनि यो सच्चाइलाई यस उचाइमा स्वीकार गरेका थिएनन् । बहुदलीय प्रतिस्पर्धामा भाग लिनेहरूले पनि सैद्धान्तिक प्रतिबद्धताको अर्थमा नभएर कार्यनीतिक अर्थमा मात्र यसलाई बुझेका वा स्वीकार गरेका थिए ।**

अन्तरपार्टी लोकतन्त्र सुनिश्चित गर्दै अनुशासित पार्टी निर्माणमा जोड दिइएको छ । अन्तरपार्टी लोकन्त्र र अनुशासनका बीचको अन्तरसम्बन्धलाई स्पष्ट गरिएको छ । जनसरोकारका विषय र उत्पादनसँग जोडिने जनआधारित, सुसङ्गठित, एकताबद्ध, अनुशासित, गतिशील र अग्रगामी राजनीतिक शक्तिका रूपमा पार्टीलाई स्थापित गर्न दिशानिर्देश गरिएको छ ।

विधान संशोधनका सम्बन्धमा प्रस्तावनामा उल्लिखित तीनवटा मुख्य विषयहरू (१) पार्टीको मार्गदर्शन सिद्धान्त जनताको बहुदलीय जनवाद, (२) विद्यमान सामाजिक-आर्थिक स्थितिको क्रान्तिकारी विकल्पका रूपमा पार्टीले अघि सार्ने कार्यक्रम र (३) पार्टी निर्माणको महत्त्वपूर्ण आधारका रूपमा विकसित लोकतन्त्रीकरणको अवधारणाका सम्बन्धमा सङ्क्षिप्त रूपमा स्पष्ट गरिएको छ ।

**(ख) जनताको बहुदलीय जनवाद**

पार्टीको मार्गदर्शक सिद्धान्त जनताको बहुलीय जनवादले हामीलाई सिद्धान्त, कार्यक्रम, नीति र विधि निर्माणका साथै समग्र पार्टी निर्माणमा समेत मार्गदर्शन गर्दछ ।

लामो समयसम्म कम्युनिस्ट पार्टीले राज्यसत्ता या पार्टी सञ्चालन गर्दा बहुदलीय प्रतिस्पर्धामा आधारित लोकतान्त्रिक प्रणाली अवलम्बन गर्नु हुँदैन भन्ने मानिन्थ्यो । तर, जननेता मदन भण्डारीले कम्युनिस्ट पार्टीको नेतृत्वमा सञ्चालित राज्यसत्तामा लोकतान्त्रिक प्रणाली अवलम्बन गर्नुपर्ने दार्शनिक, सैद्धान्तिक, राजनीतिक र व्यावहारिक कारण र आधारहरू



प्रस्तुत गर्नुभयो ।

जनताको बहुदलीय जनवादभन्दा पहिला नेपालमा मात्र होइन, दुनियाँको कम्युनिस्ट आन्दोलनमा समेत कसैले पनि यो सच्चाइलाई यस उचाइमा स्वीकार गरेका थिएनन् । बहुदलीय प्रतिस्पर्धामा भाग लिनेहरूले पनि सैद्धान्तिक प्रतिबद्धताको अर्थमा नभएर कार्यनीतिक अर्थमा मात्र यसलाई बुझेका वा स्वीकार गरेका थिए ।

जनताको बहुदलीय जनवादलाई पाँचौं राष्ट्रिय महाधिवेशनमा कार्यक्रम भनिएको थियो तापनि यो त्यतिबेलादेखि नै सिद्धान्त थियो । यसले त्यतिबेलादेखि नै नेपाली कम्युनिस्ट आन्दोलनलाई मार्गदर्शन गरिरहेको छ । सिद्धान्तकै हैसियतमा मार्गदर्शन गरिरहेको जनताको बहुदलीय जनवादलाई हामीले पछिल्ला महाधिवेशनहरूबाट सिद्धान्त भनेका हौं ।

मार्क्सवादको उदय हुनुपूर्व पनि भौतिकवाद र द्वन्द्ववाद अस्तित्वमा थिए । र, यी दुईबीचको वैज्ञानिक अन्तरसम्बन्ध उद्घाटित गर्ने क्रममा मार्क्सवादको उदय भएको थियो । त्यस्तै जनताको बहुदलीय जनवादको उदय हुनुपूर्व पनि श्रमजीवी वर्ग पक्षधर राज्यसत्ता र बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली अस्तित्वमा थिए । र, यी दुईबीचको वैज्ञानिक अन्तरसम्बन्ध जनताको बहुदलीय जनवादले उद्घाटित गरिदियो । श्रमजीवी वर्गीय राज्यसत्ताले पनि बहुदलीय प्रतिस्पर्धामा आधारित लोकतान्त्रिक प्रणाली अवलम्बन गर्न सक्छ र गर्नुपर्छ भन्ने निष्कर्षलाई सैद्धान्तिक आधारसहित स्थापित गरिदियो ।

जसरी कार्ल मार्क्सले फायरबाखको भौतिकवाद र हेगेलको द्वन्द्ववादका सकारात्मक योगदानलाई ग्रहण गर्नु नक्कल थिएन, त्यसैगरी जननेता मदन भण्डारीले बुर्जुवा वर्गले प्रयोग गरिआएको लोकतान्त्रिक प्रणालीलाई सर्वहारा श्रमजीवी वर्गको पक्षमा प्रयोग गर्नु नक्कल होइन । जसरी कार्ल मार्क्सले टाउकोले टेकेको भौतिकवाद र द्वन्द्ववादलाई खुट्टाले टेक्ने अवस्थामा विकास गर्नुभयो, त्यसैगरी मदन भण्डारीले दार्शनिक र सैद्धान्तिक आधार र कारणहरूसहित श्रमजीवी वर्गीय राज्यसत्ताले पनि बहुदलीय प्रतिस्पर्धासहितको लोकतान्त्रिक प्रणाली अवलम्बन गर्नुपर्छ भन्ने मान्यता अघि सारेर बुर्जुवा वर्गले प्रयोग गरिआएको लोकतन्त्रलाई खुट्टाले टेक्ने अवस्थामा विकास गर्नुभयो ।

जनताको बहुदलीय जनवादलाई सिद्धान्तको उचाइमा स्थापित गर्न र ग्रहण गर्न नसक्ने हो भने हामी सहभागी हुने गरेको बहुदलीय प्रतिस्पर्धा कार्यनीतिक कदम वा शक्ति आर्जन गर्ने दाउपेच हो भन्ने साबित हुनेछ । अनुकूल नभएर बहुदलीय प्रतिस्पर्धाको प्रणाली अवलम्बन गरेका हौं, अनुकूल पर्नासाथ वा शक्ति आर्जन हुनासाथ यसलाई छाडेर एकदलीय शासन वा अर्को कुनै अधिनायकवादी शासन प्रणाली अवलम्बन गर्नेछौं भन्ने अर्थ लाग्ने छ । तसर्थ, जनताको बहुदलीय जनवाद बुर्जवा वर्गले अवलम्बन गर्दै आएको बहुदलीय प्रतिस्पर्धात्मक प्रणालीको नक्कल होइन, बरु यो श्रमजीवी वर्गीय राज्यसत्ताले बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली अवलम्बन गर्दा पनि राज्यसत्ताको वर्ग चरित्र श्रमजीवी नै कायम रहने सिद्धान्त हो । श्रमजीवी वर्गीय राज्यसत्तालाई लोकतान्त्रिक प्रणाली अन्तर्गत सञ्चालन गर्ने सिद्धान्त हो । यो शक्ति आर्जन गर्ने दाउपेच वा कार्यनीतिक कदम होइन, हाम्रो पार्टीको सैद्धान्तिक र कार्यक्रमिक प्रतिबद्धता हो । हामीलाई सिद्धान्त, कार्यक्रम र नीति निर्माणमा पथप्रर्दशन गर्ने, मार्गदर्शन गर्ने सिद्धान्त हो ।

लोकतान्त्रिक प्रणाली पुँजीपति वर्गको पेवा होइन । यो मानव जातिले वर्ग सङ्घर्ष, विचारधारात्मक सङ्घर्ष र वैज्ञानिक प्रयोगका क्रममा विकास गरेको समाज विज्ञान हो । यसलाई पुँजीपति वर्गले आफ्नो हितमा प्रयोग गर्दै आएको छ, श्रमजीवी वर्गले पनि आफ्नो हितमा प्रयोग गर्नुपर्दछ । यही मान्यताका साथ लोकतान्त्रिक प्रणालीलाई श्रमजीवी वर्ग अर्थात् उत्पादक शक्तिको हितमा प्रयोग गर्ने क्रममा जनताको बहुदलीय जनवाद विकास भएको हो ।

जनताको बहुदलीय जनवादले हामीलाई नेपालको सबैभन्दा ठूलो लोकतान्त्रिक राजनीतिक पार्टीको हैसियत प्रदान गर्न, सरकारको नेतृत्व गर्ने हैसियतका साथ सर्वोच्च जनप्रतिनिधि संस्थामा पुग्न, हाम्रो पार्टीको लोकतान्त्रिक व्यक्तित्वलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्मा स्थापित गर्न निर्णायक योगदान गरेको छ ।

हामीले जनताको बहुदलीय जनवादको रक्षा, प्रयोग र विकास गर्दै आएका छौं । यो वर्ग सङ्घर्ष, विचारधारात्मक सङ्घर्ष र व्यावहारिक प्रयोगका क्रममा अझ बढी विकास हुँदै अघि बढ्नेछ । पार्टी जीवनको लोकतन्त्रीकरण जनताको बहुदलीय जनवादको विकासको एउटा महत्त्वपूर्ण कोसेढुङ्गा थियो । २०६२/६३ को क्रान्तिकारी परिवर्तन र संविधान निर्माणमा हाम्रो पार्टीको वैचारिक नेतृत्व पनि जनताको बहुदलीय जनवादकै मार्गदर्शनमा सम्भव भएको हो ।

जनताको बहुदलीय जनवाद सिद्धान्त नभएको तर सिद्धान्त बनाउन सकिने, हामीले सिद्धान्त बनाइदिनु पर्ने विषय होइन । त्यो आफैं सिद्धान्त हुन नसक्ने तर कसैले त्यसको व्याख्या गरिदिएपछि मात्रै सिद्धान्त हुने भनेर भ्रम पाल्न हुँदैन । जननेता मदन भण्डारीको अगुवाइमा सम्पन्न नेकपा (माले)को चौथो राष्ट्रिय महाधिवेशनमा प्रारम्भिक अवधारणा अघि सारिएको र नेकपा (एमाले)को पाँचौं राष्ट्रिय महाधिवेशनमा सैद्धान्तिक आधारहरूसहित कार्यक्रमका रूपमा अघि सारिएदेखि नै जनताको बहुदलीय जनवाद सिद्धान्त थियो र यसले समाजवादसम्म पनि हामीलाई मार्गदर्शन गर्नेछ । हामीले यसको सफल र सार्थक प्रयोग गर्ने र यसलाई विकसित गर्दै अघि बढ्ने हो ।

जनताको बहुदलीय जनवाद नेपाली समाजको क्रान्तिकारी र लोकतान्त्रिक

**हामी भन्दैछौं- नेपाली समाज प्रारम्भिक अवस्थाको पुँजीवादी चरणमा आइपुगेको छ। राष्ट्रिय पुँजीको विकास नभई समाजवाद निर्माण गर्न सकिन्न। त्यस्तो अवस्थामा समाजवादी कार्यक्रम अघि सार्न पनि सकिन्न। कम्युनिस्ट पार्टीले अघि सार्ने समाजवादपूर्वको कार्यक्रम जनवाद नै हो। जनवादी कार्यक्रम मान्न नसक्ने र समाजवाद तात्कालिक कार्यक्रम हुन नसक्ने हो भने हामी कार्यक्रमिक दृष्टिले भयानक अन्योलमा हुनेछौं।**

> जनताको बहुदलीय जनवाद नेपाली समाजको क्रान्तिकारी र लोकतान्त्रिक रूपान्तरणका लागि सिद्धान्त, कार्यक्रम, नीति, विधि र आचरण निर्धारण गर्ने र तिनमा सामयिक विकास गर्न मार्गदर्शन गर्ने सिद्धान्त हो। यो परिपूर्ण लोकतन्त्रसहितको जनवाद र समाजवादको स्थापना र विकासको कालखण्डमा पनि हामीलाई मार्गदर्शन गरिरहने सिद्धान्त हो। जनताको बहुदलीय जनवादको मार्गदर्शनबिना नीति तथा विचारका दृष्टिले सही र सङ्गठन तथा जनाधारका दृष्टिले सबैभन्दा ठूलो र राष्ट्रिय राजनीतिलाई नेतृत्व एवं दिशाबोध गर्ने लोकतान्त्रिक र क्रान्तिकारी चरित्रको शक्तिशाली कम्युनिस्ट पार्टी निर्माण गर्न सम्भव थिएन।

रूपान्तरणका लागि सिद्धान्त, कार्यक्रम, नीति, विधि र आचरण निर्धारण गर्ने र तिनमा सामयिक विकास गर्न मार्गदर्शन गर्ने सिद्धान्त हो । यो परिपूर्ण लोकतन्त्रसहितको जनवाद र समाजवादको स्थापना र विकासको कालखण्डमा पनि हामीलाई मार्गदर्शन गरिरहने सिद्धान्त हो । जनताको बहुदलीय जनवादको मार्गदर्शनबिना नीति तथा विचारका दृष्टिले सही र सङ्गठन तथा जनाधारका दृष्टिले सबैभन्दा ठूलो र राष्ट्रिय राजनीतिलाई नेतृत्व एवं दिशाबोध गर्ने लोकतान्त्रिक र क्रान्तिकारी चरित्रको शक्तिशाली कम्युनिस्ट पार्टी निर्माण गर्न सम्भव थिएन । बुर्जुवा वर्गले चुनौती महसुस गर्ने गरी पार्टी जीवनमा लोकतन्त्रीकरण गर्न सम्भव थिएन । आठौं राष्ट्रिय महाधिवेशनबाट पार्टी जीवनको लोकतन्त्रीकरणको मान्यता स्वीकार गर्न र नवौं राष्ट्रिय महाधिवेशनबाट नयाँ नेतृत्व स्थापित गर्न सम्भव थिएन । जनताको बहुदलीय जनवादको मार्गदर्शनमा नीति र नेतृत्व निर्माणका लागि पार्टी सदस्यको निर्णायक भूमिका स्थापित गरिएको हुनाले नै यो सम्भव भएको हो । पार्टीको मुख्य नेतृत्वको चाहनाविपरीत प्रतिस्पर्धाको माध्यमबाट नयाँ नेतृत्व निर्वाचित गर्ने नवौं राष्ट्रिय महाधिवेशनको परिणाम नेपाली कम्युनिस्ट आन्दोलनमा अपवादको घटना हो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा पनि यस्ता उदाहरण विरलै पाइन्छ । आउने दिनमा पार्टी जीवनको लोकतन्त्रीकरणको प्रक्रियालाई निरन्तरता दिन र विकास गर्न पनि जनताको बहुदलीय जनवादको मार्गदर्शन अपरिहार्य छ । पार्टी विधानले यस कुरालाई पूर्ण रूपमा अङ्गीकार गरेको छ र यसै अवधारणाबाट निर्देशित छ ।

**(ग) समृद्धि, सामाजिक न्याय र समाजवादमा पुग्ने हाम्रो कार्यक्रम**

कार्यक्रमका प्रश्नमा सिर्जना हुने अन्योलले सामाजिक-आर्थिक क्षेत्रमा गर्नुपर्ने प्रगतिशील रूपान्तरणको समग्र प्रक्रिया नै अन्योलग्रस्त बन्न पुग्छ । त्यसैले विधानको प्रस्तावनामा कार्यक्रमका सम्बन्धमा पनि स्पष्ट दृष्टिकोण अघि सारिएको छ ।

हामी भन्दैछौं- नेपाली समाज प्रारम्भिक अवस्थाको पुँजीवादी चरणमा आइपुगेको छ । राष्ट्रिय पुँजीको विकास नभई समाजवाद निर्माण गर्न सकिन्न । त्यस्तो अवस्थामा समाजवादी कार्यक्रम अघि सार्न पनि सकिन्न । कम्युनिस्ट पार्टीले अघि सार्ने समाजवादपूर्वको कार्यक्रम जनवाद नै हो । जनवादी कार्यक्रम मान्न नसक्ने र समाजवाद तात्कालिक कार्यक्रम हुन नसक्ने हो भने हामी कार्यक्रमिक दृष्टिले भयानक अन्योलमा हुनेछौं । तसर्थ, प्रस्तावनामा हाम्रो अधिकतम कार्यक्रम समाजवाद हो र समाजवाद उन्मुख जनताको बहुदलीय जनवाद कार्यान्वयन गर्दै समाजवादको आधार निर्माण गर्नुपर्दछ भन्ने स्पष्ट दृष्टिकोण अघि सारिएको छ । कम्युनिस्ट पार्टीले अघि सार्ने जनवादी कार्यक्रम समाजवाद अधीनस्थको कार्यक्रम हो, यसमा पनि समाजवादी कार्यक्रमका कतिपय विशेषता हुन्छन् र तिनले नेतृत्वदायी भूमिका नै निर्वाह गर्छन् । तर पनि, यसलाई जनवादी कार्यक्रम नै भनिन्छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र आयो, संविधानसभाबाट संविधान बन्यो र संविधानमा समाजवाद उन्मुख हुने कुरा उल्लेख गरियो भनेर जनताको बहुदलीय जनवादको प्रयोजन सकियो भन्ने ठान्नु नितान्त गलत हो । जनताको बहुदलीय जनवादलाई समाज परिवर्तनको शान्तिपूर्ण र लोकतान्त्रिक बाटो मात्र भनेर अर्थ्याउनु पनि अंशलाई समातेर समग्रतालाई अस्वीकार गर्नु र जनताको बहुदलीय जनवादकै अवमूल्यन गर्नु हो । अवश्य पनि जनताको बहुदलीय जनवादले समाज परिवर्तनको शान्तिपूर्ण र लोकतान्त्रिक बाटोलाई दृढताका साथ अवलम्बन गरेको छ । तर पनि, यो जनताको बहुदलीय जनवादको समग्र होइन, अंश मात्र हो । जनताको बहुदलीय जनवादले सिद्धान्तको उचाइबाट समाजवादसम्म नै मार्गदर्शन गर्नेछ । कार्यक्रमिक अर्थमा जनताको बहुदलीय जनवादले अघि सारेका सामाजिक-आर्थिक क्षेत्रमा क्रान्तिकारी रूपान्तरणका आधारभूत र अधिकांश विषय कार्यान्वयन हुनै बाँकी छन् । तिनको कार्यान्वयनबिना समाजवादको आधार तयार हुँदैन भन्ने कुरा हाम्रो पार्टीका नेता-कार्यकर्ताका लागि सामान्य ज्ञानको विषय हो । संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने जस्तो ऐतिहासिक महत्त्वको परिवर्तन भएको छ तापनि जनताको बहुदलीय जनवादको सामाजिक-आर्थिक कार्यक्रम कार्यान्वयन भइसकेको छैन, कार्यान्वयनका लागि आधार बनेको हो ।

जनताको बहुदलीय जनवादले हामीलाई नेपालको सबैभन्दा ठूलो लोकतान्त्रिक राजनीतिक पार्टीको हैसियत प्रदान गर्न, सरकारको नेतृत्व गर्ने हैसियतका साथ सर्वोच्च जनप्रतिनिधि संस्थामा पुग्न, हाम्रो पार्टीको लोकतान्त्रिक व्यक्तित्वलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्मा स्थापित गर्न निर्णायक योगदान गरेको छ ।

हामीले जनताको बहुदलीय जनवादको रक्षा, प्रयोग र विकास गर्दै आएका छौं । यो वर्ग सङ्घर्ष, विचारधारात्मक सङ्घर्ष र व्यावहारिक प्रयोगका क्रममा अझ बढी विकास हुँदै अघि बढ्नेछ । पार्टी जीवनको लोकतन्त्रीकरण जनताको बहुदलीय जनवादको विकासको एउटा महत्त्वपूर्ण कोसेढुङ्गा थियो । २०६२/६३ को क्रान्तिकारी परिवर्तन र

संविधान निर्माणमा हाम्रो पार्टीको वैचारिक नेतृत्व पनि जनताको बहुदलीय जनवादकै मार्गदर्शनमा सम्भव भएको हो ।

जनताको बहुदलीय जनवाद सिद्धान्त नभएको तर सिद्धान्त बनाउन सकिने, हामीले सिद्धान्त बनाइदिनु पर्ने विषय होइन । त्यो आफैं सिद्धान्त हुन नसक्ने तर कसैले त्यसको व्याख्या गरिदिएपछि मात्रै सिद्धान्त हुने भनेर भ्रम पाल्न हुँदैन । जननेता मदन भण्डारीको अगुवाइमा सम्पन्न नेकपा (माले)को चौथो राष्ट्रिय महाधिवेशनमा प्रारम्भिक अवधारणा अघि सारिएको र नेकपा (एमाले)को पाँचौं राष्ट्रिय महाधिवेशनमा सैद्धान्तिक आधारहरूसहित कार्यक्रमका रूपमा अघि सारिएदेखि नै जनताको बहुदलीय जनवाद सिद्धान्त थियो र यसले समाजवादसम्म पनि हामीलाई मार्गदर्शन गर्नेछ । हामीले यसको सफल र सार्थक प्रयोग गर्ने र यसलाई विकसित गर्दै अघि बढ्ने हो ।

जनताको बहुदलीय जनवाद नेपाली समाजको क्रान्तिकारी र लोकतान्त्रिक रूपान्तरणका लागि सिद्धान्त, कार्यक्रम, नीति, विधि र आचरण निर्धारण गर्ने र तिनमा सामयिक विकास गर्न मार्गदर्शन गर्ने सिद्धान्त हो । यो परिपूर्ण लोकतन्त्रसहितको जनवाद र समाजवादको स्थापना र विकासको कालखण्डमा पनि हामीलाई मार्गदर्शन गरिरहने सिद्धान्त हो । जनताको बहुदलीय जनवादको मार्गदर्शनबिना नीति तथा विचारका दृष्टिले सही र सङ्गठन तथा जनाधारका दृष्टिले सबैभन्दा ठूलो र राष्ट्रिय राजनीतिलाई नेतृत्व एवं दिशाबोध गर्ने लोकतान्त्रिक र क्रान्तिकारी चरित्रको शक्तिशाली कम्युनिस्ट पार्टी निर्माण गर्न सम्भव थिएन । बुर्जुवा वर्गले चुनौती महसुस गर्ने गरी पार्टी जीवनमा लोकतन्त्रीकरण गर्न सम्भव थिएन । आठौं राष्ट्रिय महाधिवेशनबाट पार्टी जीवनको लोकतन्त्रीकरणको मान्यता स्वीकार गर्न र नवौं राष्ट्रिय महाधिवेशनबाट नयाँ नेतृत्व स्थापित गर्न सम्भव थिएन । जनताको बहुदलीय जनवादको मार्गदर्शनमा नीति र नेतृत्व निर्माणका लागि पार्टी सदस्यको निर्णायक भूमिका स्थापित गरिएको हुनाले नै यो सम्भव भएको हो । पार्टीको मुख्य नेतृत्वको चाहनाविपरीत प्रतिस्पर्धाको माध्यमबाट नयाँ नेतृत्व निर्वाचित गर्ने नवौं राष्ट्रिय महाधिवेशनको परिणाम नेपाली कम्युनिस्ट आन्दोलनमा अपवादको घटना हो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा पनि यस्ता उदाहरण विरलै पाइन्छ । आउने दिनमा पार्टी जीवनको लोकतन्त्रीकरणको प्रक्रियालाई निरन्तरता दिन र विकास गर्न पनि जनताको बहुदलीय जनवादको मार्गदर्शन अपरिहार्य छ । पार्टी विधानले यस कुरालाई पूर्ण रूपमा अङ्गीकार गरेको छ र यसै अवधारणाबाट निर्देशित छ ।

> **सङ्घीय लोकतान्त्रिक गणतन्त्र आयो, संविधानसभाबाट संविधान बन्यो र संविधानमा समाजवाद उन्मुख हुने कुरा उल्लेख गरियो भनेर जनताको बहुदलीय जनवादको प्रयोजन सकियो भन्ने ठान्नु नितान्त गलत हो । जनताको बहुदलीय जनवादलाई समाज परिवर्तनको शान्तिपूर्ण र लोकतान्त्रिक बाटो मात्र भनेर अर्थ्याउनु पनि अंशलाई समातेर समग्रतालाई अस्वीकार गर्नु र जनताको बहुदलीय जनवादकै अवमूल्यन गर्नु हो ।**

**(ग) समृद्धि, सामाजिक न्याय र समाजवादमा पुग्ने हाम्रो कार्यक्रम**

कार्यक्रमका प्रश्नमा सिर्जना हुने अन्योलले सामाजिक-आर्थिक क्षेत्रमा गर्नुपर्ने प्रगतिशील रूपान्तरणको समग्र प्रक्रिया नै अन्योलग्रस्त बन्न पुग्छ । त्यसैले विधानको प्रस्तावनामा कार्यक्रमका सम्बन्धमा पनि स्पष्ट दृष्टिकोण अघि सारिएको छ ।

हामी भन्दैछौं- नेपाली समाज प्रारम्भिक अवस्थाको पुँजीवादी चरणमा आइपुगेको छ । राष्ट्रिय पुँजीको विकास नभई समाजवाद निर्माण गर्न सकिन्न । त्यस्तो अवस्थामा समाजवादी कार्यक्रम अघि सार्न पनि सकिन्न । कम्युनिस्ट पार्टीले अघि सार्ने समाजवादपूर्वको कार्यक्रम जनवाद नै हो । जनवादी कार्यक्रम मान्न नसक्ने र समाजवाद तात्कालिक कार्यक्रम हुन नसक्ने हो भने हामी कार्यक्रमिक दृष्टिले भयानक अन्योलमा हुनेछौं । तसर्थ, प्रस्तावनामा हाम्रो अधिकतम कार्यक्रम समाजवाद हो र समाजवाद उन्मुख जनताको बहुदलीय जनवाद कार्यान्वयन गर्दै समाजवादको आधार निर्माण गर्नुपर्दछ भन्ने स्पष्ट दृष्टिकोण अघि सारिएको छ । कम्युनिस्ट पार्टीले अघि सार्ने जनवादी कार्यक्रम समाजवाद अधीनस्थको कार्यक्रम हो, यसमा पनि समाजवादी कार्यक्रमका कतिपय विशेषता हुन्छन् र तिनले नेतृत्वदायी भूमिका नै निर्वाह गर्छन् । तर पनि, यसलाई जनवादी कार्यक्रम नै भनिन्छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र आयो, संविधानसभाबाट संविधान बन्यो र संविधानमा समाजवाद उन्मुख हुने कुरा उल्लेख गरियो भनेर जनताको बहुदलीय जनवादको प्रयोजन सकियो भन्ने ठान्नु नितान्त गलत हो । जनताको बहुदलीय जनवादलाई समाज परिवर्तनको शान्तिपूर्ण र लोकतान्त्रिक बाटो मात्र भनेर अर्थ्याउनु पनि अंशलाई समातेर समग्रतालाई अस्वीकार गर्नु र जनताको बहुदलीय जनवादकै अवमूल्यन गर्नु हो । अवश्य पनि जनताको बहुदलीय जनवादले समाज परिवर्तनको शान्तिपूर्ण र लोकतान्त्रिक बाटोलाई दृढताका साथ अवलम्बन गरेको छ । तर पनि, यो जनताको बहुदलीय जनवादको समग्र होइन, अंश मात्र हो । जनताको बहुदलीय जनवादले सिद्धान्तको उचाइबाट समाजवादसम्म नै मार्गदर्शन गर्नेछ । कार्यक्रमिक अर्थमा जनताको बहुदलीय जनवादले अघि सारेका सामाजिक-आर्थिक क्षेत्रमा क्रान्तिकारी रूपान्तरणका आधारभूत र अधिकांश विषय कार्यान्वयन हुनै बाँकी छन् । तिनको कार्यान्वयनबिना समाजवादको आधार तयार हुँदैन भन्ने कुरा हाम्रो पार्टीका नेता-कार्यकर्ताका लागि सामान्य ज्ञानको विषय हो । संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने जस्तो ऐतिहासिक महत्त्वको परिवर्तन भएको छ तापनि जनताको बहुदलीय जनवादको सामाजिक-आर्थिक कार्यक्रम कार्यान्वयन भइसकेको छैन, कार्यान्वयनका लागि आधार बनेको हो ।

*(प्रथम विधान महाधिवेशनमा प्रस्तुत)*

# नेपालको अर्थतन्त्रको प्रवृत्ति र दिशा



सुरेन्द्र पाण्डे
उपाध्यक्ष

नेपालको संविधानले व्यवस्था गरेको समाजवाद उन्मुख समाज व्यवस्थाको परिकल्पनाका आधारमा नेकपा (एमाले)ले समाजवाद स्थापना गर्ने सपनालाई साकार रूप दिन र समृद्ध नेपाल र सुखी नेपाली बनाउन आफ्नो कार्यक्रम, घोषणापत्र र सरकारमा रहँदा नीति कार्यक्रम र बजेटमार्फत त्यसलाई अगाडि बढाएको छ। यो कामको निरन्तरताका लागि हामीले सही विचार निर्माण गर्ने र सही दिशा अँगाल्ने, पर्याप्त स्रोत साधन जुटाउने र त्यस कामका निम्ति समग्र पार्टी, नेता, कार्यकर्ता र नागरिकहरू प्रतिबद्ध हुनुपर्ने, लगनशील भएर काममा लाग्नु आवश्यक छ। राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थितिको गहन अध्ययन र विश्लेषण गर्ने, हाम्राअगाडि रहेका चुनौतीहरूलाई समाधान गर्नका लागि सही उपायहरू खोज्ने र लागू गर्ने, हाम्राअगाडि भएका सम्भावनाहरूको भरपूर उपयोग गर्नु पर्दछ। हाम्रा पूर्वजहरूले गरेका उपाय, प्रयास, लगानीजस्ता कुराहरू पनि हाम्रालागि मार्गदर्शक बन्न सक्छन्। यसो भनिरहँदा सबभन्दा महत्त्वपूर्ण विषय वर्तमान परिस्थितिको विश्लेषण, आवश्यकता र प्रयास मुख्य हुन् भन्ने कुरालाई सधैं हेक्का राख्नु पर्दछ।

**२००७ सालपूर्वको अवस्था**

शताब्दीभन्दा लामो जहानियाँ राणा शासनको बन्द सामाजिक-आर्थिक प्रणालीका कारण लामो समयसम्म नेपाल सामन्ती कृषि अर्थतन्त्रमा मात्र निर्भर रह्यो। विश्व अर्थतन्त्र र राजनीतिले नेपालमाथि सिर्जना गरेको दबाबका कारण राणाशाहीको अन्तिम दशकतिर केही उद्योग स्थापना भए। सन् १९३६ मा उद्योग परिषद्को स्थापनापश्चात् विराटनगरमा बिँडी, चुरोट, सलाई, जुटमिललगायतका उद्योग स्थापना भए। उद्योग व्यवसायलाई वित्तीय सहयोगका लागि नेपाल बैंक लिमिटेडको स्थापना भयो। सन् १९४० मा घरेलु इलम प्रचार अड्डाको स्थापना भयो। यो अवस्थासम्ममा पनि अर्थतन्त्रमा कृषिको भूमिका अत्यधिक थियो। आन्तरिक राजस्वमा मालपोतमाथिको निर्भरता थियो। वि.सं. २००८ मा सुवर्णशमशेर जबराबाट प्रस्तुत गरिएको पहिलो बजेटमा कुल राजस्वको ६२ प्रतिशत हिस्सा मालपोतको रहेको थियो।

**२००७ पछिको अवस्था**

वि.सं. २००७ पश्चात् नेपालले वैदेशिक अनुदान प्राप्त गर्न थाल्यो। यसको साथै सरकारले योजनाबद्ध आर्थिक विकासको अवधारणा अगाडि सार्‍यो। वि.सं. २०१३ बाट प्रथम पञ्चवर्षीय योजना सुरु भयो। वि.सं. २०१३ मा स्थापित नेपाल राष्ट्र बैंकले नेपाली नोटको छपाइ सुरु गर्‍यो। यसले बजारमा सहज कारोबार हुने भारतीय मुद्राको प्रयोगमाथि रोक लगायो र बैंकबाट मात्र विनिमय गर्ने व्यवस्था गरियो। सोही सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भयो, कलेज एवं विद्यालयहरू स्थापनामा वृद्धि भयो र शिक्षाको विकासका लागि आधारशिला तयार भयो। वि.सं. २०१३ देखि बाइरोडको बाटो निर्माण सुरु भयो।

वि.सं. २०१६ मा बीपी कोइरालाको सरकारले भूस्वामित्व प्रणालीमा रहेको विर्ता प्रणाली उन्मूलन गर्‍यो। २०१७ सालमा राजा महेन्द्रले कू गरी शासनसत्ता आफ्नो

हाम्रा पूर्वजहरूले गरेका उपाय, प्रयास, लगानीजस्ता कुराहरू पनि हाम्रा लागि मार्गदर्शक बन्न सक्छन्। यसो भनिरहँदा सबभन्दा महत्वपूर्ण विषय वर्तमान परिस्थितिको विश्लेषण, आवश्यकता र प्रयास मुख्य हुन् भन्ने कुरालाई सधैं हेक्का राख्नु पर्दछ।

हातमा लिए र राजनीतिक पार्टीहरूमाथि दमन गरियो । २०१८ मा राजा रजौटा र किपट प्रथाको उन्मूलन भयो । वि.सं. २०१९ बाट औद्योगिक क्षेत्रको स्थापनाको सुरुआत भयो । अमेरिकी सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा बालाजुमा पहिलो औद्योगिक क्षेत्रको स्थापना भयो । पछि क्रमशः पाटन, हेटौंडा, धरान, नेपालगन्ज, पोखरा, बुटवल, भक्तपुर, सुर्खेत, राजविराज गरी अरु नौ ठाउँमा औद्योगिक क्षेत्रहरू स्थापना भए । औद्योगिक विकासका साथसाथै वि.सं. २०१९ देखि पूर्व-पश्चिम राजमार्ग, काठमाडौं-कोदारी सडक, नौबीसे-पोखरा, पोखरा-सुनौलीजस्ता केही महत्त्वपूर्ण सडक पूर्वाधारको निर्माणले आवतजावतको सुगमतासँगै आर्थिक क्रियाकलापले केही तीव्रता पाए ।

वि.सं. २०२१ मा भूमिसुधार कार्यक्रममार्फत जमिनको हदबन्दी तोकियो र हदभन्दा बढी भएको खोस्ने, जोताहा किसानलाई मोही कायम गर्ने, जमिनमाथि रहेका उखडालगायतका विभिन्न सम्बन्धलाई अन्त्य गर्ने जस्ता काम भए । राजाबाट नै भूमिसुधार सुरु भएको भए तापनि राजारजौटा र उनका नजिकका जमिन्दारहरूको हातमा ठूलो परिमाणमा जग्गाहरू रहने गरेको हुँदा राजाको केन्द्रीकृत शासन व्यवस्थामा भूमिसुधारको कार्यक्रम सफलतापूर्वक अघि बढेन । केही राजनीतिक पहुँच भएका, शक्तिशाली टाठाबाठाहरूले भूमिसुधारको मर्मविपरीत हदभन्दा माथिको जमिन परिवार, आफन्त र अन्य विभिन्न नामबाट दर्ता गर्ने र जमिन लुकाउने, उद्योग व्यवसायका नाममा ठूला परिमाणमा जमिन दर्ता गर्ने र लुकाउने काम गरे । यसले न भूमिसुधारमा पूर्ण सफलता मिल्यो, न त औद्योगीकरणको आधारशिला नै निर्माण भयो । वि.सं. २०२१ मा मुलुकी ऐनमा संशोधन गरी छुवाछूत प्रथा 'अन्त्य भएको घोषणा' भयो ।

वि.सं. २०१८ मा विकेन्द्रीकरणको अवधारणाका आधारमा देशलाई १४ अञ्चल, ७५ जिल्ला र ४ हजारवटा स्थानीय इकाइ (पञ्चायत) मा विभाजित गरी प्रशासनिक, आर्थिक र शैक्षिक विकासमा जोड दिइयो । तर, राजा र पञ्चायती शासन व्यवस्थाको अन्तरनिहित चरित्र, बन्द नीति, जनआवाजमाथिको दमनका कारण आर्थिक विकासले अपेक्षित परिणाम दिन सकेन ।

विश्व अर्थव्यवस्थामा आएको फेरबदल र विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषका नीतिका कारण सन् १९८४ देखि संरचनागत सुधार कार्यक्रम अन्तर्गत घाटामा चलिरहेका सरकारी संस्थानहरूलाई दिइने सरकारी अनुदानहरू कटौती हुन थाले । निजी क्षेत्रका बैंक र विद्यालय स्थापनाको अनुमति दिइयो । निजी क्षेत्रमाथिको नियन्त्रण केही खुकुलो भयो ।

**२०४६ को राजनीतिक परिवर्तनपछिको अवस्था**

२०४६ सालको राजनीतिक परिवर्तनले देशमा बहुदलीय शासन पद्धति स्थापित गर्‍यो । पहिलो आमनिर्वाचनबाट निर्वाचित नेपाली कांग्रेसको सरकारले विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व व्यापार सङ्गठनको निर्देशन अनुसार निजीकरण र उदारीकरणको नीतिलाई अगाडि बढायो । संस्थानहरूलाई निजीकरण गरी सरकारी लगानीलाई प्रभावकारी बनाउने, निजी क्षेत्रको सहभागिता र नेतृत्वमा उद्योगधन्दाको विकास गर्ने र रोजगारी वृद्धि गर्ने भनेर सुरु भएको निजीकरण कार्यक्रम सरकारी संस्थान र उद्योग बिक्री गर्ने, बन्द गर्नेमा सीमित मात्र भएन, निजीकरण गरिएका कारखाना, संस्थानहरू खरिदकर्ताले सञ्चालन गर्न नसकी पुनः सरकारले फिर्ता लिनु पर्‍यो, कैयौंले खरिद मूल्य पनि नतिरी अलपत्र पारे, बिक्री गरेपछिको अवधिको त्यस्ता कारखाना र संस्थानका कर्मचारीको तलबभत्तासमेत सरकारले नै तिर्नु पर्‍यो । यी र यस्ता समस्या र अनुभवका कारण नेपाली कांग्रेसले अगाडि सारेको निजीकरणको प्रक्रिया सफल हुन सकेन । स्वयं नेपाली कांग्रेस पनि पछिल्लो अवधिमा आएर निजीकरणका कुरा गर्न उत्साहित देखिएन । तर पनि त्यस नीतिका कारण बैंक र वित्तीय क्षेत्र, निजी विद्यालय, अस्पताल, घरजग्गा खरिद, आयात आधारित राजस्व वृद्धिले अर्थतन्त्रको आकारमा वृद्धि र विस्तार भयो ।

**नेकपा (एमाले)को सरकारका कार्यक्रम र प्रभाव**

२०५१ सालमा नेकपा (एमाले)का अध्यक्ष मनमोहन अधिकारी नेतृत्वको एकल सरकारले ज्येष्ठ नागरिक भत्ता शीर्षकमा समाजका अशक्त, वृद्ध, एकल महिला, सिमान्तीकृत समुदायका मानिसहरूलाई रकम दिन सुरु गर्‍यो । यसले समाजमा सहारा नभएकालाई राज्यको सहारा र संरक्षकत्व प्रदान गर्‍यो । 'आफ्नो गाउँ आफैं बनाऔं' र 'नौ स'को अभियानमार्फत ग्रामीण क्षेत्रमा रकम पुर्‍याउने, ग्रामीण क्षेत्रको विकासमा जोड दिने र त्यसलाई सहरसँग जोड्ने नीति अगाडि सार्‍यो । यसले ग्रामीण पूर्वाधार विशेषतः सडक र शिक्षामा ठूलो फड्को मार्न सक्यो । पहुँच र प्रभावका आधारमा रकम विनियोजन गर्ने र सहरबजार केन्द्रित विकास अवधारणामा मात्र सीमित हुने परम्परालाई यस कार्यक्रममार्फत तोड्न सफल भयो ।

त्यसै गरी, २०६६ देखि २०६८ मा नेकपा (एमाले)को नेतृत्वको सरकार र २०७२ तथा २०७४ देखिको पार्टीका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारका पालामा मध्यपहाडी लोकमार्ग, काठमाडौं तराई द्रुत मार्ग, मदन भण्डारी लोकमार्ग, हुलाकी लोकमार्ग, पूर्व-पश्चिम लोकमार्गको विस्तारजस्ता ठूलठूला पूर्वाधारलगायत लोक कल्याणकारी र समाजवाद उन्मुख धेरैवटा कार्यक्रमको थालनी भयो । स्वास्थ्य बिमा, 'कोही भोको पर्दैन र भोकले कोही मर्दैन' भन्ने शीर्षकमा खाद्य सुरक्षा कार्यक्रम, सामाजिक सुरक्षा कार्यक्रम, जनता आवास, पोखरा एयरपोर्ट, भैरहवा एयरपोर्टको निर्माण, माथिल्लो तामाकोसी विद्युत् आयोजना र विद्युत् ऊर्जा उत्पादनमा

"आफ्नो गाउँ आफैं बनाऔं" र "नौ स"को अभियानमार्फत ग्रामीण क्षेत्रमा रकम पुर्‍याउने, ग्रामीण क्षेत्रको विकासमा जोड दिने र त्यसलाई सहरसँग जोड्ने नीति अगाडि सार्‍यो । यसले ग्रामीण पूर्वाधार विशेषतः सडक र शिक्षामा ठूलो फड्को मार्न सक्यो । पहुँच र प्रभावका आधारमा रकम विनियोजन गर्ने र सहरबजार केन्द्रित विकास अवधारणामा मात्र सीमित हुने परम्परालाई यस कार्यक्रममार्फत तोड्न सफल भयो ।

बजेट व्यवस्था, ऊर्जा सङ्कटको अन्त्य, रानीजमरा कुलरिया सिंचाइ केही उदाहरण हुन् । तराईका २२ जिल्लाका सदरमुकामको पूर्वाधार निर्माण, भूकम्पबाट क्षतिग्रस्त धरहरा, रानीपोखरी र विभिन्न पुरातात्त्विक मन्दिर, भवन, सरकारी भवन, विद्यालय, नागढुङ्गा-काठमाडौं सुरुङ मार्ग, टावरहरू, सहरी पूर्वाधार, मेलम्ची खानेपानी निर्माणमा तीव्रता, युवा परिषद् र युवा उद्यमी विकास, कृषि अनुदान कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, राष्ट्रपति चुरे संरक्षण, राष्ट्रपति विद्यालय सुधार, प्रत्येक पालिकामा अस्पतालजस्ता अनगिन्ती नीति र परियोजनाहरू कार्यान्वयन भएका छन् । निश्चय पनि त्यसबाट भएका उपलब्धिले आर्थिक विकासले फड्को मार्ने र भविष्यसम्म त्यसले दूरगामी प्रभाव छाड्नेछ ।

**दसवर्षे द्वन्द्व र त्यसको प्रभाव**

दसवर्षे हिंसात्मक द्वन्द्वले नेपालको आर्थिक विकासमा गम्भीर नकारात्मक प्रभाव पाऱ्यो । यसले धेरै होटल तथा रेस्टुराँहरू बन्द भए र पर्यटन व्यवसायमा ठूलो धक्का लाग्यो । व्यवसायमा लगानी गर्ने कैयौं व्यवसायीको लगानी डुब्यो र कामदारहरूले रोजगारी गुमाए । उनीहरू बैंकको ऋण तिर्न नसकी अन्यन्त न्यून मूल्यमा आफ्ना जग्गा जमिन र होटल बिक्री गर्न बाध्य भए । नयाँ पूर्वाधार निर्माण गर्न वाधा पुगेको मात्र होइन, भएका सरकारी भवन, संरचनाहरूसमेत ध्वस्त पारिए । विकास र निर्माणमा खर्चिनु पर्ने ठूलो रकम सुरक्षा क्षेत्रमा खर्चिनु पऱ्यो । असुरक्षाका कारण लाखौंको सङ्ख्यामा बसाइ सर्नु परेका कारण ग्रामीण कृषि उत्पादन घट्न थाल्यो, कामको खोजीमा विदेशिनेको सङ्ख्या अत्यधिक बढ्यो र खास खास सहरमा जनसङ्ख्याको चाप बढ्यो । १७ हजारभन्दा बढीले ज्यान गुमाए, हजारौं अङ्गभङ्ग र घाइते बने । शक्ति र सामर्थ्यले भरिपूर्ण युवाहरू घाइतेको कारणले जीवनभर उपचार गराई रहनु मात्र परेन, उनीहरू अरुमा आश्रित बन्न पुगे । सरकारका तर्फबाट द्वन्द्वपीडित सेना, प्रहरी, माओवादी लडाकु र सर्वसाधारणलाई दिने राहतमा अर्बौं रुपैयाँ खर्च गर्नुपर्ने अवस्था बन्यो ।

**ऊर्जा सङ्कट, नाकाबन्दी, महाभूकम्प र कोरोनाको असर**

द्वन्द्व, राजनीतिक अस्थिरता, सरकारको सोच र कार्यान्वयन क्षमताका कारण ऊर्जा विकासमा प्रगति हुन सकेन । जसको फलस्वरूप सन् २००६ देखि २०१६ सम्म नेपाली जनताले गम्भीर विद्युत् सङ्कटको सामना गर्नु पऱ्यो । सन् २००६ मा दैनिक केही घण्टा र हप्ताको दुई दिन विद्युत् कटौती हुँदै २००८ मा आएको कोसी नदीको बाढीले भारतबाट विद्युत् आयात गर्ने टान्समिसन लाइन बगाएपछि त्यो लोडसेडिङ बढेर दैनिक साढे १६ घण्टासम्म पुग्यो । उद्योगधन्दा, अस्पताल, विद्यालयमा समेत विद्युत् कटौतीको कारणले श्वास्थ्य, शिक्षा र आर्थिक विकासमा ठूलो धक्का लाग्यो । विद्युत् सङ्कटका कारण देशमा लगानी भित्रिन सकेन । विश्व बैंकको एक अध्ययन अनुसार नौ वर्षको त्यस अविधिमा कूल गार्हस्थ उत्पादनको ६ प्रतिशतभन्दा बढी नोक्सानी बेहोर्नु पऱ्यो । लोडसेडिङ नभएको भए वार्षिक सात प्रतिशतभन्दा बढीको आर्थिक वृद्धि र वार्षिक लगानीमा ४८ प्रतिशतका दरले बढ्न सक्ने थियो । सन् २०१७ पश्चात् थप विद्युत् उत्पादन, लोड व्यवस्थापन र भारतबाट विद्युत् आयातमा वृद्धि भएका कारण लाडसेडिङ हट्न पुग्यो ।

नेपालले वि.सं. २०१९ र २०२७ मा भारतीय नाकाबन्दीको सामना गर्नुपऱ्यो । ती नाकाबन्दीले नेपालको आर्थिक क्रियाकलाप र मानव जीवनमा नकारात्मक प्रभाव पाऱ्यो । तर, त्यसबेला नेपालमा गाडी, विद्यालय, ठूलो सङ्ख्यामा सरकारी कार्यालय, उद्योगधन्दा र सङ्घसंस्था कम भएको र अत्यधिक ठूलो सङ्ख्यामा जनता परम्परागत ऊर्जा (दाउरा)मा भर पर्ने, कृषिमा अत्यधिक आश्रय र नेपालले खाद्यान्न निर्यात गर्ने अवस्थाका कारण ठूलो आर्थिक र मानवीय दुष्प्रभाव भोग्नु परेन ।

२०४५ सालमा भएको तेस्रो नाकाबन्दी १५ महिनासम्म कायम रह्यो । त्यसले पेट्रोलियम, ग्यास, नून, तेल, मसला, औषधिको आपूर्तिमा गम्भीर असर पाऱ्यो । उद्योगधन्दा, पर्यटन र अन्य क्षेत्रले पनि भम्भीर आर्थिक नोक्सानी बेहोर्नु पऱ्यो । त्यसैगरी २०७२ भएको भारतीय नाकाबन्दी चार महिनासम्म कायम रह्यो । त्यस नाकाबन्दीले पेट्रोल, ग्यास, औषधि आपूर्ति प्रभावित भयो । विद्यालयहरू बन्द भए । युनिसेफको एक प्रतिवेदन अनुसार तराईका ९ जिल्लाका १६ लाख विद्यार्थी विद्यालय जान पाएनन् । यातायात क्षेत्रले मात्र दैनिक २० देखि २५ करोड रुपैयाँ नोक्सानी बेहोर्नु पऱ्यो । राजस्व सङ्कलनमा कमी आयो । नेपाल राष्ट्र बैंकको एक रिपोर्ट अनुसार अघिल्लो वर्ष सोही अवधिमा ९० अर्ब रुपैयाँ राजस्व उठेकामा सो वर्ष केवल ७७ अर्ब सङ्कलन भयो । लोडसेडिङका कारण पर्यटक घटे । होटल र रेस्टुराँ क्षेत्र गम्भीर रूपले प्रभावित बने । एक अध्ययन अनुसार निजी क्षेत्रले दैनिक दुई अर्बका दरले घाटा बेहोर्नु पऱ्यो ।

> **२०७२ भएको भारतीय नाकाबन्दी चार महिनासम्म कायम रह्यो। त्यस नाकाबन्दीले पेट्रोल, ग्यास, औषधि आपूर्ति प्रभावित भयो। विद्यालयहरु बन्द भए। युनिसेफको एक प्रतिवेदन अनुसार तराईका ९ जिल्लाका १६ लाख विद्यार्थी विद्यालय जान पाएनन्। यातायात क्षेत्रले मात्र दैनिक २० देखि २५ करोड रुपैयाँ नोक्सानी बेहोर्नु पऱ्यो। राजस्व सङ्कलनमा कमी आयो।**

नेपालले राजनीतिक समस्याहरू मात्र होइन, यसैबीच प्राकृतिक विपत्तिहरू पनि भोग्नु पऱ्यो । २०७२ मा आएको महाभूकम्पका कारण ८ हजार ९ सय ६४ जनाले ज्यान गुमाए । २२ हजारभन्दा बढी व्यक्ति घाइते भए । पाँच लाखभन्दा बढी घर पूर्ण र तीन लाख घर आंशिक रूपमा ध्वस्त भए । कैयौं सरकारी भवन, विद्यालय, मन्दिर, गुम्बा, घरहरालगायतका सम्पदा भत्किए । यसबाट मुलुकले ठूलो आर्थिक र मानवीय नोक्सानी बेहोर्नु पऱ्यो । सो भूकम्पका कारण आठ खर्ब रुपैयाँ बराबरको नागरिकका घर, कारखाना, गोठ, अन्नपात, भौतिक सामग्री आदि र सरकारी संरचनाको नोक्सानी हुन पुग्यो । १७ लाखभन्दा बढी विद्यार्थी खुला आकाशमुनि पढ्न बाध्य भए । भूकम्पबाट भएको पुनर्निर्माणका लागि विदेशी मुलुकहरूका दातृ निकायले अमेरिकी डलर तीन अर्बभन्दा बढीको सहयोग प्रदान गरे । सरकारले भूकम्प

पुनर्निर्माणका निम्ति बाँकी रकम राष्ट्रिय ढुकुटीबाट बन्दोवस्त गर्नु पर्‍यो ।

नेपाल अनेक समस्यासँग जुध्दै माथि उठ्न खोजिरहेकै थियो । तर, विश्वमा देखा परेको कोभिड-१९ को महामारीले नेपालमा पनि निकै प्रभाव पार्‍यो । हालसम्म यसबाट करिब १२ हजार व्यक्तिको ज्यान गएको छ । यातायात, उद्योग, व्यापार, पर्यटन, शिक्षा आदि लगायत सबै क्षेत्र बन्द हुने अवस्थाले गर्दा यसले गम्भीर आर्थिक र मानवीय सङ्कटको सामना गर्नु परिरहेको छ । एक अध्ययन अनुसार पर्यटन क्षेत्रले २५ अर्बभन्दा बढीको नोक्सानी प्रथम चरणको लकडाउनमा मात्र व्यहोर्नु परेको थियो । समग्र निजी क्षेत्रले दैनिक १० अर्बको घाटा बेहोर्नु परेको थियो । आईएलओका अनुसार झण्डै ३७ लाख व्यक्तिले रोजगारीको समस्या झेल्नु परेको छ । यसले राजस्व सङ्कलनमा ठूलो असर पर्‍यो ।

यस्तो विषम परिस्थितिबाट गुज्रेका जनतालाई सहयोग पुर्‍याउन र देशको सङ्कटलाई न्यूनीकरण गर्न नेकपा नेतृत्वको सरकारले सन् २०२० मईमा कोरोना प्रभावितलाई राहतस्वरूप ७० अर्बभन्दा बढीको राहत कार्यक्रम अगाडि सारेको थियो । व्यावसायिक क्षेत्रलाई उद्धार गर्न २० अर्बको पुनर्कर्जा, १४ अर्ब व्यावसायिक ऋण अनुदान, साढे ६ अर्बको कर छुट, विद्युत् शुल्क माफी लगायतका राहत कार्यक्रम कार्यान्वयन भएको थियो र त्यो कार्यक्रमलाई निरन्तरता दिइएको छ । कोरोनाविरुद्धको नि:शुल्क परीक्षण तथा खोप उपलब्ध र प्रभावितहरूको उपचारलाई सरकारले उच्च प्राथमिकता दिएको छ ।

**उद्योग, व्यवसाय र निकासी प्रवर्द्धन निम्तिका प्रयास**

नेपालमा उद्योग प्रवर्द्धनका लागि सरकारले सन् १९६३ देखि औद्योगिक क्षेत्र स्थापना गर्न सुरु गर्‍यो । देशका विभिन्न भागमा १० वटा औद्योगिक क्षेत्र स्थापना भए । त्यस्ता औद्योगिक क्षेत्रमा सरकारले आधाभूत संरचनाहरू जस्तै : जमिन, सडक, विद्युत्, पानी आपूर्ति, ढल निकास, सञ्चार आदि सेवा उपलब्ध गराउने व्यवस्था गर्‍यो । यसलाई थप व्यवस्थित गर्न र सबै क्षेत्रमा सन्तुलित ढंगले उद्योगको विकास गर्ने, स्थानीय पुँजी, प्राकृतिक र मानवीय स्रोतको उच्चतम उपयोग गर्ने लक्ष्य राखी सन् १९८८ जुलाईमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड स्थापना गर्‍यो । तर उल्लिखित राजनीतिक उतारचढाव, सशस्त्र द्वन्द्व, ऊर्जा सङ्कट, नाकाबन्दीजस्ता कारणले उद्योगधन्दाको विकास अपेक्षित हुन सकेन । नेकपाको नेतृत्वको सरकारले हरेक प्रदेशमा थप औद्योगिक क्षेत्र स्थापना गर्ने घोषणा अनुरूप झापाको दमक, सर्लाहीको मुर्तिया, मकवानपुरको मयूरधाप, चितवनको शक्तिखोर, रूपन्देहीको मोतीपुर, बाँकेको नौबस्ता, कैलालीको लम्की र कञ्चनपुरको दैजी औद्योगिक क्षेत्र घोषणा गरेको थियो । वातावरणीय मूल्याङ्कनमा भएको ढिलाइ र सरकारी कामको ढिलासुस्तीले औद्योगिक क्षेत्र निर्माण कार्यमा अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन । त्यसै गरी निकासी प्रवर्द्धनलाई प्रोत्साहन गर्न रूपन्देहीको भैरहवा र बाराको सिमरामा विशेष आर्थिक क्षेत्र स्थापना भए तापनि काम सुरु हुन सकेको छैन । विशेष आर्थिक क्षेत्रको विकासका निम्ति १ नम्बर प्रदेशको विराटनगर, वाग्मतीको पाँचखाल, गण्डकीको गोरखा, कर्णालीको जुम्ला र सुदूरपश्चिमको धनगढीमा केवल सम्भाव्यता अध्ययनको काम मात्र पूरा हुन सकेको छ । देशका १ सय ३० वटा स्थानमा उद्योग ग्राम स्थापना गर्ने काम पनि सुस्त ढङ्गले अगाडि बढेको छ ।

**अबको बाटो**

संविधानले राजकीय, निजी र सहकारीलाई तीनखम्बे अर्थनीतिको रूपमा परिभाषा गरेको छ । यसले समाजवादको चरित्र कस्तो हुने भन्ने विषयमा व्याख्या नगरे पनि यी तीनवटै क्षेत्रको विकास, समन्वय र सहयोगमा समाजवाद उन्मुख अर्थव्यवस्थालाई सुदृढ गर्ने सोच राखेको छ । समाजवादको चरित्रको विषयमा नेपाली कांग्रेस निजीकरण र उदारीकरणको बाटोबाट अघि बढ्ने विचार राख्दछ भने नेकपा माओवादी केन्द्र सम्पूर्ण रूपले अर्थतन्त्रमा सरकारको हस्तक्षेप हुनु पर्दछ भन्ने मान्यता र व्यवहारबाट निर्देशित रहेको छ । अझ माओवादीले निजी क्षेत्रलाई निरुत्साहित गर्ने मात्र होइन, समाजवादको दुस्मन देख्ने सोच राख्दछ । तर, नेकपा (एमाले) समाजवादको मूल आधार उत्पादक शक्तिको विकास, उत्पादनको वृद्धि र न्यायमूलक वितरण व्यवस्थालाई जोड दिन्छ ।

सङ्घ, प्रदेश र स्थानीय तहको सरकारको भूमिका र निश्चित अधिकार र कर्तव्यको सीमा संविधानले तोकेको छ । उनीहरू आफ्नो अधिकारको सीमाभित्र रहेर कानुन बनाउन स्वतन्त्र छन् । कर उठाउने र वितरण गर्ने कतिपय अधिकार पनि यी तीनै तहमा रहेको छ । यसो गर्दा उनीहरूले एकआपसमा प्रतिस्पर्धात्मक होइन, सहयोगात्मक र समन्वयात्मक ढंगले काम गर्नु पर्दछ । यस व्यवस्थाले आर्थिक समृद्धि र विकासको नयाँ सम्भावनाको आकाङ्क्षा राखेको छ । संविधानले दिएको अधिकारहरूलाई सिर्जनात्मक ढंगले लागू गर्ने हो भने विभिन्न तहमा बढीभन्दा बढी आर्थिक समृद्धि हासिल गर्ने र कामहरूलाई सफलता प्राप्तिको निम्ति बाटो खोलेको छ । यी नै आधारहरूलाई टेकेर हामीले निम्न कामहरू गर्नु आवश्यक छ :

**क. कृषि तथा भूमिसुधार**

नेपालको कुल क्षेत्रफलको २७ प्रतिशत जमिन खेतीयोग्य छ । २०७५ फागुनको तथ्याङ्क अनुसार १ करोड ५५ लाख ३८ हजार १ सय ६ जना जग्गाधनी छन् । ती जमिन ३ करोड ६२ लाख ५० हजार ९ सय ५९ कित्तामा विभाजित छन् । हाम्रोजस्तो सानो मुलुकमा यति धेरै टुक्रामा भूखण्डित

संविधानले राजकीय, निजी र सहकारीलाई तीनखम्बे अर्थनीतिको रूपमा परिभाषा गरेको छ । यसले समाजवादको चरित्र कस्तो हुने भन्ने विषयमा व्याख्या नगरे पनि यी तीनवटै क्षेत्रको विकास, समन्वय र सहयोगमा समाजवाद उन्मुख अर्थव्यवस्थालाई सुदृढ गर्ने सोच राखेको छ। समाजवादको चरित्रको विषयमा नेपाली कांग्रेस निजीकरण र उदारीकरणको बाटोबाट अघि बढ्ने विचार राख्दछ भने नेकपा माओवादी केन्द्र सम्पूर्ण रूपले अर्थतन्त्रमा सरकारको हस्तक्षेप हुनु पर्दछ भन्ने मान्यता र व्यवहारबाट निर्देशित रहेको छ।

हुनु भनेको अनुत्पादक कुरा हो । नेपालमा भएका भूमि समस्यालाई सुधार्नका निम्ति भनेर राजनीतिक पार्टीहरू, नागरिक र सरकारले भूमिसुधार, भूमि व्यवस्थापन र चक्लाबन्दी गर्नुपर्ने तर्क गर्दै आए पनि हाउजिङ, साना व्यवसाय, अंशबन्डा, तत्कालको आर्थिक लाभ आदिको नाममा निरन्तर जमिन खण्डित हुने क्रम जारी छ ।

वि.सं. २०१६ को विर्ता उन्मूलन, २०१८ सालको राजारजौटा र किपट प्रथा उन्मूलन, २०२१ सालको भूमिसुधार र भूमि हदबन्दीको व्यवस्था, २०५३ सालमा भूमिसम्बन्धी ऐन संशोधन गरी हदबन्दी घटाउने जस्ता कामले पनि भूमि समस्या समाधान गर्न सकेन । आजसम्म १२ वटा सुकुम्बासी आयोग गठन भएका छन् । ती आयोगहरूले ४६ हजार ६ सय बिघा र ३ लाख रोपनी जमिनलाई १ लाख ५३ हजार व्यक्ति वा परिवारलाई वितरण गरेका छन् । वर्तमान संविधानले घरबारविहीन, दलित परिवारलाई एकपटकका लागि घडेरी उपलब्ध गराउने व्यवस्था गरेको छ । केपी ओली नेतृत्वको नेकपाको सरकारले जमिनको उपभोग गरिरहेका ऐलानी पर्तीमा बसोबास गर्ने परिवारहरूको जमिन एकपटकका लागि सोही व्यक्तिका नाममा दर्ता गर्ने ऐन संसद्ले बनाएको छ । सो ऐनबमोजिम देवी ज्ञवालीको नेतृत्वमा राष्ट्रिय भूमि आयोगको गठन भएको थियो । त्यसको बदलामा शेरबहादुर देउवाको नेतृत्वमा बनेको गठबन्धन सरकारले अर्को आयोग बनाएको छ । तर, भूमिसम्बन्धी समस्या भने पूर्ण रूपमा हल हुन सकेको छैन ।

साँचो रूपमा भूमिलाई व्यवस्थित गर्ने र भूमिलाई अधिकतम् उपयोग गरी लाभ लिनका लागि हामी भावनामा बग्नुभन्दा पनि भूमि समस्यालाई गहिरो गरी अध्ययन गर्ने र सही नीति लिनु पर्दछ । जमिनलाई उपयोगका आधारमा वर्गीकरण गर्नु पर्दछ । कृषि, आवास, उद्योग, व्यावसायिक र अन्य प्रकारको जमिनको रूपमा छुट्याई ती जमिनलाई तोकिएको बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न नपाउने व्यवस्था गर्नु पर्दछ । खाद्यान्नबिना कोही पनि बाँच्न सक्दैन । कृषिको विकास नभई पर्याप्त मात्रामा खाद्यान्न उत्पादन हुँदैन । त्यसका लागि जमिन, मल, बीउको कुरा मात्र होइन, जनशक्ति र प्रविधि पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । कृषिमा नागरिकलाई आकर्षित गर्न कृषि जमिनलाई करमुक्त गर्नु पर्दछ । कृषिका लागि आवश्यक पर्ने पुँजी, सिंचाइ र अन्य पूर्वाधार निर्माण, मल, बीउ, यन्त्र-उपकरण र प्रविधि, भण्डारण र बजारको व्यवस्थाका लागि उच्च व्यवस्थापन गर्नु पर्दछ । जमिनको श्वास्थ्य परीक्षण गरी उत्पादन क्षेत्र तोकिनु पर्दछ । तोकिएको क्षेत्रमा तोकिएको बालीका लागि मात्र अनुदान दिने व्यवस्था गरी चक्लाबन्दी खेतीलाई प्रोत्साहन गर्नु पर्दछ । उत्पादनलाई ठूला आकारमा बढाई कृषि उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ति सुनिश्चित गर्नु पर्दछ । सहकारी, लिज तथा करार ऐनको व्यवस्था गर्नु पर्दछ । कृषि जमिनलाई बाँझो राख्न नपाउने र बाँझो राख्दा आर्थिक जरिवानाको व्यवस्था गरी खेतीयोग्य जमिनको उपयोगलाई प्रोत्साहन गर्नु पर्दछ ।

साँचो रूपमा भूमिलाई व्यवस्थित गर्ने र भूमिलाई अधिकतम् उपयोग गरी लाभ लिनका लागि हामी भावनामा बग्नुभन्दा पनि भूमि समस्यालाई गहिरो गरी अध्ययन गर्ने र सही नीति लिनु पर्दछ । जमिनलाई उपयोगका आधारमा वर्गीकरण गर्नु पर्दछ । कृषि, आवास, उद्योग, व्यावसायिक र अन्य प्रकारको जमिनको रूपमा छुट्याई ती जमिनलाई तोकिएको बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न नपाउने व्यवस्था गर्नु पर्दछ । खाद्यान्नबिना कोही पनि बाँच्न सक्दैन ।

**ख. औद्योगीकरणको विकास**

औद्योगीकरणका लागि नेपालमा उद्योग मन्त्रालयको स्थापना, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड गठन, औद्योगिक क्षेत्र स्थापना, विशेष आर्थिक क्षेत्र, उद्योग ग्राम आदिको व्यवस्था भएको छ । तर, त्यसले बदलिँदो समय र राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबीचको राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्ने, आवश्यक सुधार गर्ने, व्यवस्थित गर्ने, गुणस्तरीय उत्पादन र बजारीकरणमा जोड दिन सकेको छैन । त्यसमाथि पनि सशस्त्र द्वन्द्व, राजनीतिक अस्थिरता, ऊर्जा सङ्कट, नाकाबन्दी, भूकम्प र कोरोना महामारीले उद्योगधन्दाको विकासमा अवरोध सिर्जना गरेको छ । गएको आर्थिक वर्ष २०७७/०७८ मा कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान ५.५ प्रतिशत मात्र रहेको थियो । उद्योगी, व्यवसायीहरूप्रतिको नकारात्मक सोच, सरकारी कर्मचारी प्रशासनको सकारात्मक सहयोगको अभाव, पुँजी र नव अन्वेषणको अभावले उद्योगधन्दाले अपेक्षित गति लिन सकेका छैनन् । जमिनको आकाशिंदो मूल्यका कारण उद्योगधन्दाको स्थापनामा लगानीको अभावको कारणले समस्या बन्दै गएको छ । यस्ता समस्या समाधानार्थ सरकारले लामो अवधिका लागि लिजमा जग्गा उपलब्ध गराउने र आवश्यक पूर्वाधार पुऱ्याउने नीति लिनु पर्दछ । मूल रूपमा औद्योगीकरणप्रतिको चेतना, प्रोत्साहन, दक्षताको विकास र नागरिकमा जाँगरमा वृद्धि गर्नु पनि उत्तिकै आवश्यक छ ।

**ग. कर्मचारी प्रशासनमा सुधार**

राजनीतिक परिवर्तनसँगै राजनीतिक नेतृत्व तथा सरकारमाथि जनताको अपेक्षा बढ्नु स्वाभाविक छ । त्यसका लागि मेरुदण्डको भूमिका खेल्ने कर्मचारी प्रशासनको भूमिकाले नै ती आकाङ्क्षाहरू पूरा गर्ने दिशातर्फ मुलुक अगाडि बढ्न सक्छ । त्यसका लागि परम्परागत कर्मचारी प्रशासनलाई सुधार र आधुनिकीकरण गर्नु पर्दछ । उनीहरूको कार्यक्षमता बढाउनका लागि तालिम, राष्ट्रिय/अन्तर्राष्ट्रिय अध्ययन भ्रमण, तलब वृद्धि र उनीहरूलाई साधनयुक्त बनाउनु पर्दछ । यसका साथै कानुनद्वारा भ्रष्टाचार, अनुचित तथा गलत कुराको नियन्त्रण गर्ने, कामप्रति उत्तरदायी बनाउने, जनताले समयमा सेवा पाउने र कर्मचारी प्रशासनलाई सुचारु रूपले अगाडि बढाउने वातावरण सिर्जना गर्नु पर्दछ । नराम्रो कामका लागि दण्ड र राम्रो कामका लागि पुरस्कारको व्यवस्था गर्नु पर्दछ ।

**घ. विज्ञान, प्रविधि र शिक्षामा लगानी**

विश्वमा विज्ञान, प्रविधि र शिक्षाको क्षेत्रले

फड्को मारिहेको छ । एक सय वर्षमा नभएको खोज अनुसन्धान र प्रविधिको विकास विगत २० वर्षमा भएका छन् । एक्काइसौं शताब्दीको सुरुसँगै चौथो औद्योगिक क्रान्ति उत्कर्षतर्फ अगाडि बढेको छ । आर्टिफिसियल इन्टेलिजेन्स, थ्रिडी प्रिन्टिङ, रोबोटिक्स, फाइभजी, चालकरहित गाडीलगायतको विकासले ठूलो उथलपुथल ल्याइरहेको छ । भौतिक सम्पत्तिलाई ज्ञान सम्पत्तिले उछिनेको छ । विज्ञान, प्रविधि र ज्ञान सबैभन्दा महत्त्वपूर्ण उत्पादनको साधन बनेको छ । विश्वमा आएको परिवर्तनहरूले नेपालमा पनि असर पार्नु स्वाभाविक छ । तर, नेपालले आवश्यकता अनुसार शिक्षामा लगानी बढाउन र राष्ट्रिय लक्ष्य किटान गरी शिक्षाको स्तर उन्नतिमा ध्यान दिन सकेको छैन । वि.सं. २०६६/०६७ मा शिक्षामा बजेटको १७ प्रतिशत रहेकोमा पछिल्ला बजेटहरूमा १० प्रतिशतमा झरेको देखिन्छ । शिक्षामा गर्ने लगानी सामान्य चेतना दिने वा शिक्षा दानका रूपमा मात्र नहेरी भावी पुस्ताका लागि लगानी सम्झिनु आवश्यक छ । शिक्षाको लगानीलाई देशको भौतिक पूर्वाधार र उत्पादनसँग जोडिँदै लैजानु पर्दछ । विज्ञान, प्रविधि, ज्ञान, खोज र अनुसन्धानमा लगानी बढाउनु पर्दछ ।

**ङ. पर्यटन क्षेत्रको विकास**

नेपालको प्राकृतिक सुन्दरता र विविधता विश्वमै अनुपम छ । तर, सुन्दरतालाई भरपूर उपयोग गर्ने गरी मानव र आर्थिक स्रोतको लगानी नगरेसम्म सुन्दरताको उपयोग र विकास हुन सक्दैन । मानौं हिमाली क्षेत्रमा पर्वत चढ्नेहरूका लागि विश्राम गर्ने र खाने ठाउँ, मनोरञ्जन गर्ने र आराम गर्ने ठाउँ आदिको बन्दोवस्त नहुने हो भने पर्यटकहरूले त्यस्ता स्थानमा भ्रमण गर्न रुचाउँदैनन् । त्यसो हुनाले हाम्रो नेपालको प्राकृतिक सुन्दरलाई ध्यानमा राखी विकासलाई तीव्र पार्नका लागि पूर्वाधारको विकास गर्नु पर्दछ । विभिन्न सुन्दर, ऐतिहासिक र धार्मिक स्थानलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नु पर्दछ । पर्यटन उद्यमलाई विकास गर्नका लागि सडकलगायतका विभिन्न पूर्वाधारमा लगानी, लिजमा जमिन उपलब्ध गराउने र पुँजीको उपलब्धताका लागि नीति बनाउनु पर्दछ । आर्थिक उत्पादन, व्यावसायिक कारोबारको वृद्धि, रोजगारी सिर्जना र राजस्व वृद्धिको कुराले मात्र देश समृद्ध हुन सक्दछ ।

**च. पूर्वाधारको विकास**

आर्थिक विकास र समृद्धिको यात्रामा पूर्वाधारले अत्यन्त ठूलो भूमिका खेल्दछ । तर, कस्तो पूर्वाधार निर्माण हुँदा कति उपलब्धि वा प्रतिफल प्राप्त हुन्छ, त्यसले बजारको विकासमा कस्तो भूमिका खेल्छ भन्ने विषय महत्त्वपूर्ण हुन्छ । पूर्वाधार निर्माणका नाममा धेरै परियोजना एकैपटक सुरु गर्दा त्यसलाई सम्पन्न गर्न चाहिने स्रोतको अभावले परियोजनाहरू लामो कालसम्म सम्पन्न हुन नसकेका हाम्रा अनुभव छन् । जनप्रतिनिधि र नागरिक अगुवाहरूले सबै पूर्वाधार सरकारले नै बनाउनु पर्दछ, वैदेशिक लगानी भित्र्याउनु हुन्न र सबै योजना अहिले नै सुरु गर्नु पर्दछ भन्ने परस्परमा नमिल्दो विचार पनि राख्ने गरेका छन् । कुन पूर्वाधार सबैभन्दा महत्त्वपूर्ण छ, त्यसले आर्थिक र सामाजिक रूपमा कस्तो प्रभाव पार्दछ, लगानी कति पर्दछ, स्रोत के हो, समयसीमा के हो जस्ता कुरामा ध्यान नपुगीकन पूर्वाधार निर्माणको कुरा सफल हुन सक्दैन । मतदाता र जनप्रतिनिधिका चाहना वा बाध्यताहरूको तालमेल गर्नु, ठूला वा साना पूर्वाधार निर्माणमा तालमेल मिल्नु पनि जरुरी छ । तर, जसो गर्दा पनि राष्ट्रको आर्थिक विकासमा जोड दिने कुरा भने नागरिक, जनप्रतिनिधिहरू र सरकारले बिर्सनु हुँदैन । यसरी सन्तुलित रूपमा सम्बोधन गर्न परियोजनाको आकार अनुसार त्यसलाई पुग्दो बजेट छुट्याएर निश्चित समयभित्र परियोजना सम्पन्न गर्नु पर्दछ । परियोजना समयमा सम्पन्न गर्न सक्दा त्यसबाट प्राप्त हुने आर्थिक लाभ अर्थात् समयको आर्थिक मूल्य र आर्थिक विकासको परिणामलाई ध्यानमा राख्नु पर्दछ । छोटो समयमै ठूला उपलब्धि हासिल गरेका मुलुकका उदाहरणहरूबाट पनि हामीले सिक्नु पर्दछ ।

**छ. सहरीकरणमा जोड**

सहरीकरण आर्थिक विकासको इन्जिन हो । हाम्रो देशमा छरिएका बस्ती र घरहरूका कारण आवश्यक सेवा सुविधा, पूर्वाधार, स्वास्थ्य सेवा, शिक्षा पुऱ्याउन समय र आर्थिक रूपले खर्चिलो भएको छ । बस्तीहरू एकै ठाउँमा भएको खण्डमा मानिसहरूलाई चाहिने बिजुली, पानी, ढल, बजार आदिको सुविधा पुऱ्याउन सजिलो, सस्तो हुने थियो र समयको पनि बचत हुने थियो । यसले जङ्गल क्षेत्र, चरन क्षेत्र र खेतीयोग्य जमिनको पनि बचाउ हुन सक्छ । त्यसकारण बजार केन्द्र र आवास क्षेत्रको विकास गरी सहरीकरणमा जोड दिनु पर्दछ । विगतमा हामीले जग्गा उपलब्ध गराउन दिँदै आएको जोडको साटो घर वा फ्ल्याट उपलब्ध गराउने नीति लिनु पर्दछ । सहरीकरणका निम्ति स्थानीयदेखि सङ्घीय सरकारले आवश्यक पर्ने बजेट, नीतिहरू सुनिश्चित गर्नु पर्दछ ।

**ज. ऊर्जाको विकास**

नेपालमा जलविद्युत् उत्पादन क्षमता ४३ हजार मेगावाट भए पनि त्यसको उत्पादन कुल क्षमताको पाँच प्रतिशतको हाराहारीमा मात्र भएको छ । हाम्रा खोलानाला र प्रकृतिका कारण वर्षायाममा हुने विद्युत् उत्पादनको एक तिहाइसम्म मात्र हिउँदमा उत्पादन हुने गर्दछ । वर्षायाममा बग्ने चार महिनाको पानी बाँकी महिनाको भन्दा धेरै हुने गर्दछ । यसले गर्दा वर्षामा बढी उत्पादन हुने बिजुली हिउँदमा कम हुँदा एकनासले विद्युत् आपूर्ति हुन सक्दैन ।

विश्व बैंकको एक अध्ययन प्रतिवेदनमा नेपालमा १८ हजार मेगावाट सौर्य ऊर्जा र २ हजार मेगावाट हावाबाट विद्युत् उत्पादनको सम्भावना रहेको उल्लेख गरेको छ । विश्वमा प्रविधिको क्षेत्रमा भएको नयाँ नयाँ उपलब्धिले ऊर्जाको उत्पादन लागत कम हुँदै गएको

मतदाता र जनप्रतिनिधिका चाहना वा बाध्यताहरूको तालमेल गर्नु, ठूला वा साना पूर्वाधार निर्माणमा तालमेल मिल्नु पनि जरुरी छ। तर, जसो गर्दा पनि राष्ट्रको आर्थिक विकासमा जोड दिने कुरा भने नागरिक, जनप्रतिनिधिहरू र सरकारले बिर्सनु हुँदैन। यसरी सन्तुलित रूपमा सम्बोधन गर्न परियोजनाको आकार अनुसार त्यसलाई पुग्दो बजेट छुट्याएर निश्चित समयभित्र परियोजना सम्पन्न गर्नु पर्दछ।

छ। यस अवस्थालाई ध्यान दिई दिनमा सौर्य ऊर्जा र रातमा जलविद्युत् उत्पादनको मिश्रित उत्पादनको सम्भावना अध्ययन गर्नु पर्दछ र उपयुक्त भएको योजना लागू गर्नु पर्दछ। विश्वमा बढ्दै गइरहेको पेट्रोलियमको अभाव, व्यापारिक तनाव, पेट्रोलियम पदार्थमाथिको परनिर्भरताबाट नेपालले बेहोर्दै आएको समस्याहरूबाट मुक्त हुन नेपालको जलस्रोतलाई भरपूर उपयोग गरी स्वदेशी ऊर्जा उत्पादनलाई बढाउनु पर्दछ। फोसिल फ्युलको प्रयोगलाई निरुत्साहित गर्दै नवीकरणीय ऊर्जाको विकासमा ध्यान दिनु पर्दछ। यसले नेपालको ऊर्जा आवश्यकतालाई पूर्ति गर्ने मात्र होइन, यसको निर्यात बढाएर आर्थिक स्रोत बढाउने र व्यापार घाटा घटाउन र वातावरणीय प्रभावलाई न्यून गर्न उल्लेखनीय योगदान पुऱ्याउँदछ।

**झ. उद्यमशीलताको विकास**

हाम्रो समाजको निर्भरता कृषिमाथि रहँदै आएको छ। शिक्षा, उद्योगधन्दा बाटोघाटो, सञ्चार आदिको विकासमा पछि परेका कारण उद्यमशीलताको विकासमा पछाडि रहँदै आएको छ। पूर्वजको पेसा कृषि हुनु र सीमित घरानाका व्यक्ति र तिनका परिवार मात्र व्यावसायिक गतिविधिमा सरिक भएको विगतका कारण नयाँ व्यक्तिहरू व्यवसायमा सरिक भई उद्यमी बन्ने संस्कारको विकास अझै हुन सकेको छैन। पुर्ख्यौली अनुभवको अभाव, पुँजीको अभाव, प्रविधि, बजार र ज्ञानबारेको अनभिज्ञता, लगानी डुब्ने डरजस्ता कारणले नयाँ पिँढीका व्यक्तिमा उद्यमशील बन्न आत्मविश्वासको कमी छ। समय, लगानी, सङ्ख्या, उत्पादन, उद्यमीहरूको योगदानको हिसाबले हेर्दा नेपालमा उद्यमीहरू पहिलो पुस्ताका रूपमा मात्र स्थापित हुन सकेको भन्दा अत्युक्ति नहोला। सरकारले नवउद्यमी बन्नका लागि सूचना र जानकारी उपलब्ध गराउने, पुँजीको पहुँचका लागि आवश्यक व्यवस्था गर्नु पर्दछ। यो पनि सही कुरा हो कि, हाम्रा पहिला पुस्ताका उद्यमीहरूले उल्लिखित विभिन्न चुनौतीका कारण यथेष्ट रूपमा उत्पादन गर्ने, राष्ट्रिय आय वृद्धि गर्ने कुरामा अपेक्षित योगदान गर्न नसकेका होलान्। हरेक पहिलो पुस्ताले सुरुमा असफलता र नोक्सानी झेलेरै ठूलठूला उपलब्धिहरू हासिल गरेको तथ्यलाई हामीले बिर्सनु हुँदैन। नयाँ पिँढीका उद्यमशीलहरूले यो तथ्य बुझ्नु पर्दछ र नयाँ पुस्ताका उद्यमी बन्न नागरिकहरू तयार हुनु जरुरी छ।

**ञ. वैदेशिक रोजगारी र सहायता**

वि.सं. २००७ सालअगाडि नेपाल एक किसिमले बन्द समाज थियो। सुगौली सन्धिपश्चात् नेपालीहरू गोर्खा सैनिक अर्थात् तत्कालीन ब्रिटिस सेनामा भर्ती हुन थाले। त्यस समयदेखि नै नेपालमा रेमिट्यान्स भित्रिन थालेको देखिन्छ। तर, त्यसको यकिन विवरण उपलब्ध छैन। प्रथम विश्वयुद्धपश्चात् सन् १९२० मा स्वदेश फर्किएका ब्रिटिस गोर्खाहरूले २० लाख भारु ल्याएको सरदार भीमबहादुर पाँडेले उल्लेख गरेका छन्।

वि.सं. २००७ पछि यसले वैदेशिक सहायता प्राप्त गर्न थाल्यो। सुरुका वर्षमा नेपालले अनुदान मात्र प्राप्त गर्दथ्यो। आ.व. २०२०/०२१ देखि नेपालले अनुदानका साथै ऋण लिन थाल्यो। २०३९/०४० सालसम्म अनुदानको हिस्सा ऋणभन्दा बढी थियो। त्यस वर्ष वैदेशिक सहयोगको मात्रा कुल बजेटको ३० प्रतिशत थियो। २०५६/०५७ मा आइपुग्दा त्यो ३६ प्रतिशतमा पुग्यो। २०७८ असारको तथ्याङ्क अनुसार नेपालको कुल सार्वजनिक ऋण १७ खर्ब २८ अर्ब २५ करोड रहेको छ। त्यो कुल गार्हस्थ उत्पादनको ४०.५ प्रतिशत हो। जसमा विदेशी ऋण ९ खर्ब २७ अर्ब ९३ करोड र स्वदेशी ऋण ८ खर्ब ३२ करोड रहेको छ। त्यस समयको हाराहारीमा सन् २०१९ मा भारतबाट १ खर्ब २८ करोड ५० लाख र अन्य देशहरूबाट ७ खर्ब ५० लाख रुपैयाँ रेमिट्यान्स भित्रिएको छ। २०७८ असारको तथ्याङ्क अनुसार ९ खर्ब ६१ अर्ब ५ करोड रुपैयाँ रेमिट्यान्स प्राप्त भएको छ। वैदेशिक सम्बन्ध आर्थिक कूटनीतिमा केन्द्रित गर्दै अन्तर्राष्ट्रिय सहयोगको वृद्धि, त्यसको सदुपयोग र समयमा कार्यान्वयन गर्नु पर्दछ। पुँजी सिर्जना हुने पूर्वाधारमा लगानी गरी आर्थिक वृद्धि र रोजगारी वृद्धिलाई केन्द्रबिन्दुमा राख्नु पर्दछ।

**मलेसिया र खाडीमा वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई स्वदेशमै रोजगारी सिर्जना गर्ने, जापान, दक्षिण कोरिया र इजरायल जाने कामदारहरूलाई पैसा र सीप लिएर फर्कन प्रेरित गर्ने र अमेरिका, युरोप र अस्ट्रेलिया जाने व्यक्तिहरूबाट पुँजी र प्रविधि भित्र्याउने नीति बनाउनु पर्दछ।**

असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तका आधारमा विभिन्न देशबीचको सम्बन्धलाई सन्तुलित र सुमधुर राख्नु पर्दछ। छिमेकी देशहरूसँगको पारवहन र सीमासम्बन्धी विवादलाई दुईपक्षीय वार्ताद्वारा समाधान गर्नु पर्दछ। वैदेशिक नीतिका बारेमा दलहरूबीच र राष्ट्रिय रूपमा साझा धारणा बनाउनु पर्दछ। मलेसिया र खाडीमा वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई स्वदेशमै रोजगारी सिर्जना गर्ने, जापान, दक्षिण कोरिया र इजरायल जाने कामदारहरूलाई पैसा र सीप लिएर फर्कन प्रेरित गर्ने र अमेरिका, युरोप र अस्ट्रेलिया जाने व्यक्तिहरूबाट पुँजी र प्रविधि भित्र्याउने नीति बनाउनु पर्दछ।

**ट. ट्रेड युनियनको भूमिका**

ट्रेड युनियनहरूले राजनीतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। ट्रेड युनियन अधिकार प्राप्तिका लागि हाम्रो पार्टीले अग्रणी भूमिका खेल्दै आएको छ। २०४६/०४७ को परिवर्तनपश्चात् मजदुर क्षेत्र मात्र होइन, शिक्षक र निजामती क्षेत्रमा पनि ट्रेड युनियन खोल्ने अधिकार प्राप्त भयो। यो सकारात्मक उपलब्धि हो।

ट्रेड युनियनहरूले आफ्ना सामुदायिक र पेसागत अधिकारका विषयमा केन्द्रित हुन आवश्यक छ। उनीहरू आफ्ना निश्चित स्वार्थ र मागमा सीमित बन्दै अर्थवादमा जकडिँदै वा ट्रेड युनियनको सामर्थ्य प्रयोग गर्दै सरुवा, बढुवा, भ्रष्टाचारजन्य कार्यमा संलग्न हुनबाट ट्रेड युनियनलाई बचाउनु पर्दछ। देशको बृहत्तर विकास र हितले नै सम्पूर्ण कर्मचारी र पेसाकर्मीहरूको लाभ हुन्छ भन्ने विषयमा युनियनका नेता तथा कार्यकर्ताहरू सचेत हुनु पर्दछ। उनीहरू समाज परिवर्तनको गुरुत्तर जिम्मेवारीको अधीनस्थ रही क्रियाशील हुनु पर्दछ र मुलुकको बृहत्तर आर्थिक समृद्धि र परिवर्तनको आकाङ्क्षा अनुरूप आफूलाई उभ्याउनु पर्दछ। ❐

# विगतका महाधिवेशनको आलोकमा दसौं राष्ट्रिय महाधिवेशन



शङ्कर पोखरेल
महासचिव

**पार्टी निर्माणका सन्दर्भमा जनताको बहुदलीय जनवादको मौलिक अवधारणा अनुरूप पार्टीको आठौं राष्ट्रिय महाधिवेशनमा पार्टी जीवनको लोकतन्त्रीकरणको नयाँ मान्यता अवलम्बन गरिएको थियो। उक्त मान्यता अवलम्बन गरिएपछि महाधिवेशनबाट प्रमुख पदाधिकारीसहितका केन्द्रीय सदस्यहरूको निर्वाचन महाधिवेशनमा सहभागी प्रतिनिधिहरूले प्रत्यक्ष रूपमा गर्न पाउने व्यवस्था गरिएको थियो।**

१. पार्टी जीवनमा राष्ट्रिय महाधिवेशनको असाधारण महत्त्व हुन्छ । कुनै पनि राष्ट्रको निर्माणमा नागरिक सम्प्रभुताको महत्त्व रहेझैं पार्टी निर्माणमा कार्यकर्ताको सम्प्रभुता महत्त्वको हुन्छ । कार्यकर्ताले पार्टी निर्माणमा आफ्नो सम्प्रभुताको प्रयोग अधिवेशन/महाधिवेशनका माध्यमबाट गर्दछन् । पार्टीको वैधानिक व्यवस्थामा राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च निकाय मानिन्छ । महाधिवेशनबाट पार्टीको मूल नीति, विधि र नेतृत्वको निर्माण गरिन्छ । एउटा महाधिवेशनदेखि अर्को महाधिवेशनसम्मका लागि महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीले महाधिवेशनबाट तय भएको नीति र विधिका आधारमा पार्टीको समग्र कामको नेतृत्व गर्दछ । पार्टीमा महाधिवेशनका निर्णयहरूको सर्वोच्चताले नै नेतृत्व र कार्यकर्ताबीचको अन्तरसम्बन्धलाई जीवन्त बनाउने काम गर्दछ । हाम्रो जस्तो जनतामा आधारित कार्यकर्ता पार्टीका लागि कार्यकर्ताको सम्प्रभुताको महत्त्व विशेष रहन्छ । त्यसको प्रयोग अधिवेशन/महाधिवेशनका माध्यमबाट नै हुने गर्दछ । यस अर्थमा हाम्रो जस्तो पार्टीको जीवनमा राष्ट्रिय महाधिवेशनको सफल आयोजनाले विशेष अर्थ राख्दछ ।

२. नेपालको कम्युनिस्ट आन्दोलनमा नेकपा (एमाले) २००६ वैशाख ९ (तदनुसार २२ अप्रिल १९४९)मा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीको मूल प्रवाह हो । स्थापनाकालदेखि आजसम्म पार्टीका दसवटा राष्ट्रिय महाधिवेशनहरू सम्पन्न भएका छन् । तेस्रो महाधिवेशनसम्म पार्टी एकीकृत अवस्थामा थियो । चौथो महाधिवेशन नेकपा (माले)को आयोजनामा भूमिगतकालमा भएको थियो । अन्य महाधिवेशनहरू नेकपा (एमाले) बनेपछि सम्पन्न भएका हुन् । यसरी सम्पन्न भएका पार्टीका प्रत्येक महाधिवेशन आफ्नै खाले विशेषताका साथ सम्पन्न हुने गरेका छन् । ती महाधिवेशनहरूमध्ये पार्टीको दसौं राष्ट्रिय महाधिवेशनको विशेष महत्त्व रहेको छ । नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासमा पहिलो पटक नीति र विधि निर्माणका लागि अलग्गै अधिवेशनको आयोजना गरियो र उक्त नीतिको कार्यान्वयनका लागि केन्द्रीय नेतृत्व निर्माण गर्न अलग्गै राष्ट्रिय महाधिवेशनको आयोजना गरियो । पार्टी निर्माणका सन्दर्भमा जनताको बहुदलीय जनवादको मौलिक अवधारणा अनुरूप पार्टीको आठौं राष्ट्रिय महाधिवेशनमा पार्टी जीवनको लोकतन्त्रीकरणको नयाँ मान्यता अवलम्बन गरिएको थियो । उक्त मान्यता अवलम्बन गरिएपछि महाधिवेशनबाट प्रमुख पदाधिकारीसहितका केन्द्रीय सदस्यहरूको निर्वाचन महाधिवेशनमा सहभागी प्रतिनिधिहरूले प्रत्यक्ष रूपमा गर्न पाउने व्यवस्था गरिएको थियो । यस प्रकारको मान्यतालाई पार्टीले अवलम्बन गरेपछि महाधिवेशनमा सहभागी प्रतिनिधिहरूको ध्यान नीति निर्माणमा भन्दा नेतृत्व निर्माणको प्रश्नमा केन्द्रित हुन पुग्यो । त्यस प्रकारको स्थिति आउन नदिनका लागि पार्टीको नवौं राष्ट्रिय महाधिवेशनले नीति र विधिका लागि विधान महाधिवेशन र नेतृत्व निर्माणका लागि राष्ट्रिय महाधिवेशनको आयोजना गर्ने

नयाँ मान्यता अघि सार्‍यो । पार्टीको दसौं राष्ट्रिय महाधिवेशनको आयोजनाका क्रममा उक्त मान्यतालाई सफलतापूर्वक अघि बढाइयो । यस अर्थमा पनि पार्टीको दसौं राष्ट्रिय महाधिवेशन नीति, विधि र नेतृत्व निर्माणका लागि ऐतिहासिक महाधिवेशन बन्न पुगेको छ ।

३. नेकपाको पहिलो महाधिवेशन २०१० माघमा ललितपुर र काठमाडौंमा भूमिगत रूपमा सम्पन्न भएको थियो । पार्टी स्थापनाको समयमा नेपालमा मार्क्सवादको प्रभावमा रहेका सबैखाले पात्र र प्रवृत्तिहरूलाई नसमेटिएको आरोप खेप्नुपरेका संस्थापक महासचिव कमरेड पुष्पलालले महासचिवको हैसियतमा पहिलो महाधिवेशनको समेत आयोजना गर्न पाउनु भएन । नेकपाको पहिलो राष्ट्रिय महाधिवेशनको आयोजना गरिएको केही समयपश्चात् नै २००८ सालमा पोलिटब्युरोको बहुमतबाट कमरेड पुष्पलाललाई महासचिवबाट हटाएर त्यसको ठाउँमा कमरेड मनमोहन अधिकारीलाई ल्याइएको थियो । पार्टीको प्रथम महाधिवेशन कमरेड मनमोहन अधिकारीको नेतृत्वमा आयोजना गरिएको थियो । नेपाली कांग्रेसको नेतृत्वमा रहेको संयुक्त सरकारले प्रतिबन्ध लगाएको समयमा आयोजना गरिएको प्रथम महाधिवेशनमा पार्टीको वैधानिकता स्थापित गर्ने कुरामा महाधिवेशनको विशेष ध्यान केन्द्रित हुन पुगेको थियो । महाधिवेशनको नीति र नेतृत्व निर्माणमा समेत पार्टीको वैधानिकता स्थापित गर्ने एजेन्डाले विशेष प्रभाव पारेको थियो । महाधिवेशनबाट कमरेड मनमोहन अधिकारीको नेतृत्वमा केन्द्रीय कमिटी निर्वाचित भएको थियो । महाधिवेशनबाट निर्वाचित भएको केन्द्रीय कमिटीले पार्टीलाई वैधानिक बनाउनका लागि विशेष भूमिका निर्वाह गरेको थियो । यद्यपि, उक्त विषय पनि पार्टीको जीवनमा विवादको विषय बन्न पुग्यो । कतिपय कमिटीले पार्टी नीतिसँग आफूलाई असहमत देखाउँदै स्वतन्त्र भएको घोषणा पनि गरे । तर पनि उक्त समयमा किसान आन्दोलनका माध्यमबाट पार्टीको प्रभाव विस्तारको काम भने महत्त्वका साथ अघि बढेको थियो । नीतिगत रूपमा विश्लेषण गर्दा उक्त महाधिवेशनमा रणनीतिक विषयले भन्दा कार्यनीतिक विषयले बढी प्राथमिकता पाएका थिए ।

**पार्टीको दोस्रो महाधिवेशन पार्टी जीवनमा विशेष अर्थ राख्ने महाधिवेशन हो । पहिलो महाधिवेशन भएको पाँच वर्ष नपुग्दै २०१४ जेठमा पार्टीको दोस्रो महाधिवेशनको आयोजना गरिएको थियो । पार्टीमाथिको प्रतिबन्ध फुकुवा भएको समयमा आयोजना गरिएको दोस्रो महाधिवेशन काठमाडौंको फोहरा दरबारमा सम्पन्न भएको थियो । पार्टीको प्रथम महाधिवेशनबाट निर्वाचित महासचिवको अनुपस्थितिमा कार्यवाहक महासचिव केशरजङ्ग रायमाझीको नेतृत्वमा उक्त महाधिवेशनको आयोजना गरिएको थियो ।**

४. पार्टीको दोस्रो महाधिवेशन पार्टी जीवनमा विशेष अर्थ राख्ने महाधिवेशन हो । पहिलो महाधिवेशन भएको पाँच वर्ष नपुग्दै २०१४ जेठमा पार्टीको दोस्रो महाधिवेशनको आयोजना गरिएको थियो । पार्टीमाथिको प्रतिबन्ध फुकुवा भएको समयमा आयोजना गरिएको दोस्रो महाधिवेशन काठमाडौंको फोहरा दरबारमा सम्पन्न भएको थियो । पार्टीको प्रथम महाधिवेशनबाट निर्वाचित महासचिवको अनुपस्थितिमा कार्यवाहक महासचिव केशरजङ्ग रायमाझीको नेतृत्वमा उक्त महाधिवेशनको आयोजना गरिएको थियो । पार्टीको वैधानिकतामा जोड दिने गरी पार्टी कार्यक्रममा संशोधन गर्ने उद्देश्यका साथ उक्त महाधिवेशनको आयोजना गरिएको थियो । तर, उक्त महाधिवेशनले केन्द्रीय कमिटीको बहुमतबाट प्रस्तुत पार्टी कार्यक्रममा संशोधनको प्रस्तावलाई अस्वीकार गरी कमरेड पुष्पलालद्वारा प्रस्तुत गणतन्त्रको प्रस्तावलाई स्वीकार गरेको थियो । तर, महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीको बहुमत केशरजङ्ग रायमाझीको पक्षमा रह्यो र महासचिवमा केशरजङ्ग रायमाझी निर्वाचित हुन पुगे । उक्त महाधिवेशनबाट निर्वाचित नेतृत्वको बहुमत पक्षले महाधिवेशनको राजनीतिक लाइनलाई अघि बढाउन अस्वीकार गरेपछि सुरु भएको अन्तरसङ्घर्ष २०१७ सालको शाही कदमपछि पटाक्षेप भयो । पार्टीको नेतृत्वमा पुग्न सफल केशरजङ्ग रायमाझी पक्षले घुमाउरो रूपमा राजाको निरङ्कुश कदमको कित्तामा आफूलाई उभ्यायो । पुष्पलालको नेतृत्वमा रहेको अल्पमत पक्षले सुरुदेखि नै आफूलाई शाही कदमको विपक्षमा दृढतापूवर्क उभ्यायो । उक्त समयमा विधानसभाको निर्वाचनबाट बनेको नयाँ संविधानबाट कि राजाबाट जारी भएको संविधानका आधारमा आमनिर्वाचन भन्ने विषयमा समेत पार्टीमा गम्भीर मतभेद उत्पन्न भयो । मतभेदका बीचमा सम्पन्न भएको आमनिर्वाचनमा पार्टीले भाग लियो । आन्तरिक विवाद र राम्रो तयारीबिना निर्वाचनमा सहभागी भएका कारणले उक्त निर्वाचनमा पार्टीले आशातित सफलता पाउन सकेन ।

५. २०१७ को शाही कदमपछि पार्टीहरूमाथि प्रतिबन्ध लागेसँगै नेकपाले भूमिगत रूपमा आफ्नो गतिविधिलाई अघि बढाउन थाल्यो । २०१८ सालमा दरभङ्गा प्लेनमका रूपमा चर्चित विस्तारित बैठक नेकपाको इतिहासमा निकै महत्त्वपूर्ण बैठक बन्न पुग्यो । उक्त बैठकमा २०१७ को शाही कदमका विरुद्धमा कसरी अघि बढ्ने भन्ने सन्दर्भमा केन्द्रित रहेको थियो । बहुमत पक्ष संविधानसभाको पक्षमा उभियो । कमरेड पुष्पलालले विघटित संसद्को पुनर्स्थापनका लागि संयुक्त जनआन्दोलनको नीति अघि सार्नुभएको थियो । केशरजङ्ग रायमाझीको नेतृत्वमा रहेको केन्द्रीय कमिटीको बहुमतले नयाँ संसद्को चुनावको नीति अघि सारेको थियो । प्लेनमबाट आफ्नो नीति अस्वीकृत

भए पनि रायमाझीको नेतृत्वमा रहेको केन्द्रीय कमिटीले प्लेनमको बहुमतको निर्णयलाई मान्न अस्वीकार गर्‍यो । यही पृष्ठभूमिमा नेपालको कम्युनिस्ट आन्दोलनमा फुट र विभाजनको शृङ्खला सुरु भयो । परिणामस्वरूप २०१९ वैशाखमा नेकपाको तेस्रो महाधिवेशन केन्द्रीय कमिटीका तर्फबाट नभई बहुमत जिल्ला कमिटीका तर्फबाट आयोजना गरिएको महाधिवेशनका रूपमा सम्पन्न भएको थियो । कमरेड तुल्सीलालको नेतृत्वमा आयोजना गरिएको तेस्रो महाधिवेशनमा कमरेड तुल्सीलाल र कमरेड पुष्पलालका बीचमा नीतिगत मतभेद देखियो । महाधिवेशनले तुल्सीलालले प्रस्तुत गर्नुभएको सर्वाधिकार सम्पन्न संसद्को नीतिलाई बहुमतबाट पारित गरेको थियो । तर, महाधिवेशनको निर्णय कार्यान्वयनमा जान नपाउँदै पार्टीमा पुनः गम्भीर मतभेद सिर्जना हुन पुग्यो । त्यसपछि नेपालको कम्युनिस्ट आन्दोलनमा पुनर्गठनका नाममा फुट र विभाजनको शृङ्खला सुरु भयो । यही समयमा सुरु भएको झापा विद्रोह र केन्द्रीय न्युक्लियसका माध्यमबाट एकता र पुनर्गठनको नयाँ प्रक्रिया पनि सुरु भयो । आजको हाम्रो पार्टी नेकपा (एमाले) झापा विद्रोहको जगमा तयार भएको एकता र ध्रुवीकरणको जगमा निर्माण भएको हो ।

६. झापा विद्रोहको जगमा खडा भएको को-अर्डिनेसन केन्द्र हुँदै २०३५ सालमा गठन भएको नेकपा (माले)को सुदृढ सङ्गठनात्मक प्रणालीको जगमा नै आजको नेकपा (एमाले) खडा हुन पुगेको हो । नेकपा (माले)को आयोजनामा पार्टीको चौथो महाधिवेशन २०४६ भदौमा सिराहा जिल्लाको विष्णुपुरकट्टीमा भूमिगत रूपमा आयोजना भएको थियो । उक्त महाधिवेशनले कमरेड पुष्पलालले दरभङ्गा प्लेनममा अघि सार्नुभएको संयुक्त जनआन्दोलनको नीतिलाई नयाँ स्वरूपमा अघि बढाउने मान्यतालाई अवलम्बन गर्‍यो । उक्त महाधिवेशनले नै नेपालको कम्युनिस्ट आन्दोलनको लोकतन्त्रीकरणको प्रक्रिया सुरु गरेको थियो । अत्यन्त कडा भूमिगत अवस्थामा आयोजना गरिएको उक्त महाधिवेशनबाट कमरेड मदन भण्डारी पार्टीको महासचिवमा निर्वाचित हुनुभएको थियो । उक्त महाधिवेशनबाट तय भएको नीति र नेतृत्वले नेपालको कम्युनिस्ट आन्दोलनलाई नयाँ उचाइमा लैजान महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो । संयुक्त जनआन्दोलनको ऐतिहासिक पहलकदमी र त्यसको सफलताले नेपालको लोकतान्त्रिक आन्दोलनलाई नयाँ आधार प्रदान गर्‍यो । संविधान निर्माणमा राजसंस्थाको एकाधिकार तोडेर त्यसमा राजनीतिक दलहरूको भूमिकालाई स्थापित गर्ने काम गर्‍यो । राज्य सञ्चालनमा राजनीतिक दलहरूको भूमिकालाई स्थापित गरेर राजतन्त्रलाई संविधानतः वैधानिक बन्न बाध्य बनायो । वाममोर्चाका माध्यमबाट संयुक्त जनआन्दोलनको नेतृत्व गरेका वामपन्थी शक्तिहरूका बीचमा पार्टी एकता र एकीकरणको आधारसमेत तयार भयो ।

७. २०४७ मंसिरमा नेकपा (माले) र नेकपा (मार्क्सवादी)का बीचमा पार्टी एकता भई नेकपा (एमाले) बनेपछि २०४९ माघमा काठमाडौंमा पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशनको आयोजना गरियो । सोभियत सङ्घ मोडेलको समाजवादको विघटनपश्चात् आयोजना गरिएको उक्त महाधिवेशन पार्टी निर्माणका दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण महाधिवेशन बन्न पुग्यो । जननेता मदन भण्डारीको अगुवाइमा प्रस्तुत भएको नेपाली क्रान्तिको मौलिक कार्यक्रम जनताको बहुदलीय जनवादलाई उक्त महाधिवेशनले खुला बहस र लोकतान्त्रिक विधिबाट अत्यधिक बहुमतका साथ पारित गरेको थियो । उक्त महाधिवेशनमा नीतिगत रूपमा धेरै दस्तावेज छलफलका लागि प्रस्तुत गरिएका थिए । राजनीतिक प्रतिवेदन, सङ्गठनात्मक प्रस्ताव, पार्टीको कार्यक्रम, कार्यनीतिक प्रस्ताव, कृषि क्रान्तिको कार्यक्रम, जाति-भाषा र नीतिसम्बन्धी दस्तावेजहरू प्रस्तुत गरिएका थिए । सोही महाअधिवेशनबाट पारित कम्युनिस्ट आन्दोलनको लोकतन्त्रीकरणको नयाँ मान्यता बोकेको जनताको बहुदलीय जनवाद यतिबेला नेपाली क्रान्तिको मौलिक सिद्धान्तका रूपमा स्थापित छ र हाम्रो पार्टी त्यही सिद्धान्तको आलोकमा समाजवादको आधार तयार गर्दै समाजवादमा पुग्ने सङ्कल्प बोकेर अघि बढिरहेको छ । आजको नेकपा (एमाले) निर्माणको वैचारिक र सङ्गठनात्मक आधार उक्त महाधिवेशनबाट नै तयार भएको हो ।

८. पार्टीको छैटौं राष्ट्रिय महाधिवेशनले माधवकुमार नेपालको नेतृत्वमा २०५४ माघ महिनामा बाँकेको नेपालगन्जमा सम्पन्न भएको थियो । पाँचौं राष्ट्रिय महाधिवेशनबाट वैचारिक नेताका रूपमा पार्टीमा स्थाापित हुनुभएका जननेता मदन भण्डारी र कुशल सङ्गठकका रूपमा स्थापित कमरेड जीवराज आश्रितको दासढुङ्गामा रहस्यमय जिप दुर्घटनाबाट हत्या गरिएपछि उत्पन्न शोकलाई शक्तिमा बदल्ने क्रममा २०५१ सालमा सम्पन्न मध्यावधि निर्वाचनमा नेकपा (एमाले) मुलुकको पहिलो ठूलो पार्टीका रूपमा स्थापित भयो । उक्त निर्वाचनपश्चात् कमरेड मनमोहन अधिकारीको नेतृत्वमा पहिलो जननिर्वाचित कम्युनिस्ट सरकार गठन

**२०४९ माघमा काठमाडौंमा पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशनको आयोजना गरियो। सोभियत सङ्घ मोडेलको समाजवादको विघटनपश्चात् आयोजना गरिएको उक्त महाधिवेशन पार्टी निर्माणका दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण महाधिवेशन बन्न पुग्यो। जननेता मदन भण्डारीको अगुवाइमा प्रस्तुत भएको नेपाली क्रान्तिको मौलिक कार्यक्रम जनताको बहुदलीय जनवादलाई उक्त महाधिवेशनले खुला बहस र लोकतान्त्रिक विधिबाट अत्यधिक बहुमतका साथ पारित गरेको थियो।**

**आठौं राष्ट्रिय महाधिवेशनले कमरेड केपी शर्मा ओलीद्वारा अघि सारिएको पार्टी जीवनको लोकतन्त्रीकरणको प्रस्तावलाई सर्वसम्मत रूपमा स्वीकार गऱ्यो। सोही महाधिवेशनले जनताको बहुदलीय जनवादलाई पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा ग्रहण गऱ्यो। उक्त महाधिवेशनबाट पार्टी अध्यक्षात्मक प्रणालीसहितको बहुपदीय संरचनामा प्रवेश गऱ्यो। त्यसपछि नेपालका अन्य राजनीतिक दलहरू पनि सोही मान्यतालाई पछ्याउने ठाउँमा आइपुगे।**

भएको थियो। उक्त सरकार 'आफ्नो गाउँ आफैं बनाऔं', 'नौ स'को सन्तुलित विकासको कार्यक्रम र सामाजिक सुरक्षाको अवधारणा अनुरूप सुरु गरिएको वृद्धभत्ताको कार्यक्रमले छोटो समयमा नेपाली जनताका बीचमा निकै लोकप्रिय बन्न पुगेको थियो। सोही समयमा क्रान्तिपूर्व पार्टीको नेतृत्वमा बनेको सरकारले कस्तो कार्यक्रम लागू गर्ने र त्यसको उद्देश्य के हुनुपर्दछ भन्ने विषय पार्टीको अन्तरसङ्घर्षको विषय बन्न पुग्यो। जनताको बहुदलीय जनवादले क्रान्तिपूर्व पार्टीको नेतृत्वमा सरकारको परिकल्पना गरे पनि त्यस्तो सरकारले लागू गर्ने कार्यक्रमका बारेमा खासै उल्लेख गरेको थिएन। २०५१ सालमा पार्टीको नेतृत्वमा एकल सरकार गठन भएपछि त्यसको आवश्यकता तीव्र रूपमा महसुस भयो। महाकाली सन्धिलाई हेर्ने सवालमा पार्टीमा उत्पन्न भएको मतभेदले कार्यनीतिका प्रश्नमा एकरूपता कायम हुन सक्ने अवस्था रहेन। महाधिवेशनमा केन्द्रीय कमिटीको बहुमत पक्षबाट शक्ति सञ्चयको कार्यनीति र अल्पमत पक्षबाट प्रगतिशील सुधारको कार्यनीति प्रस्तुत भएको थियो। महाधिवेशनले बहुमतका आधारमा शक्ति सञ्चयको कार्यनीति पारित गरेको थियो। जनताको बहुदलीय जनवादलाई नेतृत्वकारी विचारका रूपमा ग्रहण गर्ने कामसमेत उक्त महाधिवेशनले गरेको थियो। तर, महाधिवेशनको केही समयपछि पार्टीले विभाजनको पीडासमेत ब्यहोर्नु परेको थियो। उक्त घटनाले २०५२ सालबाट सुरु भएको नेकपा (माओवादी)को सशस्त्र आन्दोलनलाई समेत फैलाउन मद्दत पुऱ्याएको थियो।

९. पार्टीको सातौं राष्ट्रिय महाधिवेशन २०४६ सालका उपलब्धिहरू सङ्कटमा पर्दै गएको र नेकपा (माओवादी)को नेतृत्वको हिंसात्मक आन्दोलन फैलिँदै गएको अवस्थामा २०५९ माघ महिनामा धनुषा जिल्लाको जनकपुरमा आयोजना भएको थियो। माधवकुमार नेपालको नेतृत्वमा आयोजना भएको उक्त महाधिवेशनमा पार्टीका वर्तमान अध्यक्ष केपी शर्मा ओलीले जनताको बहुदलीय जनवादको पार्टी निर्माणसम्बन्धी दृष्टिकोणमा आधारित रहेर अध्यक्षात्मक प्रणालीसहितको पार्टी जीवनको लोकतन्त्रीकरणको नयाँ अवधारणासहितको प्रस्ताव प्रस्तुत गर्नु भएको थियो। उक्त प्रस्तावलाई महाधिवेशनबाट पारित गर्न तत्कालीन महासचिव माधवकुमार नेपाल तयार नभएपछि स्थगित गर्नु परेको थियो। सोही महाधिवेशनमा म आफैंले पनि मुलुकमा उत्पन्न राजनीतिक सङ्कटको समाधानका लागि संविधानसभा र राज्यको पुनर्संरचनाको प्रस्ताव प्रस्तुत गरेको थिएँ। महाधिवेशनले उक्त प्रस्तावलाई समेत प्रत्यक्ष रूपमा स्वीकार गर्न सकेन। तर, महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीको नवौं बैठकबाट भने माओवादी हिंसाका कारणले उत्पन्न राजनीतिक सङ्कटको समाधानका लागि संविधानसभामा जान पार्टी तयार भयो र राज्यको पुनर्संरचनाका लागि प्रस्ताव तयार गर्न कार्यदल गठन गर्न पुग्यो। यसरी हेर्दा नीति निर्माणका दृष्टिकोणबाट सातौं राष्ट्रिय महाधिवेशन निकै कमजोर देखियो।

१०. संविधानसभा र राज्यको पुनर्संरचनाका माध्यमबाट नेपालमा जारी सशस्त्र द्वन्द्वको शान्तिपूर्ण समाधान खोज्ने पार्टी निर्णयका आधारमा नेकपा (माओवादी)सँग संयुक्त जनआन्दोलनलाई अघि बढाउने गरी १२ बुँदे सम्झौता भयो। त्यसको जगमा नेपालमा २०६२/६३ मा ऐतिहासिक जनआन्दोलन सम्पन्न भयो। उक्त जनआन्दोलनबाट पुनर्स्थापित संसद्बाट जननेता मदन भण्डारीको नेतृत्वमा नेपाल अधिराज्यको संविधान २०४७ मा राखिएका २७ बुँदे असहमतिहरूलाई स्थापित गर्ने काम भयो। उक्त घोषणाको जगमा शान्ति प्रक्रिया अघि बढ्यो। अन्तरिम संविधान र संविधानसभाको निर्वाचन सम्पन्न भयो। तर, पहिलो संविधानसभाको निर्वाचनका समयमा पार्टीको भूमिका निकै कमजोर बन्न पुग्यो र पार्टी तेस्रो स्थानमा खुम्चिन पुग्यो। तत्पश्चात् पार्टी महासचिवबाट माधवकुमार नेपालले राजिनामा दिएपछि उहाँकै प्रस्तावमा झलनाथ खनाल पार्टीको महासचिव बन्नुभयो। झलनाथ खनालको नेतृत्वमा २०६५ फागुन महिनामा रूपन्देहीको बुटवलमा आयोजना गरिएको पार्टीको आठौं राष्ट्रिय महाधिवेशनले कमरेड केपी शर्मा ओलीद्वारा अघि सारिएको पार्टी जीवनको लोकतन्त्रीकरणको प्रस्तावलाई सर्वसम्मत रूपमा स्वीकार गऱ्यो। सोही महाधिवेशनले जनताको बहुदलीय जनवादलाई पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा ग्रहण गऱ्यो। उक्त महाधिवेशनबाट पार्टी अध्यक्षात्मक प्रणालीसहितको बहुपदीय संरचनामा प्रवेश गऱ्यो। त्यसपछि नेपालका अन्य राजनीतिक दलहरू पनि सोही मान्यतालाई पछ्याउने ठाउँमा आइपुगे। वैचारिक रूपमा कमरेड केपी शर्मा ओलीले अघि सार्दै आउनुभएका मान्यताहरू महाधिवेशनले स्थापित गरे पनि महाधिवेशनबाट झलनाथ खनाल अध्यक्षमा निर्वाचित हुन पुग्नुभयो।

११. नवौं महाधिवेशनमा आइपुग्दा पार्टीमा वैचारिक र राजनीतिक रूपमा केपी शर्मा ओली पार्टीको प्रमुख नेताका रूपमा

स्थापित भइसक्नु भएको थियो। उग्रवामपन्थ र अराजकताका विरुद्धका उहाँका अभिव्यक्तिहरू लोकतान्त्रिक व्यवस्थाको रक्षाका साझा अवधारणा बन्न पुगेका थिए। यस्तो अवस्थामा नवौं महाधिवेशनका समयमा कमरेड केपी शर्मा ओली सहज रूपमा मुख्य नेतृत्वमा स्थापित हुने कुरा निश्चित जस्तै थियो। सोही समयमा कमरेड केपी शर्मा ओली गम्भीर बिरामी हुनुभयो। उहाँ बिरामी भएकै समयमा पार्टीको नवौं महाधिवेशन २०७१ असारमा काठमाडौंको भृकुटीमण्डपमा आयोजना गरिएको थियो। पहिलो संविधानसभा असफल भएको र दोस्रो संविधानसभालाई सफल बनाउनुपर्ने प्रमुख कार्यभार महाधिवेशनका सामु थियो। संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको अन्त्य भई मुलुकमा गणतन्त्र स्थापना भइसकेको अवस्थामा कस्तो शासन प्रणाली अवलम्बन गर्ने भन्ने प्रश्न महत्त्वपूर्ण बन्न पुगेको थियो। जातीय र क्षेत्रीय भावनामा विभाजित बन्न पुगेको समाजलाई जोड्नु आवश्यक थियो। दोस्रो संविधानसभाको निर्वाचनमा नेकपा (माओवादी)का उग्रवामपन्थी सोच र अराजकतावादी व्यवहार जनताबाटै अस्वीकृत भएका थिए। त्यस्तो अवस्थामा उनीहरूलाई समेत साथमा लिएर लोकतान्त्रिक संविधान निर्माण गर्ने दायित्व नेकपा (एमाले)को काँधमा थियो। नवौं राष्ट्रिय महाधिवेशनमा २०६२/६३ को परिवर्तनपछि जनताको बहुदलीय जनवादको सान्दर्भिकताका बारेमा उठेका प्रश्नहरूको समुचित उत्तर खोज्नु आवश्यक थियो। संविधान निर्माणपछिको राजनीतिक कार्यदिशाको निर्धारण आवश्यक थियो। नवौं महाधिवेशनले वैचारिक र राजनीतिक रूपमा आधारभूत रूपमा सही दिशा अवलम्बन गर्न सफल भयो। तर, पार्टीमा १५ वर्षभन्दा बढी महासचिवको जिम्मेवारीमा रहेर निर्वाचनमा गम्भीर पराजय व्यहोर्नु परेका कारणले राजिनामा दिन बाध्य हुनुभएका माधवकुमार नेपाल नै अध्यक्षको उम्मेदवारका रूपमा प्रस्तुत हुनुभयो। महाधिवेशनमा भएको पराजयलाई उहाँले सहज रूपमा स्वीकार नगर्नाले नवौं राष्ट्रिय महाधिवेशनपछि पार्टीको सङ्गठनात्मक जीवन असहज बन्न पुग्यो। तर पनि नवौं महाधिवेशनपछि महाभूकम्पको समयमा पार्टीको नेतृत्वमा भएको स्वयंसेवक परिचालन, संविधानसभाबाट नयाँ संविधानको निर्माण, नयाँ संविधान जारी भएपछि सरकारको नेतृत्व, उक्त सरकारका माध्यमबाट नाकाबन्दीको सामना, स्थानीय तहको निर्वाचनमा भएको सफलता, नेकपा (माओवादी केन्द्र)सँगको राष्ट्रव्यापी चुनावी तालमेल, बहुमत प्राप्त वामपन्थी सरकार र पार्टी एकता तथा नेकपा गठन जस्ता ऐतिहासिक कामहरू सोही नेतृत्वको समयमा भए। तर पनि नेतृत्वका विरुद्धको घेराबन्दी र आक्रमणसँगै जनादेशलाई विभाजित गरी प्रमुख प्रतिपक्षलाई सरकारको नेतृत्व सुम्पन्ने जस्ता दुःखद घटनाहरूसमेत सोही समयमा भए।

१२. पार्टीको दसौं राष्ट्रिय महाधिवेशनको आयोजनाको समयमा नेपालको कम्युनिस्ट आन्दोलनले निकै ठूलो आरोह र अवरोहको सामना गर्नुपर्‍यो। पार्टी एकताको मूल मर्म र भावनाविपरीत पार्टीको मुख्य नेतृत्वमाथि हमला गरेर महाधिवेशबाट स्थापित भएको नेतृत्वलाई केन्द्रीय कमिटीको कथित बहुमतबाट हटाउने धृष्टता गरियो। संसदीय दलभन्दा बाहिरबाट सरकारको नेतृत्व हत्याउने कोसिस गरियो। पार्टीको भावना र जनताको जनादेशविपरीत गुटबन्दीपूर्ण तरिकाबाट सरकार र पार्टीको नेतृत्व बदल्ने कुचेष्टालाई असफल बनाउने उद्देश्यका साथ प्रतिनिधिसभा विघटन गरी नयाँ जनादेशमा जाने निर्णय हुन पुग्यो। त्यसलाई अदालतका माध्यमबाट षड्यन्त्रपूर्ण तरिकाले रोक्ने काम भयो। प्रतिनिधिसभा पुनर्स्थापना भएसँगै नेकपाको नामसम्बन्धी मुद्दामा अदालतले ऋषि कट्टेलको पक्षमा फैसला सुनाएपछि नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) पुनर्स्थापित भए। त्यसपछिको स्थितिमा पुनर्स्थापित संसद्ले न सरकारलाई विश्वासको मत दिने काम गर्‍यो, न त विकल्पमा नयाँ सरकार दिन सक्यो। पुनर्स्थापित संसद्ले नेकपा (एमाले)को नेतृत्वको सरकारको विकल्पमा बहुमतको सरकार दिन नसकेपछि नेकपा (एमाले)कै नेतृत्वमा सबैभन्दा ठूलो दलको हैसियतमा सरकार गठन गर्नुपर्ने बाध्यता सिर्जना भयो। उक्त सरकारले संसद्बाट बहुमत पाउने अवस्था नभएपछि संविधानको धारा ७६ (५) अन्तर्गतको सरकार गठनका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने काम भयो। सरकार गठनका लागि राष्ट्रपतिसमक्ष प्रस्तुत दुवै प्रस्तावमा बहुमत पाउने स्पष्ट आधार नदेखेपछि राष्ट्रपतिबाट अस्वीकृत भए। यस्तो अवस्थामा सरकारका सामु प्रतिनिधिसभा विघटन गरी नयाँ निर्वाचनमा जानुको विकल्प पनि थिएन। दोस्रो पटक भएको विघटन जसलाई पहिलो विघटनका समयको फैसलाले समेत बाटो देखाएको थियो, त्यसलाई समेत रोक्ने हिसाबले नेपालको संवैधानिक व्यवस्था र दलीय प्रणालीलाई कमजोर बनाउने गरी अनुचित खेलहरू सुरु भए। सोही क्रममा सर्वोच्च

**नवौं महाधिवेशनले वैचारिक र राजनीतिक रूपमा आधारभूत रूपमा सही दिशा अवलम्बन गर्न सफल भयो। तर, पार्टीमा १५ वर्षभन्दा बढी महासचिवको जिम्मेवारीमा रहेर निर्वाचनमा गम्भीर पराजय व्यहोर्नु परेका कारणले राजिनामा दिन बाध्य हुनुभएका माधवकुमार नेपाल नै अध्यक्षको उम्मेदवारका रूपमा प्रस्तुत हुनुभयो। महाधिवेशनमा भएको पराजयलाई उहाँले सहज रूपमा स्वीकार नगर्नाले नवौं राष्ट्रिय महाधिवेशनपछि पार्टीको सङ्गठनात्मक जीवन असहज बन्न पुग्यो।**

अदालतले परमादेशबाट देउवाको नेतृत्वमा सरकार गठन गऱ्यो । उक्त सरकारले नेकपा (एमाले)लाई अध्यादेशका माध्यमबाट षड्यन्त्रपूर्ण तरिकाले विभाजित गर्ने काम गऱ्यो । यस प्रकारको जटिल परिस्थितिमा पार्टीलाई नयाँ शिराबाट अघि बढाउनु जरुरी थियो । दसौं राष्ट्रिय महाधिवेशनको आयोजना र त्यसको सफलता पनि यस परिप्रेक्ष्यमा विशेष महत्त्वको बन्न पुगेको थियो ।

१३. नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का बीचमा पार्टी एकता भई निर्माण भएको नेकपाको समयमा पार्टीको सङ्गठनात्मक जीवन अस्तव्यस्त बन्न पुग्यो । केन्द्रीय तहमा पार्टी एकता भए पनि जनसङ्गठन, केन्द्रीय निकाय र आधारभूत तहमा पार्टी एकताको प्रक्रिया अघि बढ्न सकेन । पार्टीका नियमित गतिविधिहरूसमेत नेकपा गठन भएसँगै अवरुद्ध बन्न पुगे । भेला, बैठक र प्रशिक्षण जस्ता पार्टी निर्माणका काम उक्त समयमा आमरूपमा अवरुद्ध भए । पार्टी सदस्यताको एकीकृत अभिलेख तयार गर्ने र नवीकरण गर्ने काम अघि बढ्न सकेन । कतिपय ठाउँमा कृत्रिम ढङ्गले सदस्यता बढी देखाउने होडबाजी नै देखियो । चुनावमा पाएको मतभन्दा बढी पार्टी सदस्यताको दाबी गर्ने जस्तो गलत प्रवृत्ति देखिए । यस्तो परिस्थितिमा पार्टी कामलाई सहज रूपमा अघि बढाउन सम्भव थिएन । अदालतको फैसलाका कारणले पार्टीहरू एकतापूर्वको अवस्थामा फर्किएपछि पुनः एकताको प्रयास अघि बढाउने अवस्था रहेन । यस्तो स्थितिमा नेकपाको निरन्तरताका रूपमा नेकपा (एमाले)लाई वैचारिक, राजनीतिक र सङ्गठनात्मक रूपमा सुदृढ गर्नुको विकल्प हाम्रासामु रहेन । त्यसमाथि माधवकुमार नेपालहरूले पार्टीलाई विभाजित गर्ने षड्यन्त्र सुरु गरेपछि १० बुँदे प्रस्तावमार्फत पार्टी काममा जोडिन चाहेको पङ्क्तिलाई समेत भावनात्मक रूपमा पार्टी काममा जोड्नु आवश्यक थियो । त्यसमाथि पार्टीको वैधानिकताका विरुद्धमा मुद्दा मामिला गर्ने अवसरको खोजीमा बसेका पार्टीविरोधी पक्षलाई समेत कुनै अवसर नदिने गरी अघि बढ्नु आवश्यक थियो । यस परिप्रेक्ष्यमा नेकपाकालको समयलाई शून्य समय मानेर नवौं महाधिवेशनपछिको समयको गणना गरी वैधानिकतामा समस्या उत्पन्न नहुने गरी पार्टीको दसौं राष्ट्रिय महाधिवेशन आयोजना गर्नु पर्दथ्यो । सोही पृष्ठभूमिमा अत्यन्त छोटो तयारीमा पार्टीको प्रथम विधान महाधिवेशन र दसौं राष्ट्रिय महाधिवेशनको आयोजना गरियो । विधान महाधिवेशनलाई अगुवा कार्यकर्ताको सहभागिताको अधिवेशनका रूपमा आयोजना गरियो भने दसौं राष्ट्रिय महाधिवेशनलाई आम पार्टी सदस्यका तर्फबाट लोकतान्त्रिक विधिबाट निर्वाचित प्रतिनिधिहरूको महाधिवेशनका रूपमा आयोजना गरियो ।

**पार्टीको प्रथम विधान महाधिवेशन ललितपुरको गोदावरीमा २०७८ असोज १५-१७ मा ऐतिहासिक र अभूतपूर्व रूपमा सम्पन्न भयो । प्रथम विधान महाधिवेशनमा झण्डै ६ हजार २ सयभन्दा बढी अगुवा कार्यकर्ताको सहभागिता रहृयो । विधान महाधिवेशनमा तीनवटा महत्त्वपूर्ण दस्तावेज- राजनीतिक प्रतिवेदन, सङ्गठनात्मक प्रस्ताव र विधान संशोधन प्रस्ताव प्रस्तुत गरिएका थिए । समूह छलफलबाट निकालिएका निष्कर्षहरूलाई संश्लेषण गरी तीनवटै दस्तावेज सर्वसम्मत रूपमा पारित गरिए ।**

१४. पार्टीको प्रथम विधान महाधिवेशन ललितपुरको गोदावरीमा २०७८ असोज १५-१७ मा ऐतिहासिक र अभूतपूर्व रूपमा सम्पन्न भयो । प्रथम विधान महाधिवेशनमा झण्डै ६ हजार २ सयभन्दा बढी अगुवा कार्यकर्ताको सहभागिता रहृयो । विधान महाधिवेशनमा तीनवटा महत्त्वपूर्ण दस्तावेज- राजनीतिक प्रतिवेदन, सङ्गठनात्मक प्रस्ताव र विधान संशोधन प्रस्ताव प्रस्तुत गरिएका थिए । समूह छलफलबाट निकालिएका निष्कर्षहरूलाई संश्लेषण गरी तीनवटै दस्तावेज सर्वसम्मत रूपमा पारित गरिए । नेतृत्व चयनको प्रक्रियाबाट पूर्णतः अलग हुने भएका कारणले विधान महाधिवेशन नीति निर्माणका विषयहरूमा केन्द्रित रहने अवस्था बन्यो । पार्टीलाई विभाजित र कमजोर बनाउने षड्यन्त्रलाई चिरेर आयोजना गरिएको विधान महाधिवेशनमा अधिकांश अगुवाहरूको उपस्थिति देख्दा आमसहभागीहरूले पार्टीलाई विभाजित गरी कमजोर बनाउने षड्यन्त्र असफल भएको अनुभूति प्रत्यक्ष रूपमा गर्न पाए । त्यसमाथि प्रथम विधान महाधिवेशनमा नेतृत्वको एकताबद्ध प्रस्तुति र समापन मन्तव्यका क्रममा पार्टी अध्यक्षबाट अभिव्यक्त उन्नत स्तरको वैचारिक र राजनीतिक प्रस्तुतिले सहभागीहरू सबैलाई निकै उत्साहित बनायो । पार्टी अध्यक्ष प्रधानमन्त्री भएका समयमा शिलान्यास गरिएको र उहाँकै कार्यकालमा उद्घाटनसमेत भएको गोदावरीको सनराइज हलमा पहिलो कार्यक्रमका रूपमा नेकपा (एमाले)को प्रथम विधान महाधिवेशनको आयोजना हुनु आफैंमा रोमाञ्चक विषय थियो । त्यसमाथि हलको साजसज्जा र बनावटसमेत निकै आकर्षक र मनमोहक थियो । त्यसले पनि विधान महाधिवेशनको भव्यता र ऐतिहासिकतालाई उजागर गर्न ठूलो सहयोग पुऱ्याएको थियो ।

१५. प्रथम विधान महाधिवेशनमा पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीद्वारा प्रस्तुत र सर्वसम्मत रूपमा पारित राजनीतिक प्रतिवेदनमा नवौं महाधिवेशनका नीतिहरूको सङ्क्षिप्त सिंहावलोकन गरिएको छ । अन्तर्राष्ट्रिय परिस्थिति, भूराजनीतिक अवस्था र पार्टीको विदेश नीतिका सन्दर्भमा सटीक विश्लेषण गरिएको छ । राजनीतिक प्रतिवेदनमा नवौं महाधिवेशनदेखि पार्टी एकीकरणसम्मको समग्र घटनाक्रमहरूको विश्लेषण गरिएको छ । संविधानसभाबाट संविधानको निर्माणमा हाम्रो पार्टीको भूमिकाको महत्त्वका साथ उल्लेख गरिएको छ ।

संविधानसभाबाट संविधान जारी गर्नबाट रोक्न गरिएका प्रयासलाई चिरेर कसरी संविधान जारी गरियो भन्ने कुरा प्रतिवेदनमा समावेश छ। संविधानसभाबाट जारी भएका संविधानका विशेषताहरूलाई सूत्रबद्ध रूपमा प्रस्तुत गरिएको छ। भूकम्पपीडितहरूको उद्धार र राहतका लागि पार्टीबाट परिचालन गरिएका स्वयंसेवकहरूले खेलेको महत्त्वपूर्ण भूमिकालाई सम्मानका साथ उल्लेख गरिएको छ। नाकाबन्दीको सामना गर्ने क्रममा पार्टी नेतृत्वको सरकारले खेलेको भूमिका र त्यस क्रममा जनताले प्रदर्शन गरेको उन्नत स्तरको समझदारी र एकताको चर्चा गरिएको छ। स्थानीय निर्वाचनको पूर्वसन्ध्यामा पूर्वको झापाबाट सुरु गरिएको मेची-महाकाली राष्ट्रिय जागरणको महत्त्व र त्यसको प्रभावबाट अत्तालिएर तराई मधेसमा गरिएको हिंसात्मक अवरोधको सन्दर्भको विश्लेषण गरिएको छ। स्थानीय निर्वाचनमा पार्टीले प्राप्त गरेको सफलता ऐतिहासिक महत्त्वको रहेको सन्दर्भसमेत उल्लेख छ। तत्कालीन समयमा सरकारमा रहेका नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) अधिकांश ठाउँमा मिलेर चुनाव लड्दासमेत नेकपा (एमाले) एक्लैले ४० प्रतिशतभन्दा बढी सिटमा विजय हासिल गर्नु आफैंमा ठूलो उपलब्धि थियो। उक्त उपलब्धिले नै नेकपा (माओवादी केन्द्र)लाई नेपाली कांग्रेससँगको सहकार्य छोडेर नेकपा (एमाले)सँग चुनावी तालमेल गर्ने ठाउँमा ल्याएको थियो। राजनीतिक प्रतिवेदनमा पार्टी अध्यक्षको नेतृत्वमा संविधान जारी भएपछि र चुनावपछि बनेको सरकारका महत्त्वपूर्ण कामको चर्चा गरिएको छ। पार्टी नेतृत्वको सरकारले संविधान कार्यान्वयनमा पाएको सफलता, स्वाधीनता, स्वाभिमान र राष्ट्रिय हितका पक्षमा खेलेको महत्त्वपूर्ण भूमिका, सुखी नेपाली समृद्ध नेपालको राष्ट्रिय आकाङ्क्षा अनुरूप विकास र समृद्धिका क्षेत्रमा गरेका महत्त्वपूर्ण कामहरूको चर्चा गरिएको छ।

१६. महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनले समाजवादको आधार निर्माणसम्बन्धी हाम्रो दृष्टिकोण र त्यससम्बन्धी गरिएका पहलहरूका बारेमा चर्चा गरिएको छ। प्रतिवेदनले सिद्धान्त, कार्यक्रम, कार्यदिशा र नीतिका सन्दर्भमा रहेका अन्योल र द्विविधालाई अन्त्य गरी स्पष्ट दृष्टिकोण अघि सारेको छ। जनताको बहुदलीय जनवादले जनवादी चरणमा मात्र होइन, समाजवादी चरणमा समेत मार्गदर्शन गर्ने कुरा सुस्पष्ट रूपमा उल्लेख गरिएको छ। समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा अनुरूप आर्थिक-सामाजिक विकास र रूपान्तरणको प्रक्रियाबाट नै नेपाली समाज उदार पुँजीवादतर्फ नगई समाजवादतर्फ शान्तिपूर्ण रूपमा रूपान्तरण हुने वस्तुगत आधार प्रस्तुत गरिएको छ। निश्चय नै वर्तमान युग समाजवादी क्रान्तिको युग हो। अहिलेको अवस्थामा समाजवाद हाम्रो रणनीतिक लक्ष्य हो। हाम्रो हतारोले राष्ट्रिय पुँजीको विकास नभई, उत्पादक शक्ति सवल र सुदृढ नभई समाजवादको निर्माण हुन सक्दैन। त्यही भएर हाम्रो पार्टीले जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादको आधार तयार गर्ने राजनीतिक कार्यदिशा निर्धारण गरेको छ। यस कार्यदिशाको सफल कार्यान्वयनका लागि आवधिक रूपमा आयोजना हुने तीन तहको निर्वाचनमा विजय हासिल गरेर तदनुरूपको कार्यक्रम लागू गर्न सक्नु पर्दछ। यतिबेला हाम्रो पार्टी विभिन्न प्रकारका षड्यन्त्र र जालझेलका कारणले सङ्घ र प्रदेशको सरकारबाट बाहिरिनु परेको छ। आउने वर्ष तीनै तहका निर्वाचन हुनेछन्। हामी तीनवटै तहको निर्वाचनमा बहुमत स्थानमा विजय हासिल गर्ने गरी तयारीमा जुट्नु आवश्यक छ।

१७. महाधिवेशनबाट पारित सङ्गठनात्मक प्रस्तावले पार्टी निर्माणका वैचारिक आधार प्रस्तुत गरेको छ। जनताको बहुदलीय जनवादको आलोकमा विकास गरिएको सङ्गठनात्मक सिद्धान्तका विशेषताको चर्चा गरिएको छ। पार्टीको आठौं राष्ट्रिय महाधिवेशनका समयमा अवलम्बन गरिएको पार्टी जीवनको लोकतन्त्रीकरणको नयाँ मान्यता प्रयोगमा आएपछिका सङ्गठनात्मक जीवनका सवल पक्ष र कमजोरीहरूको चर्चा गरिएको छ। सङ्गठनात्मक प्रस्तावमा पार्टीको महाधिवेशनका समयको सङ्गठनात्मक अवस्थाको चित्रण गरिएको छ। विधान महाधिवेशनबाट पारित सङ्गठनात्मक प्रस्तावमा पार्टी निर्माणका क्षेत्रमा देखिएका समस्याको सविस्तार चर्चा गरिएको छ। उक्त समस्याको समाधानका सन्दर्भमा पार्टी निर्माण र व्यवस्थापनमा ध्यान दिनुपर्ने पक्षका बारेमा चर्चा गरिएको छ। यतिबेला प्रथम विधान महाधिवेशनका समयमा अघि सारिएको पार्टीको मूल नारा 'दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई परास्त गरौं, जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समाजवादको आधार तयार गरौं'लाई केन्द्रविन्दुमा राखेर पार्टी निर्माणको कामलाई सुव्यवस्थित ढङ्गले अघि बढाउनु आवश्यक छ। पार्टीको सिद्धान्त र कार्यदिशाका आधारमा निर्माण भएको अनुशासित र गतिशील पार्टीले नै प्रतिस्पर्धाका आधारमा श्रेष्ठता हासिल गर्न सक्दछ र त्यसको जगमा नै पार्टीको नीति र कार्यक्रमको कार्यान्यनको वैधानिक अधिकार प्राप्त गर्दछ।

१८. प्रथम विधान महाधिवेशनबाट संशोधित विधानले संविधानसभाबाट जारी भएको

नाकाबन्दीको सामना गर्ने क्रममा पार्टी नेतृत्वको सरकारले खेलेको भूमिका र त्यस क्रममा जनताले प्रदर्शन गरेको उन्नत स्तरको समझदारी र एकताको चर्चा गरिएको छ। स्थानीय निर्वाचनको पूर्वसन्ध्यामा पूर्वको झापाबाट सुरु गरिएको मेची-महाकाली राष्ट्रिय जागरणको महत्त्व र त्यसको प्रभावबाट अत्तालिएर तराई मधेसमा गरिएको हिंसात्मक अवरोधको सन्दर्भको विश्लेषण गरिएको छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले स्थापित गरेको नयाँ राज्य संरचना जगमा पार्टी निर्माण गर्ने मान्यतालाई अनुसरण गरेको छ । यस अन्तर्गत विगतको अञ्चल समन्वय कमिटीको ढाँचा अन्त्य गरिएको छ । केन्द्र, प्रदेश, जिल्ला, पालिका, वडा तहमा अधिवेशनबाट निर्वाचित हुने कमिटीको प्रबन्ध गरिएको छ । टोल तहमा आमपार्टी सदस्यको भेलाबाट कार्यकारी कमिटी निर्माण हुने व्यवस्था गरिएको छ । सबै तहका अधिवेशनमा प्रतिनिधिहरू रहेको प्रतिनिधि परिषद् गठन हुने व्यवस्था गरिएको छ । जसले कार्यकारी कमिटीको कामलाई आवधिक रूपमा समीक्षा गर्ने र अगामी कार्यकालका लागि नीतिगत मार्गदर्शन गर्ने जिम्मेवारी पूरा गर्नेछन् । संशोधित विधानले केन्द्रीय आयोगको भूमिकालाई व्यवस्थित गर्ने काम गरेको छ । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन क्षेत्रमा आवश्यकता अनुसार समन्वय कमिटी गठन गर्न सकिने व्यवस्था गरेको छ । पार्टी सदस्यता प्राप्तिको मापदण्डलाई सरल बनाउने काम गरेको छ । समग्रतामा पार्टीको वैधानिक व्यवस्था पार्टी जीवनको लोकतन्त्रीकरणको मान्यतामा आधारित बन्न पुगेको छ ।

१९. विधान महाधिवेशनको सफलतापश्चात् आयोजना गरिएको दसौं राष्ट्रिय महाधिवेशन जनपरिचालन र नेतृत्व निर्माणका दृष्टिकोणले विशेष बन्न पुग्यो । चितवनस्थित नारायणगढको नारायणी नदी किनारमा आयोजना गरिएको उद्घाटन समारोह ऐतिहासिक र अभूतपूर्व ऐतिहासिक समारोह बन्न पुग्यो । एकैदिन वडा/शाखा अधिवेशन र एकैदिन पालिका/इलाका अधिवेशनको सफल आयोजनापश्चात् झण्डै तीन लाखको हाराहारीमा पार्टी कार्यकर्ता सङ्गठित बन्न पुगेका थिए । आधारभूत तहमा पार्टी सवल बनेको अवस्थामा त्यसको सामर्थ्यको प्रयोग दसौं राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहमा गर्ने योजना पार्टीले बनायो । सोही अनुरूप दसौं महाधिवेशनको उद्घाटन समारोहमा जनपरिचालनमा कीर्तिमान कायम गर्ने सफलता प्राप्त भयो । छोटो समयको तयारीमा पनि उद्घाटन समारोहमा जान चाहने मानिसहरूको सङ्ख्या यति धेरै रहयो कि त्यसलाई उद्घाटन स्थलसम्म पुऱ्याउने पर्याप्त सवारी साधन उपलब्ध हुन सकेनन् । उपलब्ध भएका सबै सवारी साधन कार्यक्रम थलोसम्म पुग्न सक्ने अवस्था रहेन । त्यहाँ पुगेका मानिसहरू उद्घाटन समारोहमा अट्न सक्ने स्थिति रहेन । यस अर्थमा नेकपा (एमाले)को उद्घाटन समारोह हाम्रा प्रतिस्पर्धीहरूका लागि निकै ठूलो चिन्ताको विषय बन्न पुगेको छ । चितवनको सौराहामा आयोजना गरिएको बन्द सत्र एकताको सन्देश दिने समारोहका रूपमा रहयो । बन्द सत्रले पार्टीका सामु उत्पन्न चुनौतीलाई दृष्टिगत गरेर सहमतिको नेतृत्व प्रस्तावित गर्न माग गऱ्यो । सोही अनुरूप अध्यक्षका तर्फबाट सहमतिको प्रस्ताव प्रस्तुत गरिएको थियो । उक्त प्रस्तावमा असहमति राख्ने कमरेडहरूलाई प्रतिस्पर्धाका लागि अवसर प्रदान गरिएको थियो । दसौं राष्ट्रिय महाधिवेशनमा नेतृत्व चयनका लागि विद्युतीय मतदान उपकरणको प्रयोग गरिएको थियो । विद्युतीय मतदान उपकरणको प्रयोग गरिएकै कारणले निर्वाचन र निर्वाचनको परिणाम एकैदिन प्राप्त गर्न सक्ने आधार तयार भएको थियो । विगतका महाधिवेशनमा जस्तो नेतृत्व चयनमा मतदान र मतगणनाको प्रक्रिया बोझिलो बनेन । क्यूआर कोडसहितको परिचयपत्र उपलब्ध गराइएका कारणले महाधिवेशन निकै व्यवस्थित र आकर्षक बन्न पुग्यो ।

> **प्रथम विधान महाधिवेशन र पार्टीको दसौं राष्ट्रिय महाधिवेशनको सफलतापश्चात् पार्टी वैचारिक, राजनीतिक र सङ्गठनात्मक रूपमा निकै व्यवस्थित र सुदृढ भएको छ । आधारभूत तहदेखि जिल्ला तहसम्मका कमिटीहरू पनि अधिवेशनबाट पुनर्व्यवस्थित भएका छन् । स्थानीय निर्वाचनको तयारीलाई मध्यनजर गरी प्रदेश अधिवेशन र केही जनसङ्गठनको अधिवेशन स्थगित गरिएको छ ।**

२०. प्रथम विधान महाधिवेशन र पार्टीको दसौं राष्ट्रिय महाधिवेशनको सफलतापश्चात् पार्टी वैचारिक, राजनीतिक र सङ्गठनात्मक रूपमा निकै व्यवस्थित र सुदृढ भएको छ । आधारभूत तहदेखि जिल्ला तहसम्मका कमिटीहरू पनि अधिवेशनबाट पुनर्व्यवस्थित भएका छन् । स्थानीय निर्वाचनको तयारीलाई मध्यनजर गरी प्रदेश अधिवेशन र केही जनसङ्गठनको अधिवेशन स्थगित गरिएको छ । यति छोटो समयमा यतिधेरै अधिवेशनहरूको सफल आयोजना नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासमा पहिलो घटना हो । नवौं महाधिवेशनयता एक प्रकारले अवरुद्धजस्तै रहेको सङ्गठनात्मक जीवन यतिबेला पुनः व्यवस्थित र चलायमान भएको छ । स्थानीय तहको निर्वाचनलाई ध्यानमा राखेर यतिबेला महाधिवेशनको नीति र निर्वाचनसम्बन्धी रणनीतिबारे प्रशिक्षण कार्यक्रम सम्पन्न भएका छन् । अब सिङ्गो पार्टीको ध्यान महाधिवेशनको नीति र सङ्गठनात्मक योजना अनुरूप स्थानीय तहको निर्वाचनको तयारीमा केन्द्रित हुनु आवश्यक छ । महाधिवेशनको नीतिहरू कति सही छन् भन्ने कुरा व्यवहारमा त्यसको प्रयोग कसरी गरिन्छ भन्ने कुरामा निर्भर रहन्छ । लोकतान्त्रिक कम्युनिस्ट पार्टीको निर्माणमा नेकपा (एमाले)को दसौं राष्ट्रिय महाधिवेशन पूर्ण रूपमा सफल छ । महाधिवेशनले नेपाली समाजको वस्तुगत अवस्थाको गहिरो विश्लेषण गरी अत्यन्त उपयुक्त राजनीतिक कार्यदिशा अघि सारेको छ । उक्त कार्यदिशाका आधारमा नेपाली समाजलाई समाजवादको बाटोमा अघि बढाउनका लागि आगामी वर्ष सम्पन्न हुने तीनवटै निर्वाचनमा पार्टीले लोकप्रिय मतका साथ सुदृढ बहुमत ल्याउन आवश्यक छ । आउनुहोस् हामी सबै त्यस दिशामा एकाग्र, समर्पित र दृढ सङ्कल्पका साथ लागौं ।

❐

# बाह्य सम्बन्धमा प्राप्त उपलब्धि र हासिल उचाइ



प्रदीप ज्ञवाली
उपमहासचिव

**विरासतमा प्राप्त विचलन र बेथिति**

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रधानमन्त्रीको कार्यभार दोस्रोपल्ट सम्हालिरहँदा मुलुकको बाह्य सम्बन्ध असन्तुलित, अव्यवस्थित र 'लो प्रोफाइल'बाट गुज्रिरहेको थियो । संविधान निर्माणमा जनताको सार्वभौम अधिकार र राष्ट्रको आत्मनिर्णयको अधिकारको अगुवाइ गर्ने, नाकाबन्दीको सामना गर्दै त्यसलाई परास्त गर्ने र चीनसँग पारवहन सम्झौता गरेर नेपालको रणनीतिक स्वायत्तताको ढोका खोल्ने केपी शर्मा ओली नेतृत्वको पहिलो सरकार (२०७२-७३) लाई विस्थापन गरेर कांग्रेस-माओवादी गठबन्धनको जुन सरकार बनेको थियो, त्यसले संविधान संशोधनजस्ता राष्ट्रिय प्रश्नमा समेत विदेशी शक्तिहरूलाई संलग्न गर्ने र अनुचित चलखेलका लागि वातावरण निर्माण गरेको थियो । मुलुकका आन्तरिक मामलामा बाह्य चासो, हस्तक्षेप र सँक्ष्म व्यवस्थापनका प्रवृत्ति कायमै थिए । लामो समयसम्म जारी द्वन्द्व, अस्थिरता र सङ्क्रमणकालका कारण मुलुकको अन्तर्राष्ट्रिय छवि कमजोर तथा ओझेलमा थियो । राष्ट्रियताको सुदृढीकरणका लागि अनिवार्य पँर्वसर्तका रूपमा रहेको राष्ट्रिय एकतालाई कांग्रेस-माओवादी गठबन्धनले राजनीतिक ध्रुवीकरणका माध्यमबाट कमजोर पारेको थियो । सिके राउतले तराईमा पृथकतावादको अभियान चलाइरहेका थिए । विप्लव समँहका हिंसात्मक गतिविधि जारी थिए । मधेस केन्द्रित दलहरू संविधानको स्वामित्व लिइरहेका थिएनन् ।

सरकारले यिनै विचलन र बेथिति विरासतमा लिएर जिम्मेवारी सम्हालेको थियो । नयाँ सरकारका सामु मुलुकका अन्य समस्याहरूका अतिरिक्त राष्ट्रिय हितको रक्षा गर्दै राष्ट्रियताको सुदृढीकरण गर्ने, नेपालको बाह्य सम्बन्ध सुधार गर्ने तथा नेपालको छविको पुनर्निर्माण गर्ने गुरुत्तर अभिभारा निहित थियो ।

पृथकतावाद र हिंसात्मक गतिविधिमा संलग्न समँहहरूलाई वार्तामार्फत राष्ट्रिय एकता र शान्तिपूर्ण राजनीतिको मँलप्रवाहमा आबद्ध गराएर मुलुकलाई राजनीतिक रूपमा द्वन्द्वमुक्त बनाउनु, संविधानको सफल कार्यान्वयन र यसको सर्वस्वीकार्यता स्थापित गर्नु, सङ्घीयतालाई क्रियाशील र सुदृढ गर्नु, रणनीतिक पँर्वाधारहरूको निर्माणमार्फत मुलुकको दीर्घकालीन विकासको आधार तयार गर्नु, भँकम्पपछिको पुनर्निर्माणमा सफल दृष्टान्त स्थापित गर्नु, सामाजिक न्याय र सामाजिक सुरक्षाको क्षेत्रमा बहुआयामिक पहल अगाडि बढाउनु तथा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पँरा गर्न सम्पूर्ण शक्ति केन्द्रित गर्नुजस्ता उक्त सरकारका कामले मुलुकको राष्ट्रिय क्षमता अभिवृद्धि गर्ने, जनतामा उज्ज्वल भविष्यप्रति भरोसा बढाउने र समाजवादका आधार निर्माण गर्ने दिशामा उल्लेखनीय भँमिका खेलेका छन् ।

**राष्ट्रिय दृष्टिकोण : नयाँ परराष्ट्र नीति**

मुलुकको परराष्ट्र नीति निर्माण र बाह्य सम्बन्ध सञ्चालनका लागि सही राष्ट्रिय दृष्टिकोण आवश्यक पर्छ । गलत दृष्टिकोणले गलत नीति तर्जुमा हुन्छ र गलत नीतिले गलत व्यवहारलाई जन्म दिन्छ । त्यसैले राष्ट्रिय हितको रक्षालाई केन्द्रबिन्दुमा राख्दै

> एकीकृत र नयाँ परराष्ट्र नीतिको तर्जुमा गर्नु र जारी गर्नु नेकपा (एमाले) नेतृत्वको सरकारले परराष्ट्र मामलामा गरेका सर्वाधिक महत्वपूर्ण काममध्ये एक हो। त्यतिन्जेल हामीसँग एकीकृत परराष्ट्र नीति थिएन। परराष्ट्र नीतिका विभिन्न विषयहरू संविधानमा, राष्ट्रिय सुरक्षा नीतिमा र विदेशी आर्थिक सहायता नीतिमा छरिएर रहेका थिए।


समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा साकार पार्न अनुकूल बाह्य सम्बन्ध निर्माण गर्ने विषयलाई प्राथमिकता राखेर हामीले नीतिगत, संरचनात्मक र व्यावहारिक सबै क्षेत्रमा काम अगाडि बढायौं ।

एकीकृत र नयाँ परराष्ट्र नीतिको तर्जुमा गर्नु र जारी गर्नु नेकपा (एमाले) नेतृत्वको सरकारले परराष्ट्र मामलामा गरेका सर्वाधिक महत्त्वपूर्ण काममध्ये एक हो । त्यतिन्जेल हामीसँग एकीकृत परराष्ट्र नीति थिएन । परराष्ट्र नीतिका विभिन्न विषयहरू संविधानमा, राष्ट्रिय सुरक्षा नीतिमा र विदेशी आर्थिक सहायता नीतिमा छरिएर रहेका थिए । तर, यससम्बन्धी कुनै एकीकृत औपचारिक दस्तावेज थिएन । दस्तावेजीकृत नीतिका अभावका कारण परराष्ट्र सम्बन्धमा बेलाबेलामा अन्योल, आफूखुसी व्याख्या र अस्पष्टता प्रकट हुनु नियमित आकस्मिकताजस्तो बन्ने गरेको थियो ।

**एकीकृत र नयाँ परराष्ट्र नीतिको तर्जुमा गर्नु र जारी गर्नु नेकपा (एमाले) नेतृत्वको सरकारले परराष्ट्र मामलामा गरेका सर्वाधिक महत्त्वपूर्ण काममध्ये एक हो। त्यतिन्जेल हामीसँग एकीकृत परराष्ट्र नीति थिएन। परराष्ट्र नीतिका विभिन्न विषयहरू संविधानमा, राष्ट्रिय सुरक्षा नीतिमा र विदेशी आर्थिक सहायता नीतिमा छरिएर रहेका थिए। तर, यससम्बन्धी कुनै एकीकृत औपचारिक दस्तावेज थिएन। दस्तावेजीकृत नीतिका अभावका कारण परराष्ट्र सम्बन्धमा बेलाबेलामा अन्योल, आफूखुसी व्याख्या र अस्पष्टता प्रकट हुनु नियमित आकस्मिकताजस्तो बन्ने गरेको थियो।**

परराष्ट्र नीतिलाई सामान्यतः कुनै पनि मुलुकका आन्तरिक नीतिहरूको विस्तारित स्वरूप भन्ने गरिन्छ। मुलुकमा हुने ठूलो व्यवस्था परिवर्तन या मुलुकका प्राथमिकता बदलिँदा परराष्ट्र नीतिका विभिन्न पक्षमा परिवर्तन आउनु स्वाभाविक हुन्छ । त्यसरी नै भूराजनीतिमा उल्लेख्य परिवर्तन आउँदा परराष्ट्र नीतिलाई तदनुरूप अद्यावधिक र विकसित गर्नु पर्ने हुन्छ । तर, परराष्ट्र नीति अरू नीतिहरूका तुलनामा स्थिर हुन्छ । यसमा राष्ट्रिय सहमति र साझा दृष्टिकोणको अपेक्षा गरिन्छ । हामीले संविधानको व्यवस्था, आन्दोलनपश्चात् बदलिएको नेपालको प्राथमिकता र बदलिँदो भूराजनीतिलाई केन्द्रबिन्दुमा राख्दै नयाँ परराष्ट्र नीति तर्जुमा गरेका छौं ।

नेपालको संविधानले ‘नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हकहितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि’लाई राष्ट्रिय हितका रूपमा परिभाषा गरेको छ । त्यसैगरी संविधानले राष्ट्रप्रति निष्ठावान् रहँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु नागरिकको कर्तव्य हो भनेर उल्लेख गरेको छ । राज्यका निर्देशक सिद्धान्तले ‘सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध



कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुने' मार्गदर्शन गरेको छ भने 'सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्र सङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यताका आधारमा राष्ट्रिय हितलाई सर्वोपरी राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्न' संविधानले नीतिगत दिशा निर्देश गरेको छ ।

संविधानमा लिपिबद्ध यिनै व्यवस्थालाई मुख्य आधार मानेर परराष्ट्र नीति तर्जुमा गरिएको छ । यस क्रममा विगतमा भएका परराष्ट्र नीतिसम्बन्धी विभिन्न अध्ययन कार्यदलका प्रतिवेदनलाई सन्दर्भका रूपमा लिइएको छ । परराष्ट्र नीतिमा साझा अवधारणा निर्माणका लागि सर्वदलीय/सर्वपक्षीय 'परराष्ट्र नीतिः राष्ट्रिय संवाद' समेत आयोजना गरिएको थियो, जसमा भएका छलफल र निकालिएका निष्कर्षको महत्त्वपूर्ण सहयोग नीति तर्जुमाका क्रममा लिइएको छ । यस सम्बन्धमा मुख्य राजनीतिक दलहरूका विदेश नीतिसम्बन्धी अवधारणाहरूलाई पनि ध्यानमा राखेर साझा विषयहरूको पहिचान गरिएको छ ।

परराष्ट्र नीतिले वर्तमान चुनौती र अवसरहरूको बुँदागत विश्लेषण गरेको छ । परराष्ट्र नीतिका दसवटा सिद्धान्त र सातवटा आधारहरू पहिचान गरेको छ । 'राष्ट्रिय हित अनुकूल स्वतन्त्र र सन्तुलित परराष्ट्र नीतिको सञ्चालनबाट सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित बाह्य सम्बन्ध सुदृढ गर्दै समृद्ध नेपाल निर्माणमा योगदान पुर्‍याउने' मूल लक्ष्य लिएको परराष्ट्र नीतिमा उद्देश्यहरू पनि स्पष्ट पारिएका छन् । यसका लागि द्विपक्षीय, बहुपक्षीय, श्रम सम्बन्ध, आर्थिक कूटनीति, निशस्त्रीकरण, विश्व शान्ति, सार्वजनिक कूटनीति, 'ट्र्याक टू' लगायत विभिन्न विषयमा महत्त्वपूर्ण नीति र तिनलाई कार्यान्वयन गर्ने रणनीति र कार्यनीति तर्जुमा गरिएका छन् । नीतिहरूको कार्यान्वयनका लागि संरचना र अनुगमनको व्यवस्थासमेत गरिएको छ ।

**सार्वभौम समानता, अहस्तक्षेप र सबैसँग मित्रता**

स्वाधीनताको गौरवपूर्ण परम्परा बोकेको नेपालको स्वाभिमानमाथि पटक-पटक आँच आउने काम भएको छ । सुगौली सन्धिबाट सुरु भएको राष्ट्रिय अपमानको शृङ्खलामा आन्तरिक राजनीति, अर्थतन्त्र र संस्कृतिमा बाह्य हस्तक्षेप, अतिक्रमण र कतिपय असमान सन्धिहरूसमेत थोपरिएका छन् । नेपाल आन्तरिक द्वन्द्वमा फस्दै गएपछि बाह्य चासो र हस्तक्षेपको आयतन बढ्दै गएर सूक्ष्म व्यवस्थापनको तहसम्म पुगेको अनुभूति विगतमा भएको छ ।

इतिहासका यी बोझहरू अन्त्य गर्ने प्रयास गर्दै नेपालको स्वाभिमान र स्वाधीनतालाई सुदृढ गर्ने काम हामीले गर्‍यौं । नेपालको भूराजनीतिक अवस्थितिलाई दुर्बलताको रूपमा व्याख्या गरेर राष्ट्रिय हीनताबोध स्थापित गर्ने चेष्टालाई बदल्दै संसारको दोस्रो ठूलो आर्थिक शक्ति चीन र छैटौं एवं उदीयमान अर्थतन्त्रका रूपमा रहेको भारतबीचको अवस्थितिलाई हामीले नेपालको अवसरका रूपमा सदुपयोग गर्ने प्रयास गर्‍यौं । इतिहास-प्रदत्त एकपक्षीय निर्भरतालाई अनिवार्य नियति ठान्ने, दुई छिमेकीबीचको सम्बन्धलाई सन्तुलित, विश्वासमाथि आधारित र आर्थिक साझेदारीमा विकास गर्न नसक्ने/नचाहने र एकातिर ढल्किने प्रवृत्तिलाई अन्त्य गर्‍यौं ।

हाम्रो सन्दर्भमा राष्ट्रवादको अर्थ देशभक्ति हो । नेपालले राष्ट्रिय हितका निम्ति बोल्नु या पहल गर्नुलाई अरू देशको विरोध भन्ने बुझ्नु हुँदैन । राष्ट्रवादलाई प्रायोजित ढङ्गले विवादित बनाउने, राष्ट्रिय हित र सार्वभौम समानताको आवाज उठाउने कुरालाई हतोत्साहित गर्ने, नेपाल समृद्ध र सबल बन्न सक्छ भन्ने आत्मविश्वासलाई कमजोर गराउने र प्रकारान्तरले नेपाल यस्तै हो, यस्तै रहन्छ र यसले बराबरीको कुरा उठाउनु हुँदैन जस्ता गलत मान्यतालाई व्यवहारमै खण्डन गर्‍यौं ।

सार्वभौम समानता, पारस्परिक लाभ र सम्मान बाह्य सम्बन्धको मुख्य आधार हो । प्रधानमन्त्रीका रूपमा केपी शर्मा ओलीले बारम्बार भन्ने गर्नु भएको थियो- 'भूगोल र जनसङ्ख्याले देशहरू ठूला या साना हुन सक्छन् तर सार्वभौमसत्ता र स्वाधीनता भने सबैको बराबरी हो' । 'सबैसँग मित्रता, कसैसँग छैन शत्रुता'लाई हामीले सम्बन्ध विस्तारको सूत्र बनायौं । सबै मित्रराष्ट्रहरूसँग सम्बन्ध विस्तार गर्ने, अन्तर्राष्ट्रिय कानुन, संयुक्त राष्ट्र सङ्घको बडापत्र, पञ्चशील र असंलग्नताका सिद्धान्तका आधारमा सम्बन्धहरू विकसित गर्ने, कुनै विचारधारा, धर्म या समूहबन्दीलाई दुईपक्षीय सम्बन्धमा हावी हुन नदिने, आफ्नो भूमि कसैका विरुद्ध प्रयोग हुन नदिने, कुनै सैन्य गठबन्धनमा सहभागी नहुने, आफ्ना आन्तरिक मामलामा कसैको पनि हस्तक्षेप नस्वीकार्ने र आफ्नो सम्पूर्ण ध्यान मुलुकको विकास र समृद्धिका लागि मित्रहरूको साथ र सहयोग जुटाउने कुरामा केन्द्रित हुने गरी हामीले हाम्रो नीति र आचरणको पुनर्भाष्य निर्माण गर्‍यौं । सम्बन्धहरूलाई तदनुरूप विकास गर्ने प्रयास भयो । सन्तुलित बाह्य सम्बन्ध हाम्रो मूलमन्त्र रह्यो ।

**भारतसँग आर्थिक साझेदारी : इतिहासको भारी सल्टाउने समझदारी**


यस अवधिमा हामीले भारतसँगको आर्थिक साझेदारीलाई तालिकाबद्ध, प्रभावकारी र सार्थक बनाउने कोसिस गर्‍यौं । फलतः छोटो अवधिमै मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन सम्पन्न भएर सञ्चालनमा आयो । यसले हाम्रो पेट्रोलियम आपूर्ति प्रणालीलाई विघ्नरहित बनाएको छ र बर्सेनि झण्डै डेढ अर्ब रुपैयाँ ढुवानी खर्च बचत गरिदिएको छ । वातावरणमा पनि यसको सकारात्मक योगदान छ । वीरगन्ज र विराटनगरका एकीकृत जाँच चौकी निर्माण र सञ्चालन, नेपालगन्ज र भैरहवामा यससम्बन्धी कामहरूको थालनी, हुलाकी राजमार्गका १३ वटा खण्डको निर्माण सम्पन्न

> प्रधानमन्त्रीका रुपमा केपी शर्मा ओलीले बारम्बार भन्ने गर्नु भएको थियो- "भूगोल र जनसङ्ख्याले देशहरू ठूला या साना हुन सक्छन् तर सार्वभौमसत्ता र स्वाधीनता भने सबैको बराबरी हो" । "सबैसँग मित्रता, कसैसँग छैन शत्रुता"लाई हामीले सम्बन्ध विस्तारको सूत्र बनायौं ।

**सन् १९५० को सन्धिको पुनरावलोकन, पञ्चेश्वर परियोजनाको विकास, नेपाल-भारतबीचको भयावह बन्दै गएको व्यापार घाटा न्यून गर्न वाणिज्य सन्धिमा पुनरावलोकनलगायत विषयमा नेपालले गम्भीरतापूर्वक वार्ता गरेको छ। छिमेकीहरुसँग सार्वभौम समानता, आपसी विश्वास र लाभमाथि आधारित सुसम्बन्धबाहेक नेपालको अर्को कुनै स्वार्थ छैन।**

र हस्तान्तरण, भूकम्पपछिका ५० हजार घर निर्माण र हस्तान्तरण, अरूण तेस्रोको निर्माण कार्यमा तीव्रता तथा वर्षौं थाँती रहेका अन्य कैयौं मुद्दामा प्रगति यसबीचका उल्लेखनीय उपलब्धि हुन् । नेपालको पारवहन व्यापारका लागि नयाँ बन्दरगाहको व्यवस्था, आन्तरिक जलमार्गको विकाससम्बन्धी समझदारी, उर्जाको क्षेत्रीय व्यापारका लागि भारतसँग भएको सहमति, महाकाली सन्धि अनुसार नेपालले पाउने सिंचाइ सुविधाको कार्यान्वयनलगायत विषय यसबीचका महत्त्वपूर्ण उपलब्धि हुन् । भारतका प्रधानमन्त्रीले एकै कार्यकालमा चारपटक नेपालको भ्रमण गर्नु र दुई देशका प्रधानमन्त्रीबीच दुई वर्षको अवधिमा चारवटा उच्चस्तरीय संवाद हुनु आफैंमा महत्त्वपूर्ण छ ।

नेपाल-भारत सम्बन्धमा इतिहासले अधुरा छाडेका कतिपय विषय छन् । सीमा विषय सर्वाधिक महत्त्वपूर्ण, संवेदनशील र नटुङ्गिएको विषय हो । नेपाल-भारत सीमालाई सुगौली सन्धिले निर्दिष्ट गरेको छ । यसै आधारमा स्पष्ट रेखाङ्कन गर्ने, नक्सा बनाउने र सीमा स्तम्भहरूको पुनर्निर्माण एवं व्यवस्थापन गर्ने काम सन् १९८१ बाट सुरु भएको थियो नेपाल-भारत संयुक्त प्राविधिक समितिमार्फत । उक्त समितिले धेरै क्षेत्रमा सीमा क्षेत्रको नापी कार्य सकेर १ सय ८२ थान स्ट्रिप नक्सा तयार गरे पनि कालापानी क्षेत्र (कालापानी, लिपुलेक र लिम्पियाधुरासमेत) र सुस्ता क्षेत्रमा भने नापी कार्य सम्पन्न नगरी अधुरै छाड्यो । सन् २००७ मा उक्त समितिको म्याद समाप्त भएपछि सीमा नापी कार्य अलपत्रजस्तै थियो । सन् २०१४ मा यी क्षेत्रको काम सम्पन्न गर्न दुई देशका परराष्ट्र सचिवहरूको संयन्त्र निर्माण गरिए पनि उक्त संयन्त्रको एउटा बैठकसम्म नबसी भारतले सन् २०१९ को नभेम्बरमा कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर नयाँ राजनीतिक नक्सा प्रकाशन गऱ्यो । हामीले त्यसको औपचारिक रूपमा प्रतिवाद गऱ्यौं र समस्या समाधानको लागि कूटनीतिक पहल गरिरह्यौं । तर, नेपालको आग्रहलाई अस्वीकार गर्दै भारत एकतर्फी ढङ्गले अगाडि बढेपछि हामीले लिम्पियाधुरा, लिपुलेक र कालापानीलगायत नेपाली भूभाग समेटेर नेपालको राजनीतिक-प्रशासनिक नक्सा प्रकाशन गऱ्यौं । सार्वभौम संसद्बाट सर्वसम्मत रूपमा संविधान संशोधन गरेर नयाँ नक्सालाई संविधानको अनुसूचीमा रहेको निशान छापमा समावेश गऱ्यौं । यस



सम्बन्धमा प्रदर्शित भएको राष्ट्रिय एकता अभूतपूर्व छ र यसले नेपालको सामर्थ्य र स्वाभिमानलाई सुदृढ गर्ने काम गरेको छ। नक्सा प्रकाशनपछि केही समयसम्म द्विपक्षीय सम्बन्धमा केही जटिलता सिर्जना भए पनि सम्बन्धलाई पुरानै लयमा फर्काउने र सन् २०२१ को जनवरीमा दिल्लीमा सम्पन्न नेपाल-भारत संयुक्त आयोगको छैटौं बैठकमा यस विषयलाई औपचारिक एजेन्डा बनाउने काम भएको छ।

त्यसरी नै, सन् १९५० को सन्धिको पुनरावलोकन, पञ्चेश्वर परियोजनाको विकास, नेपाल-भारतबीचको भयावह बन्दै गएको व्यापार घाटा न्यून गर्न वाणिज्य सन्धिमा पुनरावलोकनलगायत विषयमा नेपालले गम्भीरतापूर्वक वार्ता गरेको छ। छिमेकीहरूसँग सार्वभौम समानता, आपसी विश्वास र लाभमाथि आधारित सुसम्बन्धबाहेक नेपालको अर्को कुनै स्वार्थ छैन। नेपालले आपसी विश्वासलाई सुदृढ गर्दै एक्काइसौं शताब्दी सुहाउँदो द्विपक्षीय सम्बन्धको विकास गर्न चाहेको र व्यापक कनेक्टिभिटी तथा लगानी अभिवृद्धमार्फत सार्थक साझेदारी नेपालको प्राथमिकतामा रहेको कुरा हामीले पटक-पटक उठाउँदै आएका छौं।

**विकास र समृद्धिका लागि चीनसँग रणनीतिक साझेदारी**

नेपाल-चीन सम्बन्धलाई विकास र समृद्धिका लागि रणनीतिक साझेदारीमा स्तरोन्नत गरिएको छ। 'हिमालय वारपार बहुआयामिक सम्पर्क सञ्जाल'मार्फत सीमावारपार रेल, सडक, हवाई यातायात, बन्दरगाह, ट्रान्समिसन लाइन र जनसम्पर्कलगायत विषय अगाडि बढाइएका छन्। चीनसँग सन् २०१६ मा भएको पारवहन सम्झौताको कार्यान्वयनका लागि सन् २०१९ को अप्रिलमा त्यसको प्रोटोकलमा हस्ताक्षर भएको छ। अब नेपालले चीनका तियान्जिन, सेन्जेन, लियानयुङगाङ र झानझियाङ गरी चारवटा समुद्री बन्दरगाह र लान्जाओ, ल्हासा र सिगात्से गरी तीनवटा सुख्खा बन्दरगाहको उपयोग गर्दै समुद्रसम्म पहुँचको सुविधा प्राप्त गरेको छ। भूपरिवेष्टित मुलुकलाई भूजडित बनाउन र पारवहनमा एकपक्षीय निर्भरतालाई अन्त्य गर्दै रणनीतिक स्वतन्त्रता उपयोग गर्ने मामलामा यी उपलब्धिहरू ऐतिहासिक महत्त्वका छन्। सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले सन् २०१९ को अप्रिल-मेमा गर्नुभएको चीनको राजकीय भ्रमण र दोस्रो बीआरआई सम्मेलनका क्रममा नेपाल-चीनबीचमा 'हिमालय वारपार बहुआयामिक सम्पर्क सञ्जाल'लाई बीआरआईको सूचीमा समावेश गरिएको छ।

यसै सिलसिलामा चीनका राष्ट्रपति महामहिम सी चिनफिङले २३ वर्षपछि गर्नुभएको नेपाल भ्रमणको ऐतिहासिक महत्त्व छ। यस क्रममा २० वटा समझदारी र सम्झौतामा हस्ताक्षर भएको छ।

**संयुक्त राष्ट्र सङ्घ र क्षेत्रीय एवं अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता**

यस अवधिमा नेपालले संयुक्त राष्ट्र सङ्घको महासभा, मानव अधिकार परिषद्, असंलग्न आन्दोलन र अन्य अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रभावकारी उपस्थिति र भूमिका प्रदर्शन गर्‍यो। लामो सङ्क्रमणकालको अन्त्य भएको, द्वन्द्व समाधान भएर दिगो शान्तितिर मुलुक अग्रसर भएको र लामो अन्तरालपछि नेपालमा राजनीतिक स्थायित्व हासिल हुँदै गरेको स्थितिले नेपालप्रति अन्तर्राष्ट्रिय जगत्को स्वाभाविक आकर्षण, रुचि र सद्भाव प्राप्त थियो। सम्माननीय राष्ट्रपति, प्रधानमन्त्री र परराष्ट्रमन्त्रीका तर्फबाट ती मञ्चहरूमार्फत नेपालले लोकतन्त्र, शान्ति र स्थायित्वका क्षेत्रमा हासिल गरेका उपलब्धिहरू, नेपालको संविधानका प्रगतिशील अन्तरवस्तु, समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा, राज्यका हरेक अङ्गमा न्यूनतम एकतिहाई महिला सहभागिताको सुनिश्चितताससहितको नेपालको समावेशी शासन प्रणाली, भूकम्पपछिको पुनर्निर्माण, लगानी मैत्री वातावरण निर्माणका लागि गरिएका कानुनी र संरचनागत सुधारहरू एवं जलवायु परिवर्तनबारे नेपालका चासोलगायत विषयमा दृष्टिकोणहरू स्पष्ट पार्ने कोसिस गरिए। संयुक्त राष्ट्र सङ्घीय जलवायु सम्मेलन (पोल्यान्ड) र महिलासम्बन्धी विशेष सम्मेलन (न्युयोर्क)मा राष्ट्रपतिको सहभागिता, संरासङ्घको ७३ औं महासभा, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको शताब्दी समारोह, असंलग्न आन्दोलनको शिखर सम्मेलनलगायतमा प्रधानमन्त्रीको सम्बोधन तथा संरासङ्घको महासभा, मानव अधिकार परिषद्का विभिन्न सम्मेलनहरूमा परराष्ट्र मन्त्रीका प्रस्तुतिमार्फत नेपालले आफ्ना दृष्टिकोण विश्व समुदायसमक्ष प्रभावकारी ढङ्गले प्रस्तुत गर्‍यो। नेपालले मौलिक ढङ्गले शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउँदै गरेको र सङ्क्रमणकालीन न्यायको विषयलाई पनि विस्तृत शान्ति सम्झौताको मर्म र भावना, हाम्रा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू, सर्वोच्च अदालतका आदेश, पीडितका सरोकार तथा नेपालको यथार्थलाई केन्द्रमा राखेर, मौलिक र राष्ट्रिय नेतृत्वमा टुङ्ग्याउन सक्षम रहेको सन्देश सम्प्रेषित गर्‍यो। मानव अधिकार र दण्डहीनता अन्त्य गर्ने हाम्रो बचनबद्धताप्रति अन्तर्राष्ट्रिय समुदायको भरोसा बढेर गयो।

यी मञ्चहरूमार्फत हामीले न्यायपूर्ण, मानवकेन्द्रित र विधिमा आधारित विश्व व्यवस्थाको पक्षमा आवाज उठायौं। सबै खाले युद्ध, शस्त्रास्त्रको होडबाजी, विनाशकारी हतियार निर्माणको प्रतिस्पर्धा, बाह्य हस्तक्षेप र आतङ्कवादको विरोध गर्‍यौं। दिगो विकास लक्ष्य हासिल गर्न विकसित देशहरूले अझ बढी योगदान गर्नु पर्ने, उनीहरू आत्मकेन्द्रित र स्वार्थी हुन नहुने एवं साझा समस्याको समाधानका लागि बहुपक्षीयता र सहकार्यको बाटोबाट अगाडि बढ्नु पर्नेमा जोड दियौं।

नेपालप्रतिको यही बढ्दो आकर्षण, प्रतिष्ठा अभिवृद्धि र नेपालका सुसङ्गत नीतिहरूले समेत संयुक्त राष्ट्र सङ्घको मानव अधिकार

> हामीले विश्वभरि छरिएका नेपाली प्रतिभालाई नेपालको विकासमा आबद्ध गर्न परराष्ट्र मन्त्रालय अन्तर्गत प्रतिभा प्राप्ति केन्द्र (ब्रेन गेन सेन्टर) स्थापना गर्‍यौं। एक हजारभन्दा बढी विज्ञ र विशेषज्ञहरू समेटिएको उक्त प्लेटफर्मलाई अगाडि बढाउन सक्दा यसले नेपालको विकासमा सहयोगी भूमिका खेल्न सक्छ भन्ने विश्वास गर्न सकिन्छ।

जनादेशबाट गठन भएको नेकपा (एमाले) सरकारलाई संविधानको अपव्याख्या र अदालतको दुरुपयोग गर्दै परमादेशबाट विस्थापित गरिएपछि अन्य क्षेत्रमा जस्तै मुलुकको बाह्य सम्बन्धमा पुनः असन्तुलन, विचलन र चुनौतीहरु थपिएका छन्। यो सरकारको गठन नै गलत प्रस्थान बिन्दुबाट भयो अर्थात् नेपाल र नेपालीका लागि होइन, बाह्य शक्तिहरुका लागि "कम्फर्टेबल" हुने बाचासहित भयो। सरकार गठन हुनुपूर्वको यही बाचा अनुरूप गठबन्धन सरकार राष्ट्रिय हितमाथि एकपछि अर्को खेलबाड गरिरहेको छ।

परिषद् तथा महिलाविरुद्ध भेदभाव उन्मूलनसम्बन्धी समितिमा सहजै पुनर्निर्वाचित हुन सहयोग पुऱ्याए ।

यसका अलावा नेपाललाई केही महत्त्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चहरूबाट पहिलोपल्ट उच्चस्तरीय सहभागिताका लागि निमन्त्रणा प्राप्त भयो । डाभोसस्थित विश्व आर्थिक मञ्च, बेलायतको अक्सफोर्ड युनिभर्सिटी, एसिया सोसाइटी-न्युयोर्क, हो चिमिन्ह इन्स्टिच्युट-हनोईजस्ता प्रतिष्ठित मञ्चहरूमा प्रधानमन्त्रीको सहभागिता र सम्बोधन विशेष महत्त्वका थिए । एसिया सोसाइटी- वासिङ्टन, चाइना रिफर्म फोरम- बेइजिङ, सिचुवान युनिभर्सिटी, इन्डियन ओसन कन्फ्रेरेन्स- माले, फोरउस- स्विट्जरल्याण्ड, रायसिना डाइलग- नयाँ दिल्लीलगायतमा परराष्ट्रमन्त्रीलाई गरिएका आमन्त्रण र भएका छलफल पनि उल्लेखनीय रहेका छन् ।

यसै अवधिमा नेपालले चौथो बिम्स्टेक शिखर सम्मेलन आयोजना गऱ्यो र यस सङ्गठनलाई नयाँ गति दिन पहल गऱ्यो । सार्कको औचित्य स्थापित गर्न र यसलाई सक्रिय बनाउन हामीले लगातार पहल गरिरह्यौं । संयुक्त राष्ट्र सङ्घका सम्बन्धित निकायको पहलमा पोषण र शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय/क्षेत्रीय सम्मेलनहरू पनि नेपालमा आयोजना भए । नेपालको छवि, भूमिका र सक्रियता विश्व मञ्चमा बढेर गयो ।

**द्विपक्षीय सम्बन्ध विस्तार र उच्चस्तरीय भ्रमण**

यस अवधिमा नेपालले आफ्ना परम्परागत र नयाँ मित्रहरूसँग नयाँ उचाइबाट सम्बन्ध सुदृढ एवं विस्तार गऱ्यो । सम्माननीय राष्ट्रपतिले चीन, जापान, म्यान्मार, कतार, बङ्गलादेशलगायत मुलुकमा गर्नुभएका औपचारिक र राजकीय भ्रमण, प्रधानमन्त्रीको तहबाट झण्डै दुई दशकपछि भएका बेलायत र फ्रान्सका भ्रमण तथा भियतनाम, कम्बोडिया, कोस्टारिकालगायत मुलुकमा पहिलोपल्ट भएका भ्रमण तथा परराष्ट्रमन्त्रीका तर्फबाट भएको पहिलो औपचारिक अमेरिका भ्रमण, लामो अन्तरालमा भएको रुसको भ्रमणलगायत उच्चस्तरीय संवादले नेपालको परम्परागत मित्रतालाई थप सुदृढ गर्न र सम्बन्धको दायरा विस्तार गर्न योगदान गरेका छन् । यस अवधिमा चीनका राष्ट्रपति, भारतका प्रधानमन्त्री, बिम्स्टेकका सदस्य राष्ट्रका राष्ट्रप्रमुख तथा प्रधानमन्त्रीहरू लगायतको भ्रमणले सम्बन्धलाई मजबुत बनाउन भूमिका खेलेका छन् । भ्रमणहरूले लगानी, पर्यटन प्रवर्द्धन तथा द्विपक्षीय साझेदारी विकासमा महत्त्वपूर्ण योगदान गरेका छन् ।

**सगरमाथा संवाद, जलवायु परिवर्तन तथा प्रतिभा प्राप्ति केन्द्र**

नेकपा (एमाले) नेतृत्वको सरकारले जलवायु परिवर्तनको विषयलाई उच्च महत्त्व दियो । आफ्नो कुल भूभागको ६० प्रतिशत ( ४४ प्रतिशत वनजङ्गल र १७ प्रतिशत हिमाल) वातावरणका लागि अर्पेको र हिमाच्छादित पर्वतशृङ्खलामार्फत प्राकृतिक वातानुकूलन ( एयरकन्डिसन)को भूमिका खेलिरहेको नेपालले जलवायु परिवर्तनका क्षेत्रमा भने आफूले गर्दै नगरेको गल्तीको सजाय भोगिरहेको छ । विश्वव्यापी रूपमा बढिरहेका तापमान, कार्बन उत्सर्जन र औद्योगिक प्रदूषणका कारण हिमशृङ्खलाहरूमा तीव्र रफ्तारमा हिउँ पग्लिदै गएको छ । ग्लेसियरहरू विस्फोटको जोखिममा छन् । तल्लो तटीय क्षेत्रमा बाढी, पहिरो र डुबानले बर्सेनि हजारौं मान्छेलाई विस्थापन गरिरहेको छ । अनि, विषम जलवायु चक्रले कृषि अर्थतन्त्र एवं जीविकामा प्रतिकूल प्रभाव पारिरहेको छ । भावी पुस्तालाई सुरक्षित पृथ्वी हस्तान्तरण गर्न सक्छौं कि सक्दैनौं भन्ने गम्भीर प्रश्न खडा भएको छ ।

स्थितिको यसै गम्भीरतालाई ध्यानमा राखेर नेपालले प्रत्येक बहुपक्षीय मञ्च र द्विपक्षीय मञ्चहरूमा जलवायु परिवर्तनका विषयमा विश्वको गम्भीर ध्यानाकर्षण गऱ्यो । हामीले गम्भीर महत्त्वका अन्तर्राष्ट्रिय र क्षेत्रीय मुद्दाहरूमा विमर्श गर्न, विश्वको ध्यानाकर्षण गराउन र समझदारी विकास गर्न स्थायी प्रकृतिको 'सगरमाथा संवाद' स्थापना गऱ्यौं र यसको पहिलो संस्करण 'जलवायु परिवर्तन, पर्वत र मानव जातिको भविष्य' शीर्षकमा समर्पित गर्ने निर्णय गऱ्यौं । २०२० को अप्रिलमा गर्ने तय गरिएको यस अन्तर्राष्ट्रिय संवादप्रति विश्वको उच्च चासो थियो र महत्त्वपूर्ण सहभागिता सुनिश्चित भएको थियो । तर, विश्वव्यापी कोरोना महामारीका कारण निर्धारित समयमा संवाद आयोजना गर्न सकिएन । नेपालले उठाएको यी मुद्दाप्रति विश्वको आकर्षण भने कायमै छ ।

हामीले विश्वभरि छरिएका नेपाली प्रतिभालाई नेपालको विकासमा आबद्ध गर्न परराष्ट्र मन्त्रालय अन्तर्गत प्रतिभा प्राप्ति केन्द्र (ब्रेन गेन सेन्टर) स्थापना गऱ्यौं । एक हजारभन्दा बढी विज्ञ र विशेषज्ञहरू समेटिएको उक्त प्लेटफर्मलाई अगाडि बढाउन सक्दा यसले नेपालको विकासमा सहयोगी भूमिका खेल्न सक्छ भन्ने विश्वास गर्न सकिन्छ ।

यी प्रमुख उपलब्धि र पहलका अतिरिक्त कोभिड-१९ महामारीका बेला विभिन्न मुलुकमा छरिएका नेपाली श्रमिक र अन्य नेपालीको उद्धार तथा स्वदेश फिर्तीका सबालमा सरकारले एकदमै संवेदनशील, जिम्मेवार र अभिभावकीय भूमिका खेल्यो । आफू खोप उत्पादक नभएर पनि सार्थक कूटनीतिक पहलका माध्यमबाट दक्षिण एसियामा खोप सुरु गर्ने दोस्रो मुलुक बन्न सफल भयो । संसारभर छरिएका गैरआवासीय र प्रवासी नेपालीहरूका चासो र सरोकारका विषयमा निरन्तर संवेदनशील भएर सम्बोधन गरिरह्यो र उहाँहरूलाई नेपालको विकास अभियानमा साझेदार बन्न उत्प्रेरणा प्रदान गरिरह्यो ।

**नेपालजस्ता देशका लागि राष्ट्रवादको अर्थ आफ्नो राष्ट्रिय हितको रक्षा र सम्मानको प्रतिरक्षा हो, अन्तर्राष्ट्रिय जगत्मा आफ्नो उचित स्थानको खोजी हो। वर्तमान अन्तर्राष्ट्रिय व्यवस्था श्रमजीवी जनता र विकासशील देशहरूका लागि अनुकूल छैन। उत्पादकत्वको फड्कोले सम्पत्तिको अथाह जोहो भएको छ र विज्ञान-प्रविधिको विकासले जीवनलाई धेरै सजिलो बनाइदिएको छ। तर, सम्पत्तिको वितरण न्यायोचित छैन, विज्ञान प्रविधिको लाभ आमजनताको न्यायपूर्ण पहुँचमा छैन। राष्ट्र-राष्ट्रबीच र राष्ट्रभित्रै आर्थिक विषमता बढिरहेको छ। अझै पनि गरिबी, बेरोजगारी, भोकमरी र कुपोषण विश्व मानवताका लागि चुनौतीका रूपमा खडा छन्।**

आफ्नै प्राविधिक जनशक्तिका बलमा सगरमाथाको उचाइ मापन र २०७७ मङ्सिरमा चीन सरकारसँग समन्वय गरेर संयुक्त रूपमा सगरमाथाको उचाइ (८,८४८.८६ मिटर) घोषणा गर्नुलाई पनि यस अवधिको उल्लेख्य उपलब्धिका रूपमा लिन सकिन्छ। त्यसै गरी छिमेकीहरूसँगको सीमाको अवस्थाको निरन्तर अनुगमन गर्न स्थायी संयन्त्रको निर्माण, भारतले एकतर्फी संरचना बनाएका कारण तराई-मधेसमा हुने डुबानको समस्या समाधान गर्न गरिएका पहल, बाह्य लगानी अभिवृद्धिका लागि गरिएको अन्तर्राष्ट्रिय लगानी सम्मेलन र त्यसमा व्यक्त गरिएको अर्बौं डलर बराबरको लगानीको प्रतिबद्धता, नेपालको व्यापार घाटा कम गर्न र निर्यात प्रवर्द्धन गर्न गरिएका पहलहरू पनि यस अवधिका महत्त्वपूर्ण विषयका रूपमा रहेका छन्। सम्बन्धित मित्र राष्ट्रसँग साझेदारी प्रभावकारी बनाउन सकियोस् भनेर ३५ भन्दा बढी देशका 'कन्ट्री स्फेसिक प्रोफाइल' तयार गर्नु, विदेशमा कार्यरत नेपालका अवैतनिक वाणिज्यदँतहरूको काठमाडौं सम्मेलन र नेपालमा कार्यरत विदेशी अवैतनिक वाणिज्यदूतहरूसँगका निरन्तर सम्वादमार्फत उनीहरूको भूमिका वृद्धि गर्न गरिएका प्रयास पनि चर्चायोग्य छन्।

तर, आज ?

जनादेशबाट गठन भएको नेकपा (एमाले) सरकारलाई संविधानको अपव्याख्या र अदालतको दुरुपयोग गर्दै परमादेशबाट विस्थापित गरिएपछि अन्य क्षेत्रमा जस्तै मुलुकको बाह्य सम्बन्धमा पुनः असन्तुलन, विचलन र चुनौतीहरू थपिएका छन्। यो सरकारको गठन नै गलत प्रस्थान बिन्दुबाट भयो अर्थात् नेपाल र नेपालीका लागि होइन, बाह्य शक्तिहरूका लागि 'कम्फर्टेबल' हुने बाचासहित भयो। सरकार गठन हुनुपूर्वको यही बाचा अनुरूप गठबन्धन सरकार राष्ट्रिय हितमाथि एकपछि अर्को खेलबाड गरिरहेको छ। भारतसँग सुरु भएको सीमासम्बन्धी छलफललाई सार्थक निष्कर्षमा पुऱ्याएर लिम्पियाधुरा, लिपुलेक र कालापानीलगायत भूभागमा नेपालको वास्तविक प्रशासनिक नियन्त्रण स्थापित गर्नुको साटो मौनता साँधिरहेको छ। जयसिंह धामी बेपत्ता पारिएको विषय होस् या नेपाली आकाशमाथि विदेशी हेलिकप्टर र ड्रोन उडाइँदा होस्, महाकालीको धार नै परिवर्तन गर्ने गरी एकतर्फी संरचना निर्माण गर्दा होस् या लिपुलेकमा सडक विस्तार भइरहेको भारतको अभिव्यक्तिको सन्दर्भमा, सरकार लाचार र निरीह देखिएको छ। अर्कातिर विगतमै सल्टिइसकेको चीनसँगको सीमाबारे भने एकतर्फी विवाद झिक्दै, छानबिन समिति बनाउँदै र प्रतिवेदन लुकाउँदै अविश्वास र आशङ्का सिर्जना गरिरहेको छ। मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजनाका बारेमा गठबन्धन दलहरूको गैरजिम्मेवार, क्षुद्र र स्वार्थप्रेरित गतिविधिले एकातिर यो विषयलाई लिएर नेपाली समाजलाई नै विभाजित गर्ने काम गरियो। अर्कातिर नेपाल र अमेरिकाबीचको नितान्त द्विपक्षीय विषयलाई भूराजनीतिक विवादको विषय बनाएर केही घण्टाको अन्तरालमा वासिङ्टन र बेइजिङबाट वक्तव्य जारी हुने, नेपाललाई लिएर मित्र राष्ट्रहरू आमने-सामने हुने जस्तो आपत्तिजनक स्थिति निर्माण गरियो। यी घटनाक्रमले वर्तमान सरकार राष्ट्रिय हित, स्वाभिमान र नेपालको भूराजनीतिक अवस्थितिको संवेदनशीलताप्रति कति गैरजिम्मेवार छ भन्ने स्पष्ट भएको छ। गठबन्धनमा रहेका एकथरी व्यक्तिहरू नेपालले अब असंलग्नताको बाटो छाड्नु पर्ने र एउटा छिमेकीसँग भरपर्दो सम्बन्ध विस्तार गर्नुपर्ने जस्ता हानिकारक तर्कहरू गरिरहेका छन्।

सरकार परिवर्तनसँगै नेपालको बाह्य सम्बन्धमा पुनः विचलन र बेथिति सुरु भएको छ, जसका बारेमा सबैतिरबाट सतर्कता, चासो र खबरदारी प्रकट गर्नु जरुरी छ।

यहाँनिर 'राष्ट्रवाद'का सम्बन्धमा नेपालमा बेलाबेलामा हुने बहसबारे पनि स्पष्ट पार्नु बाञ्छनीय हुन्छ। यसको प्रयोग निरपेक्ष हुँदैन, समय र सन्दर्भले यसको अर्थान्तर हुन सक्छ। शक्ति राष्ट्रहरूले राष्ट्रवादको कुरा गर्दा त्यसले हैकमको भावार्थ बोक्छ र यसले उनीहरू अन्तर्राष्ट्रिय दायित्वबाट पन्छिन खोजेको सन्देश दिन्छ। तर, नेपालजस्ता देशका लागि राष्ट्रवादको अर्थ आफ्नो राष्ट्रिय हितको रक्षा र सम्मानको प्रतिरक्षा हो, अन्तर्राष्ट्रिय जगत्मा आफ्नो उचित स्थानको खोजी हो। वर्तमान अन्तर्राष्ट्रिय व्यवस्था श्रमजीवी जनता र विकासशील देशहरूका लागि अनुकूल छैन। उत्पादकत्वको फड्कोले सम्पत्तिको अथाह जोहो भएको छ र विज्ञान-प्रविधिको विकासले जीवनलाई धेरै सजिलो बनाइदिएको छ। तर, सम्पत्तिको वितरण न्यायोचित छैन, विज्ञान प्रविधिको लाभ आमजनताको न्यायपूर्ण पहुँचमा छैन। राष्ट्र-राष्ट्रबीच र राष्ट्रभित्रै आर्थिक विषमता बढिरहेको छ। अझै पनि गरिबी, बेरोजगारी, भोकमरी र कुपोषण विश्व मानवताका लागि चुनौतीका रूपमा खडा छन्। तर, तिनलाई हटाउन पुग्नेभन्दा दसौं गुणा बढी खर्च शस्त्रास्त्रको होडबाजीमा भइरहेको छ। मानव अधिकार र लोकतन्त्रजस्ता विश्व चासोको विषयमा पनि दोहोरो मापदण्ड देखिनु विडम्बनापूर्ण छ। महिला र बालबालिकाका लागि विश्व अझै बराबरी र सुरक्षित बनिरहेको छैन। नेपालले न्यायपूर्ण, स्वच्छ र मानवकेन्द्रित विश्वप्रणालीका लागि प्रयास निरन्तर जारी राख्नुपर्छ। ❐

# सरकार सञ्चालनका तीन वर्ष
# स्थिति, योजना र उपलब्धि



विष्णु रिमाल
उपमहासचिव

**आलोपालो सरकारको नेतृत्व गर्ने "तमसुक" हात परेपछि मात्र उनले सरकारमा संलग्न हुने आफ्ना मन्त्रीहरूको नाम पठाए। चुनावी तालमेलको मुख्य साझेदार दलको यस्तो व्यवहार आफैंमा अप्रत्यासित र "पहिलो गाँसमै ढुङ्गा" साबित हुने प्रकृतिको थियो। बहुमत प्राप्त सरकारका लागि आफ्नो कार्यकालको कठिन यात्रातर्फको सङ्केत पनि थियो।**

### १. ऐतिहासिक जनादेशपछिको सकस

२०७४ सालको मङ्सिरमा सम्पन्न आमनिर्वाचनबाट नेकपा (एमाले)को नेतृत्वमा रहेको वामपन्थी-लोकतान्त्रिक चुनावी तालमेललाई भारी बहुमतसहितको जनादेश प्राप्त भयो । यो परिणाम एमालेको मुख्य प्रतिस्पर्धी दल नेपाली कांग्रेससहितका दक्षिणपन्थी शक्तिका लागि अकल्पनीय थियो । त्यसैले हुनुपर्छ, निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्न अनावश्यक आनाकानी गरियो । सङ्घीय संसद्मा महिला सदस्य एकतिहाइ हुनुपर्ने र राष्ट्रियसभाको निर्वाचन नभई प्रतिनिधिसभाको समानुपातिक तर्फको निर्णय गर्न नमिल्ने जस्ता तर्क अघि सारीसरकार गठन प्रक्रियालाई सकेसम्म अल्झाइयो ।

चौतर्फी दबाबपछि २०७४ फागुन २ गते निर्वाचन आयोगले निर्वाचन परिणाम सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्‍यो । त्यसपछि बल्ल आरम्भ भएको सरकार निर्माण प्रक्रियातालमेलका प्रमुख साझेदार नेकपा (माओवादी केन्द्र)को नाकनिकले थप अल्झिन पुग्यो । फागुन ३ गते प्रतिनिधिमूलक सहभागितासहित सरकार गठन गर्ने र एक/दुई दिनमै त्यसलाई पूर्णता दिने समझदारीविपरीत राष्ट्रपति कार्यालयमा मन्त्रिमण्डलको सूची बुझाउन तय भएको समयमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले 'मन्त्रीको नाम दिन असमर्थ रहेको' जानकारी दिए । माओवादीले तीन सदस्यीय साङ्केतिक सरकार गठन भएको हप्ता दिनपछि बल्लतल्ल एक जना मन्त्रीको नाम पठायो । त्यसको एक महिनापछि (चैत २ गते) मात्र सरकारले पूर्णता पायो । महिना दिनसम्म माओवादी अध्यक्ष प्रचण्डले चर्को बार्गेनिङ गर्दै 'मलाई पूरै पाँच वर्ष सरकारको नेतृत्व गर्ने अफर आएको छ' भन्नसम्म भ्याए । आलोपालो सरकारको नेतृत्व गर्ने 'तमसुक' हात परेपछि मात्र उनले सरकारमा संलग्न हुने आफ्ना मन्त्रीहरूको नाम पठाए । चुनावी तालमेलको मुख्य साझेदार दलको यस्तो व्यवहार आफैंमा अप्रत्यासित र 'पहिलो गाँसमै ढुङ्गा' साबित हुने प्रकृतिको थियो । बहुमत प्राप्त सरकारका लागि आफ्नो कार्यकालको कठिन यात्रातर्फको सङ्केत पनि थियो ।

कामचलाउ खालको शासन सञ्चालनबाट वाक्क भएका नेपाली जनताले राजनीतिक स्थिरता र बलियो सरकारको अपेक्षामा हाम्रो चुनावी तालमेललाई रुचाए, अत्यधिक मतले जिताए।त्यो जनादेश ठूलो परिवर्तन पछि नयाँ परिस्थितिमा विरलै प्राप्त हुने मध्येको एक थियो । २०७४ को आमनिर्वाचनपछि अघिल्ला दुई आमनिर्वाचन (२०१५ र २०४८ साल)को तुलनामा हाम्रो समाज बिलकुलै नयाँ प्रणाली, नयाँ परिपाटी र नयाँ संविधान कार्यान्वयनको चरणमा प्रवेश गर्‍यो ।

सङ्घीयता, त्यसको जगमा खडा गरिएको सहभागितामूलक शासकीय प्रणाली र स्थानीय तहसम्मै गरिएको शक्ति हस्तान्तरण नयाँ प्रणालीको विशेषता थिए । पालिकाहरू स्थानीय 'सरकार'कारूपमा स्थापित भएका थिए । त्यस्ता 'सरकार' सञ्चालन गर्दा गाविस/नगरपालिका सञ्चालनको अनुभव भएका जनप्रतिनिधिहरूमा रहने व्यावहारिक ज्ञानको कमीलाई ख्याल गर्नुपर्थ्यो । यहाँसम्म कि सङ्घीय संसद्का अनुभवी

जनप्रतिनिधिहरूमा समेत एकात्मक प्रणालीको संसदीय अनुभवले अभ्यासमा निम्त्याउने द्विविधा हुनु स्वाभाविक थियो । अझ प्रदेश तहको संरचना त एकदमै नयाँ प्रयोग थियो । यी सबै परिवेशले नयाँ परम्परा बसाल्न धैर्यता, सुझबुझ र कडा परिश्रमको माग गरिरहेको थियो ।

सरकार गठन हुँदा स्थानीय सरकारहरू भर्खर क्रियाशील हुन थालेका थिए । तर, कार्यसम्पादनका लागि आवश्यक जनशक्ति केन्द्रबाट विन्यास गरिएकै थिएन । प्रदेश सरकार सँगसँगै जस्तै बनेका थिए । तर, प्रदेशसभा बस्ने ठाउँ थिएन । मुख्यमन्त्री र मन्त्रीहरूको क्वार्टर त परै जाओस्, मन्त्रिमण्डलको बैठक बस्ने ठाउँ पनि थिएन । अस्थायी रूपमा भए पनि त्यसको व्यवस्थापन गर्नु चानचुने कुरा थिएन । सङ्घ, प्रदेश र स्थानीय तह सञ्चालनका लागि संवैधानिक व्यवस्था त थियो तर तद्नुरूपका संरचनाहरू थिएनन् । कानुन, नियमावली, कार्यविधि, आर्थिक कार्यप्रणाली र वित्तीय व्यवस्था केहीकै व्यवस्था गरिएको थिएन । सारमा संविधानको प्रभावकारी कार्यान्वयन गर्दै नयाँ प्रणाली र संरचनालाई संस्थागत गर्न, सङ्घीयतालाई सफल पार्न आवश्यक कानुनी, वित्तीय र प्रशासनिक प्रबन्धको काम बाँकी नै थियो । जतिखेर सरकार गठन भयो,त्यतिखेरसम्म हिंसात्मक गतिविधि, पृथकतावादी अभियान र संविधानसँग असहमत केही पक्ष बाँकी नै थिए । ती सबैलाई सहमतिमा ल्याउनु थियो । अस्थिर राजनीतिका कारण बढेको बाह्य चलखेल अन्त्य गरी राष्ट्रिय स्वाभिमानलाई उँचो गर्नु थियो ।

हरेक आन्दोलनमा प्रभावकारी रहेको राजनीतिक नेतृत्व, त्यसपछिको व्यवस्थापनमा कमजोर हुँदा सिर्जना भएको अविश्वास चिर्नुपर्ने चुनौती चर्को थियो । मानिसहरू २००७ सालमा भएको राजनीतिक परिवर्तनलाई संस्थागत गर्ने लोकतन्त्रका संस्थाहरू २०१३ सालमा आएर मात्र तयार हुन थालेको तथ्य स्मरण गरिरहेका थिए । परिवर्तन त भयो, 'डेलिभरी' त खै कुन्नि भन्ने जनमत सिर्जना गर्ने आलोचक जमात सक्रिय थियो ।

**२ परिवर्तनबाट गरिएको अपेक्षा र नीतिगत प्रस्ताव**

जटिल निर्वाचन प्रणालीका बाबजुद अढाइ दशकपछि बल्ल एउटा बलियो सरकार निर्माण भएको थियो । राजनीतिक संक्रमणकालको दुष्चक्र अन्त्य भएर स्थिरता कायम हुँदै थियो । अल्पकालीन प्रचारात्मक कामको सट्टा सामाजिक-आर्थिक रूपान्तरणका लागि दिगो एवं दीर्घकालीन योजना सञ्चालनका लागि बलियो परिस्थिति सिर्जना भएको थियो । निर्वाचन अभियानका क्रममा अध्यक्ष केपी शर्मा ओलीले जनताका मूर्च्छित सपना जगाउनुभएको थियो । जनतामा परिवर्तनको भोक मात्रै होइन,अब त पक्कै केही हुन्छ भन्ने अपेक्षाले आकाश छोएको थियो ।

**नयाँ वर्ष २०७५ को एकाबिहानै अध्यक्ष केपी शर्मा ओलीले कर्णाली प्रदेशको प्रसिद्ध रारा तालको छेउबाट प्रधानमन्त्रीका रूपमा देशवासीलाई सम्बोधन गर्नुभयो। त्यसै सम्बोधनमार्फत उहाँले आफ्नो सरकारका भावी कामको प्रारम्भिक योजना घोषणा गर्नुभयो।**

त्यही अपेक्षालाई सम्बोधन गर्न सरकार बनेसँगै एमालेको निर्वाचन घोषणापत्रमा उल्लेखित नारा- 'नेकपा (एमाले)को परिकल्पनाः सुखी नेपाली, समृद्ध नेपालको स्थापना'लाई 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षाकारूपमा व्याख्या गरियो । जनताको सुखबिनाको समृद्धि, समृद्धि होइन । कुल गार्हस्थ उत्पादनको औसत आँकडाबाट समृद्धि नाप्न हुन्न भन्ने मान्यता सरकारले अघि सार्‍यो । नयाँ वर्ष २०७५ को एकाबिहानै अध्यक्ष केपी शर्मा ओलीले कर्णाली प्रदेशको प्रसिद्ध रारा तालको छेउबाट प्रधानमन्त्रीका रूपमा देशवासीलाई सम्बोधन गर्नुभयो । त्यसै सम्बोधनमार्फत उहाँले आफ्नो सरकारका भावी कामको प्रारम्भिक योजना घोषणा गर्नुभयो ।

'नयाँ वर्षको आरम्भ कर्णाली प्रदेशबाट हुनुको एउटा अर्थ, हामी आज कहाँ उभिएका छौं, हाम्रो यात्रा कुन हो र हाम्रो गन्तव्य कहाँ हो भन्ने सङ्कल्पलाई स्पष्ट पार्न पनि हो । 'समृद्ध नेपाल र सुखी नेपाली'को हाम्रो सङ्कल्पलाई कर्णालीसँगै सिङ्गो नेपालको समृद्धिले मात्रै सार्थक तुल्याउन सक्छ ।'

यो उद्घोषसहित कर्णाली घोषणाले सरकारको भावी नीति तथा कार्यक्रमका लागि निम्नानुसारको प्रारम्भिक खाका खिच्यो:

**– नयाँ युगको अपेक्षा** : नेपाली समाज नयाँ युगमा प्रवेश गरेको छ । यस्तो युग, जहाँ स्वाधीन देशका सार्वभौम नागरिकबीच कुनै विभेद र असमानता हुने छैन, जहाँ सामाजिक न्याय र लोकतन्त्र हुनेछ, जहाँ सबैलाई बराबर अधिकार र अवसर, सुरक्षा र सम्मान प्राप्त हुनेछ, जहाँ सुशासन र समृद्धि हुनेछ, जहाँ जनताको जीवन सुखी र राष्ट्रको अवस्था समृद्ध हुनेछ ।

**– नयाँ नेपाल निर्माणको प्रतिबद्धता** : नेपाल बन्छ, बनाउनै पर्छ । राष्ट्र निर्माणका लागि बलियो आत्मविश्वास चाहिन्छ । मनोवैज्ञानिक रूपमै कमजोर बनेको राष्ट्रले चुनौती सामना गर्न सक्दैन । हाम्रो सर्वोपरि प्रयास राष्ट्रमा भरपर्दो आत्मविश्वास जगाउने कुरामा केन्द्रित हुनेछ ।

**– हामीले चाहेको लोकतन्त्रः** लोकतन्त्र, हाम्रो जीवनपद्धति र जीवनमूल्यसमेत हो । आर्थिक अधिकार र सामाजिक न्यायबिनाको लोकतन्त्र, औपचारिक र अधुरो हुन्छ । तसर्थ, हामीले चाहेको लोकतन्त्र दल खोल्ने, चुनावमा भाग लिने र बोल्ने-लेख्ने अधिकार भएको लोकतन्त्र मात्रै नभएर परिपूर्ण (कम्प्रिहेन्सिभ) लोकतन्त्र हो ।

**– कामको केन्द्रबिन्दु** : अबको सर्वोपरि राष्ट्रिय अभिभारा, सङ्कल्प र कामको केन्द्रबिन्दु आर्थिक समृद्धि हो । तसर्थ, विगतमा गुमाइएका मूल्यवान् समयको समेत शोधभर्ना हुनेगरी आर्थिक विकासको गतिलाई असाधारण तीव्रता दिइनेछ । देशभित्रको प्राकृतिक र मानव स्रोत, पुँजी र सीप परिचालन गर्न सबै सामर्थ्यका साथ केन्द्रित हुने, निजी क्षेत्रलाई साथमा लिएर अघि बढ्ने, सहकारीलाई उच्च महत्त्व दिने र छिमेकी तथा अन्तर्राष्ट्रिय मित्रहरू, वैदेशिक लगानीकर्ताहरू तथा वित्तीय संस्थाहरूसँग हातेमालो गरिनेछ ।

**– कामका पाँच आधार** : क.राष्ट्रियता, ख.लोकतन्त्र, सामाजिक न्याय र समानता, ग.सामाजिक सद्भाव तथा राष्ट्रिय एकता, घ.शान्ति तथा स्थायित्व र ङ.विकास तथा समृद्धिलाई कामको आधारकारूपमा

अपनाइनेछ ।

- **विकासको सन्दर्भः** मुलुकलाई कृषिप्रधान देशबाट कृषि सबल देशमा परिवर्तन गर्नुपर्छ । कृषि सबल मुलुक हुन कृषि (निर्वाहमुखी)मा रहेको निर्भरता घट्नु पर्छ । हाल कृषि निर्भर दुईतिहाइ जनसङ्ख्यालाई पाँच वर्षभित्रै २५ प्रतिशतमा सीमित गर्नुपर्छ । यस अवधिमा कृषि उत्पादकत्व ४ गुणावृद्धि गर्नुपर्छ । यसरी राष्ट्रिय अर्थतन्त्रमा रहेको कृषिको हालको योगदान एक तिहाइबाट झारेर २० देखि २५ प्रतिशतमा सीमित गर्ने गरी कामहरू अघि बढाइनेछ ।
- **जलस्रोत, ऊर्जा, यातायात तथा पारवहनः** जलस्रोत तथा ऊर्जाको विकास, रेल तथा जलमार्गसहितको आधुनिक यातायात र पूर्वाधारको विकासको विस्तृत खाका प्रस्तुत गर्ने ।
- **समृद्धिको एउटा आधार पर्यटन विकासः** विकास र समृद्धिको मुख्य आधारका रूपमा पर्यटन उद्योगको प्रवर्द्धनका लागि पूर्वाधार निर्माण, पर्यटकीय सम्पदा र गन्तव्यहरूको प्रचार-प्रसार, बजार प्रवर्द्धन र पर्यटकीय सम्पदाको संरक्षण तथा सौन्दर्यमा विशेष ध्यान दिइनेछ ।
- **शिक्षा र मानव स्रोत** : मुलुकको आर्थिक विकास र समृद्धिका लागि आवश्यक दक्ष जनशक्ति निर्माण गर्न, युवाहरूलाई आत्मनिर्भर तथा प्रतिस्पर्धी क्षमतायुक्त बनाउन शिक्षालाई काम र रोजगारीसँग आबद्ध गर्ने । प्राविधिक र साधारण शिक्षालाई 'सत्तरी-तीस'को अनुपातमा व्यवस्थित गर्ने नीति लिने ।
- **जनस्वास्थ्य अधिकार** : निरोगी नेपाल अभियान सञ्चालन गर्ने, मौलिक अधिकारका रूपमा प्रत्याभूत आधारभूत स्वास्थ्यमा लगानी वृद्धि गर्ने,स्थानीय सरकार र समुदायसँग मिलेर प्रत्येक गाउँपालिका र नगरपालिकामा कम्तीमा यो अधिकारको व्यावहारिक कार्यान्वयन गर्ने, सबै नागरिकलाई अनिवार्य स्वास्थ्य बिमामा आबद्ध गर्ने।
- **पुनर्निर्माणको प्रसङ्ग** : भूकम्पपीडित, बाढी र पहिरो प्रभावित तथा घरबारविहीनहरूको आवासको हक सुनिश्चित गर्दै क्षतिग्रस्त सम्पूर्ण भौतिक संरचनाको पुनर्निर्माणलाई तीव्रता दिने ।
- **विभेद र हिंसाविरुद्धको नीति** : महिलाविरुद्ध हुने सबै किसिमका हिंसा र विभेद प्रभावकारी ढङ्गले अन्त्य गर्ने । बालविवाह, बहुविवाहलाई पूर्णतः निषेध गर्ने । जातीय भेदभाव तथा छुवाछूत पूर्ण रूपमा उन्मूलन गर्ने । कर्णालीलगायतका दुर्गम प्रदेशका जनतालाई विकासको औसत राष्ट्रिय स्तरसम्म पुऱ्याउन राज्यबाट विशेष कार्यक्रम लागू गर्ने । तराई-मधेसमा व्याप्त गरिबी, अभाव र अविकासको समस्यालाई सम्बोधन गर्ने ।
- **सुशासनको प्रत्याभूति** : भ्रष्टाचारले समाजलाई बर्बाद बनाउने भएकाले यसका विरुद्ध निर्मम र सम्झौताहीन ढङ्गले प्रस्तुत हुने । यस कामका लागि आवश्यक कानुनी र संरचनागत सुधार गर्ने । नैतिक स्वच्छता कायम गर्न यसको सुरुवात सरकारले आफैंबाट गर्ने । प्रधानमन्त्री आफैंले यसको अगुवाइ गर्ने ।

### ३. सरकारका वार्षिक कामको योजना

सरकार सञ्चालनको करिब ४१ महिनामध्ये झण्डै दुई वर्ष सरकारले आफ्नो लयमा काम गर्न सक्यो । डेढ वर्षपछि आन्तरिक र बाह्य झमेला सुरु भयो । आनाकानीका बाबजुद २०७४ फागुन ३ गते सरकार गठन हुँदा उत्साहपूर्ण माहौल थियो । पाँच वर्षको सरकारको परिकल्पना गरिएको थियो, सहयात्रीहरूले जनमत खण्डित गर्छन्, आफ्नो सरकारविरुद्ध धावा बोल्छन् भन्ने आशङ्कासमेत गरिएको थिएन । त्यसैले राम्रो काम गर्न सकिन्छ र फेरि पनि हामीलाई नै जनताले विश्वास गर्ने भएकाले टुक्रे र लोक रिझ्याइँका कार्यक्रम होइन, १०/१५ वर्षसम्मको दीर्घकालीन योजना बनाएर जान सकिन्छ भन्ने थियो (जस्तै, राष्ट्रिय योजना आयोगद्वारा त्यही सोचमा आधारित पन्ध्रौं योजना तयार पारियो) । त्यही सोचका आधारमा पाँच वर्षको कार्यकालमध्ये **पहिलो वर्ष**लाई राज्यको संरचनागत व्यवस्थापन र समृद्धिको **आधार वर्ष** मानिएको थियो । **दोस्रो वर्षलाई समृद्धिको आरम्भ** वर्ष, **तेस्रो र चौथो वर्ष**लाई कामको **निरन्तरताको वर्ष र पाँचौं वर्ष**लाई कामको **समीक्षा र नयाँ कार्यक्रम**को प्रस्ताव गर्ने वर्षको रूपमा लिइएको थियो ।

हामीले पाएको विशाल जनमतलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रचार-प्रसार गर्नु जरूरी थियो । देशभित्रै पनि नयाँ सोच स्थापित गर्नु थियो । राज्य सञ्चालनका परम्परागत सोचाइमा 'प्याराडाइम सिफ्ट' गर्ने हाम्रो लक्ष्य थियो । संविधानले कोरेको सीमाभित्र नै महसुस हुने गरी परिवर्तन गर्न सकिन्छ, संविधानको सर्वोच्चता स्वीकारी त्यसभित्र अट्ने सबै प्रवृत्तिसँग प्रतिस्पर्धा गर्ने र प्रतिस्पर्धामा आफूलाई अब्बल साबित गर्न सकिन्छ भन्नेमा हामीलाई विश्वास थियो ।

हाम्रासामु केही संवैधानिक सीमा पनि थिए, जसलाई पालना गर्नु सरकारको कर्तव्य र दायित्व दुवै थियो । ३ फागुन २०७४ देखि ३ असोज २०७५ (संविधान दिवसको दिन)भित्र मौलिक हकलाई कार्यान्वयन गर्ने कानुन बनाइसक्नुपर्थ्यो । यिनै सीमा र पाँचवर्षको कार्यविभाजनका आधारमा कामका प्राथमिकता तय गरियो ।

**क. नीतिगत प्राथमिकता**

- संवैधानिक सीमाअनुरूप आवश्यक कानुन तथा नीति/नियमहरूको तर्जुमा गर्ने ।
- स्थिर सरकारले अपनाउनु पर्ने नीतिअनुरूप पाँच/दसवर्षको लक्ष तोकी योजना तर्जुमा गर्ने र तद्नुरूप नै विकास र निर्माणका कार्य थाल्ने ।
- कर्मचारीतन्त्रभित्रका अमिल्दा संरचनालाई पुनः व्यवस्थापन गर्ने । स्थायी सरकारका रूपमा सञ्चालन हुने निजामती सेवा र सुरक्षा निकायलाई सुदृढ गरी उनीहरूलाई नयाँ प्रणालीप्रति आश्वस्त तुल्याउने

त्यही सोचका आधारमा पाँच वर्षको कार्यकालमध्ये पहिलो वर्षलाई राज्यको संरचनागत व्यवस्थापन र समृद्धिको आधार वर्ष मानिएको थियो। दोस्रो वर्षलाई समृद्धिको आरम्भ वर्ष, तेस्रो र चौथो वर्षलाई कामको निरन्तरताको वर्ष र पाँचौं वर्षलाई कामको समीक्षा र नयाँ कार्यक्रमको प्रस्ताव गर्ने वर्षको रूपमा लिइएको थियो।

('लाइनमा बस्नेको पालो आउँछ' भन्नेमा विश्वास दिलाउने)।

- अनुसन्धान (इन्टलिजेन्स)का निकायहरूबीच प्रभावकारी समन्वय गर्ने नयाँ संरचना विकास गरी नियमित सूचना विश्लेषण गर्ने र त्यसको नियमित जानकारीसहित नीतिगत फिडब्याक सरकारको कार्यकारी प्रमुखलाई दिने प्रणाली सुदृढ गर्ने।
- सरकार मातहतका नियामक निकायहरूबीच (जस्तै, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद अनुगमन कार्यालय, महान्यायाधिवक्ताको कार्यालय आदि) समन्वयको वातावरण सिर्जना गरी काममा थप प्रभावकारिता ल्याउने।
- संवैधानिक अङ्गहरूलाई स्वायत्त ढङ्गले आफ्नो दायित्व पूरा गर्ने वातावरण सिर्जना गर्ने।
- सरकारको संस्थागत सम्झना दुरुस्त गर्न नयाँ थिङ्क ट्याङ्क संस्था गठन गर्ने।
- सङ्घीयता (वित्तीयसहित) प्रभावकारीरूपमा कार्यान्वयन गर्ने।

**ख. विकास निर्माणका प्राथमिकता**

नीतिगत प्राथमिकताझैं विकास निर्माणका पनि प्राथमिकता तय गरियो। **पहिलो, पूर्वाधार विकाससम्बन्धी काम**लाई योजनाबद्ध ढङ्गले अघि बढाउने। कार्यान्वयनमा रहेका अधुरा, अपूरा योजनाहरूलाई सम्पन्न गर्न पहिलो प्राथमिकता दिने। वर्षौंदेखि जिङ्ग्रिएर रहेका रुग्ण आयोजनाहरूलाई पुनरावलोकन गरी अघि बढाउन नसकिनेलाई बन्द गर्ने र अघि बढ्न सक्ने आयोजनालाई सम्पन्न गर्ने काम प्रभावकारी ढङ्गले अघि बढाउने नीति अघि सारियो। उदाहरणका लागि वर्षौंदेखि अधुरा रहेका हुलाकी राजमार्ग, मध्यपहाडी (पुष्पलाल) लोकमार्ग, द्रुतमार्ग (फास्ट ट्र्याक) आदिलाई लिन सकिन्छ। मेलम्ची खानेपानी, भेरी-बबई डाइभर्सन, सिक्टा सिंचाइ आयोजना, माथिल्लो तामाकोसी आदि आयोजनाहरू पनि यस्तै उदाहरणमा पर्छन् (यी परियाजनाहरूमा पछि उल्लेखनीय प्रगति भए)। त्यतिखेर पोखरा र भैरहवा विमानस्थल सुस्त गतिका ठूला आयोजनाहरूका रूपमा दर्जिएका थिए।

**रेल प्रधानमन्त्री केपी शर्मा ओलीले देख्नु भएको "सपना" र थालिहाल्ने आयोजनामध्ये थियो। चर्चामा रहेको पूर्व-पश्चिम रेलमार्ग मात्र हैन, रसुवागढी-काठमाडौं, काठमाडौं-पोखरा-लुम्बिनी र काठमाडौं-रक्सौल रेलमार्ग प्रस्तावित आयोजनाहरू मध्येका थिए।**

**दोस्रो** प्राथमिकता, केही **रूपान्तरणकारी (गेम-चेन्जर) आयोजना**हरूलाई दिइयो। रूपान्तरणकारी आयोजनाहरूमा केही **राष्ट्रिय प्राथमिकताका परियोजनाहरू**पनि पर्दछन्। रूपान्तरणकारी आयोजनामध्ये कनेक्टिभिटीका परियोजनाहरू प्रमुख थिए। कनेक्टिभिटीमध्ये रेल प्रधानमन्त्री केपी शर्मा ओलीले देख्नु भएको 'सपना' र थालिहाल्ने आयोजनामध्ये थियो। चर्चामा रहेको पूर्व-पश्चिम रेलमार्ग मात्र हैन, रसुवागढी-काठमाडौं, काठमाडौं-पोखरा-लुम्बिनी र काठमाडौं-रक्सौल रेलमार्ग प्रस्तावित आयोजनाहरू मध्येका थिए।

सडक मार्गमा सुरुङ अर्को 'सपना' थियो। निर्माणाधीन नागढुङ्गा-नौबिसे सुरुङ मार्गको अतिरिक्त नयाँ र यसअघि कसैले चर्चासमेत नगरेको, पासाङ ल्हामु राजमार्गमा पर्ने बेत्रावती-स्याफ्रुबेसी जोड्ने सुरुङमार्ग प्रस्ताव गरियो। यो सुरुङ सम्पन्न हुँदा काठमाडौंदेखि चीनको सिमानासम्मको दूरी केवल ६५ किलोमिटर मात्र हुने थियो। यस राजमार्गको सधैं पहिरो गइरहने खण्डमा प्रस्तावित यो सुरुङ निर्माण हुँदा कुनै पनि मौसममा राजमार्ग अवरुद्ध नहुने पक्का थियो। यो सुरुङ मार्ग रसुवागढी-काठमाडौं रेलमार्ग निर्माणका लागि समेत सहयोगी हुने थियो। काठमाडौंको टोखा र नुवाकोटको छहरे जोड्ने टोखा-छहरे सुरुङ त्यस परियोजनाको महत्त्वपूर्ण हिस्सा भएकाले त्यसलाई तत्काल सुरु गर्ने अपेक्षा गरिएको थियो। यो सुरुङ सम्पन्न हुँदा टोखादेखि नुवाकोटको गँगटेसम्मको दूरी २० किमिभन्दा पनि कम हुने र त्रिशूली क्षेत्र काठमाडौं उपत्यकाको नयाँ सेटलाइट सिटी हुनसक्ने आकलन गरिएको थियो। सिद्धबाबा सुरुङ, खुर्कोट-चियावार र थानकोट-चित्लाङ सुरुङसहित दर्जनभन्दा बढी यस्ता सुरुङ मार्गको परियोजना प्रस्ताव तयारपारिएको थियो।

राजमार्ग, रेल र सुरुङपछि अघि सारिएको रूपान्तरणकारी योजनामा जलमार्गको अवधारणा हो। चर्चित पानीजहाज अवधारणा जलमार्गसँग जोडिएको छ। कोसी, गण्डकी र कर्णाली नदीमा आन्तरिक र बाह्य जलमार्गका लागि सम्भाव्यता अध्ययनसहित कानुनी, नीतिगत र संस्थागत व्यवस्था गर्ने, भारतको गङ्गा नदीमा विकास गरिएको आन्तरिक जलमार्ग प्रयोग गरी कोलकाताबाट साहेबगन्ज, कालुघाट तथा वाराणसीसम्म जलयान सञ्चालन गर्ने नीति लिइयो।

धौवादीमा पहिचान भएको फलाम खानीजस्ता खनिज पदार्थ उत्खनन गर्ने परियोजनासमेत रूपान्तरणकारी आयोजनाको रूपमा थालियो।

परियोजना बैंक स्थापना गर्ने र प्रस्तावित परियोजनालाई व्यावसायिक योजनासँग जोड्ने तयारी गरिँदै थियो। जस्तो, निजगढ विमानस्थल बन्ने हो भने पूर्वपश्चिम विद्युतीय रेलमार्ग बन्नु नै पर्छ। यसबाट सम्भावित सीमावर्ती भारतीय यात्रु नेपाल हुँदै तेस्रो मुलुकको यात्रा गर्नेछन्। विमानस्थललाई राजधानीसँग जोड्नै पर्छ, त्यसका लागि फास्टट्र्याकको निर्माणसमयमै सम्पन्न गर्नुपर्छ। यस एयरपोर्टबाट हाम्रो उत्पादन निर्यात गर्न सुनकोसी-मरिन डाइभर्सनजस्ता विभिन्न नदी पथान्तरण योजना थाल्नु पर्छ। जसका कारण हुने सिंचाइले कृषिको व्यावसायीकरण गर्न सकिन्छर कृषिउपज निर्यात गर्न सकिन्छ।

**तेस्रो,** पूर्वाधार विकासका ठूला आयोजना सुरु गर्ने। पूर्व-पश्चिम राजमार्गको स्तरोन्नति गर्नेदेखि राजमार्गसँग जिल्ला सदरमुकाम जोड्ने सडक विस्तार आयोजनाहरू यसमा पर्छन्। पूर्व-पश्चिम राजमार्गको समानान्तर निर्माणधीनमदन भण्डारी राजमार्ग, सुनकोसी-मरिन डाइभर्सन आयोजना, सुनकोसी-कमला डाइभर्सन आदि यस्तै प्रकृतिका बहुउद्देश्यीय प्रस्तावित परियोजनाहरू हुन्। नवीकरणीय ऊर्जाको निर्यात गर्ने गरी जलविद्युत् आयोजना विकास गर्ने, अहिले 'बोटल नेक'को रूपमा रहेको प्रसारण लाइनको अभावलाई अन्त्य गर्न सब-स्टेसनसहितको प्रसारण लाइन

निर्माणका परियोजनाहरू यसै अन्तर्गत पर्छन् । यसका साथै सबै जिल्लामा सडकको पहुँच पुऱ्याउने र जिल्ला सदरमुकाम जोड्ने सबै सडक कालोपत्र गर्ने नीति अघि सारियो ।

**चौथो**, पूर्वाधार विकासका योजनासँगसँगै **आर्थिक विकासका आयोजना**मा ध्यान केन्द्रित गर्ने नीति अघि सारियो । व्यापक **औद्योगीकरण**को लागि उद्योगहरूको स्थापना र **कृषि**को आधुनिकीकरण गरी यसमा व्यावसायीकरण गर्ने नीति लिइयो ।

- स्थानीय स्रोत-साधन, कच्चा पदार्थ, प्रविधि र सीप आधारित उद्योग स्थापना गरी स्थानीय तहमै रोजगारी बढाउन औद्योगीकरणको पहिलो खुट्किलोका रूपमा औद्योगिक ग्रामको स्थापना गर्ने ।
- औद्योगिक क्षेत्रहरू स्थापना गरी लगानीकर्तालाई उद्योग स्थापना गर्न प्रोत्साहित गर्ने ।
- विशेष आर्थिक क्षेत्र र सीमावर्ती क्षेत्रमा निर्यातप्रवर्द्धन केन्द्रको स्थापना गरी निर्यातमूलक उद्योगलाई प्रोत्सहित गर्ने ।

कृषिको सन्दर्भमा अघिल्लो कार्यकालमा घोषणा गरिएको **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**लाई थप सुदृढ गरी अघि बढाउने नीति लिइयो । कृषिमा व्यावसायीकरण गर्न उत्पादनलाई 'पकेट, ब्लक, जोन र सुपरजोन' गरी चार भागमा वर्गीकरण गरियो ।

**ग. सामाजिक क्षेत्रको कामका प्राथमिकता**

सामाजिक क्षेत्रको काममा मूलतः संविधानले मौलिक हकका रूपमा सुनिश्चित गरेका अधिकार उपलब्ध गराउने योजनाहरूलाई नीतिगत प्राथमिकतामा राखियो । हाम्रो संविधानले राज्यव्यवस्था 'समाजवाद उन्मुख' भनेको छ । समाजवाद-उन्मुख राज्यव्यवस्थाको व्याख्या पार्टीको विधान महाधिवेशनबाट पारित प्रतिवेदनले गरेको छ । 'हाम्रो सन्दर्भमा समाजवाद-उन्मुख राज्य व्यवस्था मूलतः लोककल्याणकारी चरित्रको, खुला, प्रतिस्पर्धी एवं आर्थिक-सामाजिक न्याय र समानतालाई आत्मसात् गरेको अर्थ-राजनीतिक प्रणालीसहितको राज्यव्यवस्था हो ।'

हाम्रो संविधानले निजी सम्पत्तिमाथिको अधिकार अक्षुण्ण राखेको छ र प्राकृतिक स्रोतमाथि व्यक्ति एवं समुदायको अधिकारलाई सुरक्षित गरेको छ । विगतमा अपनाइएका उदारीकरणका नीतिले राज्यको भूमिका खुम्चिएको अवस्था छ । तर, सर्वसुलभ शिक्षा, स्वास्थ्यसहित सामाजिक सेवाहरूको प्रत्याभूतिका लागि राज्यको भूमिका आवश्यक मात्रै होइन, अत्यावश्यक हुन्छ । निजी सम्पत्तिको प्रत्याभूति गरेको संविधानको अधिनमा चल्ने सरकारले यस्ता सुविधाको प्रभावकारी प्रबन्ध सामाजिक क्षेत्रका सार्वजनिक संस्थाहरू सुदृढ गरेर मात्र गर्न सक्छ । त्यसो हुँदा मात्र सामाजिक क्षेत्रमा लगानी गर्ने निजी स्वामित्वका सार्वजनिक प्रतिष्ठानहरूको भूमिकामाथि श्रेष्ठता स्थापित गर्न सकिन्छ ।

सरकारले सामाजिक क्षेत्रमा लगानी बढाउने नीतिलाई प्राथमिकतामा राख्यो । संविधानले निश्चित गरेको मौलिक हकलाई जीवनचक्रमा आधारित सामाजिक सुरक्षा प्रणालीमार्फत् सम्बोधन गर्ने विभिन्न योजना बनायो । गर्भमा रहेदेखि बालिग नहुँदासम्म र ७० वर्षमाथि उमेर नाघेपछि सबैलाई राज्यको क्षमता अनुसार सर्वकालिक सामाजिक सुरक्षा प्रणालीमार्फत सेवा दिने, सक्रिय उमेरका सबै नागरिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको प्रबन्ध गर्ने नीति अवलम्बन गरियो । ११ मंसिर २०७५ को घोषणा यस सन्दर्भमा नयाँ युगको सुरुआत नै थियो । त्यस दिन प्रधानमन्त्रीले योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको सुरुवात गर्नुभएको थियो । सक्रिय उमेर समूहका रोजगारीमा जाने प्रत्येक व्यक्तिले सामाजिक सुरक्षा कोषमा तोकिएको रकम (पारिश्रमिकको ११ प्रतिशत) आफूले पनि योगदान गर्ने, उसको योगदानमा त्यसभन्दा बढी (पारिश्रमिकको २० प्रतिशत) सम्बन्धित रोजगारदाताले थपिदिने,त्यस कोषमार्फत प्रत्येकले सेवामा रहँदा दुर्घटनामा उपचार र क्षतिपूर्ति, रोजगारी नहुँदा बेरोजगार भत्ता, आम्दानी घट्दा आडभरोसाको सहायताजस्ता विभिन्न सामाजिक सुरक्षाका स्किमहरूबाट लाभ लिने र सेवानिवृत्त हुँदा पेन्सन पाउने अवधारणामा आधारित कार्यक्रम कार्यान्वयनमा ल्याइयो । यसका अतिरिक्त प्रयोगमा रहेका लोककल्याणका विभिन्न अल्पकालीन सामाजिक सहायताका कार्यक्रमहरूलाई थप व्यवस्थित बनाइयो ।

रोजगारीका लागि 'फलागसीप' कार्यक्रमको रूपमा प्रधानमन्त्री रोजगार कार्यक्रम सुरु गरियो । यसले एकातिर स्थानीय तहमै रोजगारीको प्रबन्ध गर्न सक्यो, अर्कोतर्फ एक सय दिनको रोजगारीको सुनिश्चित गर्नैपर्ने संवैधानिक दायित्व भएका बेरोजगार नागरिकलाई रोजगारी उपलब्ध गराउँथ्यो । भूकम्पपछिको पुनर्निर्माण कार्य र घरबारविहीनहरूलाई सुरक्षित नागरिक आवास र जनता आवास कार्यक्रमअन्तर्गत समेट्ने प्रयासमा समेत रोजगारीका सम्भावनाको खोजी गरियो ।

अध्यक्ष ओलीले आफ्नो सम्बोधनमा भन्नुभएजस्तै 'स्वास्थ्य भनेको अस्पताल र ट्याब्लेट मात्रै होइन, स्वच्छ हावापानी, स्वच्छ वातावरण, स्वच्छ खानपान, उचित आनीबानी र दिनचर्या पनि हो । हाम्रो नीति उपचार केन्द्रित होइन, आरोग्यता केन्द्रित हो ।' तसर्थ, निरोगी नेपाल राष्ट्रिय अभियान सञ्चालन गरी बिरामी हुनबाट रोक्ने र बिरामी हुँदा सबैको उपचारमा पहुँच स्थापित गर्ने नीति लागू गरियो । यही नीतिअनुरूप मौलिक अधिकारका रूपमा प्रत्याभूत आधारभूत स्वास्थ्यमा लगानी वृद्धि गरियो । सरसफाइको सन्दर्भमा, गाउँबस्तीलाई खुला दिसामुक्त क्षेत्र बनाउने र सबैलाई आधारभूत पिउने पानीको व्यवस्था गर्ने नीति लिइयो ।

**घ. भूकम्पपछिको पुनर्निर्माण**

२०७२ वैशाख १२ गते आएको

**गर्भमा रहेदेखि बालिग नहुँदासम्म र ७० वर्षमाथि उमेर नाघेपछि सबैलाई राज्यको क्षमता अनुसार सर्वकालिक सामाजिक सुरक्षा प्रणालीमार्फत सेवा दिने, सक्रिय उमेरका सबै नागरिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको प्रबन्ध गर्ने नीति अवलम्बन गरियो। ११ मंसिर २०७५ को घोषणा यस सन्दर्भमा नयाँ युगको सुरुआत नै थियो।**

विनाशकारी भूकम्पले ७७ मध्ये ३२ जिल्लामा विध्वंश निम्त्यायो । ८ हजार ९ सय ७० जनाको ज्यान लिएको त्यस विनाशकारी भूकम्पमा २२ हजार ३ सय घाइते भए । यसबाट ८० लाख जनसङ्ख्या प्रभावित भयो भने अमेरिकी डलर ७ अर्ब बराबरको क्षति भयो । ७ लाख ९९ हजार ५ सय ४५ घर, ७ हजार ५ सय ८३ विद्यालय भवन, १ हजार १ सय ९७ स्वास्थ्य चौकी, ६ सय ३१ सरकारी तथा सुरक्षा निकायका भवन र १ हजार ३ सय २० गुम्बा/स्तुपसहित ९ सय २० सम्पदा स्मारकहरू ध्वस्त भए । तर, २०७३ साउन २० गते सरकारबाट हट्दा जस्तो हालतमा पुनर्निर्माणको काम छोडिएको थियो, त्यसयता दुई जना कार्यकारी प्रमुख फेरिनुबाहेक खासै प्रगति भएको थिएन । त्यसैले निजी आवास निर्माण कार्यलाई पहिलो प्राथमिकता राखी पुनर्निर्माण प्राधिकरणको तोकिएको अवधिभित्रै सम्पन्न गरिसक्ने, सार्वजनिक विद्यालय, स्वास्थ्यचौकी र सरकारी भवनको पुनर्निर्माण कार्यलाई त्यसपछिको प्राथमिकतामा राख्ने र समय-सीप-स्रोत आवश्यक पर्ने पुरातात्त्विक सम्पदा पुनर्निर्माणमा क्रमशः केन्द्रित रहने नीति लिइयो ।

**ङ. सुशासन र डिजिटल नेपाल कार्यक्रम**

सुशासनका लागि गरिएका नीतिगत पहलमध्ये डिजिटल नेपाल कार्यक्रम मुख्य हो । सरकारले सेवाग्राही ठगिने क्षेत्रमा सेवाप्रदायक सामु सेवाग्राहीको भौतिक उपस्थितिबिनै सेवा दिने योजना बनायो । त्यसका लागि प्रविधिको प्रयोगद्वारा काम-कारबाहीहरू नियमन गर्ने नीति लिइयो । सुन्दा सामान्य लागे पनि यो दीर्घकालीन प्रभाव पार्ने कदम थियो । सूचनालाई एकीकरण गरी कामलाई सहज बनाउन अनलाइन पेमेन्ट, लाइसेन्स, मालपोत, प्यान नम्बर, कम्पनी रजिस्ट्रार, सामाजिक सुरक्षा कोष, राहदानी, पञ्जीकरणजस्ता कार्यहरू र सम्बन्धित कार्यालयहरूलाई एउटै सञ्जालमा जोड्ने अभियान सुरु गरियो ।

सरकारले सेवाग्राही ठगिने क्षेत्रमा सेवाप्रदायक सामु सेवाग्राहीको भौतिक उपस्थितिबिनै सेवा दिने योजना बनायो । त्यसका लागि प्रविधिको प्रयोगद्वारा काम-कारबाहीहरु नियमन गर्ने नीति लिइयो । सुन्दा सामान्य लागे पनि यो दीर्घकालीन प्रभाव पार्ने कदम थियो । सूचनालाई एकीकरण गरी कामलाई सहज बनाउन अनलाइन पेमेन्ट, लाइसेन्स, मालपोत, प्यान नम्बर, कम्पनी रजिस्ट्रार, सामाजिक सुरक्षा कोष, राहदानी, पञ्जीकरणजस्ता कार्यहरु र सम्बन्धित कार्यालयहरुलाई एउटै सञ्जालमा जोड्ने अभियान सुरु गरियो ।

- **हेलो सरकार**मार्फत गुनासा सम्बोधन र **अनुगमन पोर्टल**मार्फत अनुगमनको पनि अनुगमन गर्ने कार्यहरूसँगै डिजिटल नेपाल अभियानलाई अघि बढाइयो ।
- मन्त्रिपरिषद्का सदस्य र मन्त्रालयहरूको कामलाई तोकिएको समयमा तय गरिएको लक्ष्य फत्ते गर्न ***कार्य सम्पादन करार*** सुरु गरियो । यसको प्रभावकारी अनुगमन गर्न प्रधानमन्त्री कार्यालयमा **एक्सन रुम** खडा गरियो । 'एक्सन रुम'बाट राष्ट्रिय गौरवका आयोजनामा भइरहेका कामहरूको 'रियल टाइम' अनुगमन गर्ने प्रबन्धसमेत गरियो ।
- राष्ट्रिय सुरक्षा र डेटाको गोपनीयतालाई ध्यानमा राखी केही शक्ति राष्ट्रको दबाबका बाबजुद अध्यागमन नियमनका लागि आफ्नै नयाँ सफ्टवेयर प्रणाली **नेपाली पोर्ट** विकास गरियो।
- मालपोत कार्यालयलाई सेवाग्राहीमैत्री बनाउन कार्यालयहरूका किताबी अभिलेखलाई डिजिटाइज (विद्युतीय रूपान्तरण) गरी आमनागरिकको सेवामा सोझै पहुँच पुर्‍याउन **पब्लिक एक्सेस मोडल** नामक प्रणाली सुरु गरियो ।
- **नागरिक एप**मार्फत सरकारी सेवामा नागरिकको सरल पहुँच पुर्‍याउने काम सुरु गरियो ।
- विद्युतीय सेवा प्रवाहको मेरुदण्डको रूपमा **राष्ट्रिय परिचयपत्र** वितरणलाई महत्त्व दिइयो ।
- वैदेशिक रोजगारीमा रहेको भ्रष्टाचार नियन्त्रणका लागि **अनलाइन श्रम स्वीकृत प्रणाली** सुरु गरियो ।
- सरकारी दस्तुर तथा राजस्व सङ्कलनका लागि **विद्युतीय भुक्तानी प्रणाली** सुरु गरियो (श्रमिकहरूको ज्यालासमेत बैंकमार्फत भुक्तानी दिने र सबैलाई बैंकिङ प्रणालीमा आबद्ध गर्न 'खोलौं बैंक खाता' अभियान थालियो) ।
- राजस्व चुहावटलाई प्रभावकारी ढङ्गले रोक्न **मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली** (भीसीटीएस)सुरु गरियो ।

'म भ्रष्टाचार गर्दिनँ, गर्न दिन्नँ' भन्ने प्रतिबद्धता सरकारको प्रतिबद्धताका रूपमा निर्णय गरियो । 'कारबाही गर्दा कसैको मुख हेर्दिनँ, भ्रष्टाचारीको सन्दर्भमा मुखमा पानी हालेर बोल्दिनँ' भन्ने सार्वजनिक उद्घोष प्रधानमन्त्रीबाटै गरियो ।

**४. साढे तीन वर्षका उपलब्धि**

पार्टीभित्र र बाहिरबाट भएको निरन्तर असहयोग, चौतर्फी घेराबन्दी र द्वैषपूर्ण प्रचारबाजीका बीचमा सरकारले ४१ महिनाको अवधिमा असाधारण काम गर्‍यो । आज गरिने काम भविष्यका लागि आधार हो भनेझैं सरकारको पहिलो वर्षको कामले सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लागि आधार तयार गर्‍यो । सङ्क्षेपमा पहिलो वर्षमै तयार गरिएको आधारलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- सरकार गठन हुँदा सङ्घको मन्त्रालय सङ्ख्या, सङ्घमा कायम हुने संवैधानिक निकाय, विभाग र विभागस्तरका कार्यालयहरू, अन्य आयोग र सचिवालयका कार्यालयहरूको सङ्ख्यासमेत निर्धारण भएको थिएन । सङ्घमा २२ मन्त्रालय, १२ वटा संवैधानिक निकाय, ५४ विभाग र विभाग स्तरका कार्यालयहरू, अन्य ४ आयोग/सचिवालय सहित १ हजार ८१ कार्यालय कायम गरी पहिलो वर्षको काम आरम्भ गरियो ।
- प्रदेश स्तरमा सात-सातवटा मन्त्रालय, एक-एकवटा प्रदेशसभा सचिवालय, एक-एकवटा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, ६३ वटा निर्देशनालय र ७ सय १७ डिभिजन तथा कार्यालयहरू कायम गरी काम सुरु गरियो । स्थानीय

तहलाई १० प्रकारमा वर्गीकरण गरी ७ सय ५३ तहको सङ्गठन संरचना स्वीकृत गरियो ।

- प्रधानमन्त्रीको नेतृत्वमा अन्तरप्रदेश समन्वय परिषद् गठन गरियो । यसमार्फत सङ्घीयता कार्यान्वयन सहजीकरण कार्ययोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइयो।
- वित्तीय सङ्घीयता कार्यान्वयनका लागि राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा तयारी गरियो । समानीकरण अनुदानको मात्रा, ससर्त अनुदानको आधार, समपूरक र विशेष अनुदानसम्बन्धी कार्यविधिको तयारी गरियो । जस्तै, मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्कको १५/१५ प्रतिशत प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने, प्रदेश र स्थानीय तहले प्रत्येक महिनाको १५ गतेभित्र राजस्व बाँडफाँटबापतको रकम प्राप्त गर्ने व्यवस्था मिलाइयो । पहिलो वर्षमै प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा सूचक निर्माण गरी सङ्घीय सञ्चित कोषबाट प्रदेश तहमा कुल बजेटको ३.८ प्रतिशत र स्थानीय तहमा कुल बजेटको ६.५ प्रतिशत वित्तीय समानीकरणअनुदान उपलब्ध गराइयो । प्रदेश र स्थानीय तहको घाटा बजेट व्यवस्थापन गर्न आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण परिचालन गर्न सक्ने गरी सीमा निर्धारण गरियो । यसरी सञ्चित कोषहरू तथा राजस्व बाँडफाँटका विभाज्य कोष सञ्चालनका विषयजस्ता प्राविधिक विषयहरू निर्विवाद टुङ्ग्याइयो । अन्तर सरकारी प्रदेश वित्त परिषद्ले वित्तीय सङ्घीयता कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि थप सहजीकरण गर्‍यो ।
- प्रदेश तथा स्थानीय तह सञ्चालनका लागि आवश्यक योजना तथा बजेट, एकीकृत सम्पत्ति कर, न्यायिक समितिको कार्यसञ्चालन, खरिद तथा सार्वजनिक वित्तजस्ता विषयहरूमा स्थानीय तहका ५१ हजार ४ सय ६५ जना पदाधिकारी र कर्मचारीहरूलाई प्रशिक्षणको व्यवस्था गरियो । प्रशिक्षणसँगै प्रदेश तहका लागि १७ र स्थानीय तहका लागि २१ वटा कार्यविधि, मार्गदर्शन, निर्देशिकाहरूको नमुना उपलब्ध गराइयो ।
- सङ्घ, प्रदेश र स्थानीय तहमा आवश्यक जनशक्ति व्यवस्थापन गर्न सङ्घमा कुल ४७ हजार ९ सय २०, प्रदेशमा कुल २२ हजार ६ सय ८५ र स्थानीय तहमा ६६ हजार ७ सय ६६ गरी कुल १ लाख ३७ हजार ३ सय ७१ जना कर्मचारी दरबन्दी कायम गरियो । जटिल मानिएको कर्मचारी समायोजनको अधिकांश कार्य एक वर्षभित्रै लगभग सम्पन्न भयो । सङ्घीयतामा रूपान्तरित भएका अन्य राष्ट्रहरूको अनुभव हेर्दा यो उपलब्धि निकै उत्साहजनक थियो ।

२०७५ भदौ १ गतेबाट लागू हुनेगरी पुरानो मुलुकी ऐनलाई विस्थापित गर्न नयाँमुलुकी संहिताहरू तयार थियो । संविधानको धारा १६ देखि ४६मा उल्लेखित ३१ मौलिक हक कार्यान्वयन गर्ने कानुन २०७५ असोज २ भित्र निर्माण गरिसक्नु पर्थ्यो । सरकारले संवैधाननिक सीमाभित्र सम्पन्न हुने गरी कार्यसम्पादनमा तीव्रता दियो । कार्यान्वयनमा रहेका ३ सय ३९ कानुनमध्ये संविधानले नचिन्ने र संविधानसँग मेल नखाने कानुनहरूलाई संविधानसम्मत तुल्याउने, संविधानबमोजिमका नयाँ कानुन निर्माण गर्ने कार्यअन्तर्गत १ सय ६५ ऐन संशोधनको प्रक्रियामा लगियो ।

सरकार गठन भएसँगै सरकार सञ्चालनको पुरानो 'न्यारेटिभ'मा परिवर्तन आयो । राजनीतिक मुद्दामा हुने बहस विकास/निर्माणका मुद्दातर्फ मोडियो । राजमार्ग, सुरुङ, रेल, पानीजहाज, खनिज र खानी, स्रोत र सम्भावना, उद्यमशीलता र औद्योगीकरण, जनसाङ्ख्यिक लाभ र समय, शिक्षा-स्वास्थ्य-सार्वजनिक सेवा र 'डेलिभरी'जस्ता मुद्दामा चर्चा हुन थाले ।

श्रम कानुनमा परिमार्जनसहित लगानीमैत्री वातावरण निर्माणका लागि आवश्यक पर्ने विभिन्न १३ ऐन, नियम, निर्देशिका निर्माण/परिमार्जनको प्रक्रिया अघि बढेसँगै स्वदेशी तथा विदेशी लगानीका लागि उपयुक्त वातावरण सिर्जना भयो । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण विधेयक, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, औद्योगिक व्यवसाय ऐन, विदेशी विनिमय (नियमित गर्ने) ऐनलगायतका कानुनहरूलाई लगानी अनुकूल हुने गरी परिमार्जन प्रक्रिया अघि बढाइयो ।

- उद्योग दर्तादेखि बहिर्गमनसम्मका सबै सेवाहरू एकै स्थानबाट उपलब्ध गराउने एकल विन्दु सेवा केन्द्र स्थापना तथा सञ्चालनको प्रक्रिया अघि बढ्यो ।
- आर्थिक एवं पूर्वाधार विकासका क्षेत्रमा निजी क्षेत्रको सहभागिता प्रोत्साहन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा '**उद्योग-वाणिज्य प्रवर्द्धन संवाद परिषद्**' गठन गरियो ।
- स्वदेशका सबै विद्वान्हरूको विचारलाई राष्ट्र निर्माणमा सदुपयोग गर्ने उद्देश्यले स्वायत्त थिङ्क ट्याङ्क संस्थाको रूपमा '**नीति अनुसन्धान प्रतिष्ठान**' स्थापना गरियो ।
- बाह्य तथा अन्तरदेशीय लगानीकर्तालाई नेपालमा लगानीको लागि उत्प्रेरित गर्न **अन्तर्राष्ट्रिय लगानी सम्मेलन**को तयारी गरियो ।

छोटो समयमा भएका यस्ता तीव्र गतिविधिले देशभित्र मात्रै होइन, अन्तर्राष्ट्रिय क्षेत्रको नजरमा पनि हाम्रो सरकार पर्‍यो ।

सरकार गठन भएसँगै सरकार सञ्चालनको पुरानो "न्यारेटिभ"मा परिवर्तन आयो। राजनीतिक मुद्दामा हुने बहस विकास/निर्माणका मुद्दातर्फ मोडियो। राजमार्ग, सुरुङ, रेल, पानीजहाज, खनिज र खानी, स्रोत र सम्भावना, उद्यमशीलता र औद्योगीकरण, जनसाङ्ख्यिक लाभ र समय, शिक्षा-स्वास्थ्य-सार्वजनिक सेवा र "डेलिभरी"जस्ता मुद्दामा चर्चा हुन थाले।

स्थापनाको ५० वर्षमा पहिलोचोटि स्वीट्जरल्यान्डको डाबोसमा हुने विश्व आर्थिक मञ्चमा नेपालका प्रधानमन्त्रीलाई आमन्त्रण गरियो । प्रधानमन्त्रीका रूपमा अध्यक्ष केपी शर्मा ओलीले त्यस मञ्चलाई सम्बोधन गर्नुभयो । कोस्टारिकाको सान होसेमा रहेको संयुक्त राष्ट्रसङ्घीय शान्ति विश्वविद्यालय (युनिभर्सिटी फर पिस)ले नेपालका प्रधानमन्त्रीलाई सम्मान गर्‍यो । तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेर जबरापछि नेपालको दोस्रो प्रधानमन्त्रीका रूपमा अध्यक्ष केपी शर्मा ओलीले अक्सफोर्ड विश्वविद्यालयलाई सम्बोधन गर्नुभयो । यसरी नेपाल, डावोस फोरम, एसिया सोसाइटीलगायतका विश्वमञ्च, विभिन्न क्षेत्रीय मञ्चहरू र विभिन्न प्रतिष्ठित विश्वविद्यालय सहितका प्राज्ञिक थलोहरूमा देखिन र सुनिन थाल्यो । अन्तर्राष्ट्रिय जगत्मा नेपालप्रतिको विश्वास र आकर्षण बढ्यो । नेपाल आफैंले जलवायु परिवर्तन, हिमाल र मानवीयताको भविष्य थिममा विश्वस्तरीय **सगरमाथा संवाद**को सुरुवात गर्ने तयारी गर्‍यो । संसारभर रहेका गैरआवासीय नेपालीहरूको ज्ञान, सीप र पुँजी परिचालन गर्ने उद्देश्यले उनीहरूकै सहकार्यमा **नलेज कन्फरेन्स** आयोजनासहित **ब्रेन गेन सेन्टर** स्थापना गरियो । हाम्रो राहदानी विभाग आईएसओ सर्टिफिकेट पाउने पहिलो सरकारी निकाय हुन पुग्यो भने कन्सुलर सेवा विभागले आधा घण्टाभित्र सेवा प्रदान गर्न थाल्यो ।

नेपालका प्रधानमन्त्रीको छिमेकी देश भारत र चीनको भ्रमण र ती देशका सरकार र राष्ट्र प्रमुखहरूको नेपाल भ्रमणबाट दुई देशबीचको सम्बन्ध नयाँ उचाइमा पुग्यो । सुस्तसुस्त काम हुने गरेका भारतको सहयोगमा सञ्चालित आयोजनाहरूको कार्यान्वयनले गति लियो । हुलाकी राजमार्गजस्तो वर्षौंदेखि अलपत्र परिरहेको आयोजनामा फटाफट काम हुन थाल्यो । दुई दशकदेखि चर्चामा मात्र रहेको मोतीहारी-अमलेखगन्ज पेट्रोलियम पाइपलाइनको निर्माण कार्य शिलान्यास गरेको १७ महिनामै सम्पन्न भई सञ्चालनमा आयो । दुई देशबीच कृषि, रेलमार्ग र अन्तरदेशीय जलमार्गका क्षेत्रमा सहयोग अघि बढाउने सहमति भयो । विशाखापटनम बन्दरगाह र वीरगन्जका बीच निकासी पैठारी गरिंदा

> **प्रधानमन्त्री चन्द्रशमशेर जबरापछि नेपालको दोस्रो प्रधानमन्त्रीका रूपमा अध्यक्ष केपी शर्मा ओलीले अक्सफोर्ड विश्वविद्यालयलाई सम्बोधन गर्नुभयो। यसरी नेपाल, डावोस फोरम, एसिया सोसाइटीलगायतका विश्वमञ्च, विभिन्न क्षेत्रीय मञ्चहरू र विभिन्न प्रतिष्ठित विश्वविद्यालय सहितका प्राज्ञिक थलोहरूमा देखिन र सुनिन थाल्यो । अन्तर्राष्ट्रिय जगत्मा नेपालप्रतिको विश्वास र आकर्षण बढ्यो।**

विद्युतीय कार्गो ट्र्याकिङ प्रणालीमार्फत सोझै वीरगन्जमा क्लियरेन्सको व्यवस्था गरियो । कोलकाता र हल्दिया बन्दरगाहबाट रेलमार्फत हुने पैठारीमा विद्युतीय कार्गो ट्र्याकिङ सुरु गरियो । पेट्रोलियम पदार्थको ढुवानीमा हुने गरेको चुहावटलाई नियन्त्रण गर्न भारतबाट आउने सबै बिन्दुहरूमा पेट्रोलियम ट्याङ्करहरूको लकिङ प्रणाली लागू गरियो । चीनसँग 'हिमालय वारपार बहुआयामिक सम्पर्क सञ्जाल'अन्तर्गत रेल, सडक र ऊर्जा क्षेत्रसँग सम्बन्धित आयोजनाहरूमा सहयोग आदानप्रदान गर्ने विभिन्न १४ समझदारी तथा सम्झौता भए । अघिल्लो कार्यकालमा सम्पन्न दुई देशबीच पारवहन यातायात सम्झौताको प्रोटोकलमा सहमति भयो । नेपाललाई चीनका सडक र बन्दरगाह प्रयोग गर्दै समुद्रसँग पुग्ने ढोका खुल्यो ।

आमनिर्वाचनसँगै सिर्जना भएको समृद्धिको तिर्खा, जनतामा रहेको उच्च अपेक्षा र सरकारको 'डेलिभरी'बीच दूरी अवश्य थियो । 'हरेक दिन- एककदम अगाडि'को हिसाबले मात्र क्रमशः समृद्धिको यात्रा तय गर्न सकिन्छ भन्नेमा आश्वस्त तुल्याउने काम चुनौतीपूर्ण थियो । सङ्क्षेपमाउपलब्धिलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ:

**क) संविधान, राजनीति, भौगोलिक अखण्डता र राष्ट्रिय एकताको विषय**

- पृथकतावादी गतिविधिमा संलग्न डा. सीके राउत नेतृत्वको समूह मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र संविधानलाई मान्दै राजनीतिको मूलधारमा फर्किन सहमत भयो । पृथकतावाद परित्याग गरी अहिले त्यो समूह जनमत पार्टीको नाममा सक्रिय छ । यो एउटा महत्त्वपूर्ण सफलता हो ।
- विद्रोह र क्रान्तिका नाममा हिंसात्मक गतिविधिमा संलग्न नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाले राज्यसँग सहमति गर्‍यो । संविधानको सर्वोच्चता स्वीकारी प्रतिस्पर्धात्मक राजनीतिमा फर्किन स्वीकार गर्‍यो । यससँगै नेपालमा सञ्चालित सबै प्रकृतिका हिंसात्मक अभियान समाप्त भए ।
- मधेस केन्द्रित दलहरू औचित्य र आवश्यकताका आधारमा संविधान संशोधन हुने भन्ने एमालेको अवधारणामा सहमत भई सहकार्यमा संलग्न भए ।
- नेपाल-भारत सम्बन्धको सन्दर्भमा 'प्रबुद्ध व्यक्तिहरूको समूह (ईपीजी)' गठन गरियो। ईपीजीले १९५० को सन्धिलगायत दुई देशबीच भएका द्विपक्षीय सन्धी र सम्झौताहरूको पुनरावलोकन गरी समस्या हल गर्न सहमतिमा सुझाव प्रतिवेदन तयार गर्‍यो । नेपाल-भारत सम्बन्धलाई पुनर्व्याख्या गर्ने अपेक्षासमेत गरिएको त्यस प्रतिवेदन बुझ्न भारतले अहिलेसम्म आलटाल गरिरहेको छ ।
- २०६५ सालमा आएको कोसीको बाढीले पूर्व-पश्चिम राजमार्गमा क्षति पुर्‍याएपछि भारत हुँदै चल्ने नेपाली सवारीसाधनको रुट-सहजीकरणका लागि स्थापित भारतीय दूतावासको विराटनगरको फिल्ड अफिस बन्द गरियो ।
- माओवादी द्वन्द्वकालमा शान्ति स्थापनाको कार्यलाई सहजीकरण गर्न स्थापित संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसन (अनमिन)आफ्नो जिम्मेवारी पूरा गरी फर्किए पनि त्यसको अवशेषका रूपमा संयुक्त राष्ट्रसङ्घीय राजनीतिक मामला विभाग(यूएनडीपीए) क्रियाशील थियो । विवादास्पद र अनावश्यक त्यस कार्यालयलाई बन्द गरियो ।

- अन्तर्राष्ट्रिय सीमाको विषयलाई उच्च प्राथमिकतामा राखी काम अघि बढाइयो। नेपाल-चीन र नेपाल-भारत सीमा निरीक्षणका लागि आन्तरिक समितिहरू गठन भई क्रियाशील भए।
- दक्षिण सीमा सुरक्षा एकाइको औसत दूरी १८ किमिबाट घटाई ८ किमिमा झार्ने लक्ष्यअनुरूप थप १ सय १४ सीमा सुरक्षा चौकी स्थापनाको कार्य अघि बढ्यो। दुई वर्षको अवधिमा १ हजार ६ सय ४ वटा नयाँ सीमा स्तम्भ निर्माण र थप १ हजार ३ सय ११ सीमा स्तम्भको मर्मतसम्भार गरियो।
- सुदूरपश्चिम प्रदेशको कालापानी, लिपुलेक र लिम्पियाधुरालाई समेत समेटी भारतले नयाँ नक्सा प्रकाशित गऱ्यो। २ नोभेम्बर २०१९ को भारतको त्यो कदम सुगौली सन्धिको धारा ५ को विरुद्ध भएकाले त्यसप्रति असहमति जनाउँदै २०७६ मंसिर ४ मा पत्राचार गऱ्यो। ती भूभागमाथिको आफ्नो स्वामित्व स्पष्ट पारीसमस्या समाधानका लागि गरिएको आह्वानलाई भारतले बेवास्ता गरेपछि नेपालले पनि आफ्नो भूभाग समेटेर नयाँ प्रशासनिक-राजनीतिक नक्सा प्रकाशित गऱ्यो।चुच्चे नक्साको नाममा चर्चित नेपालको नक्सालाई संसद्ले सर्वसम्मतरूपमा संविधानको अनुसूची ३ संशोधन गरी निशान छापमा समावेश गऱ्यो। त्यस निर्णयमार्फत नेपालले भौगोलिक अखण्डताको सन्दर्भमा प्रधानमन्त्री ओलीको नेतृत्वमा अभूतपूर्व राष्ट्रिय एकता प्रदर्शन गऱ्यो।

**ख) कानुनी आधार निर्माणको तीन वर्षको रफ्तार**

- **पहिलो वर्षमा** सरदर पाँच दिनमा एउटा विधेयक मस्यौदा गरी मौलिक हक कार्यान्वयनमा ल्याइयो। मौलिक हकसँग सम्बन्धित १६ कानुनसहित २५ कानुन सङ्घीय संसद्बाट पारित भयो। चार दर्जनभन्दा बढी नियमावली र गठन आदेशहरू, तीन दर्जन निर्देशिका, कार्यविधि र मापदण्ड जारी गरियो।
- **दोस्रो वर्षमा** थप ३० नयाँ कानुन निर्माण गरियो।
- **तेस्रो वर्षमा** थप ३४ सहित **तीन वर्षमा** कुल ८९ कानुन निर्माण गरिए।

**ग) तीन वर्षमा भौतिक तथा आर्थिक विकासको रफ्तार**

- प्रतिदिन पाँच किमि सडक कालोपत्र गरिए।
- प्रतिदिन कम्तीमा १२ भवन निर्माण भए।
- प्रत्येक दिन सरदर एकभन्दा बढी झोलुङ्गे पुल निर्माण भयो।
- हरेक दोस्रो दिन सरदर कम्तीमा एउटा सडक पुल निर्माण भयो।
- हरेक तेस्रो दिन सरदर एउटा ग्रामीण पुल निर्माण भयो।
  कालोपत्र सडकको लम्बाइ ५ हजार ४ सय ९८ किमि पुग्यो। सातवटै प्रदेशका २ सय १० स्थानीय तहलाई राजमार्गसँग जोड्ने सडक र १ सय ६५ निर्वाचन क्षेत्रमा रणनीतिक सडक निर्माणको कार्य शुभारम्भ गरियो।
- आधारभूत रूपमा मुलुक तुइनविहीन भएको छ। यस अवधिमा १ सय ३० तुइन विस्थापित गरी झोलुङ्गे पुल निर्माण गरियो। सीमा नदी महाकालीसहित पाँच स्थानबाहेक अन्यत्र तुइन बाँकी छैनन्।

सरकारको आफ्नै कार्यकालभित्र सम्पन्न गर्ने गरी सङ्घीय संसद् भवनको निर्माण कार्य सुरु गरियो। प्रधानमन्त्री र मन्त्रीका लागि नयाँ निवास र सातै प्रदेशका प्रदेश प्रमुख तथा मुख्यमन्त्रीका लागि काठमाडौँमा आवास तथा कार्यालयको निर्माण सुरु गरियो। ललितपुरको गोदावरीमा ३ हजार क्षमताको आधुनिक सभाहल निर्माण गरियो, बुटवलमा १ हजार २ सय क्षमताको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण कार्य आरम्भ गरियो। सरकार छोड्ने समयमा लुम्बिनीमा ५ हजार अट्ने सभाभवन निर्माण अन्तिम चरणमा पुगेको थियो। बन्चरे डाँडामा आधुनिक प्रविधियुक्त स्यानिटरी ल्यान्डफिल्ड साइट निर्माण सुरु गरियो। जनता आवास कार्यक्रमअन्तर्गत १३ हजारभन्दा बढी थप आवास इकाइ निर्माण भयो।

- २०७५ चैत १७ गते आएको हावाहुरी र चक्रवातका कारण बारा र पर्सा जिल्लाका ८ सय ६९ घरहरूको सम्पूर्ण निर्माण कार्य तत्काल सम्पन्न गरी सम्बन्धित परिवारलाई हस्तान्तरण गरियो।
- ५ लाख फुसका छाना जस्तापाताले प्रतिस्थापन गर्न प्रतिपरिवार ५० हजार रुपैयाँसँगै सस्तोमा काठ उपलब्ध गराइयो।
- सघन सहरी विकास कार्यक्रमअन्तर्गत तराई-मधेसलगायतका २१ जिल्ला सदरमुकामहरूमा सहरको पूर्वाधार विकास तथा सौन्दर्यकरण आयोजना सञ्चालनमा ल्याइयो। दुई वर्षमै २० जिल्लामा बसपार्क, स्तरीय कालोपत्र सडक र सवा ४ सय किमि ढल निर्माण भयो।

**औद्योगीकरणको सन्दर्भमा** सवा सय उद्योग ग्राम स्थापनाको कार्यआरम्भ गरियो। बलाजुदेखि हेटौँडासम्मका केही औद्योगिक क्षेत्र पहिलेदेखि नै सञ्चालित थिए। यस अवधिमा विस्तृत परियोजना प्रस्तावसहित कञ्चनपुरको दैजी, बाँकेको नौबस्ता, मकवानपुरको मयूरधाप, रूपन्देहीको मोतीपुर र झापाको दमकमा औद्योगिक क्षेत्रको शिलान्यास भयो। सरकार छोड्दा डीपीआर तयार भएका तीनवटा औद्योगिक क्षेत्र- कैलालीको लम्की, चितवनको शक्तिखोर र सर्लाहीको सागरनाथ शिलान्यासको प्रक्रियामा थिए। पहिलेदेखि नै प्रक्रियामा रहेका भैरहवा विशेष आर्थिक क्षेत्रलाई सञ्चालनमा ल्याउने कार्यमा जोड दिइयो। केही ड्राइपोर्ट (सुख्खा बन्दरगाह) स्थापना र सञ्चालनको प्रक्रिया अघि बढाइयो।

- धौवादीको फलाम खानीबाट फलामको व्यावसायिक उत्पादन सुरु गर्न धौवादी फलाम कम्पनी लिमिटेड स्थापना गरी कार्यारम्भ भएको छ।

**आधारभूत रूपमा मुलुक तुइनविहीन भएको छ। यस अवधिमा १ सय ३० तुइन विस्थापित गरी झोलुङ्गे पुल निर्माण गरियो। सीमा नदी महाकालीसहित पाँच स्थानबाहेक अन्यत्र तुइन बाँकी छैनन्। सरकारको आफ्नै कार्यकालभित्र सम्पन्न गर्ने गरी सङ्घीय संसद् भवनको निर्माण कार्य सुरु गरियो।**

- दैलेखमा पेट्रोलियम खानी र बैतडीमा पस्फोरस खानीको अन्वेषण जारी छ। **प्रधानमन्त्री कृषि आधुनिकीकरण** सुधार भएको जनायो ।
- अघिल्लो वर्ष विश्वस्तरमा ११० औं स्थानमा रहेको नेपाल यस वर्ष ९४औं वृद्धि भयो । सार्वजनिक बजेटको आकार १८६.६४ अर्ब रुपैयाँले वृद्धि भयो ।
- सरकार सञ्चालनको दोस्रो वर्षमा ३०

| आर्थिक वर्ष | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | कैफियत |
|---|---|---|---|---|---|---|
| | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | २०२१/२२ | |
| कुल गार्हस्थ उत्पादन (जीडीपी) | **पहिलो वर्ष** | **दोस्रो वर्ष** | **तेस्रो वर्ष** | **चौथो वर्ष** | **पाँचौं वर्ष** | |
| | ३,४५५,९४९ | ३,८५८,९३० | ३,९१४,७०१ | ४,२६६,३२१ | - | |
| | ३,४५५,९४९ | ३,८५८,९३० | ४,३६०,९५० | ४,९२७,४६६ | ५,५६८,०३६ | कोरोना नहुँदा |

**परियोजनालाई** थप सुदृढ गरी निरन्तरता दिइयो । हाल प्रस्तावित १० हजारमध्ये २ हजार ७ सय ७६ पकेट, १ हजार ५ सयमध्ये ३ सय ३६ ब्लक, ३ सयमध्ये १ सय ६ जोन र २१ मध्ये १६ सुपर जोनहरूमा काम भइरहेका छन् । एक दशकको यस परियोजनामा कुल बजेट १ खर्ब ३० अर्ब ७४ करोड २० लाख प्रबन्ध गरिएको छ ।

- रासायनिक मलको सधैं हुने अभावलाई अन्त्य गर्न मल कारखाना स्थापनाको प्रक्रिया आरम्भ गरियो ।
- अर्गानिक नेपालको अवधारणा अघि बढाइयो ।

**घ) तीन वर्षमा अर्थतन्त्रको अवस्था**

हामीले सरकार सञ्चालनको जिम्मेवारी लिँदा हाम्रो अर्थतन्त्रको आकार मोटामोटी रूपमा ३५ खर्ब बराबरको थियो । सरकार सञ्चालनको पाँच वर्षभित्र यसको आकार ५० खर्ब नघाउने गरी आर्थिक गतिविधि बढाउने लक्ष्यतो कियो । यदि कोरोना महामारी हुँदैन थियो भने हाम्रो जीडीपीको आकार ५० खर्ब सहजै नाघ्ने थियो, जसलाई तलको तालिकाले स्पष्ट पार्दछ ।

तर, यसका लागि सरकारले कर बढाउने होइन, करको दायरा बढाउने नीति लियो । सरकार सञ्चालनको पहिलो वर्षमै आर्थिक वृद्धि उल्लेखनीय भयो । लगानीका लागि भरपर्दो वातावरण हेरी लगानी सम्मेलनमा उपस्थित अन्तर्राष्ट्रिय वित्तीय संस्थाका अधिकारीहरूले नेपाललाई दक्षिण एसियाको उदाउँदो अर्थतन्त्र (राइजिङ्ग स्टार)को उपमा दिएका थिए । सरकार सञ्चालनको दोस्रो वर्षमा विश्व बैंकको व्यवसायसम्बन्धी सूचकाङ्क (**इज अफ डुइङ विजनेस इन्डेक्स**)ले नेपालको व्यावसायिक वातावरणमा उल्लेख्य स्थानमा उक्लियो । **डुइङ विजनेस इन्डेक्स**ले एकीकृत भन्सारको स्थापना, उद्योग दर्तामा एकल बिन्दु सेवा लागू हुनु, भूमि प्रशासनमा सुधार आउनुजस्ता कारणले नेपालमा व्यवसाय गर्न सजिलो हुँदै गएको समेत उल्लेख गर्‍यो ।

- वर्ल्ड इकोनोमिक फोरमले सार्वजनिक गरेको प्रतिवेदन विश्व प्रतिस्पर्धासम्बन्धी सूचक (**ग्लोबल कम्पिटेटिभ इन्डेक्स**)मा नेपालले १ तह (१०९ औं बाट १०८ औं) प्रगति गर्‍यो ।
- यस्तै, राष्ट्रको आर्थिक सामाजिक कार्यसम्पादन र संस्थागत मूल्याङ्कनसम्बन्धी विश्व सूचक (**कन्ट्री परफरमेन्स एण्ड इन्स्टिच्युसनल एसिसमेन्ट**)मा नेपालले उल्लेख्य प्रगति गरेकाले विश्व बैंकबाट बढी सहायता पाउने हैसियत राख्यो ।
- विश्व बैंकको '**वुमेन, बिजनेस एण्ड दल** २०२० इन्डेक्स' ले महिला व्यवसाय र कानुनका क्षेत्रमा सुधार गर्ने १० प्रमुख देशको उत्कृष्ट तीनको सूचीमा नेपाललाई राख्यो ।

सङ्क्षेपमा तीन वर्षको आर्थिक अवस्थालाई यसरी उल्लेख गर्न सकिन्छ:

- संयुक्त राष्ट्र सङ्घीय विकास नीति समितिबाट नेपाल अल्पविकसित राष्ट्रको सूचीबाट विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि सिफारिस भयो ।
- नेपालको आर्थिक वृद्धि लगातार औसत ७ प्रतिशत (कोभिड-१९ महामारीअघिको अवस्था)का दरले भयो ।
- राजस्व परिचालन नियमितभन्दा थप १ सय अर्ब बढी भयो । व्यावसायिक आयकरको दायरामा ५२.२ प्रतिशतले लाख ५८ हजार करदाता करको दायरामा आए ।
- 'एक नेपाली, एक बैंक खाता अभियान'मा करिब ६२ प्रतिशत नेपालीको बैंकमा खाता खुल्यो ।
- नेपाल आर्थिक वृद्धि गर्ने १० मुलुकभित्र समावेश भयो ।
- प्रतिव्यक्ति आय ३५.२ (नेरु) प्रतिशतले वृद्धि भयो।
- मानव विकास सूचकाङ्क ०.५७९ बाट ०.६०२ पुग्यो । सरकार सञ्चालनको दोस्रो वर्षमै संयुक्त राष्ट्रसङ्घको **मानव विकास प्रतिवेदन**ले नेपालको मानव विकास सूचकाङ्क (एचडीआई)मा दुई स्थान माथि उक्लिएको जनायो । त्यस प्रतिवेदनले नेपालमा शिक्षा, स्वास्थ्य एवं रोजगारीको क्षेत्रमा भएको सकारात्मक प्रयासले पछिल्लो २८ वर्षमा नेपालको कुल राष्ट्रिय आयमा १३०.५ प्रतिशतले वृद्धि भएको उल्लेख गर्‍यो ।
- निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या २१.६ प्रतिशतबाट १८.७ प्रतिशतमा झर्‍यो। (करिब ९ लाखको यो सङ्ख्या कोभिड-१९ महामारीको मारमा नपरेको भए १५ लाख हुने थियो) । बहुआयामिक गरिबीको सूचकाङ्क ३०.१ बाट १७.४ मा झर्‍यो ।
- पेट्रोलियम पाइपलाइन सञ्चालनमा आएपछि २ अर्ब ३५ करोड रुपैयाँ बराबरको लागत बचत भयो । आयात १२.१ प्रतिशतले घट्यो, निर्यात ४.५ प्रतिशतले वृद्धि भयो । कुल गार्हस्थ उत्पादनको अनुपातमा व्यापार घाटा ९ प्रतिशतले घट्यो ।
- सरकार छोड्दाको समयमा उपभोक्ता मुद्रास्फीति पाँच प्रतिशतभित्र र समग्र मुद्रास्फीति ३.५ प्रतिशतमा नियन्त्रित थियो ।

**त्यहीँबाट प्रधानमन्त्रीले विद्यालय भर्ना अभियान घोषणा गर्नुभयो। साङ्केतिक रूपमा उहाँ आफैंले केही विद्यार्थीको अभिभावकत्व ग्रहण गरी आवश्यक प्रोत्साहन खर्च व्यहोर्न थाल्नु भयो । मन्त्रिपरिषद्का सदस्य र उच्च ओहोदा अधिकारीहरूलाई सोही कामका लागि उत्प्रेरित गरियो। शैक्षिक सत्र २०७५ को विद्यार्थी भर्ना अभियान कार्यक्रमबाट २ लाख ५४ हजार थप विद्यार्थी विद्यालय भर्ना भए।**

- वैदेशिक रोजगारीमा जानेको सङ्ख्या घटिरहेको थियो तर विप्रेषण आप्रवाह भने ११.१ प्रतिशत (नेरु)ले बढिरहेको थियो
- कुल विदेशी विनिमय सञ्चिति अमेरिकी डलर १२ अर्ब ७८ करोड थियो ।

**ङ) तीन वर्षमा सामाजिक तथा सञ्चार क्षेत्रको प्रगति**

तीन वर्षको अवधिमा सामाजिक क्षेत्रमा उल्लेखनीय प्रगति भयो । केही परिणाम सरकार सञ्चालनको दोस्रो वर्षमै महसुस हुने गरी देखियो । हिउँदको समय तराई र पहाडमा क्रमशः शीतलहर र चिसोबाट मानिसहरूले ज्यान गुमाउँदै आएका थिए । कति मानिसको भोकमरीका कारण ज्यान गइरहेको थियो । आउने हिउँदबाट कसैको पनि चिसोका कारण ज्यान जान नदिने प्रबन्ध गर्नेतर्फ सरकार लाग्यो । परिणाम सोचे जस्तै निस्कियो । भोकमरीबाट जनतालाई जोगाउन 'कोही भोकै पर्दैन, भोकले कोही मर्दैन' अभियान नै चलाइयो । भीखमङ्गा र सडकमा अलपत्र पारिएका मानिसको उद्धार गरी सडक-मानवरहित सहर अभियान चलाइयो ।

- विश्व भोकमरी सूचकाङ्क (**ग्लोबल हङ्गर इन्डेक्स**)मा नेपालले छिमेकी भारतलाई उछिन्यो । १ सय १७ मुलुक सम्मिलित सूचीमा नेपालको स्थान ७३ औं रह्यो । यो नेपाल खाद्य असुरक्षा र अभावको स्थितिमा नरहेको सङ्केत थियो ।
- विश्वव्यापी खुसी मापन सूचक (**वर्ल्ड ह्याप्पिनेस इन्डेक्स**)मा नेपाल तीन तह माथि उक्लियो ।
- विश्व शान्ति सूचक (**ग्लोबल पिस इन्डेक्स** २०१९) प्रतिवेदनले नेपाललाई मध्यम सुरक्षा भएको मुलुकहरूको पहिलो स्थानमा उल्लेख गऱ्यो । प्रतिवेदनमा समेटिएका १ सय ६३ देशमध्ये नेपाल ७६औं स्थानमा आयो भने एसियाका बङ्गलादेश, चीन, भारत र पाकिस्तानको स्थान १०० भन्दा पछि झऱ्यो । नेपाल मानवअधिकार परिषद्को एसिया तथा प्रशान्त क्षेत्रको संयोजकमा छनोट भयो र संयुक्त राष्ट्र सङ्घको शान्ति निर्माण कमिटीको सदस्यमा निर्वाचित भयो ।

हामीले तयार गरेको संवैधानिक प्रबन्धले जननिर्वाचित स्थानमा कम्तीमा एकतिहाइ सङ्ख्या र प्रमुख संवैधानिक पदमा अनिवार्य महिला प्रतिनिधित्व सुनिश्चित थियो । यसबीच महिला सशक्तीकरणका लागि विभिन्न नीतिगत तथा अल्पकालीन राहतका कार्यक्रमसमेत सञ्चालन गरियो । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तथा राष्ट्रपति महिला उत्थान कार्यक्रम यस सन्दर्भका फ्लागसिप कार्यक्रम थिए, जसलाई प्रणालीकै रूपमा विकास गर्न खोजिएको छ । राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका १ सय ७४ गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्यसमेत गरियो । सामान्यजस्तो लाग्ने तर दूरगामी असर पार्ने, छात्राहरूका लागि स्यानिटरी प्याड वितरण कार्यक्रम सुरु गरियो ।

- वर्ल्ड इकोनोमिक फोरमले प्रकाशन गरेको लैङ्गिक समानताको विश्व प्रतिवेदन (**ग्लोबल जेन्डर ग्याप रिपोर्ट** २०२०)ले नेपालमा राजनीतिक प्रतिनिधित्वमा सुधार भएको र आर्थिक क्षेत्रमा लैङ्गिक समानता बढेको उल्लेख गऱ्यो । दुई वर्षको अवधिमा नेपालले चीन, श्रीलङ्का र भारतलाई उछिन्यो ।

शिक्षाको सन्दर्भमा प्रधानमन्त्रीको हैसियतमा अध्यक्ष ओलीको 'रारा सम्बोधनका भनाइ मननयोग्य छन्- 'जतिबेला बाँकी दुनियाँ अन्धकारमा थियो, अक्षर हुन्छ भन्ने जान्दैन थियो, त्यतिबेला पनि हाम्रा पुर्खा जीवजन्तु, वनस्पति, प्रकृति, भूगोल र खगोलको अध्ययन गर्थे । कला, संस्कृति र साहित्यको सिर्जना गर्थे । ज्ञानको उत्पादन सङ्ग्रह र विस्तार गर्थे । ती ज्ञानी, ती ध्यानी, ती विद्वान् ऋषि-मुनिका सन्तान आज निरक्षर र अनपढ हुने, स्कुल जान नपाउने ? विद्यालय भन्ने शब्द, भाव र व्यवहारको सिर्जना जहाँ भयो, तिनका सन्तान विद्यालयमा जान नपाउने ? अब यो चल्न सक्दैन । अब हाम्रा बालबालिका स्कुल जान्छन् । अबदेखि कुनै पनि बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर रहने र आर्थिक अभावका कारण बीचैमा पढाइ छाड्नु पर्ने बाध्यताको अन्त्य हुन्छ ।'

त्यहीँबाट प्रधानमन्त्रीले विद्यालय भर्ना अभियान घोषणा गर्नुभयो । साङ्केतिक रूपमा उहाँ आफैंले केही विद्यार्थीको अभिभावकत्व ग्रहण गरी आवश्यक प्रोत्साहन खर्च व्यहोर्न थाल्नु भयो । मन्त्रिपरिषद्का सदस्य र उच्च ओहोदा अधिकारीहरूलाई सोही कामका लागि उत्प्रेरित गरियो । शैक्षिक सत्र २०७५ को विद्यार्थी भर्ना अभियान कार्यक्रमबाट २ लाख ५४ हजार थप विद्यार्थी विद्यालय भर्ना भए । देशभरका १ सय २० स्थानीय तहले विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालयबाहिर नरहेको घोषणा गरे । सबै विद्यार्थीले समयमै पाठ्यपुस्तक प्राप्त गरे र यसपछि विद्यालयहरूमा समयै पाठ्यपुस्तक नपुग्ने अवस्थाको अन्त्य भयो । बीचमै पढाइ छोड्ने विद्यार्थीको सङ्ख्या घट्यो ।

- युनिसेफको विश्व प्रतिवेदन **अ वर्ल्ड रेडी टू लर्न**ले सन् २००० पछिका १७ वर्षमा नेपालको विद्यालय भर्नादर १२ प्रतिशतबाट ८६ प्रतिशत पुगेकामा 'विश्वमै अगाडि' भन्दै प्रशंसा गऱ्यो ।

जनस्वास्थ्य अधिकारको व्यावहारिक कार्यान्वयन गर्न कम्तीमा सबैलाई अनिवार्य स्वास्थ्य बिमामा आबद्ध गर्ने अभियान सञ्चालन गरियो । स्थानीय सरकार र समुदायसँग मिलेर सबै पालिकाहरूमा थालिएको यो अभियानमा,

- एकैचोटि ३ सय ९६ पालिकामा पाँचदेखि १५ शय्यासम्मका आधारभूत अस्पतालको बजेट व्यवस्थासहित शिलान्यास गरियो ।
- स्वास्थ्य बिमा सेवाविस्तार भयो (सरकार छोड्दा २५ लाख १० हजार नागरिक यसमा समेटिए) । ज्येष्ठ नागरिकका लागि १ लाखसम्मको निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरियो । मृगौला, मुटु,




क्यान्सरलगायतका १० विभिन्न प्रकारका गम्भीर रोगबाट पीडितको उपचार सहुलियत वृद्धि गरियो।

- अनावश्यक आरोप र भ्रमपूर्ण आक्रमणका बाबजुद अकस्मात आइलागेको कोभिड-१९ महामारीको सुझबुझका साथ सामना गरियो । पीसीआर परीक्षण ल्याब हुँदै नभएको अवस्थालाई अन्त्य गरी त्यसको सङ्ख्या ८३ पुऱ्याइयो । अस्पतालको क्षमता अभिवृद्धि गरी स्वास्थ्य पूर्वाधार, उपकरण तथा जनशक्तिसहित स्वास्थ्य प्रणाली थप सुदृढ गरियो । दक्षिण एसियामा भारतपछि पहिलो खोप अभियान सञ्चालन गर्ने मुलुकको रूपमा आवश्यक मात्रामा कोभिडविरुद्धको खोपको प्रबन्ध गरियो ।
- नेपाललाई दक्षिण एसियाको पहिलो खुला दिसामुक्त मुलुक घोषणा गरियो । आधारभूत स्तरको सरसफाइको पहुँच शतप्रतिशत जनसङ्ख्यामा पुऱ्याइयो ।
- आधारभूत खानेपानीमा पहुँच ९१ प्रतिशत जनतामा पुऱ्याई पछिल्लो बजेटमार्फत प्रतिपरिवार २० हजार लिटर पानी निःशुल्क वितरणको व्यवस्था गरिएको थियो ।

सबै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरियो । श्रमसम्बन्धी सेवाहरूलाई प्रविधिमा आधारित बनाई सरलीकृत गरियो । थप मुलुकहरू- यूएई, जापान, मलेसिया र मौरिससँग श्रम सम्झौता गरियो । श्रम स्वीकृति लगायतका सेवाहरू प्रदेशबाटै पर्वाह गर्न थालियो । श्रमिकलाई बैंकमार्फत ज्याला भुक्तानी दिने प्रक्रिया आरम्भ गरियो ।

- एक आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारी सुनिश्चित गरियो । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सरकार सञ्चालनको पहिलो दुई वर्षमै करिब २२ लाख श्रमदिन बराबरको रोजगारी सिर्जना गरियो ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमार्फत भएका कामबाट ४० करोड श्रमदिन बराबरको रोजगारी सिर्जना गरियो । १ लाख दक्ष र १० लाख अर्धदक्ष श्रमिकलाई रोजगारी उपलब्ध गराइयो । ६ हजार इन्जिनियरहरूलाई तालिम दिइयो ।
- विदेशबाट फर्किएका युवाहरूलाई उनीहरूले सिकेको सीप आधारित व्यवसाय सञ्चालन गर्न परियोजनामा आधारित १० लाख रुपैयाँसम्मको ऋण उपलब्ध गराउने व्यवस्था सुरु गरियो ।
- उच्च शिक्षा हासिल गरेका युवालाई व्यवसायमा आकर्षित गर्न शैक्षिक प्रमाणपत्रको धितोमा पाँच प्रतिशत व्याज अनुदानमा ७ लाख रुपैयाँसम्म ऋण उपलब्ध गराउन थालियो ।
- नवीनतम ज्ञान, सीप र क्षमता भएका उद्यमीलाई व्यवसाय सञ्चालनका लागि सुरुवाती पुँजी उपलब्ध गराउन **स्टार्ट अप च्यालेन्ज फन्ड**को व्यवस्था गरियो । योजनामा रहेको **युवा उद्यमशिलता** (स्टार्ट अप)को राष्ट्रिय विमर्श कार्यक्रमजस्तै कार्यक्रम नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल उद्योग परिसङ्घले आयोजना गरेपछि सरकारी योजना स्थगित गरियो । दुःखको कुरा प्रतिभा पहिचान, प्रवर्द्धन र पहुँचका लागि विश्वविद्यालयबाट उत्कृष्ट स्थानसहित स्नातक तथा स्नातकोत्तर डिग्री हासिल (कलेज टपर्स) गर्ने उम्दा व्यक्तिहरू (बेस्ट ब्रेन) सम्मिलित 'टपर्स कन्फरेन्स'को

**प्राधिकरणले विश्वस्तरको मानक कायम गरी पुनर्निर्माणको काम सम्पन्न गरेर बिदा भएको छ। माथि चर्चा गरेझैं पछिल्लोचोटि हाम्रो नेतृत्वमा सरकार बन्नुअघि २/२ जना कार्यकारी प्रमुखको अदलीबदली हुँदा पनि पुनर्निर्माण कार्यले प्रगति गरेन। हाम्रो ४१ महिने कार्यकालमा विश्वलाई नै सकारात्मक प्रभाव पार्ने गरी यसले काम सम्पन्न गरेको छ ।**

योजना पूरा हुन पाएन । नास्टको आयोजनामा युवा वैज्ञानिक सम्मेलन भयो ।

विभिन्न सामाजिक संरक्षणका प्रबन्धसहित श्रम तथा सामाजिक सुरक्षाको क्षेत्रमा 'नयाँ युग'को सूत्रपात गरियो ।

- विभिन्न आठ प्रकारका सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरियो । महिनाकोसय रुपैयाँबाट सुरु भएको ज्येष्ठ नागरिक भत्ता दैनिक १ सय ३३ रुपैयाँ पुऱ्याइयो । कुनै न कुनै सामाजिक सहायता पाउनेको सङ्ख्या करिब १ करोड पुग्यो ।
- श्रमिकहरूका लागि योगदानमा आधारित सामाजिक सुरक्षा सुरु गरियो । सरकार छोड्ने समयसम्ममा यस योजनामा सूचीकृत हुने संस्थाहरूको सङ्ख्या झन्डै साढे १५ हजार र श्रमिकहरूको सङ्ख्या करिब ४ लाख पुग्यो ।
- श्रमिकको न्यूनतम पारिश्रमिकमा ५ हजार २ सय रुपैयाँवृद्धि भयो ।

सञ्चारका क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ। एक देश, आठ क्षेत्र (शिक्षा, स्वास्थ्य कृषि, ऊर्जा, पर्यटन, वित्तीय सेवा, सहरी पूर्वाधार र डिजिटल आधार) र ८० डिजिटल प्रयास (इनिसियटिभ्स)को अवधारणा आधारित डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनमा ल्याइयो । डिजिटल प्रविधिको प्रयोगबाट सुशासन कायम गर्ने, उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, सेवा प्रवाहमा सुधार गर्ने र अर्थतन्त्रका बृहत्तर आयामहरूको रूपान्तरण हुने अपेक्षा छ ।

- उच्च गतिको फोर-जी सेवा हाम्रै सरकारले सञ्चालनमा ल्यायो । अहिले यसको विस्तार ७७ जिल्लामा नै भएको छ । यसको पहुँच करिब ६५ लाख ग्राहकबीच छ ।
- इन्टरनेट घनत्व २९ प्रतिशत विन्दुले वृद्धि भयो । सरकार सञ्चालनको दुई वर्षभित्रै ४ सय ७ स्थानीय तहका कार्यालयहरू, ३ हजार ४ सय २४ वडा कार्यालय, २ हजार ३ सय ५२ स्वास्थ्य केन्द्र र २ हजार ७ सय १८ सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडव्यान्ड इन्टरनेट सेवा विस्तार गरियो ।
- ४ सय २६ स्थानीय तहमा स्थानीय तह कार्यसञ्चालनसम्बन्धी मोबाइल एप प्रयोगमा ल्याइयो ।

  ६ हजार ९ सय किलोमिटर दूरीमा अप्टिकल फाइबर जडानको सुरुवात गरियो ।
- हेटौंडामा निर्माणाधीन अवस्थाको डेटा रिकभरी सेन्टरको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइयो ।

हामीले सरकारको नेतृत्व गरेसँगै प्रस्तावित **नेपाल भ्रमण वर्ष** २०२० को तयारी कार्यलाई तीव्रता दिइयो । नेपाल भ्रमण वर्षलाई ध्यानमा राखेर त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थललाई **बुटिक एयरपोर्ट**का रूपमा पुनर्निर्माण गर्ने योजनासहित जुनसुकै विमान पनि उड्न र बस्न सक्ने गरी **त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल**को धावन मार्ग पुन:निर्माण भयो । यो धावनमार्ग ४० वर्षपछि तोकिएकै समयभित्र सम्पन्न भएको सरकारी आयोजना हो । आन्तरिक विमानस्थलको सङ्ख्या ५५ नाघ्यो । बाह्रै महिना सञ्चालन हुने विमानस्थलको सङ्ख्या २९ बाट ३६ पुग्यो । वार्षिक ३ लाख ३० हजार हवाई सिट क्षमता थप भयो भने १ सयवटा नयाँ पर्यटकीय गन्तव्य तथा ९२ स्थापित गन्तव्य छनोट गरी पूर्वाधार विकाससम्बन्धी कार्य सुरु गरियो । रातीको समयमा पनि सञ्चालन हुनसक्ने विमानस्थलको सङ्ख्या ८ पुग्यो । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई भ्रमण वर्षअघि नै सञ्चालनमा ल्याउने गरी निर्माण कार्यलाई तीव्रता दिइयो । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि आवश्यक १ सय १० बिघा जग्गामध्ये ६५ बिघा जग्गा अधिग्रहण गरियो ।

- विश्व प्रसिद्ध **वानडर लस्ट** म्यागेजिनले नेपाललाई भ्रमण गर्नैपर्ने विश्वका १५ मुलुकमध्येमा समावेश गऱ्यो ।
- वर्ल्ड इकोनोमिक फोरमले प्रकाशन गरेको विश्व भ्रमण तथा पर्यटनसम्बन्धी प्रतिवेदन (**ट्राभल एण्ड टुरिजम कम्पिटेटिभ्नेस रिपोर्ट** २०१९)ले नेपाललाई १ सय ४० मध्ये १ सय २ औं स्थानमा समावेश गऱ्यो ।

विगतदेखि भ्रष्टाचारमा निर्लिप्त रहेकाहरू क्रुद्ध नै हुने गरी सुशासनका संयन्त्रहरू क्रियाशील पारियो । आर्थिक कारोवार हुने कतिपय सरकारी कार्यालयमा सरुवाका लागि मरिहत्ते गर्नेहरू त्यस्ता कार्यालयमा नजान बहानाबाजी गर्न थाले । भ्रष्टाचार गर्नेहरू गौंडागौंडामा हुने निगरानीबाट अत्तालिए । दुई वर्षमै यसको परिणाम सकारात्मक देखियो :

- राजस्व प्रशासनमा सदाचार प्रवर्द्धन भई राजस्व सङ्कलनमा सकारात्मक सुधार भयो (तीन वर्षको अवधिमा ३३ खर्ब ८४ अर्ब ३ करोड रुपैयाँ राजस्व सङ्कलन भयो) ।
- भ्रष्टाचार, राजस्व चुहावट र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा ४८ अर्बभन्दा बढी बिगो दाबीसहित ७ सय ३६ मुद्दा दायर गरियो ।
- अवैध सुन तस्करीको भयावह आपराधिक मनोवृत्ति र अपराधको शृङ्खलामा संलग्न अपराधीहरूको सङ्गठित सञ्जाल ध्वस्त पार्ने कार्यले ठूलो सफलता पायो ।
- विभिन्न जिल्लाका ३ सय १ रोपनी जग्गासहित चर्चित ललिता निवास प्रकरणको १ सय ३६ रोपनी जग्गा हडप्नेका विरुद्ध मुद्दा दायर गरियो ।
- विधिको शासन (**रुल अफ ल इन्डेक्स** २०१९) सूचकले नेपाललाई दक्षिण एसियामा सबैभन्दा राम्रो कानुनी राज भएको मुलुकका रूपमा उल्लेख गऱ्यो । विश्वका १ सय २६ देशमध्ये नेपालको स्थान ५९औं थियो । दक्षिण एसियाली अन्य मुलुकहरू श्रीलङ्का, भारत, बङ्गलादेश, पाकिस्तान र अफगानिस्तानको स्थान क्रमश: ६३, ६८, ११२, ११७ र १२३ थियो ।

- भ्रष्टाचार नियन्त्रण र पारदर्शितासम्बन्धी सूचक (**करप्सन पर्सेप्सन इन्डेक्स** २०१९) मा नेपाल ११ औं स्थानमा माथि चढ्यो । प्रतिवेदनमा समावेश भएका १ सय ८० देशमध्ये नेपालको स्थान १ सय १३औंमा थियो ।

**च) भूकम्पपछिको पुनर्निर्माण**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकाल समाप्त भई अहिले विघटन भएको छ । कार्यकाल सकिएर मात्रै विघटन भएको होइन, प्राधिकरणले विश्वस्तरको मानक कायम गरी पुनर्निर्माणको काम सम्पन्न गरेर बिदा भएको छ । माथि चर्चा गरेझैं पछिल्लोचोटि हाम्रो नेतृत्वमा सरकार बन्नुअघि २/२ जना कार्यकारी प्रमुखको अदलीबदली हुँदा पनि पुनर्निर्माण कार्यले प्रगति गरेन । हाम्रो ४१ महिने कार्यकालमा विश्वलाई नै सकारात्मक प्रभाव पार्ने गरी यसले काम सम्पन्न गरेको छ, जसलाई सङ्क्षेपमा यसरी उल्लेख गर्न सकिन्छः

- **निजी भवन निर्माण** : ७ लाख ४ हजार ३ सय ४४ ।
- **शिक्षण संस्थाहरू** : ७ हजार ५ सय ५३ मध्ये ८८ प्रतिशत सम्पन्न, ९ सय ३६ निर्माणाधीन ।
- **स्वास्थ्य संस्थाहरू** : १ हजार १ सय ९७ मध्ये ६२.७ प्रतिशत सम्पन्न, ३ सय ५४ निर्माणाधीन ।
- **सार्वजनिक भवनहरू** : ४ सय १५ मध्ये ९३.५ प्रतिशत सम्पन्न, २० निर्माणाधीन ।
- सुरक्षा निकायका भवन : २ सय १६ मध्ये शतप्रतिशत सम्पन्न ।
- **सांस्कृतिक सम्पदा** : ९ सय २० मध्ये ६५.९ प्रतिशत सम्पन्न, १ सय ३२ निर्माणाधीन । पुरातात्त्विक महत्त्वका यी सम्पदाहरूमा स्वयम्भू, रानीपोखरी, धरहरा, काष्ठमण्डप, काठमाडौं-पाटन-भक्तपुर दरबार स्क्वायर, मन्दिर, पाटी र सत्तल, सिंहदरबार, दरबार हाइस्कुल आदि पर्दछन् । रानीपोखरीको थप सौन्दर्यका लागि विश्वज्योति हलदेखि त्रिपुरेश्वरसम्म खुला रहने **बृहत् टुँडिखेल गुरुयोजना** प्रस्ताव गरिएको छ ।
- भूकम्पपछि क्षतिग्रस्त भएको **दशरथ रङ्गशाला**को पुनर्निर्माण सम्पन्न भयो । पोखरामा नयाँ रङ्गशाल निर्माण भयो । यिनै पूर्वाधारको बलमा १३औं दक्षिण एसियाली खेलकुदको भव्य आयोजनासँगै नेपालको स्थान दक्षिण एसियामा भारतपछि पहिलो रह्यो ।
- सडक निर्माण ७ सय ६४ किमि र खानेपानी आयोजना १ हजार ५ सय।

सारमा, पुनर्निर्माण कार्यबाट जीडीपी वृद्धि दरमा १ देखि ३.३ प्रतिशतसम्म योगदान भयो ।

**अन्त्यमा,**

अपेक्षाहरू धेरै थिए । नीति कार्यक्रममा खोट देखिएन तर त्यसलाई कार्यान्वयन गर्न ल्याइएको बजेटमाथि आक्रमण गरियो । कारण थियो- लथालिङ्ग रहेको अर्थतन्त्र सुधार्न चालिएका कदमप्रतिको असहमति । पहिले सरकारको कामप्रति निस्प्रियता देखाइयो, स्थितिमा सुधार आएपछि उल्टो प्रश्न गर्न थालियो । पहिलो वर्ष प्रतिस्पर्धी वा विपक्षीहरूसँग टिप्पणी गर्ने विषयसमेत थिएनन् । प्रतिपक्षी नेपाली कांग्रेसले त पहिलो नीति कार्यक्रममा असहमतिसमेत जनाएन । तर, आफ्नैभित्रबाट गाइँगुइँसुरु हुन थालेपछि विरोधका 'मुद्दा'को खोजी हुन थाल्यो । कुशलतापूर्वक व्यवस्थापन गरिंदै गरिएको कोभिड-१९ महामारीलाई सरकार ढाल्ने अस्त्रका रूपमा प्रयोग गर्ने प्रयास गरियो । 'अति भो' भन्दै त्यस समयमा सुरु गरिएको कथित नागरिक अभियानमा 'हन्ड्रेड पर्सेन्ट पीसीआर टेस्ट'जस्तो अमिल्दो माग, 'पीपीई खै' भन्दै अग्रपङ्क्तिका स्वाथ्यकर्मीहरूलाई भड्काउने काम र त्यसपछि स्वास्थ्य सेवा विभागले विज्ञहरूको परामर्शमा सीसीएमसीको निर्णयबमोजिम द्रुत प्रक्रियाबाट गरेको स्वास्थ्य सामग्री खरिद प्रक्रियामा भ्रष्टाचार भयो भन्दै लक्षित मन्त्रीहरू, त्यस कामसँग असम्बन्धित सरकारसँग जोडिएका नेता/कार्यकर्ता र यहाँसम्म कि उनीहरूको परिवारका सदस्यलाई समेत बदनाम गर्ने तथा यातना दिने काम सुरु गरियो । ओम्नी काण्डको नाममा आजसम्म गरिंदै गरेको त्यस आधारहीन हल्ला त्यस्तै 'सिर्जित मुद्दा' थियो । हास्यास्पद काम त कतिसम्म भयो भने छिमेकी देशमा कोभिडका विरुद्ध छत र सडकमा उभिएर थाल ठटाएको कामको वाहवाही भयो तर सिङ्गापुरलगायतका देशका प्रधानमन्त्रीहरूले स्वास्थ्य ख्याल राख्न र कोरोनासँग त्रसित नहुन दिएको सुझावसहितको आह्वानजस्तै हाम्रा प्रधानमन्त्रीले तातोपानी पिउन र बेसारलगायत परम्परागत ढङ्गबाट आन्तरिक प्रतिरोध क्षमतालाई बलियो बनाउन दिएको सुझावविरुद्ध अमर्यादित प्रदर्शन गरियो । बेसार घसेका फोटो पोस्ट गर्दै कथित नागरिक अभियन्ताको नाममा विरोधीहरूले सुरु गरेको अभियानमा नेकपाकै एक खेमा सक्रिय रूपमा सार्वजनिक विरोधमा उत्रियो ।

त्यस अशोभनीय अभियानको पहिलो दाम्लो चुँडाउने काममा त्यतिखेरका वरिष्ठ नेता माधव नेपालले सिट्ठी फुक्नु भयो । त्यसपछि अर्का अध्यक्ष प्रचण्डको सर्त र मागहरू सुरु भयो । लाइनमा थपिनु भयो नेता वामदेव, घीउ/तेल र धुपधुवाँरमा संलग्न हुनुभयो- झलनाथ खनाल र नारायणकाजी । र, 'कोर अफ दी लिडर' भनिएको नेकपाको सचिवालय स्वयं नै बन्न गयो सरकारलाई काम गर्न नदिने, अल्झाउने र असन्तुष्टि पोख्ने किचलोको थलो । यसले अन्ततः राजनीतिलाई अस्थिरताको डिलमा पुऱ्यायो । सरकारको पक्षमा एक शब्द नबोल्ने, विरोधमा प्रतिपक्षलाई समेत उछिन्ने, सरकारलाई काम गर्न नदिन पार्टी संरचनाबाहिर अवैध संयन्त्र निर्माण गर्ने, पार्टी एकता प्रक्रिया रोकी पार्टी कमिटीविहीन अवस्थामा पुऱ्याउने, अझ पछिल्लोचोटि त पार्टीको बैंक खाताबाट हतारहतार पैसा झिकी त्यसलाई गायब गर्ने, राष्ट्रपतिमाथि महाअभियोग लगाउने प्रयाससमेत भए ।

यसरी २०७४ सालमा गरिएको राजनीतिक स्थिरता दिने, विकास र समृद्धिमार्फत नेपालीलाई सुखी बनाउने तथा शक्तिशाली कम्युनिस्ट पार्टी निर्माण गर्ने सङ्कल्प तत्तक्षणका लागि भत्कियो । 'नेता नमरी असल नभन्ने, सरकार नढली राम्रो नठान्ने' एउटा गलत परम्परा फेरि पनि स्थापित गर्न खोजियो । यी सब अप्ठ्याराका बाबजुद साढे ३ वर्षमा सरकारबाट उल्लेखनीय काम भएको छ । केन्द्रमा मात्रै होइन, हाम्रो नेतृत्वको प्रदेश र अधिकांश स्थानीय तहमा सराहनीय काम भएको छ । हामीले पूरा गर्न चाहेका अधुरा आयोजनाको काममा अहिले फेरि विराम लागेको छ । हामीले बजेट व्यवस्थासहित सुरु गरिएका आयोजनाहरू काम गर्ने सरकारको प्रतीक्षामा छन् । परमादेशी सरकार र त्यसको सञ्चालक गठबन्धनले यस अवधिमा गरेको भद्रगोलले यसको क्रमशः पुष्टि गर्ने नै छन् ।

विकासमा महत्त्वपूर्ण योगदान दिने जारी केही आयोजनाको विवरण अर्को पृष्ठमा उल्लेख गरिएका छन् ।

# विकासमा महत्वपूर्ण योगदान दिने जारी आयोजनाहरूको विवरण

**क) सार्वजनिक यातायात प्राधिकरण र बिजुली बस सञ्चालन**

- सार्वजनिक यातायात प्रणालीमा रहेको सिन्डिकेट हटाई सहरमा सुविधायुक्त सेवा उपलब्ध गराउने उद्देश्यले यसको कार्यारम्भ गरियो । सिन्डिकेट हट्यो तर यातायात प्राधिकरण निर्माणमा कानुनी जटिलता रहेकाले काठमाडौं उपत्यकाका लागि यातायात प्राधिकरण गठन गरियो । सहरमा बिजुली बस सञ्चालन गर्न ३ अर्ब रुपैयाँ साझा यातायातमा हस्तान्तरण भयो । यो प्रक्रिया अन्य प्रदेशका मुख्य सहरमा पनि विस्तार गर्ने गरी सुरुमा ३ सय बिजुली बस खरिद योजना गरिएको थियो । बस खरिद प्रक्रियामा छ ।

**ख) रेलमार्ग**

- **पूर्व-पश्चिम विद्युतीय रेलमार्ग** : कुल ९ सय २६ किलोमिटर लामो र करिब ५खर्ब ५० अर्ब लागत अनुमान रहेको पूर्व-पश्चिम विद्युतीय रेलमार्ग अन्तर्गत तीन खण्ड छन् । मेची-इनरुवा, इनरुवा-बर्दिवास र नारायणगढ-बुटवल खण्ड । यसको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भइसकेको छ । बाँकी खण्डको विस्तृत परियोजना प्रतिवेदन सम्पन्न हुने अवस्थामा रहेको छ । यस आयोजनाका लागि भारत, जापान र कोरियासँग वित्तीय सहायताको लागि वार्ता सुरु गरिएको छ । साथै, चिनियाँ कम्पनीको प्रस्तावसमेत अध्ययन भइरहेको छ । मेची-इनरुवा खण्ड नेपाल सरकारको स्रोतमा सम्पन्न गर्न जग्गा अधिग्रहण भई ५७ अर्ब रुपैयाँ बराबरको बहुवर्षीय खरिद प्रक्रिया थालनी गर्न सहमति दिइएको छ । बर्दिवास-निजगढ खण्ड नेपाल सरकारकै स्रोतमा निर्माण सुरु भएको छ ।
- **केरुङ-काठमाडौं रेलमार्गः** करिब २ खर्ब ५७ करोड रुपैयाँ लागतमा चीनको सहयोगमा निर्माण हुने ७५ किलोमिटर लामो यस रेलमार्गको पूर्वसम्भाव्यता अध्ययन गर्ने सहमति भएको तर काम अगाडि बढेको छैन ।
- **काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग** : कुल २३७ किमि लामो रेलमार्गको पूर्वसम्भाव्यता अध्ययन गर्न समझदारी (एमओयू) हुने क्रममा रहेकामा काठमाडौं-पोखरा खण्डको पूर्वसम्भाव्यता अध्ययनको कार्य सम्पन्- न भएको छ ।
- **जयनगर-जनकपुर-बर्दिवास-निजगढ रेलमार्ग** : कुल ६९ किमि जयनगर-जनकपुर खण्डको निर्माण कार्य भारतीय सहयोगमा निर्माणाधीन छ । आफ्नै स्रोतमा निर्माण हुने १ सय ८ किमि बर्दिवास-निजगढ खण्ड निर्माणाधीन छ ।
- **जोगवनी-विराटनगर रेलमार्गः** कुल १८.६ किलोमिटर यो रेलमार्गको निर्माण सम्पन्न भएको र रेल सञ्चालन हुन बाँकी रहेको छ ।
- **रक्सौल-काठमाडौं रेलमार्गः** भारतीय सहयोगमा निर्माण हुने कुल १ सय किलोमिटर लामो रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न समझदारी (एमओयू) सम्पन्न भएको छ ।

**ग) सडक मार्ग**

- **चक्रपथ विस्तार** : चीन सरकारको सहयोगमा

| आयोजना | हालको अवस्था | लम्बाइ |
|---|---|---|
| काकडभिट्टा-इनरूवा खण्ड | एसियाली विकास बैंक (एडीबी) ले वित्तीय सहायता उपलब्ध गराउने प्रक्रिया अगाडि बढाएको, विस्तृत डिजाइनका लागि परामर्शदाता छनोट भइसकेको छ । | १११ किमि |
| कञ्चनपुर-कमला खण्ड | एडीबीसँग वित्तीय सहायताको सम्झौता भई निर्माणाधीन रहेको छ । | ८७ किमि |
| कमला-पथलैया खण्ड | विश्व बैंकको सहायतामा निर्माणाधीन सडक खण्डमा पुल निर्माणका लागि उक्त बैंकसँग सम्झौता भइसकेको छ । | १३० किमि |
| पथलैया-नारायणगढ खण्ड | एडीबीले वित्तीय सहायता उपलब्ध गराउन प्रक्रिया अगाडि बढाएको, विस्तृत डिजाइनका लागि परामर्शदाता छनोट भएको छ । | ११० किमि |
| नारायणगढ-बुटवल खण्ड | एडीबीसँग वित्तीय सहायता सम्झौता भईनिर्माण कार्य सुरु भइसकेको छ । | ११३ किमि |
| बुटवल-महेन्द्रनगर खण्ड | एडीबी, विश्व बैंक र अन्य दातृ निकायहरूसँग सहायताका लागि छलफल भइरहेको, एमसीसीबाट शिवपुरदेखि वखोलासम्म १ सय किमि स्तरवृद्धि गर्ने योजना रहेको छ । | ४३५ किमि |

कलङ्कीदेखि चावहिल धोबीखोलासम्मको चक्रपथ विस्तारका लागि साइट क्लियरेन्सको कार्य सम्पन्न भएको छ। निर्माणका लागि चिनियाँ पक्षले निर्माण व्यवसायी परिचालन गर्ने क्रममा रहेको छ। कोटेश्वरदेखि तिलगङ्गासम्मको सडकलाई नेपाल सरकारको आन्तरिक स्रोतमा विस्तार गर्न विस्तृत परियोजना प्रस्ताव तयार गर्ने काम अगाडिबढाइएको छ।

- **काठमाडौं-तराईद्रुत मार्ग** : काठमाडौं-तराईद्रुत मार्गको निर्माण कार्यलाई तीव्रता दिइएको छ। नेपाली सेनामार्फत सुरुङ र हाइराइज पुलको निर्माणका लागि स्रोत व्यवस्थापन गरी निर्माण व्यवसायीसँग ठेक्का सम्झौतासमेत भइसकेको छ।
- **पूर्व-पश्चिम राजमार्ग स्तरोन्नतिको कार्य:** यस राजमार्गको विभिन्न खण्डको काम निम्नानुसार रहेको छः

**घ) अन्य सडक तथा पुल आयोजना**

- **मुग्लिन-पोखरा सडक विस्तार**: एसियाली विकास बैंकको सहयोगमा कुल २८ अर्बको लागतमा ९० किमि यस खण्डको विस्तार कार्य सुरु भएको छ।
- **काठमाडौं-मुग्लिन सडक विस्तार**: कुल ३३ अर्ब लागत अनुमान रहेको यस खण्डको विस्तारका लागि विश्व बैंकसँग वित्तीय सम्झौता सम्पन्न भएको छ।
- **सूर्यविनायक-धुलिखेल सडक विस्तार** : जापान सरकारको सहयोगमा डीपीआर सम्पन्न भएको छ। टनेलसहित वा टनेलबाहेक बनाउनेबारे निर्णय हुन बाँकी रहेको यस सडकको प्रारम्भिक कार्य नेपाल सरकारको स्रोतमा सुरु भएको छ।
- **रणनीतिक सडकका पुल निर्माण** : नेपालका विभिन्न स्थानमा २२ अर्ब रुपैयाँको लागत अनुमान रहेका कुल ११ हजार मिटर पुल निर्माणका लागि विश्व बैंकसँग वित्तीय सम्झौता भएको छ।
- कुल १२ अर्बको लागत अनुमान रहेको **सिद्धार्थ राजमार्ग र कोहलपुर-सुर्खेत** सडक विस्तार आयोजनाका लागि जापान सरकारले उपलब्ध गराएको बजेटरी सहायताबापतको रकमबाट व्यहोर्ने गरी बजेट विनियोजन भइसकेको छ।
- **मध्य पहाडी लोकमार्ग**: करिव ७९ अर्ब लागत अनुमान रहेको र कुल १ हजार २ सय ४४ किमिमध्ये १ सय ९१ किमि कालोपत्र र ५ सय १६ किमि ग्राभेल सडक निर्माण कार्य सम्पन्न भएको छ।
- **हुलाकी सडक आयोजना**: कुल ४७ अर्ब २० करोड लागत अनुमान भएको यो आयोजना सम्पन्न हुने चरणमा छ।
- **मदन भण्डारी राजमार्ग**: झापाको शान्तिनगरदेखि डडेल्धुराको रूपालसम्मको यस राजमार्गको धरान-उदयपुर-मकवानपुर र सुर्खेत खण्ड निर्माण कार्य भइरहेको अन्य स्थानमा पनि निर्माण कार्यका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भइरहेको छ।

**ङ) आर्थिक करिडोरहरू**

- **कोसी करिडोर**: ६ अर्ब लागत अनुमान गरिएको ९२ किमि यस करिडोरका लागि चीन सरकारसँग वित्तीय सहायताका लागि अनुरोध गरिएको छ।
- **गण्डकी करिडोर** : कुल ४ सय ३५ किमि लम्बाइ र २८ अर्ब रुपैयाँ लागत अनुमान भएको यस सडकका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने सिलसिलामा चीन सरकारसँग वित्तीय सहायताका लागि अनुरोध गरिएको छ। हाल नेपाल सरकारको आन्तरिक स्रोतमा निर्माण कार्यलाई गति प्रदान गरिएको छ।
- **कर्णाली करिडोर** : कुल ९५ किमि लम्बाइको यस सडक करिडोरको ९४ किमि ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ। करिडोर निर्माण गर्न चिनियाँ सरकारसँग अनुरोध गरिएको छ।
- **गल्छी-त्रिशूली-रसुवागढी सडक**: कुल १ सय किलोमिटर लामो यस सडक करिडोरको ट्र्याक निर्माण कार्य सम्पन्न भइसकेको छ। स्याफ्रुवेसी-रसुवागढी सडक खण्ड चीन सरकारको अनुदान सहयोगमा निर्माण हुने सहमति भएको छ। यस सडक खण्डमा नेपाल सरकारले ३ अर्ब ७० करोड रुपैयाँ विनियोजन गरेको छ।

**च) सुरुङ मार्ग**

- कुल २.७ किलोमिटर लामो र करिब १३ अर्ब लागत अनुमान रहेको **नागढुङ्गा-नौबिसे सुरुङ** मार्गको निर्माण कार्य जारी रहेको छ।
- कुल २.८ किलोमिटर लामो **सिद्धबाबा-बुटवल सुरुङ** मार्गको ठेक्कासम्बन्धी कार्य पूरा भई निर्माण कार्य थालनी हुने चरणमा रहेको छ।
- कुल ४.८ किलोमिटर लामो **टोखा-छहरे सुरुङ** मार्गको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयारीको कार्य चिनियाँ सहयोगमा हुँदै गरेको छ।
- चिनियाँ सहयोगमा निर्माण हुने करिब २४ किलोमिटर लामो **बेत्रावती-स्याफ्रुवेसी सुरुङ** मार्गको सम्भाव्यता अध्ययन हुँदै गरेको छ।
- आठ सय मिटर लामो **कोटेश्वर-जडीबुटी सुरुङ** मार्गको निर्माणका लागि जापान सरकारका तर्फबाट डीपीआर तयार हुँदै गरेको छ।
- कुल ७.५ किलोमिटर लामो **खुर्कोट-चियोबारी सुरुङ** मार्गको विस्तृत परियोजना प्रतिवेदनको कार्य जापान सरकारको सहयोगमा भइरहेको छ।
- कुल १.२५ किलोमिटर लम्बाइको गणेशमान सिंह मार्ग **चित्लाङको सुरुङ** निर्माणका लागि स्वीस सरकारको सहयोगमा विस्तृत परियोजना प्रतिवेदन तयार भइरहेको छ।
- कुल ५.८ किलोमिटर लामो **बीपीनगर-खुटिया दिपायल** सडकअन्तर्गतको सुरुङमार्ग निर्माणका लागि चिनियाँ पक्षबाट विस्तृत अध्ययन प्रतिवेदन तयार हुँदै गरेको छ।
- **धरान-लेउती, प्रभास-जोर्ते, फिस्लिङ-शक्तिखोर, सुँडाल-पाँचखाल** तथा पूर्व-पश्चिम राजमार्गको दाउन्ने खण्डमा सुरुङबनाउन अध्ययन कार्य प्रारम्भ गरिएको छ।

**छ) जलविद्युत् आयोजना**

- **तामाकोसी पाँच विद्युत् आयोजना**: करिब १७ अर्ब रुपैयाँको लागत र १ सय १ मेगावाट क्षमताको यस आयोजनाका लागि एसियाली पूर्वाधार विकास बैंकलाई अनुरोध गरिएको छ।
- **माथिल्लो त्रिशूली विद्युत् आयोजना**: करिब ९० देखि १ सय अर्ब लागत अनुमान भएको यस आयोजनाको डीपीआरका लागि अन्तर्राष्ट्रिय वित्त निगमलाई अनुरोध गरिएको छ।
- **दूधकोसी विद्युत् आयोजना** : करिब ७ सय मेगावाट क्षमताको यस आयोजनाको डीपीआर तयारीको क्रममा रहेको छ। यस आयोजनाका लागि एसियाली विकास बैंक वित्तीय सहयोग गर्न इच्छुक रहेको छ। समिश्रित वित्तको विधिमा आधारित

रहीयो आयोजना निर्माण गर्ने तयारी गरिएको छ ।

- **तमोर विद्युत् आयोजनाः** कुल ६ सय ९२ मेगावाट क्षमता र करिब १ खर्ब ७० अर्ब रुपैयाँ लागत अनुमान रहेकोयस आयोजनाको एडीबीले विस्तृत आयोजना प्रतिवेदन तयार गरेको तर कावेली र हेवा खोला जलविद्युत् आयोजनाहरू प्रभावित हुने अवस्थाका कारण निर्णय हुन सकेको छैन ।
- **तल्लो र माथिल्लो अरुण विद्युत् आयोजनाः** कुल ७ सय ३५ मेगावाट क्षमताका यी आयोजनाका डीपीआर तयार भई लगानी गर्न विश्व बैंक सकारात्मक रहेको छ ।
- **उत्तर गंगा विद्युत् आयोजनाः** ८ सय मेगावाट क्षमताको यस आयोजनाको निर्माणका लागि नेपाल विद्युत् प्राधिकरणले अध्ययन कार्य गरिरहेको छ ।
- **अपर मोदी** (२७) **र मोदी ए** (१८) **विद्युत् आयोजना** : कुल ४५ मेगावाट क्षमता र करिब १४ अर्ब रुपैयाँ लागत अनुमान रहेकायी आयोजनाका डीपीआर तयार भएका छन् । आयोजनामा लगानी गर्न इआईबीलाई अनुरोध गरिएको छ ।
- **बुढी गण्डकी विद्युत् आयोजनाः** करिब १ हजार २ सयमेगावाट क्षमता र अनुमानित ३ खर्ब रुपैयाँ लागत अनुमान रहेको यस आयोजनाको लगानी विधि अझै निर्धारण हुन सकेको छैन ।
- **किमाथाङ्का अरुण विद्युत् आयोजनाः** कुल ३ सय मेगावाट क्षमताको यस आयोजनामा लगानीका लागि बीआरआईअन्तर्गतको परियोजनामा समावेश गर्न चीन सरकारलाई अनुरोध गरिएको छ ।

**ज) प्रसारण लाइन विस्तार**

- **एसएएसईसी पावर सिस्टम एक्सपान्सन प्रोजेक्ट** : पूर्व-पश्चिम र मध्यक्षेत्रका विभिन्न जिल्ला भएर जाने र करिब ५० अर्ब रुपैयाँ लागत अनुमान रहेको उक्त आयोजना एडीबी, ईआबी र नेपाल सरकारको लगानीमा सम्पन्न हुनेछ । यस आयोजनाअन्तर्गत विभिन्न १३ वटा ठेक्का सम्झौता भइसकेको छ ।
- **माथिल्लो अरुणादेखि इनरुवा अनारमनिसम्म ४ सय केभी प्रसारण लाइन**को विश्व बैंकको सहयोगमा डीपीआर तयार हुँदैछ ।
- करिब १५ अर्ब रुपैयाँको लागतमा निर्माण हुने **तुम्लिङटारदेखि तिम्ला खिम्ती हुँदै ढल्केवरसम्म ४ सय केभी प्रसारण लाइन**को विश्व बैंकको सहयोगमा डीपीआर तयार भइरहेको छ ।
- करिब ५० अर्ब रुपैयाँको लागत र झन्डै ३ सय किलोमिटरको **एमसीसी कम्प्याक्ट**अन्तर्गतका **प्रसारण लाइन आयोजना** (लप्सीफेदी,नौबिसे हेटौंडा, दमौली, परासी र न्यु बुटवल क्षेत्र)का लागि एमसीसीसँग भएको सम्झौता अनुसार प्रक्रिया सुरु भएको छ । भारत सरकारसँग अन्तरदेशीय प्रसारण लाइनको एमओयू हुन बाँकी छ ।
- एसियाली विकास बैंकको सहयोगमा **औद्योगिक करिडोर प्रसारण लाइन र स्मार्ट मिटरिङ कार्यक्रम** सञ्चालन भइरहेको छ ।
- **केरुङ-रसुवागढी-रातमाटे ४ सय केभी अन्तरदेशीय प्रसारण लाइन आयोजना**का लागि चीन सरकारसँग सहयोग अनुरोध गरिएको छ ।
- रत्नपार्कदेखि महाराजगन्जसम्म भूमिगत वितरण लाइन गर्ने पावर ट्रान्समिसन एन्ड डिस्ट्रिब्युसन इफिसेन्सी इन्हान्समेन्ट प्रोजेक्ट एसियाली विकास बैंकको १६ अर्ब रुपैयाँ सहयोगमा कार्य जारी छ ।

**झ) सिंचाइ आयोजना**

- **सिक्टा सिंचाइ आयोजना**को ४५ किमि पश्चिम सम्पन्न भई केही क्षेत्रमा पानी प्रवाह गरिएको छ । पूर्वतर्फको ५३ किमि नहर निर्माणको कार्य तीव्रताका साथ जारी छ ।
- **भेरी-बबई सिंचाइ आयोजना**मा भेरी नदीको डाइभर्सनका लागि सुरुङ तयार भइसकेको छ । बाँध निर्माणको कार्य जारी छ । यसको हाइड्रो मेकानिकलसम्बन्धी कार्यका लागि खरिद प्रक्रिया अगाडि बढाइएको छ ।
- **रानी जमरा सिंचाइ आयोजना** (दोस्रो चरण)को निर्माण कार्यका लागि खरिद प्रक्रिया सम्पन्न भएको छ ।
- **सुनकोशी-मरिन आयोजना**को सुरुङ निर्माणका लागि नेपाल सरकारको आन्तरिक स्रोतबाट १० अर्ब रुपैयाँको खरिद प्रक्रिया पूरा गरिएको छ । आयोजनाको बाँध र विद्युत्गृहको निर्माणका लागि चिनियाँ सरकारलाई अनुरोध गरिएको छ । हालै बाँधका लागि नेपाल सरकारका तर्फबाट ५ अर्ब रुपैयाँको खरिद सहमति प्रदान गरिएको छ ।
- **महाकाली सिंचाइ आयोजना**को २७ किलोमिटर नहर निर्माण सम्पन्न भएको र बाँकी नहर निर्माणका लागि आन्तरिक स्रोतबाट खरिद प्रक्रिया सुरु गरिएको छ।
- उदयपुरको **त्रियुगा नदीको** दुवै किनाराका ४२ किलोमिटर क्षेत्रमा **नदी नियन्त्रण** कार्यक्रमका लागि सरकारले आफ्नै स्रोतमा ७ अर्ब रुपैयाँको खरिद सहमति प्रदान गरेको छ ।
- **लोथर राप्ती नदी** नियन्त्रण आयोजनाका लागि ईआबीसँग प्रारम्भिक छलफल अगाडिबढाइएको छ ।
- लालबकैया, मावा, रतुवा, खाडो, मोहना नदी नियन्त्रणका कार्यक्रम सञ्चालन गरिएको छ ।

**ञ) शिक्षा**

- चीन सरकारलाई प्राविधिक तथा भौतिक सहयोगका लागि अनुरोध गरिएको **मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय**को पूर्वाधार निर्माण कार्य मकवानपुरको चित्लाङ र काभ्रेमा सुरु भएको छ ।
- बुटवल र कैलालीको गेटामा **मेडिकल कलेज**को स्थापना गरिएको छ ।
- भूकम्पबाट प्रभावित विद्यालय भवन निर्माण हुन बाँकी रहेका सबै सामुदायिक विद्यालयको पूर्वाधार निर्माणका लागि ५५ अर्ब रुपैयाँको स्रोत व्यवस्थापन गरी निर्माणको ढाँचा तय गरिएको छ ।

**ट) औद्योगिक क्षेत्र** : सातै प्रदेशमा औद्योगिक क्षेत्र स्थापना र प्रत्येक स्थानीय तहमा औद्योगिक ग्रामको स्थापना गर्ने कार्य थालनी गरिएको छ ।

**ठ) खानेपानी आयोजना**

- **मेलम्ची खानेपानी आयोजना** : निकै लामो वर्षको प्रयासपश्चात् २०७७ को फागुन महिनादेखि काठमाडौं उपत्यकामा मेलम्चीको पानी परीक्षणका रूपमा वितरण गरिएको थियो । उक्त आयोजनामा बाढीका कारण क्षति पुग्नुअगाडि स्थायी ड्याम निर्माणको कार्य अन्तिम चरणमा रहेको थियो । काठमाडौं उपत्यकाभित्र वितरण प्रणालीको कार्य करिब सम्पन्न हुने चरणमा रहेको छ । **मेलम्ची खानेपानी दोस्रो** अन्तर्गतका कार्यका लागि एसियाली विकास बैंकसँग वित्तीय

सहयोगका लागि अनुरोध गरिएकामा बैंक सकारात्मक रहेको थियो ।

- पोखरा, सुर्खेत, बुटवलमा ठूला खानेपानी आयोजनाहरू सञ्चालनमा रहेका छन् ।

ड) **विमानस्थल**

- **निजगढ अन्तर्राष्ट्रिय विमानस्थल** : एएए मोडलमा सञ्चालन गर्ने, अमेरिकी कम्पनीले चाख देखाएको, ईओआई सूचना प्रकाशन गर्ने प्रक्रियामा रहेको छ ।
- **गौतम वुद्ध अन्तर्राष्ट्रिय विमानस्थल:** यान्त्रिक परीक्षणको कार्य बाँकी रहेकामा उक्त कार्य हालै सम्पन्न भई सञ्चालनको प्रक्रियामा रहेको छ ।
- **पोखरा अन्तर्राष्ट्रिय विमानस्थल:** चीन सरकारको सहयोगमा निर्माणाधीन विमानस्थलको ८५ प्रतिशत कार्य सम्पन्न भएको छ ।
- **त्रिभुवन विमानस्थल सुधार:** कुल १८ अर्ब ५० करोड रुपैयाँको लागत अनुमान रहेको विमानस्थल सुधार गुरुयोजना तयार गरिएको छ । अन्तर्राष्ट्रिय टर्मिनल भवन विस्तारको कार्यका लागि एसियाली विकास बैंकको सहायतामा निर्माण कार्य सुरु हुँदैछ ।

ढ) **सहरी पूर्वाधार**

- **सहरी पूर्वाधार विकास आयोजना:** विश्व बैंकको सहयोगमा नेपालका ३२ नगरपालिकामा करिब १ सय मिलियन अमेरिकी डलर बराबरको सहरी पूर्वाधार विकास आयोजना कार्यान्वयन गरिएको छ ।
- **काठमाडौं उपत्यकामा वैकल्पिक सार्वजनिक सवारी:** काठमाडौं उपत्यकामा वैकल्पिक सार्वजनिक सवारी सञ्चालन गर्ने सिलसिलामा **मेट्रो, मोनोरेल र केवलकार**को सम्भाव्यता अध्ययन भइरहेको छ । काठमाडौं उपत्यकामा सहरी केवलकार निर्माणका लागि फ्रान्स सरकारलाई अनुरोध गरिएको छ ।
- **वागमती सुधार आयोजना** : एसियाली विकास बैंकको सहयोगमा परियोजनाका कार्य जारी छन् । बाँकी कार्यका लागि पनि थप वित्तीय सहयोग अनुरोध गरिएको छ ।

ण) **नेपाल सरकारको स्रोतमा सञ्चालन भइरहेका आयोजना**

- **प्रदेश र पालिकाको केन्द्र जोड्ने सडक:** नेपालका सबै स्थानीय तहका केन्द्र र प्रदेशका मुकामलाई कालोपत्र सडकले जोड्ने यस आयोजनाका लागि कुल २ सय अर्ब रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । विकास साझेदारसँग करिब ७ सय मिलियन डलरसम्मको सहायता रकम परिचालन गर्न छलफल भएको छ । तर, नेपाल सरकारको स्रोतबाट कार्यक्रम सुरु गरिएको छ ।
- **प्रत्येक स्थानीय तहमा ५/१०/१५ शय्याका आधारभूत अस्पताल निर्माण:** देशभरका ३ सय ९६ स्थानीय तहमा आधारभूत अस्पताल निर्माणका लागि एकैसाथ शिलान्यास गरिएको छ । शिलान्यास गरिएका स्थानीय तहमा अस्पताल निर्माण कार्य जारी छ ।
- देशका सबै निर्वाचन क्षेत्रमा रणनीतिक महत्त्वको **निर्वाचन क्षेत्र रणनीतिक सडक** आयोजना निर्माणका लागि स्रोत विनियोजन गरी कार्य थालनी गरिएको थियो ।

त) **उद्योग ग्रामको प्रस्ताव: कहाँ कहाँ?**

| प्रदेश | प्रस्तावित उद्योग ग्राम |
|---|---|
| **प्रदेश १** | • तेह्रथुमको म्याङलुङ नगरपालिका<br>• इलामको चुलाचुली गाउँपालिका<br>• धनकुटाको पाख्रिवास नगरपालिका, छथर जोरपाटी गाउँपालिका, साँगुरीगढी गाउँपालिका र महालक्ष्मी नगरपालिका<br>• उदयपुरको बेलका र रौतामाई नगरपालिका<br>• ओखलढुंगाको मोलुङ गाउँपालिका<br>• सुनसरीको धरान उपमहानगरपालिका र बराहक्षेत्र नगरपालिका |
| **मधेस प्रदेश** | • सिरहाको धनगढीमाई र लहान नगरपालिका<br>• धनुषाको सबैला नगरपालिका<br>• महोत्तरीको गौशाला नगरपालिका<br>• सर्लाहीको हरिवन नगरपालिका, चन्द्रनगर र कौडेना गाउँपालिका<br>• सप्तरीको अग्निसाइर कृष्णासवरन गाउँपालिका र डाक्नेश्वरी गाउँपालिका |
| **वाग्मती प्रदेश** | • धादिङको नीलकण्ठ र धुनेवेशी नगरपालिका<br>• दोलखाको भीमेश्वर नगरपालिका<br>• रामेछापको रामेछाप नगरपालिका<br>• सिन्धुपाल्चोकको चौतारा सागाचोकगढी नगरपालिका, लिसङ्खुपाखर र बलेफी गाउँपालिका<br>• नुवाकोटको विदुर नगरपालिका<br>• काभ्रेपलाञ्चोकको धुलिखेल र पाँचखाल नगरपालिका र रोशी गाउँपालिका |

| | |
|---|---|
| | ● मकवानपुरको थाहा नगरपालिका<br>● चितवनको भरतपुर नगरपालिका<br>● काठमाडौंको दक्षिणकाली नगरपालिका<br>● ललितपुरको गोदावरी नगरपालिका<br>● भक्तपुरको सूर्यविनायक नगरपालिका |
| **गण्डकी प्रदेश** | ● स्याङ्जाको गल्याङ, चापाकोट, पुतलीबजार, वालिङ नगरपालिका र अर्जुनचौपारी र कालीगण्डकी गाउँपालिका<br>● तनहुँको भानु, शुक्लागण्डकी नगरपालिका र आबुखैरेनी, ऋषिङ्ग, घिरिङ, बन्दीपुर गाउँपालिका<br>● गोरखाको पालुङटार, सिरानचोक, भीमसेन नगरपालिका र सहिद लखन गाउँपालिका |
| | ● मनाङको चामे गाउँपालिका<br>● लमजुङको राइनास र बेसिरहर नगरपालिका<br>● कास्कीको अन्नपूर्ण गाउँपालिका<br>● पर्वतको कुश्मा नगरपालिका र जलजला र विहादी गाउँपालिका<br>● बाग्लुङको बाग्लुङ नगरपालिका र काठेखोला र ताराखोला गाउँपालिका<br>● नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को बौदीकाली र हुप्सेकोट गाउँपालिका |
| **लुम्बिनी प्रदेश** | ● नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को बर्दघाट र सुनवल नगरपालिका<br>● रूपन्देहीको सैनामैना र तिलोत्तमा नगरपालिका<br>● कपिलवस्तुको बाणगंगा नगरपालिका<br>● अर्घाखाँचीको पाणिनि, छत्रदेव गाउँपालिका र सन्धिखर्क नगरपालिका<br>● पाल्पाको रामपुर, तानसेन नगरपालिका र रैनादेवी छहरा गाउँपालिका<br>● रोल्पाको त्रिवेणी गाउँपालिका<br>● गुल्मीको धुर्कोट, इस्मा र मदाने गाउँपालिका<br>● प्यूठानको स्वर्गद्वारी नगरपालिका<br>● दाङको तुलसीपुर उप-महानगरपालिका<br>● बाँकेको खजुरा गाउँपालिका<br>● बर्दियाको गुलरिया नगरपालिका र बढैयाताल गाउँपालिका |
| **कर्णाली प्रदेश** | ● सुर्खेतको भेरीगंगा, पञ्चपुरी नगरपालिका र चौकुने र सिम्ता गाउँपालिका<br>● कालिकोटको शुभकालिका गाउँपालिका<br>● जाजरकोटको शिवालय गाउँपालिका |
| **सुदूरपश्चिम प्रदेश** | ● डोटीको जोरायल गाउँपालिका, शिखर र दिपायल सिलगढी नगरपालिका<br>● बझाङको तालकोट र सुर्मा गाउँपालिका<br>● बाजुराको हिमाली गाउँपालिका<br>● दार्चुलाको नौगाड र मार्मा गाउँपालिका<br>● बैतडीको मेलौली नगरपालिका र पञ्चेश्वर गाउँपालिका<br>● डडेल्धुराको अमरगढी नगरपालिका र गन्यापुर गाउँपालिका<br>● कञ्चनपुरको पुनर्वास र बेलौरी नगरपालिका<br>● अछामको मेल्लेख गाउँपालिका |

# ऐतिहासिक काम
# पूर्ण भूभागसहित नक्सा प्रकाशन



**पद्‌मा अर्याल**
सचिव

**१. विषय प्रवेश**

हामीले नेपाललाई भौगोलिक विविधतायुक्त, बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषताले भरिपूर्ण भूजडित मुलुकका रूपमा बुझ्दछौं । उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बतसित र पूर्व, दक्षिण र पश्चिमतर्फ भारतसित नेपालको सिमाना जोडिएको छ । सङ्घीय संरचनाअन्तर्गत रहेका नेपालका सात प्रदेशमा भारतको सिक्किम, पश्चिम बङ्गाल, विहार, उत्तर प्रदेश र उत्तराञ्चल प्रदेशसित नेपालको कर्णाली प्रदेशबाहेक सबै प्रदेशसँग सिमाना जोडिएको छ ।

भूजडित राष्ट्र रहेको हाम्रो देशको उतरतर्फ सीमा समस्या छैन । तर, दक्षिणतर्फ रहेको भारततर्फ भने सीमामा समस्या रहेका छन् । भारततर्फबाट धेरै ठाउँमा सीमा मिचिएको छ भने केही ठाउँ अतिक्रमणमा परेका छन् । तीमध्ये भारतका तर्फबाट अतिक्रमित भएको हाम्रो भूमि लिपुलेक, कालापानी र लिम्पियाधुरा हो । यस आलेखमा अन्तर्राष्ट्रिय सीमा निर्धारणका सैद्धान्तिक पक्ष के के हुन् ? नेपाल र भारतबीचको सीमा कसरी निर्धारण भएको थियो ? नेपाल-भारतबीचमा अहिलेसम्म के कस्ता सन्धि भए ? हाम्रो अतिक्रमित भूमि फिर्ता ल्याउने काममा नेपालका तर्फबाट के कस्ता पहलकदमी भए ? नेपालले भारतबाट अतिक्रमित भूभाग लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटेर कसरी नेपालको चुच्चे नक्सा प्रकाशन गऱ्यो ? यो काममा के कस्ता स्वार्थ समूह थिए र यो कार्य सम्पादन गर्दा के कस्ता चुनौतीको सामना गर्नुपऱ्यो ? लगायतका विषय चर्चा गर्ने प्रयास गरिएको छ ।

**२.अन्तर्राष्ट्रिय सीमा निर्धारणका सिद्धान्त**

पृथ्वी विभिन्न भूगोल र देशमा विभाजित छ । एउटा देश अर्को एक वा एकभन्दा बढी देशसँग जोडिएको अवस्था छ । ती देशको भूभाग अन्तर्राष्ट्रिय सीमा निर्धारणको निश्चित मापदण्ड अनुसार छुट्याइएको छ । सीमा निर्धारण गर्ने केही सिद्धान्त र चरण हुन्छन् । जसअन्तर्गत पहिलो चरणमा दुई देशका बीचमा राजनीतिक तहबाट सन्धि/सम्झौता हुन्छन् भने दोस्रो चरणमा राजनीतिक तहबाट गरिएका सन्धि/सम्झौताबमोजिम नक्साङ्कन गर्ने कार्य गरिन्छ । त्यस्तै तेस्रो चरणमा नक्सा अनुसार जमिनमा सीमास्तम्भ निर्माण गर्ने कार्य गरिन्छ भने चौथो चरणमा सीमाको व्यवस्थापन हुने गर्दछ ।

**३. नेपाल-भारत सीमा निर्धारणका सैद्धान्तिक पक्ष**

नेपाल र भारतको सीमा निर्धाणमा अपनाइएको सिद्धान्तमा भने स्थिर सीमा सिद्धान्तलगायत पानी ढलो सिद्धान्त र समथर भागमा सिमाना कायम गर्ने सिद्धान्त अपनाइएको छ । जसअन्तर्गत कुन समयमा कुन सिद्धान्तका आधारमा कहिले कुन ठाउँमा नेपाल-भारत सीमा कायम भएको छ, त्यो तथ्यलाई यहाँ प्रस्तुत गर्न खोजिएको छः

**क. स्थिर सीमा सिद्धान्त**

नेपाल सरकार मन्त्रिपरिषद्को २०४५ मंसिर २२ गतेको निर्णय अनुसार तराई

नेपाल र भारतको सीमा निर्धाणमा अपनाइएको सिद्धान्तमा भने स्थिर सीमा सिद्धान्तलगायत पानी ढलो सिद्धान्त र समथर भागमा सिमाना कायम गर्ने सिद्धान्त अपनाइएको छ। जसअन्तर्गत कुन समयमा कुन सिद्धान्तका आधारमा कहिले कुन ठाउँमा नेपाल-भारत सीमा कायम भएको छ भनेर हेरिएको छ ।

**सुगौली सन्धिपछि सन् १८१६ डिसेम्बर ८ मा कोसी नदीदेखि राप्ती नदीसम्मको समथर भू-भाग नेपाललाई फिर्ता गर्न अंग्रेज सरकार इच्छुक रहेको एक सम्झौतापत्र नेपाल सरकारसमक्ष पठाएको थियो। त्यसलाई नेपाल सरकारका तर्फबाट अनुमोदन गरिएको थियो। त्यस सम्झौतापत्र अनुसार भएको सन्धिलाई सुगौली सन्धिको "पूरक सन्धि" भनेर बुझिन्छ। यस सन्धिले पनि नेपालको भारतसँगको सिमाना कायम गरेको छ।**

क्षेत्रका ५७ वटा नदीनाला सीमा भएका क्षेत्रको सिमाना कायम गर्दा स्थिर सीमा सिद्धान्तलाई आत्मसात् गरिएको छ ।

**ख. पानीढलो सिद्धान्त**

नेपाल सरकारको मन्त्रिपरिषद्को २०५८ जेठ १८ गतेको निर्णय अनुसार यो सिद्धान्त अपनाइएको हो । नेपाल र भारतको पहाडी क्षेत्रमा सीमा कायम गर्दा अभिलेखमा उल्लेख गरेको बाहेक अन्य पहाडी क्षेत्रमा साधारणतया पानीढलोको सिद्धान्त अनुसार सिमाना कायम गरिएको छ । जस अनुसार ताप्लेजुङ, इलाम र चितवनको सोमेश्वर शृङ्खलाको पहाडी क्षेत्रको सिमाना यस सिद्धान्त अनुसार कायम गरिएको छ ।

**ग. समथर भागमा सिमाना कायम गर्ने सिद्धान्त**

समथर भागमा सिमाना कायम गर्दा दुवै पक्षलाई मान्य आधार नक्सामा देखाइएको सीमारेखा तथा स्थापित सीमा स्तम्भहरूको आधारमा र भरपर्दो आधार नक्सा नभएको क्षेत्रमा जमिनमा कायम भएको सीमा स्तम्भका साथै दुवै पक्षबाट मानी आएको दशगजालाई आधार मानी नेपाल-भारत सिमाना कायम गरिएको छ ।

**४.नेपाल-भारत सीमा निर्धारणका लागि भएका विभिन्न सन्धि/सम्झौता**

हामीले माथि नै अन्तर्राष्ट्रिय सीमा निर्धारणका सैद्धान्तिक पक्ष र विभिन्न चरणका बारेमा उल्लेख गरिसकेका छौं । नेपाल र भारतबीचको सीमा निर्धारण पनि यही सिद्धान्त र चरणहरूको आधारमा निर्धारण गरिएको थियो, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**क.सुगौली सन्धिका आधारमा कायम सिमाना**

नेपाल र भारतबीच सीमा निर्धारणका लागि राजनीतिक तहबाट भएको पहिलो सन्धि नै सुगौली सन्धि हो । यो सन्धि सन् १८१६ मार्च ४ मा भएको थियो । जसमा नेपाल सरकारको प्रतिनिधिका हैसियतले राजगुरु गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले नेपालको सिमाना सहीछाप गरी भारतको सुगौली भन्ने ठाउँमा अंग्रेज (कम्पनी) सरकारका लेफ्टिनेन्ट कर्णेल पेरिस ब्राडशालाई हस्तान्तरण गरिएको थियो । त्यसै सन्धिलाई सुगौली सन्धि भनिन्छ । त्यो सन्धिमा नेपालको सिमाना पश्चिममा काली र पूर्वमा मेची नदी कायम भएको हो ।

**ख. पूरक सन्धिका आधारमा कायम सिमाना**

सुगौली सन्धिपछि सन् १८१६ डिसेम्बर ८ मा कोसी नदीदेखि राप्ती नदीसम्मको समथर भू-भाग नेपाललाई फिर्ता गर्न अंग्रेज सरकार इच्छुक रहेको एक सम्झौतापत्र नेपाल सरकारसमक्ष पठाएको थियो । त्यसलाई नेपाल सरकारका तर्फबाट अनुमोदन गरिएको थियो । त्यस सम्झौतापत्र अनुसार भएको सन्धिलाई सुगौली सन्धिको 'पूरक सन्धि' भनेर बुझिन्छ । यस सन्धिले पनि नेपालको भारतसँगको सिमाना कायम गरेको छ ।

**ग. नयाँ मुलुक फिर्ता गर्ने सम्झौताका आधारमा कायम सिमाना**

**सुगौली सन्धिमार्फत नेपालले गुमाएको भूभाग** बाँके, बर्दिया, कैलाली र कञ्चनपुर (जसलाई नयाँ मुलुक भनेर बुझिन्छ) पछि भारतले नेपाललाई फिर्ता दिन चाहेपछि सन् १८६० नोभेम्बर १ मा नेपाल सरकारका तर्फबाट जङ्गबहादुर राणा र अंग्रेज सरकारका तर्फबाट लेफ्टिनेन्ट जनरल जर्ज रयाम्सेले गरेको सम्झौताका आधारमा समेत नेपाल-भारत सिमाना कायम भएको हो ।

**घ. सन् १८७५ जनवरी ७ को सम्झौताका आधारमा कायम सिमाना**

दाङ जिल्लाको डुडुवाक्षेत्रको सीमाङ्कन गर्न नेपाल सरकारका तर्फबाट कमिस्नर कर्णेल सिद्धिमान साहेबबहादुर राजभण्डारी र अंग्रेज सरकारका तर्फबाट कमिस्नर लेफ्टिनेन्ट जनरल म्याक एन्ड्रिउको संयुक्त आयोगले सन् १८७५ जनवरी ७ मा बघौडा तालको पहाडी भू-भागको दक्षिणतर्फ पहाडको फेदीले जुन समथर भाग भेट्छ, त्यही दुई देशबीचको सीमारेखा हुने गरी भएको सम्झौताका आधारमा सिमाना कायम भएको हो ।

यी सन्धि/सम्झौताका आधारमा विभिन्न कालखण्डमा सीमाङ्कन भएको तथ्य कतिपय क्षेत्रमा सोही समयमा राखिएका ठूला खालका सीमास्तम्भहरूको अवस्थितिले देखाउँछ । नेपाल-भारत सीमाको पछिल्लो सीमाङ्कन कार्य सन् १९८० देखि सुरु भएको देखिन्छ ।

**५.नेपाल-भारत सीमा व्यवस्थापनसम्बन्धी प्राविधिक कार्य**

नेपाल-भारत सीमा व्यवस्थापनका लागि सन् १९८० डिसेम्बर १९ मा द्विपक्षीय ( ज्वयन्ट रेकर्ड टक) वार्ता भएको थियो । तत्पश्चात् नेपाल-भारत संयुक्त प्राविधिक समिति (जेटीसी) को गठन भई सीमासम्बन्धी कार्यहरूको थालनी भएको थियो । सो क्रममा नेपाल-भारत सीमाको क्षेत्रमा जम्मा १८२ थान स्ट्रिप नक्सा तयार भएको थियो । उक्त स्ट्रिप नक्सा तयार गर्नका लागि आधारका रूपमा विभिन्न समयमा तयार गरिएका आधार नक्साहरु प्रयोग गरिएको थियो । सोही अनुसार स्ट्रिप नक्साको तयारीसँगसँगै सीमास्तम्भहरू निर्माण कार्य सञ्चालन गरिएको थियो ।

जेटीसी गठन भएपछि नेपाल-भारत सीमासम्बन्धी संयुक्त रेकर्ड अनुसार सन् १९८१ को फेब्रुवरीमा काठमाडौंमा नेपाल-भारत संयुक्त प्राविधिक समिति गठन भई उक्त समितिबाट नेपाल-भारत सीमासम्बन्धी काम प्रारम्भ भएको थियो । उक्त समितिले नेपाल-भारत सीमा व्यवस्थापनका लागि प्राविधिक रूपमा आधिकारिक संयन्त्रको रूपमा कार्य गरेको थियो । सो समितिले सन् १९८१ देखि २००७ सम्ममा देहाय अनुसारका सीमासम्बन्धी कार्यहरू सम्पन्न गरेको थियो :

**अ. सीमा क्षेत्रका नक्साहरू तयार गर्ने कार्य**

- सुस्ता र कालापानी क्षेत्रबाहेक नेपाल-भारत सीमा क्षेत्रको वैज्ञानिक प्रविधिबाट १८२ थान स्ट्रिप नक्सा तयार गरिएको,




ती स्ट्रिप नक्साहरूमा सीमारेखा यकिन गर्ने कार्य गरिएको, स्ट्रिप नक्सामा सीमारेखामा पर्ने ८ हजार ५ सय ५३ (९ सय १६ मुख्य सीमा स्तम्भ र ७ हजार ६ सय ३७ सहायक सीमा स्तम्भहरू) स्थानमा निर्माण गरिने सीमास्तम्भको स्थिति यकिन गर्ने कार्य गरिएको थियो ।

**आ. सीमा स्तम्भहरूको निर्माण कार्य**

- समितिलाई प्राप्त अधिकारका आधारमा सन् १९९२ देखि सीमाङ्कन गर्ने कार्य प्रारम्भ गरिएको ।
- क्रमश: पूर्वदेखि पश्चिमतर्फ सिलसिलेवार नम्बर कायम गरी सीमा स्तम्भहरू निर्माण गरिएको ।
- स्ट्रिप नक्सामा स्थिति कायम भएका सीमा स्तम्भको सङ्ख्या ८ हजार ५ सय ५३ रहेको ।
- उक्त अवधि (सन् १९८१ देखि २००७) मा ६ हजार सीमा स्तम्भहरू निर्माण गरिएको
- २ हजार ५ सय सीमा स्तम्भहरू निर्माण गर्न बाँकी रहेको ।
- नदीनालाका पानीको भूभागमा पर्ने १ हजार ४ सय सीमा स्तम्भहरूका सन्दर्भमा ती स्तम्भहरू भारतीय पक्षबाट निर्माण गरिने सहमति भएको ।

**इ. प्राविधिक तहमा हस्ताक्षर सम्पन्न**

- दुवै पक्षबाट तयार गरिएका स्ट्रिप नक्साहरूलाई डिजिटल प्रविधिबाट बराबर सङ्ख्यामा दुवै पक्षबाट तयार गरी एकापसमा आदान-प्रदान र रूजु गरी दुवै पक्षको प्राविधिक तह (नापी विभागका महानिर्देशक) बाट अन्तिम रूप दिई हस्ताक्षर सम्पन्न भएको ।

**दुवै पक्षबाट तयार गरिएका स्ट्रिप नक्साहरूलाई डिजिटल प्रविधिबाट बराबर सङ्ख्यामा दुवै पक्षबाट तयार गरी एकापसमा आदान-प्रदान र रूजु गरी दुवै पक्षको प्राविधिक तह (नापी विभागका महानिर्देशक) बाट अन्तिम रूप दिई हस्ताक्षर सम्पन्न भएको।**

- स्ट्रिप म्यापहरू प्लेनिपोटेन्सियरी तहबाट अन्तिम रूप दिन बाँकी रहेको ।

**ई. स्ट्रिप नक्सा हस्तान्तरण सम्बन्धमा**

- स्ट्रिप नक्सा र सीमा व्यवस्थापन कार्यको सहजीकरणका लागि २८औं आइटीसीको बैठकले तयार गरेको मोडालिटी अनुसार 'नेपाल-भारत सीमा स्ट्रिप नक्साहरूलाई प्लेनिपोटेन्सियरीबाट अन्तिम रूप दिइसकेपछि नेपालको नापी विभाग र भारतको सर्भे अफ इन्डियाले ती नक्साहरू आवधिक निरीक्षण र सीमाको संरक्षण गर्नका लागि सम्बन्धित स्थानीय निकायहरूलाई हस्तान्तरण गर्ने छन् ।

**उ. नेपाल-भारत सीमासम्बन्धी बाँकी कार्यहरू**

- सुस्ता र कालापानी क्षेत्रको सिमानाको नक्साङ्कन र सीमाङ्कन ।
- निर्माण गर्न बाँकी रहेका २ हजार ५ सय सीमा स्तम्भहरू निर्माण, हराएका र नासिएका सीमा स्तम्भहरू संयुक्त रूपमा पुन:स्थापना ।
- दशगजा क्षेत्र (नो म्यान्स ल्यान्ड) अतिक्रमण हटाउने र व्यवस्थापन गर्ने

कार्य, सीमापार होल्डिङको व्यवस्थापन गर्ने कार्य,

- रिफरेन्स पिलरहरूको सर्वेक्षण, नक्साङ्कन र संरक्षण गर्ने कार्य ।
- सीमास्तम्भहरूमा जीपीएस अब्जर्बेसन गरी सीमा स्तम्भहरूको स्थिति रेकर्ड गर्ने कार्य, सीमा व्यवस्थापनको मोडालिटी अनुसार सीमास्तम्भ दुवैतर्फका स्थानीय अधिकारीहरूलाई हस्तान्तरण गरी सिमाना व्यवस्थापन गर्ने कार्य ।

**ऊ. नेपाल-भारत संयुक्त सीमा कार्य समूह (बीडब्लुजी) को गठन :**

सेप्टेम्बर २४ देखि २५, २००७ मा काठमाडौंमा सम्पन्न आइटीसीको बैठकले जेटीसीको निर्धारित समय ३१ डिसेम्बर २००७ मा समाप्त भएपछिको अवस्थामा अन्तरदेशीय संयन्त्रको आवश्यकता महसुस गरी नापी विभागको महानिर्देशक र भारतका सर्वेक्षक महानिर्देशक एवं सम्बन्धित देशका परराष्ट्र मन्त्रालयलगायतका निकायका सदस्य रहने गरी स्थायी संयन्त्र निर्माण गर्ने सिफारिस गरिएको थियो । सन् २०१४ मा दुवै देशबीच सीमासम्बन्धी प्राविधिक कार्य गर्ने गरी नेपालका तर्फबाट नापी विभागका महानिर्देशक र भारतका तर्फबाट सर्वेक्षण विभागका सर्वेयर जनरलको नेतृत्व रहने संयुक्त बीडब्लुजीको गठन गर्ने सहमति भयो ।

सन् २०१४ जुलाई २५ देखि २७ सम्म बसेको नेपाल-भारत परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगको तेस्रो बैठकले संयुक्त सीमा कार्य समूह (बीडब्लुजी) लाई यथाशीघ्र कार्य प्रारम्भ गर्ने निर्देशन दिएको थियो, सोही अनुसार सेप्टेम्बर १७ देखि १९, २०१४ सम्म काठमाडौंमा संयुक्त सीमा कार्य समूह (बीडब्लुजी) को पहिलो बैठक सम्पन्न भयो र देहाय अनुसारका निर्णयसमेत गर्‍यो ।

- आफ्नो कार्यादेश तयार ।
- सर्भे अधिकारीहरुको कमिटी गठन (नापी विभागका उप-महानिर्देशकको नेतृत्वमा) ।
- गृह, सशस्त्र प्रहरीसमेत रहने व्यवस्था, फिल्ड सर्भे टीम गठन (सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको नेतृत्व रहने) ।
- फिल्ड टीम गठन गरी ती टिमहरूको कार्यादेश समेत तोकेको ।

**संयुक्त सीमा कार्य समूह (बीडब्लुजी) गठनपश्चात् भएका कार्यहरूको विवरण**

नेपाल-भारत सीमासम्बन्धी जेटीसीले गरेका कार्यपछि बाँकी रहेका काम गर्न नेपाल र भारतका तर्फबाट संयुक्त टोलीहरू गठन गरी सीमासम्बन्धी कार्यहरू थालनी गरियो । सुरुमा तीन संयुक्त टोली गठन गरी काम थालिएकामा यस कार्यलाई प्राथमिकतासाथ चाँडो सम्पन्न गर्न पछि अर्को एउटा टोली थप गरी चार टोलीबाट फिल्डको काम संयुक्त रूपमा गरियो । सो अनुसार टोली नं. १ को कार्यक्षेत्र सुनसरी, मोरङ, झापा, इलाम, पाँचथर र ताप्लेजुङ जिल्लासम्म निर्धारण गरियो । टोली नं. १ को कार्यक्षेत्रमा सीमास्तम्भ नम्बर २११/१ सम्म जम्मा १ हजार ७ सय ५५ सीमा स्तम्भ रहेका छन् । त्यस्तै टोली नं. २ को कार्यक्षेत्र सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन जिल्लासम्म रहेको छ । यस टोलीको कार्यक्षेत्रभित्र सीमास्तम्भ न. २१२ (सप्तरी जिल्ला)देखि ४८५ (चितवन र नवलपरासी पूर्वजिल्लाको सिमाना)सम्म जम्मा ४ हजार १ सय ३९ वटा सीमास्तम्भ रहेका छन् । टोली नं. ३ को कार्यक्षेत्र नवलपरासी ( सुस्तापूर्व), नवलपरासी (सुस्ता (पश्चिम), रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया जिल्लासम्म रहेको छ । यस टोलीको कार्यक्षेत्रभित्र सीमा स्तम्भ नं. ४९७ (नवलपरासी पश्चिम) देखि ६९९ (बर्दिया) सम्म जम्मा १ हजार ५ सय ८६ सीमा स्तम्भ रहेका छन् । टोली नं. ४ को कार्यक्षेत्र कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, दार्चुला जिल्लासम्म रहेको छ । यस टोलीको कार्यक्षेत्रभित्र सीमास्तम्भ नम्बर ७०० (कैलाली) देखि ९२७/३ (दार्चुला)सम्म जम्मा १ हजार ७४ सीमा स्तम्भहरू रहेका छन् । प्रत्येक टोलीको नेतृत्व नापी विभाग वा अन्तर्गतका कार्यालयबाट रा.प. द्वितीय श्रेणीका अधिकृतहरूले गर्ने गर्दछन् । टोलीहरूले तयार गरेका १ सय ८२ थान स्ट्रिप नक्सा अनुसार फिल्डमा सीमा स्तम्भको अवस्थिति कायम गर्ने गरिन्छ । प्रत्येक टोलीअन्तर्गत विभिन्न चार उपटोलीले संयुक्त फिल्ड सर्भेक्षणका काम गर्दछन् ।

उपटोलीले हरेक सीमास्तम्भको निरीक्षण गरी सीमा स्तम्भहरूलाई मर्मत, निर्माण वा पुनर्स्थापना के गर्नुपर्ने हो, प्रत्येक सीमा स्तम्भका लागि तोकिएको ढाँचामा फाराम भरी संयुक्तरूपमा दुवै पक्ष (सर्वेक्षक र फिल्ड टिम लिडर)द्वारा हस्ताक्षर गरी संयुक्त इन्भेन्टरी तयार गर्दछन् । उपटोलीको प्रतिवेदन बमोजिम सीमा स्तम्भहरूको मर्मत तथा निर्माण गरी प्रत्येक सीमा स्तम्भहरूको तोकिएको ढाँचामा फाराम भरी संयुक्तरूपमा दुवै पक्ष (सर्वेक्षक र फिल्ड टिम लिडर)द्वारा हस्ताक्षर गरी अभिलेख तयार गर्दछन् ।

उपटोली-३ ले दशगजा क्षेत्रको अतिक्रमण र सीमापार अतिक्रमणको नक्साङ्कन गरी सोको संयुक्त लगत तयार गर्दछ । तयार गरिएको दशगजा क्षेत्रको अतिक्रमण र सीमापार अतिक्रमणको नक्सामा दुवै पक्षका सवेक्षकहरु तथा फिल्ड टिमका टिम लिडरको हस्ताक्षर गरी नेपालको तर्फबाट प्रमुख जिल्ला अधिकारी तथा भारतका तर्फबाट डिस्ट्रिक्ट मजिस्ट्रेटको हस्ताक्षर गरिन्छ । दशगजा क्षेत्र अतिक्रमण तथा सीमापार अतिक्रमणको लगत फाराममा भने दुवै पक्षका सर्वेक्षक तथा फिल्ड टिमका टिम लिडरको हस्ताक्षर गरी संयुक्त लगत तयार गरिन्छ ।

उपटोली-४ ले नेपाल-भारत सीमामा रहेका मर्मत एवं नयाँ निर्माण भएका सम्पूर्ण सीमास्तम्भहरूमा जीएनएसएस प्रविधिको माध्यमबाट नियामक निकाल्ने कार्यहरू गर्छ ।

**सन् २०१४ देखि हालसम्म ८ हजार ५७ सीमा स्तम्भको निरीक्षण कार्य सम्पन्न भइसकेको छ भने ४ सय ९६ सीमास्तम्भको निरीक्षण कार्य बाँकी रहेको छ । बाँकी रहेका क्षेत्रमा ताप्लेजुङ, पाँचथरको केही भाग, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुरको केही भाग पर्दछ । त्यस्तै १ हजार ७ सय ४२ पिलर मर्मत र २ हजार ४ सय ४५ पिलर निर्माण वा पुन:निर्माण गरिएका छन्, सीमा स्तम्भहरू निर्माण/मर्मत भइसकेका र बाँकी रहेको क्षेत्रमा क्रमैसित दशगजा क्षेत्रको अतिक्रमण र सीमापार अतिक्रमणको नक्साङ्कनको कार्य भइसकेको छ ।**

सन् २०१४ देखि हालसम्म ८ हजार ५७ सीमा स्तम्भको निरीक्षण कार्य सम्पन्न भइसकेको छ भने ४ सय ९६ सीमास्तम्भको निरीक्षण कार्य बाँकी रहेको छ । बाँकी रहेका क्षेत्रमा ताप्लेजुङ, पाँचथरको केही भाग, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुरको केही भाग पर्दछ । त्यस्तै १ हजार ७ सय ४२ पिलर मर्मत र २ हजार ४ सय ४५ पिलर निर्माण वा पुनःनिर्माण गरिएका छन्, सीमा स्तम्भहरू निर्माण/मर्मत भइसकेका र बाँकी रहेको क्षेत्रमा क्रमैसित दशगजा क्षेत्रको अतिक्रमण र सीमापार अतिक्रमणको नक्साङ्कनको कार्य भइसकेको छ । गत आर्थिक वर्षसम्म दशगजाको प्रगति सीट सङ्ख्या ६७९ छ । यसका साथसाथै कित्तानापीको नक्सासमेत ओभरल्याप गरी विवरण संकलन गर्ने कार्य र इमेज ओभरल्यापको कार्यसमेत भइरहेको छ । सीमा स्तम्भहरूमा जीएनएसएस सर्वेक्षण गर्न तयार गरिएको माध्यममा जीएनएसएस अवलोकन गर्ने कार्य सम्पन्न भइसकेको छ र आगामी आवदेखि प्रत्येक सीमा स्तम्भहरूमा जीएनएसएस अवलोकन गर्ने गरी क्रियाकलाप अगाडि बढिरहेका छन् ।

**६. यसरी अतिक्रमण गरियो, लिम्पियाधुरा, कालापानी र लिपुलेक**

सन् १९५५ देखि भारतीय सैनिक/प्रहरीबाट पश्चिम नेपालको कालापानीमा अतिक्रमण हुन थालेपछि नेपालको सीमा पुनः हेरफेर गर्ने थालनी भारतबाट भएको देखिन्छ । यसरी सीमा अतिक्रमण भइसकेपछि सन् १९५० को दशकमा भारतीय अर्धसैनिक बलको उपस्थिति भएपछि कालापानीमा एक शिव मन्दिरको स्थापना गरी सोसँगै एउटा सानो पोखरी बनाई सो पोखरीको पानी कालीनदीको उद्गम भनी एकपक्षीय रूपमा कालापानी र लिपुलेकलाई भारतीय क्षेत्रमा पर्ने गरी नक्सामा देखाउन खोजिएको छ ।

भारतको सर्वे अफ इण्डियाबाट प्रकाशित सन् १९७५ को नेपालको टोपो सीट नम्बर 62F/4 को नक्सा टिङ्कर भञ्ज्याङबाट करिब एक किमि उत्तरतर्फ नेपाल र चीनको सीमारेखा तानेर अङ्कित गरिएको छ । त्यस अनुसार त्रिदेशीय विन्दु त्यहाँ देखाइएको छ । यसरी नेपाल-भारत सिमानालाई लिपुलेक भञ्ज्याङसम्म पनि पुऱ्याइएको छैन । यस नक्साले कालापानी क्षेत्रसमेत भारतीय भूमिभित्र राख्न खोजिएको छ । कालीनदीलाई कालापानीभन्दा माथि अङ्कित गरिएको छ । दोस्रो चरण र तेस्रो चरणका नक्साहरूमा लिम्पियाधुराबाट निस्केको नदीलाई कालीनदी भनी देखाइएको छ र कुनै-कुनै नक्सामा सिमाना पनि त्यही देखाइएको छ ।छ

क) सन् १८४२ मा Map of the Provinces Hindoostan Panjab Rajpootina Sinde, Kabol and C भन्ने लन्डनबाट प्रकाशित नक्सामा काली लिम्पियाधुराबाट आएको देखिएको छ ।

ख) सन् १८७८ मा Sketch Map of Western Nepal भनिएको Col. H. C. B. Tanners बाट तयार गरिएको नक्सामा भने लिम्पियाधुराबाट निस्केको नदीलाई कालीनदी भनी देखाइएको छ भने लिपुलेकबाट आउने नदीलाई देखाइएकै छैन ।

ग) सन् १८५७ को अर्को नक्सा Stand fords Map of India मा भने लिम्पियाधुराबाट कालीनदी आएको र सिमाना पनि सोही नदी देखाइएको छ ।

घ) सन् १०६७ मा मस्कोबाट प्रकाशित the world atlas मा लिम्पियाधुराबाट निस्केको नदीलाई कालीनदी भनी देखाइएको छ ।

अन्तर्राष्ट्रिय घोषित मान्य सिद्धान्त अनुसार नदीको लम्बाइ, जलाधार क्षेत्र, पानीको औसत बहावको मात्रा र नदी क्रमाङ्कको हिसाबले लिम्पियाधुराबाट निस्केको नदी नै वास्तविक र मुख्य कालीनदी हो ।

जलविज्ञान अनुसार कुनै पनि नदीको प्रणालीमा मूल नदी र सहायक नदीहरूको निर्धारण नदीमा रहेको पानीको मात्रा र त्यसको लम्बाइमा भर पर्छ । काली अर्थात् महाकाली नदीको हकमा यो लागू हुन्छ । कञ्चनपुर जिल्लाको नेपाल-भारत सीमाको नदीस्थानलाई सङ्गमस्थलविन्दु मानी सोभन्दा उत्तरतर्फ प्रत्येक मुख्य-मुख्य नदी दोभानजस्तैः लाघिया, सुर्नया गाड, सरयू, चमेलिया, गौरीगङ्गा, धौलीगङ्गा, टिङ्कर लिपुखोला दोभानबाट नदीको लम्बाइ, जलाधारक्षेत्र, नदीको बहाव र नदी क्रमाङ्कको हिसाब गरी आएको तथ्याङ्कका आधारबाट कालीनदीको मूलाधार पछ्याउँदै जाँदा कालीको उद्गमस्थल लिम्पियाधुरा नै पुग्दछ । तसर्थ, कालीनदी (लिम्पियाधुरा)पूर्व नेपालको सिमाना कायम हुने देखिन्छ ।

तर, सुगौली सन्धिलगत्तै प्रकाशित नक्साहरू र नेपाल-भारत सीमा सम्बन्धमा उल्लेख गरिएका बेलाबखतमा प्रकाशित ग्याजेटहरूको अध्ययनले भारतले एकतर्फी रूपमा नक्सा फेरबदल गर्न खोजेको प्रस्ट हुन्छ । भारतबाट विभिन्न मितिमा प्रकाशित नक्साहरूमा यस क्षेत्रमा एउटा नदीलाई मात्रै कालीनदी भनिएको र त्यो नदी लिम्पियाधुराबाट उत्पन्न भएको प्रस्ट रूपमा देखाइएको छ र अन्य कुनै नदीलाई काली भनिएको छैन । तर, पछि आएर सन् १८७९ मा भारतबाट प्रकाशित नक्सामा काली नदीको स्थान परिवर्तन गरेको देखिन्छ । यसमा मूल नदीलाई काली नभनी सहायक नदीलाई काली नदीका रूपमा अङ्कित गर्नुले भारतले नेपालको यो भूभाग अतिक्रमण गरेको पुष्टि हुन्छ । तर, भारतले अतिक्रमण गरे पनि लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र नेपालको भूभाग हो भन्ने अकाट्य प्रमाणहरू हामीस“ग छन् ।

> सुगौली सन्धिलगत्तै प्रकाशित नक्साहरू र नेपाल-भारत सीमा सम्बन्धमा उल्लेख गरिएका बेलाबखतमा प्रकाशित ग्याजेटहरूको अध्ययनले भारतले एकतर्फी रूपमा नक्सा फेरबदल गर्न खोजेको प्रस्ट हुन्छ। भारतबाट विभिन्न मितिमा प्रकाशित नक्साहरूमा यस क्षेत्रमा एउटा नदीलाई मात्रै कालीनदी भनिएको र त्यो नदी लिम्पियाधुराबाट उत्पन्न भएको प्रस्ट रूपमा देखाइएको छ र अन्य कुनै नदीलाई काली भनिएको छैन।

**७. अतिक्रमित भूभाग नेपालको भएका**

**प्रमाणहरू**

लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्र नेपालको भूमि हो भन्ने आधार विभिन्न समयमा प्रकाशित नक्साले प्रमाणित गर्दछन्, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**क) प्रथम चरणका नक्साहरूका आधारमा**

सुगौली सन्धि हुनुअघि सन् १८१६ जनवरी २ मा तत्कालीन ब्रिटिस सरकारका हाइड्रोग्राफर A. Arrowsmith ले तयार पारी प्रकाशित गरेको यो आधिकारिक नक्साले लिम्पियाधुराबाट निस्केको नदीलाई Gogra R भनी देखाइएको छ र नदीको बीचमा kalee R. Western Branch या Gogra or Sorju भनी देखाइएको छ । यस नक्साले सिमाना कालीनदी नै भन्ने स्पष्ट गर्दछ । सुगौली सन्धि भएलगत्तै सन् १८१९ मा ब्रिटिस भारतको सबै अफिसबाट प्रकाशित Sketch of Kumao, Captain HS. Webb को नक्सामा लिम्पियाधुराबाटै निस्केको नदीलाई Kalee R. भनी स्पष्ट लेखिएको छ । सन् १८२४ मा India Plate X, XI लन्डनबाट प्रकाशित नक्सामा लिम्पियाधुराबाट आएको कालीनदी देखाई सिमाना देखाइएको छ ।

सन् १८२७ फेबुवरी १ मा ब्रिटिस संसद्ले पारित गरेको भन्दै इस्ट इन्डिया कम्पनीका हाइड्रोग्राफर James Horst Surgh ले तयार गरी प्रकाशित गरेको नक्सामा लिम्पियाधुराबाट निस्केको नदीको सुरु तथा मध्यभागमा Kalee River भनी उल्लेख गर्दै त्यही नदीलाई Surjoo, Ghagra or Kalee भनी उल्लेख गरिएको हुँदा यो नक्साले कालीनदीको उद्‌गमस्थलको मात्रै होइन, कालीनदीको अर्को नाम सर्पु, घाया पनि हो भन्ने स्पष्ट गरेको देखिन्छ ।

सन् १८३० मा Parbury Allen & Co, London बाट प्रकाशित aps of Western Province of Hindoostan मा, सन् १८३४ मा Baldwin & Cradock, 47 Pukrruster Row बाट प्रकाशित नक्सामा, सन् १८३७ मा J. B. Tassin बाट प्रकाशित Map of India मा सन् १८४९ मा John Murrey Albermale Street द्वारा प्रकाशित नक्सामा कालीनदी स्पष्ट रूपले लिम्पियाधुराबाट आएको देखाइएको छ ।

यसैगरी सन् १८३४ को Vorder–Indien Orderdas Indo Britische Reich 1834, Steilers Hand Atlas, Germany बाट प्रकाशित नक्सामा सन् १८४६ मा Hindoostan, The Punjab, Raj Pootana को नक्सामा लिम्पियाधुराबाटै निस्केको नदीलाई कालीनदी भनी देखाइएको छ ।

सन् १८५६ मा ब्रिटिस भारतको सर्वे जनरलको अफिसबाट प्रकाशित नक्सामा लिम्पियाधुराबाट निस्केको नदीलाई कालीनदी भनी देखाइएको छ र नदी तल पुगेपछि Kalee, Surjoo or Ghagra भनी लेखिएको देखिन्छ । सिमाना भने लिपुलेक भञ्ज्याङतर्फबाट आउने नदीलाई नै देखाइएको छ । यो नक्सा बनाउादा जङ्गबहादुरबाट प्राप्त Sketch Map को आधारमा बनाइएको कुरा सो नक्सामा उल्लेख हुनुका अतिरिक्त सो नक्सामा भारतका सर्वेयर जनरल र डेपुटी जनरल दुवैले हस्ताक्षर गरेका छन् तर जङ्गबहादुरले पठाएको भन्ने पुष्टि भएको देखिन्न ।

सन् १८५० मा भारतद्वारा प्रकाशित नक्सामा कियाइबाट आउने नदीलाई कालीनदी मानी सोही नदीमा सिमाना देखाइएको छ र १८५६ को नक्सामा पनि सन् १८५० को नक्साबमोजिम सिमाना देखाइएको छ । उक्त दुवै नक्सा अनुसार कालापानी क्षेत्र नेपालको भू-भागमा पर्दछ ।

**ख) दोस्रो चरणका नक्साहरूको आधारमा**

दोस्रो चरण सन् १८५७ देखि १८८१ सम्मका नक्साहरू नियोजित रूपमा हेरफेर गरी लिपुलेकबाट निस्केको सानो नदीलाई कालीनदी भनी देखाउँदै साबिकको कालीनदीलाई (सका भाषामा कुटी भनेको कालो र यादी भनेको नदी) नामकरण गरी देखाइएको देहायबमोजिमका नक्साहरू हुन् ।

सन् १८६५-६९१८/७१-७७ मा भारतद्वारा प्रकाशित District Almorah भन्ने नक्साम चाहि निस्केको नदीलाई कुटी यादी भन्दै पहिले निकालिएका नक्साहरूमा सानोनदीको रूपमा उल्लेख गरिएको लिपुलेक नजिकबाट निस्केको सानोखोलालाई काली नदी देखाउँदै यसबेलादेखि नेपालको सिमानालाई पूर्वतर्फ मोडी पहाडको पानी दश हुँदै टिङ्करभन्दा उत्तर र लिपुलेक भञ्ज्याङभन्दा दक्षिणमा लगेर कालापानी भारतीय सीमाभित्र पर्ने देखाइएको छ । दुवै नदीहरू नक्सामा चार स्थानमा रहे पनि निस्केको नदीलाई दुई लाइनमा र लिपुखोलालाई एक लाइनमा अङ्कित गरिएको कालीनदीको नाम फेर्न खोजिए पनि साबिक के खोना मुख्य खोला हो भन्ने स्पष्ट हुन्छ ।

सन् १८७५ मा अफ इन्डियाबाट प्रकाशित नक्सामा लिपुलेक भारतर्फबाट आउने नदीलाई देखाइएको र सिमाना कालीनदीलाई छाडी कालापानीभन्दा केही तलबाट धार देखाइएको छ । कालापानी सीमा विवादको सम्बन्धमा नेपाल-भारत सीमा भारतद्वारा प्रस्तुत यो नक्सालाई नेपालले अस्वीकार गर्दै आएको छ ।

सन् १८८७ ब्रिटिस भारतको सर्वेयर जनरल अफ इन्डियाद्वारा प्रकाशित Nepal, Tibet and United Province को नक्सामा लिम्पियाधुराबाट निस्किएको नदीलाई Kuti मानी साबिकका नाम फेरिएको तर अरू कुनै नदीलाई कालीनदी भनी देखाइएको छैन । यसमा पनि कुटीनदीलाई दुई लाइनमा र लिपुखोलालाई एक लाइनमा देखाइएबाट कुटी नदी नै मूलनदीको रूपमा देखिन्छ । यस चरणमा यसरी नक्सामार्फत सीमा हेरफेर गर्न खोजिए पनि प्राकृतिक वस्तुहरूको संकेत र नक्साङ्कन गरिंदा र नदीलाई नक्सामा देखाउँदा कालीनदी लिम्पियाधुराबाटै निस्केको हो भन्ने स्पष्ट देखिन्छ ।

**ग) तेस्रो चरणका नक्साहरूका आधारमा**

तेस्रो चरण सन् १८८१ पछिका नक्साहरूमा सुगौली सन्धिले निर्धारित गरेको कालीनदीको सिमानालाई नदीको नाम नै फेरेर लिपुखोला कालीनदीको नाम दिई नक्सामार्फत सीमा नै हेरफेर गर्ने नियोजित प्रयास भएको देखिन्छ ।

यस सिलसिलामा सन् १८८१ मा

**सन् १८८१ पछिका नक्साहरूमा सुगौली सन्धिले निर्धारित गरेको कालीनदीको सिमानालाई नदीको नाम नै फेरेर लिपुखोला कालीनदीको नाम दिई नक्सामार्फत सीमा नै हेरफेर गर्ने नियोजित प्रयास भएको देखिन्छ ।**

Central Asien ostindier भनी लेखिएको नक्सामा लिपुलेकबाट आएको खोलालाई कालीनदी सिमाना देखाइएको छ । त्यसैगरी सन् १८९१ मा लण्डनबाट प्रकाशित North West Provide and Out with Nepal भन्ने नक्सामा सीमा लिपुलेकबाट देखाइएको छ । सन् १९०४ मा Tibet Frontier Commission भन्ने नक्सामा लिपुलेक भञ्ज्याङसम्म नेपालको सीमा देखाइएको छ । सन् १९०६-०८ मा Dr. Sven Hedin द्वारा प्रकाशित Part of Tibet भन्ने नक्सामा कालीनदी र सिमाना लिपु भञ्ज्याङबाट देखाइएको छ । सन् १९०७ मा नेपालमा लप्टन महावाहले आफ्नो भ्रमणपछि पेस गरेको हस्तलिखित नजरी नक्सा ९भ्थभ कपभतअज) मा लिपुलेक भञ्ज्याङबाट आउने नदीलाई नै सिमाना देखाई नाभी, गुञ्जी, कुटी आदि गाउँहरू तत्कालीन ब्रिटिस क्षेत्रमा पारिएको भनी देखाएको छ । निज महाबाहले तयार गरेको सो नक्सा निजले गरेको एकतर्फी निरीक्षणपछिको तत्कालको स्थलगत अवस्था हुन सक्छ ।

त्यसपछिका नक्साहरू हेर्दा सन् १९३०-३१ मा सर्भेयर जनरल अफ इण्डियाबाट प्रकाशित Nepal, Tibet and United Province को नक्सा लिम्पियाधुराबाट निस्केको नदीलाई कुटियाङ्दी र लिपुलेकबाट निस्केको नदीलाई कालीनदी भनी जनाइएको छ ।

यही चरणमा भएको सन् १९६३ को नेपाल-चीन सीमा सन्धिसँग संलग्न नक्सामा लिपुलेकबाट निस्केको लिपुखोलालाई नै कालीनदी देखाइएको छ । सोहीबमोजिम सन् १९८५ मा प्रकाशित नेपाल-चीनबीचको संयुक्त सीमा नक्सामा पनि लिपुलेकबाट निस्केको लिपुखोलालाई कालीनदी भनी देखाइएको छ भने त्यही बेलातिर सन् १९७५ (वि.सं. २०३२) मा भारत, अमेरिका र बेलायतद्वारा प्रकाशित नक्साहरूका आधारमा नेपालले पहिलोपल्ट मुलुकको नक्सा प्रकाशित गर्दा पनि लिपुलेकबाट निस्केको नदीलाई नै कालापानी भनी देखाइएको छ । यस चरणको हेर्दा पनि लिपुलेकबाट निस्केको नदीलाई नै कालीनदी मान्ने हो भने पनि कालापानी नेपालको भूमीभित्र स्वतः पर्ने नै देखिन्छ ।

नेपालको वर्तमान सीमा सुगौली सन्धि (सन् १८१६ मार्च) र त्यसपश्चात्का पूरक सन्धिहरूले निश्चित गरेको हो । तसर्थ, नेपालको पश्चिमी सीमा कालीनदी हो भन्ने कुरा निर्विवाद ऐतिहासिक तथ्य भएको छ । यद्यपि, सुगौली सन्धि पनि हामीलाई गौरवबोध हुने सन्धि थिएन, जुन सन्धिले नेपालको गरिमामा आँच पुऱ्याएको र झन्डै एकतिहाइ भूमि गुमाउनु परेको थियो । त्यसकारण त्यो एउटा परिस्थितिजन्य बाध्यात्मक सन्धि थियो । तर, जतिसुकै पीडादायी भए पनि यो एक ऐतिहासिक यथार्थ हो ।

सुगौली सन्धिले नेपालको पश्चिमी सीमा कालीनदी भनेर किटान गरेको थियो । लिम्पियाधुरा यसको मुहान हो भन्ने कुरा ऐतिहासिक दस्तावेजहरूले स्पष्ट पारेका छन् । समयक्रममा पहिले कार्टोग्राफी परिवर्तन गर्दै सीमालाई पूर्व धकेल्दै जाने र पछि परिबन्द सिर्जना गरेर त्यहाँ आफ्नो सुरक्षा फौज तैनाथ गर्ने र स्थायी ढङ्गको पूर्वाधार निर्माण गर्ने मनसाय देखियो । नेपाल-भारत सीमाको वैज्ञानिक अभिलेख र व्यवस्थापन गर्न सन् १९८९ बाट प्रयास गरिएको थियो । अधिकांश ठाउँमा सीमा नापी सम्पन्न भए पनि सन् २००५ मा संयुक्त सीमा नापी टोलीलाई कुटीयाङ्दी र लिपुखोलाको दोभानबाट माथि जान नदिएको यथार्थ हाम्रा सामु छ ।

कुनै पनि नदी प्रणालीमा मूल नदी कुन हो र त्यसको उद्गमस्थल कुन हो भन्ने कुरा निश्चित गर्नका लागि सबैभन्दा मूर्त र वस्तुसम्मत आधार जल विकासको सर्वमान्य सिद्धान्तले प्रदान गर्दछ । जलविज्ञानले नदीको लम्बाइ, जलाधार क्षेत्र, औसत पानीको बहावको मात्रा र नदी क्रमाङ्कजस्ता मूर्त र वैज्ञानिक मापदण्डका आधारमा मूल नदी र नदीको उद्गमस्थल किटान गर्ने कार्य गर्छ । त्यसैले जलविज्ञानका आधारमा निकालिएका निष्कर्षहरू अत्यन्तै भरोसायोग्य, सही र पारदर्शी हुन्छन् । जलविज्ञानको सर्वमान्य सिद्धान्त अनुसार मुख्य नदीको लम्बाइ नै सहायक नदीको लम्बाइभन्दा ज्यादा हुन्छ । मुख्य नदीको जलाधारक्षेत्र सहायक नदीको भन्दा ठूलो हुन्छ । सबैको तुलनात्मक विश्लेषण गर्दा लिम्पियाधुराबाट आउने मुहान नै कालीनदीको उद्गमस्थल हो भन्ने तथ्य छर्लङ्ग देखिन्छ । जलविज्ञानका आधारमा मुख्य नदी र नदीको उद्गमस्थल खोज्नेबारे युनेस्कोबाट प्रकाशित एउटा रिपोर्टबाट पनि यही कुरा पुष्टि हुन्छ । सुगौली सन्धिलगत्तै ब्रिटिस भारतको राजधानी कलकत्तामै हुँदा फोर्ट विलियमबाट तत्कालीन ब्रिटिस भारत सरकारको कार्यवाहक मुख्यसचिव जे आदमले काठमाडौंस्थित ब्रिटिस रेजिडेन्टलाई ४ फेब्रुवरी १८१७ मा लेखेको आधिकारिक पत्रमा उल्लेख भए अनुसार नाबी, कुटी, गुन्जी, छाङ्रु, टिङ्कर र कालापानी सुगौली सन्धि मुताबिक नेपालको हो । त्यसैले बम शाहले दाबी गरेको गाउँ व्यास प्रगन्नाअन्तर्गतको गाउँ भएको हुनाले अहिले नेपालकै ठहर्छ, त्यस गाउँलाई नेपाल सरकारका अधिकारीलाई सुम्पिदिनु भनेर भनिएको थियो । २२ मार्च १८१७ मा उनै जे आदमले कुमाउका कार्यवाहक कमिसनर जी डब्ल्यु ट्रेललाई लेखेको निर्देशनमा भनिएको थियो- कालीपूर्वका व्यास प्रगन्नाका सारा गाउँहरू पहिले कुमाउ प्रान्तअन्तर्गत ब्रिटिस भारतकै मातहत रहेको थियो तर सुगौली सन्धिपछि ती सबै नेपालको हुने सुनिश्चित भएकाले तिनलाई ब्रिटिस सरकारले जतिसुकै चाहना राखे पनि आफ्नो बनाउन सक्दैन ।

सन् १९९९ मा भारत सरकारको छाप भएको अल्मोडाको सरकारी राजपत्रको संकलनमा कालीनदीको सही स्रोत कुटीयाङ्दी नै भनेर दाबी गरिएको छ । बैतडी मालमा खड्ग निशानासहितको मोठ दस्तावेजको प्रतिलिपि र बैतडीको मालमा तिरो तिरेको

**प्रथम चरणका धेरैजसो भारतका आधिकारिक नक्साहरूमा लिम्पियाधुरालाई कालीनदीको मुहान मानिएको छ । त्यहाँबाट निस्कने नदीलाई वास्तविक कालीनदी भनी देखाइएको छ । अन्य ब्रिटिस भारतका नक्साहरूमा पनि लिम्पियाधुराबाट उत्पत्ति हुने नदीलाई नै कालीनदी (घाग्रा, गोग्रा वा सर्जु नदी) भनेर स्पष्ट देखाइएको छ ।**

प्रमाण अहिले पनि सुरक्षित छ । सन् २०१८ को जनगणना अनुसार पनि उक्त भू-भागमा बस्ने जनताको नेपालतर्फबाट नै जनगणना भएको थियो । जुन कुरा त्यतिबेलाको जनगणना अधिकृत भैरव रिसालले बारम्बार बोलिरहनु भएको छ । सगौली सन्धिअघि र पछि ब्रिटिस भारतको सर्भेयर जनरलका तर्फबाट प्रकाशित आधिकारिक नक्साहरू नै हाम्रा बलिया र अकाट्य प्रमाण हुन् ।

प्रथम चरणका धेरैजसो भारतका आधिकारिक नक्साहरूमा लिम्पियाधुरालाई कालीनदीको मुहान मानिएको छ । त्यहाँबाट निस्कने नदीलाई वास्तविक कालीनदी भनी देखाइएको छ । अन्य ब्रिटिस भारतका नक्साहरूमा पनि लिम्पियाधुराबाट उत्पत्ति हुने नदीलाई नै कालीनदी (घाग्रा, गोग्रा वा सर्जु नदी) भनेर स्पष्ट देखाइएको छ ।

दोस्रो चरणमा सन् १८५७ पछि भने ब्रिटिस भारत सरकारबाट तयार गरिएको आधिकारिक नक्साहरू क्रमबद्ध र सुनियोजित ढङ्गबाट हेरफेर गरिएको देखिन आउँछ । त्यतिखेर तिब्बतसित व्यापारको नाका आफ्नै कब्जामा रहोस् भन्ने तत्कालीन ब्रिटिस भारतको उद्देश्य रहेको हुन सक्छ । यो चरणका नक्साहरूमा सुगौली सन्धिमा उल्लिखित कालीनदीको नाम र त्यसको उद्गमस्थल नै फेर्न सुरु भएको देखिन्छ र अर्को नदीलाई देखाई त्यसलाई कालीनदी भन्न सुरु गरिएको देखिन्छ । यी नक्साहरूमा साबिकको कालीनदीलाई 'कुटियादी वा कुटी याइदो' भनी देखाउँदै कालीनदीको सानो सहायक नदी लिपुखोलालाई कालीनदी भनी देखाउन थालिएको छ । यद्यपि, व्यासीसौका भाषामा कुटीयाग्दी भनेको पनि कालीनदी नै हो । तर, यो चरणको नक्सा एकनासे नभई सबै नक्सामा लिपुखोलालाई मात्रै कालीनदी भनी देखाइएको छैन । कुनै नक्सामा लिम्पियाधुराबाट निस्केको नदीलाई नै कालीनदी भनिएको छ भने कुनै नक्सामा लिपुखोलालाई कालीनदी भनी नाम दिइएको पाइँदैन ।

तेस्रो चरणका सबै नक्साहरूमा एकनासले लिपुखोलालाई नै कालीनदीको नाम दिएर सीमा हेरफेर गर्ने कामलाई निश्चितता दिई ठोस रूप दिएको देखिन्छ । सन् १९४० पछि प्रकाशित भारतीय नक्साहरूमा लिपुलेकबाट बग्ने नदीलाई कालीनदी भन्न छाडी तुल्सीन्युरा गाउँलाई कालापानी नामकरण गरी उक्त स्थानमा खनेको सानोपोखरीबाट निस्केको खोल्सोलाई कालीनदीको मुहान देखाई कालापानी क्षेत्रसमेत भारतभित्र पर्ने भनी देखाउने गरेको पाइन्छ ।

**विश्वको मानचित्रमा नेपालको केही भूमि छुटेको थियो, आज हामीले नेपालको मानचित्र बदल्न सफल भएका छौं । मानचित्र बदल्ने मात्रै होइन, भूमिसमेत फिर्ता ल्याउने हाम्रो अठोट र दृढ संकल्प छ । भौगोलिक हिसाबले नेपाल सानो होला तर हाम्रो स्वाभिमान विशाल छ र उच्च छ । जुन संसारका कुनै तागतले गलाउन र ढलाउन सक्दैन ।**

**८. नक्सा प्रकाशनमा नेपालका प्रयासहरू**

कालापानी क्षेत्रको सीमाका बारेमा विवाद र अन्योल रहेको बेला भारतले नेपालको कालापानी, लिम्पियाधुरा, लिपुलेकसमेत समावेश गरी एकतर्फी रूपमा राजनीतिक नक्सा प्रकाशन गरेपछि नेपालले औपचारिक रूपमा विरोध गर्‍यो र कूटनीतिक माध्यमबाट वार्ताका लागि औपचारिक अनुरोध गरियो । तर, हाम्रो अनुरोधलाई बेवास्ता गरेपछि आफ्नो भूमिको स्वामित्व कायम गर्दै नेपालका तर्फबाट नक्सा प्रकाशित गर्ने हाम्रो दृढ संकल्प थियो ।

जसअनुसार पहिलो पटक नेकपा (एमाले)का अध्यक्ष एवं तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको संयोजकत्वमा सोही पार्टीका तर्फबाट अतिक्रमित भू-भाग अध्ययन कार्यदल गठन गरी उक्त कार्यदलले प्रतिवेदन प्रस्तुत गरेको थियो । नेपालको भूमि समेटेर अद्यावधिक राजनीतिक र प्रशासनिक नक्सा निर्माण गर्न आमनेपाली जनताले देखाएको चासो नै हाम्रो यो नक्सा प्रकाशन गर्ने मुख्य प्रेरणा र ऊर्जा थियो । यस कार्यका लागि छरिएर रहेका प्रमाणहरू जुटाउन नापी विभागका प्राविधिक एवं भूमि व्यवस्था, गरिबी निवारण तथा सहकारी मन्त्रालयका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू (जसको अविश्रान्त खटाइले नै हाम्रो अतिक्रमित भूमि हाम्रो हो भन्ने प्रमाणहरू जुटाउन हामी सफल भएका थियौं)को ज्ञान, सीप र प्रविधिको प्रयोगले नाप नक्साको सर्वमान्य सिद्धान्त, अन्तर्राष्ट्रिय प्रचलन, देशको मौजुदा कानुन र स्ट्यान्डर्स पालना गरेर हामीले नक्सा तयार गर्‍यौं ।

विश्वको मानचित्रमा नेपालको केही भूमि छुटेको थियो, आज हामीले नेपालको मानचित्र बदल्न सफल भएका छौं । मानचित्र बदल्ने मात्रै होइन, भूमिसमेत फिर्ता ल्याउने हाम्रो अठोट र दृढ संकल्प छ । भौगोलिक हिसाबले नेपाल सानो होला तर हाम्रो स्वाभिमान विशाल छ र उच्च छ । जुन संसारका कुनै तागतले गलाउन र ढलाउन सक्दैन । निःसन्देह भन्न सक्छौं, हाम्रो राष्ट्र सार्वभौमसम्पन्न, अखण्ड र स्वतन्त्र राष्ट्र हो । नेपाली माटोमा पुर्खाहरूको वीरताले भरिएको गाथा छ, साम्राज्यवादले अरू देशहरूलाई उपनिवेश बनाउँदा त्यो भीमकाय युद्धमा हामी नेपाली लाठी, ढुङ्गा र भाला बोकेर सहभागी भएका थियौं र दुस्मनलाई परास्त गरेका थियौं ।

विगतमा नेपालमा धेरै सरकारहरू बने तर अधिकांश सरकारले करिव ६ दशकदेखि अतिक्रमणमा परेको भूमि समेटेर नक्सा अद्यावधिक गर्ने आँट त गर्न सकेनन् नै आफ्नो मुलुकको अतिक्रमित माटोका बारेमा दरिलो आवाज निकाल्नसमेत सकेनन् । अर्थात् कतिपय राजनीतिक पार्टीहरूले विशेषतः निर्वाचन र सत्ताबाहिर रहँदाका बेला मुलुकको अतिक्रमित भूमिलाई चुनावी मसला र नारा बनाए तर निर्वाचन र सत्तारोहणपछि राष्ट्र, राष्ट्रियता, अखण्डता र स्वाधीनताजस्ता गम्भीर विषयहरू विस्मृतिमा पार्ने क्रम चलिरह्यो । बरू नेपाली जनताले राष्ट्रियताका पक्षमा नारा लगाउँदै आफ्नो जीवनको कुनै पर्वाह नगरी कैयौं पटक कालापानीको भञ्ज्याङ नै थर्कने गरी नेपालको पक्षमा गर्जिएको गर्विलो इतिहास हाम्रा सामु रहेको छ ।

केपी ओली सरकारकै नेतृत्वको मन्त्रिपरिषद् बैठकले २०७७ जेठ ४ मा नक्सा प्रकाशन गर्ने प्रस्तावलाई स्वीकृत गरेको थियो र हामीले जेठ ७ गते अद्यावधिक नक्सा सार्वजनिक गरेका थियौं । २०७७ जेठ १८ गते

राष्ट्रिय सहमतिका साथ संविधान संशोधन गरी निशान छापमा अद्यावधिक नक्सा अङ्कित गरियो । यो नेपालको इतिहासको गौरवपूर्ण क्षण थियो । मातृभूमिको माटोको खोजी र संरक्षण गर्ने यो गहन जिम्मेवारी लिने नेपालको इतिहासमा केपी ओली नेतृत्वको सरकार थियो ।

**९. नक्सा प्रकाशन गर्दाका हाम्रा चुनौती**

यो ऐतिहासिक काम अर्थात् नेपालको अतिक्रमित भूभाग कालापानी, लिम्पियाधुरा र लिपुलेक समेटेर नेपालको नक्सा प्रकाशन गर्ने काम सरल थिएन । यसमा नसोचेका चुनौतीहरू पनि देखिए । तीमध्ये केही चुनौतीहरू यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ :

- नक्सा प्रकाशन गर्ने काम आफैंमा संवेदनशील र कूटनीतिक काम हो । यो काम गर्ने सन्दर्भमा फरक-फरक पृष्ठभूमिमा रहेका कर्मचारीका बीचमा समन्वय गर्न र उनीहरूलाई यसको महत्त्व बुझाउन निकै कठिन थियो । कर्मचारीबीचमा पनि विभिन्न स्वार्थ समूह थिए । त्यो सबै कुरालाई चिर्दै अतिक्रमित भूमि नेपालको हो भन्ने प्रमाण जुटाउने कामदेखि यसलाई अगाडि बढाएर परिणाम निकाल्नु कम चुनौतीपूर्ण थिएन ।
- हामीसँग सङ्कलित यथेष्ठ प्रमाण थिएनन् । प्रमाण भए पनि ती छरिएर रहेका थिए । छरिएर रहेका प्रमाणहरूको सङ्कलन गर्ने, अध्ययन गर्ने, विश्लेषण गरी निष्कर्ष निकाल्ने र यो भूमि हाम्रै हो भन्ने कुराको प्रमाण जुटाउने काम अत्यन्त कठिन कार्य थियो ।
- कूटनीतिक र संवेदनशीलता गाँसिएको यो काममा गोपनीयताको ठूलो अर्थ थियो । नेपालले अतिक्रमित भूभाग समेटेर नक्सा प्रकाशनको तयारी गर्दैछ भन्ने सूचना बाहिर गएको भए, सायद हाम्रा प्रमाणहरू तलमाथि हुन सक्थे, हराउन सक्थे । त्यसैले गोप्यताका साथ काम गर्ने कुरा आफैंमा कठिन थियो तर हामीले यसको व्यवस्थापन गरी नक्सा प्रकाशन गर्न सफल भयौं ।
- यो कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष हिसाबले विभिन्न स्वार्थ समूह र व्यक्तिहरू संलग्न थिए । नक्सा प्रकाशनका सन्दर्भमा के काम हुँदैछ भन्ने पछिल्लो समयमा सूचना पाएपछि यो प्रकाशनको काम छिटो गर र नगर भन्ने कुरामा विभिन्न समूहहरू विभाजित थिए । छिटो गर भन्नेमा पनि कतिपय यस्ता मानिस थिए कि बाहिर एउटा कुरा गर्ने, भित्र अर्कै कुरा गर्ने, कहाँबाट को परिचालित छ भन्ने कुराको अनुमान गर्न निकै कठिन थियो । तर, यी चुनौतीका बाबजुद पनि त्यस्ता समूह र व्यक्तिको लुकेको भित्री चाहनालाई परास्त गर्दै हामीले हाम्रो नक्सामा लिपुलेक, कालापानी र लिम्पियाधुरा समेट्न सफल भयौं ।

> हामीले यो कामको थालनी २०७७ कातिक २१ गते भारतको नक्सा बाहिरिएपछि पूर्ण रणनीतिका साथ आन्तरिक तयारी गरेर, कसैले थाहा नपाउने गरी गरेका थियौं । त्यसैले यो कामको जस कसैले लिन सक्दैन । नक्सा प्रकाशनको कार्य सम्पादनको पूर्ण हकदार भनेको तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकार नै हो । तर, यसको सामूहिक स्वामित्वका लागि हामी आफैंले सङ्घीय संसद्मा छलफल चलाएका हौं ।

**१०. निष्कर्ष**

एउटा साहसिलो निर्णय र अथक् प्रयासका कारण हामीले हाम्रो अतिक्रमित भूभागलाई नेपालको नक्सामा समेटेर प्रकाशित गरेका छौं । यो काम नेपालको इतिहासमा सदैव सुनौलो अक्षरले लेखिने छ । नेपालको संविधानमा उक्त नक्सा राख्ने काममा सिङ्गो संसद् नै एक भएको अवस्थामा आमनेपाली जनताले तत्कालीन एमालेको सरकारको यो कामलाई खुलेर प्रशंसा गरेका छन् र नेपाली हुनुको गौरवबोध गरेका छन् । जसले नेपालको राष्ट्रियता, स्वाधीनता र सार्वभौमिकतालाई समेत अग्लो बनाएको छ ।

चुनौती नै चुनौतीले भरिएका यस्ता काम साहसिक निर्णय, दृढ आत्मविश्वास र चट्टानी अडानबाट मात्र सम्पादन गर्न सकिन्छ । हामीमा पनि त्यही साहसिक निर्णय गर्ने अदम्य ऊर्जा थियो, हाम्रो यो कामलाई सम्पादन गर्ने दृढ आत्मविश्वास थियो । त्यसैले हामीले यो कामलाई सम्पादन गर्न सक्यौं । तर, अहिले यो वा त्यो बहानामा यसको जस लिन केही मानिसहरू लागिरहेका छन् । हामीले दबाब दिएका कारण नक्सा जारी भएको हो भनेर केही कथित नेताहरू जुङ्गामा ताउ लाउन खोजिरहेका छन् । तर, वास्तविकता त्यस्तो होइन । हामीले यो कामको थालनी २०७७ कात्तिक २१ गते भारतको नक्सा बाहिरिएपछि पूर्ण रणनीतिका साथ आन्तरिक तयारी गरेर, कसैले थाहा नपाउने गरी गरेका थियौं । त्यसैले यो कामको जस कसैले लिन सक्दैन । नक्सा प्रकाशनको कार्य सम्पादनको पूर्ण हकदार भनेको तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकार नै हो । तर, यसको सामूहिक स्वामित्वका लागि हामी आफैंले सङ्घीय संसद्मा छलफल चलाएका हौं ।

जेहोस् हामीले निकै जोखिम उठाएर यो काम सम्पादन गरेका छौं । जुन कामले नेपालीको शिर उठाएको छ । हरेक नेपालीको छाती गर्वले चौडा भएको छ । नक्सा प्रकाशन भएको दिन हरेक नेपालीले दीपावली गर्नु यसको प्रमाण हो । तर, अहिले पनि हामीले हाम्रो जमिन फिर्ता ल्याउन सकिरहेका छैनौं । यसका लागि कूटनीतिक पहलकदमी आवश्यक छ । आज हामीले सबै सरकारी दस्तावेज एवं पाठ्यपुस्तकमा समेत नयाँ संस्करणबमोजिमको नक्सा प्रयोग गरेका छौं । आगामी दिनमा भारत सरकारसँगको छलफललाई अगाडि बढाउँदै मित्रराष्ट्र भारतले यस विषयलाई सकारात्मक रूपमा लिनेछ र वास्तविकतालाई स्वीकार गर्दै दुई देशको आपसी समझदारीमा नेपालको भूमि नेपालले नै उपयोग गर्ने गरी निश्कर्ष निस्कने छ । यो अरू पार्टीको सरकारले गर्न सक्ने कामै होइन, यसका लागि नेकपा (एमाले)को सरकार चाहिन्छ । त्यसैले यो काम सम्पादन गर्नका लागि नेकपा एमालेका हरेक जनले यसको मर्म र भावना जनताका बीचमा पुऱ्याउन सक्नु पर्दछ । हाम्रो अथक् प्रयासबाट प्रकाशित भएको नक्साको अतिक्रमित भूमि फिर्ता ल्याउन जनमताधिकारमार्फत यो काममा नेपाली जनताको सहभागितालाई हामीले सुनिश्चित गर्न सक्नु पर्दछ । ❐

# पार्टी विभाजन अवसरवादको पटाक्षेप



**विष्णु रिजाल**
उपप्रमुख, प्रचार विभाग

२०७५ जेठ ३ गते नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का बीचमा एकता हुँदै गर्दा धेरैका मनमा प्रश्न थियो- अस्थिर र महत्त्वाकाङ्क्षी स्वभावका पुष्पकमल दाहाल एकतामा बाँधिएर बसिराख्लान् ? आफ्नै सहकर्मीहरूको अस्तित्व स्वीकार गर्न नसकेर हदैसम्म कमजोर बनेका र पार्टीलाई कहाँ बिसाऊँ भनेर कहिले नेपाली कांग्रेस त कहिले नेकपा (एमाले)को ढोका ढकढक्याउँदै दौडिने गरेका दाहालले युद्धका बाँकी बक्यौता राफसाफ गर्ने, आफ्नो इज्जत जोगिने र व्यवस्थित पार्टी नेकपा (एमाले)को संरचनाभित्र चर्न पाइने लोभका कारण एकतामा आए पनि के-के भाँडभैलो मच्चाउने हुन् भन्ने त्रास नभएको होइन । तर पनि, राजनीतिक जीवनको उत्तरार्द्धमा पुरानो बानी र आकाङ्क्षामा सुधार होला भन्ने आशाका साथ गरिएको एकता २ वर्ष ७ महिना २३ दिनमा २०७७ फागुन २३ गतेको सर्वोच्च अदालतको फैसलाले भङ्ग गरेसँगै केही गम्भीर शिक्षाहरू दिएको छ । राजनीतिक र सैद्धान्तिक रूपमा नेकपा (एमाले)ले अङ्गीकार गरेको जनताको बहुदलीय जनवादलाई स्वीकार गर्दै शान्तिपूर्ण राजनीतिमा रुपान्तरण भइसकेपछि माओवादी पार्टी र त्यसका नेतालाई सुधार्न सकिन्छ भन्ने विश्वास धेरै कायम रहन सकेन । व्यक्तिको महत्त्वाकाङ्क्षाको सिकार पार्टी कसरी हुन्छ र व्यक्तिगत स्वार्थलाई कसरी सिद्धान्तको लेपन लगाइन्छ भन्नेबारेमा नेकपाको एकता र विभाजन एउटा गतिलो पाठ बनेको छ । खासगरी, आफूबाहेक अरूलाई स्वीकार गर्नै नसक्ने र सत्ताबाट पर एक मिनेट पनि बस्नै नसक्ने प्रवृत्तिका कारण पुष्पकमल दाहालको महत्त्वाकाङ्क्षाको सिकार बनेर नेकपाको अध्याय सकिएको छ । तर, त्यसले कम्युनिस्ट आन्दोलनभित्र अवसरवादको कुन हदसम्मको प्रभाव छ र त्यसले कसरी पार्टी तथा आन्दोलनमा ठूलो क्षति पुऱ्याइरहेको छ भन्ने कुराचाहिँ हामी सबैका लागि पढ्नुपर्ने पाठ छाडेको छ, जसको सही अध्ययन र विमर्शबाट आगामी दिनमा पार्टीलाई त्यस्ता विकृतिहरूबाट कसरी टाढा राख्न सकिन्छ भन्ने निष्कर्षमा पुग्न सघाउँछ ।

आवरणमा कतिपय नीतिगतजस्ता लाग्ने विषयको उठान गरिए पनि व्यवहारमा पुष्पकमल दाहाल र उनको नेतृत्वको समूहले उठाएका कुराहरू व्यक्तिगत कुण्ठा, आकाङ्क्षा र स्वार्थबाट प्रेरित थिए । पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीका विरुद्धमा दाहालले २०७७ कात्तिक २८ गते प्रस्तुत गरेको १९ पृष्ठको अभियोगपत्र कुनै कम्युनिस्ट पार्टीभित्र छलफल हुन सक्ने विषय नै थिएन । मूल नेतृत्वमाथि गम्भीर प्रकृतिका फौजदारी अभियोग नै लगाइसकेपछि वस्तुतः एक ठाउँमा बस्ने आधार त्यतिबेलै समाप्त भइसकेको थियो । कानुनी तथा प्राविधिक रूपमा पार्टी एक रहे पनि राजनीतिक, वैचारिक र मनोवैज्ञानिक रूपमा त्यही कथित् दस्तावेजसँगै नेकपा विभाजन भइसकेको थियो, २०७७ फागुन २३ गते त अदालतले अर्को पार्टीसँग नाम मिलेका कारण त्यही नाम राख्न नमिल्ने भएकाले १५ दिनको समय दिएर नयाँ नामसहित पुनः दर्ताका लागि मौकाको घोषणा मात्रै गरेको हो । राजनीतिक र व्यावहारिक दुवै रूपमा पार्टी विभाजन गरिसकेकाहरूका लागि अदालतले दिएको मौका स्वीकार्य हुने कुरै भएन र औपचारिक रूपमा त्यही मितिबाट एकता भङ्ग भएर आ-आफ्नो बाटो लाग्ने काम मात्र भएको थियो । परिस्थिति

**आफूबाहेक अरूलाई स्वीकार गर्नै नसक्ने र सत्ताबाट पर एक मिनेट पनि बस्नै नसक्ने प्रवृत्तिका कारण पुष्पकमल दाहालको महत्वाकाङ्क्षाको सिकार बनेर नेकपाको अध्याय सकिएको छ । तर, त्यसले कम्युनिस्ट आन्दोलनभित्र अवसरवादको कुन हदसम्मको प्रभाव छ र त्यसले कसरी पार्टी तथा आन्दोलनमा ठूलो क्षति पुऱ्याइरहेको छ भन्ने कुराचाहिँ हामी सबैका लागि पढ्नुपर्ने पाठ छाडेको छ ।**

यहाँसम्म आइपुग्नुका पछाडि पुष्पकमल दाहालको महत्त्वाकाङ्क्षा, साबिक नेकपा (एमाले)भित्र २०७१ असार ३० मा सम्पन्न नवौँ महाधिवेशनको फैसलालाई आत्मसात् गर्दै केपी शर्मा ओलीको नेतृत्वलाई स्वीकार्नै नसक्ने व्यक्तिवादी प्रवृत्ति र कम्युनिस्टहरूबीच एकता नचाहने शक्तिहरूको चलखेलले काम गरेको छ। यी सबै कामका पछाडि कम्युनिस्ट आन्दोलनमा देखा पर्ने अवसरवादले काम गरेको छ।

**अवसरवादका केही दृष्टान्तहरू**

नेकपाकालमा उठाएका मुद्दाहरूका बारेमा हाल नेकपा (माओवादी केन्द्र) र अध्यादेशका नाममा कृत्रिम कानुन ल्याएर बनाइएको कथित एकीकृत समाजवादी पार्टीले उठाएका मुद्दाहरूको तुलनात्मक अध्ययन मात्रै गर्दा पनि उनीहरूको अवसरवाद छताछुल्ल हुन्छ। केही दृष्टान्तहरूलाई यसरी उल्लेख गर्न सकिन्छ :

**१. एक व्यक्ति, एक पद : गाजरको मुरली**

२०७५ जेठ ३ मा पार्टी एकता हुँदा र त्यसअघि विभिन्न चरणमा भएका औपचारिक तथा अनौपचारिक छलफलहरूमा दुई पार्टी एक भएपछि कसरी पार्टीलाई अगाडि बढाउने भन्नेबारेमा नेतृत्व तहमा महत्त्वपूर्ण समझदारी भएका थिए। नेकपा (एमाले)को तुलनामा नेकपा (माओवादी केन्द्र) आकारमा साह्रै सानो भए पनि पार्टी एकताको मनोविज्ञान निर्माण गर्नका लागि दुई अध्यक्षको व्यवस्था गर्दै पुष्पकमल दाहाललाई दोस्रो अध्यक्ष बनाइएको थियो र केपी शर्मा ओली पार्टीको अध्यक्षका साथै संसदीय दलको नेताका हैसियतमा प्रधानमन्त्री बन्ने समझदारी थियो। शान्तिपूर्ण राजनीतिलाई अङ्गीकार गरेको, प्रतिस्पर्धात्मक व्यवस्थामा उत्रिएको र राज्यसत्तामा हस्तक्षेपमार्फत आमूल परिवर्तनको यात्रालाई सहज बनाउने लक्ष्य लिएको पार्टीका लागि पार्टी काम र राज्यका काम एकअर्कासँग पृथक् होइनन्। पार्टी आफ्नो एजेन्डासहित मूल नेताको नेतृत्वमा चुनाव होमिन्छ र त्यसमा सफलता प्राप्त भयो भने उसैको नेतृत्वमा सरकार निर्माण भएर पार्टीका एजेन्डाहरू कार्यान्वयन गरिन्छ। यति साधारण र स्पष्ट कुरालाई पनि नेकपाकालमा यति जटिल बनाइयो कि कथित एक व्यक्ति एक पदको नारालाई पार्टीभित्र सिद्धान्तका रूपमा निरन्तर उछालियो। केपी ओलीलाई प्रधानमन्त्री वा पार्टी अध्यक्षमध्ये एक पदबाट हटाउनै पर्ने मिसनका साथ उक्त कुरालाई उठाइएको थियो भन्ने त पुष्पकमल दाहाल र माधवकुमार नेपालका हालका क्रियाकलापले स्पष्ट पार्दछन्।

नेकपाकालमा एउटै व्यक्ति पार्टी अध्यक्ष र संसदीय दलको नेता हुनुहुन्न भनेर केपी ओलीलाई पदबाट हटाउन सिद्धान्तको जामा भिर्ने नेताहरू पार्टी विभाजनपछि हतार-हतार आफैं संसदीय दलका नेता घोषित भए। २०७७ फागुन २३ मा अदालतको फैसलाबाट पूर्वपार्टी ब्यूँतिएलगत्तै दाहाल दस दिनपछि २०७७ चैत ३ गते संसदीय दलको नेता घोषित भए। त्यस्तै, पार्टी चोइट्याएको एक हप्ताकै बीचमा २०७७ भदौ १३ गते माधव नेपाल आफैं दलको नेता बने। जबकि, पार्टी एक रहँदा 'एक व्यक्ति, एक पद'को वकालत गर्ने मुख्य नेताहरू यिनै थिए। अहिले तिनीहरू साना दलका नेता छन्, तिनका संसदीय दलको संवैधानिक हैसियत छैन र दलको नेता नै प्रधानमन्त्री भइहाल्ने अवस्था पनि छैन। यस्तो अवस्थामा जसलाई संसदीय दलको नेता बनाए पनि तात्त्विक फरक पर्दैन। तर, त्यही सानो पदमा पनि कसैले आँखा लगाउला कि भनेर हतारमा आफैं नेता घोषित हुनुले उनीहरूमा रहेको पदलोलुपता प्रकट गर्दछ। हिजो आफैंले उठाएको मुद्दालाई आफैं खारेज गर्दै उनीहरूले अवसरवादको पराकाष्ठा देखाएका छन्। उनीहरूले उठाएका मुद्दा त गाजरको मुरलीजस्तो भएका छन् : मन लागे बजाए पनि भयो, मन नलागे खाए पनि भयो।

**२. एमसीसी अनुमोदन : एक दिनमा १ सय ८० डिग्री परिवर्तन**

नेकपा एक रहँदा पार्टीभित्र विवादको मुख्य विषयमध्येको एक बनेको थियो, अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी)। सन् २०१७ मा कांग्रेस र माओवादीको सरकारका पालामा अमेरिकाबाट पाँच सय मिलियन डलर अर्थात् करिब ५५ अर्ब रुपियाँ सहयोग लिने र नेपालको विद्युत् प्रसारण लाइन निर्माण गर्ने सहमतिमा हस्ताक्षर भएको थियो। नेपालको पहल, आवेदन, विभिन्न चरणका वार्ता र पाँच वर्षभित्र काम सक्नैपर्ने प्रावधानसहितको उक्त परियोजनालाई प्रतिनिधिसभाबाट अनुमोदनका लागि केपी शर्मा ओली नेतृत्वको सरकारले मन्त्रिपरिषद्बाट पारित गरेर संसद् सचिवालयमा दर्ता गर्दा त्यसलाई पार्टीभित्र विवादको मुख्य विषय बनाइयो। २०७६ माघ १५ देखि १९ गतेसम्म आयोजित नेकपाको केन्द्रीय कमिटीको दोस्रो बैठकमा निर्मित १५ वटा समूहमै त्यस विषयमा छलफल गराइयो र पुष्पकमल दाहालको जोडबलमा झलनाथ खनालको नेतृत्वमा अध्ययन कार्यदल बनाइयो, जुन आफैंमा हास्यास्पद र बखेडा निकाल्नका लागि मात्र थियो। पहिला आफैं सरकारमा भएको बेलामा सम्झौतामा हस्ताक्षर गर्ने अनि कार्यान्वयन गर्ने बेलामा अध्ययन कार्यदल बनाउने कुरा कुनै हिसाबमा पनि युक्तिसङ्गत थिएन। पार्टीभित्र एमसीसीलाई यति ठूलो विषय बनाइयो कि कथित १९ बुँदे आरोपपत्रमा एमसीसी पारित गर्नका लागि प्रक्रिया अघि बढाएकाले त्यसलाई रोक्न पनि ओलीलाई हटाउनुपर्ने कारण दर्शाइएको थियो। पार्टीव्यापी रूपमा अनावश्यक तरिकाले भ्रमपूर्ण प्रचार गर्ने, आफ्नै पार्टीको सरकार र नेतालाई बदनाम गर्ने, जनमत भाँड्ने, विकासका मामिलामा राजनीति गर्ने र केही नेताहरूले त्यही विषयमै आफूलाई कथित विज्ञ बनाउने काम नेकपा अवधिभर तीव्र रूपमा अघि बढाइयो। एमसीसीलाई राष्ट्रियताको प्रश्नसँग जोडेर नेपाली जनताको संवेदनशीलतालाई दुरुपयोग गर्नका लागि कुनै कसरी बाँकी राखिएन। सभामुखजस्तो निष्पक्ष भूमिकामा रहनुपर्ने व्यक्तिलाई दुरुपयोग गरी

अहिले तिनीहरू साना दलका नेता छन्, तिनका संसदीय दलको संवैधानिक हैसियत छैन र दलको नेता नै प्रधानमन्त्री भइहाल्ने अवस्था पनि छैन। यस्तो अवस्थामा जसलाई संसदीय दलको नेता बनाए पनि तात्विक फरक पर्दैन। तर, त्यही सानो पदमा पनि कसैले आँखा लगाउला कि भनेर हतारमा आफैं नेता घोषित हुनुले उनीहरूमा रहेको पदलोलुपता प्रकट गर्दछ। हिजो आफैंले उठाएको मुद्दालाई आफैं खारेज गर्दै उनीहरूले अवसरवादको पराकाष्ठा देखाएका छन्।

**राष्ट्रिय हितका विषयमा यति धेरै मजाक सम्भवतः अरू कसैले गरेको छैन होला। प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभाबाट एमसीसी पारित गर्ने पक्षमा उभिन वा त्यसो नगरेमा सरकारमा बसेर सरकारको प्रस्तावको विरोध गर्न नमिल्ने भएकाले सरकार छाड्न भनेपछि उनीहरूले भन्दै आएको राष्ट्रवाद एकाएक दुलोभित्र पसेको छ।**

उक्त प्रस्तावलाई प्रक्रियामै लैजान दिइएन। संसद् सचिवालयमा दर्ता भएको लामो समयसम्म सरकारले उक्त प्रस्ताव अघि बढाइदिन बारम्बार अनुरोध गर्दा पनि सभामुख कृष्णबहादुर महराले पुष्पकमल दाहालको निर्देशनमा आफ्नो पदीय दायित्वविपरीत उक्त प्रस्तावलाई अड्काएर राखे। फलतः एमसीसी गिजोलिनुका साथै त्यसले राष्ट्रिय राजनीतिलाई नै गलत दिशामा मोड्ने कामसमेत गऱ्यो। पार्टी विभाजनपछि पनि नेकपा (एमाले)माथि प्रहार गर्नका लागि एमसीसीलाई हतियारका रूपमा प्रयोग गर्न छाडिएन। माओवादी र अवैध रूपमा जन्माइएको एकीकृत समाजवादीका प्रमुख नेताहरूका भाषण र अन्तर्वार्ताहरू हेर्दा लाग्थ्यो, मानौं- आजको मुख्य प्रश्न नै एमसीसी हो र उनीहरूले एमसीसी अनुमोदन गर्न नरोकेको भए मुलुकमा प्रलय नै भइसक्ने थियो।

तर, जब सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेस र प्रधानमन्त्री शेरबहादुर देउवाले एमसीसी पारित गर्ने प्रक्रिया अघि बढाए, त्यसपछि भने ती कथित राष्ट्रवादी नेताहरूका सामु लाज छोप्नका लागि एउटा पातलो टालो पनि बाँकी रहेन। अदालतबाट परमादेश प्राप्त गरेर सरकार बनाएपछि पुष्पकमल दाहालले शेरबहादुर देउवासँग मिलेर पाँच महिनाभित्र एमसीसी पारित गर्छौं, त्यसका लागि व्यापक प्रचार-प्रसार गर्छौं, पत्रकार सम्मेलन गर्छौं भन्ने एमसीसी मुख्यालयका कर्मचारीलाई २०७८ असोज १३ गते लिखित कबुलियतनामा पठाए। के बाध्यता हो र कहाँ चुकेर हो, पुष्पकमल दाहालका लागि एमसीसी मुखमा हालेको तातो पिँडालु भएको दृश्य राष्ट्रिय राजनीतिमा सम्झिनलायक छ। अन्ततः प्रतिनिधिसभाबाट एमसीसी पारित गर्ने बेलामा ती दुवै दल लाइन लागेर त्यसका पक्षमा उभिए।

माओवादी र समाजवादीको अवसरवादको मुखुण्डो एमसीसीमा पनि नराम्ररी उत्रिएको छ। कथित व्याख्यात्मक टिप्पणीका नाममा आफ्नो भ्रमको आफैं निवारण गर्न खोजे पनि उनीहरूले यस सम्बन्धमा लिएको कथित अडान र रातारात १ सय ८० डिग्रीको परिवर्तनले ती दल र तिनका नेताहरू कति कच्चा, अवसरवादी, असैद्धान्तिक र ढुलमुले छन् भन्ने देखाउँछ। अझ विडम्बनाको कुरा त के भने प्रतिनिधिसभामा २०७८ फागुन १५ गते एमसीसीसका पक्षमा मत हालिसकेपछि पनि यसकारणले एमसीसी ठीक भएकाले हामीले मत हाल्यौं भन्न सक्ने हिम्मत उनीहरूमा छैन। एमसीसी पारित नगरेको भए हामी सरकारबाट हट्नुपर्थ्यो, सभामुखले पद छाड्नुपर्थ्यो, प्रदेश सरकारहरू भत्किन्थे र हामी सडकमा पुग्थ्यौं भनेर आफ्ना कार्यकर्तालाई उनीहरूले सम्झाइरहेको भद्दा दृश्य अहिले पनि देख्न पाइन्छ। राष्ट्रिय हितका विषयमा यति धेरै मजाक सम्भवतः अरू कसैले गरेको छैन होला। प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभाबाट एमसीसी पारित गर्ने पक्षमा उभिन वा त्यसो नगरेमा सरकारमा बसेर सरकारको प्रस्तावको विरोध गर्न नमिल्ने भएकाले सरकार छाड्न भनेपछि उनीहरूले भन्दै आएको राष्ट्रवाद एकाएक दुलोभित्र पसेको छ।

एमसीसी पारित गर्नमा सहयोग गर्नका लागि प्रधानमन्त्री देउवाले हाम्रो पार्टीका अध्यक्ष केपी शर्मा ओलीसँग आग्रह गरेका थिए र त्यसका लागि २०७८ पुस २४ र २०७७ फागुन १० सहित दुईपटक बालकोटमै पुगेर भेटवार्ता गरेका थिए। तर, नेकपा (एमाले)ले निष्कासन गरेका प्रतिनिधिसभाका १४ जना सदस्यलाई सभामुख अग्निप्रसाद सापकोटाले गैरकानुनी रूपमा पदमा बहाल राखेका कारण संसद्मा आन्दोलन गरिरहेकाले आफूले संसदीय कारबाहीमा भाग लिनका लागि पहिले वातावरण बन्नुपर्ने मान्यता नै दोहोऱ्याइएको थियो र सत्ता साझेदारी नेकपा (एमाले)को प्राथमिकता थिएन। यति हुँदाहुँदै पनि पार्टीले एमसीसीका बारेमा पत्रकार सम्मेलन गरेरै आफ्नो धारणा सार्वजनिक गरेको छ। तर, केपी ओलीलाई विस्थापन गर्ने एउटा मुद्दा पाइयो भनेर पहिले सत्ताको लोभमै एमसीसीका विरुद्धमा रहेका नेताहरूले पछि सत्ताबाट बाहिरिनुपर्ने भयो भनेर सत्ताकै लोभमा त्यसको पक्षमा खडा भएर आफ्नो चरम अवसरवादी चरित्र उदाङ्गो पारेका छन्। अघिल्लो दिनसम्म आफैंले राष्ट्रघाती, चीनलाई घेर्न ल्याइएको, अमेरिकी साम्राज्यवादको योजना, अमेरिकी सेना आउँछ, नेपाल विदेशी शक्तिको अखडा बन्छ भनेर तीव्र विरोध गर्दै कार्यकर्तालाई प्रहरीमाथि ढुङ्गा हान्न लगाइरहेकाहरू एमसीसीका पक्षमा भोलिपल्टै खडा हुँदा पनि उनीहरूलाई कुनै लज्जाको अनुभव भएन। अवसरवादको यसभन्दा ठूलो परिचायक अरू के हुन्छ ?

**३. अध्यादेश : अरूले ल्याए अपराध, आफूले ल्याए लोकतान्त्रिक**

लोकतन्त्रमा राजनीतिक दल खोल्ने अधिकार सबै नागरिकमा हुन्छ। तर, त्यसका लागि निश्चित विधि र प्रक्रियाहरू तोकिएका हुन्छन्। अझ लोकतन्त्र त यतिसम्म उदार व्यवस्था छ कि कुनै दल फुटाउन चाहेमा पनि त्यसका लागि बाटो खुला राखिएको हुन्छ। संसारका प्रायः सबै संसदीय लोकतन्त्रमा संसदीय दल वा केन्द्रीय समितिका ४० प्रतिशत सदस्यहरूले चाहेमा पार्टी फुटाउन सक्ने बाटो खुला नै राखिएको हुन्छ। नेपालमा पनि २०७३ सालअघिसम्म त्यही व्यवस्था थियो र २०५४ सालमा वामदेव गौतम नेकपा (एमाले) फुटाउँदा कांग्रेसको सहयोगमा त्यही प्रावधानको प्रयोग गरेर संसद्बाट नेकपा (माले) गठन गरेका थिए। तर, पार्टीहरूलाई बलियो बनाउनुपर्छ भनेर २०७३ सालमा बनेको राजनीतिक दलसम्बन्धी ऐनले केन्द्रीय समिति र संसदीय दल दुवैतिरका ४०/४० प्रतिशत सदस्यहरूको हस्ताक्षर भएमा मात्र कुनै दल विभाजन हुन सक्ने व्यवस्था गऱ्यो। यो कानुन बनाउँदै गर्दा पार्टीको विधानलाई लोकतान्त्रिक बनाइनेछ, केन्द्रीय समितिलाई निश्चित आकारको बनाइनेछ भन्ने अपेक्षा गरिएको थियो। तर, त्यस्तो भएन। कुनै राजनीतिक दलको न महाधिवेशन तोकिएको बेलामा हुने, न त केन्द्रीय समितिको आकार नै निश्चित हुने समस्याले गर्दा दल लोकतान्त्रिक हुन सकेनन्।

आफूलाई अप्ठेरो पर्‍यो भने अध्यक्षले हिँड्दाहिँड्दै केन्द्रीय समिति विस्तार गर्ने अभ्यास जारी रह्यो । यतिसम्म कि, कुनै दलको त केन्द्रीय समितिको सङ्ख्या ४ हजारसम्म भएको पनि सुन्न पाइयो । यस्तो अवस्थामा दलभित्र हुने उकुसमुकुस, थिचोमिचो र अलोकतान्त्रिक प्रवृत्तिलाई ध्यानमा राखेर २०७७ वैशाख ८ मा तत्कालीन सरकारले दल विभाजनसम्बन्धी कानुन परिमार्जन गर्दै पूर्ववत् अवस्थामा जस्तै केन्द्रीय समिति वा संसदीय दलमध्ये कुनै एकका ४० प्रतिशत सदस्य तयार भएमा नयाँ दल गठन हुन सक्ने प्रावधानसहितको अध्यादेश जारी गर्दा नेकपाकै नेताहरू त्यसका विरुद्धमा अग्रपङ्क्तिमा खडा भए । यसले वित्यासै पार्‍यो भनेर त्यसलाई नेकपाभित्र छलफलको एजेन्डा बनाइयो र उनीहरूको मनोवैज्ञानिक त्रासलाई ध्यानमा राखेर सरकारले उक्त अध्यादेश चार दिनमै- २०७८ वैशाख १२ गते फिर्ता पनि लियो । जबकि, त्यसबेला जनता समाजवादी पार्टीभित्र उपेन्द्र यादवको उत्पीडनबाट सांसदहरू आजित थिए । व्यक्तिगत कम्पनीजस्तो बनाएको केन्द्रीय समितिमा आफूखुसी मानिस थपेर उनले कहिल्यै पनि ४० प्रतिशत पुग्न नदिने अनि संसदीय दलमा जति प्रतिशत पुर्‍याए पनि नयाँ पार्टी गठन गर्न नपाइने अवस्थाका कारण सांसदहरूले सरकारसँग गुहार मागिरहेका थिए । यस कुरालाई नबुझेर उनीहरूले एकोहोरो रूपमा अध्यादेशको विरोध गरेर फिर्ता गराए ।

तर, जब २०७८ असार २८ मा पाँच जना न्यायाधीशको कृपामा सर्वोच्च अदालतबाट परमादेश पाएर शेरबहादुर देउवाको नेतृत्वमा सरकार बन्यो, नेकपा (एमाले) विभाजन गर्नका लागि उनीहरूले लोकतन्त्रको हुर्मत लिने गरी अध्यादेश जारी गरे । केन्द्रीय समिति वा संसदीय दलमध्ये कुनै एकमा ४० प्रतिशत सदस्य हुनुपर्ने प्रावधान ल्याउँदा त्यसरी आतङ्क मच्याउनेहरूले नै २०७८ भदौ २ गते मन्त्रिपरिषद्‌बाट निर्णय गराएर दुईमध्ये एक ठाउँमा २० प्रतिशत सदस्य भएमा दल विभाजन गर्न सक्ने दयनीय अध्यादेश ल्याए । यदि नेकपा (एमाले)मा पदकै लागि दल विभाजनका पक्षमा लाग्नेहरूको सङ्ख्या २० प्रतिशत नपुग्ने भए तिनीहरूले जति जनाले चाहन्छन्, त्यति जनाले नयाँ दल खोल्न सक्नेछन् भन्ने प्रावधान राख्न पनि बाँकी राख्ने थिएनन् । आफू प्रतिपक्षमा रहँदा हामीलाई लोकतन्त्रको पाठ पढाउने नेपाली कांग्रेसले सरकारको नेतृत्व गर्नासाथ २०५४ मा जस्तै नेकपा (एमाले) विभाजन गर्नका लागि भूमिका निर्वाह गर्दै लोकतन्त्रको हुर्मत लिने अध्यादेश जारी गर्दा पनि नेपालको एउटा तप्का मौन रह्यो ।

गठबन्धनका दल र तिनका नेताहरू आफ्नै वचन र अडानप्रति पनि इमानदार रहन नसकेको एउटा उदाहरण अध्यादेश प्रकरणबाट पटाक्षेप भएको छ । पहिले अध्यादेश ल्याउँदा आफैं विरोधमा उत्रिने र पछि त्यसलाई तोडमोड गरेर कुरूप अध्यादेश ल्याएर दल विभाजनलाई वैधता दिने उनीहरूको कर्तुतलाई लोकतन्त्रमा कहिल्यै र कुनै हालतमा पनि क्षमा दिन सकिँदैन । अझ थप रोचक कुरा त के छ भने त्यसरी मिहिनेत गरेर, अदालत प्रयोग गरेर, दृश्य/अदृश्य शक्तिहरूको सहयोग लिएर र नेकपा (एमाले)लाई विभाजन गर्ने एक मात्र उद्देश्य राखेर ल्याइएको अध्यादेश डेढ महिना पनि टिक्न सकेन र २०७८ असोज ११ गतेको मन्त्रिपरिषद् बैठकबाट फिर्ता लिइयो । अध्यादेश कायम राखेर मन्त्रिपरिषद् विस्तार गर्दा त्यसमा नपरेका सांसदहरूले २० प्रतिशत पुर्‍याएर पार्टी फुटाइहाल्छन् भन्ने डरले पहिले अध्यादेश फिर्ता लिएर अनि मात्रै मन्त्रिपरिषद् विस्तार भयो । यदि लोकतन्त्रका लागि अध्यादेश आवश्यक थियो भने ३९ दिनमै किन फिर्ता लिनुपर्‍यो ? सत्तारुढ गठबन्धनका नेताहरूसँग यसको कुनै नैतिक उत्तर छैन ।

**४. नक्सा प्रकरण : समस्या भारततिर, उपचार चीनतिर**

केपी शर्मा ओली प्रधानमन्त्री भएका बेला नेपालको राष्ट्रियताका प्रश्नमा अभूतपूर्व काम भएका छन् । हाम्रा सदाबहार विरोधीहरू पनि नेपालको सार्वभौमिकता, अखण्डता, सम्मान र मर्यादाका प्रश्नमा केपी ओली नेतृत्वको सरकारले प्रशंसनीय काम गरेको भन्न बाध्य छन् । इतिहासदेखि नै नसुल्झिएर विरासतका रूपमा प्राप्त भएका जटिल समस्याहरू समाधानका सम्बन्धमा दृढ इच्छाशक्ति, कूटनीतिक कौशल र तथ्यहरूको जगमा उभिएर प्रधानमन्त्री ओलीले लिएको अडान इतिहासमा स्वर्ण अक्षरले लेखिएको छ । विडम्बना ! त्यही अडान नै तत्कालीन नेकपाकै नेताहरूलाई पाच्य हुन सकेन र उनीहरू अनेक निहुँ निकालेर ओलीलाई प्रधानमन्त्रीबाट विस्थापन गर्ने योजनामा लागे र अदालतको सहयोगमा त्यसमा उनीहरूले सफलता पनि प्राप्त गरे । राष्ट्रियताजस्तो विषयमा सीधै भन्न नसक्ने भएकाले त्यसको रिस पोख्नका लागि उनीहरूले निकालेका बिनाअर्थ र बिनाप्रसङ्गका मुद्दाहरू अहिले पनि सार्वजनिक स्मरणमा ताजै छन् ।

नेपाल र भारतका बीचमा सीमा नक्सामा अहिलेसम्म हस्ताक्षर हुन सकेको छैन । लामो समयदेखि दुई मुलुकका अधिकारीहरूले नक्सालाई अन्तिम रूप दिनका लागि काम गरिरहे पनि विभिन्न ठाउँमा भारतले अर्घेल्याइँ गरेर मिचेको नेपाली भूमिका बारेमा कुरा नमिल्दा त्यसले अन्तिम रूप लिन पाएको छैन । विशेषगरी, कालापानी क्षेत्रमा भारतले सैनिक क्याम्प नै राखेर नेपाली भूमि अतिक्रमण गरेको कुराले समस्यालाई थप जटिल बनाइरहेकै छ । यस्तै बेलामा २०७७ वैशाख २६ मा भारतीय रक्षामन्त्री राजनाथ सिंहले नेपाली भूभाग हुँदै चीनको मानसरोबर जाने बाटो उद्घाटन गरेको दृश्य सार्वजनिक भएपछि लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग भएको तथ्यसहित नेपालले भारतलाई बारम्बार सम्झाउँदा पनि उक्त काम रोकिएन र नेपालको औपचारिक आग्रहप्रति कुनै प्रतिक्रिया पनि दिइएन । त्यसपछि प्रधानमन्त्री ओलीले २०७७ जेठ ५ गते मन्त्रिपरिषद्‌बाट निर्णय गरेर

अध्यादेश कायम राखेर मन्त्रिपरिषद् विस्तार गर्दा त्यसमा नपरेका सांसदहरूले २० प्रतिशत पुर्‍याएर पार्टी फुटाइहाल्छन् भन्ने डरले पहिले अध्यादेश फिर्ता लिएर अनि मात्रै मन्त्रिपरिषद् विस्तार भयो। यदि लोकतन्त्रका लागि अध्यादेश आवश्यक थियो भने ३९ दिनमै किन फिर्ता लिनुपर्‍यो ? सत्तारुढ गठबन्धनका नेताहरूसँग यसको कुनै नैतिक उत्तर छैन।

**हामीले २०७८ असार २९ मा सरकार छाडेयता सीमाजस्तो संवेदनशील विषयमा भारतसँग एकपटक पनि कुराकानी गरिएको छैन। नौ महिना बित्नै लाग्दा पनि आफ्नो बचनमा तलमाथि पर्ला र सरकार डग्मगाउला कि भनेर राष्ट्रिय एकता कायम भएको विषयमा समेत चुप बसिएको छ। सत्ता र कुर्सीका लागि राष्ट्रिय सवालमा यति निर्लज्ज सौदाबाजी अर्को कुनै देखिएको छैन।**

भूमिसुधारमन्त्री पद्मा अर्यालमार्फत नेपालको आफ्नो भूभागसहित समेटिएको अद्यावधिक नक्सा सार्वजनिक गर्न लगाउनुभयो भने निशान छापमा नेपालको नक्सा पनि रहेको र उक्त निशान छाप संविधानको अनुसूचीमा रहेकाले राष्ट्रिय सहमति कायम गर्दै २०७७ जेठ ३१ मा संसद्बाट सर्वसम्मत रूपमा संविधान संशोधन गराउनु अभूतपूर्वक काम थियो। बाहिर भन्न नसके पनि उक्त घटनाले नेकपाकै कतिपय नेताहरूको मन भत्भती पोलेको उनीहरूको व्यवहारबाट प्रकट भएको कुरा लुकेको छैन। त्यही प्रकरणबाट जसरी पनि सरकार ढाल्नैपर्छ भनेर भित्री र बाहिरी तानावानाहरू बुनिएका तथ्यहरू छरपस्ट नै छन्।

हामीले संसद्बाट सर्वसम्मत रूपमा संविधान संशोधन गरिसकेपछि आफ्नो अडानलाई कूटनीतिक माध्यमबाट बारम्बार भारतसँग राख्यौं। दुईपटक कूटनीतिक नोट पठाइयो, राजदूतलाई बोलाएर कुरा गरियो, विदेशमन्त्रीस्तरीय बैठकमा कुरा उठाइयो। दुई देशका सीमाका बारेमा छलफल गर्न र समाधान खोज्नका लागि गठित विदेश सचिवस्तरीय संयन्त्रको बैठकका लागि हामीले बारम्बार अनुरोध गरेर वार्ताको वातावरण बनाउनका लागि दबाब बढाइरहेका बेला परमादेशमार्फत नेकपा (एमाले)लाई सरकारबाट विस्थापित गरियो। त्यतिबेला सरकारले त्यति ठूलो काम गर्दा पनि 'कागजमा भएर हुन्छ, जमिन फिर्ता ल्याउनुपर्‍यो नि !' भनेर आफ्नो पीडा अलग ढङ्गले व्यक्त गर्नेहरू सत्तामा पुगेपछिचाहिँ अचम्मका दृश्यहरू देखा परेका छन्।

सीमा समस्या भारतसँग छ, वार्ता गर्नुपर्ने र समाधान खोज्नुपर्ने भारतसँग छ। तर, माओवादी र समाजवादीको घोर समर्थन र पहलमा बनेको सरकारले चीनसँगका समस्याको अध्ययनका लागि भन्दै कार्यदल बनाएर आश्चर्यलाग्दो कदम चालेको छ। सन् १९६२ अक्टोबर ५ मा नेपाल र चीनका बीचमा सीमा सम्झौतामा हस्ताक्षर भएयता दुई मुलुकबीच खास कुनै समस्या छैन। हुम्लाको नाम्खामा सीमा मिचिएको भनेर समाचार सार्वजनिक हुनासाथ परराष्ट्र मन्त्रालयले कुनै समस्या नरहेको भनेर वक्तव्य नै सार्वजनिक गरिसकेकामा तिललाई पहाड बनाएर र मानिसहरूको ध्यान अन्यत्रै मोड्नका लागि चीनतर्फ तीर सोझ्याउनु दुःखद छ। जबकि, ठीक त्यतिबेला महाकालीबाट तुइन तरेर भारततिर जान लागेका दार्चुलाका जयसिंह धामीलाई तुइनको डोरी काटेर भारतीय सुरक्षाकर्मीले हत्या गरेका थिए। त्यति संवेदनशील विषयमा परमादेशी सरकारले एक शब्द बोल्न सकेन।

देशभित्र मतभेद हुन्छन्, विवाद हुन्छन्, आलोचना हुन्छन्, विरोध हुन्छन्। तर, ती हाम्रा घरेलु विषय हुन्। सत्तामा जानका लागि विदेशीको आशीर्वाद खोज्ने र सत्तामा पुगेपछि त्यसको ऋण तिर्नका लागि जायज विषयमा मौनता साँध्ने प्रवृत्ति कदापि स्वीकार्य हुन्न। जिम्मेवारीमा नभएको बेला चर्का कुरा गर्ने अनि जिम्मेवारीमा भएका बेलामा लम्पसार पर्ने प्रवृत्तिबाट आफूलाई कम्युनिस्ट दाबी गर्ने नेताहरू नै आक्रान्त रहेको छर्लङ्गै देखिएको छ। परिस्थिति कतिसम्म दुःखद छ भने हामीले २०७८ असार २९ मा सरकार छाडेयता सीमाजस्तो संवेदनशील विषयमा भारतसँग एकपटक पनि कुराकानी गरिएको छैन। नौ महिना बित्नै लाग्दा पनि आफ्नो बचनमा तलमाथि पर्ला र सरकार डग्मगाउला कि भनेर राष्ट्रिय एकता कायम भएको विषयमा समेत चुप बसिएको छ। सत्ता र कुर्सीका लागि राष्ट्रिय सवालमा यति निर्लज्ज सौदाबाजी अर्को कुनै देखिएको छैन। जब नेपाल सरकारले नै कुनै पहल गर्दैन र कानमा तेल हालेर सुत्छ भने भारत 'लौ वार्ता गरौं, तिम्रो जमिन तिमीलाई फिर्ता गर्न हामीलाई हतार भयो' भनेर आउँछ र ? नेकपामा हुँदा 'केपी शर्मा ओलीले कहाँ नक्सा जारी गर्न चाहेका थिए र ? हामीले पार्टीबाट निर्णय गराएर बाध्य पारेका हौं' भन्न पछि नपर्ने नेताहरू अहिले पनि सत्ताको डाडु-पन्यु हातमा बोकेर बसेका छन्। तर, भारत रिसाउला कि भनेर यस विषयमा भारतसँग कुनै कुरा गर्नु त परै जाओस्, देशभित्रै पनि चुइक्क एक शब्द बोल्दैनन्। राजनीतिमा अवसरवाद, निर्लज्जता र विरोधाभाषको एउटा नमुनाका रूपमा यस प्रकरणको पटाक्षेप भएको छ।

**५. अवसरवादका अरू नमुना**

माओवादी आन्दोलनको नेतृत्व जहिले पनि अवसरवादमा लिप्त रहँदै आएको छ। आफूलाई अनुकूल हुन्छ भने जे पनि गर्न तयार हुने प्रवृत्तिले यसलाई एउटा अविश्वसनीय शक्तिका रूपमा बदनाम गरिरहँदा रहँदै पनि नेतृत्वले त्यो बानी नछाडेको मात्र होइन, झन् बढावा दिइरहेको छ। माओवादी आन्दोलनका बारेमा लेखिएका पुस्तक र त्यस आन्दोलनलाई नजिकबाट हेर्नेहरूबाट स्पष्ट हुन्छ, एउटाका विरुद्धमा अर्कोलाई प्रयोग गर्ने, आफ्नो फाइदाका लागि आफ्नै कमरेडहरूलाई धोका दिने, पदमा कसैले आँखा लगाउँछ कि भनेर सहयोद्धाहरूको राजनीतिक कत्लेआम गर्ने प्रवृत्ति पुष्पकमल दाहालका सदाबहार विशेषता हुन्। आफ्ना राजनीतिक गुरु मोहन वैद्यदेखि बराबरी हैसियतका बाबुराम भट्टराई र रामबहादुर थापा अनि पछिल्लो पुस्तामा आशा गरिएका नेत्रविक्रम चन्दसम्म दाहालसँग नरहनुमा उनको सारसङ्ग्रहवादी, अवसरवादी र उपयोगितावादी नीतिले काम गरेको छ। पुष्पकमल दाहालका अवसरवादका केही थप नमुनाहरूलाई यसरी उल्लेख गर्न सकिन्छ :

**क. भारतमा शरण, भारतविरुद्ध सुरुङ युद्धको नाटक**

माओवादी जनयुद्धका नाममा थुप्रै नेपालीहरूले ज्यान गुमाए, अङ्गभङ्ग भए, विस्थापित भए। दुर्गमका विकट बस्तीहरूमा छापामारका नाममा जनताका छोराछोरीलाई मर्न/मार्न लगाएर त्यस आन्दोलनका नाइके पुष्पकमल दाहालचाहिँ अधिकांश समय भारतमा सुरक्षित बसे। १० वर्षे जनयुद्धमध्ये साढे आठ वर्ष भारतको दिल्ली र नोयडा वरपर परिवारसहित आरामदायी जीवन बिताएका दाहालले नेपालमा चाहिँ

कार्यकर्तालाई भारतका विरुद्धमा सुरुङयुद्ध गर्ने भन्दै बारीका कान्लामा खाल्डा खन्न लगाए। जबकि, त्यही बेला भारतीय आन्तरिक गुप्तचर संस्था इन्टिलिजेन्स ब्युरो (आइबी)मार्फत भारतीय प्रधानमन्त्री अटलविहारी बाजेपेयीसमक्ष हामी भारतको ठोस हित (कोर इन्ट्रेस्ट)का विरुद्ध कुनै पनि गतिविधि गर्दैनौं भनेर कबुलियतनामा गरेको कुरा त्यसमा संलग्न एसडी मुनिले आफ्नो पुस्तक *नेपाल इन ट्रान्जिसन*बाट सविस्तार उल्लेख गरेका छन्। वास्तवमा त्यो भारतका विरुद्धमा कुनै सुरुङ युद्ध थिएन। त्यो त भारतले आफूलाई भाउ दिएन भनेर ध्यानाकर्षण गराउने काम थियो र कार्यकर्तालाई अलमल्याउने मेलो थियो। माओवादी नेतृत्वको अवसरवाद देशभित्र मात्र होइन, देशबाहिरसमेत यसरी छताछुल्ल भएको छ।

**ख. आफैं सरकारमा, आफैं अविश्वास प्रस्ताव दर्ता** !

२०७२ वैशाख १२ को महाभूकम्पपछि देशको सङ्कटपूर्ण अवस्थाले सबै राजनीतिक दललाई एक ठाउँमा उभिने वातावरण तयार गरेसँगै संविधान बनाउनका लागि प्रमुख दलहरूका बीचमा २०७२ जेठ २५ गते १६ बुँदे महत्त्वपूर्ण सहमति भयो। नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीलाई त्यतिबेलै प्रधानमन्त्रीको प्रस्ताव गर्दै संविधान निर्माण प्रक्रियालाई भाँड्ने प्रयत्न नभएको होइन। तर, त्यसमा किञ्चित ध्यान नदिएर कमरेड ओलीले संविधान निर्माणको एकसूत्रीय एजेन्डा अघि सारेका कारण संविधान निर्माण सम्भव भयो र उहाँ प्रधानमन्त्री बन्नुभयो। त्यतिबेला कांग्रेसले बेइमानी गरेको अवस्थामा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) मिलेर सरकार बनाएका थिए। तर, बीचैमा कांग्रेस सभापति सुशील कोइरालाको निधनपछि शेरबहादुर देउवाले दाहाललाई प्रधानमन्त्रीको प्रस्ताव के गरेका थिए, उनी आफ्नै पार्टी सम्मिलित सरकारका विरुद्धमा अविश्वास प्रस्ताव ल्याउन हतारिहाले। फलतः प्रतिनिधिसभामा २०७३ असार ३० गते अविश्वास प्रस्ताव दर्ता गरेर आफैंले प्रस्ताव गरेर बनाएको सरकारलाई विस्थापित गरेर प्रधानमन्त्री बन्न उनलाई कुनै अप्ठेरो लागेन। राजनीतिमा अलिकति पनि इमान र नैतिकता हुने कुनै पनि राजनीतिज्ञले यस हदको फट्याइँ गर्न सक्दैन। तर, पुष्पकमल दाहालका लागि पद पाइन्छ भने अरू सबै कुरा गौण हुने भएकाले यस्ता विषय पनि सामान्य साबित भए।

**ग. सत्ता कांग्रेससँग, तालमेल एमालेसँग** !

अनेक तिकडम गरेर सत्तामा पुगे पनि २०७४ को निर्वाचनमा आफ्नो पार्टीको के अवस्था हुन्छ भन्ने कुरा माओवादी नेतृत्वलाई थाहा थियो। किनभने, २०७४ को स्थानीय निर्वाचनमा कांग्रेससँग मिलेर लड्दा पनि माओवादीको हालत नाजुक भएको थियो। आफ्नी छोरीलाई जिताउन कांग्रेसले मागेजति नगरपालिकामा छाड्दा पनि मत नपुगेपछि मतपत्र च्यातेर जिताउनुपरेको कुराले पुष्पकमल दाहाललाई आफ्नो वास्तविक हैसियतको ज्ञान गराइसकेको थियो। त्यही भएर कुनै न कुनै दलसँग नमिली निर्वाचनमा जान र आफ्नो अस्तित्व जोगाउन सकिँदैन भन्ने बुझेरै दाहाल नेकपा (एमाले)सँग चुनावी तालमेल गर्न तयार भएका थिए। एकताकालमा त कतिपय ठाउँमा हौसिएर उनले तालमेल र एकताका लागि पहलकदमी गर्ने नेता नै मै हुँ भन्न पनि छुटाएका थिएनन्। यसबाट पनि के देखिन्छ भने उनी चुनाव हारिन्छ भन्ने कुराले कति त्रस्त थिए ? कांग्रेससँग सरकारमा हुँदाहुँदै प्रमुख प्रतिपक्षी दल र अझ आफैंले अविश्वास प्रस्ताव राखेर प्रधानमन्त्रीबाट राजीनामा दिन बाध्य बनाइएका नेतासँग हात मिलाउन पुग्नुले उनको मनस्थिति बुझ्न सकिन्छ। त्यसरी तालमेल गर्दा निर्वाचनपछि पार्टी एकता नै गर्ने सहमतिसहित मत खेर जान नदिनका लागि सूर्य चिन्हबाट चुनाव लड्ने २०७४ असोज १७ गतेको लिखित सहमतिमा उनी तीन दिन पनि अड्न सकेनन्। फलस्वरूप करिब ८ लाख मत दुई चिन्हमा लगाएका कारण खेर गए। पल-पलमा कुरा फेर्ने, ठाउँको ठाउँ बाटो मोड्ने र तत्कालै अविश्वसनीय निर्णय लिन पछि नपर्ने दाहालको आमचरित्रको सिकार गठबन्धन सुरुदेखि नै भएको थियो।

**घ. कांग्रेसले लखेटे फेरि एमालेसँग तालमेल** !

२०७८ असार २८ गते सर्वोच्च अदालतबाट परमादेश प्राप्त गरेपछि अहिले मुलुकमा पाँच दलीय गठबन्धनको सरकार छ। आफूलाई कम्युनिस्ट भन्ने नेताहरूले बेलाबेलामा कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने हामी हौं भन्न पनि बाँकी राखेका छैनन्। आफैंले प्रतिक्रियावादी, बुर्जुवा र दक्षिणपन्थी भनेर तोकेको पार्टी र त्यसका नेतालाई अगाडि लगाएर कम्युनिस्ट पार्टीको सरकार विस्थापित गरी सरकार बनाउँदा पनि कांग्रेसले त्यति भाउ दिएको छैन। त्यही भएर बेलाबेलामा हामीलाई भाउ नदिने हो भने हामी एमालेसँग मिल्न जान्छौं भनेर उनीहरूले घुर्की देखाइरहेका छन्। पुष्पकमल दाहालले २०७८ चैत ३ गते सार्वजनिक रूपमै कांग्रेसले लखेट्यो भने एमालेसँग तालमेल गर्छौं भनेर खुला बार्गेनिङ गरेका छन्। यसबाट एउटा कुरा स्पष्ट हुन्छ, माओवादीसँग आफ्नै खुट्टामा उभिने ताकत छैन र कांग्रेस वा एमालेले बोक्ने होइन भने यस पार्टीको हालत क्रमशः आफ्नै पुरानो समूह मसालको जस्तै हुने बाटोमा छ। नेतृत्वले अब हाम्रो पार्टीको भविष्य छैन, कांग्रेस वा एमालेमध्ये एकले साथ दिए भने मात्रै हाम्रो अस्तित्व कायम रहन्छ भनेर खुलेआम भाषण गर्दा पनि त्यस पार्टीका कार्यकर्ता अझै दाहालकै पछाडि लागिरहनु आफ्नो भविष्य बर्बाद गर्दै देशको अग्रगतिमा नकारात्मक योगदान गर्नु मात्र हुन्छ।

सारमा भन्दा सुरुमा नेकपा विभाजन र पछि नेकपा (एमाले)को विभाजन दुवैमा केपी शर्मा ओलीको लोकप्रियता, समृद्धिको सपना, देश बनाउने दृढता, राष्ट्रिय स्वाभिमानप्रतिको सम्झौताहीन अडानजस्ता कुराबाट आत्तिएका नेताहरूको निम्न पुँजीवादी चिन्तन, व्यवहार, अवसरवाद र कुण्ठाले प्रमुख भूमिका निर्वाह गरेको छ। अन्यथा नेकपाको स्थापना गर्दा तय भएका सैद्धान्तिक प्रस्थापनाहरूका बारेमा कुनै विवाद नहुँदा नहुँदै, निर्धारित समयमा महाधिवेशन गरेर नेतृत्व हस्तान्तरण गर्छु भन्दाभन्दै र पार्टीभित्र शक्ति बाँडफाँट गरेर सन्तुलन कायम गर्दागर्दै पार्टी विभाजन गर्नुपर्ने कुनै कारण थिएन। नेकपा (एमाले) को विभाजनको औचित्य त झन् कुनै पनि हालतबाट अहिले मात्र होइन, कहिल्यै पनि पुष्टि हुन सक्दैन। पार्टीभित्रै सम्झौता गरेर भए पनि एकता बचाउनुपर्छ भन्ने लचकता र दृष्टि राख्दाराख्दै पनि नेतृत्वको अवज्ञा गर्दै जुन प्रकारले कांग्रेस र माओवादीको सहयोगमा अध्यादेशमार्फत पार्टी विभाजनको कोसिस गरिएको छ, स्थानीय निर्वाचन र संसद्को आयुसँगै त्यसको म्याद समाप्त हुनेछ। ❐

# अर्थतन्त्रको विकराल अवस्था

सर्वोच्च अदालतको परमादेशबाट गठित गठबन्धन सरकारको ६ महिने कार्यकालमा मुलुक गहिरो सङ्कटतिर धकेलिँदै गएको छ। शक्ति पृथकीकरण र राज्यका अङ्गहरुबीचको सन्तुलन, मुलुकको अर्थतन्त्र, हाम्रो बाह्य सम्बन्ध र शान्ति-सुरक्षाको अवस्थालगायत प्रमुख पक्षहरु गम्भीर रुपले समस्याग्रस्त बनेका छन्। कोभिड महामारीविरुद्धको प्रतिकार्य लथालिङ्ग भएको छ। मुलुकले सामना गरिरहेका मुख्य चुनौतीका बारेमा नेकपा (एमाले)को दृष्टिकोण यस वक्तव्य मार्फत् सार्वजनिक गर्दछौं।

१. लोकतन्त्रको स्थायित्व र विकासका लागि राज्यका तीनै अङ्गबीच सुसम्बन्ध र तिनीहरुको सुसञ्चालन अनिवार्य पूर्वशर्त हो। तर, निहित स्वार्थपूर्तिका लागि केही नेता र सर्वोच्च अदालतका पदाधिकारीहरुको अवाञ्छित साँठगाँठबाट संविधानको जसरी अपव्याख्या गरियो र त्यही अपव्याख्याको जगमा जसरी वर्तमान गठबन्धन सरकार बन्यो, त्यसका दुष्प्रभाव प्रकट हुन थालेका छन्। अदालतले निश्चित व्यक्तिको स्वार्थपूर्तिका लागि राजनीतिक फैसला गरिदिने र त्यसबापत् राजनीतिक नेताहरुले 'गुन तिर्ने' अलोकतान्त्रिक, असंवैधानिक र जनविरोधी क्रियाकलापको मूल्य मुलुकले चुकाउनुपरेको छ। न्यायालयमा चलेको चरम अराजकता र न्यायाधीशहरुको 'हडताल'ले सङ्कटकालमा समेत रोक्न नमिल्ने बन्दीप्रत्यक्षीकरणलगायत जनताका मौलिक हक अवरुद्ध भएका छन्। न्यायका लागि वर्षौं प्रतीक्षा गरिरहेका नागरिकहरुलाई छिटो न्याय पाउने अधिकारबाट बञ्चित गरिएको छ। गठबन्धन दलहरु नै संवैधानिक र संसदीय बाटोबाट होइन, सडकबाटै न्यायाधीश फेर्ने जस्तो अराजकतालाई प्रोत्साहन र संरक्षण गरिरहेका छन्, न्यायपालिकालाई पङ्गु र निरिह बनाउने कारक तत्व बनिरहेका छन्।

२. प्रतिनिधिसभाका सभामुख नै प्रमुख प्रतिपक्षी दललाई विभाजित गर्ने असंवैधानिक, असंसदीय र पदीय मर्यादाविपरीतको काममा संलग्न भएका कारण प्रतिनिधिसभाको बैठक लामो समयदेखि अवरुद्ध हुन पुगेको छ। तर, संविधानको मर्मविपरीत अध्यादेश ल्याएर प्रतिपक्षी दललाई विभाजन गर्न उद्यत् सत्ता पक्ष प्रतिनिधिसभाको बैठक सञ्चालन गर्न, यसका लागि प्रमुख प्रतिपक्षका आवाजलाई गम्भीरतापूर्वक सुन्न र सम्बोधन गर्न तयार छैन। सत्तापक्षको गलत मनशायका कारण राज्यको अर्को महत्वपूर्ण अङ्ग व्यवस्थापिकासमेत अकर्मण्य अवस्थामा पुगेको छ। यहाँसम्म कि सार्वजनिक लेखा समितिको नेतृत्व प्रमुख प्रतिपक्षी दलले गर्ने हाम्रो आफ्नै संसदीय अभ्यासलाई समेत उपेक्षा गरिएको छ।

संसद् अवरोधका लागि नेकपा (एमाले) लाई दोषारोपण गर्ने सत्तापक्षले हेक्का राख्नु पर्छ- सभामुखको यस्तो विभेदकारी कदमभन्दा अगाडि २०७८ साउन ३ गतेदेखि साउन मसान्तसम्म हामीले प्रतिनिधिसभा पुनर्स्थापना गर्ने सर्वोच्चको फैसलाका सम्बन्धमा आफ्नो गम्भीर असहमतिका बाबजुद जनसरोकारका विषयलाई सशक्त ढङ्गले उठाएर प्रतिनिधिसभालाई जीवन्त र क्रियाशील बनाएका थियौं।

३. मुलुकको कार्यकारी अङ्गका रुपमा रहेको सरकार संविधानले निर्दिष्ट गरेको न्यूनतम दायित्व पूरा गर्नसमेत असफल भएको छ। राष्ट्रिय हितको रक्षामा चुकेको छ, महामारीमा अकर्मण्य बनेको छ र जनतालाई न्यूनतम राहत दिन समेत असमर्थ भएको छ। यसरी राज्यका तीनवटै अङ्गहरू आज सङ्कटोन्मुख छन् र यसले राष्ट्रलाई नै असफलताको दिशातिर धकेल्ने जोखिम पैदा भएको छ।

४. अर्थतन्त्रका सबै सूचकहरुले गम्भीर अनिष्टको सङ्केत गरिरहेका छन्। पूर्ववर्ती सरकारले ल्याएको लोकप्रिय बजेटलाई विस्थापन गरेर नयाँ बजेट ल्याएको यस सरकारको कार्यकालमा विकासको गति ठप्प जस्तै भएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मुलुकको आर्थिक अवस्थाको विवरणले मुलुक आर्थिक सङ्कटतिर उन्मुख भएको चिन्ताजनक तस्बिर प्रस्तुत गरेको छ।

- उपभोक्ता मुद्रास्फिति ६ वर्षयताकै उच्च बिन्दु (७.११ प्रतिशत) मा पुगेको छ। गत वर्षको पहिलो पाँच महिनामा यस्तो मुद्रास्फिति २.९३ प्रतिशत थियो। यतिखेर प्रत्येक व्यक्तिको दैनिकी महङ्गो भएको छ। घ्यू, तेल, दाल तथा गेडागुडी तथा पेट्रोलियम पदार्थको मूल्य आकाशिएको छ। दुई बर्षअघि यसै अवधिमा आलुदेखि गोलभेंडासम्म विभिन्न तरकारीको मूल्य १५ देखि ४० प्रतिशतसम्म घटेको थियो। सरकारले लिएको गलत नीतिका कारण निर्माण सामाग्रीको थोक मूल्य१९.३४ प्रतिशतले वृद्धि भएको छ। सार्वजनिक पूर्वाधारको लागत बढेको छ। निजी निर्माण कार्यमा समेत लगानी कम भएकोले समग्रमा रोजगारी सिर्जनामा प्रत्यक्ष असर परेको छ।
- यो सरकार गठन भएको पहिलो पाँच महिनामै व्यापार घाटा ५४.७ प्रतिशतले बृद्धि भएको (रुपैंयामा ७ खर्ब ३५ अर्ब ४९ करोड) छ। स्मरणीय छ, गत वर्षको पहिलो पाँच महिनामा यस्तो घाटा १०.९ प्रतिशतले घटेको थियो।
- उच्च आयातका कारण विदेशी मुद्राको सञ्चिति निरन्तर घट्दै गएको छ। २०७८ असार मसान्तमा करिब १०.८ महिनाको वस्तु र सेवाको आयात धान्न पर्याप्त (रु १३ खर्ब ९९ अर्ब ३ करोड बराबरको) विदेशी विनिमय सञ्चिति रहेको थियो। वर्तमान सरकार गठन भएको पहिलो पाँच महिनामा यो सञ्चितिमा १३.२ प्रतिशतले कमी आएको छ। यो सञ्चितिले ६.८ महिनाको वस्तु र सेवा आयात मात्र धान्न सक्छ। विदेशी मुद्राको सञ्चिति विगत एक दशककै अत्यन्त न्यून

बिन्दुमा पुगेको छ ।

- बिप्रेषण आप्रवाहमा गत वर्षको तुलनामा ६.८ प्रतिशतले कमी आएको छ । कोभिड- १९ को असरका बीचमा पनि गत वर्षको पहिलो पाँच महिनामा विप्रेषण आप्रवाह ११ प्रतिशतले वृद्धि भएको थियो । विश्व अर्थव्यस्थामा सुधार हुँदै गएको अवस्थामा नियमित रुपमा आप्रवाह हुने बिप्रेषण आय घट्नुले अनधिकृत आर्थिक गतिविधि विस्तार र हुण्डीलगायतका कारोबार बढेको देखिन्छ । सुन तस्करीका घटनामा भएको बृद्धिले यस तथ्यलाई पुष्टि गर्दछ । यति नै बेला सुपारी, मरिच, केराउ, छोकडालगायत बस्तुहरुको आयातलाई शङ्कास्पद ढङ्गले वृद्धि गरिएको छ ।
- राष्ट्रिय सतर्कता केन्द्र, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभाग जस्ता नियामक निकायहरुलाई निहित स्वार्थ र राजनीतिक आस्थाका आधारमा परिचालन गरिएको छ । राजश्वमा करोडौंको फरक पर्ने प्रतिस्थापन विधेयक मार्फत स्पन्ज आइरन र विलेट जस्ता वस्तुको भन्सार महशुल र अन्तःशुल्कमा गरिएको हेरफेर अस्वभाविक छ । आर्थिक सुशासनको नेतृत्व गर्नुपर्ने अर्थमन्त्रालय आफैं यस प्रकारको ‘पोलिसी सेटिङ’ मार्फत आर्थिक अपचलनमा संलग्न भएको आरोप लाग्नु अत्यन्त दुःखद् हो ।
- वर्तमान सरकार गठन भएको पहिलो पाँच महिनामा चालु खाता घाटा गत वर्षको यही अवधि (रु. २३ अर्ब) को तुलनामा रु. ३ खर्ब ६९ करोड पुगेको छ ।
- गत वर्षको पहिलो पाँच महिनामा १ खर्ब ६ अर्ब ४८ करोडले बचतमा रहेको शोधनान्तर स्थिति वर्तमान सरकारको पहिलो पाँच महिनाको कार्यकालमा रु १ खर्ब ९५ अर्ब १ करोडले घाटामा गएको छ ।
- बैंकहरुमा तरलताको अभावले व्यवसायको गतिशीलता र विस्तारमा गम्भीर नकारात्मक प्रभाव परेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीसम्म नियुक्त हुन नसक्नु, औद्योगिक लगानी तथा प्रवर्द्धन बोर्डको बैठक लामो समयसम्म नबस्नु, उद्यमीहरुलाई प्रोत्साहन र संरक्षण गर्नुको साटो सरकार तर्साउने र बार्गेनिङ गर्ने काममा संलग्न हुनु आदिले निजी क्षेत्रमा निराशा फैलिएको छ ।
- चालु आर्थिक वर्षमा ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र प्रत्येक महिना १० प्रतिशतका दरले पुँजीगत खर्च गर्ने रट लगाएको वर्तमान सरकारले विगत तीन वर्षकै अत्यन्त न्यून अर्थात् १३.४४ प्रतिशत मात्र पुँजीगत खर्च गरेको छ । कोभिड- १९ का कारण कमजोर कार्य वातावरण भएको गत वर्ष (१४.४ प्रतिशत पुँजीगत खर्च)को तुलनामा समेत यो न्यून हो । गठबन्धन टिकाउन सङ्घमा अनावश्यक संरचना निर्माण गर्नुका साथै प्रदेशमा मन्त्रालयको संख्या अन्धाधुन्ध बढाएका कारण चालु खर्च बृद्धि भई ३८.१५ प्रतिशत पुगेको छ ।
- सरकारले विकास साझेदारको विश्वास समेत गुमाउँदै गएको छ । आर्थिक वर्षको पहिलो ६ महिनासम्म विदेशी अनुदान शून्यप्रायः छ । विगतको सरकारको कार्यकालमा विश्व बैंक र एसियाली विकास बैंकबाट प्रतिवद्धता प्राप्त बजेटरी सहायता वापतको रकम समेत प्राप्त हुन सकेको छैन । विश्व बैंकबाट- ‘फिनान्स फर ग्रोथ’, वित्तीय सङ्घीयता सुदृढीकरण कार्यक्रम तथा ‘ग्रीन रेजिलेन्ट एन्ड इन्क्लुसिभ डेभलपमेन्ट’ शीर्षकमा प्राप्त हुने बजेटरी सहायता र एसियाली विकास बैंकबाट प्रतिबद्धता गरिएको ‘पोलिसी बेस्ड लेन्डिङ्ग’ अन्तर्गत प्राप्त हुनुपर्ने सहायतासमेत परिचालन हुन सकेको छैन । पूर्ववर्ती सरकारको अन्तिम गृहकार्य बापत्को अन्तर्राष्ट्रिय मुद्रा कोषको ४ सय मिलियन डलर सहायता स्वीकार गर्नेबाहेक ‘ह्युमन क्यापिटल डेभलपमेन्ट प्रोजेक्टस्’, समृद्धिका लागि वन तथा वन क्षेत्रमा आधारित पर्यटन कार्यक्रमका लागि प्रतिबद्धता भएका रकमसमेत प्राप्त हुन सकेको छैन । यसका साथै, ठूला पूर्वाधार परियोजना कार्यान्वयनका लागि प्रतिबद्धता गरिएका सहायता रकम समेत प्राप्त हुन सकेको छैन ।
- आगामी तीन वर्षभित्र देशका सबै स्थानीय तहका केन्द्रलाई प्रदेशका राजधानीसँग कालोपत्रे सडकले जोड्ने प्रयोजनका लागि चालु आर्थिक वर्षमा नेपाल सरकारका तर्फबाट बिनियोजित रु. ८० करोडलाई रु. २९ करोड झारिएको छ । उक्त परियोजनाका लागि विकास साझेदारले प्रतिबद्धता गरेको करिब रु. ९६ अर्ब सहायता रकम प्राप्तिमा सरकार उदासीन देखिएको छ । सयौं सडक आयोजनाहरु रद्द गरिएको छ ।
- भूकम्प प्रभावित २४ जिल्लाबाहेक देशका बाँकी सबै जिल्लाका सार्वजनिक विद्यालय भवन आगामी तीन वर्षभित्र पुनर्निर्माण गर्न विगतको सरकारले ‘राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम’ तर्फ पूर्वाधार विकासमा विनियोजन गरेको रु. १० अर्ब अन्यत्रै रकमान्तर गरिएको छ ।
- गौतम बुद्ध विमानस्थल, भैरहवाको दोस्रो टर्मिनल भवन निर्माणका लागि विगतको सरकारले एसियाली विकास बैंकको रु. ७ अर्ब र नेपाल सरकारको रु. ७ अर्ब गरी कुल रु. १४ अर्बको निर्माण कार्यका लागि दिइएको सहमतिविपरीत ठेक्का आह्वान गर्न रोक्का राखिएको छ । विमानस्थल सञ्चालनलाई प्रभावित पार्ने प्रयास गरिएको छ ।
- बाढी-पहिरोले प्रभावित पारेको हेड वर्क्स लगायत संरचना युद्धस्तरमा पुनर्निर्माण गरेर काठमाडौंवासीहरुको चिरप्रतिक्षित सपनाको रुपमा रहेको मेलम्ची परियोजनालाई सञ्चालन गर्न सरकार पूरै उदासीन र अक्षम देखिएको छ ।
- यस ६ महिनाको अवधिमा कुनैपनि ठूला विकास परियोजनाहरु अघि बढेका छैनन् । प्रधानमन्त्रीज्यूले शुक्रबारको सम्बोधनमा जबर्जस्ती विकासका आँकडा प्रस्तुत गर्न खोज्दा समेत पूर्ववर्ती सरकारका पालामा सुरु गरिएका केही परियोजनाबाहेक कुनै नयाँ तथ्याङ्कहरु प्रस्तुत गर्न सक्नु भएन । अर्थतन्त्रको चुनौतीपूर्ण यथार्थलाई प्रस्तुत गरेर समाधानको विकल्पमा बहस गर्नुको साटो उहाँ कृत्रिम आँकडाका भरमा ढाकछोप गर्न तल्लीन देखिनुभएको छ ।
- सारमा, दयनीय पुँजीगत खर्च, लगानीमा न्यूनता, बढ्दो

बेरोजगारी र विकास खर्चमा कटौतीले नेपाललाई अल्पविकसित अवस्थाबाट स्तरोन्नत गर्ने अभियानमा नकारात्मक प्रभाव पार्न थालेको छ ।

५. मुलुकको बाह्रय सम्बन्धमा गम्भीर असन्तुलन र विचलनहरू देखा परेका छन् । राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर स्वतन्त्र र सन्तुलित विदेश नीति अवलम्बन गर्नुपर्नेमा विदेशीहरुका लागि 'कम्फर्टेबल' बन्ने वचनबद्धतासहित गठन भएको गठबन्धन सरकार नेपालको राष्ट्रिय हितमाथि निरन्तर आँच पुगिरहँदा पनि मूकदर्शक बनेको छ । भारतसँग ऐतिहासिक सन्धि, दस्तावेज र प्रमाणका आधारमा सीमा विषय टुङ्गो लगाउन सार्थक पहल गर्नु त परको कुरा- लिम्पियाधुरा, लिपुलेक र कालापानीलगायत नेपाली भू-भागमा भारतबाट एकतर्फी संरचना निर्माण भइरहँदा आपत्ति जनाउँदै नेपालको अडान स्पष्ट पार्न समेत नसक्ने निरीहता प्रकट गरिरहेको छ । भारतीय सुरक्षाकर्मीद्वारा तुइन चुँडाइएर महाकालीमा वेपत्ता पारिएका जयसिंह धामीका सम्बन्धमा मौन बसेको सरकार राष्ट्रिय हित, स्वाभिमान र नागरिकको जीवनरक्षासँग जोडिएका कैयौं प्रश्नमा लाचार बनेको छ । अर्कोतिर विगतमै टुङ्गिसकेको चीनसँगको सीमाको प्रश्नमा एकतर्फी रुपमा छानबिन समिति बनाएको सरकारले समितिको प्रतिवेदनलाई गुपचुप राखेर छिमेकी राष्ट्रसँगको सम्बन्धमा आशङ्का र अविश्वास पैदा गर्ने काम गरिरहेको छ । अमेरिकी सहायता परियोजना एमसीसीका बारेमा सत्ता गठबन्धनकै नेताहरूले दिइरहेका विरोधाभाषपूर्ण अभिव्यक्तिले विकास परियोजनालाई भूराजनीतिक द्वन्द्वको विषय बनाउन भूमिका खेलेका छन् । अमेरिकी अधिकारीहरुसँग एक खालको र आफ्ना कार्यकर्तासँग बेग्लै खालको कुरा गर्ने गठबन्धन नेताहरुले द्वैध भूमिका खेलिरहेका छन् र जनतालाई दिग्भ्रमित पारिरहेका छन् । उनीहरुले हिजो आफैंले हस्ताक्षर गरेको सम्झौता ठीक थियो कि थिएन भनेर पाँच वर्षपछि अध्ययन कार्यदल बनाउने जस्ता हास्यास्पद र कच्चा काम गरिरहेका छन् । राजनीतिक पूर्वाग्रहका आधारमा एकैचोटी दर्जनौं मुलुकहरूबाट राजदूत फिर्ता गराइएको छ र नेपालसँग महत्वपूर्ण सम्बन्ध रहेका मुलुकस्थित नियोगहरूलाई महिनौंसम्म राजदूतविहीन बनाउने गैरजिम्मेवार काम गरिएको छ । यसरी मुलुकको बाह्रय सम्बन्ध असहज अवस्थामा पुर्‍याइएको छ ।

६. नेपालको संविधानले स्थानीय तहहरूको रिक्तताको परिकल्पनै गरेको छैन । स्थानीय तहहरू जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने सबैभन्दा नजिकको सरकारको भूमिकामा छन् । जनतालाई सेवा प्रदान गर्ने आधारभूत निकाय भएकाले स्थानीय तहलाई रिक्त राख्नु भनेको जनतालाई सेवा-सुविधाबाट बञ्चित राख्नु हो, जनताको अधिकार कुण्ठित पार्नु हो । स्थानीय तहको यसै महत्वलाई ध्यानमा राखेर नेपालको संविधानले जुनसुकै अवस्थामा पनि विघटन नहुने गरी पाँच वर्षे कार्यकालसहितको स्थानीय तहको व्यवस्था गरेको हो र स्थानीय तह निर्वाचन ऐन, २०७३ मा कार्यकाल सकिनु दुई महिना अगावै निर्वाचन गर्नैपर्ने बाध्यकारी व्यवस्था गरेको हो । निर्वाचन आयोगले समेत यस विषयमा सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै २०७९ वैशाख १४ मा स्थानीय तहको निर्वाचनको मिति तोक्न ताकेता गरिसकेको छ । तर, यस्तो ताकेता र संविधान एवम् कानुनको यस स्पष्ट व्यवस्थालाई वेवास्ता गर्दै गठबन्धनका कतिपय नेताहरूले स्थानीय तहको निर्वाचनलाई पर धकेल्ने प्रपञ्च गरिरहेका छन् । त्यसका लागि उनीहरूले संविधानको धारा २२५ को भ्रमपूर्ण व्याख्या गरिरहेका छन् । स्थानीय तहहरु कार्यकारी, विधायिकी र न्यायिक तीनवटै भूमिकामा रहेका छन् । कार्यपालिकासम्बन्धी व्यवस्था संविधानको धारा २१४, २१५ र २१६ मा अनिन्यायपालिका सम्बन्धी व्यवस्था संविधानको धारा २१७ मा छ । संविधानको अलग्गैभाग-१८ मा स्थानीय व्यवस्थापिका सम्बन्धी व्यवस्था छ, जुन संविधानको धारा २२१, २२२, २२३ र २२४मा सविस्तार उल्लेख छ । संविधानको भाग- १७ मा उल्लेखित स्थानीय कार्यपालिकाको निर्वाचन भएपछि मात्रै स्थानीय तहको व्यवस्थापकीय अधिकार प्रयोग गर्ने गाउँ/नगरसभाको गठन हुन्छ । त्यसको गठनमा बिलम्व नहोस् भनेर संविधानको धारा २२५ को व्यवस्था गरिएको हो । धारा २२५ लेस्थानीय तहको (स्थानीय कार्यपालिकाको) निर्वाचन सम्पन्न भएको छ महिनाभित्रै गाउँ/नगरसभा गठन गरिसक्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । संविधानमा रहेको यति स्पष्ट व्यवस्थालाई "स्थानीय तहको निर्वाचन पाँच बर्षे कार्यकाल पूरा भएको छ महिनाभित्र गर्नुपर्ने संबैधानिक व्यस्था रहेको" भन्दै अपव्याख्या गरिँदै छ । स्पष्ट छ, संविधानको एउटा धारालाई अरु धाराबाट अलग गरेर अप्रासङ्गिक रुपले उल्लेख गर्दै स्थानीय तहको निर्वाचनलाई पर धकेल्नेनियतले गठबन्धन सरकार लोकतन्त्रको मर्ममाथि प्रहार गर्न उद्यत् देखिएको छ ।

स्थानीय तहको निर्वाचन समयमै हुनुपर्ने विषयमा नेकपा (एमाले)को स्पष्ट, द्विविधारहित र दृढ अडान छ । यस सम्बन्धमा गरिने कुनै पनि अलमल, धोखाधडी र बहानाबाजी पार्टीलाई किमार्थ स्वीकार्य हुने छैन ।

७. स्थानीय तहको निर्वाचनलाई विभिन्न बहानामा पर धकेल्न लागिपरेका गठबन्धनका नेताहरूले प्रतिनिधिसभाको निर्वाचन २०७९ वैशाखमा गर्ने 'कार्ड' फ्याँकेका छन् । यो प्रस्ताव कुनै असल मनशायले होइन, स्थानीय तहको निर्वाचनलाई पर धकेल्ने र मुलुकमा राजनीतिक अन्यौल सिर्जना गर्ने गलत नियतका साथ अगाडि सारिएको हो भन्नेमा नेकपा (एमाले) स्पष्ट छ । हाम्रो पार्टी गत बर्षदेखि नै ताजा जनादेशको पक्षमा उभिएको हो र आज पनि हामी यो मान्यतामा अडिग छौं । हामी जुनसुकै बेलामा निर्वाचन भए पनि सामना गर्न तयार छौं । साथै, हाम्रो स्पष्ट अडान छ- यस बहानामा स्थानीय तहको निर्वाचन पर धकेल्न पाइँदैन ।

गत वर्ष हामीले ताजा जनादेशको माग गर्दा हामीमाथि अनेकौं प्रहार गरिए । जनताको बीचमा जानुलाई 'प्रतिगमन' र जनादेशविपरीत जस्केलाबाट सरकार बनाउनुलाई

'अग्रगमन' भन्ने भाष्य निर्माण गरियो । प्रतिनिधिसभाको कार्यकाल पाँच वर्ष नै हुनुपर्छ भन्ने तर्क गर्दै यसको पुनर्स्थापनालाई 'संविधानको जीत'का रुपमा व्याख्या गर्ने नेताहरु आज कुन नैतिकता, कुन तर्क र कुन आधारमा' अर्ली इलेक्सन' को कुरा गर्दैछन् ? यसो गर्नुअघि उनीहरुले गत वर्ष सडक आन्दोलनका नाममा प्रदर्शन गरेको अराजकताका लागि जनतासँग क्षमायाचना गर्नु पर्दैन ?

८. कोभिड महामारीको नयाँ लहरले जनजीवन फेरि आक्रान्त हुन थालेको छ । पूर्ववर्ती सरकारले शून्यबाट सुरु गरेर ८० भन्दा बढी कोभिड प्रयोगशाला, दर्जनौं कोभिड अस्पताल, हजारौं शैयाहरु, अक्सिजन प्लान्ट, थप पूर्वाधारहरु एवम् पर्याप्त खोपको प्रबन्ध गरेको थियो । तर, यो सरकार महामारीको नयाँ लहरमा गैरजिम्मेवार र निष्प्रभावी देखिएको छ । २४ लाखभन्दा बढी मात्रा खोप हराएको चरम गैरजिम्मेवार र लज्जास्पद अभिव्यक्ति सरकारी अधिकारीहरुले नै दिइरहेका छन् । कहाँ गयो त्यति धेरै मात्राको खोप ? कसले लुकायो वा बेच्यो ? यसका लागि को जिम्मेवार छ ? एकातिर यति ठूलो मात्रामा खोप गायब पारिएको छ भने अर्कातिर भण्डारमा भएको खोपको सही वितरण हुन नसक्दा हजारौं नागरिकहरु खोपबाट बञ्चित छन् । अरू त अरू, खोप लगाउन आवश्यक सिरिन्ज र अत्यन्त आधारभूत मानिएको औषधी सिटामोलसमेत उपलब्ध गराउन नसक्नुले सरकार कति गैरजिम्मेवार छ भन्ने स्पष्ट हुन्छ ।

९. वर्तमान सरकारले अकारण स्वास्थ्य क्षेत्रको बजेट समेत कटौती गरी जनस्वास्थ्यको विषयमाथि खेलवाड गरिरहेको छ । जनतालाई घर-आँगनमै स्वास्थ सुविधा उपलब्ध गराउन विगत सरकारले स्थानीय तहमा ३९६ आधारभूत अस्पताल निर्माण अघि बढाएको थियो । उक्त कामका लागि २०७८ जेठ महिनामा प्रस्तुत बजेटमा रु. ६ अर्ब १५ करोड बिनियोजना गरिएकोमा वर्तमान सरकारले रु. १ अर्ब ५० करोड कटौती गरेको छ । वर्तमान सरकार कोभिड पीडित विरामीको उपचारका लागि खरिद गरिएको आइसीयु, एचडीयु तथा भेन्टिलेटरको भुक्तानीबाट समेत भाग्दै आम नागरिकलाई स्वास्थ्य सुविधा पुऱ्याउने दायित्वबाट विमुख हुँदै गएको छ । सडक, सिँचाइ, स्थानीय पूर्वाधारको निर्माणमा सिर्जित दायित्व फरफारक हुन सकेका छैनन् ।

१०. वर्तमान सरकारले पुस मसान्तभित्र दुई तिहाई र चैत मसान्तभित्र सबै नागरिकलाई खोप लगाइसक्ने घोषणा गरेकोमा हालसम्म यो संख्या ४० प्रतिशत मात्र पुगेको छ । अघिल्लो सरकारले व्यवस्था गरिदिएका खोपको आपूर्ति, व्यवस्थापन, भण्डारण र वितरण पनि राम्ररी गर्न असक्षम वर्तमान सरकारले तुलनात्मक रुपमा सहज अवस्थामा समेत नागरिकलाई पर्याप्त मात्रामा खोप लगाउन नसकिरहेको बेला सार्वजनिक सेवा उपयोगका लागि खोप कार्ड अनिवार्य भनेर हास्यास्पद र विभेदकारी कदम चालेको छ ।

११. कोभिड महामारीको जोखिमका बेला अग्रपंक्तिमा रहेर काम गर्ने राष्ट्रसेवकहरूले पाउने जोखिम भत्ता पनि उपलब्ध गराइएको छैन । साथै, यस्तो संकटका बेला पनि कर्मचारीहरुलाई राजनीतिक आस्थाका आधारमा पक्षपातपूर्ण ढंगले सरुवा गर्ने, जिम्मेवारीविहीन बनाउने र आफू अनुकूल संरचना तयार पार्ने जस्ता गैरजिम्मेवार कामहरू भइरहेका छन् ।

१२. सबै प्रकारका जटिल रोगको उपचारका लागि विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्न काठमाडौंको कीर्तिपुरमा प्रस्तावित सुपर स्पेसियालिटी सेन्टर निर्माणका लागि विनियोजित रु. ५० करोडलाई घटाएर रु. १० करोडमा सीमित गरिएको छ ।

१३. ललिता निवासको १४३ रोपनी सरकारी जग्गा हिनामिनासँग सम्बन्धित विषयमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले दुई वर्षभन्दा बढी समय लगाएर गरेको अनुसन्धान र त्यसमाथि आधारित भएर अगाडि बढाइएको मुद्दालाई 'थप अनुसन्धान'का नाममा सरकारी वकिल कार्यालयमार्फत फिर्ता गराएर सरकारी सम्पत्ति हिनामिनामा संलग्नहरुलाई उन्मुक्ति दिने खतरनाक प्रपञ्च गरिएको छ । यति गम्भीर विषयमा गरिएको षड्यन्त्रबाट ध्यान विकेन्द्रित गर्न कतिपय मन्त्रीहरूलाई विभिन्न 'स्टन्टबाजी'मा परिचालन गरिएको छ र विपक्षी दलका नेताहरुलाई बदनाम गर्ने सुनियोजित षड्यन्त्र भइरहेको छ । आफैँ अनियमिततामा संलग्न हुने अनि बेथितिबाट ध्यान अन्यत्र मोड्नका लागि सस्तो प्रचारबाजीमा उत्रिने गैरजिम्मेवार काम भइरहेको छ । कसैद्वारा पनि अनियमितता भएका छन् भने त्यस्ता विषयमा निष्पक्ष छानबिन हुनुपर्छ र दोषी ठहरिएमा प्रक्रियासम्मत रुपमा कानुनी कारवाहीको दायरामा ल्याउनुपर्छ । तर, राजनीतिक इबी साध्न र शुभलाभका लागि 'ब्ल्याकमेल' गर्ने, उद्यमी-व्यवसायीहरूलाई तर्साउने, बार्गेनिङ गर्ने र मुख्य मुद्दाहरुलाई ओझेलमा पार्ने कुरा स्वीकार्य हुन सक्दैन ।

१४. गत असोज अन्तिम र कात्तिकको सुरुमा परेको बेमौसमी पानीले धानखेती नष्ट पारेर ठूलो मारमा परेका किसान एवम् प्राकृतिक विपत्तिमा परेर घरबार गुमाएका परिवारहरुले अझै राहत पाउन सकेका छैनन् । उनीहरुलाई अविलम्ब आवश्यक राहतको व्यवस्था गर्नुपर्छ ।

१५ सङ्क्रमणकालीन न्यायको विषय छिटो टुङ्ग्याउन र पीडितहरुलाई न्याय दिलाउन अनिच्छुक गठबन्धनका नेताहरु गम्भीर मानव अधिकार उल्लङ्घनका घटनालाई पनि ढाकछोप गर्न र दण्डहीनतालाई संस्थागत गर्न लागिपरेका छन् । यसैको एउटा सिलसिलाका रुपमा एकजना मन्त्रीबाट जनमत पार्टीका नेताहरुलाई 'गौर काण्ड' जस्तै घटना दोहोऱ्याएर हत्या गर्न धम्की दिइएको छ । यस्तो कार्य आपत्तिजनक, आपराधिक र बर्बरतायुक्त छ । यस्तो अभिव्यक्ति दिने व्यक्तिलाई हालसम्म पनि कारवाही नगरी पदमा बहाल राखिरहनु अत्यन्त आपत्तिजनक छ ।

*९ माघ, २०७८ मा अध्यक्ष कमरेड केपी शर्मा ओलीद्वारा जारी वक्तव्य ।)*

# एमसीसीका सम्बन्धमा पार्टी धारणा

१ अमेरिकी सहयोग निकाय मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)सागको अनुदानसम्बन्धी सम्झौता प्रतिनिधिसभाको २०७८ फागुन १५ गतेको बैठकबाट अनुमोदन भएको छ । यस घोषणासागै निहीत स्वार्थसहित चालिएका चाल र चलाइएको प्रचारबाजीको पटाक्षेप भएको छ । यसक्रममा फिजाइएका भ्रम तथा विभिन्न रंग र आकारका पुलिन्दा निर्माण गरी बिक्री गर्न खोजिएका घिनलाग्दा स्वार्थहरुले द्विपक्षीय वा बहुपक्षीय प्रत्यक्ष लगानी, ऋण वा अनुदान सहायता प्राप्त हुने प्रक्रिया, प्रस्तावको तयारी र त्यसमा प्रयोग हुने भाषा तथा कार्यान्वयन प्रतिबद्धताजस्ता कैयौा विषयमा सत्ता-गठबन्धनका केही नेताहरुमा रहेको अज्ञानता वा गैरजिम्मेवारपन प्रकट भएको छ । राष्ट्रिय हितको वास्ता नगरी आफ्नै क्षुद्र र निजी स्वार्थ पूरा गर्न खोज्ने उनीहरुका बोली र व्यवहारमा रहेको अवसरवादी छेपारेपनले सत्ता सञ्चालक पार्टी र तिनका नेताहरुको अविश्वसनीयता समेत उदाङ्गो भएको छ ।

२ फागुन १५ गतेको प्रतिनिधिसभा बैठकका दुबै सत्रमा हाम्रो पार्टीलाई प्रक्रियामा सहभागी हुनबाट बञ्चित गरियो । यसले देशको प्रमुख प्रतिपक्षलाई यस प्रक्रियाबाट बाहिर राख्ने सत्ताधारी गठबन्धनको षड्यन्त्रपूर्ण व्यवहार पनि स्पष्ट भएको छ । संसद्को सबैभन्दा ठूलो दल- नेकपा (एमाले)लाई वेलमा राखेर अवरोधका बीच यस्तो संवेदनशील निर्णय गरिएको छ । केही अघि हाम्रो नेतृत्वमा सरकार रहेको बेलामा नयाा नक्सालाई संविधानको अनुसूचीमा समेट्न संविधान संशोधन गर्ने जस्तो संवेदनशील विषयमा संसद्लाई एक बनाई राष्ट्रिय एकता प्रदर्शन गरिएको घटनालाई हामी स्मरण गरिरहेका छौा । यस सन्दर्भमा राष्ट्रिय महत्वको मुद्दामा सबै दलहरुलाई एक ठाउामा उभ्याउने दायित्वबाट स्वयम् प्रधानमन्त्री समेत विमुख हुन पुग्नु दुःखद् कुरा हो । 'प्रमुख प्रतिपक्षी दललाई छक्याएर गठबन्धन टिकायौा' भन्नेजस्ता सत्ताधारीहरुको प्रलापले लोकतान्त्रिक अभ्यासको उपेक्षा मात्र होइन, समाजमा कलह सिर्जना गर्ने र हाम्रो दललगायतका दलहरुलाई विभाजन गर्ने ठगी धन्दाको पर्दाफास भएको छ ।

३ संसद्मा माननीय सदस्यहरुको अवरोधलाई अनदेखा गर्दै बलमिच्याइ गर्ने सभामुखको व्यवहार झनै आपत्तिजनक छ । सरकारले दिएको विजनेस सदनमा प्रस्तुत नगर्नेजस्ता पदीय दायित्व प्रतिकुल व्यवहार गर्दै आउनुभएका सभामुखले कुनै समय एमसीसीसम्बन्धी प्रस्ताव टेबल गर्नुपरेमा आत्महत्या गर्छु भन्नेजस्ता आवेगपूर्ण अभिव्यक्ति दिनुभयो । षड्यन्त्रको पटकथा तयार भएपछि भने 'सभामुख भनेको अम्पायर हो' भन्नेजस्ता शब्दावली प्रयोगमा ओर्लिनु भयो । यसले उहााको यो व्यवहार पदीय कर्तव्यको पालनाभन्दा पनि दल विशेषको आज्ञापालन गर्ने देखिन्छ । उहाा नै दलहरुले कारबाही गरेका अनुशासनहीन सांसदलाई जोगाएर दल विभाजनको मतियार बन्नुभयो । अहिले राष्ट्रिय राजनीति लिकबाट बाहिरिएको छ । संसदभित्र वा बाहिरको हाम्रो जारी लडाइ लोकतन्त्रको आधारभूत मूल्य, मान्यता र दलीय प्रणालीको मर्मलाई स्थापित गर्न र त्यसलाई अझ सुदृढ गर्नका लागि हो । संसद् जननिर्वाचित प्रतिनिधिमार्फत् लोकतन्त्रको अभ्यास गरिने थलो हो । चार वर्षअघिको जनादेश अहिले खण्डित भएको छ । त्यसैले संसद् प्रभावकारी हुन सकिरहेको छैन । त्यसमाथि सभामुखको भूमिकाले थप गतिरोध सिर्जना भएको छ । यी सबै घटनाक्रमले सभामुख यस गरिमामय पदका लागि योग्य हुनुहुन्न भन्ने थप पुष्टि भएको छ ।

४ गठबन्धनका केही दलहरुले एमसीसी सम्झौता राष्ट्रघाती भन्दै कार्यकर्ता भड्काउने र जनतामा अन्यौल सिर्जना गर्ने कार्य गर्दै आए, विषाक्त प्रचारबाजी गरे । द्विपक्षीय विषयलाई भूराजनीतिक विषयजस्तो बनाइयो । चौबीस घन्टाअघि उनीहरुले सत्ता छोड्ने तर सहमति नगर्ने पनि भन्न भ्याए । २४ घण्टापछि उनीहरुमा 'दिव्यज्ञान' पलायो र शुरु भयो अर्को स्पष्टिकरणको सिलसिला- पद जोगिनु क्रान्ति, पद जानु प्रतिक्रान्ति ! गठबन्धन ढले आफू ढल्ने, आफ्ना हितैषीहरुको पनि पद जाने भएकोले समर्थन गर्नुको विकल्प नरहेको वयानबाजी गरे । खासगरी नेकपा (एमाले)का विरुद्ध हतियारका रुपमा प्रयोग गरिएको यस सम्झौताका सन्दर्भमा अढाई वर्षको अवधिमा के-के मात्रै भनिएन र गरिएन ? पहिलो- केपी ओली प्रधानमन्त्री पदबाट फ्याकिएपछि अनुमोदन गर्ने । दोस्रो- ४/५ महिना समय पाऔ, पारित गर्छौं । तेस्रो- चुनावपछि पारित गरौंला । चौथो- यथास्थितिमा पारित गर्दैनौं । पााचौं- बहिस्कार गरेर पारित गर्न सहयोग गर्छौं । छैटौं- लाज छोप्ने पातलो र पारदर्शी पर्दा पाऔं, अनि पारित गर्छौं, आदि । यी सबै रङ्गीबिरङ्गी हरकतको सार एउटै थियो- नेकपा (एमाले)लाई कमजोर पार्ने र सत्ता टिकाउने । एकातिर आफ्नो स्वार्थअनुकूल सत्ताको लेनदेन गर्ने, अर्कातिर आफ्ना नेता-कार्यकर्तालाई राष्ट्रवादको नाममा सडकमा उतार्ने, सार्वजनिक सम्पत्तिमा तोडफोड गर्न लगाउने र कार्यकर्ता तथा राज्यका सुरक्षा निकायबीच भिडन्त गराउने दुष्कर्म गराए । यस्तो लबस्तरोपनले उनीहरुको वास्तविक अनुहार उदाङ्गो भएको छ र भ्रमको पर्दा च्यातिएको छ ।

५ प्रतिनिधिसभाको बैठकमा प्रस्तुत 'व्याख्यात्मक घोषणा' शाकाहारीले 'किताबको माछा पो खान हुन्न, खोलाको त भइहाल्छ नि' भनेजस्तै हो । गठबन्धनका नेताहरु त्यस घोषणालाई लालीपाउडर घसीघसी अझै भ्रमको खेती गर्नमा सक्रिय छन् । दुई सरकारबीच भएको सम्झौता, सहमतिको झन्डै आधा दशकपछि एकतर्फी व्याख्याद्वारा संशोधन हुन्छ भन्नु जनतालाई ढाट्ने दुष्प्रयास हो

र यो हास्यास्पद कुरा हो । यो तथ्य प्रतिनिधिसभाको बैठकमा सत्तापक्षीय केही माननीयहरुद्वारा समेत अभिव्यक्त भएको छ । यस सम्बन्धमा एमसीसी आफैले वक्तव्य दिएर यस्ता कथित घोषणाले सम्झौतामा कुनै फरक नपार्ने कुरा स्पष्ट पारिसकेको छ । तर, अझै पनि केही नेताहरु 'व्याख्यात्मक घोषणा' हिजो आफूले गलत थियो भनिएको एमसीसीलाई दुरुस्त पार्ने भ्याक्सिनका रुपमा प्रचार गर्न खोज्दै छन् । यो जनतालाई दिग्भ्रमित पार्ने अर्को चालबाजी हो । हामी केही नेताहरुका 'लत्रिएका जुगा'लाई 'ठाडो पार्ने हतियार'का रुपमा संसदीय अभ्यासलाई विकृत पार्दै दुरुपयोग गरिएकोमा दुःखित छौ ।

६ एउटा तथ्यमा हामी सबै स्पष्ट हुनुपर्छ, एमसीसीसम्बन्धी मुद्दा तत्कालीन नेकपाका अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीलाई पदच्यूत गर्ने लक्ष्यसहित विकृत रुपमा शुरु गरिएको योजनाबद्ध दुष्प्रचार थियो । गलत मनशायमा आधारित त्यस 'अभियान'ले झण्डै तीन वर्षदेखि नेपाली जनमानसलाई अनावश्यक ढङ्गले गिजोल्यो, विभाजित गऱ्यो । विवाद यसरी उछालियो कि त्यसले नेपाल राष्ट्रको सामर्थ्यलाई उपेक्षा गऱ्यो र नेपाली स्वाभिमानको समेत तेजोबध गऱ्यो । मुलुकलाई माया गर्ने र विकास तथा समृद्धिको सपना बोकेका नेताप्रति द्वेषपूर्ण अभिव्यक्तिको लागि सिङ्गो समाजलाई उकास्यो । कुत्सित स्वार्थपूर्तिको लागि चलाइएको अफवाह र हल्लैहल्लामा सिर्जना गरिएको कृत्रिम विवादमार्फत् नेपाली-नेपालकाबीच एकापसमा अविश्वासको अकल्पनीय खाडल खडा गऱ्यो ।

७ एमसीसी सम्झौता अहिलेका सत्तागठबन्धनमा रहेका दलहरुले गरे । यसलाई विवादास्पद पनि तिनै गठबन्धनका नेताहरुले बनाए । सम्झौता आफूले गरे, जनताले जवाफ माग्दा उत्तर दिनुको साटो प्रश्न एमसीसीतिर तेर्स्याए । सन्धि-सम्झौताका सन्दर्भमा राज्यले गर्नुपर्ने पत्राचारजस्तो विषयमा दलका नेताले हात हालेर कूटनीतिक मर्यादाको घोर उल्लंघन गरे । हाम्रो पार्टी विभाजनको लागि समेत हतियारको रुपमा यसैलाई प्रयोग गरे । हाम्रो पार्टी यसखाले दुःषित अभियानमा संलग्नहरुप्रति खेद प्रकट गर्दछ ।

८ नेपाललाई चाहिने कुनै पनि विकास अभियान सञ्चालन गर्न हामी नेपाली सक्षम र स्वतन्त्र छौ । नेपालको संविधान जारी भएसागै नेपाल विकास र समृद्धिको नयाा चरणमा प्रवेश गरेको छ । 'समृद्ध नेपाल, सुखी नेपाली'को हाम्रो राष्ट्रिय आकाङ्क्षा पूरा गर्न हामीलाई द्विपक्षीय होस् वा बहुपक्षीय व्यापक मात्रामा वैदेशिक सहायताको आवश्यकता छ । हामीले भनेका छौ- हामी हाम्रो राष्ट्रिय हित र स्वाभिमान विपरीत कुनै पनि अनुचित शर्तसहित आउने लगानी होस् वा सहायता केही पनि स्वीकार्दैनौं । हामी हाम्रो आवश्यकता र प्राथमिकता एवम् उचित आधारमा आउने बाह्य ऋण, लगानी वा सहायता स्वीकार्छौं । हामी त्यस्तो सहायता परिचालन गरी विकासको प्रतिफल आफ्ना देशवासीलाई उपलब्ध गराउने सामर्थ्य राख्छौ । सार्वभौम समानताको आधारमा कुनै पनि मित्रराष्ट्र र हितैषी दातृसंस्थासाग सहायता परियोजना लिने वा नलिने निर्णय गर्न पनि स्वतन्त्र तथा सक्षम छौ । कुनै पनि दाताबाट प्राप्त विकास सहायता परिचालन गर्दा छिमेकी मित्रराष्ट्रहरुको संवेदनशीलताप्रति हामी सजग रहन्छौ । हामी सबै मित्रराष्ट्रको सहयोगलाई उत्तिकै महत्व दिन्छौं । सहयोगी कुनै पनि राष्ट्रहरुका चासो तथा संवेदनशीलताप्रति सजग रहन्छौ ।

९ सरकार भनेको राज्यका तर्फबाट अधिकारप्राप्त अविच्छिन्न उत्तराधिकारवाला संस्था हो । एउटा सरकारले दातृराष्ट्र या निकायसाग गरेको सहमति वा सम्झौता अर्को सरकारले उपयुक्त कारण र प्रक्रियाविनै रद्द गर्ने हो भने त्यस्ता राष्ट्रप्रति विश्वासको सङ्कट उत्पन्न हुन्छ । तसर्थ, राज्यका निकायहरुले विमर्श गरी, हाम्रो राष्ट्रिय आवश्यकता पूरा गर्न अनुरोध गरिएका, सम्झौता गरिएका परियोजनाहरुलाई जुन सरकारको नेतृत्वमा शुरु भएको भए पनि उत्तराधिकारी सरकारले निरन्तरता दिनुपर्ने सामान्य विधिप्रति हामी स्पष्ट छौ भन्ने कुरा व्यवहारले नै प्रमाणित गरिसकेको कुरा हो । यसले हाम्रो पार्टी अरुभन्दा फरक र जिम्मेवार पार्टी हो भन्ने कुरा थप पुष्टि भएको छ ।

१० कुनै पनि बाह्य सहायता लिनुपूर्व वा लिने सम्झौता गर्नुपूर्व सबै पक्षहरुमा यथेष्ट ध्यान दिनु आवश्यक छ । सम्झौता गरिसकेपछि कार्यान्वयनतर्फ लाग्नुपर्दछ । यस सम्बन्धमा केही प्रश्न उठेमा स्पष्ट पार्ने दायित्व पनि सरकारकै हुन्छ । अहिले सत्ता गठबन्धनका केही नेताहरुबाट अपारदर्शी ढङ्गले जे-जस्तो सहमति पनि गर्न तयार हुने तर जननिर्वाचित प्रतिनिधिहरुको नजरबाट लुकाउन खोज्नेजस्ता द्वैध चरित्र प्रदर्शन भएको छ । 'सरकारले गरेको सम्झौता सुटुक्क लागू गर्न छोडेर संसद्मा किन पेश गरियो' भन्नेजस्ता छली प्रवृत्तिसाग नेकपा (एमाले) सहमत हुन सक्दैन । त्यसै कारण यो संसद्मा अनुमोदनका लागि प्रस्तुत गरिएको थियो ।

११ एमसीसी परियोजनासम्बन्धी सम्झौता संसद्बाट अनुमोदन भइसकेको छ । अब राष्ट्रको हित प्रतिकूल नहुने गरी यसको कार्यान्वयन हुनुपर्दछ । पारित भइसकेके परियोजनाका बारेमा राष्ट्रको जनमतलाई थप विभाजित गर्नु हानिकारक हुन्छ ।

१२ मुलुकको विकासका लागि दूरदृष्टिसहितको बलियो राष्ट्रिय सङ्कल्प चाहिन्छ । त्यो सङ्कल्प पूरा गर्न राष्ट्रिय दृष्टिकोण र अडान भएको बलियो राष्ट्रिय पार्टी चाहिन्छ । दरिलो राष्ट्रिय एकता कायम गरी विकास अभियान सञ्चालन गर्न कुण्ठा एवम् स्वार्थप्रेरित अतिरञ्जनापूर्ण प्रचारबाजीबाट मुक्त हुनु आवश्यक छ । एमसीसी प्रकरणमा गठबन्धनमा रहेका केही पार्टीका गलत चालवाजी र उनीहरुबाट प्रकट भएका घातक प्रवृत्तिबाट मुलुकलाई मुक्त पार्न आवश्यक छ । ती दलहरुसाग आस्थाका कारण भावना जोडिएका निर्दोष कार्यकर्ताहरु अझै हुनुहुन्छ । सङ्कीर्ण राजनीतिक स्वार्थका लागि भ्रमको पर्दा खडा गरेर आफ्ना कार्यकर्तालाई बारम्बार दुरुपयोग गर्ने नेतृत्वबाट सचेत रहादै बलियो राष्ट्रिय शक्ति निर्माणमा योगदान गर्नका लागि हाम्रो पार्टी त्यस्ता कार्यकर्ता तथा सदस्यहरुलाई आह्वान गर्दछ ।

*(नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीद्वारा १७ फागुन, २०७८ मा जारी वक्तव्य ।)*

# सातै प्रदेशमा निर्वाचन केन्द्रित प्रशिक्षण तथा अभिमुखीकरण

काठमाडौं । नेकपा (एमाले)ले पार्टीका देशैभरिका २ हजार ७ सय ६२ जना अगुवा नेता एवं कार्यकर्तालाई स्थानीय तह निर्वाचन केन्द्रित प्रशिक्षण तथा अभिमुखीकरण प्रशिक्षण दिएको छ ।

पार्टीको केन्द्रीय पार्टी स्कुल विभाग, स्थानीय विकास विभाग र निर्वाचन विभागको संयुक्त आयोजना र प्रदेश कमिटीहरूको व्यवस्थापनमा सम्पन्न *'स्थानीय तह निर्वाचन केन्द्रित प्रदेशस्तरीय प्रशिक्षण तथा अभिमुखीकरण'* कार्यक्रममार्फत पार्टीका नेता-कार्यकर्तालाई प्रशिक्षित गराइएको हो ।

पार्टीको विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशनद्वारा पारित राजनीतिक कार्यदिशा, नीति तथा निर्णयहरू देशव्यापी रूपमा कार्यकर्तामाझ लैजानुका साथैसाथै आसन्न स्थानीय निर्वाचनको तयारीका लागि पार्टीको कार्यकारी कमिटीका कार्यकर्ताहरूलाई अभिमुख गर्ने उद्देश्यले आयोजना गरिएको प्रशिक्षण एवं अभिमुखीकरण कार्यक्रमको अध्यक्ष केपी शर्मा ओलीले माघ २८ गते भर्चुअल माध्यमबाट उद्घाटन र सम्बोधन गर्नुभएको थियो ।

सम्बोधनका क्रममा अध्यक्ष ओलीले समृद्धिको यात्रा पूरा गर्न र समाजवादको आधार तयार गर्न आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा हाम्रो पार्टी नेकपा (एमाले)ले विजय हासिल गर्नैपर्ने बताउँदै देशव्यापी रूपमा स्थानीय तहमा आफ्नो ध्यान केन्द्रित गर्न पार्टीका सम्पूर्ण नेता-कार्यकर्तालाई आह्वान गर्नुभयो ।

प्रदेशस्तरीय प्रशिक्षण एवं अभिमुखीकरण कार्यक्रममा सम्बन्धित प्रदेशका सबै केन्द्रीय कमिटी पदाधिकारी एवं सदस्यहरू, सबै सङ्घीय र प्रदेश सांसदहरू, प्रदेश कमिटी पदाधिकारीहरू, जिल्ला कमिटी पदाधिकारीहरू, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुखहरू, पालिका पार्टी कमिटी अध्यक्षहरू, निर्वाचित पालिका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्षहरू, प्रदेश, जिल्ला, स्थानीय तह विभागका प्रमुखहरूको सहभागिता रहेको थियो । लुम्बिनी र सुदूर पश्चिम प्रदेशले भने पार्टीको प्रदेश कमिटीका सबै सदस्यलाई सहभागी गराएको थियो ।

**प्रदेश नं. १**

प्रदेश नं. १ को राजधानी विराटगरमा फागुन १ र २ मा सञ्चालन भएको प्रशिक्षण एवं अभिमुखीकरण कार्यक्रमको पार्टीका उपाध्यक्ष कमरेड विष्णु पौडेलले उद्घाटन गर्नुभयो । सो अवसरमा उहाँले वर्तमान राष्ट्रिय राजनीतिका बारेमा कार्यकर्तालाई अवगत गराउँदै पार्टीको दसौं महाधिवेशनका निर्णय र कार्यदिशाबारे प्रशिक्षणमूलक विचार प्रस्तुत गर्नुभयो ।

पार्टीका उपमहासचिव प्रदीप ज्ञवालीले सबल र गतिशील पार्टी निर्माण : राजनीतिक, सङ्गठनात्मक र शैलीगत विषयहरूका बारेमा, स्थानीय तह निर्वाचनको तयारीमा ध्यान दिनुपर्ने कानुनी र व्यावहारिक पक्षहरूका बारेमा स्थायी कमिटी सदस्य अग्नि खरेल र एमाले नेतृत्वको सरकारका उपलब्धिहरूका विषयमा स्थायी कमिटी सदस्य शिवमाया तुम्बाहाम्फेले प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा प्रदेश इन्चार्ज देवराज घिमिरेले कार्यकर्ताहरूलाई स्थानीय तहको निर्वाचनमा केन्द्रित भएर लाग्न निर्देशन दिनुभयो ।

प्रदेश कमिटीका अध्यक्ष तुलसी न्यौपानेको अध्यक्षतामा सम्पन्न सो प्रशिक्षण एवं अभिमुखीकरण कार्यक्रमको सञ्चालन प्रदेश कमिटी सचिव चिन्तन पाठकले गर्नुभएको थियो भने उपाध्यक्ष टीका चेम्जोङले स्वागत मन्तव्य दिनुभयो । कार्यक्रममा ४ सय २५ जना अगुवा नेता-कार्यकर्ताको सहभागिता रहेको थियो ।

**मधेस प्रदेश**

मधेस प्रदेशको कार्यक्रम प्रदेश राजधानी जनकपुरधाममा फागुन ३ र ४ मा सम्पन्न भयो । सो कार्यक्रम पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । वरिष्ठ उपाध्यक्ष पोखरेलले समसामयिक राष्ट्रिय राजनीतिका बारेमा अवगत गराउँदै पार्टीको दसौं राष्ट्रिय महाधिवेशनका निष्कर्षसहित र आगामी कार्यदिशाबारे कार्यकर्तालाई प्रशिक्षण दिनुभयो ।

सो कार्यक्रममा सबल र गतिशील पार्टी निर्माणका बारेमा उपमहासचिव प्रदीप ज्ञवाली, स्थानीय तह निर्वाचनको तयारीमा ध्यान दिनुपर्ने कानुनी र व्यावहारिक पक्षका बारेमा पोलिटब्युरो सदस्य ईश्वरी रिजाल र एमाले नेतृत्वको सरकारका उपलब्धिहरूका बारेमा सचिव रघुवीर महासेठले प्रशिक्षण दिनुभएको थियो । प्रदेश कमिटी अध्यक्ष रामअवतार यादवको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको सञ्चालन सचिव डा. कृष्ण पौडेलले गर्नुभएको थियो भने उपाध्यक्ष रेवती पन्तले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा २ सय ५० जना पार्टी नेता एवं कार्यकर्ताको सहभागिता रहेको थियो ।

**वाग्मती प्रदेश**

वाग्मती प्रदेशको कार्यक्रम काठमाडौंमा फागुन ६ र ७ गते सम्पन्न भयो । पार्टी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यको प्रमुख आतिथ्यमा भएको यो कार्यक्रममा उपाध्यक्ष शाक्यले आजका चुनौतीको सामना गर्दै हाम्रो पार्टीले लिनुपर्ने बाटोका सन्दर्भमा धारणा राख्नुभयो ।

सो कार्यक्रममा दसौं राष्ट्रिय महाधिवेशनद्वारा पारित पार्टीको राजनीतिक सिद्धान्त, कार्यक्रम र कार्यदिशाका बारेमा महासचिव शंकर पोखरेल, सबल र गतिशील पार्टी निर्माण : राजनीतिक, सङ्गठनात्मक र शैलीगत विषयहरूका बारेमा उपमहासचिव

प्रदीप ज्ञवाली र स्थानीय तह निर्वाचनको तयारीमा ध्यान दिनुपर्ने कानुनी र व्यावहारिक पक्षहरूका बारेमा उपमहासचिव विष्णु रिमालले प्रशिक्षण दिनुभएको थियो । प्रदेश इन्चार्ज काशीनाथ अधिकारीले स्थानीय तहको निर्वाचनमा केन्द्रित भएर लाग्न कार्यकर्तालाई निर्देशन दिनुभयो ।

प्रदेश कमिटी अध्यक्ष केशव पाण्डेको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको सञ्चालन सचिव विजय सुवेदीले गर्नुभएको थियो भने उपसचिव रत्न गुरुडले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा ४ सय २५ जनाको सहभागिता रहेको थियो ।

**गण्डकी प्रदेश**

गण्डकी प्रदेशको कार्यक्रम प्रदेशको राजधानी पोखरामा फागुन ८ र ९ गते सम्पन्न भयो । कार्यक्रम पार्टीका उपाध्यक्ष युवराज ज्ञवालीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । कार्यक्रममा उपाध्यक्ष ज्ञवालीले अहिले हाम्रो पार्टीलाई दक्षिणपन्थी अवसरवादीहरू र पुँजीवादीहरूले घेराबन्दीमा पारिरहेको चर्चा गर्दै उक्त घेराबन्दीलाई तोड्न हामीले गर्नुपर्ने कामहरूका बारेमा सविस्तार व्याख्या गर्दै समसामयिक राजनीतिक परिस्थितिका बारेमा प्रशिक्षित गराउनुभयो ।

कार्यक्रममा दसौं राष्ट्रिय महाधिवेशनद्वारा पारित पार्टीको राजनीतिक सिद्धान्त, कार्यक्रम र कार्यदिशाका बारेमा उपमहासचिव प्रदीप ज्ञवाली, सबल र गतिशील पार्टी निर्माण : राजनीतिक, सङ्गठनात्मक र शैलीगत विषयहरूका बारेमा उपमहासचिव पृथ्वी सुब्बा गुरुङ, नेकपा (एमाले) नेतृत्वको सरकारका उपलब्धिका बारेमा सचिव पद्मा अर्याल र स्थानीय तह निर्वाचनको तयारीमा ध्यान दिनुपर्ने कानुनी र व्यावहारिक पक्षहरूका बारेमा पोलिटब्युरो सदस्य ईश्वरी रिजालले प्रशिक्षण दिनुभएको थियो ।

प्रदेश कमिटी अध्यक्ष नवराज शर्माको अध्यक्षता सम्पन्न कार्यक्रमको सञ्चालन सचिव धनञ्जय दवाडीले गर्नुभएको थियो भने उपाध्यक्ष मोहन रेग्मीले स्वागत मन्तव्य दिनुभएको थियो । कार्यक्रममा २ सय ८९ जनाको सहभागिता रहेको थियो ।

**लुम्बिनी प्रदेश**

लुम्बिनी प्रदेशको कार्यक्रम बुटवलमा फागुन ११ र १२ गते सम्पन्न भयो । सो कार्यक्रम पार्टीका महासचिव शंकर पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । सो अवसरमा महासचिव पोखरेलले समसामयिक राजनीतिक परिस्थितिका बारेमा व्याख्या गर्दै दसौं राष्ट्रिय महाधिवेशनको महत्त्व, यसको विशेषता र यसले गरेका निर्णयहरूको दूरगामी महत्त्वका साथै विधान महाधिवेशन र यसका निष्कर्षहरूसहित आगामी कार्यदिशाका बारेमा कार्यकतालाई प्रशिक्षण दिनुभयो ।

उक्त कार्यक्रममा उपमहासचिव प्रदीप ज्ञवालीले सबल र गतिशील पार्टी निर्माण : राजनीतिक, सङ्गठनात्मक र शैलीगत विषयहरूका बारेमा, कमरेड रमेश बडालले स्थानीय तह निर्वाचनको तयारीमा ध्यान दिनुपर्ने कानुनी र व्यावहारिक पक्षहरूका बारेमा र पोलिटब्युरो सदस्य देवेन्द्र दाहालले एमाले नेतृत्वको सरकारका उपलब्धिका बारेमा प्रशिक्षण एवं अभिमुखीकरण गराउनुभएको थियो । प्रदेश इन्चार्ज छविलाल विश्वकर्माले प्रदेशका कार्यकर्तालाई स्थानीय तहको निर्वाचनमा केन्द्रित भएर लाग्न निर्देशन दिनुभयो ।

प्रदेश कमिटी अध्यक्ष राधाकृष्ण कँडेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन सचिव लक्ष्मण आचार्यले गर्नुभएको थियो भने उपाध्यक्ष भोजप्रसाद श्रेष्ठले सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । कार्यक्रममा ६ सय ५८ जनाको सहभागिता रहेको थियो ।

**कर्णाली प्रदेश**

कर्णाली प्रदेशको कार्यक्रम प्रदेशको राजधानी सुर्खेतमा फागुन १४ र १५ मा सम्पन्न भयो । उपाध्यक्ष रामबहादुर थापाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा थापाले समसामयिक राजनीतिक परिस्थितिका बारेमा धारणा राख्नुभयो ।

उक्त कार्यक्रममा उपमहासचिव प्रदीप ज्ञवालीले दसौं राष्ट्रिय महाधिवेशनद्वारा पारित पार्टीको राजनीतिक सिद्धान्त, कार्यक्रम र कार्यदिशाका बारेमा, स्थायी कमिटी सदस्य यामलाल कँडेलले सबल र गतिशील पार्टी निर्माण : राजनीतिक, सङ्गठनात्मक र शैलीगत विषयहरूका बारेमा, पोलिटब्युरो सदस्य देवेन्द्र दाहालले स्थानीय निर्वाचन परिचालनका बारेमा र केन्द्रीय सदस्य निरज आचार्यले स्थानीय तह निर्वाचनको तयारीमा ध्यान दिनुपर्ने कानुनी र व्यावहारिक पक्षहरूबारेमा सहभागीहरूलाई प्रशिक्षित गराउनुभयो ।

प्रदेश कमिटी अध्यक्ष विनोद शाहको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन सचिव कमल शाहीले गर्नुभएको थियो भने उपाध्यक्ष लालबहादुर महतराले स्वागत मन्तव्य दिनुभएको थियो । कार्यक्रममा २ सय २५ जनाको सहभागिता रहेको थियो ।

**सुदूरपश्चिम प्रदेश**

सुदूरपश्चिम प्रदेशको कार्यक्रम धनगढीमा फागुन १५ र १६ गते सम्पन्न भयो । कार्यक्रम पार्टीका उपाध्यक्ष सुरेन्द्र पाण्डेको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । स्थानीय तहको निर्वाचनमा अभूतपूर्व जित हासिल गर्न पार्टीका सबै नेता-कार्यकर्ता 'जो-जो जुन-जुन पद र ओहोदामा हुनुहुन्छ, त्यसको सदुपयोग गर्दै सक्रियतापूर्वक लाग्नुपर्ने' कार्यक्रममलाई सम्बोधन गर्दै उपाध्यक्ष पाण्डेले बताउनु भयो ।

उक्त कार्यक्रममा उपमहासचिव प्रदीप ज्ञवालीले दसौं राष्ट्रिय महाधिवेशनद्वारा पारित पार्टीको राजनीतिक सिद्धान्त र सबल र गतिशील पार्टी निर्माण : राजनीतिक, सङ्गठनात्मक र शैलीगत विषयहरूका बारेमा, स्थायी कमिटी सदस्य कर्ण थापाले स्थानीय तह निर्वाचनको तयारीमा ध्यान दिनुपर्ने कानुनी एवं व्यावहारिक पक्षहरूका बारेमा र पोलिटब्युरो सदस्य देवेन्द्र दाहालले एमाले नेतृत्वको सरकारका उपलब्धिका बारेमा प्रशिक्षण दिनुभएको थियो । प्रदेश इन्चार्ज लेखराज भट्टले प्रदेशका कार्यकर्तालाई स्थानीय तहको निर्वाचनमा केन्द्रित भएर लाग्न निर्देशन दिनुभयो ।

प्रदेश कमिटी अध्यक्ष दामोदर भण्डारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन सचिव धर्मराज पाठकले गर्नुभएको थियो भने उपाध्यक्ष कमल तिमिल्सिनाले सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । कार्यक्रममा ५ सय जनाको सहभागिता रहेको थियो ।

# १० औँ राष्ट्रिय महाधिवेशन भव्यतापूर्वक सम्पन्न

नेकपा (एमाले) को दशौँ राष्ट्रिय महाधिवेशन २०७८ मंसिर १० देखि १४ गतेसम्म चितवनमा सम्पन्न भयो । मंसिर १० गते चितवनको नारायणगढस्थित नारायणी नदीको किनारामा सात लाखभन्दा बढी जनसमुदायको उपस्थितिमा भव्यताका साथ आयोजित कार्यक्रममा अध्यक्ष कमरेड केपी शर्मा ओलीले नेपालको राष्ट्रिय झण्डा, कम्युनिस्ट पार्टीको झण्डा र नेकपा (एमाले) को चुनाव चिह्नको झण्डा एकसाथ झण्डोत्तोलन गरी महाधिवेशन उद्घाटन गर्नुभयो ।

पार्टीको महाधिवेशनको सफलताको कामना गर्न हाम्रो पार्टीको आमन्त्रण स्वीकार गरी विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु उपस्थित हुनुभयो । नेपाली कांग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का स्थायी समिति सदस्य लीलामणि पोखरेल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापा र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले महाधिवेशन सफलताको शुभकामना दिनुभयो ।

उपस्थित जनसमुदाय र अतिथिहरुलाई स्थायी कमिटी सदस्य तथा महाधिवेशन मूल व्यवस्थापन कमिटी संयोजक कमरेड रामबहादुर थापाले स्वागत गर्नुभयो भने कार्यक्रम सञ्चालन केन्द्रीय कमिटीका सचिव कमरेड प्रदीपकुमार ज्ञवालीले गर्नुभयो । कार्यक्रमस्थल रहेको जिल्ला चितवनका जिल्ला कमिटी अध्यक्ष कमरेड पार्वती रावलले धन्यवाद ज्ञापन गर्नुभयो । राष्ट्रिय जनसांस्कृतिक महासंघका तर्फबाट नेपालको सांस्कृतिक विविधता झल्किने गरी गीत सांगीतिक प्रस्तुति प्रस्तुत भयो ।

**बन्दशत्र**

मंसिर ११ गते अध्यक्ष कमरेड केपी शर्मा ओलीको अध्यक्षता र महासचिव कमरेड ईश्वर पोखरेलको सञ्चालनमा बन्दशत्र आरम्भ भयो । बन्दशत्रमा केन्द्रीय कमिटीको प्रस्ताव बमोजिम महाविधेशन सम्पन्न गर्नका लागि ११ सदस्यीय अध्यक्ष मण्डल र सात सदस्यीय माइन्युट कमिटी गठन प्रस्ताव गरियो र उक्त प्रस्ताव पारित भयो ।

अध्यक्ष कमरेड केपी शर्मा ओलीको अध्यक्षतामा गठित अध्यक्षमण्डलमा कमरेडहरु युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, भीमबहादुर रावल, ईश्वर पोखरेल, सुवासचन्द्र नेम्वाङ, रामबहादुर थापा, टोपबहादुर रायमाझी, छविलाल विश्वकर्मा, लालबाबु पण्डित र गोमा देवकोटासदस्य रहनुभएको थियो ।

यसैगरी सचिव पृथ्वीसुब्बा गुरुङको अध्यक्षतामा गठित माइन्युट कमिटीमा कमरेडहरु सूर्य थापा, विष्णु रिजाल, मनोजजंग थापा, ठाकुर गैरे, ज्वालाकुमारी साह र गोविन्दबहादुर नेपाली सदस्य रहनुभएको थियो ।

**विदेशी पार्टीका तर्फबाट शुभकामना मन्तव्य**

महाधिवेशनको उद्घाटन शत्रमा स्वदेशी तथा विदेशी पार्टीका प्रतिनिधिहरुको सहभागिता रहेकोमा स्वदेशी पार्टीका प्रतिनिधिहरुलाई उद्घाटन शत्रमा र विदेशी पार्टीका प्रतिनिधिहरुलाई बन्दशत्रमा शुभकामना मन्तव्य दिने व्यवस्था मिलाइयो । सोही अनुसार विभिन्न मुलुकका पार्टीका प्रतिनिधिहरुले बन्दशत्रमा आफ्नो पार्टीका तर्फबाट शुभकामना दिनुभयो ।

कम्युनिष्ट पार्टी अफ बंगलादेश, कम्युनिष्ट पार्टी अफ इन्डिया ( मार्क्सवादी), जनता विमुक्ति पेरामुना, कम्युनिष्ट पार्टी अफ इन्डिया,



कम्बोडियन पिपुल्स पार्टी, भारतीय जनता पार्टी, भारतीय राष्ट्रिय कंग्रेस, कम्युनिष्ट पार्टी अफ इन्डिया (मार्क्सवादी-लेनिनवादी लिबरेसन) का नेताहरुले शुभकामना दिनुभयो । भारतीय जनता पार्टी, भारतीय राष्ट्रिय कांग्रेस र भारतीय कम्युनिस्ट पार्टीका नेताहरु अघिल्लै दिन फर्किनुभयो भने बाँकी नेताहरुले बन्दशत्रलाई सम्बोधन गर्नुभयो । चीन, टर्की र फ्रान्सबाट प्राप्त भिडिओ सन्देशहरु हलसमक्ष प्रशारण गरियो । महाधिवेशनमा भौतिक रुपमा उपस्थित हुन नसकेका पार्टीहरुका तर्फबाट प्राप्त शुभकामना सन्देशहरु विदेश मामिला विभाग प्रमुख डा. राजन भट्टराईले वाचन गरेर सुनाउनुभयो ।

**अध्यक्षको सम्बोधन**

बन्दशत्रलाई नवौं राष्ट्रिय महाधिवेशनबाट निर्वाचित अध्यक्षका हैसियतले अध्यक्ष केपी शर्मा ओलीले अन्तिम सम्बोधन गर्नुभयो । दुई घण्टा लामो आफ्नो मन्तव्यका क्रममा अध्यक्ष कमरेडले विगतको समीक्षा गर्दै आगामी दिनका कामहरुका बारेमा विस्तृतमा प्रकाश पार्नुभयो । पार्टी र आन्दोलनले भोगेका उतार-चढावहरुका बारेमा वस्तुनिष्ट ढंगले विवेचना गर्दै अध्यक्ष कमरेडले यसबीचमा हासिल भएका उपलब्धिहरुका लागि पार्टीले गर्व गर्ने र आगामी दिनमा थप उपलब्धिका लागि क्रियाशील रहने अठोटका साथ त्यस काममा सफलता प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

महासचिव कमरेड ईश्वर पोखरेलले बन्दशत्र सञ्चालन गर्ने क्रममा पार्टी निर्माणका वर्तमान चुनौतीहरु र तिनको समाधानका लागि पार्टी पंक्तिले निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा स्पष्ट पार्नुभयो ।

**विधान संशोधन**

विधानको धारा ४(४) ले दिएको अधिकार प्रयोग गरी केन्द्रीय कमिटीको १५ औं बैठक (२०७८ मंसिर १० गते) ले गरेको निर्णयअनुसार नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को विधान, २०४९ (प्रथम विधान महाधिवेशन, २०७८ को संशोधन सहित) मा आवश्यक संशोधनका लागि उपमहासचिव तथा संगठन विभाग प्रमुख विष्णुप्रसाद पौडेलले बन्दसत्रमा विधान संशोधन प्रस्ताव प्रस्तुत गर्नुभयो । उक्त प्रस्तावलाई बन्दशत्रले सर्वसम्मत रुपमा पारित गऱ्यो ।

संशोधन प्रस्ताव पारित भएपछि उपमहासचिव तथा संगठन विभाग प्रमुख विष्णुप्रसाद पौडेलले ३०१ सदस्यीय केन्द्रीय कमिटी, २५ सदस्यीय केन्द्रीय अनुशासन आयोग र २५ सदस्यीय केन्द्रीय लेखा आयोगको निर्वाचनका लागि पदाधिकारी तथा सदस्यहरुको निर्वाचन क्षेत्रका बारेमा प्रस्ताव राख्नुभयो र उक्त प्रस्तावलाई हलले सर्वसम्मत्तिले पारित गऱ्यो ।

केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरुको संख्या र निर्वाचन क्षेत्रसमेत निर्धारण भएपश्चात् महासचिव कमरेड ईश्वर पोखरेलले नवौं केन्द्रीय कमिटीको पन्ध्रौं तथा अन्तिम बैठकमा भएको छलफलका आधारमा सर्वसम्मत रुपमा केन्द्रीय कमिटीको निर्वाचन गर्नका लागि आवश्यक प्रस्ताव पेस गर्न उपमहासचिव तथा संगठन विभाग प्रमुख कमरेड विष्णुप्रसाद पौडेललाई जिम्मेवारी दिनुभयो । सो अनुसार संगठन विभाग प्रमुख कमरेड विष्णुप्रसाद पौडेलले अहिले अवस्थामा पार्टीमा सहमति र एकताका साथ अघि बढ्नुपर्ने आवश्यकता रहेको महसुस केन्द्रीय कमिटीको बैठकमा भएको पृष्ठभूमि उल्लेख गर्दै सर्वसम्मत रुपमा केन्द्रीय कमिटी र केन्द्रीय निकायको निर्वाचन गर्नका लागि प्रस्ताव तयार गर्न अध्यक्ष कमरेड केपी शर्मा ओलीलाई जिम्मेवारी दिने प्रस्ताव हलसमक्ष राख्नुभयो । उक्त प्रस्तावलाई हलले सर्वसम्मत्तिका साथ अनुमोदन गऱ्यो । साथै, उक्त प्रस्तावमा कसैको विमति रहेका उम्मेदवार बन्न पाउने वैधानिक व्यवस्था रहेको उल्लेख गर्दै एकताका लागि आ-आफ्नो ठाउँबाट योगदान गर्न आग्रह गर्नुभयो ।

**महाधिवेशनबाट पारित निर्वाचन प्रक्रिया**

१. दशौं राष्ट्रिय महाधिवेशनको बन्दसत्रले केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगका पदाधिकारी तथा सदस्यहरुकाको निर्वाचन सर्वसम्मतिका साथ सम्पन्न गर्ने प्रयोजनका लागि पार्टी अध्यक्ष कमरेड केपी शर्मा ओलीलाई उम्मेदवाहरुको नामावली प्रस्ताव गर्न जिम्मेवारी दिने ।

२. उक्त प्रस्तावमा सहमत प्रतिनिधिहरुले अध्यक्ष कमरेडबाट प्रस्तुत भए बमोजिको पदाधिकारी वा सदस्य पदमा उम्मेवारी दिने र असहमत हुने प्रतिनिधिले आफूले इच्छाएको पदमा उम्मेवारी दिने सक्ने ।

महाधिवशेनको हलले अत्यन्त उत्साहका साथ ग्रहण गरेको र निर्णय भएको सर्वसम्मत्तिको प्रस्तावमा असहमत भई निर्वाचनमा खडा हुने निर्णयका कारण सबै महानिधवेशन प्रतिनिधिहरु निर्वाचन प्रक्रियामा सहभागी हुनुपर्ने भएकाले महाधिवेशन दुई दिन थप लम्बिन पुग्यो र मंसिर ११ र १२ गते सक्ने तय भएको बन्दशत्र १४ गते मात्र सम्पन्न भयो ।

**केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगको निर्वाचन**

२०७८ मंसिर १२ गते राती अध्यक्ष कमरेड केपी शर्मा ओलीले महाधिवेशनको बन्दशत्रले आफूलाई दिएको जिम्मेवारी अनुरुप ३ सय १ सदस्यीय केन्द्रीय कमिटी, २५ सदस्यीय केन्द्रीय अनुशासन आयोग र २५ सदस्यीय केन्द्रीय लेखा आयोगको नाम प्रस्ताव गर्नुभयो ।

सहमति र निर्वाचनका दुबै लोकतान्त्रिक बाटोहरु खुल्ला रहेको उल्लेख गर्दै अध्यक्ष कमरेडले आफ्नो प्रस्तावप्रति सहमत नहुने कुनै पनि प्रतिनिधिलाई उम्मेदवार बन्ने विकल्प खुल्लै रहेको पनि बताउनुभयो । उक्त प्रस्ताव अत्यधिक प्रतिनिधिहरुले ताली बजाएर समर्थन जनाएपछि हलबाट पारित भयो । अध्यक्षमण्डलका सदस्य तथा केन्द्रीय कमिटीका उपाध्यक्ष भीमबहादुर रावलले त्यसमा असहमति राख्नुभयो र अध्यक्ष कमरेडको अनुमतिले हलसमक्ष त्यस कुराको जानकारी दिनुभयो ।

मंसिर १३ गते र १४ गते निर्वाचन आयोगले सञ्चालन गरेको निर्वाचनबाट नयाँ केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोग निर्वाचित भए । अधिकांश पदमा निर्विरोध र केहीमा निर्वाचनका माध्यमबाट नेतृत्व चयन भयो ।

निर्वाचन आयोगका अध्यक्ष डा. विजय सुब्बाले मंसिर १४ गते साँझ आयोतिज समापन कार्यक्रममा अन्तिम निर्वाचन परिणाम घोषणा गर्नुभयो । निर्वाचन आयोगका अध्यक्ष डा. विजय सुब्बाले नवनिर्वाचित अध्यक्ष कमरेड केपी शर्मा ओलीलाई शपथ ग्रहण गराउनुभयो थियो भने अध्यक्ष कमरेडले केन्द्रीय कमिटीका सदस्यहरुलाई शपथ गराउनुभयो । केन्द्रीय अनुशासन आयोगका अध्यक्ष कमरेड केशव बडाल र केन्द्रीय लेखा आयोगका अध्यक्ष डा. पुष्प कँडेलले आ-आफ्ना आयोगका पदाधिकारी तथा सदस्यहरुलाई शपथ गराउनुभयो ।

# महाधिवेशनबाट पारित प्रस्तावहरु

नवौं केन्द्रीय कमिटीका तर्फबाट केन्द्रीय कमिटीका सचिव कमरेड प्रदीपकुमार ज्ञवालीले समसामयिक विषयमा पार्टीका दृष्टिकोणहरु स्पष्ट पार्न प्रस्ताव प्रस्तुत गर्नुभयो ।

महाधिवेशनबाट पारित प्रस्तावहरु यस प्रकार छन्:

नेकपा (एमाले) दशौं राष्ट्रिय महाधिवेशन यही मंसिर १० गते सुरु भएर आज १४ गते सम्पन्न हुँदै छ। मंसिर १० गते चितवन, नारायणगढस्थित नारायणी किनारामा उद्घाटन भएको महाधिवेशनको बन्दशत्र ११-१४ सम्म प्रसिद्ध पर्यटकीय स्थल सौराहामा आयोजना गरिएको थियो । दशौं राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोह नेपालमा हालसम्मकै सर्वाधिक जनसहभागितासहित भव्य, ऐतिहासिक र अत्यन्त उत्साहपूर्ण वातावरणमा सम्पन्न भयो । उद्घाटन समारोहमा भएको अभूतपूर्व जनसहभागिताबाट पार्टीको आत्मविश्वास उच्च भएको छ । उद्घाटन सत्रमा भएको भव्य उपस्थितिले नेकपा (एमाले) नै देशको प्रमुख शक्ति हो भन्ने पुष्टि भएको छ। यसका लागि हाम्रो पार्टी गौरवान्वित छ । त्यसै गरी तीन दिनसम्म सञ्चालित बन्द सत्र अत्यन्त सौहार्द रह्यो । महाधिवेशनले देहायका प्रस्तावहरु पारित गरेको छ:

१. यो महाधिवेशन राष्ट्रिय स्वाधीनता, लोकतन्त्र, सामाजिक-आर्थिक रुपान्तरण तथा समाजवादका लागि सङ्घर्ष गर्दा आफ्नो अमूल्य जीवन अर्पण गर्नु हुने सम्पूर्ण शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँहरुका आदर्शबाट निरन्तर प्रेरणा प्राप्त गरिरहने सङ्कल्प गर्दछ ।

२. यो महाधिवेशन पार्टीका संस्थापक महासचिव पुष्पलाल, जननेता तथा जनताको बहुदलीय जनवादका प्रणेता मदन भण्डारी तथा प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारीप्रति उच्च सम्मानका साथ श्रद्धासुमन अर्पण गर्दछ। पार्टीका पूर्व महासचिव तुलसीलाल र अग्रणी महिला नेतृ सहाना प्रधान लगायत आन्दोलनका अग्रजहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछ ।

३. यो महाधिवेशन नवौं महाधिवेशन यता दिवंगत हुनुभएका केन्द्रीय सदस्य कमरेडहरु रामनाथ ढकाल, महिम सुब्बा लिम्बु, रवीन्द्र अधिकारी, दिनेशचन्द्र यादव, पशुपति चौलागाईं र योगनारायण यादव तथा पार्टीका स्थायी कमिटी सदस्य एवं पूर्व उपप्रधानमन्त्री तथा अर्थमन्त्री भरतमोहन अधिकारी, केन्द्रीय निकायका सदस्यहरु- वीरबहादुर ठगुन्ना, जागृतप्रसाद भेटवाल, माणिकलाल गौतम, पूर्वसांसदहरु वीरबहादुर सिंह, कमला सुवेदी, रत्नप्रसाद शर्मा, वीरबहादुर लामालगायत कमरेडहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ ।

४. यो महाधिवेशन लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानप्रति ऐक्यबद्धता जाहेर गर्दछ र महिला विरुद्ध हुने सबै खाले हिंसाका विरुद्ध अग्रपङ्क्तिमा उभिएर सङ्घर्ष गर्ने दृढता व्यक्त गर्दछ। पार्टी पङ्क्तिलाई महिला हिंसा विरुद्ध सचेत, जागरुक र प्रतिरोधी बनाउँदै नेपाली समाजलाई महिला हिंसाबाट मुक्त बनाउने सङ्कल्प गर्दछ ।

५. वर्तमान सरकार राष्ट्रिय हित, जनसरोकार र लोकतान्त्रिक मूल्य-मान्यताप्रति दिनानुदिन गैरजिम्मेवार बन्दै गएको छ। राष्ट्रिय स्वाभिमानमाथि आँच पुग्दा समेत कुनै प्रतिवाद नगर्ने, लोकतान्त्रिक मूल्यमान्यताको उपहास गर्ने र जनताको जीवनलाई झनै कष्टकर बनाउन उद्यत् देखिएको छ। राज्यका तीनवटै अङ्ग विवादित र अकर्मण्य अवस्थामा छन् र जनविश्वास गुमाउँदै गएका छन्। महङ्गी आकासिएको छ। सर्वत्र बेथिति बढेको छ। गठबन्धनमा आबद्ध नेताहरुको स्वार्थपूर्तिका लागि प्रदेशहरुमा मन्त्रालयलाई जथाभावी विभाजन गर्दै सङ्ख्या बढाउने र सरकारी सम्पत्तिको दुरुपयोग गर्ने क्रम बढेको छ। एमाले नेतृत्वका सरकारहरुले अगाडि बढाएका कैयौं राष्ट्रिय र प्रादेशिक विकास आयोजनाहरुलाई राजनीतिक पूर्वाग्रहका कारण रद्द गरिएको छ। यसले विकास र समृद्धिको यात्रा मात्रै अवरुद्ध भएको छैन, जनतामा निराशा समेत बढ्दै गएको छ। यो महाधिवेशन राष्ट्रिय हित र स्वाभिमानमाथि आँच पुग्ने कुनै पनि काम नगर्न, लोकतान्त्रिक मूल्य मान्यताहरुको अपमान नगर्न, विकास आयोजनाहरुको बजेट कटौती नगर्न, मूल्यवृद्धि नियन्त्रण गर्न र जनताको जीवनमाथि थप कष्ट पुऱ्याउने काम नगर्न सरकारको गंभीर ध्यानाकर्षण गर्दछ।

६. गत असोजको अन्तिमबाट परेको बेमौसमी बर्खा र त्यसका कारण आएको बाढीपहिरोले जनधनको ठूलो क्षति भएको छ। सयभन्दा बढी नागरिकहरुको ज्यान गएको छ, हजारौं परिवार घरबारविहीन भएका छन् भने सडक लगायत पूर्वाधारमा ठूलो क्षति भएको छ। अर्बौं मूल्य बराबरको पाकेको धानबाली सखाप हुँदा हजारौं किसान परिवार मर्माहत भएका छन्। यो महाधिवेशन किसानहरुको उक्त पीडाप्रति सहानुभूति व्यक्त गर्दै सरकारसँग उचित क्षतिपूर्ति, राहत र पुनर्स्थापनाका लागि जोडदार माग गर्दछ।

७. शान्ति प्रक्रियाका बाँकी कामहरुलाई टुङ्ग्याएर पीडितलाई न्याय र पीडकलाई सजाय दिने दायित्वबाट सरकार पन्छिँदै गएको छ। यसले पीडितहरुमा पीडा थपिँदै जाने, न्याय पाउने आशा समाप्त हुँदै जाने र अन्तर्राष्ट्रिय जगत्मा नेपालको छविमाथि प्रतिकूल प्रभाव पर्ने सम्भावना बढ्दै गएको छ। यो महाधिवेशन सरकार र सत्ता गठबन्धनलाई सङ्क्रमणकालीन न्यायका काममा आलटाल नगर्न र द्वन्द्वका पीडितहरुलाई अविलम्ब परिपूरणको प्रबन्ध गर्न माग गर्दछ।

८. राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राख्दै स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्नु तथा सन्तुलित वाह्य सम्बन्ध सञ्चालन गर्नु संविधानको मर्म र दिशा निर्देश समेत हो। तर, वर्तमान सरकार स्वतन्त्र परराष्ट्र नीतिको अवलम्बन र सन्तुलित वाह्य सम्बन्धका आधारभूत मान्यताको परिपालनामा चुकिरहेको छ। परराष्ट्र नीतिसँग जोडिएका संवेदनशील प्रश्नहरुमा सत्तारुढ गठबन्धनका नेताहरुका परस्पर विरोधी अभिव्यक्ति, छिमेकी लगायत नेपालका महत्वपूर्ण विकास साझेदार मुलुकमा लामो समयसम्म कुटनीतिक नेतृत्वको रिक्तता जस्ता विषय यसका दृष्टान्त हुन्। यो महाधिवेशन परराष्ट्र नीति र छिमेक लगायत वाह्य सम्बन्धमा देखा परेका सरकारका असङ्गत र अपरिपक्व व्यवहारको विरोध गर्दछ।

९. २०७८ असार २८ को परमादेश सत्ता गठबन्धनका नेताहरुको स्वार्थपूर्तिका लागि न्यायालय र राजनीतिक पक्षबीच भएको 'सेटिङ' को परिणाम र राजनीतिक उद्देश्यले निर्देशित फैसला हो भन्ने कुरा

सर्वोच्च अदालतभित्र देखा परेका पछिल्ला घटनाक्रमबाट पुष्टि भएको छ। त्यही फैसलाकै सहउत्पादनका रुपमा समस्या झाँगिदै गएर आज हजारौं नागरिकहरु न्याय पाउनबाट मात्र बञ्चित भइरहेका छैनन्, बन्दीप्रत्यक्षीकरण जस्तो सङ्कटकालमा पनि रोक्न नपाइने मौलिक अधिकारको समेत हनन भएको छ। सर्वोच्च अदालत परिसरभित्र हाल देखा परेका बेथिति, अराजकता र जनताको न्याय पाउने हकको हननप्रति महाधिवेशन खेद व्यक्त गर्दछ। निश्चित समूहको स्वार्थपूर्तिका लागि न्यायालयलाई बन्धक नबनाउन खबरदारी गर्दै यो महाधिवेशन न्याय पाउने नागरिकहरुको हकको प्रत्याभूति गर्न एवं न्यायालयलाई भ्रष्टाचार मुक्त, स्वच्छ र सक्षम बनाउन सम्बद्ध सबै पक्षसँग आह्वान गर्दछ।

१०. हालै सम्पन्न संयुक्त राष्ट्र सङ्घको ७६ औं महासभाबाट नेपाललाई अल्पविकसित अवस्थाबाट विकासशील देशमा स्तरोन्नत गर्ने प्रस्ताव पारित भएको छ। नेकपा (एमाले) नेतृत्वको सरकारले अगाडि बढाएको प्रक्रिया अनुरुप संयुक्त राष्ट्र सङ्घबाट पारित उक्त प्रस्ताव नेपालको सामाजिक-आर्थिक रुपान्तरणको दिशामा महत्वपूर्ण छ र यसले नेपालको आत्मविश्वास बढाउन सहयोग पुऱ्याउने छ। यो महाधिवेशन नेपाललाई विकासशील देशमा स्तरोन्नतिका लागि आवश्यक पूर्वाधार तयार गर्ने नेकपा (एमाले) नेतृत्वको पूर्ववर्ती सरकारको प्रशंसा गर्दै संयुक्त राष्ट्र सङ्घलाई धन्यवाद ज्ञापन गर्दछ। स्तरोन्नत हुने क्रममा रहेका मुलुकहरुले पाउने सहुलियत र सुविधालाई सुनिश्चित गर्न ध्यानाकर्षण गर्दछ।

११. यो महाधिवेशन गतः कार्तिक ६ गते सम्पन्न वडा/शाखा अधिवेशन तथा ९ गते सम्पन्न पालिका/इलाका अधिवेशनमा कमरेडहरुले देखाउनु भएको उच्चस्तरको एकता, हार्दिकता र समझदारीको उच्च मूल्याङ्कन गर्दै नेतृत्वमा निर्वाचित सबै कमरेडहरुलाई बधाइ तथा सफलताको शुभकामना व्यक्त गर्दछ। हाम्रो पार्टीका आधारभूत संरचनामा रहेका उक्त कमिटीहरुको कामलाई थप सुदृढ, व्यवस्थित बनाउँदै सबै खाले चुनौतीको सामना गर्ने गरी पार्टी कामलाई प्रभावकारी बनाउन यो महाधिवेशन आह्वान गर्दछ।

१२. यो महाधिवेशन संविधानको मर्म र कानुनको व्यवस्था अनुसार आफ्ना प्रत्येक निर्वाचित कमिटीहरुमा न्यूनतम एक तिहाइ महिला सहभागिता सुनिश्चित गर्ने नेपालको पहिलो पार्टी हुन सकेकोमा गर्व गर्दछ। दसौं राष्ट्रिय महाधिवेशनबाट हामीले दुई पदाधिकारीसहित एक तिहाईभन्दा बढी महिलाका साथै श्रमिक, आदिवासी-जनजाति, मधेसी, दलित, थारु, मुस्लिम, पिछडिएको क्षेत्र लगायतको समावेशी प्रतिनिधित्व गर्ने केन्द्रीय कमिटी निर्वाचित गरेका छौं। पार्टी संरचनाहरुलाई थप समावेशी बनाउँदै पार्टीलाई श्रमिक वर्ग, महिला, युवा, दलित लगायत समाजका आधारभूत वर्गमा अझ बढी आधारित बनाउँदै लैजाने सङ्कल्प गर्दछ।

१३. यो महाधिवेशन पार्टीका सबै तहका कमिटीहरुलाई आगामी निर्वाचनको तयारीमा लाग्न, आफ्ना कार्यक्षेत्रहरुमा पार्टीको विजय सुनिश्चित गर्न र यसका लागि आवश्यक सङ्गठनात्मक व्यवस्थापनलाई तत्काल तीव्रता दिन आह्वान गर्दछ।

१४. राष्ट्रिय राजनीति चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेको यस समयमा हाम्रो पार्टीको काँधमा अत्यन्त ठूलो जिम्मेवारी छ भन्ने कुराप्रति नेकपा (एमाले) संवेदनशील र सजग छ। महाधिवेशन मुलुकको सबैभन्दा ठूलो, सर्वाधिक लोकप्रिय पार्टी र प्रमुख प्रतिपक्षको नाताले राष्ट्रिय हितको रक्षा र राष्ट्रियतालाई सुदृढ गर्न, संविधानको रक्षा र यसको सही कार्यान्वयन गर्न, संवैधानिक र लोकतान्त्रिक प्रक्रिया पथविचलित हुन नपाओस् भन्ने सुनिश्चित गर्न र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा साकार पार्न आगामी दिनमा अझ बढी प्रभावकारी भूमिका खेल्ने सङ्कल्प गर्दछ। जनताको जनादेशसहित छिटै राज्यको नेतृत्वदायी भूमिकामा स्थापित हुने र उक्त जनादेशलाई सामाजिक-आर्थिक रुपान्तरण र समृद्धिका लागि समर्पित गर्ने विश्वास व्यक्त गर्दछ। पार्टीलाई अग्रगामी रुपान्तरणको नेतृत्वदायी तथा निर्णायक शक्तिका रुपमा स्थापित गर्नका लागि वैचारिक रुपमा अझ सुस्पष्ट, सङ्गठनात्मक रुपमा थप व्यवस्थित र सुदृढ, भावनात्मक रुपमा अझ आत्मीय तथा अनुशासित पार्टीका रुपमा स्थापित गर्ने सङ्कल्प गर्दछ।

१५. दक्षिणपन्थी अवसरवाद कम्युनिष्ट आन्दोलनको मुख्य चुनौतीका रुपमा देखा परेको छ। जनताको अभिमतलाई लगेर प्रतिक्रियावादका पाउमा चढाउने, राजनीतिक स्थायित्वलाई भत्काउने, जनविरोधी शक्तिसँग साँठगाँठ गर्ने र व्यक्तिगत/गुटगत स्वार्थका लागि कम्युनिष्ट आन्दोलनको भविष्यमाथि नै प्रहार गर्ने यस अवसरवादलाई वैचारिक/राजनीतिक रुपमा परास्त गर्नु जरुरी छ। त्यसरी नै, पार्टीभित्रका सामान्य र स्वाभाविक मतान्तरहरुलाई कटुतापूर्ण स्वरुप दिने, पार्टीमा स्थायी गुट निर्माण गर्ने र व्यक्तिगत स्वार्थका लागि पार्टीका विधि, पद्धति र वृहत्तर हितलाई लत्याउने सङ्गठनात्मक अराजकता सुदृढ पार्टी निर्माणको मुख्य वाधक हो। यिनलाई पराजित गर्दै जबजको मार्गदर्शनमा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्नु अहिलेको हाम्रो मुख्य दायित्व हो। दसौं राष्ट्रिय महाधिवेशन विधान महाधिवेशनबाट पारित 'दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई पराजित गरौं, जबजको मार्गदर्शनमा समाजवादको आधार निर्माण गरौं' भन्ने मूल नाराको मर्मलाई आत्मसात गर्दै बलियो पार्टी निर्माण र समृद्ध राष्ट्र निर्माणको अभिभारालाई सँगसँगै अगाडि बढाउने सङ्कल्प गर्दछ।

१६. केही व्यक्तिहरुका निहित स्वार्थ र दुराशयका कारण राजनीतिक स्थायित्वलाई भत्काएर मुलुकलाई पुनः अस्थिरतातिर धकेल्ने प्रयाश भइरहेको छ। तसर्थ यो महाधिवेशन राजनीतिक स्थायित्व र बलियो राष्ट्रिय शक्ति निर्माणका लागि छरिएर रहनु भएका सबै सच्चा वामपन्थी, लोकतान्त्रिक तथा देशभक्त कार्यकर्ताहरुलाई सबै खाले भ्रम, अन्यौल र द्विविधाबाट मुक्त भएर नेकपा (एमाले) मा आबद्ध हुन आह्वान गर्दछ।

१७. महाधिवेशनको उद्घाटन समारोहमा अभूतपूर्व सङ्ख्यामा सहभागी भएर हामीलाई उच्च मनोबल प्रदान गर्नु हुने सबै दाजुभाइ दिदीबहिनीहरुमा दसौं राष्ट्रिय महाधिवेशन हार्दिक आभार व्यक्त गर्दछ। कार्यक्रममा उपस्थित भएर हामीलाई शुभकामना दिनु हुने स्वदेशी तथा विदेशी अतिथिहरु, शुभकामना सन्देश पठाउनु हुने मित्र पार्टीहरु, चितवन जिल्ला कमिटी सहित चितवनका सबै कमरेडहरु, महाधिवेशनलाई व्यापक रुपमा प्रसार-प्रसार गरिदिनु हुने सञ्चारमाध्यमहरु, अहोरात्र खट्नु हुने स्वयंसेवक, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरु, कलाकार तथा संस्कृतिकर्मीहरु, विद्युतीय मतदान मेशिन उपलब्ध गराउनु हुने मित्रहरु, हामीलाई न्यानो आतिथ्य दिनु हुने सौराहा र चितवनका अन्य सहरका पर्यटन/होटल व्यवसायीहरु एवं पार्टीलाई विभिन्न ढङ्गले सहयोग गर्नु हुने सबै महानुभावहरुप्रति हार्दिक आभार र कृतज्ञता ज्ञापन गर्दछ। ❒

# नेकपा (एमाले)
# दशौं राष्ट्रिय महाधिवेशन
(१०–१४ मंसिर २०७८, सौराहा, चितवन)बाट निर्वाचित
# केन्द्रीय कमिटी

| क्र.सं. | पद | निर्वाचन क्षेत्र | पद संख्या | पदाधिकारी/सदस्यको नाम |
|---|---|---|---|---|
| क. | केन्द्रीय कमिटी | | ३०१ | |
| १. | पदाधिकारी | | १९ | |
| १.१ | **अध्यक्ष** | **खुला** | १ | केपी शर्मा ओली |
| १.२ | **वरिष्ठ उपाध्यक्ष** | **खुला** | १ | ईश्वर पोखरेल |
| १.३ | **उपाध्यक्ष** | **खुला** | ६ | अष्टलक्ष्मी शाक्य |
| | उपाध्यक्ष | खुला | | युवराज ज्ञवाली |
| | उपाध्यक्ष | खुला | | रामबहादुर थापा |
| | उपाध्यक्ष | खुला | | विष्णुप्रसाद पौडेल |
| | उपाध्यक्ष | खुला | | सुरेन्द्रप्रसाद पाण्डे |
| | उपाध्यक्ष | खुला | | सुवासचन्द्र नेम्वाङ |
| १.४ | **महासचिव** | **खुला** | १ | शंकर पोखेल |
| १.५ | **उपमहासचिव** | **खुला** | ३ | पृथ्वीसुब्बा गुरुङ |
| | उपमहासचिव | खुला | | प्रदीप ज्ञवाली |
| | उपमहासचिव | खुला | | विष्णुप्रसाद रिमाल |
| १.६ | **सचिव** | **खुला** | ७ | गोकर्ण विष्ट |
| | सचिव | खुला | | छविलाल विश्वकर्मा |
| | सचिव | खुला | | टोपबहादुर रायमाझी |
| | सचिव | खुला | | पद्माकुमारी अर्याल |
| | सचिव | खुला | | योगेश भट्टराई |
| | सचिव | खुला | | रघुवीर महासेठ |
| | सचिव | खुला | | लेखराज भट्ट |
| २. | सदस्य (भौगोलिक क्षेत्र) | | ६७ | |
| २.१ | **सदस्य- प्रदेश नं.१** | **खुला** | ६ | किशोरकुमार अधिकारी |
| | सदस्य | खुला | | टंकआङ्बुहाङ्ग (लिम्बु ) |
| | सदस्य | खुला | | तिलकुमार मेन्याङ्बो लिम्बु |
| | सदस्य | खुला | | परशुराम अधिकारी |

| | | | | |
|---|---|---|---|---|
| | सदस्य | खुला | | बसन्तकुमा रनेम्बाङ |
| | सदस्य | खुला | | राजेन्द्रकुमार राई |
| २.२ | **सदस्य- प्रदेश नं.१** | **महिला** | ३ | उषाकला राई |
| | सदस्य | महिला | | मञ्जु भण्डारी |
| | सदस्य | महिला | | मेनुका काफ्ले |
| २.३ | **सदस्य- प्रदेश नं.२** | **खुला** | ६ | अरविन्दकुमार सिंह |
| | सदस्य | खुला | | उपेन्द्र साह |
| | सदस्य | खुला | | प्रभु साह |
| | सदस्य | खुला | | राजकुमार लेखी |
| | सदस्य | खुला | | लिलानाथ श्रेष्ठ |
| | सदस्य | खुला | | सुमन प्याकुरेल |
| २.४ | **सदस्य- प्रदेश नं.२** | **महिला** | ३. | कल्पनाकुमारी कटुवाल |
| | सदस्य | महिला | | रञ्जना सरकार |
| | सदस्य | महिला | | रेखाकुमारी झा |
| २.५ | **सदस्य-बागमती प्रदेश** | **खुला** | ६ | आनन्दप्रसाद पोखरेल |
| | सदस्य | खुला | | कृष्णबहादुर राई |
| | सदस्य | खुला | | कैलाशप्रसाद ढुंगेल |
| | सदस्य | खुला | | खेमप्रसाद लोहनी |
| | सदस्य | खुला | | रामेश्वर रानामगर |
| | सदस्य | खुला | | सरेश नेपाल |
| २.६ | **सदस्य- बागमती प्रदेश** | **महिला** | ३ | पार्वती रावल |
| | सदस्य | महिला | | पेम्बा लामा |
| | सदस्य | महिला | | रचना खड्का |
| २.७ | **सदस्य- गण्डकी प्रदेश** | **खुला** | ६ | इन्द्रलाल सापकोटा |
| | सदस्य | खुला | | जगत विश्वकर्मा |
| | सदस्य | खुला | | टुकराज सिग्देल |
| | सदस्य | खुला | | तिलबहादुर महत क्षेत्री |
| | सदस्य | खुला | | भुपेन्द्रबहादुर थापा |
| | सदस्य | खुला | | मायानाथ अधिकारी |
| २.८ | **सदस्य- गण्डकी प्रदेश** | **महिला** | ३ | नरदेवी पुनमगर |

| | | | | |
|---|---|---|---|---|
| | सदस्य | महिला | | मिनाकुमारी गुरुङ्ग |
| | सदस्य | महिला | | सिमाकुमारी क्षेत्री |
| २.९ | **सदस्य-लुम्बिनी प्रदेश** | **खुला** | ६ | खेममान खड्का |
| | सदस्य | खुला | | दिनेश पन्थी |
| | सदस्य | खुला | | नविन रोकामगर |
| | सदस्य | खुला | | भूमीश्वर ढकाल |
| | सदस्य | खुला | | लिला गिरी |
| | सदस्य | खुला | | हरि रिजाल |
| २.१० | **सदस्य-लुम्बिनी प्रदेश** | **महिला** | ३ | मेनका पोखरेल |
| | सदस्य | महिला | | सरिता खनाल (भुसाल) |
| | सदस्य | महिला | | सावित्रा अर्याल |
| २.११ | **सदस्य- कर्णाली प्रदेश** | **खुला** | ६ | गुलावजंग शाह |
| | सदस्य | खुला | | डम्वरबहादुर सिंह |
| | सदस्य | खुला | | धर्मराज रेग्मी |
| | सदस्य | खुला | | नगिन्द्र शाही (नेशनल) |
| | सदस्य | खुला | | निरज आचार्य |
| | सदस्य | खुला | | विष्णु रिजाल |
| २.१२ | **सदस्य- कर्णाली प्रदेश** | **महिला** | ३ | तिर्था गौतम |
| | सदस्य | महिला | | मिनासिंह रखाल |
| | सदस्य | महिला | | मोहनमाया ढकाल (भण्डारी) |
| २.१३ | **सदस्य-सुदुर पश्चिम प्रदेश** | **खुला** | ६ | राजेन्द्रसिंह रावल |
| | सदस्य | खुला | | अफिलाल ओखेडा |
| | सदस्य | खुला | | झफटबहादुर बोहरा |
| | सदस्य | खुला | | नारदमुनि राना |
| | सदस्य | खुला | | भैरवबहादुर सिंह |
| | सदस्य | खुला | | लिलाधर भट्ट |
| २.१४ | **सदस्य-सुदुर पश्चिम प्रदेश** | **महिला** | ३ | कमलाकुमारी ओली |
| | सदस्य | महिला | | कुमारीकमला बोहरा |
| | सदस्य | महिला | | सन्तोष शर्मा थापा |
| २.१५ | **सदस्य-उपत्यका विशेष** | **खुला** | १ | माधव ढुङ्गेल |

| | | | | |
|---|---|---|---|---|
| २.१६ | **सदस्य-उपत्यका विशेष** | **महिला** | १ | बिनाकुमारी श्रेष्ठ |
| २.१७ | **सदस्य-सम्पर्क समन्वय** | **खुला** | १ | नरेन्द्रकुमार श्रेष्ठ |
| २.१८ | **सदस्य-सम्पर्क समन्वय** | **महिला** | १ | कल्पना थापा |
| ३. | **सदस्य (समावेशी क्षेत्र)** | | ७८ | |
| ३.१ | **सदस्य-आदिवासी जनजाती** | **खुला** | १७ | आइन्द्रसुन्दर नेम्वाङ |
| | सदस्य | खुला | | कमलजंग राई |
| | सदस्य | खुला | | केशव स्थापीत |
| | सदस्य | खुला | | खगेन्द्र राई |
| | सदस्य | खुला | | गोकुलप्रसाद घर्तीमगर |
| | सदस्य | खुला | | जमिन्द्रमान घले |
| | सदस्य | खुला | | टेकबहादुर वलम्पाकी |
| | सदस्य | खुला | | डम्बरसिं सम्बाहाम्फे |
| | सदस्य | खुला | | डा. अजय क्रान्ति शाक्य |
| | सदस्य | खुला | | दलबहादुर राना |
| | सदस्य | खुला | | दावा तामाङ |
| | सदस्य | खुला | | पासाङ शेर्पा |
| | सदस्य | खुला | | लिलबहादुर थापामगर |
| | सदस्य | खुला | | विद्यासुन्दर शाक्य |
| | सदस्य | खुला | | सी.पी. घर्ती (चन्द्रप्रकाश) |
| | सदस्य | खुला | | हरिबहादुर राजवंशी |
| | सदस्य | खुला | | हरिबहादुर राई |
| ३.२ | **सदस्य-आदिवासी जनजाति** | **महिला** | ८ | अमृता सुब्बा |
| | सदस्य | महिला | | ईश्वरी घर्ती |
| | सदस्य | महिला | | उर्मिला थेवे |
| | सदस्य | महिला | | जुनेलीमाया श्रेष्ठ |
| | सदस्य | महिला | | टसीस्याङ्मो गुरूङसेनी |
| | सदस्य | महिला | | तारादेवी राई |
| | सदस्य | महिला | | सावित्रा राना |
| | सदस्य | महिला | | सूर्यकुमारी श्रेष्ठ |
| ३.३ | **सदस्य- मधेशी** | **खुला** | १३ | कुन्दनप्रसाद कुशवाहा |

| | | | | |
|---|---|---|---|---|
| | सदस्य | खुला | | गंगाप्रसाद यादव |
| | सदस्य | खुला | | मोतीलाल दुगड |
| | सदस्य | खुला | | जगदीशप्रसाद कुसियैत |
| | सदस्य | खुला | | पशुपतिदयाल मिश्र |
| | सदस्य | खुला | | प्रभु हजारा |
| | सदस्य | खुला | | प्रमोदनारायण यादव |
| | सदस्य | खुला | | राजकुमार प्रसाद गुप्ता |
| | सदस्य | खुला | | रामचन्द्र मण्डल |
| | सदस्य | खुला | | रामलाल शाह |
| | सदस्य | खुला | | सरोजकुमार यादव |
| | सदस्य | खुला | | सुशीलकुमार श्रीवास्तव |
| | सदस्य | खुला | | हरिनारायण महतो |
| ३.४ | **सदस्य- मधेशी** | **महिला** | ६ | कमलादेवी महतो |
| | सदस्य | महिला | | जुलीकुमारी महतो |
| | सदस्य | महिला | | ज्वालाकुमारी साह |
| | सदस्य | महिला | | रितादेवी शाह |
| | सदस्य | महिला | | शिला यादव |
| | सदस्य | महिला | | सरीताकुमारी गिरी (यादव) |
| ३.५ | **सदस्य-दलित** | **खुला** | ८ | ईश्वरबहादुर रिजाल (ईश्वरी रिजाल) |
| | सदस्य | खुला | | गोबिन्दबहादुर नेपाली |
| | सदस्य | खुला | | जंगबहादुर नेपाली |
| | सदस्य | खुला | | जितु गौतम (जितबहादुर दर्जी गौतम) |
| | सदस्य | खुला | | पुरनसिंह दयाल |
| | सदस्य | खुला | | बोमबहादुर बिश्वकर्मा |
| | सदस्य | खुला | | रामदयाल मण्डल |
| | सदस्य | खुला | | रामपृत राम |
| ३.६ | **सदस्य- दलित** | **महिला** | ४ | बिष्णुमाया बि.क. |
| | सदस्य | महिला | | रामरतिदेवी राम |
| | सदस्य | महिला | | शिवकुमारी गोतामे (सार्की) |
| | सदस्य | महिला | | सविता रसाइली |

| | | | | |
|---|---|---|---|---|
| ३.७ | **सदस्य- थारू** | **खुल्ला** | ५ | कृपाराम राना |
| | सदस्य | खुल्ला | | गौरीशंकर थारू चौधरी |
| | सदस्य | खुल्ला | | नरूलाल चौधरी |
| | सदस्य | खुल्ला | | बलबिर प्रसाद चौधरी |
| | सदस्य | खुल्ला | | वैजनाथ चौधरी |
| ३.८ | **सदस्य- थारू** | **महिला** | २ | गंगा चौधरी (सतगौवा) |
| | सदस्य | महिला | | मञ्जुकुमारी चौधरी |
| ३.९ | **सदस्य- मुस्लिम** | **खुल्ला** | ४ | तैयवहुसेन मियाँ |
| | सदस्य | खुल्ला | | महम्मद समिर |
| | सदस्य | खुल्ला | | महम्मद हारून हलुवाई |
| | सदस्य | खुल्ला | | सिराज अहमद फारूकी |
| ३.१० | **सदस्य- मुस्लिम** | **महिला** | १ | साजिदा खातुन सिद्दिकी |
| ३.११ | **सदस्य- श्रमिक** | **खुला** | ४ | कमल गौतम |
| | सदस्य | खुला | | बाबुराम थापा |
| | सदस्य | खुला | | रमेश वडाल |
| | सदस्य | खुला | | विनोद श्रेष्ठ |
| ३.१२ | **सदस्य- श्रमिक** | **महिला** | २ | मञ्जुकुमारी थापामगर |
| | सदस्य | महिला | | सिता लामा |
| ३.१३ | **सदस्य-पिछडिएको क्षेत्र** | **खुला** | ३ | भैरवसुन्दर श्रेष्ठ |
| | सदस्य | खुला | | मोहन बानियाँ |
| | सदस्य | खुला | | लालबहादुर थापा |
| ३.१४ | **सदस्य-पिछडिएको क्षेत्र** | **महिला** | १ | वदमी क्वारा बुढा (बोहोरा) |
| ४. | **सदस्य (खुला क्षेत्र)** | | १३७ | |
| ४.१ | **सदस्य- खुला** | **खुला** | ८४ | अग्नीप्रसाद खरेल |
| | सदस्य | खुला | | अच्युतप्रसाद मैनाली |
| | सदस्य | खुला | | अरुण नेपाल |
| | सदस्य | खुला | | कपिलदेव पोखेल |
| | सदस्य | खुला | | कमलप्रसाद चौलागाई |
| | सदस्य | खुला | | कर्णबहादुर थापा |
| | सदस्य | खुला | | काशीनाथ अधिकारी |

| | | | | |
|---|---|---|---|---|
| | सदस्य | खुला | | किरण गुरुङ |
| | सदस्य | खुला | | किरण पौडेल |
| | सदस्य | खुला | | किशोरविक्रम मल्ल |
| | सदस्य | खुला | | कुमार दशौंदी |
| | सदस्य | खुला | | कृष्णगोपाल श्रेष्ठ |
| | सदस्य | खुला | | कृष्णप्रसाद दाहाल |
| | सदस्य | खुला | | कृष्णप्रसाद पौडेल |
| | सदस्य | खुला | | कृष्णबहादुर थापा |
| | सदस्य | खुला | | खगराज अधिकारी |
| | सदस्य | खुला | | खड्कबहादुर खड्का |
| | सदस्य | खुला | | खिमलाल भट्टराई |
| | सदस्य | खुला | | गणेशकुमार पहाडी |
| | सदस्य | खुला | | गणेशसिंह ठगुन्ना |
| | सदस्य | खुला | | गिर्धारीलाल न्यौपाने |
| | सदस्य | खुला | | गुरुप्रसाद बराल |
| | सदस्य | खुला | | गोकुलप्रसाद बाँस्कोटा |
| | सदस्य | खुला | | गोरखबहादुर बोगटी |
| | सदस्य | खुला | | गोविन्द थापा |
| | सदस्य | खुला | | घनश्याम पाण्डे |
| | सदस्य | खुला | | घनश्याम भुषाल |
| | सदस्य | खुला | | चन्द्रबहादुर खड्का |
| | सदस्य | खुला | | चेतनारायण आचार्य |
| | सदस्य | खुला | | जगन्नाथ थपलिया |
| | सदस्य | खुला | | जीवन घिमिरे |
| | सदस्य | खुला | | झपटबहादुर रावल |
| | सदस्य | खुला | | टंकप्रसाद कार्की |
| | सदस्य | खुला | | ठाकुरप्रसाद गैरे |
| | सदस्य | खुला | | डा.राजन भट्टराई |
| | सदस्य | खुला | | दधीराम न्यौपाने |
| | सदस्य | खुला | | दयालबहादुर शाही |

| | | | | |
|---|---|---|---|---|
| | सदस्य | खुला | | दल रावल |
| | सदस्य | खुला | | दिवाकर देवकोटा |
| | सदस्य | खुला | | देवराज घिमिरे |
| | सदस्य | खुला | | देवीप्रसाद ज्ञवाली |
| | सदस्य | खुला | | देवेन्द्र दाहाल |
| | सदस्य | खुला | | नरबहादुर धामी |
| | सदस्य | खुला | | नवराज रावत |
| | सदस्य | खुला | | नारायणबहादुर सिलवाल |
| | सदस्य | खुला | | निर्मल भट्टराई |
| | सदस्य | खुला | | पठानसिंह बोहरा |
| | सदस्य | खुला | | परशुराममेघी गुरुङ्ग |
| | सदस्य | खुला | | पार्वत गुरुङ्ग |
| | सदस्य | खुला | | पुरुषोत्तम पौडेल |
| | सदस्य | खुला | | प्रकाशबहादुर शाह |
| | सदस्य | खुला | | बलराम अधिकारी |
| | सदस्य | खुला | | बालकृष्ण ढुंगेल |
| | सदस्य | खुला | | भानुभक्त ढकाल |
| | सदस्य | खुला | | भीमप्रसाद आचार्य |
| | सदस्य | खुला | | भीमबहादुर कार्की |
| | सदस्य | खुला | | मणिचन्द्र थापा |
| | सदस्य | खुला | | मनोजजंग थापा |
| | सदस्य | खुला | | महेश बस्नेत |
| | सदस्य | खुला | | माधवप्रसाद अर्याल |
| | सदस्य | खुला | | यज्ञराज सुनुवार |
| | सदस्य | खुला | | यामलाल कँडेल |
| | सदस्य | खुला | | रघुजी पन्त |
| | सदस्य | खुला | | रविन कोइराला |
| | सदस्य | खुला | | रविन्द्र अधिकारी |
| | सदस्य | खुला | | राजबहादुर बुढा क्षेत्री |
| | सदस्य | खुला | | राजिव पहारी |

| | | | | |
|---|---|---|---|---|
| | सदस्य | खुला | | राजेन्द्रप्रसाद गौतम |
| | सदस्य | खुला | | राम राना |
| | सदस्य | खुला | | रामशरण बस्नेत |
| | सदस्य | खुला | | रामेश्वर फुयाल |
| | सदस्य | खुला | | रोमनाथ ओली |
| | सदस्य | खुला | | लक्ष्मणराज ज्ञावली |
| | सदस्य | खुला | | लक्ष्मी पोखेल |
| | सदस्य | खुला | | विनोदप्रसाद ढकाल |
| | सदस्य | खुला | | शिवराज सुवेदी |
| | सदस्य | खुला | | शेरबहादुर तामाङ्ग |
| | सदस्य | खुला | | शेरधन राई |
| | सदस्य | खुला | | श्रीप्रसाद जवेगु |
| | सदस्य | खुला | | संजीवकुमार झा "सुरज" |
| | सदस्य | खुला | | सूर्य ढकाल |
| | सदस्य | खुला | | सूर्य थापा |
| | सदस्य | खुला | | सोम मिश्र |
| | सदस्य | खुला | | हिक्मतकुमार कार्की |
| ४.१ | **सदस्य-खुला** | **महिला** | **५३** | अम्विका थापा |
| | सदस्य | महिला | | इन्दु कडरिया |
| | सदस्य | महिला | | उषाकिरण तिम्सेना |
| | सदस्य | महिला | | श्रीमाया थकाली |
| | सदस्य | महिला | | कोमल ओली |
| | सदस्य | महिला | | गिता अधिकारी |
| | सदस्य | महिला | | गोमा आचार्य (गुमा) |
| | सदस्य | महिला | | गौरीकुमारी ओली |
| | सदस्य | महिला | | जानुका सिंखडा |
| | सदस्य | महिला | | टुका हमाल |
| | सदस्य | महिला | | डा.शिवमाया तुम्वाहाङ्फे |
| | सदस्य | महिला | | तुलसाकुमारी दाहाल |
| | सदस्य | महिला | | थममाया थापा |

| | | | | |
|---|---|---|---|---|
| | सदस्य | महिला | | दक्षिणा शाही |
| | सदस्य | महिला | | दिपा शर्मा |
| | सदस्य | महिला | | नविना लामा |
| | सदस्य | महिला | | निरकुमारी कुँवर (निरु दर्लामी) |
| | सदस्य | महिला | | निरुदेवी पाल |
| | सदस्य | महिला | | निर्मला देवकोटा |
| | सदस्य | महिला | | प्रतिक्षा तिवारी |
| | सदस्य | महिला | | प्रभा बराल |
| | सदस्य | महिला | | बालिका गिरी |
| | सदस्य | महिला | | बिमला घिमिरे |
| | सदस्य | महिला | | बुधनीदेवी महतो |
| | सदस्य | महिला | | भगवती चौधरी |
| | सदस्य | महिला | | भगवती न्यौपाने |
| | सदस्य | महिला | | भारती पाठक |
| | सदस्य | महिला | | मनकुमारी जि.सि. (के.सी.) |
| | सदस्य | महिला | | ममता गिरी |
| | सदस्य | महिला | | मीना उप्रेती |
| | सदस्य | महिला | | मैनाकुमारी भण्डारी |
| | सदस्य | महिला | | लक्ष्मी गौतम |
| | सदस्य | महिला | | लीलाकुमारी भण्डारी |
| | सदस्य | महिला | | विद्या भट्टराई |
| | सदस्य | महिला | | विना राई |
| | सदस्य | महिला | | विन्दा ढुंगाना |
| | सदस्य | महिला | | विन्दा पाण्डे |
| | सदस्य | महिला | | शर्मीला कार्की |
| | सदस्य | महिला | | शान्ता चौधरी |
| | सदस्य | महिला | | शान्तीदेवी ढकाल |
| | सदस्य | महिला | | शोभा ज्ञावाली |
| | सदस्य | महिला | | संझना देवकोटा |
| | सदस्य | महिला | | सकुन्तला बस्नेत |

| | | | | |
|---|---|---|---|---|
| | सदस्य | महिला | | सरश्वती बस्नेत |
| | सदस्य | महिला | | सरिता न्यौपाने |
| | सदस्य | महिला | | सिता गिरी (ओली) |
| | सदस्य | महिला | | सिता न्यौपाने |
| | सदस्य | महिला | | सिता पौडेल |
| | सदस्य | महिला | | सिर्जना काफ्ले |
| | सदस्य | महिला | | सीताकुमारी सुन्दास |
| | सदस्य | महिला | | सुजिता शाक्य |
| | सदस्य | महिला | | सुनीता बराल |
| | सदस्य | महिला | | सुसिला नेपाल |
| ख. | केन्द्रीय निकायहरुः | | | |
| ५. | केन्द्रीय अनुशासन आयोग | | २५ | |
| ५.१ | अध्यक्ष | १ | | केशवप्रसाद बडाल |
| ५.२ | उपाध्यक्ष | १ | | नेत्रप्रसाद पन्थी |
| ५.३ | सचिव | १ | | प्रा.डा. भरतराज पहारी |
| ५.४ | सदस्य | खुला | १३ | अर्जुन राई |
| | सदस्य | खुला | | कर्णबहादुर घले |
| | सदस्य | खुला | | चक्रबहादुर पराजुली |
| | सदस्य | खुला | | छविलाल ओली |
| | सदस्य | खुला | | झपेन्द्रबहादुर जि.सी. |
| | सदस्य | खुला | | डम्वर अर्याल |
| | सदस्य | खुला | | डा.कृष्ण न्यौपाने |
| | सदस्य | खुला | | तुलसीप्रसाद चौधरी |
| | सदस्य | खुला | | देवराज भार |
| | सदस्य | खुला | | पोष्टकुमार नेपाल |
| | सदस्य | खुला | | शान्तिदेवी खनाल |
| | सदस्य | खुला | | सर्वतलाल राजवंशी |
| | सदस्य | खुला | | हर्कबहादुर कुँवर (गोविन्द) |
| **५.५** | **सदस्य** | **महिला** | ९ | दुर्गाकुमारी दाहाल |
| | सदस्य | महिला | | मित्रकुमारी सुवेदी गुरुङ |

| | | | | |
|---|---|---|---|---|
| | सदस्य | महिला | | रणकुमारी वलमपाकी मगर |
| | सदस्य | महिला | | राजकुमारी इङ्नाम |
| | सदस्य | महिला | | लक्ष्मी शाह |
| | सदस्य | महिला | | लक्ष्मीदेवी भण्डारी |
| | सदस्य | महिला | | लिला कट्टेल कार्की |
| | सदस्य | महिला | | विणा वास्तोला |
| | सदस्य | महिला | | सरश्वती गौतम |
| ६. | केन्द्रीय लेखा आयोग | | २५ | |
| ६.१ | अध्यक्ष | १ | | पुष्पराज कडेल |
| ६.२ | उपाध्यक्ष | १ | | विष्णु पन्थी |
| ६.३ | सचिव | १ | | शिव अधिकारी |
| ६.४ | सदस्य | खुला | १३ | इश्वरीप्रसाद खरेल |
| | सदस्य | खुला | | कोमल भट्टराई |
| | सदस्य | खुला | | फटकबहादुर (पी.बी.) गोले |
| | सदस्य | खुला | | खम्वबहादुर खत्री |
| | सदस्य | खुला | | घनेन्द्रराज घिमिरे |
| | सदस्य | खुला | | धनबहादुर विश्वकर्मा |
| | सदस्य | खुला | | भिमलाल पौडेल |
| | सदस्य | खुला | | मस्तबहादुर गरंजा |
| | सदस्य | खुला | | मिनराज कडेल |
| | सदस्य | खुला | | राजकिशोर यादव |
| | सदस्य | खुला | | रेवतीरमण शर्मा |
| | सदस्य | खुला | | शंकरबहादुर कार्की |
| ६.५ | **सदस्य** | **महिला** | ९ | कल्पना लिम्बु |
| | सदस्य | महिला | | जसमाया गजमेर |
| | सदस्य | महिला | | पद्मा जि.सि. श्रेष्ठ |
| | सदस्य | महिला | | बसुन्धरा रोकाया |
| | सदस्य | महिला | | मालतीकुमारी लिम्बू |
| | सदस्य | महिला | | विजया धिताल |
| | सदस्य | महिला | | विमला के.सी. |

| | | | | |
|---|---|---|---|---|
| | सदस्य | महिला | | शान्ति पाख्रिन |
| | सदस्य | महिला | | सावित्री विश्वकर्मा (सावित्रा वि.क.) |

## २०७८ मंसिर २४-२६ मा सम्पन्न केन्द्रीय कमिटीको बैठकबाट मनोनित केन्द्रीय कमिटीका सदस्यहरु

| | |
|---|---|
| १ | दल फडेरा |
| २ | मानविर राई |
| ३ | ऐन महर |
| ४ | चन्द्रमोहन गौचन |
| ५ | रतननाथ योगी |
| ६ | रमेश पौडेल |
| ७ | पदम गिरी |
| ८ | सूर्य पाठक |
| ९ | यज्ञ बोगटी |
| १० | हरिप्रसाद घिमिरे |
| ११ | युवराज वास्कोटा |
| १२ | विशाल भट्टराई |
| १३ | उद्धव रेग्मी |
| १४ | बद्री न्यौपाने |
| १५ | रुपनारायण श्रेष्ठ |
| १६ | प्रेम दंगाल |
| १७ | हरिकृष्ण व्यञ्जनकार |
| १८ | सुभाष देवकोटा |
| १९ | भिम के.सी. |
| २० | लालबाबु पण्डित |
| २१ | चुडादेसिंह लामा |
| २२ | विषमलाल अधिकारी दनुवार |

| | |
|---|---|
| २३ | रेशम लामा |
| २४ | दुर्गा प्रसाई |
| २५ | गोविन्द दुलाल |
| २६ | सहदेव बोगटी |
| २७ | बालकृष्ण काउछा |
| २८ | कृष्णबहादुर के.सी. |
| २९ | चन्द्रबहादुर विश्वकर्मा |
| ३० | इन्दिरादेवी गौतम |
| ३१ | सरस्वती चौधरी |
| ३२ | यमुना रोका तामाङ |
| ३३ | उमा कोइराला |
| ३४ | कल्पना चापागाई |
| ३५ | आशा वि.क. |
| ३६ | नैनकला ओझा |
| ३७ | मञ्जुदेवी गुरुङ |
| ३८ | बिमला अर्याल |
| ३९ | इन्दिरा सञ्जेल |
| ४० | गिता कार्की |
| ४१ | शान्ति अधिकारी |
| ४२ | रुक्मिणी राना बराइली |
| ४३ | सविता यादव |
| ४४ | तारादेवी गुरुङ |